## परियत्ति सद्धम्मपालक उपाधि

(कक्षा ७)

(प्रथम, द्वितीय र पंचम पत्र) को उद्देश्य

♦ **समग्र उद्देश्य**

विद्यार्थीहरूले बुद्धको मौलिक शिक्षालाई ग्रहण गर्नुको साथै व्यवहारमा आचरण गरी जीवनको मूल्य अभिवृद्धि गर्न सक्नेछन् ।

♦ **सिकाइगत उद्देश्यहरु**

१. विद्यार्थीहरूले मंगलको बारेमा राम्ररी बुझेर व्यवहारमा आचरण गर्न सक्नेछन् ।
२. अनागारिका धर्मशीलाको जीवनी ज्ञान हासिल गर्न सक्नेछन् ।
३. पालि भाषाको संज्ञा र सन्धिबारे जानकारी हासिल गरी अभ्यास गर्न सक्नेछन् ।
४. धम्मपदका सहस्स, पाप, जरा वर्गका ४६ वटा गाथाहरूको पालि र अर्थ थाहा पाउनेछन् ।
५. पालि त्रिपिटक साहित्यको संक्षिप्त ज्ञान हासिल गर्न सक्नेछन् ।
६. बैशाख, जेठ, असार आदि विविध पूर्णिमाको महत्वबारे जानकारी प्राप्त गर्नेछन् ।
७. धम्मपदट्ठ कथामा आएका ६ जना व्यक्तिसित सम्बन्धित घटनाबारे जानकारी प्राप्त गर्नेछन् ।
८. परमार्थ धर्म चित्त र चेतसिकको संक्षिप्त जानकारी प्राप्त हुनेछन् ।
९. बुद्ध धर्म सम्बन्धी सामान्य ज्ञान पाउनेछन् ।

अखिल नेपाल भिक्षु महासंघ
**नेपाल बौद्ध परियत्ति शिक्षा**

केन्द्रीय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं
फोन नं. : ४१०६९३६, ४१०६९४१, E-mail: pariyatti2556@gmail.com

परियत्ति सद्धम्मपालक उपाधि (कक्षा ७, प्रथम, द्वितीय र पंचम पत्र)

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्मपालक उपाधि

(कक्षा ७)

(प्रथम, द्वितीय र पंचम पत्र)

अखिल नेपाल भिक्षु महासंघ
**नेपाल बौद्ध परियत्ति शिक्षा**

Dhamma.Digital
https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्मपालक उपाधि

(कक्षा ७)

(प्रथम, द्वितीय र पंचम पत्र)

Dhamma.Digital

सम्पादक

**भिक्षु बोधिज्ञान महास्थविर**

(केन्द्रीय परीक्षा नियन्त्रक, ने. बौ. परियत्ति शिक्षा )

अखिल नेपाल भिक्षु महासंघ

**नेपाल बौद्ध परियत्ति शिक्षा**

https://dhamma.digital

प्रकाशक : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति

प्रकाशनार्थ सहयोगी : काठमाडौं महानगरपालिका

© प्रकाशकमा

दोश्रो संस्करण : ५०० प्रति
बु.सं. २५६६
वि.सं.२०७९
ने.सं.११४३
ई.सं.२०२३

सहयोगार्थ रकम : ३००/-

Dhamma.Digital

https://dhamma.digital

प्र.जि.अ.नं. ३८३/०४७
Govt. Regd. No.: 383/047

"सुखा सङ्घस्स सामग्गी"

पान नं. ३०१७१८८३३
PAN 301718833

# अखिल नेपाल भिक्षु महासंघ
(ALL NEPAL BHIKKHU ASSOCIATION)
(स्थापित : वि.सं. २००७ / Estd. 1950 A.D.)

प.च.नं. २८/२०७९/२५६६ मिति : २०७९।११।२८

## मैत्रीपूर्ण शुभकामना !

बुद्ध-जन्मभूमि नेपालको बुद्धशासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट विगत ५५ वर्षभन्दा अगाडिदेखि निरन्तर रुपमा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ट योगदान रहिआएको सर्वविदितै छ । यसको प्रमुख श्रेय बुद्धशासनप्रति समर्पित श्रद्धा-आस्थायुक्त विशुद्ध धार्मिक श्रमदान गर्दै आउनुभएका बौद्ध परियत्ति सम्बद्ध पदाधिकारी, विहार, केन्द्र, शिक्षकशिक्षिका, श्रद्धालु दाताहरुलाई नै जान्छ, उहाँहरु सबै सबै साधुवादका पात्र हुन् । बुद्धले देशना गर्नुभएको परियत्ति शिक्षाअन्तर्गत जो कसैले आ-आफ्नो जीवनमा रुपान्तरण गर्नसकेमा सबैको जीवन सफल हुनसक्छ । परियत्ति शिक्षाले मानसिक सुखशान्ति एवं सामाजिक रुपान्तरणसहित सफलतम जीवनका लागि आवश्यक शीलसदाचार गुण, मितव्ययिता, सन्तुष्टी एवं सहनशीलता, सत्य र निष्ठा, लगनशील र मेहनतयुक्त जीवन यापनका लागि समेत उचित मार्ग निर्देशन गर्न सक्दछ ।

नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रमलाई समय परिस्थितिअनुरुप परिवर्तन, परिवर्द्धन एवं परिमार्जन गर्दै अगाडि बढ्दै अगाडि बढिरहेको सबैलाई जानकारी भएकै विषय हो । परियत्ति शिक्षालाई सुव्यवस्थित गर्न अखिल नेपाल भिक्षु महासंघले परियत्ति शिक्षा नियमावलीअन्तर्गत आधुनिक शिक्षा प्रणालीअनुरुप वैज्ञानिकीकरण गरिँदै पाठ्यपुस्तकलाई व्यवस्थित गरी अध्ययन गर्ने विद्यार्थीहरुका लागि सर्वसुलभको हुने व्यवस्था अवलम्बन गर्ने प्रयास गरिरहेको छ । यसका लागि सीमित जनशक्ति तथा श्रोतसाधनलाई सदुपयोग गरेरै भएपनि यथासम्भव स्तरयुक्त पाठ्यक्रम एवं सोही मुताविक पाठ्यपुस्तक प्रकाशन गर्दै जानुपर्छ भन्ने अखिल नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध परियत्ति शिक्षाको अवधारणा अवलम्बन गरेको छ ।

https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाअन्तर्गत पाठ्यक्रम तथा पाठ्यपुस्तक समितिको रचनात्मक पहलमा परियत्ति सद्धम्म पालक तहको पाठ्यक्रमभित्र ५ वटा विषय पत्रहरुमध्ये प्रथम, दुतीय र पञ्चम पत्रका छरिएर रहेका पाठ्यसामग्रीहरुलाई एकै ठाउँमा समेटिएर प्रकाशित '**परियत्ति शिक्षा (परियत्ति सद्धम्मपालक उपाधि)**' पुस्तकका सम्पादक एवं केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविर, पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति, नेपाल बौद्ध परियत्ति शिक्षा मूल समिति, ने.बौ.प.शिक्षा परिषद्लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोगी भूमिका निर्वाह गर्नुहुने सबैलाई मैत्रीपूर्ण साधुवाद ज्ञापन गर्न चाहन्छु । यस दोश्रो संस्करण पाठ्यपुस्तक प्रकाशनार्थ आर्थिक सहयोगार्थ महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहलगायत सम्पूर्ण काठमाडौं महानगरपालिका परिवारलाई सुखीनिरोगीसहित उत्तरोत्तर अभिवृद्धि होस् भनी हामी अखिल नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध परियत्ति शिक्षा परिवार मैत्रीपूर्ण साधुवाद व्यक्त गर्दछौं ।

॥ चिरंतिट्ठतु सद्धम्मो ॥

मैत्रीकामनासहित,

**(भिक्षु धर्मगुप्त महास्थविर)**

महासचिव : अखिल नेपाल भिक्षु महासंघ

**नगर कार्यालय** : बुद्धविहार भृकुटीमण्डप, काठमाडौं, फोन : ४२२६७०२, ९८५१०४६१८८
**City Office :** Buddha Vihar, Bhrikutimandap, Kathmandu-28. Tel: +977-1-4226702, 9851046188
**प्रधान कार्यालय** : विश्वशान्ति विहार, मीनभवन, नयाँ बानेश्वर, काठमाडौं, नेपाल । फोनः ४६२२९८४
**Central Office :** Vishwa Shanti Vihar, Min Bhawan, New Baneshwor, P.O. Box: 3007, Kathmandu, Nepal
Tel.: +977-1-4622984, E-mail: anbanepal@gmail.com

https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
बा.अ.का.द.नं. ३८३/०४७
☎ 4106936

पञ्ञा नरानं रतनं

# नेपाल बौद्ध परियत्ति शिक्षा

# NEPAL BAUDDHA PARIYATTI SHIKSHA

(Estd. 2507 B.E.)

Founder : Bhikshu Buddhaghosha Mahasthavir

*Ref. No.:*

मिति / *Date:* २०७९/११/२८

## मैत्री–कामना !

अखिल नेपाल भिक्षु महासंघले बु.सं. २५०७ (वि.सं. २०२०) देखि नेपाल बौद्ध परियत्ति शिक्षा संचालन गरिरहेको छ। बदलिँदो समयसँगै नेपाल बौद्ध परियत्ति शिक्षालाई समय सान्दर्भिक पठनपाठन र अध्ययनअध्यापन कार्यलाई निरन्तर रुपमा आवश्यक कार्य भइरहेको छ। हाल परियत्ति शिक्षाको अध्ययन अध्यापनको माग बढिरहनु हामी सबैका लागि सुखद् विषय हो। परियत्ति अध्ययनअध्यापन क्षेत्रहरुको सकारात्मक तथा रचनात्मक परिणाममुखी प्रभावका कारण परियत्ति शिक्षालाई नैतिकतामुखी बुद्धशिक्षाको रुपमा समेत यसको प्रभावकारी भूमिका देखिनु सकारात्मक पक्ष हुन्। वास्तवमा नैतिकता भनेको सहिष्णुता र सद्भावको आधार हो। परियत्ति शिक्षा नैतिकतामा नै आधारित ज्ञानमय शिक्षा भएको हुँदा यसले हाम्रा भविष्यका कर्णाधार छोराछोरीहरुलाई घरघरमा, समाजमा, देशमा असल नागरिक बन्ने शिक्षा, सदाचार सम्पन्न समाज एवं समुन्नत देश विकासको कार्यमा समेत आफ्नो दायित्व र कर्तब्य बोध गराउने हुन्छ।

**बुद्धशिक्षा** : परियत्ति, प्रतिपति र प्रतिवेध शिक्षाका बहुआयामिक महत्वलाई दैनिक जीवनमा उतार्ने उपाय कौशलताको अभिवृद्धि गर्न गराउन प्रारम्भिक तहदेखि परियत्ति सद्धम्म कोविद अन्तिम वर्षसम्मका लागि पाठ्यक्रमसहित पाठ्यपुस्तक समेत सम्भव भएसम्म उपलब्ध गराउने कार्य भइरहेको छ। हालसम्म १६७ जनाले परियत्ति सद्धम्म कोविद उपाधि प्राप्त गरिसकेका छन् भने कोविद परीक्षापश्चात् २ वर्षीय अनुसन्धान तह परियत्ति सद्धम्म विशारद तहलाई समेत प्रकृयागत रुपमा यथाशीघ्र संचालनका लागि आवश्यक पहलकदमी भएमा परियत्ति सम्बद्ध जनशक्तिबाट महत्वपूर्ण जिम्मेवारी निर्वाह हुने देखिन्छ। यसका लागि बेलैमा नेपाल बौद्ध परियत्ति शिक्षा मूल समिति तथा शिक्षा परिषद्बाट महत्वपूर्ण भूमिका निर्वाह हुनसके परियत्ति

https://dhamma.digital

शिक्षा नियमावलीअनुरुप अ.ने.भि. महासंघलाई अनुमोदनार्थ आवश्यक कदम अगाडि बढाउन मार्ग प्रशस्त हुने नै देखिन्छ ।

परियत्ति शिक्षालाई समय सापेक्षित तवरबाट संचालन गर्दैलान अखिल नेपाल भिक्षु महासंघले छुट्टै परियत्ति नियमावलीको व्यवस्था गरेको छ । अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा मूल समिति, ने.बौ.प.शिक्षा परिषद्, विभिन्न समिति गठन भई परियत्ति शिक्षा संचालन भइरहेको छ । एकातर्फ परियत्ति शिक्षाको विकासका लागि परियत्ति सम्बद्ध समर्पित महानुभावहरुको सकारात्मक तथा रचनात्मक सुझाव सरसल्लाह एवं आवश्यकता अनुसार नियमावली संशोधन गरी अगाडि बढ्ने जमर्को भइरहनु पर्छ भने यसैका लागि अर्कोतर्फ अखिल नेपाल भिक्षु महासंघको अत्यन्त सकारात्मक महत्वपूर्ण भूमिका नै निर्णायक कदम हुनेछ ।

नेपाल बौद्ध परियत्ति शिक्षा नियमावलीअन्तर्गत रही पाठ्यक्रम तथा पाठ्यपुस्तक समितिको रचनात्मक पहलमा परियत्ति सद्धम्म पालक तहको पाठ्यक्रम परियत्ति शिक्षा (परियत्ति सद्धम्मपालक उपाधि) पुस्तक प्रकाशन हुनु सबैका लागि खुशीको विषय हो । पुस्तकका सम्पादक एवं केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरलगायत परियत्ति सम्बद्ध सबैलाई साधुवाद । यस दोश्रो संस्करण पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग उपलब्ध गराउनु हुने काठमाडौं महानगरपालिका प्रमुख बालेन शाहलगायत महानगरपालिका परिवारलाई मैत्रीपूर्ण शुभकामना व्यक्त गर्दछु ।

चिरंतिट्ठतु सद्धम्मो ।

मैत्रीकामनासहित,

भिक्षु धम्मशोभन

**भिक्षु धम्मशोभन महास्थविर**
शिक्षाध्यक्ष, नेपाल बौद्ध परियत्ति शिक्षा
(अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ)

**VISHWA SHANTI VIHAR**, Meen Bhawan, New Baneshwar, Kathmandu, Nepal.
P.O.Box: 183, Tel: 977-1-4106936, 4106941, e-mail: pariyatti2556@gmail.com
Web: https://sites.google.com/site/pariyattinepal, www.facebook.com/nepalbauddhapariyattishiksha

https://dhamma.digital

## सम्पादकको केही शब्द

# साधुवाद

अखिल नेपाल भिक्षु महासंघद्वारा बुद्ध सम्बत् २५४६ मा स्वीकृत भए अनुसार नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गतको सद्धम्म पालक उपाधि (कक्षा ७) को पाठ्यपुस्तकलाई पुनः परिवर्तित र परिवर्द्धित गरी यस पुस्तक तयार पारिएको हो । यस पुस्तकमा सद्धम्म पालक उपाधिको पहिलो, दोस्रो र पाँचौ पत्रका पाठ्य सामाग्रीहरु एकै ठाउँमा संग्रहित छन् । साथै २०७० सालदेखि २०७६ सालसम्मका प्रश्नपत्रहरु पनि समावेश गरिएका छन् ।

गतवर्ष सद्धम्मपालक उपाधिको तृतीय र चतुर्थ पत्रको पुस्तकहरु संग्रह गरी एउटै पुस्तकाकारमा प्रकाशन गरेका थियौं ।

पहिलो पत्रमा नयाँ परित्राण निश्रय, अनागारिका धर्मशीला र पालि भाषावतरण पुस्तकहरु रहेका छन् । यसअघि यो पुस्तक दुई खण्डहरू नेपाल भाषामा प्रकाशित भएकोमा नेपाली भाषामा अध्ययन गर्ने तथा परीक्षा दिने विद्यार्थीहरूको संख्या पनि वृद्धि भएकोले नेपाली भाषामा अनुवाद भएको उक्त पुस्तकहरुलाई यस संग्रहमा समावेश गरी प्रकाशित गरिएको छ ।

यस पुस्तकका खण्ड एक र तीनका मूल लेखकहरू क्रमशः वासेठ्टाभिवंश महास्थविर र पोलवत्ते बुद्धदत्त महानायक स्थविर हुनुहुन्छ । खण्ड एकको मूल अनुवाद नेपाल भाषामा भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट भएको हो भने नेपाली भाषामा कोविद उपाधिधारी विद्यार्थी उपासिका विद्यालक्ष्मी शाक्यबाट भएको हो । खण्ड दुइ अनागारिका धर्मशीला पुस्तक पोखराका तिलकमान गुभाजुले लेख्नुभएको हो ।  त्यस्तै, खण्ड तीनको मूल अनुवाद नेपाल भाषामा भिक्षु शीलभद्रबाट भएको हो ।

द्वितीय पत्रमा धम्मपद, बहुजन हिताय बहुजन सुखाय र धम्मपदट्ठकथा पुस्तकहरु रहेका छन् । यो पत्रको खण्ड एकको मूल लेखक आचार्य भिक्षु अमृतानन्द हुनुहन्छ । खण्ड दुईको मूल लेखक भिक्षु सुदर्शन महास्थविर हुनुहुन्छ । उहाँले नेपालभाषामा लेख्नुभएको उक्त पुस्तकलाई नेपाली भाषामा अनुवाद भिक्षु नायकोबाट भएको हो । त्यस्तै, खण्ड तीनको नेपालभाषामा

https://dhamma.digital

अनुवाद भिक्षु अनिरुद्धबाट भएको हो भने नेपालीमा अनुवाद धर्मरत्न शाक्य, त्रिशूलीबाट भएको हो ।

पाँचौ पञ्चम पत्रमा अभिधर्म (भाग-१), अभिधर्म (भाग-२) र बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान पुस्तकहरू रहेकाछन् ।

यस पुस्तकको खण्ड एक अभिधर्म (भाग-१) रहेको छ। यस पुस्तकमा चित्त काण्डको संक्षिप्त परिचय रहेको छ । यो पुस्तक महेन्द्ररत्न शाक्यले लेख्नुभएको हो ।

दोश्रो खण्डमा अभिधर्म (भाग-२) पुस्तक रहेको छ । यो पुस्तकमा चैतसिक काण्डको परिचय रहेको छ । यो पुस्तक पनि महेन्द्ररत्न शाक्यले नै लेख्नुभएको हो। अभिधर्म भाग १ र २ को नेपाली संस्करणमा आवश्यक परिमार्जन संशोधन गरिएको छ ।

तेश्रो खण्डमा बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान पुस्तक रहेको छ । यस पुस्तकमा (क) नेपाल सम्बन्धी प्रश्नोत्तर, (ख) पालि साहित्य सम्बन्धी प्रश्नोत्तर, र (ग) मिश्रित प्रश्नोत्तर रहेका छन् । यो पुस्तक नेपाल बौद्ध परियत्ति शिक्षाका संस्थापक भिक्षु बुद्धघोष महास्थविरले संकलन गर्नुभएको हो । यस पुस्तकको नेपालीमा अनुवाद अनागारिका धजवती (कुसुम)ले गर्नुभएको छ ।

छुट्टाछुट्टै पुस्तकहरु रहेको अवस्थामा विद्यार्थीहरुले सजिलै पुस्तकहरु पाउन नसकेको अवस्थामा ६ बर्ष अगाडी भिक्षु निग्रोधको पहलमा सद्धम्मपालक उपाधिदेखि कोविद अन्तिम वर्ष सम्मका आवश्यक पाठ्यपुस्तकहरु सबै फोटोकपी गरी पत्रगतरुपमा एकै ठाउँमा राखी बाइण्डिंग गरी विद्यार्थीहरुलाई उपलब्ध गराइरहेको थियो । त्यसपछि ती आवश्यक पाठ्यपुस्तकहरु कम्प्यूटर टाइपमा पठाउने कार्य भयो । नेपालभाषामा भएका केही पुस्तकहरु पनि नेपालीमा अनुवाद हुँदै गयो । टाइप भएका पुस्तकहरु गुगल ड्राइभमा राखी विद्यार्थीहरुलाई अध्ययनको लागि सहज वातावरण बनाउने कार्य भयो ।

पुस्तक प्रकाशनको लागि आर्थिक श्रोत उपलब्ध गराइ दिनुभएकोमा काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य सहित महानगरपालिका परिवारलाई धेरै साधुवाद दिन चाहन्छु ।

यस संग्रहमा भएका पुस्तकहरु प्रुफ रिडिंग गरी आवश्यक परिमार्जन संशोधन र शुद्धाशुद्धिमा भिक्षु संकिच्च, भिक्षु वजिरसिरि, भिक्षु जुतिमा,

https://dhamma.digital

अनागारिका अग्गञाणी, अनागारिका विमलञाणी, महेन्द्ररत्न शाक्य, अमिता धाख्वा, सबिता धाख्वा, डा. त्रिरत्न मानन्धर, प्रदीपकुमार शाक्य, बसन्तराज शाक्य र देवेन्द्र बज्राचार्यहरुले सहयोग गरेका थिए ।

परियत्ति शिक्षाको प्रसार र विस्तारका लागि उपयुक्त भएको यस पुस्तकका मूल लेखकहरू, मूल अनुवादकहरू, र पुनः अनुवादक तथा पुस्तक प्रकाशक दाताहरू तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई साधुवाद दिन चााहन्छु ।

पुस्तकलाई परिमार्जिन गर्न स्वीकृत दिनु भएकोमा अखिल नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध परियत्ति शिक्षा परिषद तथा पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रकाशन समिति प्रति अनुगृहित छु । उहाँहरुले दिनुभएको हौसलाबाट परियत्तिको विकासमा लाग्न थप उर्जा मिलेको कुरा व्यक्त गर्न चाहन्छु ।

**भिक्षु बोधिज्ञान**
केन्द्रीय परीक्षा नियन्त्रक
नेपाल बौद्ध परियत्ति शिक्षा
२०७९ फागुन १०

Dhamma.Digital

# प्रकाशकीय

बौद्ध परियत्ति शिक्षा, विद्यार्थी एवं अन्य पाठकमा पनि नैतिकता जगाई व्यक्तिहरूमा मानवताको विकास गर्ने आधारशील शिक्षा हो । यसको मूल पूर्वाधार गौतम बुद्धले दिनुभएको उपदेशको संग्रह हो । नेपालमा वि.सं २०२० मा स्थापना भएको 'नेपाल बौद्ध परियत्ति शिक्षा' सँग आबद्ध भिक्षुहरू तथा अन्य बौद्ध व्यक्तित्वहरूले पहिल्यै तयार गर्नुभएको परियत्ति शिक्षाको पाठ्यपुस्तकलाई आधार लिई विशेषतः नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गत परियत्ति सद्धम्म पालक उपाधि तहको पाठ्यक्रमलाई आवश्यक पाठ्यपुस्तकको रूपमा यो पुस्तक प्रकाशन भएको हो ।

नेपालमा बौद्ध परियत्ति शिक्षाको अध्ययन, अध्यापनको व्यापक माग भइआएको परिप्रेक्षमा केही समय अगाडिदेखि पाठ्यपुस्तक आवश्यक मात्रामा पूर्ति गर्न नसकेको अवस्था आएको हो । यसले गर्दा विद्यार्थी र शिक्षक दुबै पक्षलाई कठिनाइको सामना गर्नु पर्ने अवस्था भइरहेको थियो । अतः नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गत यस पाठ्यक्रम विकास समितिको पहलमा यस पुस्तक प्रकाशन गरिएको हो । यसबाट पठनपाठनमा सहजता आउने विश्वास लिइएको छ ।

परियत्ति सद्धम्म पालक तहको पाठ्यक्रम भित्रको ५ वटा विषय पत्रहरूमध्ये प्रथम, दुतिय र पञ्चम पत्रको पाठ्यसामग्री समेतिएर तयार पारिएको यस पुस्तक बौद्ध परियत्ति शिक्षाको एक महत्वपूर्ण पाठ्यपुस्तक रहने छ ।

पुस्तकको उद्देश्य परिपूर्ति गर्नको लागि आवश्यक पाठ्यसामग्री संकलन तथा सम्पादन गर्नुहुने भिक्षु बोधिज्ञान महास्थविरलाई साधुवाद छ । पुस्तकको तयारी कार्यमा सम्पादन कार्यमा सहयोग गर्ने भिक्षु संकिच्च, भिक्षु वजिरसिरि, भिक्षु जुतिमा, अनागारिका अग्गञाणी, अनागारिका विमलञाणी, अमिता धाख्वा, सबिता धाख्वा, डा. त्रिरत्न मानन्धर, प्रदीपकुमार शाक्य र देवेन्द्र बज्राचार्यहरूलाई पनि हार्दिक साधुवाद व्यक्त गर्दछु ।

यस पुस्तक तयार गर्नको लागि संयोजकको अभिभारा दिएर पुण्यकार्य गर्ने अवसर प्रदान गर्नुभएकोमा अखिल नेपाल भिक्षु महासंघप्रति आभार व्यक्त गर्दछु ।

पुस्तक प्रकाशनको लागि आर्थिक श्रोत जुटाइदिएकोमा काठमाडौं महानगरपालिकालाई धेरै साधुवाद दिन चाहन्छु ।

नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गतको निकाय पाठ्यक्रम विकास समितिको अगुवाइमा तयार भएको यस पाठ्यपुस्तक, विद्यार्थी तथा अन्य पाठकजनको लागि कल्याणकारी सिद्ध हुनेछ भनी विश्वास लिँदै यस शुभकार्यमा सहयोग गर्नुहुने सबैलाई साधुवाद ।

मितिः २०७९ फागुन १५

**भिक्षु धर्मगुप्त महास्थविर**
संयोजक
पाठ्यक्रम विकास समिति
नेपाल बौद्ध परियत्ति शिक्षा
अखिल नेपाल भिक्षु महासंघ

https://dhamma.digital

# विषय सूची


**पुस्तक तथा विषय सूची** **पेज**

**प्रथम पत्र**

**क) नव परित्राण निश्रय** **१**

**मंगल सुत्त नयाँ निश्रय पादक्रम** **१**

यं मङ्गलं द्वादसहि २

देसितं देवदेवेन ४

**मङ्गलसूत्र अर्थोत्पत्ति** **६**

एवं मे सुतं - एक समयं ७

**निदान उत्पत्ति तरिका** **८**

**अभिक्कन्त अर्थ** **१३**

**एकमन्तं** **१५**

बहू देवा मनुस्सा च १६

**उत्तम मङ्गल** **१७**

असेवना च बालानं १८

**बाल मूर्ख** **१८**

**प्रज्ञावान्** **१९**

**सत्संगत गर्न योग्य, अयोग्य** **२०**

**पारस्परिक धातु स्वभाव मिल्नेहरू** **२०**

**अकित्ति ऋषिको प्रार्थना** **२१**

**सत्तिगुम्ब** **२२**

**पुप्फक सुगा** **२३**

**पूजनीय व्यक्तित्व** **२५**

**पूजाको स्वरूप** **२६**

पतिरूपदेसवासोच २८

**अनुकूल देश** **२८**

**मङ्गल हुन्छ, हुँदैन** **२९**

**पुब्बे च कतपुञ्ञता** **३०**

**सिरी (श्रीशोभा)** **३१**



Dhamma Digital

सिरी जातक ३३

अत्तसम्मापणिधि ३४

श्रेणी उच्च पार्नु ३५

चारगोटा चक्र ३६

  बाहुसच्चञ्च सिप्पञ्च ३७

बाहुसच्च ३८

आचरण पनि गरेमा मात्र ४०

प्रज्ञा अनर्थ हुँदैन ४१

सिप्प ४३

सुसिक्खित विनय ४५

गन्धार जातक ४६

सुभासित वाचा ४७

जिब्रो नै तलबार ४९

सुजात जातक ४९

  मातापितु उपट्ठानं ५०

ब्रह्मा ५१

पुब्बाचरिय (पहिलो गुरू) ५१

पश्चाताप हुने काम नगरौं ५२

पुत्तदारसङ्गह ५३

ज्ञान अंश दिनुपर्छ ५५

सालिकेदार जातक ५६

दारसङ्गह ५७

युगल चारथरी ५८

अनाकुल कम्मन्त ५९

अनाकुल हुने ढंग ५९

उट्ठान सम्पदा ६२

आरक्खसम्पदा ६२

कल्याणमित्तता ६२

समजीविता ६२

चार प्रकारका सुख ६३


Dhamma.Digital

दानञ्च धम्मचरिया च ६५
**दिने ढंग** ६६
**दानको दृष्टान्त फल** ६८
**दानले संसार लम्बिन्छ कि ?** ६९
**डराउनु उचित नभएको** ६९
**धम्मचरिया** ७०
**मङ्गल उत्पत्ति तरिका** ७१
**धम्मपाल** ७२
**ञातिसङ्गह** ७४
**बोधिसत्वहरूको आचरण** ७४
**अनमतग्ग** ७५
**अनवज्जकम्म** ७६
**माघ (मघ) माणवक** ७७
आरती विरती पापा ७९
**आरति विरति** ८०
**मनले विरत हुनु** ८०
**शरीर र वचनले विरत हुनु** ८१
**समादान, समुच्छेद** ८२
**पाप स्वरूप** ८२
**हिरी ओत्तप्प** ८३
**मज्जपान संयम** ८४
**६ वटा दोष** ८४
**अप्पमाद धम्म** ८८
**स्मृति बढ्ता हुनु भन्ने छैन** ८८
**धर्म हस्तगत पार** ८९
**जुलाहाकी छोरी** ८९
गारवो च निवातो च ९१
**गारव ९२**
**वंश कुलीन हुनु** ९२
**ब्रह्म विहार वृद्धि** ९३

https://dhamma.digital

निवात ९४
आयुष्मान सारिपुत्रको निवात ९५
आयुष्मान राहुलको निवात ९६
सन्तुष्टि ९७
परमोत्तम सम्पत्ति ९७
अधार्मिकताले भंग ९८
कतञ्ञुता ९९
दुर्लभ दुई व्यक्ति १००
अंकुर र ब्राह्मण १०१
कालेन धम्मस्सवनं १०२
उपदेश सुन्नुको फल १०२
मुण्ड राजाको शोक १०३
खन्ती च सोवचस्सता १०४
खन्ति १०५
गाह्रो आचरण १०५
शक्र देवेन्द्रको क्षान्ति धर्म १०६
गुण र दोष १०७
वेदेहिका १०७
सोवचस्सता १०८
असली सुवच १०९
अनुशासन प्रिय व्यक्ति ११०
अनुशासन अप्रिय १११
अवारियपिता १११
समणदस्सन ११२
यथार्थ ज्ञान दर्शन ११३
धम्मसाकच्छा ११४
मंगल सभा ११४
काल ११५
तपो च ब्रह्मचरियञ्च ११५
तप आचरण ११५

https://dhamma.digital

ब्रह्मचरिय आचरण ११६
अरियसच्च ११७
ज्ञान दुईथरी ११८
निब्बान सच्छिकिरिया ११९
फुट्ठस्स लोकधम्मेहि ११९
लोकधर्म १२१
अरहन्तको चित्त १२२
अरू व्यक्तिहरू १२२
विचारवानहरू १२३
अतुल उपासक १२४
सामना गर्न सक्ने भिक्षु १२५
मल्लिका १२५
उरग जातक १२६
विरज १२७
खेम १२७
एतादिसानि कत्वान १२८
सब्बत्थ अपराजिता १२८
सोत्थिं १२९

ख) अनागारिका धर्मशीला १३१
१. अनागारिका धर्मशीलाको सक्षिप्त परिचय १३२
२. जन्म र बाल्यावस्था १३२
३. किशोरावस्था र बुद्धधर्ममा प्रवेश १३३
४. प्रवज्या लिन कुशीनगर प्रस्थान १३५
५. विहारको स्थापना १३८
६. शैक्षिक, सामाजिक र राजनीतिक क्षेत्रमा योगदान १४०
७. बुद्ध जयन्ती मनाउने परम्पराको शुरुवात १४६
८. ज्ञानमाला संघको गठन १४८
९. प्रथम महापरित्राण र बौद्ध सम्मेलन १४९
१०. जयलाल लम्साल बुद्धधर्ममा प्रवेश १५१
११. विहारमा निर्माण कार्यहरू १५४

https://dhamma.digital

१२. सानुरत्न स्थापितद्वारा विहार निर्माण १५४
१३. देश विदेशमा आयोजित बौद्ध गतिविधिहरूमा सहभागिता १५५
१४. ध्यान शिविरको आयोजना १५७
१५. उपत्यकाव्यापी बुद्ध पूजाको संयुक्त आयोजना १५८
१६. दायक सभाको गठन १५९
१७. खिलेन्द्रमान बुद्धाचार्यद्वारा विहारको थप भवन निर्माण १५९
१८. अन्य कार्यहरू १५९
१९. विश्वशान्ति स्तूपको निर्माण १६०
२०. शान्ति स्तूप पुनः निर्माण गर्ने स्वीकृति १६३
२१. सन्तु ताम्राकारद्वारा प्रवज्या ग्रहण १६४
२२. दोस्रो महापरित्राण तथा बौद्ध सम्मेलन १६४
२३. रत्नकुमार कायस्थद्वारा प्रवज्या ग्रहण १६६
२४. अभय उपचार केन्द्रको स्थापना १६६
२५. धर्मोदय सभा १६७
२६. बौद्ध उपासिका संघ १६७
२७. क्यान्सर रोगबाट आक्रमण १६७
२८. भिक्षु मोरियोका सोनीको आगमन १६८
२९. औषधोपचारको लागि जापान प्रस्थान १६८
३०. जापानबाट प्रत्यागमन १६९
३१. उपहार प्रदान १७१
३२. अन्तिम दिन १७२
३३. शवयात्रा १७३
३४. गुरुमाको नाममा भएका कार्यहरू १७५

ग) पालिभाषावतरण १७७
१) सरसन्धि १८०
२) व्यञ्जनसन्धि १९२
३) निग्गहितसन्धि १९७
४) मिश्रकसन्धि २०२
अत्त - राज शब्दहरु २०३
मनोगण २०६
गो शब्द २०७

https://dhamma.digital

## द्वितीय पत्र


१. **धम्मपद पालि र अर्थ** २१३

क) ८ सहस्स वर्ग २१४

ख) ९ पाप वर्ग २१८

ग) ११ जरा वर्ग २२१

२. **बहुजन हिताय बहुजन सुखाय** २२५

क) बहुजन हिताय बहुजन सुखाय २२६

ख) स्वाँया पुन्ही (बैशाख पूर्णिमा) २३०

ग) ज्याः पुन्ही (जेठ पूर्णिमा) २३४

घ) असार पुन्ही (असार पूर्णिमा) २३६

ङ) पालि त्रिपिटक २४३

३. **धम्मपदट्ठकथा** २४८

क) विडुडभको कथा २४९

ख) कञ्जूस कोसिय महाजनको कथा २६४

ग) छत्तपाणी उपासकको कथा २७१

घ) विशाखा महाउपासिकाको कथा २७५

ङ) आनन्द स्थविरको कथा ३०२

च) महाकाश्यप स्थविरको कथा ३०५


https://dhamma.digital

# तृतीय पत्र

## क) चित्त काण्ड


**१) परिचय** **३१७**

१.१ अभिधर्मको निदान ३१७
१.२ अभिधर्मको परिभाषा ३१९
१.३ अभिधर्मको अर्थ ३१९
१.४ अभिधर्मार्थ र परमार्थ ३१९
१.५ प्रज्ञप्ति (पञ्ञत्ति) ३१९
१.६ परमार्थ (परमत्थ) ३२०
१.७ प्रज्ञप्ति र परमार्थ ३२०
१.८ चार परमार्थ धर्म ३२१
१.९ चित्त ३२१
१.१० चैतसिक ३२१
१.११ रूप ३२१
१.१२ निर्वाण ३२२
१.१३ नामरूप धर्म ३२४

**२) कामावचर चित्त** **३२५**

२.१ कामावचर चित्त ३२५
२.२ अकुशल चित्त (१२ वटा) ३२६
२.३ लोभमूल चित्त ८ वटा ३२६
२.४ द्वेषमूल चित्त २ वटा ३२७
२.५ मोहमूल चित्त २ वटा ३२७
२.६ अहेतुक चित्त १८ वटा ३२८
२.७ अहेतुक अकुसल विपाक चित्त ७ वटा ३२८
२.८ अहेतुक कुसलविपाक चित्त ८ वटा ३२९
२.९ अहेतुक क्रिया चित्त ३ वटा ३३०
२.१० असोभन चित्त ३३०
२.११ काम सोभन चित्त २४ वटा ३३०
२.१२ महाकुसल चित्त ८ वटा ३३१
२.१३ महाविपाक चित्त ८ वटा ३३१
२.१४ महाक्रिया चित्त ८ वटा ३३२
२.१५ ञाणसम्पयुत्त र ञाणविप्पयुत्त ३३२
२.१६ कुसल, विपाक र क्रिया ३३२
२.१७ महाकुसल, महाविपाक र महाक्रिया ३३३


https://dhamma.digital

**३) रूपावचर चित्त** **३३४**
३.१ रूपावचर कुसल चित्त ५ वटा ३३४
३.२ रूपावचर विपाक चित्त ५ वटा ३३४
३.३ रूपावचर क्रिया चित्त ५ वटा ३३५
३.४ ध्यान अङ्ग, ध्यान र ध्यान चित्त ३३५

**४) अरूपावचर चित्त** **३३८**
४.१ अरुपाचर भूमि ३३८
४.२ अरूपावचर कुसल चित्त ३३९
४.३ अरूपावचर विपाक चित्त ३४०
४.४ अरूपावचर क्रिया चित्त ३४०
४.५ महग्गत चित्त ३४१
४.६ लौकिक चित्त ३४१

**५) लोकुत्तर चित्त** **३४२**
५.१ लोकुत्तर चित्त संक्षिप्तमा ८ वटा ३४२
५.२ लोकुत्तर चित्त विस्तारमा ४० वटा ३४३
५.३ चित्त संक्षिप्तमा र विस्तारमा ३४४

**ख) चैतसिक काण्ड**

**१. चैतसिक परिचय** **३४८**
१.१. पृष्ठभूमि ३४८
१.२. परिभाषा ३४८
१.३. चित्त र चैतसिक ३४९
१.४. चैतसिकको चार लक्षण ३५०
१.५. चैतसिक परमार्थ ३५२
१.६. चैतसिक ५२ वटा ३५२
१.७. परमार्थ धर्मया लक्षणादि चार ३५३

**२. अन्यसमान चैतसिक** **३५५**
**क. सब्बचित्तसाधारण चैतसिक** **३५५**
१. फस्स ३५५
२. वेदना ३५६
३. सञ्ञा ३५७

Dhamma.Digital

४. चेतना ३५८
५. एकग्गता ३५९
६. जीवितिन्द्रिय ३६०
७. मनसिकार ३६१

**ख. पकिण्णक चैतसिक ३६३**
१. वितक्क ३६३
२. विचार ३६४
३. अधिमोक्ख ३६५
४. वीरिय ३६६
५. पीति ३६६
६. छन्द ३६७

**३. अकुशल चैतसिक ३६९**
१. मोह ३६९
२. अहिरिक ३७०
३. अनोत्तप्प ३७०
४. उद्धच्च ३७१
५. लोभ ३७१
६. दृष्टि ३७२
७. मान ३७३
८. दोष ३७५
९. इस्सा ३७७
१०. मच्छरिय ३७७
११. कुक्कुच्च ३७८
१२. थिन ३७९
१३. मिद्ध ३८०
१४. विचिकिच्छा ३८०

**४. सोभन चैतसिक ३८२**
सोभनसाधारण चैतसिक १६ वटा
१. सद्धा ३८२
२. सति ३८३

https://dhamma.digital

| | | |
|---|---|---|
| ३. | हिरी | ३८४ |
| ४. | ओत्तप्प | ३८४ |
| ५. | अलोभ | ३८५ |
| ६. | अदोस | ३८५ |
| ७. | तत्रमज्झत्तता | ३८७ |
| ८. | कायपस्सद्धि | ३८७ |
| ९. | चित्तपस्सद्धि | ३८८ |
| १०. | कायलहुता | ३८८ |
| ११. | चित्तलहुता | ३८९ |
| १२. | कायमुदुता | ३८९ |
| १३. | चित्तमुदुता | ३९० |
| १४. | कायकम्मञ्ञता | ३९० |
| १५. | चित्तकम्मञ्ञता | ३९१ |
| १६. | कायपागुञ्ञता | ३९१ |
| १७. | चित्तपागुञ्ञता | ३९२ |
| १८. | कायुजुकता | ३९२ |
| १९. | चित्तुजुकता | ३९३ |
| २०. | सम्मावाचा | ३९४ |
| २१. | सम्माकम्मन्तो | ३९४ |
| २२. | सम्माआजीवो | ३९४ |
| २३. | करुणा | ३९५ |
| २४. | मुदिता | ३९५ |
| २५. | पञ्ञिन्द्रिय | ३९६ |

**५. सम्प्रयोगनय** **३९८**

| | | |
|---|---|---|
| १. | अन्यसमान चैतसिक सम्प्रयोगनय | ३९८ |
| २. | सर्वचित्तसाधारण चैतसिक सम्प्रयोगनय | ३९८ |
| ३. | प्रकीर्णक चैतसिक सम्प्रयोगनय | ३९८ |
| ४. | अकुशल चैतसिक सम्प्रयोगनय | ४०० |
| ५. | शोभन चैतसिक सम्प्रयोगनय | ४०१ |
| ६. | नियतयोगी र अनियतयोगी चैतसिक | ४०३ |


Dhamma.Digital

**६. सङ्गहनय** **४०४**
१. लोकुत्तर चित्त सङ्गहनय ४०४
२. महग्गत चित्त सङ्गहनय ४०५
३. कामावचर शोभन चित्त संग्रहनय ४०६
४. अकुशल चित्त संग्रनय ४०८
५. अकुशलयोगी चैतसिक ४०९
६. अहेतुक चित्त संग्रहनय ४०९
७. सम्पयोगनय र सङ्गहनय ४१०
८. चैतसिकलाई चित्त समान गन्नु ४११

सहायक ग्रन्थ सूची ४१२

**ग) बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान** **४१३**
१. नेपाल सम्बन्धी प्रश्नोत्तर ४१४
२. पालि साहित्य सम्बन्धी प्रश्नोञत्तर ४१८
३. मिश्रित प्रश्नोत्तर ४२९

सद्धम्मपालक उपाधि परिक्षाका पुराना प्रश्नपत्रहरु ४४६
(प्रथम, द्वितीय र पञ्चम पत्रहरु)

Dhamma.Digital

https://dhamma.digital

"पञ्‍ञा नरानं रतनं"

# परियत्ति सद्धम्मपालक उपाधि

## प्रथम पत्र

पूर्णाङ्क १००, उत्तीर्णांक ३५

पुस्तकहरू

१) नयाँ परित्राण निश्चय

२) अनागारिका धर्मशीला

३) पालिभाषावतरण

Dhamma.Digital

https://dhamma.digital

# नयाँ परित्राण निश्रय

(परित्राणको शब्दार्थ, भावार्थ, अभिप्राय तथा व्याख्या समेत)
(प्राप्तांक ४०)


लेखक :
अग्गमहापण्डित सयादो वासेट्ठाभिवंश महास्थविर, म्यानमार

नेपालभाषा अनुवादक :
अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर

नेपालीमा अनुवादक :
विद्या शाक्य "परियत्ति सद्धम्म कोविद"


https://dhamma.digital

# मंगल सूत्र

**निदान**

“मङ्गल” शब्दको अर्थ राम्रो, असल, शुभ र उन्नति आदि हुन् । भगवान् बुद्धको पालामा राजगृह नगरमा संस्थागारमा भेलाभएका मानिसहरूबीच मङ्गल बारे कुराकानी चल्यो । कसैले मङ्गल भनेको राम्रो देख्ने हो भने । उठ्ने बित्तिकै सेतो गाई गर्भवती आइमाइलाई देख्यो भने मङ्गल हुन्छ भन्ने कुरा अगाडी सारे । यस कुरालाई कसैले विश्वास गरे कसैले गरेन । यसरी विश्वास गर्नेहरूलाई ’दृष्टिमाङ्गलिक‘ भनियो ।

कसैले केहि वस्तु देखेर मंगल हुने होइन, बरू केहि सुनेर मङ्गल हुन्छ भन्ने कुरा अगाडी सारे । उस त्यस धारणालाई पनि कसैले स्वीकार गऱ्यो भने कसैले स्वीकार गरेन । स्वीकार गर्नेहरूलाई ’सुत्तमाङ्गलिक‘ भनियो ।

देखेर र सुनेर मंगल हुने होईन भनेर दुबै धारणालाई अस्विकार गर्नेहरूले सुँघ्ने स्वाद लिने, स्पर्श गर्नेलाई मङ्गल भनेर धारणा विकास गरे । बिहान उठ्नेबित्तिकै हरियो घाँस छुने, गोबर छुने र शुद्ध वस्त्र लाउनु आदि मंगल हुन् भनी उनीहरूले भने । यो कुरा कतिले स्वीकार गरे, कतिले गरेनन् । यसरी स्वीकार गर्नेहरूलाई ’मुत्तमाङ्गलिक‘ भनियो ।

यसरी मङ्गल विषयप्रति थरी थरी विचार उत्पन्न भयो र थरी थरीको समूहमा मानिसहरू विभाजन भए । जहाँतहीँ यस्तै मङ्गलविषयमा मात्रै कुरा चल्यो । यस चर्चा मनुष्यलोकमा हुँदै देवलोकसम्म र ब्रह्मलोक पर्यन्त चर्चाको विषय बन्न गयो, तर कहिं पनि वास्तविक मङ्गलको कारण पत्ता लगाउन सकेनन् । त्यसकारण देवताहरू जम्मा भई देवराज इन्द्रसंग सोध्न गए । किन्तु इन्द्रले पनि बताउन सकेनन् । त्यसकारण स्वयं इन्द्रले विचार गरे कि त्यस प्रश्नको उत्तर त सर्वज्ञ बुद्ध एकजनाले बाहेक अरूले बताउन सक्दैन । त्यसकारण इन्द्रले कुनै एक देवतालाई बुद्धकहाँ गई सोध्न जाऊ भनी आदेश दिए ।

ईन्द्रको आदेश अनुसार ती देवता, अरू धेरै देवताहरूसहित मध्यरातमा श्रावतीको जेतवन विहार नै जाज्वल्यमान हुने गरी बुद्ध समक्ष उपस्थित भए । भगवान् बुद्धलाई वन्दना गरी एक ठाउँमा बसे र प्रार्थना गरे- “भो भगवान्,



https://dhamma.digital

कल्याणको आकांक्षा गरी धेरै देवताहरू र मनुष्यहरूबीच मङ्गलको विषयमा विवाद भइसक्यो तर मङ्गल के हो भनी थाहा पाउन सकिएन । त्यसकारण हामीमा अनुकम्पा राखी तपाईले मङ्गल विषयमा आज्ञा गर्नुहोस् ।

त्यस देवताको प्रार्थना स्वीकार गरी बुद्धले अड्तीस प्रकारका मङ्गल हुने कारण विषयमा धर्मदेशना गर्नुभयो । सो धर्मदेशनामा उल्लेख भएका कुराहरू नै मङ्गल सूत्र भनिन्छ । त्यस मङ्गल धर्मलाई सबैले स्वीकार गरी अनुमोदन गरेका थिए । तथागतले त्यस मङ्गलसूत्र देशना गर्नुभएको बेलामा एक हजार कोटि देवताहरू अर्हत् भए । श्रोतापन्नादि भएकाहरूको त गिन्ती नै छैन । यसरी भगवान् बुद्धबाट मङ्गल सम्बन्धी उपदेश सुनिसकेपछि हर्षित भई सबै देवताहरू आ-आफ्नो ठाउँमा फर्केर गए ।

भोलिपल्ट भगवान् बुद्धले आनन्दलाई मङ्गलसूत्र उपदेश गर्नुभयो । आनन्दले अरू भिक्षुहरूलाई सिकाउनु भयो । यस प्रकारले संसारमा मङ्गलधर्म उत्पन्न भयो । त्रिपिटकको सुत्तनिपात अट्ठकथा पुस्तकमा उल्लेख भएको त्यस मङ्गलसुत्र यस प्रकारको छ ।

## मंगल -सुत्तं

**यं मङ्गलं द्वादसहि, चिन्तयिंसु सदेवका ।**
**सोत्थानं नाधिगच्छन्ति, अट्ठतिंसञ्च मङ्गलं ॥**
**देसितं देवदेवेन, सब्बपापविनासनं ।**
**सब्बलोकहितत्थाय, मङ्गलं तं भणाम हे ॥**

Dhamma.Digital

**एवं मे सुतं – एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे । अथ खो अञ्ञतरा देवता, अभिक्कन्ताय रत्तिया अभिक्कन्तवण्णा केवलकप्पं जेनवनं ओभासेत्वा, येन भगवा तेनुपसङ्कमि; उपसङ्कमित्वा भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि । एकमन्तं ठिता खो सा देवता भगवन्तं गाथाय अज्झभासि ।**

**बहु देवा मनुस्सा च, मङ्गलानि अचिन्तयुं ।**
**आकङ्कमाना सोत्थानं, ब्रूहि मङ्गल'मुत्तमं ॥१॥**

**असेवना च बालानं, पण्डितानञ्च सेवना ।**
**पूजा च पूजनेय्यानं, एतं मङ्गल'मुत्तमं ॥२॥**



https://dhamma.digital

पतिरूपदेसवासो च, पुब्बे च कतपुञ्ञता ।
अत्तसम्मापणिधि च, एतं मङ्गल'मुत्तमं ॥३॥

बाहुसच्चञ्च सिप्पञ्च, विनयो च, सुसिक्खितो ।
सुभासिता च या वाचा, एतं मङ्गल'मुत्तमं ॥४॥

मातापितु-उपट्ठानं, पुत्तदारस्स सङ्गहो ।
अनाकुला च कम्मन्ता, एतं मङ्गल'मुत्तमं ॥५॥

दानञ्च धम्मचरिया च, ञातकानञ्च सङ्गहो ।
अनवज्जानि कम्मानि, एतं मङ्गल'मुत्तमं ॥६॥

आरती विरती पापा, मज्जपाना च संयमो ।
अप्पमादो च धम्मेसु, एतं मङ्गल'मुत्तमं ॥७॥

गारवो च निवातो च, सन्तुट्ठि च कतञ्ञुता ।
कालेन धम्मसवनं, एतं मङ्गल'मुत्तमं ॥८॥

खन्ती च सोवचस्सता, समणानञ्च दस्सनं ।
कालेन धम्मसाकच्छा, एतं मङ्गल'मुत्तमं ॥९॥

तपो च ब्रह्मचरियञ्च, अरियसच्चान-दस्सनं ।
निब्बानसच्छिकिरिया च, एतं मङ्गल'मुत्तमं ॥१०॥

फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पति ।
असोकं विरजं खेमं, एतं मङ्गल'मुत्तमं ॥११॥
एतादिसानि कत्वान, सब्बत्थ मपराजिता ।

सब्बत्थ सोत्थिं गच्छन्ति, तं तेसं मंगलमुत्तमं ॥१२॥

(मंगलसुत्त निट्ठितं)



https://dhamma.digital

**१०) यं मङ्गलं द्वादसहि; चिन्तयिंसु सदेवका ।**
**सोत्थानं नाधिगच्छन्ति; अट्ठतिंसञ्च मङ्गलं ।**

**११) देसितं देवदेवेन; सब्बपापविनासनं ।**
**सब्बलोकहितत्थाय; मङ्गलं तं भणाम हे ।**

(१०-११) **हे**=...सत्पुरूषहरूहो; **सदेवका**=देवताहरू सहित मनुष्यहरूले; **यं मङ्गलं**= जुन मङ्गललाई; द्वादसहि=बाह्रवर्षसम्म; **चिन्तयिंसु**=चिन्तन गरिसके । **सोत्थानं**= सुख हुने कारण भएका श्रेष्ठ पवित्र; **तं मङ्गलं**=ती मङ्गलहरूलाई; **नाधिगच्छन्ति**=जान्न सकेनन् । **देवदेवेन=**देवताहरू भन्दा पनि देवता हुनुभएका श्रेष्ठोत्तम तथागत (भगवान्) बाट; **सब्बपापविनासनं**=सम्पूर्ण पापलाई विनाश गर्ने; **अट्ठत्तिंसञ्च=**अड्तिसवटा संख्या भएको; **यं मङ्गलं=**जुन मङ्गल देशनालाई; **सब्बलोकहितत्थाय**=सम्पूर्ण सत्वसमूहको हित र अर्थको निम्ति; **देसितं**=देशना गर्नभयो; **तं मङ्गलं**=उक्त अड्तिसवटा मङ्गल देशनालाई; **मयं**=मैले (हामीले); **भणाम**=पाठ गरौं ।

## भावार्थ

हे... सत्पुरूषहरूहो; देवमनुष्यहरूले जुन मंगललाई बाह्रवर्षसम्म चिन्तन मनन गरिसके । सुखका कारण श्रेष्ठ पवित्र उक्त मंगललाई जान्न सकेनन् । देवातिदेव तथागतले सम्पूर्ण खराब जति सबैलाई विनाश गर्नसक्ने अड्तिसवटा मंगल देशनालाई सम्पूर्ण लोकको हित र अर्थको लागि देशना गर्नुभयो । ती अड्तिसवटा मंगल देशनालाई हामीले पनि पाठ गरौं; पढौं ।

## स्तुति

कुनै एउटा विषय लेख्दा वा पढ्दा सर्वप्रथम शुरू गरिने प्राक्कथनलाई प्रारम्भ स्तुति (मंगलाचरण) भनिन्छ । यो **'यं मङ्गलं'** आदि पनि मङ्गल सूत्र पाठ गर्न अगावै मङ्गल सूत्र उत्पत्तिको ढंग र मङ्गल सूत्रको फलानिशंसलाई प्रशंसा गरिएको प्रारम्भिक स्तुति नै हो । परित्राण उत्पत्ति कारण र अर्थोत्पत्ति विषय वस्तुलाई रमाइलो तरिकाले लयबद्ध गरी पाठ गर्नुपर्ने परित्राण निदानलाई



https://dhamma.digital

परित्राणलाई स्तुति गर्ने कारण भएकोले पहिले स्तुति भनेर पनि व्यवहार गरिआएको छ । **यं मङ्गलं** आदि पनि मङ्गल सूत्रलाई प्रशंसा गर्ने कारण भएकोले स्तुति नै भन्नुपर्छ । यो बुद्ध भाषित त होइन । यो त पाठकहरूमा मङ्गल सूत्रलाई जान्न, पढ्न र सुन्न अभिरूचि जगाई आकर्षित गर्नको लागि विषयको रूपमा पहिलेका आचार्यहरूले रचना गरिराखेको परित्राण प्रारम्भिक स्तुति मङ्गलाचरण नै हो ।

## व्याकरण दृष्टिबाट स्पष्टीकरण

(**द्वादसहि-**लाई बाह्रवर्षसम्म भनी अच्चन्तसंयोग-अर्थ दिने गर्दछन् । गाथाभाणक आचार्यको विचार अनुसार अपादानलाई मन पराएको भाव पाइन्छ। त्यसैले समयलाई सीमित र विभाजन गरिने अवधि-मा अपादान भनी ग्रहण गरी बाह्रवर्षसम्म भनी अर्थ दिएको हूँ ।

**सोत्थानं - कथंकरो सोत्थानेन गुत्तो** (दसमहामङ्गल जातक पाली) मा अर्थकथा मा **'सोत्थानेना' ति सोत्थिभावावहेन मङ्गलेन'** भनी व्याख्या गरिराखेकोले मङ्गलवाची रहेछ । **'सोत्थि-**पद **वहती-** अर्थमा आन प्रत्यय चिन्तन गरी **'सोत्थिं वहती'ति सोत्थानं'** गरेको हो । -**सोत्थिं**=सुख हुनेलाई; **वहति**=धारण गर्दछ । सुखलाई धारण गरी बस्ने स्वभाव धर्म सुख हुने कारण नै भएकोले; '**सोत्थानं=**सुखको कारण श्रेष्ठ पवित्र भएको भनी अर्थ दिएको हूँ । अर्को तरिकाबाट **'सुठान'** चिन्तन गरी **'सुखं ठाति अनेता'ति सोत्थानं'** भनी अर्थ्याए पनि हुन्छ । -**अनेन**=यस धर्मद्वारा; **सुखं**=सुखपूर्वक; **ठाति**=स्थिरभई बस्न सक्छ; **इति**=त्यसैले गर्दा; **सोत्थानं= सोत्थान** भन्दछन् । सुखपूर्वक स्थिरभई बस्नसक्ने कारण असल धर्म भन्ने अर्थ भएकोले उक्त धर्म मङ्गल नै हो । **हे-** भनेको आलपन (सम्बोधन) लाई गाथाको अन्तमा रहेको हुनाले अन्तमा मात्र अर्थ दिने चलन रहेको छ । यस **यं मङ्गलं** आदि शब्द **हे-** को स्वरूप व्यक्तिहरूलाई संकेत गरिरहेको शब्दहरू हुनु कारण एउटा, पालीमा आलपन पद शुरूका एउटा दुइटा पदहरूमा प्रायः पछाडि नै रहने भए पनि हाम्रो भाषामा एउटा वाक्य बोल्दा अगाडि मात्र राखेर बोल्ने चलन भएको एउटा कारण, यी कारणहरूले गर्दा गाथाको शुरूमा नै अर्थ दिएको हूँ । **हे-**लाई पहिलेदेखिको चलनचल्ति अनुसार सत्पुरूषहरू भनेर यहाँ दिइराखेको भए पनि विषय अनुसार **'हे...**आयुष्मानहरू; **हे...** मित्रहरू आदि भनेर पनि अर्थ्याउन सकिन्छ ।



https://dhamma.digital

लोकमा आधार भरोसा भनी सहयोग लिन र टेक्न मिल्ने व्यक्तिहरूलाई **देव=देवता** भनी भन्नु पर्दछ। त्यसैले औपपातिक देवता भनिने देव ब्रह्माहरू मात्र नभई मनुष्यहरूका आधार-भरोसा रहेका राजा, अरहन्तहरूलाई नै सम्मुतिदेव, विशुद्धिदेव भनेर व्यवहार गर्नु पर्दछ। तथागत पनि सत्वहरूको शरणका रूपमा आधार भरोसा लिन लायक भएकोले देव नै हुन्। तर साधारण देव मात्र होइन कि सम्मुति, विशुद्धि र औपपातिक देवहरू सबैका आधार-भरोसा भएका हुनाले 'सम्पूर्ण देवताहरूका पनि देवता, देवताहरू भन्दा पनि देवता 'देवाधिदेव' भनी भन्नुपर्दछ। **(देवानं देवो=देवदेवो।-देवानं**=देवताहरूका; **वा=** (देवताहरू) भन्दा उच्च; **देवो=**देवता हुन् ।) । **देवदेवो=**देवताहरूका; **वा**= देवताहरू भन्दा उच्च देवता (हुन् ।)'

दृष्ट मङ्गल आदि मंगलहरूमा सार छैन; आशक्ति उपादानयुक्त दृष्टिकोण मात्र हो । यी मङ्गल धर्महरू त शुद्ध असल कामकुरा र पवित्र विचार मात्र भएकोले कुशलकर्महरू नै भए। यी राम्रा कुशलहरूका प्रतिपक्षी रहेका खराब वा अकुशलहरूलाई विनाश गर्ने स्वभाव रहेकोले मङ्गल धर्मलाई **सब्बपापविनासनं=**अकुशल सबैलाई विनाश गर्ने' भनी वर्णन गरिएको हो । अकुशल सबैलाई विनाश गर्ने कारण धर्म पनि भन्न सकिन्छ। (यसमा कर्तृ साधन, करणसाधन दुवै समावेश छन् ।)

अकुशल समूह खराब कर्महरू दुःखका कारण, परिहानीय कारण मात्र भएकोले असल कर्महरू उन्नति वृद्धिको कारण, सुखको कारण हुन् । मङ्गल धर्म अनुसार आचरण गर्ने व्यक्ति साँच्चै सुखी उन्नति हुन सक्नाले मङ्गल धर्मदेशना गर्नुभएका तथागत बुद्धका उक्त बहुजनको उन्नति वृद्धि र सुख समृद्धि कामना गर्ने महाकरूणा मैत्रीलाई **सब्बलोकहितत्थाय**द्वारा व्यक्त गर्नुभएको हो ।

## मङ्गलसूत्र अर्थोत्पत्ति

'मङ्गल धर्मलाई धेरै देव-मनुष्यहरूले बाह्र वर्षसम्म बिताएर चिन्तन-मनन गरिआएको भए तापनि जान्न नसकेकोले भगवान् बुद्धले देशना गर्नुपऱ्यो' भन्ने कुरा अर्थोत्पत्ति स्वरूप नै भयो। उक्त अर्थोत्पत्ति यस्तो छ- तथागत बुद्धले मङ्गल धर्म देशना गर्नुभन्दा पहिले नै लोकमा मङ्गल-प्रश्न उत्पति भइसकेको थियो । लोकमा प्रिय, असल, सुन्दर भनी समर्थन गरिराखिएका आरम्मणहरू



https://dhamma.digital

(विचारका विषयहरू) अनेक भएकाले कोही आँखाबाट देखिने रमाइलो वर्ण आरम्मणलाई मङ्गल भन्न थाले । कोही कानबाट सुनिने प्रिय ध्वनीहरूका आरम्मणलाई मंगल भन्ने भए । कोही नाक, जिब्रो, शरीरबाट अनुभव गरिने प्रिय गन्ध, रस, स्पर्शहरूलाई मङ्गल भन्न थाले । एकले अर्काको धारणालाई स्वीकार गरेनन् । एकले अर्कालाई चित्त बुझ्नेगरी बताउन नसकेर वादविवाद शान्त नभएर समस्या समाधान हुन सकिरहेको थिएन । उक्त मङ्गल-प्रश्न मनुष्यहरूमा मात्र होइन देव-ब्रह्माहरूमा समेत हलचल भई मङ्गल-विचार गर्दागर्दै देवब्रह्माहरूका बीचमा पनि तीनवटा भेद बन्नपुगे । उक्त प्रश्न बाह्रवर्ष बितिसक्दा पनि समाधान नभई समस्याकै रूपमा रहिरहेको थियो ।

बाह्रवर्ष बितिसक्दा मात्र त्रयस्त्रिंश देवताहरूले शक्र देवेन्द्रकहाँ उक्त समस्या व्यक्त गरी त्यसको उत्तर दिन प्रार्थना गरे । शक्र देवेन्द्रले पनि तथागतसँग निवेदन गर्न एकजना देवतालाई अभिभार दिएर आफूसँग धेरै देवताहरू साथमा लिई मंगल देशना सुन्नको निम्ति तथागतकहाँ आइपुगे । अभिभार दिइएका देवताको निवेदन अनुसार तथागतले मङ्गल देशना बताउनुभएको थियो ।

**सूचना-** यसपछि संक्षिप्त पार्नको लागि अर्थकथामा सामान्यरूपले बताइएको सुत्तनिपात अर्थकथा र खुद्दकपाठ अर्थकथा भनी बुझ्नुपर्‍यो ।

**१२) एवं मे सुतं-**

**एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे । अथ खो अञ्ञतरा देवता अभिक्कन्ताय रत्तिया अभिक्कन्तवण्णा केवलकप्पं जेतवनं ओभासेत्वा येन भगवा तेनुपसङ्कमि; उपसङ्कमित्वा भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि ।**

**एकमन्तं ठिता खो सा देवता भगवन्तं गाथाय अज्झभासि ।**

१२) **भन्ते कस्सप=**आयुष्मान महाकाश्यप; **मे**=मैले; **एवं=**यस्तो; **सुतं**=सुनेर सम्झिराखेको छु । **एकं**=एक; **समयं**=समयमा; **भगवा**=भगवान् बुद्ध; **सावत्थियं**= श्रावस्ती राजधानीमा; **अनाथपिण्डिकस्स**=अनाथपिण्डिक महाजनको; **जेतवने**=जेतवन नाम भएको; **आरामे**=आराममा; **विहरति**= विराजमान भइरहनुभयो । **अथ खो**=त्यसरी विराजमान भइरहेको बेलामा; **अञ्ञतरा=**गोत्र नाम प्रकट नभएका; **देवता**= देवपुत्र; **अभिक्कन्ताय**=पहिलो

याम बितेपछि; **रत्तिया**=मध्य रातमा; **अभिक्कन्तवण्णा**=अति राम्रो वर्ण भई; **केवलकप्पं**=चारैतिर सबैतिर; **जेतवनं**=जेतवन आरामलाई; **ओभासेत्वा**=शरीरको प्रकाशले जज्वल्यमान पारी; **येन**= जुन ठाउँमा; **भगवा**=भगवान् बुद्ध; **अत्थि**=बस्नु भएको छ; **तेन**=त्यहाँ भगवान् बुद्ध विराजमान हुनुभएको ठाउँमा; **उपसङ्कमि**=नजिक गए । **उपसङ्कमित्वा**=नजिक गएर; **भगवन्तं**=भगवान् बुद्धलाई; **अभिवादेत्वा**=अतीव गौरवपूर्वक अभिवादन गरिसकेपछि; **एकमन्तं**=अनुकूल र उचित ठाउँमा; **अट्ठासि**=उभिइरहे; **एकमन्तं**=अनुकूल र उचित ठाउँमा; **ठिता खो**= उभिएका; **सा देवता**= सो देवपुत्रले; **भगवन्तं**=भगवान् बुद्धलाई; **गाथाय**=गाथाद्वारा; **अज्झभासि**=निवेदन गरे ।

### भावार्थ

आयुष्मान् महाकाश्यप; यस्तो मैले सुनेको छु- एक समय भगवान् बुद्ध श्रावस्ती राजधानीमा अनाथपिण्डिक महाजनको जेतवन आराममा विहार गरिबस्नुभएको थियो । त्यसबेला गोत्र र नाम प्रकट नभएका एउटा देवपुत्र प्रथमयाम बितिसकेपछि मध्यरातमा अति सुन्दर वर्ण बनाएर जेतवन आरामलाई चारैतिर जाज्वल्यमान पारी भगवान् बुद्ध बस्नुभएको ठाउँको नजिक गई अभिवादन गरिसकेपछि अनुकूल ठाउँमा उभिएर बसे । अनुकूल ठाउँमा उभिएका सो देवपुत्रले भगवान् बुद्धलाई गाथाद्वारा निवेदन गरे-

### निदान

तथागतले बताउनुभएको मङ्गलसूत्र बताउनुभन्दा पहिले त्यो सूत्र उत्पन्न हुन गएको कारण निदान देखाउन चाहेकोले **'एवं मे सुतं'** आदि आज्ञा गर्नुपरेको हो ।

### निदान उत्पत्ति तरिका

तथागत परिनिर्वाण भइसकेपछि तीनमहिनाभन्दा लामो अवधिपछि बुद्धोपदेशहरू हराएर नाश नहुने गरी स्थीर बनाइ राख्न अधर्मवादीहरू देखापरेमा निर्णय गरी निवारण गर्नलाई आधारको रूपमा बनाइराख्नको निम्ति पाँचसय अरहन्तहरू भेला भई स्वाध्याय गरी वा वाचन गरी बुद्धवचन संगायना आरूढ गर्नुभएको थियो । त्यसबेला यथार्थरूपमा बुद्धभाषित रहेको कुरा पहिचान गरी जानी-बुझी विश्वसनीय बनाउनको लागि तथागत कुन



https://dhamma.digital

नगरमा, कुन गाउँमा, कुन समयमा, कसलाई, कस्तो कारणले उपदेश दिनुभएको थियो भन्ने तथ्यहरूलाई आयुष्मान् महाकाश्यप स्थविरले परिक्षण र निरीक्षण गर्नुभएकोमा विनय को निम्ति आयुष्मान् उपालीले निवेदन गरी सूत्रका निम्ति आयुष्मान् आनन्दले निवेदन गर्नुभएको थियो । मङ्गलसूत्र संगायना आरूढ गर्नलागेको समयमा आयुष्मान् महाकाश्यपको प्रश्न अनुसार आयुष्मान् आनन्दले उत्तर दिने क्रममा निवेदन गरेकोलाई **'एवं मे सुतं'** आदि द्वारा लेखबद्ध गरिराखिएको हो । त्यसैले **'एवं मे सुतं'** आदि भाग बुद्ध भाषित होइन । आयुष्मान् आनन्द स्थविरको निवेदन मात्र हो । यो निवेदन मङ्गल सुत्त उत्पन्न हुनपुगेको कारण भएकोले **'निदान'** भनी भन्दछन् ।

**आयुष्मान् महाकाश्यप**

आयुष्मान् सिग्गव स्थविरले भावी आयुष्मान् मोग्गलिपुत्ततिस्स स्थविर आफ्ना शिष्य श्रामणेरलाई आयुष्मान चण्डवज्जी स्थविरकहाँ पिटक अध्ययन गर्न पठाउनुहुँदा 'मेरो नाम के हो नि ? भनी चण्डवज्जी स्थविरले आफ्नो नाम सोधेको खण्डमा 'हजुरको नाम मेरा उपाध्यायलाई थाहा छ' भनी निवेदन गर्नू' भनी अगावै सिकाई अववाद दिई पठाउनुभयो । आदर गौरव राख्न लायक गुरूजनको नाम काढ्न नहुने कारणले त्यस्तो भन्नुभएको हो । त्यो तथ्यलाई साधक प्रमाण गरी **'भन्ते कस्सप'** भनी सम्बोधन गर्न आयुष्मान् आनन्दले अप्ठ्यारो मान्ने भावलाई विचार गरी यहाँ **'भन्ते'** मात्र भनेर सामान्य व्यवहार गर्न मनपराएको हो । **'पिप्पलि'** भन्ने स्थविरको बच्चा बेलाको मात्र नाम लिन पनि गाहारो मानेको ढंग रहेको भए पनि **'कस्सप'** भन्ने नाम गोत्र अनुसार बताइएको नाम भएकोले उक्त नाम काढेर बोल्न त गहारो मानेको छैन । गौतम बुद्ध भनेर नै तथागतलाई गोत्र अनुसार बोल्ने चलन गरिआएको छ । विनय महावग्ग (१२९) मा आयुष्मान् महाकाश्यप स्थविरले आफ्ना उपसम्पदापेक्षीलाई कर्मवाचा विधिवाक्य वाचन गरिदिन आयुष्मान् आनन्दकहाँ दूत पठाउँदा आयुष्मान् आनन्दले पनि आयुष्मान् महाकाश्यप स्थविर आफूले गौरव राख्नुपर्ने गुरू भएकोले वहाँको नाम वाचन गर्न अप्ठ्यारो मानिरहेकोले तथागतले **'अनुजानामि भिक्खवे गोत्तेन पि अनुस्सावेतुं ।'** भनी गोत्रद्वारा वाचन गर्ने अनुमति दिनुपरेको थियो । यसरी गोत्रको नाम काढ्न उचित भएकोले **'अपि मे भन्ते कस्सप सिरस्मिं पलितानि जातानि; अथ च पन मयं अज्जापि आयस्मतो महाकस्सपस्स कुमारकवादा न**



https://dhamma.digital

**मुच्चाम'** भनी **'भन्ते कस्सप'** भनी आयुष्मान् आनन्दले बोल्नुभएको प्रमाण छ। निदानवग्ग कस्सप संयुत्त (सं १-४१८)

## सावत्थि

सवत्थ ऋषिको स्थान भएकोले सावत्थि भनेको हो। बस्ने ठाउँ भने पनि बस्ने मात्र त होइन; सो ऋषिले शुरूदेखि नै स्थापना गरिएको शहर थियो। ककन्द ऋषि, मकन्द ऋषिहरूले स्थापना गरिराखेका शहरलाई काकन्दी, माकन्दी भनी स्त्रीलिङ्गी नाम रहे जस्तै सवत्थ ऋषिले स्थापना गरेको शहर भएकोले सावत्थि भन्ने नाम रहेको थियो। यो व्याकरणाचार्यहरूको विचार (छन्द) हो। **(सवत्थेन निब्बत्ता सावत्थी)**। -**सवत्थेन**=सवत्थ ऋषिद्वारा, **निब्बत्ता**=उत्पन्न गरिएको, (स्थापना गरिएको) शहर; **सावत्थी**=सावत्थी भन्दछन्।

अर्थकथाचार्यहरूको विचार अनुसार मनुष्य जीवनमा उपभोग-परिभोग गरिने कुनै चीजबीजको कमी वा अभाव छ' भन्न नपर्ने गरी सबै भरिपूर्ण भएकोले **सब्बं अत्थि**=सबै थोक छन्, भन्ने अर्थमा सावत्थि नाम रहेको हो। व्यापारीहरू भेला भई 'त्यहाँ के के सामानहरू छन् नि त ?' भनी सोध्ने अवस्थामा **'सब्बं अत्थि**= सबैथोक छन्।' भन्ने कुरालाई आधार मानी सावत्थि नाम रहेको हो' भन्दछन्। यस मत (छन्द) अनुसार **सब्ब-** पद **साव** भएको निरूक्तिनय हो।

**'सावत्थियं**- भने पनि जेतवन आराम श्रावस्ती शहरभित्र होइन; शहरको आसपासमा टाढा पनि होइन नजिक पनि होइन ठाउँमा अवस्थित छ। तर गंगा नदीको नजिकै घाटमा चरिरहेका गाई-गोरूलाई **'गङ्गायं चरन्ति**=गंगा नदीमा चरिरहेका छन्' भनी आरूढ गरी बोलिए झैं श्रावस्ती शहर वा त्यसको आसपासमा बसिनुलाई नै श्रावस्ती नगरमा बसिरहेका छन् भनी आरूढ गरी बोलिएको हो। त्यसलाई समीप्यूपचार भन्दछन्। नजिककोलाई नजिकको वस्तुद्वारा आरूढ गरी व्यवहार गरिनु हो। श्रावस्तीको आसपास उपचार अनुसार श्रावस्ती नाम रहेकोले **'सावत्थियं**=श्रावस्ती नगरमा' भनेर पनि अर्थ दिन सकिन्छ। **'समीपत्थे भुम्मवचनं=**सप्तमी विभक्ति समीप (सँगै)' भन्ने अर्थमा रहेछन्' भन्ने अर्थकथाको भनाई अनुसार श्रावस्ती नगरको नजिक भनेर पनि अर्थ दिन सकिन्छ।



https://dhamma.digital

## जेतवन र अनाथपिण्डिक

जेतवन आराम मूलतः जेत राजकुमारको उद्यान नै थियो । मूल अधिकारीको नामको आधारमा जेतवन भनी नाम चलिरहेको हो । (**जेतस्स वनं जेतवनं** । **जेतस्स**=जेत राजकुमारको; **वनं**= वनउद्यान हो; **जेतवनं**=जेत राजकुमारको उद्यान) पछि अनाथपिण्डिक महाजनले किनेर विहार निर्माण गरेकोले द्वितीय अधिकारीको आधार लिई अनाथपिण्डिकको आराम भनी भन्नुपर्‍यो ।

महाजनको बच्चाबेलाको नाम सुदत्त थियो । आधार भरोसा नभएकाहरूलाई दया-माया राख्ने अत्यन्त प्रबल चेतना भएका महाजन हुनाले आफूकहाँ आइपुगेका सबै मगन्ते गरीब गुरूवा आदिहरूलाई खानपान (भोजन) दिने भएकोले पछि **'अनाथानं=**आधारहीन अनाथहरूलाई; **पिण्डं**= खानपान; **ददाति**=दिन्छन्' भन्ने अर्थमा अनाथपिण्डक भनी व्यवहार गर्न थालिएको थियो । लोकमा चैत्य स्थापना गर्नेलाई चैत्यदाता, विहार निर्माण गरी दान गर्नेलाई विहारदाता आदि भनी आफूले भन्नै नपर्ने गरी धेरैबाट प्रशंसा गरेजस्तै महाजनको चेतनालाई धेरैले प्रशंसा गर्दा गर्दै बच्चाबेलाको नाम हराएर गई नयाँ नाम चलन चल्तीमा आएको थियो । नाम अनुसार प्रख्यात हुनपाएका महाजनको चेतना त आजसम्म पनि सबैले थाहापाइ प्रख्यात नै भइरहेको छ । यस तथ्यले नै धेरैजनाका राम्रा अर्थ वहन गर्नेहरू संसार नरहे पनि उनीहरूको उदारता नमेटिने तथ्यतिर निर्देशित गरिरहेको छ ।

तथागत विराजमान हुनुभएपछि त्यो विहार अनाथपिण्डिकको सम्पत्ति रहेन । संघ अधिनस्थ आराम हुन गयो । तर पहिले नगराधिकारी भएका व्यक्ति पदबाट हटिसकेको भए पनि नगराधिकारी भन्ने चलन बाकी रहेझैं नै भयो । यसलाई 'भूतपूर्व गतिक नय' भनी भन्दछन् । 'एदत्त नय' भनेर पनि भन्नुपर्छ । अधिकारीहरू फरक भए पनि ठाउँ एउटै भएकोले उक्त एकत्वभावलाई आधार लिएर भनिने नय हो ।

उक्त नय अनुसार नै **जेतवन** भनी र **अनाथपिण्डिकस्स** आराम भनी भन्न सकिन्छ । फरक रहे पनि फरक नभएको जस्तो गरी भनिएको हुनाले यस्तोलाई अभेदोपचार (= भेद भएकोलाई भेद नभएको जस्तै एउटै जस्तो पारेर व्यवहार गर्नु) भनेर पनि भन्नुपर्छ ।



https://dhamma.digital

**आराम**

फलफूल, पात, पालुवाहरूबाट सुशोभित भई राम्रो भएकोले त्यो आराम (विहार) अंगले परिपूर्ण भएको हुनाले तद्तद् ठाउँहरूबाट मानिसहरू विशेषतः भिक्षुहरू आई रमाइलो मान्ने हुँदा आराम भनेको हो **। (आरामन्ति एत्थाति आरामो** । **एत्थ**= यस विहारमा; **आरमन्ति**= आएर रमाइलो मान्ने गर्दछन्; **इति=**त्यसरी आएर रमाइलो मान्ने क्षेत्र भएको कारणले; **आरामो=**आराम भन्दछन् ।

आरामलाई अभिधान (बर्मी शव्दकोष) मा शहरबाट टाढा पनि नभएको नजिक पनि नभएको ठाउँमा साहु महाजनहरूबाट रोपाइएका रूखहरूको घारी (उद्यान) लाई भनिने कुरो उल्लेख छ। पुप्फाराम, फलाराम आदि भनी उल्लेख भएका ठाउँहरूमा आरामसँग समान नै रहेको छ। यति मात्र होइन, विहारको परिवेण, घरको परिवेण आदि परिवेण जति सबैलाई पनि आराम भनेर नै भन्नुपर्छ । संघाराम, पुब्बाराम, राजकाराम, तित्थियाराम, परिब्बाजकाराम आदि । आजभोली घरको परिवेणलाई बगैंचा भनी भन्दछन् भने धेरै विहार (भवन) हरू भएको परिवेणलाई च्याउँ-ताइक् (आरामः म्यानमार भाषामा) भन्ने चलन छ । त्यस व्यवहार अनुसार यहाँ च्याउँ-ताइक् (आराम) भनी अनुवाद गरिराखेको छु ।

**अथ खो**

**अथ-** लाई अविच्छेद (=विच्छेद नगर्ने अर्थमा) निपात भनेर र **खो-**लाई अधिकान्तर निदस्सन (विषय वस्तु एउटालाई देखाउने) अर्थमा निपात भनेर अर्थकथामा छुट्टाएर व्याख्या गरिराखिएको छ । तथागतको बास विच्छेद नहुँदै **अञ्ञत्तरा देवता-** आदि विषय-वस्तु एउटा उत्पन्न हुनआएकोलाई व्यक्त गर्न खोजेको तथ्य पनि उल्लेख गरिराखेको छ । आफ्नो भाषामा त त्यस अवस्थामा, त्यसरी बस्नुभएको बेलामा भन्यो भने बास विच्छेद भइनसकेको र उक्त अवस्थामा भनी भन्यो भने अगाडि निरन्तर भन्नुपर्ने विषय बाँकी रहेकोलाई पनि जान्न सकिने भएकोले 'त्यो बेलामा' भन्ने कुराद्वारा नै दुवै अर्थलाई देखाउने काम सिद्ध हुन्छ भनी भन्न सुहाउँछ ।

**अञ्ञतरा देवता**

**'अञ्ञतरा'ति अनियमितनिद्देसो**=नियमित नभएको अर्थलाई निर्देशित



https://dhamma.digital

गर्ने शब्द' भनी अर्थकथामा उल्लेख गरिएको छ । नाम वंश गोत्र आदि नियमित (किटान) नभएको सामान्य अर्थ भयो । संस्कृतमा दुईजनामध्ये एकलाई अलग्ग उल्लेख गरी देखाउँदा अञ्‍ञतर भनी धेरैमध्ये एकजनालाई अलग्ग उल्लेख गरी देखाउँदा अञ्‍ञतम भन्नुपर्ने कुरा उल्लेख छ । पाली भाषामा त 'अञ्‍ञतम' प्रकट नभएकोले धेरैमध्ये बाट अलग्ग गरी बोल्नुलाई पनि अञ्‍ञतर नै भन्ने गरिन्छ । **'अञ्ञतरो च पनायस्मा मालुक्यपुत्तो अरहतं अहोसि ।'** (सं २-२९९) यसमा अञ्‍ञतरो, अरहन्तहरूमध्ये एकजना समावेश रहेको कुरा सामान्यलाई मात्र भनी अरहन्तहरू मध्येमा विशेष रूपमा उल्लेख गरी नियमित रूपले भन्नुनपर्ने भएकोले अनियम नै भयो ।

यहाँ त त्यसरी अलग्ग भनिएको क्षेत्र नभएकोले अञ्‍ञतर एउटै भयो । त्यसो हुनाले **'अञ्ञतरा'ति नामगोत्तवसेन अपाकटा'** भनी उल्लेख गरिएको हो । उक्त व्याख्या अनुसार नाम गोत्र प्रकट नभएको भनी अर्थ दिनुपर्छ । लोकमा नाम थाहानभएको अवस्थामा होस्, थाहा भएपनि व्यक्ति नप्रष्टिएको अवस्थामा होस् एउटा मान्छे आइरहेको छ आदि व्यवहार हुँदो रहेछ । 'एउटा मान्छे' भन्ने व्यवहार नाम प्रकट नभएकोलाई निर्देशित गरिरहेको हुनाले '**अञ्ञतरा देवता**=एउटा देवपुत्र' भनेर पनि अर्थ दिन सकिन्छ ।

देवता भन्ने स्त्रीलिङ्गी शब्दमा व्यक्त गरिएको भए पनि यहाँ देवी भनी ठान्नुहुँदैन । यो देवता शब्द देवपुत्र देवपुत्री दुवै समूहसँग सम्बन्धित शब्द हो । यहाँ त देवपुत्रलाई व्यक्त गरिएको हो । (**देवो येव देवता;-देवो येव**= देव नै; **देवता**=देवता भन्दछन् ।)

## अभिक्कन्त अर्थ

**'अभिक्कन्ताय रत्तिया'**- मा **अभिक्कन्त**-खय (=क्षय हुनु) अर्थवाची हो । बितिसकेको रात भन्नुमा रात पूरै बित्यो भनी भन्नु पर्नेजस्तो भए पनि त्यस्तो त ठान्नु हुँदैन । चूलवग्ग, पातिमोक्खट्ठपनखन्धक आदिमा **'अभिक्कन्ता भन्ते रत्ति'** मा पूरा रात बितेको भन्ने अर्थ्याउन खोजिएको छैन; प्रथम याम बितेकोलाई मात्र अर्थ्याउन चाहेकोले **'निक्खन्तो पठमो'** भनी जोडेर व्याख्या गरिएको छ । उक्त पाली अनुसार **अभिक्कन्तं** प्रथमयाम बितेकोलाई मात्र व्यक्त गरिसकेकोले यहाँ पनि प्रथमयाम बितेकोलाई मात्र ग्रहण गर्नुपर्नेलाई जान्न सकिन्छ । पहिलो याम बितिसकेको भन्ने विशेषणले गर्दा **रत्तिया** शब्दले



https://dhamma.digital

पनि रातभर व्यक्त गर्नुपर्ने आवश्यक नभएर आधा रातलाई मात्र व्यक्त गरेको हो । देवताहरू, मनुष्यहरू सुनसान हुनेबेलामा मात्र तथागतकहाँ आउने चलन भएकोले सो देवता पनि मध्यरातमा तथागतकहाँ आएका हुन् ।

**'अभिक्कन्तवण्णा'** मा **अभिक्कन्त-** अभिरूप (=अति सुन्दर) भन्ने अर्थवाची हो । अति प्रियकर वर्ण भनेको अति सुन्दर वर्ण भएको ' **अभिक्कन्तवण्णा'** लाई अति प्रियकर वर्ण भएका भनेर वा अति सुन्दर शोभा भएका वर्ण भएका भनेर अर्थ दिन सकिन्छ । **'वण्ण'** वर्ण भने पनि रूपारम्मण वर्णलाई भनेको होइन । **'छवि'** भनेको शरीरको रगत मासुको रंगलाई भनेको हो भनी जान्नुपर्दछ ।

**केवलकप्प** **'केवल अनवसेस'** (= बाँकी नभएको सम्पूर्ण) अर्थवाची हो । **'कप्प' स**मन्तभाव -चारैतिर घेराको भाव) अर्थवाची हो । जेतवन आराम चारैतिर घेरामा सबै भनेको भाव हो । यसमा **'केवल'** सम्पूर्ण भने पनि बाँकी ठाउँ रहेन भन्ने अर्थ सिद्ध हुन सके तापनि **'कप्प'** शब्द जोडेर भनिराखेको केही पनि बाँकी नरहनेगरी सबै ठाउँमा फिजिने गरी सामर्थ्य भएको प्रकाश नै पनि कुनै न कुनै कारणले गर्दा केही अलिकति अंशमा मात्र फिजिने पनि हुनसक्दछन्; सो देवताको प्रकाश त त्यसरी केही अलिकति अंश मात्र नभई सबै नै फिजिरहेको भाव देखाउनलाई समन्त अर्थ भएको कप्पलाई समेत भनिएको हो ।

व्याकरणाचार्यहरूले **ईसं ऊनं** (= केही कमी भएको) अर्थमा **कप्प** आदि प्रत्ययहरूलाई रूचाउने गर्दछन् । उक्त भनाई अनुसार **'ईसंऊनं केवलं केवलकप्पं'** (विग्रह) गर्नु हो ।-**ईसंऊनं=**केही कमी भएको; **केवलं**=सम्पूर्ण हो; **केवलकप्पं=** सम्पूर्ण भनेजस्तै । कुनै कुनै ढोका थुनिएको विहार आदिको भित्र प्रकाश छिर्न नसकेको केही स्थान बाकी रहेकोलाई उद्देश्य गरिराखेको हो । यस्तो अर्थलाई कोहीकोही मन पराउँछन् । तर देवताहरूको ऋद्धिले उत्पन्न हुने प्रकाश प्रकृति प्रकाशसँग समान हुन नसक्ने हुनाले र यदि प्रकाश नछिरेको ठाउँ बाकी रहेको भए सम्पूर्ण भनी भन्न सक्नलाई येभुय्य आदि नयहरू रहेको हुनाले **'ईसंऊनं'** अर्थ चिन्तन आवश्यक छैन । अर्को तरिकाबाट भन्दा तथागतको प्रकाशलाई कुनै प्रकाशले पनि दबाउन सक्दैन । त्यसैले सो देवताको प्रकाशले पनि तथागतको प्रकाश नपुगेको ठाउँलाई मात्र उज्यालो पार्नसक्ने हुनाले **'ईसंऊनं'** भनेको हो भनेमा उचित हुनसक्छ ।



https://dhamma.digital

## एकमन्तं

**'एकं+अन्तं'; अन्त=**शब्द **कोट्ठास** (= भाग) अर्थवाची हो। एकातिर एक ठाउँमा भन्ने अर्थ हुन्छ। एकातिर एक ठाउँमा भनेको बस्नलाई उचित ठाउँ हो। लोकमा गौरव राख्न योग्य व्यक्तिहरूकहाँ जाँदा बस्नयोग्य बस्नअयोग्य ठाउँ हुने भएकोले जान्ने बुझ्नेहरू बस्नयोग्य ठाउँ रोजेर बस्न जान्दछन्। बस्न अयोग्य ठाउँहरू त धेरै नजिक, धेरै टाढा, हावाको सम्मुख परेको ठाउँ, अग्लो ठाउँ, मुखामुख परेको ठाउँ, धेरै पछाडि पर्ने ठाउँ भनी छ प्रकारका छन्।

**अति टाढा; अति नजिक; अग्लो, अनि हावा लाग्ने।**
**मुखामुख पर्ने; अति पछाडि; दोष हुन् ठाउँका ६ वटा।**

यी ६ दोषहरू सधैं सधैं विरत नभई हुन्न भनी निश्चितरूपले त ग्रहण गर्नु पर्दैन। धेरै परिषदहरूका साथमा उपदेश सुन्ने अवस्था आदिमा धेरै टाढा, हावा लाग्ने, धेरै पछाडि परेको ठाउँबाट हटिराख्नु हुँदैन; त्यस्तो बेलामा विरत नहुनुको कारणले दोष भन्न हुँदैन। **एकमन्त** भन्दा ६ वटा दोषबाट अलग्ग भएको ठाउँ भनेर मात्र एकोहोरो तालले जिद्दी गरिबस्ने होइन; अरू अरू क्षेत्रअनुसार उचित ठाउँहरू पनि **एकमन्त** नै हो। कोशल मगधका ब्राह्मण दूतहरू वैशाली नगरको महावन कूटागारशालामा तथागतकहाँ आउँदा आयुष्मान् नागितले 'तथागतको दर्शन गर्ने समय भएको छैन' भनी भन्दै योग्य ठाउँमा बसे भनेकोमा उक्त **एकमन्त** लाई त्यहाँबाट सरेर गई यताउतिका रूखमुनि छायाँमा बस्नगएको कुरा उल्लेख गरी व्याख्या गरिराखिएको छ। **(एकमन्तं-** योग्य र उचित रूपले, अनुकूल ठाउँमा भनेर पनि अर्थ दिन सकिन्छ।

## देवपुत्र उभिइरहेको

देवताहरूले मनुष्य-बासनालाई घृणा अनुभव गर्दारहेछन्। केही कामकुरा परेर करकापले मनुष्य लोकमा आउनुपरे पनि छिटोछिटो फर्किन चाहने हुँदा उक्त देवपुत्र नबसिकन उभिइरहेका हुन्। बस्नु भनेको विश्राम लिनु नै हो। त्यस्ता परिश्रम देवताहरूमा नभएकोले नबसेका हुन् भन्ने पनि अर्को कारण देखाइएको छ। त्यसपछि फेरि तथागतलाई घेरेर महाश्रावकहरू बसिरहनुभएको थियो। वहाँ महाश्रावक स्थविरहरूप्रति श्रद्धा प्रसन्नता रहेको



https://dhamma.digital

कारणले पनि नबसेका हुन् भन्दछन् । उभिनु विशेष आदर गौरब राख्ने जस्तो हुनाले तथागतलाई गौरब राख्नको लागि नबसेका हुन् । यसरी अर्थकथामा देवता उभिइरहेको कारण चार प्रकारले बताइएका छन् ।

**१३) बहू देवा मनुस्सा च; मङ्गलानि अचिन्तयुं ।**
**आकङ्खमाना सोत्थानं, ब्रूहि मङ्गलमुत्तमं ।**

१३) **भन्ते**=भगवान् शास्ता; **सोत्थानं**=यो जन्ममा र पछि सुख हुने भावलाई; **आकङ्खमाना**=आकांक्षा राख्नेहरू; **बहू**=धेरै; **देवा च**=देव-ब्रह्माहरूले पनि; **मनुस्सा च**=मनुष्यहरूले पनि; **मङ्गलानि**=सुखोन्नतिको कारण रहेको मङ्गललाई; **अचिन्तयुं**=कल्पना र चिन्तना गरिआइसके । (**त्वं**=हजुर तथागतले) **उत्तमं**=उत्तम भएको; **मङ्गलं**=मङ्गल; **ब्रूहि**=बताउनुहोला ।

## भावार्थ

भगवान् शास्ता; यो र अर्को जन्ममा पनि सुखको आकांक्षा राख्ने देव-ब्रह्मा मनुष्यहरू धेरैले सुखोन्नतिको कारण भएको मङ्गललाई कल्पना र चिन्तना गरिसके । हजुर तथागतले उत्तम मङ्गल देशना बताउनुहोला ।

## देवताको प्रार्थना

तथागतलाई मङ्गल उपदेश दिनुहुन देवपुत्रले प्रार्थना गरेको तरिकालाई आयुष्मान आनन्दले 'बहू देवा' आदिद्वारा निवेदन गरेका हुन् ।'

## व्याकरण दृष्टिले स्पष्टीकरण

**(मङ्गलन्ति महन्ति इमेहि सत्ता'ति मङ्गलानि ।-इमेहि**=यस धर्मले; **सत्ता**=सत्वहरू; **मङ्गलन्ति महन्ति**=उन्नति वृद्धि हुन्छन्; **इति**=त्यसरी उन्नति वृद्धि हुने कारण भएको हुनाले; **मङ्गलानि**=मङ्गलहरू भन्दछन् । अर्थकथा को मतिअनुसार 'मङ्गल' धातु भनी भन्न सकिन्छ । सद्दनीतीमा त 'मगि' धातु भनिएको छ । इकारान्त धातु भएकोले निग्गहीत आएको छ । संस्कृतमा पनि 'मगि' धातु नै छ । अल प्रत्यय । त्यस मती अनुसार **'मङ्गन्ति बुद्धिं पापुणन्ति इमेहि सत्ताति मङ्गलानि'** भनी सिद्ध गर्नुपर्छ । बाल मूर्खको संगत नगर्नु आदि कार्यहरू सत्वहरूलाई उन्नति र वृद्धि गर्ने सुख हुने कारण हुन् । त्यसो हुनाले ती कार्यहरूलाई उन्नति वृद्धि र सुख हुने कारण भएकोले मङ्गल भन्नुपर्छ ।



https://dhamma.digital

त्यसो हुनाले नै अर्थकथाले- **'मङ्गलन्ति**= मङ्गल भनेको; **इद्धि कारणं**=वृद्धि समृद्धि हुने कारण हो; **बुद्धि कारणं**= उन्नति हुने कारण हो; **सब्बसम्पत्ति कारणं=**सम्पूर्ण सुख ऐश्वर्यको कारण हो' भनी व्याख्या गरिएको छ ।

**'सोत्थानं'** यं मङ्गलं आदि स्तुति गाथामा रहेको **सोत्थानं** सँग अर्थ समान छैन । उक्त **'सोत्थानं'** ले सुख समृद्धि हुने कारण मङ्गललाई व्यक्त गर्दछ । यो **'सोत्थानं'** त कारण भएको मङ्गल कार्य गर्नाको कारणले यो जन्ममा र आउने जन्ममा सुख हुने प्रतिफललाई व्यक्त गर्दछ । त्यसैले **'सोत्थानन्ति सोत्थिभावं'** भनी अर्थकथामा व्याख्या गरिएको हो । सुख हुने भनेको विभिन्न असल सम्पत्तियुक्त भइरहनु भएकोले नै **सब्बेसं=**सम्पूर्ण; **दिट्ठधम्मिक सम्परायिकानं**=यो जन्ममा र पछिको जन्ममा उत्पन्न हुने; **सोभनानं सुन्दरानं कल्याणानं धम्मानं**= शोभा भएको, सुन्दर, कल्याणकारी स्वभाव धर्मको; **अत्थितं**= उपलब्ध हुने भावलाई' भनी **सोत्थिभाव**को मुख्य अर्थलाई अर्थकथामा  भनी जोडेर व्याख्या गरिराखिएको हो । **'सोत्थिनो भावो सोत्थानं'** भाव-य् आन प्रत्यय चिन्तन गरिएको हो ।

## उत्तम मङ्गल

दृष्ट मङ्गल आदि वास्तविक धर्मलाई नजान्नेहरूको कल्पना अनुसार उत्पन्न भएको धारणा मात्र भयो; ती धारणाहरू साररहित हुनाले नै एकजनाको धारणालाई अर्कोले स्वीकार गर्न नसकिरहेको थियो । भगवान् बुद्धले मङ्गल उपदेश दिनुभएको बेलामा भने ती मङ्गललाई होइन, मिल्दैन भनी विरोध गर्ने, अस्वीकार गरेर फाल्नेहरू एकजना पनि निस्केन । सबै नै असल धर्मको रूपमा स्वीकार गर्नुपर्यो । आजभोली बुद्धानुयायी नभएका अन्य धर्मावलम्बीहरूले समेत यी मङ्गल कार्यलाई असल भनी स्वीकार गर्नैपर्ने हुन्छ । सो देवपुत्रले त उक्त युगमा देव मनुष्यहरूबाट धारणा बनाइराखिएका मंगलहरूलाई स्वीकारयोग्य भएको उत्तम मंगल होइनन् भनी राम्ररी बुझेका थिए । त्यसैले धेरैले धारणा बनाइराखिएका मङ्गल भन्दा अरू विशिष्ट उत्तम मङ्गल देशना गर्नुहुनको निम्ति **'ब्रूहि मङ्गलमुत्तमं'** भनी निवेदन गरेका हुन् ।



https://dhamma.digital

**१४) असेवना च बालानं; पण्डितानञ्च सेवना ।**
**पूजा च पूजनेय्यानं; एतं मङ्गल'मुत्तमं ।**

१४) **देवपुत्त**=हे देवपुत्र; **बालानं**=बाल मूर्खहरूको; **या असेवना च**=जुन संगत नगर्नु; **पण्डितानं**= प्रज्ञावान् सत्पुरूषहरूको; **या सेवना च**=जुन सत्संगत गर्नु र; **पूजनेय्यानं=**पूजनीयहरूलाई; **या पूजा च**=जुन पूजा गर्नु; **अत्थि**=रहेका छन्; **एतं**=यी तीनवटा धर्म; **उत्तमं**=उत्तम; **मङ्गलं**=मङ्गल हुन् ।

## भावार्थ

हे देवपुत्र, मूर्खहरूको संगत गर्नबाट पछि हटेर बस्नु; प्रज्ञावान सत्पुरूषहरूको सत्संगत र सेवन गर्नु अनि पूजनीयहरूलाई पूजा गर्नु; यी तीनवटा उत्तम मङ्गल हुन् ।

## तीनवटा मङ्गल

यो **'असेवना च'** आदि पाठ बुद्ध-भाषित हो । देवपुत्रको निवेदन अनुसार सबभन्दा राम्रो मङ्गल बताउन लाग्नुभएकोले सर्वप्रथम **'असेवना च'** आदि द्वारा तीनवटा मङ्गल बताउनुभएको हो ।

## बाल मूर्ख

बाल मूर्ख भनी जान्नसकिने संकेत लक्षणहरू- खराब विचार गर्नु; खराब वचन बोल्नु; खराब काम गर्नु नै हो । यी तीनवटा लक्षण भएका व्यक्ति उच्चकुलीन नै भएपनि, धनसम्पत्ति सम्पन्न भए पनि, अधिकारी नै भएपनि, जस्तो सुकै भएपनि, **बाल** (=मूर्ख) नै हो । त्यस्ता व्यक्तिहरूले यस लोकमा विभिन्न भय अन्तरायबाट मुक्त भएर, सुखशान्तिपूर्वक बस्नु, यशकीर्ति फैलाइ बस्नु; धेरैका मन पर्ने भई गौरव प्राप्तगरी बस्नु, परिषदमा डराउनु नपर्ने भई शुरवीर हुनु आदि राम्रा फलहरूले सम्पन्न भई बस्नसक्दैन । ऊ यस जन्ममा उच्चश्रेणीमा पुगेका भए पनि परलोकमा त सुगति भूमिमा सुख अनुभव गर्न पाउँदैन । त्यसैले फल दुईलाई नाश गर्ने भनी बालको अर्थ व्याख्या गरिएको छ । **(द्वे अत्थे लुनन्ती'ति बाला ।-द्वे अत्थे**=दुवै फललाई, **लुनन्ति**=नाश गर्छ; **इति=**त्यसैले; **बाला=**बाल भन्दछन् ।)

यस्ता संकेत लक्षण भएका व्यक्तिले यो जन्ममा नै दोष दण्ड खप्नुपर्ने भय अन्तराय धेरै हुने, यश कीर्ति हीन हुने, मनुष्यहरूबाट निन्दित हुनुपर्ने



https://dhamma.digital

आदि खराब फल तथा निरर्थकता मात्र प्राप्त गर्छन् । परलोकमा मूर्खहरू जानुपर्ने बाटोले सिधा अपाय लोकमा पुऱ्याउँछ । त्यसैले दुईथरीका अनर्थ हासिल गर्ने सत्व भनेर पनि अर्थ गरिएका छन् । **(द्वे अनत्थे लान्ती'ति बाला ।-द्वे अनत्थे=**दुइ अनर्थहरूलाई; **लान्ति=** हासिल गर्ने हुन्छन्; **इति**=त्यसैले; **बाला**=बाल भनिन्छन् ।) त्यस्ता व्यक्ति जति सुकै जान्ने-सुन्ने भए पनि बुद्धि भएअनुसार, जाने अनुसार असल खराबलाई आचरण गर्ने, विरमण गर्ने नगरिकन भुलेर आचरण गर्ने भई बुद्धिले बाँचेको होइन; श्वास फेरेर मात्र बाँचिरहेको व्यक्ति हो, भनेर पनि व्याख्या गरिएको छ । **बलन्ती'ति बाला** ।- **बलन्ति=** (प्रज्ञा बिना) श्वास फेर्नाले मात्र बाँचिरहेकाहरू हुन्; **इति=**त्यसैले; **बाला**= बाल भनिन्छ ।

**प्रज्ञावान्**

असल विषयको विचार गर्नु, असल कुरा गर्नु, असल काम गर्नु यी तीनवटा प्रज्ञावान् भनी जान्नलाई संकेत लक्षण हुन् । यी तीन लक्षण प्रकट भएका व्यक्तिले उपरोक्त दुवै फललाई प्राप्त गरिलिनसक्ने भएकोले तथागतले यस जन्मको फल, पछिको जन्मका फल दुवैलाई हासिल गर्ने हुनाले **'पण्डित**-प्रज्ञावान' भनी भन्नुपर्ने कुरा तथागतबाट आज्ञा गरिराख्नुभएको हो । साहित्यका साथै अरू विभिन्न शिल्प विद्या जानेको व्यक्तिलाई आफ्नो ठाउँमा केही कारणबस पण्डित भन्ने गरिए पनि उक्त व्यक्तिसँग उपरोक्त तीन लक्षणहरू छैनन् भने **'पण्डितानञ्च सेवना'** अनुसार **पण्डित** भन्न सुहाउँदैन । विशिष्ट रूपले शिल्पविद्या जानेन भने पनि असल, खराब भनी जानी बुझी त्यस अनुसार आचरण गर्ने सत्पुरूषलाई मात्र **पण्डित** हो भन्ने मनसाय हो । यदि शिल्प विद्याले पनि पूर्ण भई आचरण पनि राम्रो भयो भने त उक्त व्यक्ति **पण्डित** शब्दअनुसार पूर्णरूपले परिपूर्ण भएको अर्थ धारण गरिरहेको हुनाले साँच्चै नै आधार भरोसा लिन लायक व्यक्ति भए । उपरोक्त स्वभावहरू अनुसार पण्डितलाई वर्तमान र भविष्य दुइटा परिणाममा ज्ञान गति मुताविक गइरहने हुन् भनी अर्थ उल्लेख गरिराखिएको छ । **(पण्डन्ती'ति पण्डिता । पण्डन्ति**=दुई परिणाममा ज्ञानगतिद्वारा जान सक्ने हुन्; त्यहाँ पुग्न सक्ने हुन् ; **इति**=त्यसो हुनाले; पण्डिता=पण्डित भनिन्छ ।

दुइटा फललाई जान्ने ज्ञानक्रम भएका हुनाले राम्ररी उत्पन्न भइरहेको



https://dhamma.digital

ज्ञान भएका भनेर पनि उल्लेख गरिराखिएको छ । (**सञ्जाता पण्डा एतेसन्ति पण्डिता । एतेसं**=यस व्यक्तिसँग; **सञ्जाता** =राम्ररी उत्पन्न भइरहेको; **पण्डा**=प्रज्ञा; **अत्थि**=छन्; **इति**=त्यसैले; **पण्डिता**=पण्डित भन्दछन् ।

## सत्संगत गर्न योग्य, अयोग्य

लोकमा भय उपद्रव अन्तरायहरू मूर्खहरूको कारणले मात्र उत्पन्न हुन्छन् । पण्डितहरूको कारणले नहुने कुरा तथागतबाट आज्ञा भएको छ । त्यसैले धेरैलाई दुःखदायी भय अन्तराय उब्जाउने मूर्ख, डर मान्नुपर्ने थर्कमान हुनुपर्ने व्यक्ति नै हो । धेरैजनाको सुखसमृद्धि हुने काम मात्र गर्ने सत्पुरूष मनपराउन योग्य हुन्छ । नीति आचार्यहरूले 'विद्याद्वारा सजिएको व्यक्ति भए पनि दुष्टबाट बच्नुपर्छ । मणि धारण गरेको सर्पले डस्दैन भन्ने हुन्छ र ?' भनी भनिराखेका छन् । आगो लागेको घरमा, आगोले घरलाई जलाई, त्यसै घरको सहारामा बस्ने मानिसहरूलाई पनि आगोले जलाउने जस्तै नै बाल मूर्खले आफ्नो गलत दृष्टि, गलत कार्यद्वारा आफूलाई पनि विनाश पारेर आफ्ना अनुयायी मानिसहरूलाई पनि हानी र विनाश पार्दछ । भय-उपद्रव उत्पन्न भई आउने बेलामा असल संरक्षक आरक्षकले जस्तै; अन्धकारमा प्रकाश दिने बत्ती झैं यथार्थ र उचित क्रियाकलाप, वाद दृष्टि भएका पण्डितहरू त आफूलाई र आफ्नो भरोसा लिई बसेकाहरूलाई पनि भय अन्तरायबाट मुक्त गरी सुख दिने गर्दछन् । त्यसैले 'आफूभन्दा श्रेष्ठ, वा आफू समान व्यक्ति प्राप्त गर्न सकिएन भने आफू एक्लैले मात्र आचरण गर्नुपर्छ । किनभने मूर्खसँग मित्रता हुनुले असल गुणांगहरूको अभाव भएकोले नै हो' भनी भगवान्‌बाट देशना भएको धम्मपदको बालवग्गमा उल्लेख भएको छ ।

## पारस्परिक धातु स्वभाव मिल्नेहरू

'सत्वहरू परस्पर धातुस्वभाव मिल्नेहरूसँग मिलेर बस्दछन्' भनी तथागतबाट आज्ञा भएको धातुसंयुत्तमा उल्लेख छ । श्रद्धा नभएका परस्पर; श्रद्धा भएका परस्पर मिलिजुली हुन्छन् । त्यस्तै नै प्रज्ञाहीन, प्रज्ञावान्, अल्सी, उत्साही, अकुशलदेखि लाज मान्ने, अकुशलदेखि लाज नमान्ने, डरपोक, निडर पनि परस्पर मात्र सत्संगत गरी मिलिजुली हुन्छन् ।

धातु भनेको मनसाय, आन्तरिक चरित्र मनोभाव नै हो । उक्त धातु एक अर्कामा सर्ने स्वभाव रहेकोले र एक-अर्कामा मिलिजुलि गर्नको



https://dhamma.digital

लागि सिर्जना गरिदिने प्राथमिक स्वभाव एउटै किसिमको भएकोले त्यसलाई अध्यासय धातु भन्दछन् ।

आयुष्मान सारिपुत्र अत्यधिक प्रज्ञावान् भएकाले वहाँका शिष्यहरू सबै प्रज्ञावान् नै हुनुहुन्थ्यो । ऋद्धिवान आयुष्मान मौद्गल्यायनका शिष्यहरू भने सबै ऋद्धि क्षेत्रमा दक्ष हुनुहुन्थ्यो । तेह्रवटा घुतांगधारी आयुष्मान महाकाश्यप र शिष्यहरू सबैजना पूर्णधुतांगधारीहरू नै हुनुहुन्थ्यो । इत्यादि रूपले राम्रो क्षेत्रमा धातुहरू मिल्नेहरू परस्पर जोडिएर बस्नपुगे जस्तै नराम्रा पक्षमा पनि  आयुष्मान देवदत्तका शिष्यहरू सबै पूर्णरूपले खराब मनसाय भएका थिए । मेत्तिय भूमजक र अस्सजि, पुनब्बसुक भन्ने छ वर्गीय भिक्षुहरूका समूहहरू भने सबै नै पूर्ण दुःशीलहरू थिए । धातु स्वभाव सर्ने, मिल्ने हुनाले छोरा-छोरीहरू, शिष्य शिष्याहरू दक्ष र असल हुने विषयमा आमा-बाबु, गुरू, आचार्यहरू सत्पुरूष हुनु र छरछिमेकी, साथी भाइहरू सुशिक्षित भएकाहरू हुनु अत्यावश्यक छ। यदि बाध्यतावश मूर्ख आमा-बाबुहरू, गुरूआचार्यहरूसँग संयोग भइरहनुपर्ने अवस्था र मूर्खहरूसँग संयोग भइरहनुपर्ने किन नहोस् धातुस्वभाव नसर्ने गरी विशेष होश गर्नु योग्य छ । असल धातु स्वभाव सर्न धेरै बेर लागे पनि खराब धातु स्वभाव भने चाँडै तुरन्तै सर्न सक्दछ । तथागतले 'हीनसँग संगत गरेमा आफू पनि हीन हुन्छ; समानसँग संगत गरेमा हानी हुँदैन; उच्च श्रेष्ठसँग संगत गरे भने चाँडै उन्नति र श्रेष्ठ हुन्छ' भनी भगवान्ले आज्ञा गर्नुभयो । (अंगुत्तर प. सेवितब्ब सुत्त १२३ ।)

आयुष्मान आनन्दले असल साथी वा कल्याणमित्र मार्ग भनेको ब्रह्मचर्यका लागि आधा भन्दा बढी महत्वपूर्ण भएको कुरा निवेदन गरेको अवस्थामा 'आनन्द, त्यस्तो नभन्नू' भनी दुइपल्टसम्म रोकेर कल्याणमित्र भनेका ब्रह्मचर्यको निम्ति सम्पूर्ण नै हो भनी महत्वपूर्ण कुरा आज्ञा गर्नुभयो । (कोसल संयुत्त कल्याणमित्त सुत्त ८८ ।)

## अकित्ति ऋषिको प्रार्थना

बोधिसत्व अकित्ति पण्डितलाई शक्र देवेन्द्रले चाहेको वरदान माग्नको निम्ति निवेदन गर्दा 'मूर्खलाई हेर्न नपरोस्; संगत गर्न नपरोस्; मूर्खसँग कुरा गर्न नपरोस्' भन्ने वरदान मागे । के कारणले मूर्खलाई हेर्न नचाहेको, संगत गर्न नचाहेको नि ? भनी सोध्दा सो ऋषिले जवाफ दिएको ढंग कस्तो हो



https://dhamma.digital

भने 'मूर्खले सही पद्धति नभएको, बाङ्गो बाटोलाई, आचरणलाई सही पद्धति, सही मार्ग भनी धारण गरिरहन्छ, आचरण गरिबस्छ। गर्न अयोग्य अभिभारमा प्रेरणा दिन्छ। खराब पद्धतिहरू उसको लागि उसलाई राम्रो लाग्दछ। कारण कार्य सहि रूपले बताउँदा रिसाउँछ। आचरण गर्नुपर्ने विनयलाई बुझ्दैन, आचरण गर्दैन। त्यस्ता मूर्खलाई हेर्न नपरेको र नभेटिनु नै बेस।' भन्ने थियो।

फेरि प्रार्थना गरेको ढंग कस्तो हो भने 'पण्डितलाई मात्र देख्न चाहन्छु, संगत गर्न चाहन्छु, पण्डितसँग मात्र कुरा गर्न चाहन्छु।' भनेका थिए। कारण सोध्दा 'पण्डितले यथार्थ पद्धति, सही मार्गको आचरण गर्न जान्दछ, गर्न अनुचित अभिभारमा प्रेरणा दिन खोज्दैन। सही पद्धति मात्र पण्डितका निम्ति श्रेष्ठ उत्तम हुन्छ।, कारण कार्य सही रूपमा देखाई बोल्दा रिसाउँदैन। विनय नियम बुझ्दछन्, आचरण गर्न जान्दछन्। त्यस्ता पण्डितसँग संगत गर्नु राम्रो हुन्छ, बेस हुन्छ।' भनी उत्तर दिए। (जातक पालि प. अकित्ति २६६)

**सत्तिगुम्ब**

मूर्खहरू र विद्वानहरूसँग संगत गर्न पाउँदा तिरश्चीन पशु-पंक्षीहरू समेत मूर्ख र पण्डितमा रुपान्तर भएको स्वभाव देखाउनको लागि वीसतिनिपात सत्तिगुम्ब जातक उल्लेख गरी देखाउनेछु। धेरै धेरै पहिले एउटा घना जंगलको सिम्बली वनमा सुगाहरू बसिरहेकोमा एकदिन तीव्र चलेको बतास (हुरी) ले भरखर भरखर प्वाँख उम्रनथालेका दुईटा सुगा दाजुभाइलाई दुइतिर उडाएर लग्यो। एकजना ऋषि आश्रममा फुलबोटको बीचमा खसेकोलाई पुप्फक नाम राखेर ऋषिहरूले पालेर राखे। अर्को भने चोर डाँकाहरूको गाउँमा शस्त्र अस्त्रको बिचमा खसेकोलाई चोरहरूले सत्तिगुम्ब भन्ने नाम राखेर पालेर राखे।

पञ्चाल राजा वनविहारका निम्ति निस्कँदा बाटो नाघेर चोरहरूका गाउँको नजिक भिरालोनिर पुग्दा रथका सारथिसँगै रथबाट ओर्लेर नुहाइधुवाइ गरिसकेपछि विश्राम लिइ निदाइरहे। चोरहरू पनि राजा भनी चाल पाएर छलेर बसिरहँदा सो गाउँमा त्यही सुगा र एकजना पाले मात्र बाँकी रह्यो। सत्तिगुम्बले पालेलाई राजालाई मारेर बस्त्र अलंकारहरू फुकाली लिई रूखका पातले छोपिराख्न विचार (सल्लाह) दिंदा राजा भएकालाई त्यसो गर्न नहुने कुरा पाले बसेकाले भने। सत्तिगुम्बलाई चित्त बुझेन। 'तपाँईले पहिले



https://dhamma.digital

लापरवाही छाँटले मर्मुरिएर बसी हाम्री आमा (चोरनाइकेकी पत्नी) वस्त्र नपाएर रूख पात गाँसेर लुगा लगाउनुपरेको बेलामा मात्र चोरीलाई घृणा गरेको हो कि ?' भनी गाली गऱ्यो । पातलो निन्द्रामा रहेका राजाले त्यो कुरा सुन्दा 'यो ठाउँ त भय उपद्रवरहित छैन रहेछ' भनी सारथिलाई छिटो-छिटो रथमा घोडा जोत्न लगाई रथ हाँक्न लगाए । सत्तिगुम्ब एउटा रूखबाट अर्को रूखमा उड्दै 'चोरहरू कहाँ छन् हाँ; पञ्चालराजा गइसके; धनुष, वाण, भाला उठाऊ; पञ्चालराजाको प्राण छोड्नहुन्न; भन्दै निरन्तर चिच्याई प्रेरणा दिइरह्यो । राजा त्यहाँबाट ऋषि आश्रममा पुग्दा त मनमा नचिताएको दृष्य देखे ।

## पुप्फक सुगा

ऋषि आश्रममा भरेको पुप्फक सुगाले राजालाई देख्नासाथ नरम र मधुर स्वरमा कुशलवार्ता गरी स्वागत गर्न आयो । 'महाराज ! हजुर यहाँ सवारी भएको साह्रै राम्रो भयो । हजुरलाई चाहिएको आज्ञा होस् । यी फलफूलहरूमध्ये राम्रा राम्रा छानी सेवन गर्नुहोस् । पर्वतको खोँचबाट उघाइल्याएको यो अति चिसो र निर्मल पानी पनि खानुहोस् । उहाँ ऋषिहरू फलफूल खोज्न गइरहनुभएका छन् । मसँग पनि हात नभएकोले हजुरले नै स्वयम् लिएर सेवन गर्नुहोस् ।' भनेर सुगाले स्वागत गर्न आएको ढंग देखेर अति प्रसन्न भएर यस सुगाको धर्म परिपूर्ण भई सुसभ्य र सुशिक्षित भएको स्वभाव र अघि भेटेको सुगाको निर्दयी, दुष्ट र कडा स्वभाव बताए ।... उक्त अवस्थामा पुप्फक सुगाले 'महाराज, हामी दुवै एउटै आमा-बाबुका सन्तान दाजुभाइ हौं । ऊ सत्तिगुम्ब चोरहरूकहाँ पुग्यो, म ऋषिहरूकहाँ पर्न गएँ । दुष्टहरूकहाँ पुगेको र सत्पुरूषकहाँ पुगेकोले नै हामी दुइजनाका स्वभावमा फरक भएको हो । चोरहरूबाट मार्नु, बाँध्नु, ढाँट्नु, जबरजस्ति गरी लुट्नु जस्ता नराम्रा काम कुरा मात्र सिक्न पाइन्छन् । यस ऋषि आश्रममा त सत्य, सुचरित्र, धर्म, मैत्री, शील, इन्द्रीय-संयम गर्नु जस्ता राम्रा काम कुराहरू मात्र सिक्न पाइन्छ, भनेर बताइसकेपछि राजालाई फेरि उपदेश दियो ।'

## पुप्फक मैनाको उपदेश

महाराज, सत्पुरूष, असत्पुरूष, शीलवान् दु:शील आदि जस्तो जस्तोको संगत र सेवन गरिन्छ; उनीहरूकै इच्छा र आकांक्षा अनुसार चल्नु स्वाभाविक



https://dhamma.digital

कुरा हो । जस्तोलाई साथी बनाइन्छ; शरण गइन्छ, संगत गरिन्छ; उक्त व्यक्ति पनि उनीहरू जस्तै हुन्छ । संगसाथ बास गर्नुमा त्यस्तो स्वभाव हुन्छन् । विष लेपिएको वाणले गर्दा त्यो वाण राखिने वाणधि (ठोक्रो) मा पनि विष लागेझैं सेवन गर्न अयोग्य गुरूको सेवन गर्ने शिष्यमा खराब कर्म लागेर लेपिएर वा घसिएर बस्नुपर्ने हुनाले त्यो लाग्नु, लेपिनुबाट डराउने व्यक्ति खराब साथिको संगतमा लाग्न हुँदैन । कुहेको माछा दूबोघाँसले पोको पारेमा दूबो घाँस पनि कुहेको गन्हाए झैं मूर्ख सेवन गरे भने आफू पनि मूर्ख होइन्छ । चम्पक फूल पातमा पोको पारिए भने पात पनि मगमग बास आउने जस्तै प्रज्ञावानको सेवन गर्नुले पनि त्यस्तै हुन्छ । यसरी पात झैं आफूमा सर्ने कुशल, अकुशल फललाई जानेर मूर्ख र दुष्टदेखि टाढा बसी प्रज्ञावानको मात्र सत्संगत गर्नु उचित छ । दुष्ट र मूर्खहरू नर्कगामी हुने भएकोले सत्पुरूषहरू सुगतिगामी हुन्छन् । (जातक पाली प. सत्तिगुम्ब ३२८)

यस पुष्फक सुगाको उपदेशमा मूर्खको संगत गर्नाको दोष, प्रज्ञावान, सुशिक्षितको संगत गर्नाको फललाई राम्ररी पूर्ण हुने गरी उल्लेख गरिराखेको हुनाले प्रसन्न हुनलायक छ । उक्त उपदेशलाई गौरव राख्ने हिसाबले आफ्नो सुख समृद्धिको कामना गर्ने सबैले मूर्खबाट टाढा भई पण्डितको संगत गर्न योग्य छ ।

**मङ्गल**

अरूहरूलाई दु:ख हुने कारण सृजना गर्ने व्यक्ति मूर्ख हुन्छ, यो जन्ममा र पछिको जन्ममा पनि अनर्थ हुने भएकोले, मूर्खको संगत गर्नु अमंगल मात्र भई सो मूर्खबाट विरमण (अलग हुने) गर्दा विभिन्न अनर्थबाट मुक्त भई सुख हुने कारण भएकोले मङ्गल हो । सत्पुरूषको संगत गर्ने व्यक्ति आफू पनि सत्पुरूष हुनपाएकोले यो जन्ममा पनि र अर्को जन्ममा पनि भय रहित, उपद्रव रहित भई सुखद् फलको अनुभव गर्न पाइने भएकोले पण्डितको सेवन गर्नु असल मङ्गल हो । मूर्खको संगत गर्ने, पण्डितको संगत नगर्ने व्यक्तिमा बताउन लागेको मङ्गलहरूमध्ये कुनै पनि मङ्गल पूर्ण हुन सक्दैन । यी दुइटा मङ्गल सबै मङ्गलहरूको पृष्ठभूमि भएकोले भगवान्ले पहिले बताउनुभएको हो ।



https://dhamma.digital

## पूजनीय व्यक्तित्व

**पूजनं अरहन्ती'ति पूजनेय्यो ।-पूजनं**=पूजा गर्नलाई; **अरहन्ति**=योग्य छ; **इति**=त्यसैले **पूजनेय्यो=**पुजनेय्य भन्दछन् । **'पूजना'** पदको पछाडि **'अरहन्ति'** अर्थमा **'णेय्य'** प्रत्यय लागू गर्नुपर्छ। **पूजनीय** भन्ने प्रयोग पनि छ। **'अनीय'** प्रत्ययद्वारा सिद्ध हुन्छ। **'अरह'** अर्थमा लागू हुने अनीय प्रत्यय भएर पूजा गर्न लायकहरू भन्ने नै अर्थ रहेको छ।

**दक्खिणेय्य=** उत्तम दान ग्रहण गर्न योग्य व्यक्तिलाई दान दिंदा दातालाई ठूलो फल प्राप्त हुन्छ । दान दातालाई महत्फल पाइने गरी दानग्राहकमा गुणहरू रहेका छन् भन्ने अभिप्राय रहे झैं पूजा गर्न योग्य व्यक्ति भन्दा पनि पूजा गर्नेले फल अनुभव गर्न पाइनेछ । पूजा गर्नेहरूले फल अनुभव गर्न पाउने गरी पूजा गरिने उक्त व्यक्तिसँग गुणहरू रहेका छन् भन्ने नै अभिप्राय छ । ती पूजा गर्न योग्य भन्नाले त्रिरत्न, आमा-बाबु, गुरू-आचार्य, दाजु, दिदी, काका-काकी, मामा-माइजु, फुपु-फुपाजू आदि आफन्तहरूमा जेठा ससुरा, सासु, श्रीमान आदि हुन् । त्रिरत्नमा श्रद्धाराखी, क्लेशमुक्त भई परिशुद्ध हुनु आदि पूजा गर्न योग्य गुणहरू पाइने जस्तै आमा-बा, गुरू आचार्यहरूमा पनि वयोवृद्ध गुण, उपकार गुणहरू रहेका छन् । आमा बाबुका उपकार गुण विशेष त भनिरहनु पर्दैन; धेरै विशाल छ । अरू दाजु, दिदी आदि हरूले पनि आफूलाई रेखदेख, लालन-पालन गर्ने, खानपिन गराउने, सम्झाइ-बुझाइ गरी बाटो देखाउने गरिरहने उपकारक नै हुन् ।

## पूजा गर्नुको फल

पूजा गर्न योग्यहरूलाई पूजा गर्नाको कारणले वर्तमान दृष्टान्त जीवनमा दीर्घायु हुनु आदि फलहरू र भावी जीवनमा सुगतिभूमिमा पुग्न पाउनु जस्ता फलहरू प्राप्त हुनसक्छन् । अवश्य हो, चक्कवत्ति सुत्तमा-आमा-बाबुको सेवा गर्नेहरू,आफन्तहरूमा जेष्ठ ठूला-बडाको पूजा सत्कार र गौरव राख्नेहरूलाई आयु, वर्ण, सुख, बल र प्रज्ञा यी ५ पाँच तत्वको अभिवृद्धि हुने कुरा बताउनुभएको छ । पूजनीयहरूको पूजा गर्ने युगमा कनिष्ठहरूको चेतना, मैत्री, ठूलाहरूको मैत्री, करूणा, धातुको प्रभाव वृद्धि हुने गर्दछ । ती धातुहरूले बाहिरिक स्थितिलाई पनि प्रभावित गर्नु स्वभाविक हुनाले ऋतु-मौसम अनुकूल नियमित हुनु, हावापानी स्वभाविक हुनुले खेती, बालीनाली सप्रेर खाद्यपदार्थमा



https://dhamma.digital

ओजा शक्ति पूर्ण हुने गर्दछ । त्यसबाट त्यस युगका मानिसहरू निरोगी हुने भएकोले दीर्घायु हुन्छन् । रूप-लावण्य राम्रा हुन्छन् । शरीर र मन दुवै सुखी हुन्छन् । बलशक्तिले सम्पन्न हुन्छन् । शरीर र मन दुवै सुखी निरोगी हुनाले प्रज्ञा पनि वृद्धि हुन्छन् । त्यसैले पूजनीयहरूलाई पूजा गर्नु विश्वका मानव जातिहरूको वृद्धि समृद्धिको एउटा कारण हुनाले मङ्गल भन्नुपर्दछ ।

**पूजाको स्वरूप**

**'पूजा'** को स्वरूप अनुसार **आमिस पूजा** (= भौतिक वस्तुद्वारा गरिने पूजा) र **प्रतिपत्ति पूजा (=**आचरणद्वारा पूजा गर्नु) भनी दुई थरी छन् । पटिपत्तिपूजालाई **'धम्म पूजा'** पनि भन्नुपर्छ । **पूजाति सक्कारगरूकार मानन वन्दना**=पूजा भनेको सत्कार गर्नु, गौरव गर्नु, मान राख्नु, वन्दना गर्नु हो भनी अर्थकथामा उल्लेख गरिएको छ । भोजन, खाने-पिउने, फूल, जल, बत्ती आदि आमिसद्वारा पूजा गर्नु पनि सत्कार गर्नु, गौरव गर्नु मान गर्नु नै हो । आचरण प्रतिपत्तिलाई आचरण गर्नु पनि तथागत आदिहरूप्रति सत्कार गर्नु, गौरव गर्नु, मानगर्नु नै हो । गुरू आचार्य, आमा-बाबुहरूको अववाद उपदेश नसुन्ने हरुले आचार्य आमाबाबुहरूलाई मान गरेको ठहर्दैन । अववाद उपदेश अनुसार भनेको मान्ने मात्र गुरू आचार्य आमा-बाबुप्रति सत्कार गर्ने, गौरव राख्ने, मान राख्ने हुन्छ । त्यस्तै नै तथागतका अववाद उपदेश प्रतिपत्तिलाई पालन गरी आचरण गर्ने, तथागतलाई सत्कार गर्ने, गौरब राख्ने, मान राख्ने भई पूजागर्नु नै हो । यहाँ **'वन्दना'** भनेको हात शिरमा बिसाई नमस्कार गर्नु, नमस्कार भनी वचन प्रकटगर्नु मात्र होइन, प्रतिपत्ति 'पूजा' लाई पनि **'वन्दना'** नै भनुपर्छ । **'वन्दना'** भनेको **गुण भिन्नता** (= गुणमा नतमस्तक हुने भएकोले आचरणलाई आचरण गर्ने व्यक्ति बुद्ध-गुणमा नुहेको नै भयो । गुणमा ननुहेकोले धर्मलाई कहिले आचरण गर्ला र ? त्यसैले धर्म आचरण गर्नु बुद्धवन्दना गर्नु एउटै कुरो हो भन्नुपर्छ ।

गोतमी थेरीगाथा - मा 'नित्य उद्योग र प्रयत्न पूर्वक अभ्यास गरिरहेका दृष्टि तथा शील समान भएका श्रावक बुद्धहरूलाई देख्न-हेर्न पाउँदा यो दर्शन बुद्धहरूको वन्दना नै हुन्छ' भनिएको छ । सम्यकसम्बुद्ध, श्रावक बुद्धहरूको लोकुत्तर धर्मलाई साक्षात्कार गरी थाहापायो भने ती बुद्धहरूका धर्मगुणमा नुहेको हुनाले वन्दना हुन्छ भन्ने भावलाई अर्थकथा अनुसार जान्न सकिन्छ । यस तथ्यद्वारा मार्गफल लाभ हुनु, निर्वाणलाई दृष्टान्त देख्नु वन्दना मध्यमा सर्वोत्तम वन्दना भनी जान्न सकिन्छ ।



https://dhamma.digital

## उत्तम पूजा

परिनिर्वाण हुने शय्यामा लेटिरहनुभएका बुद्ध तथागतले उक्त अवस्थामा देव ब्रह्माहरूबाट अतिशय रूपमा गरिएको पूजाढंग देख्नुहुँदा आयुष्मान आनन्दलाई 'आनन्द, म तथागतलाई यति पूजा गर्दैमा पूजा गरेको ठहर्दैन, लोकुत्तर धर्म नौवटा लाभका कारण रहेको उत्तम धर्मलाई आचरण गर्नुद्वारा पूजा गरे मात्र सर्वोत्तम पूजा गरेको हुन्छ' भनी बताउनुभयो । (दी. २-११४)

कहिले काहीं तथागतले एकथुँगो फूल मात्र दानलाई पनि अति अति प्रशंसा गरी बताउनुभयो। अहिले भव्य र विशाल रूपमा गरिएको पूजालाई पनि निम्नस्तरको भन्नुभएकोमा शासनको भविष्यको निम्ति रहेछ। चीजवस्तुहरू, विहार, पुष्करणीहरू जति नै दान गरे पनि तिनमा शासनलाई चिरकालसम्म स्थिर राख्नको लागि सामर्थ्य हुँदैन; आचरण गरेर मार्गफल लाभीहरू निरन्तर वृद्धि भएमा मात्र शासन चिरस्थायी भइ स्थिर भइरहनसक्छ। त्यसैले अनागत कालमा शासन चिरस्थायी बनाउनको निम्ति उद्योग गराउने मनशायले धर्म-पूजालाई यतिसम्म प्रशंसा गरी उच्च पारी बताउनुभएको हो ।

## बुद्धका प्रशंसा पात्रहरू

'तथागत चार महिनापछि परिनिर्वाण हुनलाग्नुभएको छ' भनी थाहापाउँदा धेरै भिक्षुहरू शोक-परिदेव गरिरहे । उनीहरू कसरी, के गर्नुपर्ला भनी विचार गरी छलफल गरी बुद्धको समीपबाट टाढा जानै सकेनन् । अत्तदत्थ, तिस्स, धम्मारामो- तीनजना भिक्षुहरू भने ' तथागत परिनिर्वाण हुन लाग्नुभयो; हामीमा पनि आश्रव-क्षय भएको छैन; तथागत अस्तंगत नहुँदै आश्रवक्षय हुनेगरी उद्योग गर्नुपर्ला' भनी अलग-अलग छुट्टिएर भावना धर्ममा मात्र उद्योग र अभ्यास गरिरहे। भिक्षुहरूले ती भिक्षुहरूले तथागतलाई वास्ता गरेनन्, हेरविचार गरेनन् भनी बिन्ती गर्दा तथागतले उनीहरूलाई बोलाई सोध्नुहुँदा कारण थाहाभएपछि प्रशंसा गर्नुभयो । 'म तथागतलाई आमिसपूजाद्वारा पूजा गर्दैमा म तथागतप्रति स्नेह गरेको हुँदैन। धर्मपूजाद्वारा पूजा गरेमा मात्र म तथागतप्रति स्नेह गरेको हुन्छ' भनी आज्ञा गर्नुभएको कुरो धम्मपद अट्ठकथा मा उल्लेख रहेको छ । त्यसैले आफ्नो शासन चिरस्थायी गर्नको लागि, आफ्ना शिष्य श्रावकहरू सुखी समृद्ध गर्नलाई तथागतले मन पराउनुभएको धर्मपूजा भन्ने सर्वोत्तम पूजाद्वारा पूजा गरी बुद्ध श्रावकहरू



https://dhamma.digital

साँच्चैको बुद्धशासनिक हुनसक्नलाई उद्योग गर्नुपऱ्यो । (धम्मपद ट्ठ. २-१०२-१७३-६६४)

**१५) पतिरूपदेसवासो च, पुब्बे च कतपुञ्ञता ।**
**अत्तमसम्मापणिधि च, एतं मङ्गल मुत्तमं ।**

१५) **देवपुत्त**=भो देवपुत्र; **यो पतिरूपदेसवासो च**=जुन योग्य अनुकूल भएको देशमा वास गर्नु; **पुब्बे=**पहिले पहिलेका जन्ममा; **या कतपुञ्ञता च**=जुन गरिआएको पुण्य रहेको भाव र; **यो अत्तसम्मापणिधि च=**जुन शरीर र मन दुवैलाई ठीकसँग लगाउनु; **अत्थि**=रहेका छन्; **एतं**=यी तीनैवटा धर्म; **उत्तमं**=उत्तम किसिमको; **मङ्गल**=मङ्गल हुन् ।

## भावार्थ

भो देवपुत्र, अनुकूल देशमा बास गर्नु; पहिले पहिलेका जन्ममा गरिएको पुण्य हुनु; शरीर  र मन दुबैलाई स्थीर बनाउनु; यी तीनवटा उत्तम मङ्गल हुन् ।

## अनुकूल देश

आफ्नो अर्थ परिहानी हुने ठाउँ; अनर्थ हुने ठाउँहरू बास गर्नलायक अनुकूल देश होइन । अर्थ, हित विकास हुने ठाउँ, उन्नति वृद्धि हुनसक्ने ठाउँ मात्र बस्नलायक बस्नयोग्य अनुकूल देश हुन्छ । बुद्ध-शासन विकास भइरहेको समयमा प्रत्येक व्यक्तिहरूको निम्ति सर्वश्रेष्ठ भएको वास्तविक हित र अर्थ मार्ग, फल र निर्वाण नै हो । मार्ग, फल र निर्वाणसम्म पनि लाभ गर्दैन; लाभ नभए पनि उक्त मार्ग, फल र निर्वाणमा पुग्ने कारण पुण्यकर्म नै हो । त्यसैले सर्वश्रेष्ठ फल अभिवृद्धि हुनसक्ने देश वा ठाउँलाई मात्र **पतिरूप** को रूपमा अर्थकथामा नियमित गरी देखाइ राखिएको छ । उक्त देशहरू त चार परिषद प्रकटरूपमा भएको देश, पुण्य क्रिया वस्तु कुशल कर्म गर्न सकिने देश, शासन वृद्धि भइरहेको देश र मध्यम देश आदिहरू हुन् ।

## लौकिक हितार्थ

उपरोक्त अर्थकथा अनुसार **पतिरूप-देश** धार्मिक अवस्थालाई महत्व दिई व्याख्या गरिराखेको हो । लौकिक हितको निम्ति पनि पतिरूप छ, वा छैन; रोज्नु, परिक्षण गर्नु बाकी छ । आर्थिक, शैक्षिक, स्वास्थ्य, सुख शान्ति,



https://dhamma.digital

मनोरमता आदिमा उपयुक्त भए, नभएको देश पनि रहेको हुनाले अवस्था हेरी हेरी बास गर्न उचित भएका वा नभएका देशहरू रहेकै छन् । आफ्नो कामधामसँग अनुकूल नभएको देश आर्थिकको निम्ति अनुकूल नभएको देश भयो । स्कूल नभएको, गुरूहरू नभएको देश भएमा शैक्षिक अवस्थाको निम्ति बस्न अयोग्य देश भयो । ऋतु-मौसम गतिलो नहुनु, डाक्टर-वैद्य अभाव हुनु आदि कुराहरू स्वास्थ्यको निम्ति बस्न अनुपयुक्त देशहरू पनि छन् । चोर, डाँका बदमासहरू धेरै भएको ठाउँ सुख-शान्ति मनोरमता अभाव हुनसक्ने भएकोले बस्नु अनुपयुक्त छ । त्यसैले शासन उन्नति भई शिक्षा, सम्पत्ति स्वास्थ्यआदि परिहानी नभएको विकास वृद्धि समृद्धि हुनसक्ने देश पतिरूप देश हुन्छ ।

## नीतिको भनाई

नीतिकारहरूले 'जुन ठाउँमा मानसम्मान गर्नेहरू छैनन्; जीविकोपार्जनको निम्ति कामधन्दा छैन, आफन्त इष्टमित्रहरू छैनन्, शिक्षा लाभ हुँदैन, त्यो देशलाई त्याग गर्नुपर्छ' भनिराखेका छन् । 'धनीमानि, वेदज्ञ, राजा, नदी, वैद्य नभएको देशमा बस्नहुन्न' पनि भनिराखेका छन् । फेरि ' जीवन निर्वाहको बाटो, भय लिन जान्नु, लज्जा मान्न जान्नु, बुद्धि विवेक हुनु, दान वा त्याग गर्ने यी पाँचतत्व नभएको देशमा बस्न हुन्न' भनिएको छ । त्यस्तै 'ऋण दिने, बैद्य, वेद जान्ने, पानी भएको नदीनाला यी चारतत्व नभएको देशमा बस्नहुन्न' पनि भनिएका छन् । यी सबैलाई सारांशमा हेरेमा उपरोक्त आर्थिक, शैक्षिक, स्वास्थ्य, सुख सुविधा नभएको देशमा बस्नहुँदैन नै भनेको हो ।

## मङ्गल हुन्छ, हुँदैन

योग्य देशमा बास गर्नु लौकिक र धार्मिक दुवैतिरबाट उन्नति, विकास र अभिवृद्धि हुने भएकोले मङ्गल हो । तर पतिरूप देशमा बसे पनि लाभ हुनपर्ने अर्थ लाभ नभएको व्यक्तिलाई मङ्गल भयो भन्न मिल्दैन । कोही व्यक्ति शासन पनि समुज्ज्वल भएको, लौकिक क्षेत्रमा पनि अनुरूप भएको देशमा बस्न पाएर पनि आफू मूर्ख, बदमास, अल्छी भएकोले लौकिकपक्षमा पनि केही फाइदा पाएन, धार्मिक पक्षमा पनि केही विकास भएन भने उसको लागि नाम मात्र **पतिरूप देसवास** भई मङ्गल भइरहेको छ भन्न त सुहाउँदैन । मङ्गल भनेको



https://dhamma.digital

असल फल लाभ हुने क्रियाकलापको नाम हो । अङ्गुत्तर निकायमा मार्ग लाभको अवसर नभएको अक्षण ८ वटा बताइएकोमा जस्तै- नर्क, तिरश्चीन, प्रेत, असंज्ञासत्व, जंगली मानिसहरू, मिथ्यादृष्टि, प्रज्ञाहीन र बुद्धोत्पन्न नभएको समय हुन् । तिनमध्ये मिथ्यादृष्टिक, प्रज्ञाहीनहरूमा पतिरूप देशमा नै भए पनि मार्ग लाभ नुहुने भएकोले देश मात्र होइन कि व्यक्ति पनि त्यस्ता अर्थ प्राप्तिको निम्ति पतिरूप भएको नभएको भन्ने तथ्य छँदैछन् ।

**नर्क, तिरश्चीन, प्रेतभव; असंज्ञासत्व र जंगली ।**
**मिथ्यादृष्टि, प्रज्ञाहीन; छैन उत्पन्न बुद्ध पनि ।**
**मार्ग लाभको मौका छैन; आठ अक्षणहरू यी भए ।**

## लाभ हुनु पर्दछ

तथागत श्रावस्ती नगरको उत्तर ढोकाको नजिक रहेको गाउँमा भिक्षाटनबाट फर्किंदा भेटिएका एउटा मछुवासँग नाम सोध्नुहुँदा उसले अरिय (आर्य) भनेर उत्तर दियो । त्यसबेला सत्वहरूलाई शास्ति गर्ने अरिय हुननसक्ने कुरा; सत्वहरूलाई सास्ति नगरिकन नमारीकन, दयामाया गर्न जान्नेलाई मात्र अरिय (आर्य) भनिने कुरा बताउनुभएको अवस्थामा त्यो मछुवा अरिय स्रोतापन्न  भयो भनी धम्मपद अट्ठकथा मा वर्णन गरिएको छ । यहाँ अरियले मछुवा भएर पनि पतिरूप देशमा बस्न पाएकोले भएको लाभलाई विशेषरूपले अनुभव गर्न पायो । (धम्मपद ट्ठ.२-२५१)

आयुष्मान देवदत्त र कोही कोही छवर्गी भिक्षुहरू उच्च श्रेणीका भिक्षुहरू भएर पनि मार्गफल लाभ भएनन्, परिहानी सहेर बसेको मात्र नभई आगामी जीवनको निम्ति पनि अनुकूल नहुने गरी दुःख भोग्नुपर्ने बनेर पतिरूप देशमा बसिरहनुको लाभ उनीहरूले अनुभव गर्न सकेनन् । यी तथ्यहरूबाट पतिरूप देशमा उत्पन्न भइरहेकाहरूले आआफूलाई प्राप्त भइरहेको मौकासँग अनुकूल बन्नको लागि उद्योग गर्नको लागि सचेत गरिरहेको छ ।

## पुब्बे च कतपुञ्ञता

यस जन्ममा धन सम्पत्ति सम्पन्न हुनु, विद्वान हुनु, रूपलावण्य सुन्दर हुनु, अधिकारयुक्त हुनु, परिवार धेरै हुनु आदि सम्पत्ति (=परिपूर्णता) सबै नै पहिलेका कुशलकर्मले पाइने रहेछन् । यी विषयहरू बाहेक, एकथरी होस् वा धेरैथरी त्यस्ताबाट सम्पन्न व्यक्ति त पुण्यवान नै ठहर्दछन् । दुःखी-दरिद्र हुनु,



https://dhamma.digital

बुद्धिहीन मूर्ख हुनु, रूप लावण्य नराम्रो हुनु, अर्काका नोकर-दास हुनु आदि पुण्यकर्म हीन भएको शोभाहीन कर्महरू हुन् । उपरोक्त सम्पत्तिहरू साँच्चै नै श्रीशोभा नै भएकाले उक्त सम्पत्तिका मालिक रहेका व्यक्तिहरू श्रीशोभायुक्त व्यक्ति भएर बस्न पाउँछन् । यहाँ **'श्री'** केलाई भनेको हो भनी बताउने अवसर आयो ।

## सिरी (श्रीशोभा)

'श्रीशोभा' भनेको पाली भाषाको **'सिरी'** भएकोले उक्त सिरी पदलाई **'सिरी'ति पञ्ञा पुञ्ञानं अधिवचन'न्ति वदन्ति=**सिरी भनेको प्रज्ञा र पुण्यको नाम हो' भनी आचार्यहरूले व्यक्त गरिराखेका छन्; भनी मूल टीकामा उल्लेख गरिराखेको छ । पुण्य भनेकोमा पहिलेको जन्मको पुण्य र यस जन्मको पुण्य दुवैलाई मान्न सकिन्छ । यस जन्ममा नराम्रो बोली वचन, काम र मनोवृत्ति भएका व्यक्ति श्रीशोभा हीन नै भयो । राम्रो काम, कुरा र मनोवृत्ति भएका पुण्यवान व्यक्ति श्रीशोभा युक्त नै भयो । श्रीशोभा मङ्गल भनी जोडेर भन्ने चलन भएकोले यस मङ्गल सूत्रमा उल्लेख भएको मङ्गल युक्त भएका व्यक्ति श्रीशोभायुक्त व्यक्ति नै हो ।

## श्रीको अर्को अर्थ

आचार्यहरूको भनाईमा पुण्य भनेको **कारण वोहार** (= कारण व्यवहार) मात्र हो; **सिरी** भनी मुख्यरूपले ग्रहण गर्नलाई उक्त पुण्यका कारणले उत्पन्न भइआएको सम्पत्तिहरू मात्र हुन् भन्ने धारणा अनुसार सिरि अर्थलाई फेरि अर्को एक तरिकाबाट उल्लेख गरी देखाउन चाहेकोले अथवा **'पुञ्ञनिब्बत्ता सरीरसोभग्गादिसम्पत्ति कतपुञ्ञे निस्सयति, कतपुञ्ञेहि वा निस्सीयतीति सिरीति वुच्चति'** भनी मूलटीकामा वर्णन गरिएको छ। - **अथवा**= अर्को तरिकाले; **पुञ्ञनिब्बता**= पुण्यको कारणले उत्पन्न हुने, **सरीरसोभग्गादिसम्पत्ति**=शरीर शोभायमान हुनु आदि सम्पन्नतालाई; **कतपुञ्ञे निस्सयतीति**=पुण्य गरिआएको व्यक्तिको सहारा लिनजान्ने भएकोले, **कतपुञ्ञेहि वा निस्सीयतीति=**अथवा पुण्य गर्नेहरूले सहारा लिनुपर्ने भएकोले, **सिरीति वुच्चति**=सिरी (श्री) भनी भन्नुपर्छ । (मूल टी १-९)

यस भनाई अनुसार पहिलेका पुण्यको कारणले उत्पन्न हुने शरीर शोभायमान हुनु, अधिकार प्राप्त हुनु, परिवार धेरै हुनु, सम्पत्ति धेरै हुनु, विद्वान



https://dhamma.digital

हुनु, आदि विभिन्न सम्पत्तिलाई **'सिरी'** भनी भन्नु पर्दछ । लोकमा व्यक्तिसँग धर्म हुनाले धर्मले व्यक्तिको सहारा लिइ रहेको छ र व्यक्तिले धर्मलाई एउटा आधार भरोसा बनाउनु पर्ने भएकोले व्यक्तिले धर्मको आधार लिनुपर्ने रहेछ भन्नुपरे जस्तै यहाँ पनि सिरीलाई व्यक्तिसँग आधार लिने, व्यक्तिले आधार लिनुपर्ने स्वभावको रूपमा दुइथरी रहेको बताइसकेँ ।

**सिरी**- लाई **यस विभव**=यश र वैभव भनी, **पुञ्ञ=**पुण्य भनी, **परिवारसम्पत्ति**=परिवार सम्पत्ति भनी, **इस्सरिय**=अधिकार सम्पन्न हुनु भनी र, **पभा**= प्रभा इत्याादि भनी क्षेत्र अनुसार अट्ठकथा मा वर्णन गरिएको देखिन्छ । ती वर्णनहरू अनुसार सम्पत्तिहरू मात्र भएकोले मूलटीकामा विभिन्न सम्पत्तिहरू भन्ने अर्थलाई समर्थन गरिरहेको छ । त्यसैले **सिरी** (=श्री शोभा) लाई यस जन्मको कुशल कर्म, पुण्य, मङ्गल र पहिलेको पुण्यकर्म, यस जन्मको ज्ञानबल, वीर्यबलको कारणले पाइएका, उत्पन्न भएका विभिन्न सम्पत्ति फल गुणलाई सिरी भनी भन्नु उपयुक्त छ । निर्जीव वस्तुमा पनि श्री व्यवहार पाइन्छ । उपमा- धेरै राम्रा फूलहरू देखेमा कति शोभायमान फूल भनी भन्दछन् । त्यो सिरी भनेको पनि ती फूलहरूको सम्पत्ति गुण नै हो । त्यसैले निर्जीव चीज वस्तुहरूमा पनि ऋतु बीज आदिका कारणले र अरू अरू रेखदेख मरम्मत स्याहार-सम्भार आदि विभिन्न कारणबाट उत्पन्न हुने विभिन्न सम्पत्ति गुणांगलाई नै 'श्रीशोभा' भन्नुपर्दछ ।

### श्री सर्छ

विभिन्न सम्पत्तिलाई 'सिरी' भनिएमा दुकनिपात, सिरी जातक वर्णनमा श्री सर्छ भन्ने भनाईलाई कसरी लिने नि ? भनी प्रश्न गर्न सकिन्छ । अनाथपिण्डिक महाजनसँग श्री चोरेर लिन्छु भनी श्रीलक्षण जान्ने एकजना ब्राह्मण आइपुगे । श्री कहाँ छ नि भनी हेर्दा महाजनका सेतो भाले कुखुराको कल्कीमा बसिरहेको देखे । सेतो भाले माग्दा महाजनले लानुस् भन्नासाथ श्री मणि रत्नमा सर्नगयो । मणिरत्न माग्दा लौरोमा सर्न गयो । लौरो माग्दा श्री पुण्यलक्षणदेवी नामकी महाजननीमा सर्न गयो । त्यसरी महाजननीमा सर्दा यो त माग्न नहुने चीज भयो भनी हरेस खाई आफूले यी चीजवस्तुहरूको इच्छाले होइन, श्री चोर्न आएको हूँ, तर आफूले मागेमागेका बस्तुबाट श्री सर्दै सर्दै गएको कुरा यथातथ्य बताई ती बस्तुहरू नलिइकन फर्केर गए ।



https://dhamma.digital

## लक्षण (=चिन्ह) मात्र

यहाँ श्री भने पनि श्रीशोभा वृद्धिको कारण रहेको लक्षण (चिन्ह) एउटै हो भनी भनेको बुझ्न सकिन्छ । लोकमा 'फलानो पन्छी-पशु पाल्यो भने अर्थवृद्धि हुन्छ भन्दछन् । फलानो पत्थर धारण गऱ्यो भने सम्पत्ति वृद्धि हुन्छ पनि भन्दछन् । त्यस्ता पशुपन्छी, पत्थर आदिमा सम्पत्ति वृद्धि हुने कारण रहेका लक्षणहरू रहेको हुनाले राम्रो जन्त्र हुनपुग्यो । त्यस्तै नै श्री वृद्धि कारण भएको जन्त्रको रूपमा लक्षणहरू युक्त भएकोलाई भनेको हो ।

उक्त लक्षण सर्छ भने पनि यताउति उफ्रेर सरेर जानुलाई भनेको होइन होला । यहाँबाट श्री लक्षण बिलाएर गई अर्को ठाउँमा नयाँ लक्षण देखा पर्नुलाई भनेको हुनुपर्छ । उक्त वस्तु स्थिति असल जन्त्रको रूपमा स्थिर भइ रहनलाई विशेषता भएको रंग रूप आदि संकेत लक्षण प्रकट हुनथालेको हो भनी भन्न सकिन्छ । मानिसको हत्केलामा समेत लक्षणहरू हराईजानु, नयाँ देखापर्नु आदि हुनसक्छ । लोकमा कतिपय स्वभावहरू र उक्त स्वभावलाई जान्ने विद्याहरू विचित्र छन् । ती स्वभावहरूलाई जान्ने प्रज्ञाज्ञान भएकोलाई उक्त ज्ञान आफूसँग नभएकोले नजानेकोले हुनै सक्दैन भनी निश्चितरूपले भन्न मिल्दैन ।

## सिरी जातक

माथिको ब्राह्मणको कुरा महाजनले तथागतमा निवेदन गर्दा पहिले पहिले श्री सरेर गएको घटना श्री जातक कथा बताउनुभयो । एउटा दाउरे जंगलमा दाउरा चिरेर फर्कंदा नगरको ढोका बन्द गरिसकेपछि मात्र आइपुगेको भएर नगरबाहिर एउटा देवमन्दिरमा सुत्नुपऱ्यो । त्यो मन्दिरको नजिकै रहेको रूखमा अभय दानको रूपमा छोडिएका कुखुराहरू आ-आफ्नो खोरमा सुत्दा माथि बसेको कुखुराले तल बसेको कुखुराको जिउमा पर्नेगरी हगेकोले आपसमा झगडा गरेर शक्तिको बाजी ठोकी कराई रहे । तल बसेको कुखुराले 'मेरो मासु गोलमा पोलेर खायो भने एकविहानै एक हजार दाम लाभ हुनसक्छ' भनी भन्यो । माथिको कुखुराले भन्यो- जाबो त्यति कुरामा फुर्ति न लगा; मेरो गाँठो गाँठो परेको भित्री मासु खानपायो भने उ राजा हुनसक्छ; बाहिरको मासु खानपायो भने लोग्ने मान्छे भए सेनापति, स्वास्नी मान्छे भए महारानी हुनसक्छ । हाडमा टाँसिएको मासु खायो भने गृहस्थी भए राजाका

भण्डारे, भिक्षुश्रमण भए राजगुरू हुन सक्छ' भनी भन्यो । यी कुरा सुनेका दाउरेले 'राजा हुने भए एक हजार दामले के गर्नु र' भनेर चढेर गई माथिको कुखुरालाई समातेर ल्यायो ।

प्वाँख उखेली आन्द्रा सफा गरिसकेपछि स्वास्नीलाई पकाउन लगायो । पाकेपछि 'यो मासु प्रभावशाली छ, नुहाइ धुवाइ गरिसकेपछि खाउँला' भनेर भातको भाँडो समेत लिएर गंगा (नदी) मा गएर घाटमा बिसाई नुहायो । त्यसैबेला ठूलो आँधीबेरी सहित वर्षात आउँदा भातको भाँडा पनि पानीको छालले बगाई लग्यो । दाउरे दम्पति भाग्नुपर्‍यो ।

उक्त भातको भाँडो नदीमा बग्दै तल हात्तीलाई नुहाइ राखेको माहुत्तेकहाँ पुग्यो । बिर्को खोलीहेर्दा पाकेको कुखुराको मासु भनी थाहापाई छाप राखेर आफू आएपछि मात्र खोल्ने सूचित गरी घरमा दिन पठायो । माहुतेका गुरू दिव्यचक्षु भएका ऋषिले आफ्नो दाताको स्थिति विचार गरी हेर्दा उपरोक्त घटना थाहापाई अगावै घरमा आएर बसिरहे । माहुते पनि घर फिरिसक्दा भातको भाँडा गुरू ऋषिलाई चढाउन लगाए । ऋषिले 'यो तरकारी म व्यवस्था गरिदिन्छु ।' भनेर कलेजो, मुटु आदि भित्रको मासु माहुतेलाई, बाहिरको मासुजति माहुतेकी स्वास्नीलाई छुटाएर दिइसकेपछि आफूले हाडमा टाँसिएको मासु सेवन गरे ।

त्यसपछि 'तीनदिन पछि तिमी राजा हुन पाउनेछौ; अप्रमादी भई बस' भनी सूचित गरी ऋषि पनि फर्केर गए । तीनदिनपछि अरू देशका एउटा राजाले युद्ध गर्दा राजाले माहुतेलाई राजाको रूप लिनलगाई आफू सैन्यहरूको बिचमा गुप्त भेषमा बसी लडाई गर्न जाँदा शस्त्र लागेर राजा परलोक भए । यता माहुतेले लगातार युद्ध गरी विजय भएकोले राजाको तहमा पुग्न पाए । -जातक ट्ठ. २- ३६९)

**अत्तसम्मापणिधि** (**अत्त**=चित्तलाई; **वा**= सम्पूर्ण शरीर आत्मभावलाई; **सम्मा**=सम्यकरूपले; **पणिधि**=राख्नु ।) चित्त खराब हुनेको शरीर पनि कुरूप हुन्छ; वचन पनि खराब हुन्छ । चित्त असल भयो भने शारीरिक क्रियाकलाप पनि असल भई बोली-वचन पनि राम्रो हुन्छ । चित्त प्रधान भएकोले **'अत्ताति वुच्चति चित्तं**=चित्तलाई अत्त भनी भन्नुपर्छ' भनी अर्थकथा मा वर्णन गरिएको छ । यो भनाई अनुसार **अत्तसम्मापणिधि**=चित्तलाई ठीकसँग राख्नु भनेको हो । **अत्त** शब्दले सम्पूर्ण शरीर आत्मभावलाई पनि ब्यक्त गरिंदो रहेछ ।



https://dhamma.digital

सम्पूर्ण शरीर आत्मभावलाई राम्ररी राख्ने रहेछ भन्दाखेरि चित्त पनि त्यसैमा समाहित भयो नै । त्यसैले **'सकलो वा अत्तभावो**=सम्पूर्ण शरीरलाई पनि **'अत्त'** भनी भन्नुपर्ने कुरा वर्णन गरिराखिएको छ । यी दुवै अर्थलाई लिएर 'शरीर र मनलाई राम्रोसँग राख्नु' भनिआएको हूँ ।

## राम्रोसँग राख्ने तरिका

अर्थकथा मा, श्रद्धा नभए श्रद्धा हुने गरी, शील भइनसकेको भए शील हुने गरी, मात्सर्य भइराखेको भए त्याग (=दान प्रदान गर्नु) उत्पन्न गरी काम गर्नुलाई **अत्तसम्मापणिधि-** भनिएको हो । खराब चिन्तन, कार्य, बोलीवचन उत्पन्न नहुने गरी, उत्पन्न भई आएमा पनि हटाएर पर सारेर मनोवृत्ति, क्रियाकलाप र बोलिवचन राम्रो पार्दै लानुलाई **'अत्तसम्मापणिधि'** भन्नुपर्दछ । लौकिक दृष्टिले भनेमा रोग-व्याधि नहुनेगरी स्वास्थ्य अनुकूल हुनेगरी भोजन, रहन-सहन आदिमा ध्यान दिनु, आर्थिक शैक्षिक आदि विषयमा अल्छी मानेर पछि हट्ने स्वभाव उत्पन्न नगरिकन प्रयास र उद्योग गर्नु आदि द्वारा आफ्नो शरीर र मनलाई राम्ररी बनाइलाने सुधार गर्नु जस्ता सबैसँग सम्बन्धित रहेका छन् । यो **अत्तसम्मापणिधि** अत्यावश्यक कुरो हो । यो मङ्गलले सम्पन्न भएमा धेरै धेरै मङ्गलहरू परिपूर्ण हुनेछन् । पहिलेका जन्मका कुशलकर्म नभएका भए पनि यस जन्ममा **अत्तसम्मापणिधि** भए भने सुख-समृद्धिपूर्ण भई पछिका जन्ममा पनि राम्रो भई सप्रेर जान्छ । पहिलेका जन्मको पनि कुशल छ, यस जन्ममा पनि यो मङ्गल रहेको छ भने त भन्ने कुरो नै रहेन । पहिले राम्रो गरिआएकोले अहिले राम्रो भइरह्यो । अहिले पनि राम्रो भएकोले पछि पनि राम्रो हुनेभयो । पूरै राम्रैराम्रो मात्र भई चक्र घुमिरहने छ ।

## श्रेणी उच्च पार्नु

**'मिच्छापणिहितं चित्तं; पापियो नं ततो करे=**खराब मनोभावले त्यस्ता मनोवृत्ति भएकालाई दुष्ट र नीच गरिदिन्छ ।' **'सम्मापणिहितं चित्तं; सेय्यसो नं ततो करे**= असल मनोभावले उक्त व्यक्तिलाई उच्च श्रेणीमा पुग्नसक्ने बनाइदिन्छ ।' यस धम्मपद गाथा (१९) अनुसार उच्च श्रेणी भएका, निम्न श्रेणी भएका भावलाई **अत्तसम्मापणिधि** हुनु र नुहुनुले नियमित गरीदिन्छ । **अत्तसम्मापणिधि** भएमा मानिसको श्रेणी उच्च हुन्छ, अन्यथा मानिस भन्ने नाम मात्र पाएको हुन्छ मानिसको श्रेणीमा पुगेको छैन भनी भन्नु पर्ला ।



https://dhamma.digital

साँच्चै हो, **मनुस्स**को अर्थ चित्तवृत्ति श्रेष्ठ पवित्र भएकोले **अत्तसम्मापणिधि** नभएकोमा उक्त अर्थ कहाँ लागु हुनसक्ला र ! तिरश्चीनहरूमा ईर्ष्या हुनु, कपटी हुनु, लोभ द्वेष अत्यधिकरूपले हुने भएकोले त्यस्ता चित्तहरू पातलिंदै घट्ने किसिमले गर्नाले तिरश्चीनहरूसँग सरोबर नहुने गरी मनुष्यको श्रेणीमा पुग्नसक्ने गरी प्रयास गर्नु उचित छ । मैत्री करूणा अभाव भई परस्पर मनोभाव बिग्रेर मानिस परस्पर एकले अर्कालाई, एउटा समितिले अर्को समिति, एउटा संगठनले अर्को संगठनसँग मेलमिलाप अभाव भई भेद भइरहँदा विभिन्न प्रकारका समस्याहरु आइपर्छ । **अत्तसम्मापणिधि** भयो भने परस्पर एकता भई शीतल, रमाइलो मनुष्यलोक सृजना गर्न सकिने भएकोले लोक रमणीय बनाउनमा यो **अत्तसम्मापणिधि** महत्वपूर्ण छ ।

## ऐना हेर्नु जस्तो

यस **अत्तसम्मापणिधि** उत्पन्न गर्न मज्झिमपण्णास राहुलोवाद सुत्त मा आयुष्मान राहुललाई तथागतले दिनुभएको अववाद उपदेश अनुशरण गर्नलायक छ । '**किमत्थियो आदासो**=ऐना केको लागि हो ?' भनी तथागतले सोध्नुहुँदा '**पच्चवेक्खणत्थो भन्ते**=प्रत्यवेक्षण (=निरीक्षण) गर्नलाई हो, भन्ते' भनी आयुष्मान राहुलले उत्तर दिए ।

ऐना हेर्नु भनेको आफूले लुगा लगाएको ढंग, सजाएको ढंग, घसेको ढंग, केश कोरेको ढंग, ठीक ठाउँमा परेको छ, वा छैन, राम्रो छ, वा छैन, आफ्नो अनुहारमा र शरीरमा कुनै दाग साग लागेका दोषहरू छन्, कि छैनन् ? भनी थाहा पाउनको लागि हो । त्यसैले निरीक्षण गर्नलाई काम लाग्छ भनी आयुष्मान राहुलले निवेदन गरेका थिए । त्यसपछि तथागतले 'ठीक छ, राहुल ! त्यो ऐनामा हेरेर गरेजस्तै नै निरीक्षण गरी कायिककर्म गर्नुपर्छ; निरीक्षण गरी वचीकर्म गर्नुपर्छ; निरीक्षण गरी मनोकर्म गर्नुपर्छ' भनी ओवाद उपदेश दिनुभयो । आफ्नो शरीर, वचन र मनोभावहरूलाई प्रज्ञारूपी ऐनामा बारम्बार अगाडि राखी राम्रा नराम्रा हेरी नराम्रा भएमा सच्याएर राम्रो पारी दिनुपर्छ भनी आज्ञा हुनुभएको नै मूल उद्देश्य हो । (मज्झिमपण्णास, राहुलोवाद सुत्त ७८)

## चारगोटा चक्र

यी तीनवटा मङ्गलमा '**सप्पुरिसुपनिस्सय** (= सत्पुरूषहरूको आश्रय

लिनु) मिसायो भने चारगोटा चक्र बन्दछ। यी चारगोटा **चक्कं** सम्पन्न व्यक्तिलाई धन-वैभव वृद्धि हुनसक्ने, परिवार यश कीर्ति सुख समृद्धि लाभ हुनसक्ने कुरा भगवान्‌बाट आज्ञा भएको चतुकङ्गुत्तर चक्कवग्ग (३४१) मा उल्लेख छ। अनुकूल देशमा बास गर्नु, पहिले पहिलेका पुण्यकर्म संचित हुनु, सत्पुरूषको भरोसा लिन पाउनु, आफ्नो शरीर र मनलाई राम्ररी राख्नु; यी चारवटाले सम्पन्न व्यक्ति भावी जन्ममा पनि सम्पन्न नै हुन पाउँछन्। यसरी अटुटरूपले घुमिरहने भएकोले '**चक्क**=चक्र' भनी भन्नु पर्छ।

यी चारवटैमा **'पुब्बे कतपुञ्ञता'** मुख्य प्रमाण भएको छ। ज्ञान सम्प्रयुक्त चित्तले कुशल पुण्य गर्ने व्यक्तिलाई उक्त ज्ञान सम्प्रयुक्त चित्तले पतिरूप देशमा पुऱ्याइ दिन्छ। सत्पुरूषको आधार पाइने गरी प्रबन्ध गरीदिन्छ। आफ्नो शरीर र मनलाई राम्ररी राख्न जान्ने बनाइदिन्छ। यसरी भगवान्‌बाट आज्ञा भएको कुरा चतुकङ्गुत्तर र दीघनिकाय संगीति सुत्त अर्थकथामा उल्लेख भएको छ।

### ढुक्क हुने अवस्था छैन

उपरोक्त तथ्यहरू साँच्चै पारमी सम्पन्न पश्चिम भविकहरूको निम्ति मात्र पर्याप्त हुनसक्छ। सामान्य पुण्यवानहरूको निम्ति त मन ढुक्क पारेर बस्ने मौका छैन। आयुष्मान देवदत्त पतिरूप देशमा पनि उत्पन्न हुनपाएका, असली सत्पुरूष तथागतको भरोसा पनि पाएका हुन्। पहिलेका पुण्यकर्म पनि भएका थिए। तर **'अत्तसम्मापणिधि'** भंग पारी परिहानी र अनर्थ भोग्नुपर्यो। अजातशत्रु पनि एकजना पुण्यवान नै थिए। स्रोतापन्न सत्पुरूष पिताको भरोसा लिनपाएर पनि देवदत्तसँग संगत परेको गल्तीले **'अत्तसम्मापणिधि'** बिगारी हानी सहनुपर्यो। यी तथ्यहरूले पृथग्जन गतिको जीवन सुरक्षित नभएको भावलाई व्यक्त गरिएको हुनाले पृथग्जन गतिले जीवनबीमा भएको आर्य भूमिमा पुग्नलाई महत्व दिई उद्योग गर्न योग्य भएको कुरा यसले सचेत गरिरहेको छ।

**१६) बाहुसच्चञ्च सिप्पञ्च; विनयो च सुसिक्खितो।**
**सुभासिता च या वाचा; एतं मङ्गल मुत्तमं।**

१६) **देवपुत्त**=भो देवपुत्र; **यं बाहुसच्चञ्च**=जुन धेरै बहुश्रुत



https://dhamma.digital

(विद्वान्) हुनुको भाव; **यं सिप्पञ्च**=जुन हस्त शिल्पविद्या सिकिराख्नु पनि; **सुसिक्खितो**=राम्ररी सिक्नुपर्ने, आचरणमा गर्नुपर्ने; **यो विनयो च=जुन** भद्र व्यवहार गर्नु; **सुभासिता**=बचनबोली राम्रो गर्नुपर्ने; **या वाचा च**=जुन वचन पनि; **अत्थि=**छन्; **एतं=**यी चार; **उत्तमं=**उत्तम; **मङ्गल**= मङ्गल नै हुन् ।

## भावार्थ

भो देवपुत्र; धेरै बहुश्रुत (विद्वान) हुनु, हस्त शिल्पविद्या जान्नु, आफ्नो आचरण विनय सिक्नु, आचरण गर्नु, वचनबोली राम्रो बोल्नु, यी चार उत्तम मङ्गल हुन् ।

## बाहुसच्च

**(बहुस्सुतस्स भावो, बाहुसच्चं ।-बहुस्सुतस्स=**धेरै ज्ञान सुनेको, हेरेको, बुझेको; **भावो**=स्वभाव हो; **बाहुसच्चं=** धेरै धेरै ज्ञान सुनेको हेरेको व्यक्तिको स्वभाव । बहुस्सुत पद, भाव अर्थमा ण्य प्रत्यय । मोग्गल्लान व्याकरण मा दोस्रो अक्षर उ-लाई अ-गरी संयोग आदि (पहिलो) स-लाइ लोप गरी बाहुसच्च भनी सिद्ध गर्दछ। रूपसिद्धि ले त उ-लाई मात्र अ-गरी स-लाई त लोप गर्दैन। रूपसिद्धिको विचार अनुसार बाहुस्सच्च-भनी स संयोगले हुनुपर्छ ।

## साहित्य ज्ञान

हेर्नु, सुन्नु भनेको हेरेर सुनेर अभ्यास गरिराखेको ग्रन्थ साहित्यहरू नै भएकोले **बाहुसच्च**को स्वरूप ग्रन्थ साहित्यज्ञान भइराख्नुलाई ग्रहण गर्नुपर्दछ। पहिले विद्या र शिल्प भनी ज्ञान दुई थरीमा विभाजन गर्ने चलन रहेको हुनाले विद्यालाई वचन ज्ञान भन्ने गर्दथे । चतुर्वेद आदि १८ प्रकारका विद्याहरू नै हुन् । त्यसयुग अनुसार भन्नुपर्दा **बाहुसच्च**को स्वरूप उक्त विद्या भनेको ग्रन्थ साहित्य जानेको हुनु भनी भन्नुपर्छ। तर आजभोली बर्मा देशको विश्व विद्यालयमा नियमित गरिराखेको विद्या भनिने शिक्षाहरू पहिलेका भन्दा धेरै छन् र गहिरो शिक्षा विषय समेत समावेश छन् ।

## अन्धो र आँखा हुने

नीतिकारहरूले 'द्वन्द, संशयलाई हटाइदिने अप्रत्यक्ष भइरहेको अर्थ हितलाई देखाउनसक्ने ग्रन्थ साहित्यहरू प्रत्येक व्यक्तिहरूका आँखा भएकोले ग्रन्थ साहित्यरूपी आँखा नभएको अन्धो नै हो ।' भनिराखेको छ । ग्रन्थ



https://dhamma.digital

साहित्यहरूबाट वर्तमान दृष्टान्त फल, विभिन्न भविष्य जीवनका फलहरू जान्न पाइने भएकोले ग्रन्थ साहित्य जान्नुले लौकिक र धार्मिक क्षेत्रमा सहिमार्ग, यथार्थ पद्धतिको आचरण गरी भयरहित उपद्रवरहित भई सुखमा पुग्न पाइन्छ । ग्रन्थ साहित्य नजान्ने व्यक्ति छामछुम गरी केही नजानिकन बाटो हिंड्नु जस्तै हुनाले कहिले गलत, कहिले सहि भएर हानि सहेर बस्नुपर्ने हुनसक्छ । **अन्धा** (= दुइटै आँखा नदेख्ने), **एकचक्खु** (= कानो (एउटा आँखाले नदेख्ने) र **द्विचक्खु** (= दुवै आँखा देख्ने), भनी तीन थरिका व्यक्ति भएकोमा इहलोक  र परलोकको अर्थ मध्ये कुनै नजान्ने अन्धो भयो । यस जन्मको अर्थ (फाइदा) को लागि मात्र जान्ने एक चक्षुक हो । दुवै जान्ने भए द्विचक्षु भयो । आफू दुवै आँखा देख्ने बन्नलाई द्विचक्षुको आधार लिनुपर्दछ । भगवान्‌बाट यो तथ्य आज्ञा भएको तिकङ्गुत्तर मा उल्लेख छ । साहित्य ज्ञान विद्या जान्ने बुझ्ने द्विचक्षु हो । (अं१ -अन्धसुत्त १२६)

**रतन**

**'पञ्ञा नरानं रतनं**=प्रज्ञा मानिसहरूको रत्न हो' भनी तथागतले उपदेश दिनुभयो । नीतिकारहरूले पनि 'सम्पूर्ण सम्पत्तिहरूमध्ये प्रज्ञा सम्पत्ति सर्वोत्तम छ । किनभने मनुष्यबाट पनि चोर्न नसकिने; मूल्य पनि राख्न नसकिने; जति बाँडे पनि खर्च गरे पनि नसिद्धिने भएकोले हो' भनिएको  छ । प्रज्ञा प्रियकर रत्न भएकोले नै प्रज्ञा रत्न अलंकार भएको व्यक्ति जुनसुकै उत्सवको माझमा वा बाहिर जस्तोसुकै ठाउँमा होस् धेरै मानिसहरूबाट हेर्न लायक र शोभायमान हुनपाउँछ । प्रज्ञा ज्ञान नजानेका व्यक्ति भने धेरैजनाको सभाको बिचमा देखापर्न नसक्ने, लुकेर बस्नुपर्ने भएको रत्नहीन भई शोभारहित भएकोले नै हो । नीतिकारहरूले 'रूपसम्पत्ति सुन्दर भएर शोभायमान भएको भरखरको तरूण, उच्च कुल वंशको भए पनि प्रज्ञाज्ञान नजानेको भयो भने गन्ध नभएको निम्नस्तरको पलास फूलजस्तै शोभाविहीन हो' भनेर र 'गुरू आचार्यहरूकहाँबाट विधि नसिकेका, ग्रन्थ साहित्य अध्ययन नगरेका, विद्यारहित व्यक्ति हंसराजहरूको बिचमा बकुल्ला झैं शोभाहीन हुन्छ' भनी भनिराखेका छन् ।

प्रज्ञावान व्यक्तिले रत्न धारण गरिराखेको जस्तै सबैको अगाडि प्रकट हुनु, शोभा हुनु, धेरैजनाको आधार भरोसा हुनु, कीर्तिमान हुनु, परिवार धेरै हुनु, धनसम्पत्ति वैभव लाभ हुनु आदि लौकिक अर्थ अनुभव गर्न पाउनु मात्र



https://dhamma.digital

नभई प्रज्ञाद्वारा जान्नसकिने आचरण गर्न लायक विरमण गर्न लायकलाई आचरण गर्नु र विरमण गर्नु द्वारा सुगततिभावमा पुग्नपाइने आदि परलौकिक अर्थ पनि अनुभव गर्न पाउने हुन्छ। त्यसैले प्रज्ञा बहुश्रुत हुनु मङ्गल हो।

## आचरण पनि गरेमा मात्र

प्रज्ञा बहुश्रुत हुँदैमा स्वतः मङ्गल हुने होइन। जानेबुझे अनुसार आचरण गर्नेलाई मात्र मङ्गल हुन्छ। भिक्षु कपिल स्थविर त्रिपिटकधर, गणवाचक आचार्य हुनुहुन्थ्यो। आफ्नो प्रज्ञाका कारणले धेरै परिवार भएका र धेरै लाभसत्कार भएका कारणले गर्दा अभिमान चढेर धर्मलाई अधर्म, अधर्मलाई धर्म भनी गलत गलत ढंगले बरबाद हुनेगरी कुरा गर्ने, काम गर्ने गरिआएको कारणले उनको आफ्नो प्रज्ञा बहुश्रुत असल फल पाउनको लागि नभई अवीचि नर्कमा पुग्नको निमित्त हुनपुग्यो।

'धेरै-धेरै ग्रन्थहरू जाने पनि मूर्ख हुनसक्छ। ग्रन्थमा बताइएअनुसार आचरण गर्ने मात्र प्रज्ञावान् हुन्छ। अनुपात मिलाएर विचार गरी राम्ररी जोरजाम गरिएको औषधिद्वारा मात्र रोगीहरूको रोगलाई निको हुनेगरी उपचार गर्नसक्छ। औषधिको नामले मात्र रोग निको पार्ने काम गर्न सक्दैन।' यो नीतिले आचरण नगर्ने व्यक्तिसँग भएको प्रज्ञा बहुश्रुत लाभकारक नभएको कुरा देखाइरहेको छ। भगवान्ले यो अवधारणा बताउनुभएको चतुकङ्गुत्तर अप्पस्सुत्त सुत्त (३१२) मा पनि उल्लेख छ। हेर्नु सुन्नु कम भएकोले श्रुतले सम्पन्न नभएको, हेर्नु सुन्नु कम भएर पनि श्रुतले सम्पन्न भएका, हेर्नु सुन्नु धेरै भएर श्रुतले सम्पन्न नभएको, हेर्नु सुन्नु पनि धेरै भएर श्रुतले पनि सम्पन्न भएको भनी चार प्रकारका व्यक्तिहरू छन् भनी बताउनुभएको छ। हेर्नु सुन्नु कम भएपनि आफूले जानेजति आचरण गर्ने व्यक्ति श्रुतले सम्पन्न हुनपाउँछ; सुन्ने हेर्ने धेरै भए पनि आचरण गरिएन भने श्रुतले सम्पन्न नभएको नै हुन्छ। 'बुद्धि विवेक पुस्तकमा छ' भनिए झैं उक्त बुद्धि विवेक आफूसँग युक्त हुनेगरी काम गर्ने दुर्लभ छ। बुद्धि विवेक गुण सुन्दर रत्न नै भएकोले उक्त बुद्धि विवेकले आफूलाई सिंगार्नुद्वारा अरूभन्दा भिन्नै खालका विशेषतायुक्त हुनेगरी आचरण गर्नु योग्य छ।

## सबै राम्रो हुनुपर्छ

कसैकसैले 'किताबमा छँदैछ नि' भनेर कण्ठ गर्नु, याद गरी धारण गर्नु



https://dhamma.digital

इच्छा गर्दैनन् । ती व्यक्तिहरू नजान्ने व्यक्तिहरूभन्दा फरक छैन । 'पुस्तकमा भएको प्रज्ञा, अर्काको हातमा रहेको धन-सम्पत्ति प्रज्ञा पनि होइन, धन सम्पत्ति पनि होइन' भन्ने नीतिकारहरूको भनाई छ । जुनसुकै साहित्य नै किन नहोस् पूर्णता र दक्षता हुनेगरी हासिल गरिराख्न योग्य छ । त्यस्तो नभई ज्युँत्युँ मात्र अध्ययन गरियो भने फायदा वा लाभ हुन गाह्रो हुन्छ । ग्रन्थको भनाइ अनुरूप नहुनु, नाघ्नु आदि अनर्थ समेत हुनजानसक्छ । प्रज्ञा संचय गर्दा उद्देश्य पनि राम्रो हुनुपर्दछ । अरूलाई हमला गर्नको लागि मान अभिमान बढाउनको लागि आदि नराम्रो चित्तवृत्ति राखेर अध्ययन गरिने प्रज्ञाले मंगल नहुन सक्छ ।

बोधिसत्वहरूमा धेरै सत्वहरूप्रति अर्थहितको कामना भएको चित्तवृत्ति भइरहेको हुनाले उक्त चित्तवृत्तिका कारणले गर्दा नै बोधिसत्वहरूको प्रज्ञा सत्वहरूलाई फाइदाका निम्ति हुन्छ । आफ्ना ज्ञातिबन्धुहरूका निम्ति त्यसको अतिरिक्त सके भने सम्पूर्ण विश्वको कल्याणको निम्ति भन्ने जस्तो उद्योग गऱ्यो भने प्रज्ञापारमी सिद्ध हुन्छ ।

मूलपण्णास अलगद्दूपम सुत्त (१८६) मा सर्प समात्ने विधि जान्ने कुरा बताउनुभएको उल्लेख छ । सर्पलाई जिउमा वा पुच्छरमा बेढंगले समात्यो भने सर्पद्वारा टोकेर मरिनसक्छ । भेडा बाख्राका खुरजस्तो आकारको (सर्प समात्ने विशेष प्रकारको) लट्ठीले कसेर दबाएर समात्यो भने सर्पले टोक्नुबाट बचिन्छ । त्यस्तै नै राम्ररी सिकेका उपदेश अर्थयुक्त भई राम्रो चित्तले नसिकीकन उद्देश्य गलत भयो भने अनर्थ हुनसक्ने कुरा बताउनुभएको छ ।

### प्रज्ञा अनर्थ हुँदैन

अल्प मात्र प्रज्ञा भए पनि कुनै न कुनै दिन फल दिने नै हुन्छ । त्यसैले हीन मध्यम प्रणीत भनी नछुट्याईकन सबैखाले प्रज्ञा विद्या जान्न-बुझ्न योग्य छन् । पहिले वाराणसी निवासी माणवक एकजना तक्षशिलामा दिशाप्रामोक्ष आचार्यकहाँ प्रज्ञा विद्या अध्ययन गर्न आइपुगे ।

कर्तव्य राम्ररी पालन गर्ने शिष्य भएकोले आचार्यले कोशिशपूर्वक सिकाए पनि मन्दबुद्धिको भएकोले उसले विद्या सिक्न सकेन । आचार्यले उसलाई जंगलमा लगेर एउटा मन्त्र सिकाइ दिए । त्यो मन्त्र **'घट्टेसि घट्टेसि, किं कारणा घट्टेसि, अहम्पि तं जानामि, जानामि'** थियो । आफ्नो भाषामा भन्दा तिमीले प्रहार गर्ने कोसिस गरिरह्यौ, गरिरह्यौ । किन कोसिस गरिरहेको हो



https://dhamma.digital

भन्ने कुरा मैले जानेको छु, जानेको छु, अर्थ भयो । सयौं पटक घोक्न लगाएर बल्ल कण्ठ भएपछि 'तिमीले यो मन्त्र नहरिने गरी नबिर्सिकन सधैं पाठ गर्नू; यस मन्त्रद्वारा तिम्रो जीवन निर्वाह हुनसक्नेछ' भनेर बाटो खर्च दिई शिष्यलाई बिदा दिई फर्काइदिए ।

उक्त माणवक वाराणसीमा आफ्नो घर पुगेर पछि एक दिन रातमा वाराणसीका राजा शहर निरीक्षण गर्न आफ्नो भेष बदलेर घुमिरहेका थिए । त्यसबेला चोरहरूले दुइवटा घरमा एकैचोटी चोर्ने हिसावले दुइटा घरका बिचमा प्वाल खनिरहेको देखेर राजा घरको छाँयाले छेकेर उभिरहे । चोरहरू प्वाल पारी घरभित्र पुग्दा तक्षशिलाबाट फर्केका उक्त माणवक बिउँझेर त्यहि 'घट्टेसि घट्टेसि' आदि मन्त्र पाठ गर्न थाल्यो । चोरहरू डराएर धोती नै फुस्कने गरी त्यहाँबाट भागे । राजा त्यो घरमा चिन्ह लगाएर त्यहाँबाट फर्केर बिहान भएपछि राजाले उक्त माणवकलाई डाक्न पठाए । माणवक आइपुगेपछि त्यो मन्त्र सिकाइदिन हुकुम भएपछि समान स्तरमा बसेर सिक्नुपर्ने कुरा बिन्ती गरे । राजाले पनि उसको इच्छा अनुसार गरी मन्त्र सिकिसकेपछि गुरू दक्षिणाको रूपमा एकहजार कार्षापण चढाएर फर्काइदिए ।

त्यसबेला सेनापतिले हजामलाई एकहजार कार्षापण घुस दिएर 'राजाको जुँगादाढी खौरने बेलामा छुरीले राजाको घाँटी रेटेर मार; म राजा भएपछि तिमी सेनापति बन्न पाउनेछौ' भनेपछि हजामले पनि स्वीकारेछ । राजाको जुँगादाढी खौरने दिनमा श्रीखण्ड पानीले दाढी भिजाइसकेपछि छुरी छोएर हेर्दा धार नपुगेको लागेर एकैमारमा छिनिने गरी घाँटी काट्नलाई अझै घोट्नुपर्ला भनी छुरी घोटीरह्यो । त्यसबेला राजाले आफूले सिकेको मन्त्र सम्झेर पढे । 'तिमीले प्रहार गर्ने कोसिस गरिरह्यौ, गरिरह्यौ; किन कोसिस गरिरहेको ? उक्त रहस्य मैले जानेको छु, जानेको छु' भनेको मन्त्र वाचन गर्दा हजामले 'मेरो कुरा त राजाले थाहा पाइसकेका रहेछन्' भनी राजाको पाउ समाती क्षमा दिइ मुक्त गरियोस् भनी प्रार्थना गऱ्यो । केरकार गरिंदा राजालाई मार्न सेनापतिले अह्राएको खुलेपछि सेनापतिलाई देश निकाला गरिदिए । आफूलाई त्यो मन्त्र सिकाइदिने गुरू माणवकलाई बोलाई गुरूको भरोसाले म बाँच्न पाएँ भनी सेनापति पद दिएर सत्कार गरे । (धम्मपद ट्ठ. १-१५९)



https://dhamma.digital

## सिप्प

**'सिप्पं नाम यं किञ्चि हत्थकोसल्लं=**हातले गरिने जानिने अभ्यास गरिने जति सबै कामलाई शिल्प भनिन्छ' भन्ने अर्थकथाको भनाई अनुसार हस्तकलालाई शिल्प भन्नुपर्दछ। आजभोलीका यन्त्र-शिल्प र विज्ञान सम्बन्धी शिक्षाहरू यस शिल्पको अन्तर्गत नै पर्दछ। पहिले पहिलेका युगमा नाच्ने, बाजा बजाउने आदि कला भनिने शिक्षाहरूलाई **सिप्प**=शिल्प भनिने रहेछन्। ती कला भनिने शिल्प ६४ (चौंसट्ठी) प्रकारका थिए। (यी सबै जान्नको लागि अभयाराम नयाँ अभिधान निश्चय पाना नं २०१ मा हेर्नुस्।) पहिले पहिले मुखष्ठ गरेर सिकिने विद्या-प्रज्ञालाई मात्र विशेष प्रोत्साहन दिइराखिएको थियो। शिल्पलाई भने बोल्न नजान्ने लाटाहरूले समेत जान्न सकिने प्रज्ञा भनिन्थे। तर आजकल बर्मा देशका विश्वविद्यालयहरूमा नियमित गरिराखेको शिल्प भनिने शिक्षाहरू पहिलेभन्दा धेरै बढी रहेकोले गम्भीर शिक्षाहरू पनि समावेश भएका छन्। ती शिल्प विद्याहरू सम्पत्ति लाभ हुने कारण, सुखको कारण, उन्नति वृद्धिका कारण भएकोले मङ्गल हुन्।

## मति राम्रो भएमा मात्र

तर **'यं परूपरोधरहितं अकुसलवज्जितं=**अर्कालाई दुःख दिनु शास्ति गर्नुबाट अलग्ग रहेको अकुशलबाट मुक्त रहेको शिक्षा' भनी अर्थकथा मा भनिएको हुनाले सबैलाई दुख दिने कारण, हिंसा गर्ने कारण रहेका अकुशलबाट अलग्ग नभएका शिक्षाहरू त मङ्गल भएनन्, अमङ्गल मात्र हुन्। जस्तोसुकै शिक्षा ज्ञान भए पनि चित्तवृत्ति राम्रो हुनु र नराम्रो हुनु महत्वपूर्ण छ। चित्तवृत्ति राम्रो भएकाको ज्ञान शिक्षा आफू र अरू दुवैपक्षलाई फलदायी हुने भएकोले चित्तवृत्ति खराब हुनेको ज्ञान, शिक्षा हानिकारक र दुःखदायी हुन्छ। उपमा- डाक्टरी शिक्षा पवित्र छ। तर डाक्टर मति बिग्रेको भयो भने धेरै रोगीहरू दुखी हुने नै भयो। आफ्नो पनि अलाभ हुनसक्छ।

## शिक्षाको फल अनुभव गर्न पाएका

वाराणसी देशमा कंकड हान्ने शिल्पमा दक्षता भएका अपाङ्ग एकजना थियो। बच्चाहरूले उसलाई गाडामा चढाएर शहरबाहिर पिपल बोटनिर लगेर त्यसको फेदमा बिसाई राख्दारहेछन्। 'हात्तीको रूप देखाऊ, घोडाको रूप देखाऊ' आदि भनेर मनपर्ने चित्र बनाउन लगाउँदा कंकडले हानी पीपल



https://dhamma.digital

रूखको पातमा भनेभनेका चित्रहरू बनाइ देखाइदिन्थ्यो । वाराणसीका राजा शहर परिक्रमा गर्नआउँदा त्यही पिपल बोटनिर पुग्दा बच्चाहरू भागेकोले अपांग एकजना मात्र बाकी रह्यो । पिपलका पातहरू छियाछिया परेका देखेर कारण सोद्धा जानेपछि आफूकहाँ बस्ने धेरै कुरौटे एकजना ब्राह्मण पुरोहितको कारणले दिक्दार भइरहेकोले उक्त पुरोहितलाई सुधार गर्ने उपाय भेटियो भनी सोचेर अपाङ्गलाई बोलाई गोप्यरूपमा सबै कुरा बताए । अपाङ्गले भेडाको लिँड एक कुरूवा जति पाएमा काम सिद्ध गर्नसक्ने कुरा बिन्ती गऱ्यो । अनि अपाङ्गलाई बोलाएर लगी पर्दाको भित्र बसाली पर्दामा प्वाल पार्न लगाई त्यस प्वालको ठीक अगाडि पुरोहितलाई आसन लगाइदिएको रहेछ । पुरोहित आइपुगेर उक्त आसनमा बसेर कुरा गर्न थाल्यो । पर्दा पछाडि बसेका अपाङ्गले पनि पर्दाको प्वालबाट कुरा गरिरहेको पुरोहितको मुखमा भेडाको लिँड एक एक गरी फालिरह्यो । भेडाको लिँडो एककुरूवा सकिंदा पर्दा हल्लाई संकेत दिएपछि राजाले 'आचार्य साँच्चै नै कुरा गर्नसक्ने रहेछन्; भेडाको लिँदो एककुरूवा सकेर पनि कुरा छिन्न सकेनन्; लौ अब घर फर्केर बान्ता हुने औषधि खानू' भनी भने । पुरोहित पनि लाज मानेर पछि बढी कुरा गर्न छोड्यो । राजाले पनि अपाङ्गले गर्दा मेरो कानलाई आराम भयो भनी अपाङ्गलाई ठूलाठूला चारओटा गाउँ बक्सिस दिई उद्धार गरे । (एकनिपात सालित्त जातक ४४२)

### शिल्पबाट अनर्थ भएको

उक्त अपाङ्गबाट कंकड हान्ने शिल्प एकजना मानिसले सिक्यो । पोख्त भएपछि आफ्नो शिल्पको परीक्षा गर्नलाई शहरबाट निस्कँदा ठीक त्यही बेला बाटोमा भिक्षाटन गरिरहेका सुनेत्त नामका प्रत्येक बुद्धलाई देखेर 'लौ यसमाथि नै परीक्षा गर्नुपर्ला' भनेर दायाँ कानको प्वाल ताकेर हानेको कंकड छिरेर बायाँ कानको प्वालबाट निस्क्यो । अनि वहाँ भिक्षाटन जान नसकी आश्रममा फर्केर परिनिर्वाण हुनुभयो । 'हाम्रा भन्ते आउनु भएन' भनेर मानिसहरू हेर्न जाँदा परिनिर्वाण भइसकेको देखेर साह्रै विलाप गरे । त्यसबेला कंकड हान्ने मानिस त्यहाँ पुगेर आफ्नो शिल्प परीक्षा गरेको कुरा सुनाउँदा 'हाम्रा भन्तेलाई मार्ने दुष्ट' भनी सबैले कुटपिट गर्दा मरेर अवीचि नर्कमा पतन हुनुपुग्यो । नर्कबाट मुक्त हुँदा फेरि गृधकूट पर्वतमा तीन गावुत ठूलो प्रेत भएर जन्म्यो । उक्त प्रेतको शिरमा साठीहजार मुङ्ग्रोले अटुट हानी टाउको चूरचूर गरिरहन्थ्यो ।



https://dhamma.digital

मूर्खको शिल्प अनर्थ गर्नलाई मात्र हुन्छ । शिल्प विद्या प्रयोग गर्न जाने मात्र राम्रो फल दिन्छ; प्रयोग गर्न जानेन भने हानी मात्र बाँकी रहनसक्ने तथ्य देखाउने उदाहरणको नमूना नै भयो । (धम्मपद-३२५)

## सुसिक्खित विनय

**(विनेती'ति विनयो । विनेति=**दान्त गरिदिने सिकाइ दिने रहेछ; **इति**=त्यसैले; **विनयो**=विनय भन्दछन् । विनय जान्ने बुझ्ने व्यक्तिलाई उक्त विनयले कसरी खाने-लाउने चल्ने बस्ने गर्नुपर्छ भनेर निर्देशित गरिरहेजस्तै हुने भएकोले सिकाइदिने भनेको हो । बोलचाल र रहन सहन आदि ठीक ठाउँमा पर्नेगरी सुधार गरी नियमित गर्ने नियमहरू नै भए । **'सुसिक्खित'** भनिए अनुसार राम्ररी सिक्नु र आचरण गर्नु भनी दुईटा अर्थ भएकोले आचरण गर्नु नै प्रधान हो । विनय जानेर आचरण गरेन भने पनि मङ्गल हुन्न । भिक्षु विनय, गृहस्थी विनय भनी दुइटा रहेकामा सात प्रकारका आपत्ति नहुने गरी आचरण गर्नु अथवा चतुःपारिशुद्धि शीलको रक्षा गरिगर्नु भिक्षु विनय हो । यस विनयलाई अरहत्त फलमा पुग्ने गरी आचरण गर्नुद्वारा लौकिक, लोकुत्तर सुख लाभ हुनसक्ने भएकोले यो मङ्गल भनिएको हो ।

## गृहस्थी-विनय

गृहस्थी विनयलाई अर्थकथा मा **'अगारिकविनयो नाम दस अकुसल-कम्मपथ-विरमणं**=दशवटा अकुशल कर्मपथबाट विरत हुनुलाई गृहस्थी-विनय भनिन्छ' भनी वर्णन गरिएको छ । यी दश अकुशल कर्मपथबाट विरत नभएका व्यक्तिले अरू-अरू गृहस्थी नियमहरू पनि भंग नै गर्नेछ । उक्त दशअकुशल धर्मले विरत हुन सक्यो भने अरू-अरू नियमहरूलाई पनि अनुशरण गर्नलाई गाहारो छैन । त्यसैले मूलभूत भएकोले अकुशल कर्मपथ धर्म दशवटालाई मात्र गृहस्थी विनयको रूपमा वर्णन गरेको हुनुपर्छ । सिङ्गालोवाद सुत्त लाई **'गिहिविनय सुत्तन्तो नामायं=**यो गृहस्थी-विनय देखाउने सूत्र हो' भनेको पाथिकवग्गट्ठकथा मा उल्लेख छ । उक्त सूत्रमा गृहस्थीहरूले विरमण गर्नुपर्ने आचरणहरू पालन र आचरण गर्नुपर्ने नियमहरू भगवान्ले बताइराख्नुभएको छ । आमा-बाबु र छोरा-छोरीहरूले, गुरू र शिष्यले, लोग्ने र स्वास्नीले, मालिक र दासले, आचार्य र अनुयायीले आचरण गर्नुपर्ने कर्तव्य धर्महरू उक्त सूत्रमा देख्नसक्छौं ।



https://dhamma.digital

तीं व्रताचरणहरू पुराना आचार्यहरूका साहित्यिक काव्य-अंलकारका माध्यमद्वारा समाजमा प्रचार प्रसार र प्रकट भइराखेका छन्। ती व्रताचरणहरू पालन नगरी नहुने गृहस्थी व्रताचरण विनयहरू हुन् । साँच्चै हो, लोकमा गर्न अयोग्य काम गर्नु अकुशल भएजस्तै गर्नुपर्नेलाई नगर्नु पनि अकुशल नै हो । यी व्रताचरणहरू परस्पर मायाममता बढाई बस्न मान-मर्यादा गरी, संगठित भई अनुकूल भएर बस्नको लागि सम्बन्धकारक रसायन जस्तै भएकोले यी कर्तव्यहरू भंग भइरहनुले गृहस्थी समाजमा विभिन्न समस्याहरू उत्पन्न भइरहन्छन् । कर्तव्य पालन भएका मानिसहरूका माझमा त सधैं रमाइलो भइरहन्छ। मैत्री, करूणा, मुदिता धर्महरू प्रकाश र विकास भइरहने जस्तो युगमा भए यी कर्तव्य धर्महरू स्वभावतः नै परिपूर्ण भइरहने हुनाले नियमहरू नै नियमित गर्न पर्ने अवस्था हुँदैन। त्यसपछि फेरि बास गर्ने, बस्ने, बोलिचाली, खाने, पिउने, परस्परमा सम्पर्क राख्ने ढंग आदिमा असभ्यता नहुने गरी, सभ्य भई मनुष्यजातिका चलन अनुसार नियमित गरिराखिएका नियमहरू रहिआएको हुनाले ती नियमहरू पनि विनय नै हुन्। देशवासीहरूको व्रताचरण भनेको पूरै राष्ट्रसँग सम्बन्धित विषयमा विरमण गर्नुपर्ने, अनुसरण गर्नुपर्ने नियमहरू पनि हुनसक्ने हुनाले ती नियमहरू पनि विनय नै भन्नुपर्छ।

## सुधार गरिदिए स्वीकार्नु पर्छ

विनय नियम जानीबुझी अनुसरण गर्ने व्यक्ति प्रज्ञावान सत्पुरूषहरूको दृष्टिमा सुसंस्कृत हुने भएकोले गहना वस्त्र अलंकारहरू उचित ठाउँमा (थीथाय्? ) सजधज गरिएको जस्तै हेर्नलायक हुन्छ। विनय नजान्ने, जाने पनि आचरण र अनुशरण नगर्ने व्यक्ति अतिव असभ्य भई प्रज्ञावानहरूका दृष्टिमा घृणास्पद, निन्दनीय अमङ्गल मात्र हुनसक्छ । आफूहरूले नजान्नाले कसैले सुधार गरिदिए भने चिटिक्क मिल्ने राम्रो अलंकार दिनल्याएको समान सम्झेर सहर्ष स्वीकार गर्न योग्य छ । मनुष्य स्वभावमा मान-घमण्ड बलियो हुने हुनाले त्यसरी सुधार गरिदिएकोलाई सहन नसकी वाद-प्रतिवाद गरी विरोध गरी हिंड्नसक्छ । यस्ता व्यक्तिहरू आफूलाई लाभ हुने श्रीशोभा मङ्गललाई विनाश पारेर बस्नेहरू नै हुन् ।

### गन्धार जातक

यहाँ क्रमैसित आएको हुनाले संक्षिप्तमा गन्धार जातक उल्लेख गर्दछु।



https://dhamma.digital

पूर्वकालमा गन्धार ऋषि र वेदेह ऋषिहरू सँगै बसोबास गरिरहेको हिमवन्त पर्वत छोडेर एउटा प्रत्यन्त गाउँमा आइपुगेछन् । यी ऋषिहरू दुइजना गन्धार राष्ट्र, विदेह राष्ट्र त्याग गरी ऋषि बन्नआएका पुराना राजाहरू रहेछन् । उक्त गाउँमा बस्दाबस्दै एकदिन भिक्षाटनमा प्राप्त भएको उब्रेको नुन वेदेह ऋषिले आश्रमको छतमुनि घुसारी राखेछन् । भोलिपल्ट नुन प्राप्त नहुँदा उक्त नुन झिकेर गन्धार ऋषिलाई दिँदा 'आज नुन प्राप्त भएको छैन, यो नुन कहाँबाट आयो ?' भनी सोद्धा हिजो उब्रेको सच्याइ राखेको कुरा बताउँदा 'देशलाई नै त्याग गरी आइसकेपछि पनि जाबो नुन अलिकतिमा पनि आशक्त भई बचाइ राखेको त' भनी दोष लगाई अनुशासन गरे । त्यसलाई वेदेह ऋषिले सहन सकेनन् । 'तपाँई अरूलाई अनुशासन गर्न मन नलागेकोले आफूले आफैलाई अनुशासन गर्नको लागि निस्केर आई अब अरूलाई (मलाई) अनुशासन गर्नु पर्छ र' भनी जवाफ दिए । 'हे वेदेह ! मैले धर्मपूर्वक बोलिरहेको छु, अधर्मपूर्वकका कामकुरा मलाइ मन पर्दैन; धार्मिकपूर्वक भनिरहँदा मलाई अकुशल हुँदैन' भनी भन्दा 'जस्तोसुकै कारणले होस्, अरूलाई हानी हुने भएमा लाभ हुने कुरा भए पनि बोल्न मिल्दैन' भनी फेरी जवाफ दिए ।_मेपिन्त थियां थियां _ 'अरूलाई धक्का परेर भूस झैं उडाएर लगे पनि धार्मिकपूर्वक बोलिरहेको मलाई दोष छैन' भनी भनिसकेपछि फेरी अनुशासन गरे 'वेदेह ... आफ्नो बुद्धि पनि छैन, विनय पनि नसिकेका धेरै मानिसहरू जंगलमा बस्ने अन्धो राँगो झैं केही विचार विमर्श नगरिकन जथाभावी हिंड्ने मात्र हुन्छन् । गुरू आचार्यहरूबाट शिक्षा दीक्षा पाएर संयमित भइसकेको विनयी व्यक्ति मात्र स्थीर र स्वच्छ चित्तका भएर विचरण गर्नपाउने हुन्छन्' भनी अनुशासन गरेपछि मात्र आफूले गरेको गल्तीको क्षमा मागे । यिनी वेदेह ऋषि स्मृतिधर्म (होशियार) भएका हुनाले बेशै भयो । यदि स्वीकार नगरी बिल्कुल विरोध गरिरहेको भए अनर्थ नै हुनसक्थ्यो । यसपालि भने गन्धार ऋषिको अनुशासनलाई दोहोरो सुनेर स्वीकार गरेकोले ध्यान समापत्तिहरू लाभ गरी अर्थ प्राप्त गरिलिन सके । (जातक ट्ठ. ततिय सत्तकनिपात गन्धार जातक ३४)

## सुभासित वाचा

दुश्चरित्र नभइ दोषरहित वचन-बोलीलाई **सुभासित वाचा** (=राम्ररी बोलिएको कुरा) भन्नुपर्दछ । यो **सुभासित वाचा**को क्षेत्रमा 'वचनका ४ अंग' भन्ने भनाई छ । सगाथावग्ग वङ्गिस संयुक्त सुभासित वाचा सुत्तमा उल्लेख

भएका चारअंग नै हुन् । ती हुन्-

**१)	सुभासित - राम्रो वचन**

**२)	धम्म - धर्मानुसारको वचन**

**३)	पिय - मनपर्ने वचन**

**४)	सच्च - सत्य वचन**

यीमध्ये परस्पर मेलजोल नहुने गरी झगडा मचाउने **पिसुणवाचा** (चुगली कुरा) नगरी बरू फाटेर बसेकाहरूलाई मिलिजुली बनाउनु, मिलिजुली भएकाहरूलाई अझ मैत्रीभाव वृद्धि हुनेगरी बोलिने कुरालाई **सुभासित** भन्दछन् । **सम्फप्पलाप** (=निरर्थक गफ) नगरी सही घटना, कारणयुक्त भएको यथार्थ कुरा, सत्यता भन्नुबोल्नुलाई **धम्म** भन्दछन् । **फरूसवाचा** (=गाली गर्नु, हक्कार्नु, सराप्नु, सत्यकराल गराउनु आदि कडा वचन नबोली रमाइलो, प्यारो, चट्ट परेको, नरम र सबैलाई मनपर्ने कुरा गर्नु **पिय** (=मन पराउने) वचन हो । मुसावाद (=झुठो) कुरा नगरी सहीढंगले बोलीचाली गर्नु नै **स**च्च हो ।

## अर्को थरी ग्रहण विधि

यी माथि बताइआइएका कुरा अनुसार **सुभासित** भनेको वची-दुश्चरित्र चारवटाबाट विरत हुनु नै हो । त्यो विरत हुनु **'विनयो च सु-सिक्खितो'** मा **विनय** विषयमा पहिले नै समावेश भइसकेको हुनाले नदोहरिने गरी सुभासितमा ग्रहण गरिएका चारअंग बाहेक बाकी काय र मनो-दुश्चरित्रबाट विरत हुनुलाई **विनय** भनी ग्रहण गर्नको निम्ति सूचित गरिसकेपछि त्यसरी विनय र सुभासित घटाउनु हटाउनु काममा ब्यस्त हुनुनपर्नेगरी अर्को एक तरिकाबाट वर्णन गरिएको छ । उक्त विधिअनुसार अरूलाई उपदेश दिनु आदि कुरालाई **सुभासित** भन्नुपर्दछ । यस कथनअनुसार उपदेश मात्र होइन लौकिक क्षेत्रमा धेरैलाई अर्थहित हुनेगरी निर्देशन दिनसक्ने कुरा गर्न जान्ने असल व्यक्तिहरूको कथनलाई पनि **सुभासित** नै भन्नुपर्दछ । कुरा गर्न जान्नु, नेता-नाइके बन्नसक्नु, अरूलाई भूलेको बाटो र सही बाटो विभाजन गरी देखाउन जानेर धेरै जनाको अर्थ र हित धारण गर्ने बन्नु, धेरै जनाको श्रद्धा, स्नेह, आदर गौरव ग्रहण गर्न पाउनु आदिद्वारा धेरै लाभहरू छन् । त्यसरी कुरा गर्नजान्नुमा प्रतिसन्धिदेखि उत्पन्न भएका स्वाभाविक कुशल कर्म, सुधार गरेर जानिने सिकिने गरी दुई प्रकारका हुनसक्ने भएकोले प्रतिसन्धिदेखि भएका स्वाभाविक



https://dhamma.digital

रूपले उम्दाहरूले विशेष कोशिस नगरिकन नै आकर्षित गर्नसक्ने गरी कुरा गर्न सक्ने हुन्छन् । प्रतिसन्धिदेखि रहिआएका स्वाभाविकरूपले जानेको होइन विशेष कोशिस गरिनुद्वारा कुरा गर्न जान्ने हुनसक्छन् । त्यसो हुनाले बहुश्रुत संकलन गर्नु, बोलचाल गर्नु, विधिको अध्ययन गर्नु आदिद्वारा कुरा गर्न जान्ने व्यक्ति भएर उच्च श्रेणीमा उक्लन सक्छन् ।

## जिब्रो नै तलबार

'जन्मेदेखि नै मानिसको मुखमा मोटो तलबार पैदा भएको हुन्छ । त्यस तलबारले मूर्ख मानिस आफूले आफैलाई काट्छ ।' भगवान्बाट यो कुरा आज्ञा भएको सगाथावग्ग ब्रह्मसंयुत्त (१५१-१५४) मा उल्लेख छ । मोटो तलबार भनेर जिब्रोलाई रूढि अनुसार भनिएको हो । जिब्रोलाई प्रयोग गर्न नजानेर नर्क पुगेका प्रेत बन्नगएकाहरू ग्रन्थअनुसार धेरै भएकाले उनिहरू जिब्रोरूपी तलबारद्वारा काटिएकाहरू हुन् । संसारमा मरणपछि मात्र होइन यसै जन्ममा नै जिब्रोले जथाभावी गर्दा भय उत्पन्न गरी बस्नुपरेको, विकासबाट वंचित भइ बस्नुपरेको आदि रूपले जिब्रोरूपी तलबारद्वारा काटिएका मानिसहरू पनि धेरै नै छन् । मूर्खहरूको लागि जिब्रो तलबार भए पनि पण्डितहरूको जिब्रो फलामलाई आकर्षित गर्नसक्ने चुम्बक जस्तै नै हुन्छ । मिठो वचन सबैलाई मन पर्छ । कडा वचन मन पर्दैन । अरूलाई पनि त्यस्तै नै हो । त्यसो भएपछि किन अरूलाई आफूलाई स्वीकार्य हुने किसिमको मीठो वचन नदिई आफूलाई स्वीकार्य नभएको कडा वचन बोल्ने त ?

Dhamma.Digital

## सुजात जातक

पहिले बोधिसत्व वाराणसी देशमा राजा भएछन् । बोधिसत्वकी आमा भने रिसाहा भएकोले उदण्ड स्वभावकी थिइन् । गाली गर्दथिइन् । बोधिसत्वले पनि आमालाई उपदेश दिनको लागि उपयुक्त कारण वा उपमाको मौका खोजिरहे । एकदिन बोधिसत्व उद्यानमा घुम्न निस्कँदा आमा पनि सँगै आएकी थिइन् । बाटोमा टिटि्टभक पंक्षीका आवाज सुनेर मानिसहरूले 'ए कर्कश बोल्ने पंक्षी, ... तँ नकरा' भन्दै कान थुने । बगैंचामा घुमिरहँदा फूलका बोटबिरूवाहरू पलाएकाले झ्वाम्म परेका शालवृक्षको माथिबाट कोयल कराउँदा 'ए सुमधुर बोल्ने पंक्षी, ! फेरि गाऊ, तिमी फेरि गाऊ' भनी गर्धन तन्काई-तन्काई कान दिएर सुनिरहे । उक्त तथ्यलाई नमूना बनाई बोधिसत्वले



https://dhamma.digital

'हे आमा ! टिट्टिभक पंक्षीको बोली सुन्दा सबैले कान थुने । कर्कश बोली वचन कसैले पनि सुन्न मन पराउँदैनन्' भनी भनिसकेपछि 'आमा, रूप लावण्य राम्रो भए पनि आकर्षक भए पनि स्वर नराम्रो भयो भने यस लोकमा र परलोकमा जुनसुकै लोकमा भए पनि कतै पनि कसैले पनि मन पराउँदैनन्, आकर्षक मान्दैनन्; कोइली पंक्षीको रूप कालो भएकोले नराम्रो भए पनि नरम मीठो हुनेगरी बोल्न जानेकोले मानिसहरूले मन पराई मान गरिरहेका छन्, होइन र; त्यसो हुनाले प्रज्ञा ज्ञानले तुलना गरी मिठो राम्रो वचन मात्र बोल्न योग्य छ' भनी भने । त्यसबेलादेखि राजमाताले आफ्नो खराब बानी छोडेर राम्रो बानी भएकी बनिन् । -जातकअट्ठकथा २, सुजात जातक ३१५)

**१७)** **मातापितु उपट्ठानं; पुत्तरदारस्स सङ्गहो ।**
**अनाकुला च कम्मन्ता; एतं मङ्गल'मुत्तमं ॥**

१७) **देवपुत्त**=भो देवपुत्र; **मातापितु**=आमा बुबालाई; **यं उपट्ठानञ्च**=सेवा उपस्थान गर्नु; **पुत्तदारस्स**=सन्तान र स्वास्नीलाई; **यो सङ्गहो च**=जुन सहयोग र संग्रह गर्नु पनि; **अनाकुला**=आकुल-व्याकुल नहुने शुद्ध; **ये कम्मन्ता च**=जुन काम कुराहरू पनि; **अत्थि**=रहेका छन्; **एतं**=यी चारैवटा, **उत्तम**=उत्तम, **मङ्गल**=मङ्गल नै हुन् ।

## चारवटा मंगलको भावार्थ

भो देवपुत्र, आमालाई सेवा-उपस्थान गर्नु, बुबालाई सेवा-उपस्थान गर्नु, सन्तान र स्वास्नी आदिलाई सहयोग र संग्रह गर्नु, आकुल-व्याकुल नहुनेगरी काम-कुरा गर्नु, यी चारवटा उत्तम मङ्गल हुन् ।

## मातापितु उपट्ठान

आमा-बुबालाई सेवा उपस्थान गर्नु अति उत्तम कुशल कर्म हुनाले मङ्गल भएको हो । आफुप्रति भएका आमाबुबाहरूका उपकारहरू अति धेरै हुनाले र विशाल गुणयुक्त आमाबुबाहरूलाई सेवा उपस्थान गर्नुद्वारा अति महान लाभ हुने भएकोले आमा बुबा दुवै साँच्चै नै सेवा उपस्थान गर्न योग्य उपकारक व्यक्तिहरू रहेछन् । महान गुणवान् र महान उपकारक रहेको ढंग देखाउने छु ।-



https://dhamma.digital

**ब्रह्मा**

ब्रह्माहरूमा मैत्री, करूणा, मुदिता, उपेक्षा यी चारप्रकारका भावना खाली नभइकन निरन्तर भइरहेजस्तै नै आमा-बुबाहरूमा पनि आफ्ना छोराछोरीहरूप्रति उक्त चारप्रकारका भावना खाली नभइकन सधैं उत्पन्न भइरहेको हुन्छ नै । छोराछोरीहरू गर्भमा बसेदेखि नै आमा-बुबामा 'हाम्रा सन्तान अङ्गले-परिपूर्ण भइ राम्ररी निरोगी-पूर्वक कहिले जन्म हुने होला' भनी मैत्रीचित्त उत्पन्न भइरहने हुन्छ । जन्म भएर आफ्नो छोराछोरीको अनुहार देखिरहने अवस्थामा भन्नै पर्दैन । उत्तानोपरी सुत्न मात्र जान्न-सक्ने कमलो उमेरमा उडुस, उपियाँ, लामखुट्टे आदिको टोकाईले वा बस्ने, सुत्नेमा शास्ती, खानाको लागि रोए पनि आमा-बुबामा दयामाया र करूणा उत्पन्न हुन्छ । दगुरी जान सक्यो, उफ्रिन सक्यो, खेली हिंड्नसक्यो भने छोराछोरीहरूलाई हेरेर आमाबुबाको चित्तमा प्रसन्नता हुने मुदिता उत्पन्न हुने गर्दछ । घर-गृहस्थी बसाली भिन्नै घरजम गरिबस्ने बेलामा 'अब मेरो छोरा आफैंले जीवन-यापन गर्नसक्ने भयो ।' यसरी सन्तानको अवस्थाअनुसार आमा-बुबामा चार ब्रह्मविहार धर्म चारथरी उत्पन्न भइरहने हुनाले **'ब्रह्मा'ति मातापितरो**=आमा-बुबा भनेका ब्रह्मा नै हुन् ।' भनी तथागतले उपदेश दिनुभएको हो ।

**पुब्बाचरिय (पहिलो गुरू)**

आमा-बुबाले धेरै सानो उमेरदेखि 'यसलाई के भन्दछन्' आदि भनी भन्न बोल्न जान्ने गरी सिकाईदिन्छन् । बस्न जान्ने, आसनमा बस्न जान्ने, खान जान्ने, पिउन जान्ने गरी सिकाइदिन्छन् । गर्न मिल्छ, गर्न मिल्दैन, संगत गर्न मिल्छ, गर्न मिल्दैन जस्ता तथ्यलाई बुझाई सिकाइदिन्छन् । त्यसपछि मात्र अरू गुरूहरूले शिक्षा, साहित्य, गणित आदि शिल्प-विद्याहरू सिकाउँछन् । यसरी अरू अरू गुरूआचार्यहरूभन्दा पहिला परेका गुरूहरू भएकाले आमा-बुबा पहिला गुरूहरू हुनपाएका हुन् । त्यसैले **'पुब्बाचरियो'ति वुच्चरे**=पहिला गुरूहरू भन्न योग्य छन्' भनी बताउनुभएको हो ।

**धेरै उपकारी**

त्यसरी गौरव राख्नपर्ने भनेको धेरै उपकारी भएकोले नै हो । आमाबुबाहरूले आआफ्ना छोरा छोरीहरूलाई दीर्घायु बनाउनको लागि विभिन्न



https://dhamma.digital

प्रकारले सेवा-टहल र रेखदेख गर्दछन् । आमाले आफ्नो रगतको दूध खुवाई संरक्षण गरी हुर्काएका हुन् । यो लोकलाई जान्न बुझ्न सक्ने पारी देखाउन जान्दछन् । त्यतिसम्म महान उपकार गर्ने भएकोले नै हो लौकिक विधि अनुसार ऋण तिरे भने कुनै तरिकाबाट पनि तिर्न सकिंदैन भन्ने कुरा भगवान्ले बताइराख्नुभएको हो । 'पूर्णरूपले आमा-बुबाको गुणको बदला तिर्छु' दाहिने काँधमा आमा र बाहिने काँधमा बुबालाई बसाली बोकी सयवर्षसम्म हिंडेर सेवा उपस्थान गरे पनि पूरा ऋण तिरेको नहुने कुरा, श्रद्धा शील आदि सत्पुरूष धर्म भइनसकेका आमाबुबालाई श्रद्धा हुनेगरी, शील हुनेगरी, प्रज्ञा हुनेगरी उपाय गरिदिएर मात्र उपकारको पूरा ऋण तिरेको हुने कुरो बताउनुभएको हो । (अगुत्तर प. ६३) त्यस्ता महान उपकारक महान गुणवान्हरू भएकोले आमा बुबालाई अभिवादन गर्नुपर्छ; खानापीना, लुगा गरगहना, ओढ्ने, ओछ्याउने बसोबास ठाउँ दिनु, नुहाइदिनु, हात, खुट्टा, शरीर मिचिदिनु, आदि कर्तव्य व्रतधर्म द्वारा सेवा उपस्थान गर्नुपर्छ । त्यसरी कर्तव्य पूरा हुनेगरी व्रतधर्मद्वारा यसै जन्ममा पण्डितहरूबाट प्रशंसा पाउँदछन् । आगामी जन्ममा देवलोकमा आनन्दमय जीवन यापन गर्न पाउँछन्' भनी तथागतले आज्ञा गर्नुभएको छ । (अंगुत्तर प (१३०-१)

### पश्चाताप हुने काम नगरौं

आमा बुबालाई फालेर बस्ने कोही कोही छोराछोरीहरू हुन्छन् । आमाबुबालाई दोषारोपण गर्ने छोरोछोरीहरू त्योभन्दा धेरै हुनसक्छन् । उनीहरू पछि कुनै न कुनै दिन पश्चाताप भोग्नुपर्नेहरू हुन् । तर पश्चाताप हुने बेलामा आमा बुबाहरू बितिसकेको हुने हुनाले पश्चाताप मात्र बाकी भएर जीवनभर मानसिक दुखलाई हृदयमा टाँसेर बस्नुपर्ने हुन्छ । अजातशत्रु राजाले देवदत्तसँग संगत गर्न पुगेकोले सत्पुरूष पिता विहारदाता बिम्बिसार राजालाई कारागारमा थुनीराखे । पाइतालामा छुरीले चिर्न लगाउने सम्मको क्रूर व्यवहार गरे । पछि आफ्नो छोरा जन्मेको सुन्नपाउँदा हृदयको भित्रसम्म नै प्रीति उत्पन्न हुँदा 'मेरा बुबाले पनि मलाई यसरी नै माया गरेका थिए होलान् ।' भनी होस आएर आमासँग सोध्नगए । त्यसबेला आमाले 'बाबु, यति मात्र कहाँ हो र, तिमी बच्चा छँदा तिम्रो औंलामा मुसाँकै(खटिरा)आएकोले त्यो औंलालाई तिम्रा बुबाले मुखमा राखिरहनुभयो । मुखभित्र खटिरा फुटी पीप निस्कँदा पीप थुक्यो भने तिमीलाई दुखेर रोउला भनेर त्यो पिप-रगत सबै



https://dhamma.digital

निलिदिनुभयो । यतिसम्म माया गर्नुहुन्थ्यो तिमीलाई' भनी सुनाएपछि मात्र पश्चाताप भइ बुबालाई छाडी दिनू' भनी हुकुम दिए । तर समय घर्किसकेको थियो । बुबा स्वगारोहण भइसकेको थिए । यस पश्चातापले अजातशत्रुलाई जीवनभर शास्ती गरिरह्यो ।

## गुणलाई चिनेमा मात्र गुण हो

तथागतले आमा-बुबाको गुण उपकारलाई विशेष गरी प्रशंसा गरी बताउनुभयो । आमा-बुबालाई सेवा-टहल गरी भय-उपद्रवबाट मुक्त हुनपाएको, लाभ अनुभव गर्न पाएको बताइराखेका जातक- कथाहरू पनि धेरै देखिन्छन् । अरू प्रज्ञावान विद्वानहरूले पनि आमा-बुबाको गुण-उपकारलाई धेरै उच्च प्रशंसा गरिराखेका छन् । सुमेरू पर्वतभन्दा पनि उच्च प्रशंसनीय हो भनी साँच्चै नै गुण देख्नेहरूको प्रशंसा हो । आजकल त त्रिरत्नलाई समेत फाल्नचाहने व्यक्तिहरू कति धेरै भइसकेका हुनाले आमा बुबाको गुण उपकारलाई त भन्ने ठाउँ नै छैन । भौतिकतत्वलाई महत्व दिने युगमा नाम-धातु (आध्यात्मिक) को शक्ति-प्रभाव वा आनुभावलाई स्वीकार गर्न मन पराउँदैनन् । यसरी आमा-बुबा, गुरूजन मात्र होइन कि त्रिरत्नप्रतिको चेतनालाई नै चेतना मात्र हो जसबाट कुनै लाभ हुँदैन भन्ने धारणा राखेर कुरा गर्न मन पराउँछन् । यो त अतिवादमा लागेको स्वभावअनुसार भएको हो । जुनसुकै क्षेत्रमा पनि दुवैतिर सन्तुलित हुने गरी बीचमा बसी तौलेर हेर्नजान्नु आवश्यक छ । त्यसरी हेर्दा श्रद्धा र प्रज्ञा सन्तुलनमा राखेर एकपक्षतिर बढी नजाने गरी सुधार गर्नु पनि आवश्यक छ । नत्र भने गुणलाई दोष र दोषलाई गुण धारणा हुनजान सक्छ ।

'नदीहरूमा बग्ने पानी मीठो हुन्छ । तर समुद्रमा पुगेपछि खान अयोग्य हुनजान्छ । गुणहरू गुण चिन्नेहरूको निम्ति साँच्चै नै गुणहरू हुन्छन् । गुण रहित र गुण नचिन्ने व्यक्तिहरूतिर पुगे भने दोष मात्र भइदिन्छ ।' यस नीतिद्वारा मूर्ख र ज्ञानीहरूका हातमा पुगेका गुण उपकारमा पारस्परिक दृष्टि टाढा पर्नजाने ढंगलाई बुझ्न सकिन्छ ।

## पुत्तदारसङ्गह

पुत्त- शब्द कुनै ठाउँमा छोरालाई मात्र जनाए पनि छोरीलाई समेत अर्थ लिनुपर्ने परिस्थिति पनि रहेका छन् । यो 'पुत्तदारस्स सङ्गहो' मा **पुत्त-** को



https://dhamma.digital

स्वरूप छोरीलाई समेत लिनुपर्छ। छोराछोरी, स्वास्नीलाई संग्रह गर्नु मङ्गल नै हो। त्यसमध्ये छोरा छोरीको संग्रह गर्नु भनेको आमा-बुबाको कर्तव्य नबिगार्नु नै हो। खराबबाट रोक्नु, असलमा निर्देशन दिनु, शिल्प-विद्या सिक्नलगाउनु अनुकूल अवस्थामा सम्पत्ति दिनु, उमेर पुगेपछि विवाह गरिदिनु; यी पाँचवटा आमाबुबाले आचरण गर्नुपर्ने कर्तव्य धर्महरू हुन्।

यी कर्तव्य-व्रतहरूमा खराबबाट रोक्नु, असलमा निर्देशन दिनु, अध्ययन गर्न लगाउनु, असल छोराछोरीहरू उत्पादन गर्नमा अति महत्वपूर्ण कुरा हुन्। यहाँ महाधन श्रेष्ठी-पुत्रको कथावस्तु होश गर्नुपर्छ। सो महाजन पुत्र दम्पतिका आमा बुबा प्रत्येकसँग ४०-४० कोटी धनसम्पत्ति थियो। 'हामीसँग धेरै धन-सम्पत्ति छन्। हाम्रा छोराछोरीले केही काम गर्नुपर्दैन' भनी नाटक, संगीत, वाद्यवादन मात्र सिकाई राखे। आमा-बुबा परलोक भएपछि रक्स्याहाहरूको संगत परी सबै धन-सम्पत्ति सिध्याई जोपायो त्यसको घरदैलोको भरोसा लिई हातमा कतारो बोकी मागेर खाने स्थितिमा पर्न पुगे। उनीहरूले आर्थिक क्षेत्रमा मात्र उद्योग गरेको भए प्रथम श्रेणीका साहु-महाजन बन्नपाउने, धर्म अन्वेषण गरेको भए मार्गफल लाभ गर्न सक्ने थियो। तर खराब संगतले असल पृष्ठभूमि भएकाहरू भएर पनि मनुष्य जीवनबाट पराजित भइ बस्नुपरेको ठूलो हानि हो। उनीहरूका आमा-बुबाले छोराछोरीप्रति कर्तव्य (व्रत) धर्म पूरा गरी अनुशासन दिने शिक्षादीक्षा दिने गरेको भए यी महाजनपुत्र दम्पति यति परिहानि हुने थिएन; आमाबुबाहरू माया गर्न नजान्ने भएर अत्यन्त परिहानी सहेर बस्नुपर्‍यो।

## अनाथपिण्डिक महाजन-पुत्र काल

छोराछोरीहरूलाई संग्रह गर्नमा अनाथपिण्डिक महाजन नमुना लिन योग्य छ। त्रिरत्नप्रति अति श्रद्धावान महाजनका छोरा भए पनि काल बुद्धकहाँ गएनन, उपदेश सुनेनन्, संघको सेवा गरेनन्। महाजनले अह्राए पनि मानेनन्। एकदिन महाजनमा विचार उठेकोले 'तिमी... उपोसथ धारण गरी विहारमा उपदेश सुनेर आऊ; म तिमीलाई सय रूपैंया दिन्छु' भने। पैसा मन पराउने काल उपोसथ धारण गरी विहारमा गई उपदेश नसुनीकन एउटा पायक पर्ने ठाउँमा सुतेर सबेरै फर्किआए। घरमा पुगी जाउलो भात खुवाउँदा पनि नखाई शयरूपैंया हातमा आएपछि मात्र खाना खाए। फेरि अर्को एकदिन '



https://dhamma.digital

तिमीले... तथागतबाट उपदेश सुनेर एक-टुक्रा सम्झेर आऊ; म एक हजार रूपैयाँ दिन्छु' भनी पठाइदिए। कालले तथागतकहाँ उपदेश सुन्दा एक टुक्रा सम्झेमा अर्को पद उपदेश नसुनी भागेर जान्छु भन्ने विचारले सुनेको भए पनि सुन्दा सुन्दै उपदेशको घत लागेर स्रोतापन्न हुनपुगे। यसरी महाजनको छोराको प्रसंग सर्वोत्तम संग्रह विधि हुनपुग्यो। (धम्मपदट्ठकथा २.१२३)

## ज्ञान अंश दिनुपर्छ

असल आमा-बुबाहरूले आफ्ना छोराछोरीहरूलाई धन-सम्पत्तिभन्दा पनि ज्ञान र बुद्धि दिएर संग्रह गर्ने इच्छा गर्दछन्। चीजवस्तुहरू विनाश भएर जाने हुनाले विनाश नभइ स्थावररूपमा स्थीर हुने असल फल दीर्घकालसम्म दिने उक्त संग्रह सही संग्रह नै रहेको छ। त्यसरी संग्रह गर्ने आमा-बुबाहरू छोरा-छोरीहरूलाई साँच्चै माया गर्ने छोरा-छोरीहरूका कल्याणमित्र हुन्छन्। छोराछोरीहरूलाई पुल्पुल्याउनखोज्ने अनुशासन गर्न नजान्ने आमाबुबाहरू छोराछोरीहरूलाई माया गर्ने नभइ थुनामा पार्ने भएकोले शत्रुहरू नै हुन्। छोरा-छोरीलाई सीधा विधिद्वारा एकथरी, घुमाउरो विधिद्वारा एकथरी उपाय विधिद्वारा अनेक रूपले अनुशासन गर्नु थाम्नुद्वारा असल छोराछोरी बन्ने किसिमले सुधार गरिदिनु आमा-बुबाको अभिभारा नै हो। आमा-बुबाका क्रियाकलाप, बोलीवचन आचरण चिन्तन-मनन नक्कल गर्दै हेरी हेरी सिक्ने हुनाले आमा-बुबाले छोरा-छोरीले राम्रो नक्कल गर्न र राम्रो शिक्षा लिन पाउनेगरी नमुना वा आदर्श भइ सधैं बस्नसक्नु उचित छ। लौकिक विकास मात्र होइन अनाथपिण्डिक महाजनले झैं धार्मिक क्षेत्रमा दिलचस्पी उत्पन्न हुनेगरी फकाई-फुलाई सुधार गर्दै नै जानुपर्दछ। **'यं नवे भाजने लग्गो, सङ्खारो नाञ्वथ भवे** =नयाँ भाँडोमा टाँसिरहने क्रियाकलापले विचार प्रबन्ध विग्रने, फेरिने भन्ने छैन' नीतिमा भनिए झैं मनचाहे मुताविक इच्छा भएअनुसार ढाल्नसकिने उमेरमा ढालिएको चित्तवृत्ति 'छाया' हरू दरिलो नै हुँदै जान्छ। बुद्ध-शासनलाई शिरोपर गरिरहेको एक व्यक्ति तथागतको अववाद अनुशासन अनुरूप आचरण गर्दै गयो भने लौकिक क्षेत्रमा पनि मानसिक सुख पाइन्छ। आचरण राम्रो हुन्छ। उन्नति-वृद्धि हुन्छ। साँच्चै सुख-शान्ति इच्छा हुने बेलामा पनि आधार लिन लायक सितल विश्राम-गृह हुन्छ। यस्तो भएमा आफूले प्राप्त गरिराखेका उक्त अंशलाई छोराछोरीहरूले जीवनभर संरक्षण र सुरक्षा गरिराख्न सक्ने गरी सुम्पेर नदिईबस्न सुहाउँछ र!



https://dhamma.digital

## सालिकेदार जातक

आमा-बुबालाई पालन-पोषण गर्नु, छोराछोरीहरूलाई संग्रह गर्नु मनुष्य मात्रले नगरिनहुने अभिभारा नै हो । उक्त अभिभारा पूरागर्ने व्यक्ति मनुष्य श्रेणीमा पुगेको मानिस भएको र सार भएका व्यक्ति भइ लोकमा एक शोभायमान व्यक्ति हुन्छ । 'पुरानो ऋण तिरी पठाऊ; नयाँ ऋणको बिउ छर, सुनको घडा भित्र्याऊ' भन्ने परम्परा रहेकोमा उक्त अभिभारालाई इंगित गरिरहेको हो । उक्त कुरा पकिण्णक निपात, सालिकेदार जातक (२७६) मा उल्लेख छ । राजगृह नगरको नजिक सालिद्दिय ब्राह्मण गाउँमा कोसिय गोत्त भन्ने ब्राह्मणले आफ्नो अधिनस्थ धेरै खेतहरूमध्ये कतिपय ज्याला दिएर एकजना मानिसलाई जोत्न दिइराखेका थिए । उक्त खेतमा सुगा-पंछीहरू आई चारा खान आउने भएकोले ती सुगाहरूमध्येमा बोधिसत्व सुगाले खाने मात्र होइन धानका बालाहरू चुच्चोले टिपेर पनि लाने गर्थ्यो । ज्यामी किसानले रोक्न नसकेपछि त्यो धानको सट्टा बाली तिर्न नसकिएला भन्ने पीर लागेर जगाधनी ब्राह्मणकहाँ गएर खबर दियो । खेतमालिकले पनि धानका बाला टिपेर लाने सुगालाई जालमा अल्झाई ल्याउन अह्राएपछि किसानले समातेर ल्याई ब्राह्मणकहाँ बुझायो ।

कोसियगोत्त ब्राह्मणले बोधिसत्व सुगालाई 'ए सुगा, अरूको पनि पेट छ नै होइन र ? तैंले धानको बाला टिपेर लग्नुपरेको अरूको भन्दा तेरो पेट ठूलो भएर हो कि ? तेरो भकारी पो छ कि ? अथवा तँ हाम्रो शत्रु भएर पो हो कि ?' भनी सोधे । 'भो ब्राह्मण ! मसँग भकारी पनि छैन; मैले तपाइलाई शत्रु बनाउन चाहेको पनि होइन । मैले पुरानो ऋण तिरेर नयाँ ऋणको बिउ छर्ने, सुनको घडा भित्र्याउने गर्दैछु' भनी बोधिसत्वले भन्दा ब्राह्मणले पुरानो ऋण तिरी पठाउनु, नयाँ ऋणको बिउ छर्नु, सुनको घडा भित्र्याउनुको अभिप्राय सोधे ।

'भो ब्राह्मण, हाम्रा प्वाँख उम्री नसकेका बच्चाहरूलाई पालनपोषण गर्छौं । उनीहरूले पछि हामीलाई पालनपोषण गर्नुपर्ने भएकोले नयाँ ऋणको बिउ छर्नु भन्दछन् । चलफिर गर्न नै नसक्ने गरी बुढा-बुढी भइसकेका आमा-बुबालाई पालनपोषण गर्नु उनीहरूले पहिले हामीलाई पालनपोषण गरिसकेको हुँदा पुरानो ऋण तिर्नु हो । बलशक्ति नभएकोले उड्न नसक्ने बुढाबुढी सुगाहरूलाई पुण्य पाउनको लागि पालनपोषण गर्नु सुनको घडा



https://dhamma.digital

भित्र्याउनु हो' भनी स्पष्ट गरी बताइदियो ।

ब्राह्मणले पनि 'यो सुगा धेरै धर्मात्मा रहेछ; कतिपय मानिसहरू समेत यस्तो धर्मात्मा हुँदैनन्' भनी विचार गरी अतीव सन्तुष्ट र उत्साहित भइ सुगालाई चाहिने जति लिएर खानको लागि खेतको फाँट समेत दान गरिदिए । एकहजार करीस जति खेतको फाँट सुगालाई दान दिएकोमा बोधिसत्व सुगाले आठ करीस मात्र ग्रहण गऱ्यो । बोधिसत्वले दान पुण्य गर्नको लागि, आमा बुबालाई पालन-पोषण र सेवा-उपस्थान गर्ने उपदेश दिएपछि ब्राह्मणले पनि उक्त धर्मअनुसार अनुशरण गरी धर्माचरण गरिरहेका श्रमण-ब्राह्मणहरूलाई महान रूपमा दानपुण्य गरे ।

**दारसङ्गह**

स्वास्नीलाई संग्रह गर्नु भनेको लोग्नेको कर्तव्य व्रत-धर्म पूरागर्नु भनेको हो । लोग्नेको कर्तव्य धर्महरू भनेको स्वास्नीको मान गर्नु, अवहेलना नगर्नु, परस्त्री गमन नगर्नु, सम्पत्ति अधिकार सुम्पीदिनु, लुगाफाटा र गर-गहनाहरू दिनु गरी पाँचवटा छन् ।

तीमध्ये मान गर्नु भनेको रमाइलो र मिठो वचनद्वारा मनको उत्साह बढ्नेगरी खुशी लाग्नेगरी बोल्नु भनेको हो । अवहेलना नगर्नु भनेको निन्दा गर्नु, नीचा देखाउनु, गाली गर्नु, हकार्नु आदि नगर्नु हो । सम्पत्तिमा अधिकार जिम्मा दिनु भनेको व्यवस्था गर्नको निम्ति घरको अभिभारा सबै सुम्पनु हो । खेतिपाती, व्यापार गर्नु आदि अभिभारहरू लोग्नेको भएकोले त्यसबाट उत्पादन भएको आम्दानी सम्पत्तिलाई सुरक्षितपूर्वक राख्ने संरक्षण गर्ने र घरको प्रबन्ध गर्ने अभिभार स्वास्नीको अभिभार हो भन्ने पुरानो परम्परा रहेको छ । लुगा र गरगहना दिनु भनेको आफ्नो गच्छे अनुसार दिनुलाई भनेको हो ।

कर्तव्य धर्मानुरूप स्वास्नीलाई संग्रह गर्न जान्ने असल लोग्ने एकजनालाई स्वास्नीले पनि आफ्नो कर्तव्य धर्मबाट विमुख नहुनुद्वारा असल परिणाम देखाउन सकेमा मात्र असल स्वास्नी हुनसकिन्छ । स्वास्नीको व्रत धर्म भनेको घरभित्रका कामकाजहरू राम्ररी गर्नु, आफन्तहरूलाई संग्रह गर्नु, आफ्नो पुरूष बाहेक परपुरूषसँग नियम उल्लंघन नगर्नु, धन-सम्पत्ति राम्ररी संरक्षण र संकलन गर्नु, पकाउने तुल्याउने आदि काममा दक्ष भइ अल्छी



https://dhamma.digital

नमानी काम गर्नुको रूपले पाँचवटा छन् ।

## युगल चारथरी

लोग्ने-स्वास्नी दुवै कर्तव्य व्रत-धर्म पूर्ण गरी आ-आफ्ना शीलाचरणले सम्पन्न भइरहेमा उनीहरूको घर सधैं रमाइलो भइ श्री शोभायुक्त भएको 'श्रीगृह' भइरहन्छ । यस्ता जोडीलाई देव-देवी मिलेको जस्ता युगल (जोडी) भनी भन्नसकिन्छ । चतुकङ्गुत्तर दुतिय पण्णासक पुञ्ञाभिसन्दवग्ग (३३८) मा निम्नलिखित चार युगल (जोडी) बताउनुभएको छ । ती युगलहरू-

१) मृत लोग्ने र मृत स्वास्नीको जोडी- लोग्ने पनि चरित्रहीन भएको र स्वास्नी पनि चरित्रहीन भएकी एक जोडी । गुण वृद्धि नभइकन मृत भएको हुनाले मृत भनी भन्नुपर्छ ।

२) मृत लोग्ने र देवी स्वास्नीको जोडी- लोग्ने चरित्रहीन, स्वास्नी शीलवती भएको जोडी ।

३) लोग्ने देवता र मृत स्वास्नी भएको जोडी- लोग्ने शीलवान स्वास्नी दुःशील भएको जोडी ।

४) देवता लोग्ने र देवी स्वास्नी भएको जोडी- लोग्ने स्वास्नी दुवै शीलवान भएको जोडी ।

**सङ्गहवत्थु ४ वटा सङ्गहवत्थु** (=संग्रह गर्ने कारण) चारवटा चतुकङ्गुत्तर चक्कवग्ग (३४१) मा बताउनुभएको उल्लेख छ । संग्रह धर्म चार वटा पनि भन्ने चलन छ । ती धर्महरू-

१) **दान**=दिनु,

२) **प्रियवाचा**=प्रिय वचन बोल्नु,

३) **अत्थचरिया**=अर्थ हितकारी व्यवहार गर्नु,

४) **समानतत्ता**=आफूसमान व्यवहार गर्नु; हुन् ।

यी चार संग्रह धर्मद्वारा संग्रह गर्नुलाई पनि अरू किसिमले **दारसङ्गह** (=स्वास्नीलाई संग्रह गर्नु) भनेर लिनमिल्ने भएकोले उपरोक्त व्रतधर्महरू परिपूर्ण भएको नै हो ।

**दान दिनु, प्रिय वचन बोल्नु; अर्थाचरण गर्नु र ।**



https://dhamma.digital

**आफूसमान व्यवहार गर्नु; चार सङ्ग्रह धर्म हुन् ।**

धर्मानुकूल छोराछोरी र स्वास्नीलाई पालन-पोषण र सेवा-उपस्थान गरिरहनेहरूले शक्र-देवेन्द्रले गरेको नमस्कारलाई समेत ग्रहण गर्न योग्य हुन्छ, लोकमा उत्तम हुने तरिका सक्क संयुत्त गहट्ठ वन्दना सुत्तमा तथागतले बताउनुभएको उल्लेख छ । विस्तृत कुरा संयुक्त निकाय पालीमा हेर्नुपर्छ ।

## अनाकुल कम्मन्त

**आकुल-नाना जनसमाकुलं** आदिमा **आकिण्ण** =गोलमाल भएको, खाँदाखाँन भएको भन्ने अर्थलाई व्यक्त गर्दछ । थोमनिधि मा **आकुललाई व्याकुल**=रोग आदिका कारणले के गरौं, कसो गरौं भइरहेको व्यक्ति, चिन्तित व्यक्ति भनी अर्थ लगाएर अनाकुलको अर्थलाई **अब्यग्ग**=ब्यग्र नभएको, हडबड नभएको, **एकग्ग**=एकाग्र भएको, **थिर**=स्थिर भएको, **अब्याकिण्णवाक्य**=गोलमा नभएको वाक्य भनी चारथरी देखाइएको छ । यहाँ गोलमाल नभएको वाक्यलाई मात्र व्यक्त गरेको भए पनि गोलमाल नभएका सबैथोकलाई लिनुपर्छ । **अनाकुलविनिच्छया** -उदान अट्ठकथा आदि त्यही त्यही अट्ठकथा निगमन), **अनाकुलानमत्थानं;** सम्भवा अट्ठसालिनी (अट्ठकथा निगमन), **यस्स रञ्ञो पभावेन; भावितत्तं यमाकुलं; अनाकुलं दुल्लद्धीहि, पापभिक्खूहि सब्बसो** (मोग्गल्लान निगमन), आदिद्वारा स्पष्ट भएका छन् । यस **अनाकुलकम्मन्त-** मा **अनाकुल**-पनि गोलमाल नुहुनु भन्ने अर्थलाई नै ब्यक्त गरी **आकुलभावविरहिता** (गोलमाल भएको भावबाट अलग्ग भएकाहरू) पनि अर्थकथा ले वर्णन गरिराखेका छन् ।

पहिलेको अर्थ **अनाकुल**-विघ्नबाधा नभएको भन्ने हो । **आकुल**को अर्थ बिघ्नबाधा भन्ने अर्थ देखिंदैन । यदि **'आकुल'** ले बिघ्नबाधा अर्थ व्यक्त गरेमा काम कुरा गोलमाल हुने कारणहरू कामकाजमा बिघ्नबाधा नै भएकोले अर्को ढंगबाट उचित हुनसक्छ । तर **'न आकुल-अनाकुला'** भनी विग्रह गरिएको अर्थकथासँग भने अनुकूल छैन । केहीले विनाश हुनु भनेर पनि अर्थ दिने गरेको पाइन्छ ।

## अनाकुल हुने ढंग

अर्थकथामा समय नाघ्नु, न सुहाउने गरी गर्नु, हलुका रूपमा गर्नु, ढिलासुस्ति गर्नु आदिलाई काम कुरा गोलमाल हुनुका कारणको रूपमा देखाई



https://dhamma.digital

कामकाज गोलमाल नहुनुका कारणहरू र उचित समय जान्नु, सुहाउने गरी गर्न जान्नु, अल्छी नहुनु, मेहनती हुनु, विनाश नहुनेगरी गर्नु भनेर पाँच प्रकारका देखाइएका छन् ।

**समय बुझ्नु, उचित काम रोज्नु, अल्सि नहुनु, मेहनती हुनु ।**
**कामकाज विनाश नगर्नु, अनाकुल हुनु हो ॥**

### समय बुझ्नु

कुनै पनि काम आ-आफ्नो उचित समयमा ढंगपूर्वक गरिएमा उक्त काम सजिलै र हलुकारूपमा निर्विघ्न सम्पन्न हुन्छ । काममा भंग अवस्था हुनुहुँदैन; त्यसो नभइ समय बितेपछि मात्र काम सुरू गरिएमा काम शुद्ध र सुन्दर बन्नसक्दैन; समयमा न सिध्दिएर अधुरै आंशिक मात्रामा नै छोड्नु पर्ने हुनसक्छ; त्यसो हुनाले समय घर्कनु कामकाज अपुरो हुनु काम शुद्ध र सुन्दर नहुनुले काम गोलमाल पार्नसक्ने हुनाले म्यादभित्रै काम गर्नु, शुद्ध र सुन्दर पारेर काम गर्नु, छ्यासमिस हुननदिनु भनेको र काम सिद्ध हुनु भनेको एउटै कुरो हो ।

### अनाकुल हुनेगरी काम गर्नु

त्यसपछि कामसँग अनुकूल स्थान समय आदि रोजेर काम गरेमा मात्र काम सजिलै हलुका ढंगले सिद्ध हुन्छ । त्यसो नभइ वर्षा नाघिसकेपछि खेत खन्नु भन्ने उखान झैं समय अनुकुल नहुनु, मरूभूमिमा धानको बिउ रोप्नु जस्तै स्थान अनुकुल नहुनु पर्‍यो भने काम सिद्ध हुँदैन; सिद्ध भए पनि पूरा हुँदैन; यसरी सिद्ध नहुनु, पूरा नहुनुलाई नै काम शुद्ध र सुन्दर नुहुनु गोलमाल हुनु भनी भन्नुपर्छ ।

### अल्छी हुनु

अल्छी हुनु पनि काम गोलमाल हुनुको अर्को कारण हो । अल्छी व्यक्तिले गर्मी छ, जाडो छ, अबेर भयो, सबेर छ, भोक-प्यास छ, पेट टन्न छ भनेर विभिन्न बहाना राखेर काम छल्ने गर्छ; ढिलासुस्ती पार्ने गर्छ; धेरै जाडो छ, धेरै गर्मी छ लाई त तृण र धूल जति पनि वास्ता नगरिकन कोसिस गरी कामकाज गर्ने व्यक्ति मात्र सुखबाट वंचित हुननपर्ने कुरो सिङ्गालोवाद सुत्त मा भगवान् बुद्धले बताउनुभएको उल्लेख छ । त्यसरी अनेक प्रकारले



https://dhamma.digital

बहाना गरेर वा अरू अरू कारणहरूबाट कामकाज छलेर फासफुस गर्नु सबै नै काम अपूरो हुनु, शुद्ध र सफा नुहुनु हुने हुनाले कामकाजको आकुलभाव (=गोलमाल) हरू नै भएकोले अल्छी नभएको व्यक्तिको कामकाज मात्र शुद्ध सफा भइ चट्ट परेको अनाकुल कार्य हुन्छन् ।

**वीर्यवान हुनु**

अल्छी भएन भने उद्योगी हुने काम पनि सिद्ध हुन्छ भनी भन्न मिले पनि कहिले पनि अल्छी नभई गर्ने भए पनि काममा मन नलागेर त्यस बाहेक अरू काममा दिलचस्पी हुनजानसक्ने आदि भएकोले काम हलुका हुनजानु कर्तब्यनिष्ठ नहुनु आदि हुनसक्ने भएकोले वीर्यवान् हुनुलाई अलग्ग देखाउनु परेको छ । वीर्य भने पनि बुझ्केको, दक्षता भएको आदिलाई समेत लिनुपर्दछ । काम सम्बन्धी बुझाई नभएको अवस्था, दक्षता नभएको अवस्था, आंशिक मात्र ज्ञान हुने अवस्था पनि काम गोलमाल हुनुको कारणहरू भएकोले वीर्य भए पनि नजानेको, नबुझ्केको, अदक्ष व्यक्तिको कामकाज गोलमाल हुन नै सक्छन् । जानेका बुझ्केका दक्षता भएका वीर्य भएकाको काम मात्र शुद्ध सफा र हलुका सजिलो हुने भएकोले अनाकुल=कामकाज गोलमाल नभएको हुन्छ ।

**विनाशबाट बचाउनु**

काम नगर्नु, राम्ररी नगर्नुलाई काम बिगार्नु भनिन्छ । त्यसो हुनाले ' **इत्थिधुत्तो**=रण्डिबाज, **सुराधुत्तो**=रक्स्याहा, **अक्खधुत्तो**=जुवाडे हुनु आदि सम्पत्ति विनाशका कारण कामकाज विनाशका कारणहरूले पनि कामलाई बाधा पार्छ । संयुक्त निकाय सगाथावग्ग देवतासंयुत्त मा बताइएका सम्पत्ति बगेर जाने कारणहरू छवटा प्वाल भनेको-अल्छी हुनु, प्रमादी हुनु, वीर्य नहुनु, संयम नहुनु, सुतुवा हुनु, जिउ मात्र तन्काइ बसी जांगरिलो नहुनु पनि कामकाज विनाशका कारणहरू नै भए । त्यस्ता कुलक्षणयुक्त काम नगर्ने व्यक्तिहरू, काम गरे पनि राम्ररी नगर्नाले कामकाज विनाश गर्नेहरू हुन् । काम भनेको जतिजति ठूलो हुन्छ त्यतित्यति नै सबल बनाउनको लागि सम्पत्ति खर्च गर्नु, लगानी गर्नु, खर्च गर्नु आवश्यक हुने भएकोले सम्पत्ति विनाश गर्ने कामकाज विनाश गर्ने नै भएकोले काम गोलमाल गर्ने नै भए । सम्पत्ति वृद्धि हुँदै जाँदा मात्र काम उन्नति र वृद्धि हुँदै जाने हुनाले सम्पत्तिवृद्धि हुने कारण सम्पदा-धर्म चारवटा पनि परिपूर्ण हुने गरी उद्योग गर्नुपर्दछ ।



https://dhamma.digital

**अल्छी प्रमादी, वीर्यहीन; असंयमी र सुतुवा ।**
**छैन जाँगर आँग तान्छ मात्र; धन बग्ने छवटा प्वाल हुन् ।**

**उट्ठान सम्पदा**

उद्योग पूर्ण हुनु हो । यहाँ उद्योग भने पनि काममा दक्षता नै नभएकाको उद्योग लाभ-दायक नहुने भएकोले काममा दक्षता भएकाको उद्योग भन्ने अर्थ समावेस छ । खेती गर्नु, ब्यापार गर्नु आदि कामकाज भए पनि, कुनै एउटा शिल्प-विद्याद्वारा आफ्नो जीवन निर्वाह गर्नेहरूले त्यस काममा दक्षता भइ जानीबुझी अल्छी नभइकन उद्योग गर्नुलाई **उट्ठानसम्पदा** भन्दछन् । सम्पत्ति उत्पादनमा यो **उत्थानसम्पदा** महत्वपूर्ण छ । **'उट्ठाता विन्दते धनं**=वीर्यवान्लाई सम्पत्ति लाभ हुन्छ' भन्ने सगाथावग्ग मग्गसंयुत्त (२१७) मा बताइएअनुसार धनसम्पत्ति गुण श्रीशोभा अल्छीलाई सुहाउँदैन, मूल्य छैन, वीर्यवानलाई मात्र सुहाउँछ, मूल्य हुन्छ । त्यसरी उद्योग गर्नमा नसुस्ताइकन बेइमानी नगरिकन नरूकीकन अटुट उद्योग गरिबस्ने माहुरी भमराहरूले फूलको रस जम्मा पारिनुलाई नमूना लिई काम गर्नको निम्ति र धमिराहरूले आफ्नो घर बनाउन काम गर्ने तरिकालाई नमूना लिनको लागि भगवान्ले उपदेश दिनुभएको सिङ्गालोवाद सुत्तमा उल्लेख भएको छ ।

**आरक्खसम्पदा**

संरक्षण वा सुरक्षा गर्नुबाट पूर्ण हुनु । लाभ गरी जम्मा गरिएका धनसम्पत्तिलाई आगो, पानी, चोर, डाँका आदिद्वारा नाश नहुनेगरी लुट्ननसक्ने गरी बैंकमा राखीराख्नु जीवन बिमा गरिराख्नु आदिद्वारा रक्षा गरिराख्नुलाई **आरक्खसम्पदा** भन्दछन् ।

**कल्याणमित्तता**

कल्याणमित्र उपलब्ध हुनु । लौकिक र धार्मिक क्षेत्रमा उन्नति-बृद्धि हुने कारण रहेको असल मार्ग-निर्देशन गर्नसक्ने आदर्शयोग्य गुणांग भएका कल्याणमित्र असल साथीसँग सरसल्लाह गर्नु, स्वीकार गर्नु, सत्संगत ब्यवहार गर्नु नजिक जानुलाई **कल्याणमित्तता** भन्नुपर्दछ ।

**समजीविता**

सन्तुलित तरिकाले जीवनयापन गर्नु । आम्दानी थोरै भइ खर्च बढी



https://dhamma.digital

हुनेगरी चलाउनुलाई सन्तुलित जीवननिर्वाह नभएको भन्नुपर्दछ । कमाउने बढी भएर खर्च हुने कम गरी सन्तुलन गरी खर्च गर्न जान्नुलाई **समजीविता** भन्दछन् । उचित हुने गरी खर्च व्यवहार गर्नु भनेको हो । तथागतले सिङ्गालोवाद सुत्त मा सम्पत्ति प्रयोग गर्ने विधि बताइएकोमा लाभ भएको सम्पत्तिलाई चारभागमा विभाजन गरी एक भाग ब्यवहार गर्नु, दुईभाग काममा लगाउनु, एकभाग अपर्झट आपद-विपदमा खर्च गर्नलाई जम्मा गरिराख्नको लागि निर्देशन दिईराख्नुभएको छ । दानप्रदान गर्नको लागि दैनिक व्यवहारमा रहेको एकभागबाट टुक्र्याई गर्नुपर्ने कुरा त्यसको अर्थकथामा बताईएको छ ।

**उद्योग र धन रक्षा; सन्तुलित प्रयोग र ।**
**कल्याणमित्र बनाउनु; यी चार सम्पदा हुन् ॥**

## चार प्रकारका सुख

**अनाकुलकम्मन्त-**द्वारा सम्पत्ति लाभ हुनु, उक्त सम्पत्तिको आधार लिई सेवन गर्नु र अनुभव गर्नु, परलोकमा सुख प्राप्तहुनु आदि फलहरू लाभ गर्न सकिने हुनाले यो मङ्गल भयो । विशेषत: यो **अनाकुलकम्मन्त** द्वारा प्राप्त हुने अङ्गुत्तर चतुक्क निपात आनव्य सुत्र (३८०) मा उल्लेखित सुख चार प्रकारका लाभ हुनसक्छन्; ती हुन्-

(१) **अत्थि सुख**=मसँग छ भनी विचार गर्न पाउँदा हुने सुख हो । कामकाजमा कोसिस गर्नुले सम्पत्तिहरू लाभ हुनथाल्ने अवस्थामा मसँग सम्पत्ति छ भनी बारम्बार विचार गर्दा प्रत्येक पटक प्राप्तहुने मानसिक सुख हो । यसले आफूलाई हर्षोल्लास भइरहन्छ ।

(२) **भोग सुख**=उपभोग परिभोगका कारणले उत्पन्न हुने मानसिक सुख हो । कामकाजमा उद्योग गर्नाले लाभ भएको सम्पत्ति उपभोग परिभोग गर्न पाउँदा उत्पन्न हुने मानसिक सुख हो । हर्षित हुनु हो ।

(३) **अनण सुख**=ऋण नहुनुको कारणले उत्पन्न हुने सुख हो । ऋणमा डुबेको व्यक्ति उक्त ऋणको कारणले सधैं शोकमा परिरहनुपर्ने, ऋण तिर्न नसक्ने अवस्थामा मानसिक दु:ख हुनु, ऋण स्वामीहरूको चोट सहनपर्नु, नालिस मुद्दामा पर्नु आदि रूपले धेरै दु:ख छन् । कामकाजमा कोसिस गरी सम्पत्ति पूर्ण भएका व्यक्तिले उक्त ऋणदुख नहुनुले आफू ऋणबाट रहित भइ परिपूर्ण भइरहेको कुरा सम्झँदा प्रत्येक पटक



https://dhamma.digital

मनमा प्रीति सौमन्य अनुभव गरिबस्न पाउनु मानसिक सुख नै हो ।

(४) **अनवज्ज सुख**=दोष नभएको हुनाले उत्पन्न हुने सुख हो । आफूसँग निर्दोष कायिक, वाचिक, मानसिक अवस्था तीनैवटाले पूर्ण भएको तथ्य मनमा चिन्तन गर्दा उत्पन्न हुने मानसिक हो । सबै सुखहरू धार्मिकपूर्वक लाभ भएको सम्पत्तिका कारणले उत्पन्न भएको सुखहरू हुन् । अधार्मिकपूर्वक सम्पत्ति खोज्ने व्यक्तिलाई आफ्नो अधर्म अन्याय स्मरण हुँदा प्रत्येक पटक अशान्ति हुनसक्ने भएकोले पूर्णरूपले मानसिक सुख कहाँबाट हुनसक्ला र !

## चारमहिनामा दुईलाख

काम सानो भए पनि, ठूलो भए पनि मुख्य कुरो यो होइन । अरूलाई हानी नहुने, अकुशल नभएको काम हो भने असल काम नै हुन्छ । व्यक्तिको उद्योग र दक्षता आदि अनुसार गुण, श्रीशोभा वृद्धि भइ मङ्गल हुन्छ । त्यसैले प्रज्ञावानहरूको निर्देशन ग्रहण गर्नु, काम काजमा दक्षता हुनेगरी काम गर्नु, प्रयास गर्नुद्वारा अनाकुलकम्मन्त मङ्गल हुनेगरी सुख शान्ति लिनु योग्य छ । बोधिसत्वले वाराणसी देशमा महाजन जन्म भएको अवस्थामा एकदिन राजाको हाजिरीमा जाँदा बाटोमा मरेको मुसा देखेर नक्षत्र हेरी यो मरेको मुसालाई पूँजी बनाउने व्यक्ति कारोवारमा सफल भइ धनी हुन सक्छ, भनी बोले । उक्त कुरा सुनेको एकजना गरीब मानिसले 'यो महाजन प्रज्ञावान भएकोले नजानिकन त्यसै बोलेको होइन होला' भनी सो मरेको मुसा लगेर बिरालो लाई ख्वाउनको लागी बेच्दा एकदाम प्राप्त भयो । उक्त एकदामबाट शुरू गरेर सम्पत्ति लाभको निम्ति अटुटरूपमा उद्योग गर्दै लगी चारमहिनाभित्र दुईलाख लाभ भयो । उक्त दुईलाखबाट एकलाख गुरू दक्षिणाको रूपमा महाजनलाई चढाउन जाँदा महाजनले उसको सामर्थ्य देखेर सन्तुष्ट र खुसी भएर आफ्नी छोरासँग विवाह गरी संग्रह गरे । उक्त गरीबले प्रज्ञावानको कुरालाई गौरवपूर्वक स्वीकार गर्नु, सम्पत्ति वृद्धि गर्नको लागि आवश्यक तथ्य र अवस्थालाई बुझ्नसक्नु, अटुटरूपले प्रयास गर्नुको कारणले गरीबको जीवनबाट महाजनको स्थानमा पुग्न पाए ।

**सुझाव**...

यस गाथामा मातुउपट्ठान, पितुउपट्ठान भनी दुईटा छुट्याएर मङ्गल



https://dhamma.digital

चारवटा छन् । त्यसरी चारवटा हिसाव गर्दा मात्र अट्ठकथामा देखाइएका मङ्गल ३८ वटा पूरा हुन्छन् । फेरि **मातापितु उपट्ठान** लाई दुई थरीले छुटाए जस्तै **पुत्तदार संगह** लाई पनि दुई थरीमा छुटाए भने पाँचवटा मंगल हुन्छन् । त्यसरी दुईदुई थरी नछुटाई जोडेर लिएमा मङ्गल तीनथरी मात्र हुन्छन् । यसरी अट्ठकथामा मङ्गल गणना गर्ने तरिका तीनथरी देखाइएका छन् । यस विभाजनबाट के थाहापाइन्छ भने ३८ वटा भनेको मङ्गलसंख्या नियम (=निश्चित रूपले ठोकुवा गरी नियमित गरिराखेको) होइन; ३८ वटा भन्दा बढी वा कम पारी हिसाब गरे पनि दोष छैन । मंगल ५ थरी बनाई ३९ भनी गणना गर्नुलाई र तीनथरी बनाएर ३७ वटा भनी गणना गर्नुलाई अट्ठकथा मा निषेध गरिराखेको छैन, अनुमति दिइराखेको छ भन्ने भनाइ हो ।

**१८. दानञ्च धम्मचरिया च; ञातकानञ्च संगहो ।**
**अनवज्जानि कम्मानि; एतं मङ्गल मुत्तमं ।**

१८) **देवपुत्त**=भो देवपुत्र; **यं दानञ्च**=जुन दानपुण्य गर्नु; **या धम्मचरिया च**=जुन सुचरित्र धर्मको आचरण गर्नु; **ञातकानं**=ज्ञातिबन्धुहरूलाई; **यो संगहो च**=जुन संग्रह र सहयोग गर्नु; **अनवज्जानि**=दोष नभएका; **यानि कम्मानि च**=जुन कामकाज; **अत्थि**=रहेका छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम, **मङ्गलं**=मङ्गल हुन् ।

## चारवटा मंगलको भावार्थ

भो देवपुत्र, दान प्रदान गर्नु; सुचरित्र धर्मको आचरण गर्नु; ज्ञातिबन्धु (आफन्त) हरूलाई सहयोग र संग्रह गर्नु; दोषरहित काम गर्नु; यी चारवटा उत्तम मङ्गल हुन् ।

## दान

दान भनेको **दानं देति**=दान दिइरहेको छ आदि कतिपय क्षेत्रमा दान दिइने वस्तुलाई व्यक्त गर्दछ । (**दातब्बन्ति दानं**) -**दातब्बं**=दिनु पर्ने रहेछ; **इति**=त्यसैले; **दानं**=दान भन्दछन् ।) चेतना भएमा मात्र दिने काम हुन्छ । चेतना भएन भने दिइंदैन । त्यसैले दान सिद्ध गर्नमा चेतना कारण भएकोले दान सिद्ध हुनुको कारण चेतनालाई पनि दान भन्नुपर्दछ । **दीयति इमिनाति दानं ।** -**इमिना**=यस चेतनाद्वारा; **दीयति**=दिइन्छ; **इति**=त्यसरी दिइनुको कारण



https://dhamma.digital

भएकोले; **दानं**=दान भन्दछन् ।)

फेरि चीज वस्तुमा टाँसिने लोभ हुनेबाट दान हुँदैन । टाँसिने भाव नभएको अलोभ  चित्त हुनेबाट मात्र दान हुन्छ । त्यसैले अलोभ पनि दान उत्पत्तिको कारण भएकोले **तं सम्पयुत्तो वा अलोभो**=उक्त चेतनासँग सम्प्रयुक्त भएको अलोभ चित्तलाई पनि **'दान**' भनेर अर्थकथामा वर्णन गरिएको छ ।

### दिने ढंग

चेतनामा **'दानं नाम**=दान भनेको, **परं उद्दिस्स**=अरूलाई उद्देश्य गरेर; **सुबुद्धिपुब्बिका**=सिधा सद्बुद्धि अगाडि भएको; **अन्नादि दस दानवत्थु परिच्चागचेतना**=अन्न आदि दस प्रकारका दानवस्तु परित्याग गरिनुको कारण चेतना नै हो' भन्ने अर्थकथा अनुसार ज्ञान पूर्वगामी भएको दिनुको कारण चेतनालाई दान भनेको हो भनी जान्नुपर्दछ । ज्ञान पूर्वगामी रहेको छ भनेकोमा कर्म, कर्मको फललाई जानेको बुझेको **'कम्मस्सकता सम्मादिट्ठि'** हुनुपर्नेलाई भनेको हो । 'दानको कारणले असल फल लाभ हुन्छ भनी जान्नु हो । ज्ञान पूर्वगामी भएको हुनुपर्दछ भनेकोले यो ज्ञान भएन भने दान भएन भनी सोच्नुहुन्न । सबभन्दा राम्रो ज्ञान सम्प्रयुक्त कुशल बनाउनको लागि मात्र भनेको हो । उक्त ज्ञान नै नभए पनि व्यक्तिलाई श्रद्धा राख्नु आदिद्वारा दिनुले पनि अवश्य दान हुन्छ । ज्ञान विप्रयुक्त दान हो । कतिपय बच्चाहरू, कुनै कुनै प्रदेशका मानिसहरू फल दिन्छ भनी नजाने पनि स्नेह भएकोले, मान भएकोले दिनु; दया-माया राखेर दिनु; लाभको कामना राखेर दिनु आदि हुनसक्ने हुनाले त्यस्ता दिनु दान मात्र हो । दान नभएको जस्तो  दिनु पनि छ । ती डराएर दिनु, लाभको आशा राखेर दिनु, मन परेर दिनु जस्ता नै हुन् ।

### आशक्त नहुनु

आफ्नो चीजवस्तुमा आशक्त हुनु त स्वाभाविक नै हो । तर व्यक्तिसँग श्रद्धा-प्रसन्नता हुने बेलामा अथवा मैत्री भएकोले, करूणा उत्पन्न भएर पराईको हितको कामना गर्दा आशक्तिभाव काटिन सक्छ । दिन सक्छ, अर्पण गर्न सक्छ । बोधिसत्वहरू धन-सम्पत्ति मात्र होइन आफ्नो शरीर र प्राण समेत त्याग गर्नसक्ने गरी हृदय उदार भएकाहरू हुन्छन् । त्यसको कारण त मैत्री, करूणा नै हो । उक्त मैत्री, करूणाको कारणले स्वतन्त्ररूपमा परित्याग गर्दै गएर **अलोभज्झासय(**=अलोभ अध्यासय वा मनोभावना) परिपक्व हुनथालेपछि



https://dhamma.digital

आशक्ति भन्ने हुँदैन । मैत्री, करूणा राख्न नसक्नु, श्रद्धा कमजोर हुने कारणले कसै-कसैमा आफ्नो चीजवस्तुप्रति आशक्त हुनजाने, आशक्त नभए पनि दिन मन नलाग्नुले दान नभए पनि श्रद्धा राख्न जान्ने, अरूको लाभको कामना गर्ने व्यक्तिहरूले आफूलाई साह्रै मन परेका चीजवस्तु समेत कञ्जुस्याँई गर्न नजान्ने भएर स्वलत्र रूपले दानदिन सक्छन् । सो तथ्य सम्बन्धी अङ्गुत्तर एतदग्गवग्गट्ठकथा महाकच्चायन वत्थुमा उल्लेख भएको एउटी महिलाको कुरो देखाउँदछु ।

## स्वलत्र त्यागी स्त्री

चण्डपज्जोत (चण्डप्रद्योत) राजाले तथागतलाई निमन्त्रणा गर्न कच्चायन (कात्यायन) माणवकलाई पठाउँदा आठजना अरू साथीहरूसँग तथागतकहाँ आइपुगे । बुद्धोपदेश सुन्नपाउँदा सबैजना अरहन्त भए । अरहन्त भइसकेपछि चण्डपज्जोत राजाको निमन्त्रणा निवेदन गर्दा 'तिमी मात्र गए पनि राजाले श्रद्धा राख्नेछन्' भनी कच्चायन स्थविरलाई मात्र पठाईदिनुभयो ।

स्थविर पनि अरू सातजना भिक्षुहरूसँग फर्किनुहुँदा बाटोको बिचमा तेलपनालि भन्ने निगममा पुग्नुभयो । उक्त निगममा दुईजना महाजन पुत्रीहरू रहेकामा एकजनाको सम्पत्ति नाश भएर गरीब भइ परिचारिकाको सहारामा जीवन बिताउनुपर्ने अवस्थामा थिइन् । तर उसको रूप लावण्यको मात्र राम्रो होइन कि केश पनि अति राम्रो थियो । अर्को महाजन पुत्रीसँग भने सम्पत्ति भए पनि केश थिएन । केश राम्रो भएकी महाजन पुत्रीसँग उक्त केश आफूलाई बेच्न सय देखि हजार रूपैयाँसम्म बढाबढ गरेर बढाएर दिंदा पनि दिएनन् ।

स्थविरहरू पनि उक्त निगममा भिक्षाटन गर्नुहुँदा उक्त राम्रो केश भएकी महाजन पुत्रीले देखेर 'अहो, वहाँहरूलाई भिक्षा पनि प्राप्त भएको छैन, मसँग पनि दान दिने केही छैन ।' भनी मन दुःखित गरिन् अनि आफ्नो केश साथी महाजन-पुत्रीले पहिले किन्नआएको सम्झेर स्थविरहरूलाई निमन्त्रणा गरी घरमा बोलाइन् । त्यसपछि कोठामा गएर परिचारिकाबाट आफ्नो केश काट्न लगाइन् । महाजन पुत्रीमा अति प्रबल चेतना भएकोले आफ्नो अति मेहनत गरी रक्षा गरिएको तथा मन पर्ने केश काट्न परेकोले रत्तीभर पनि प्रभाव नपरे पनि परिचारिका भने यति राम्रो केश काट्नु परेकोमा लोभ लागेर मन दुःखित भएकोले छातीमा हत्केलाले दबाई अविरल आँसु बहाउँदै



https://dhamma.digital

बसिन् । त्यसपछि स्थविरहरूले नदेख्ने गरी केश छोपेर घरबाट निस्की पहिले केश किन्न चाहेकी महाजन-पुत्रीकहाँ बेच्न जाँदा उक्त महाजन पुत्रीले पनि मूल्य घटाई आठरूपैँया मात्र दिइन् । दिएको जति लिएर घरमा आई एकजनालाई एकरूपैँया मूल्य पर्ने हिसाबले भोजन पकाई पात्रमा राखेर दान दिई पठाइन् । कच्चायन स्थविरले उक्त कारण जान्नुभइ महाजन पुत्रीसँग सोध्नुहुँदा त्यसै बस्न नसकी महाजन पुत्रीले निस्केर आई स्थविरहरूलाई प्रणाम गर्न आईन् । प्रणाम गर्नासाथ उनको केश उम्रेर आई पहिलेको जस्तै भयो । कुशलको दृष्टधर्म फल नै हो । त्यसपछि स्थविरहरू भिक्षा ग्रहण गरी आकाशमार्गबाट चण्डपज्जोत राजाको कञ्चनवन उद्यानमा पुग्नुभइ भोजन गर्नुभयो । उद्यानपालको बिन्तीअनुसार राजा सवारी भयो । स्थविरबाट तथागत आउनुनभएको जान्नुभएर 'आज कहाँ भोजन गर्नुभयो त ?' भनी निवेदन गर्दा कच्चायन स्थविरले महाजनपुत्रीको दुष्करकार्य बताउनुभयो । राजाले त्यही दिनमै महाजन पुत्रीलाई डाक्नपठाई महारानी पदमा नियुक्त गरिदिनुभयो रे । (अं.ट्ठ. १-१६२)

## दानको दृष्टान्त फल

पञ्चंगुत्तर (३३) -मा सीह सेनापतिले 'दानको वर्तमान जीवनमा नै प्राप्त हुने प्रत्यक्ष फल देखाउन सक्नुहुन्छ' भनी निवेदन गर्दा देखाउनसक्ने कुरा आज्ञा भइ भगवान्‌ले पाँचवटा फल देशना गर्नुभयो । ती हुन्-

(१) धेरै मनुष्यहरूबाट मान-मर्यादा र स्नेह राख्ने होइन्छ । तिरश्चीनहरूले समेत दिनेलाई मन पराउने रहेछन् । मानिसहरूको त कुरै नगरौं । यो फल लाभको कामना गरिने मैत्री फैलाउनुद्वारा प्राप्त हुने फल नै हो ।

२) सत्पुरूषहरू दाताहरूकहाँ नजिक आउँछन् । दान नगर्नेहरूकहाँ कोही पनि जान मन पराउँदैनन् । सत्पुरूषहरू आई नै हाले भने दाताकहाँ मात्र आउनु स्वाभाविक हो । सत्पुरूषहरूको आगमनले गर्दा कुशल उत्पन्नहुने, अमूल्य धर्मको उपहार प्राप्त हुनुबाट धेरै लाभ हुन्छन् ।

३) असल कीर्ति फैलिन्छ । अरूको हित हुनेगरी अर्थ वहन गर्ने व्यक्तिले आफैले गुण प्रकाश गर्नु पर्दैन; सबैले नै गुण वर्णन र प्रकाशन गरिरहने हुनाले सधैं गुणगान फिजीरहने हुन्छ ।

४) जस्तोसुकै परिषद्मा पनि निर्भीकरूपमा जानसक्ने हुन्छ । खराब कर्म



https://dhamma.digital

गरेको व्यक्ति आफ्नो दोष याद गरी डराउन सक्छ; थर्कमान हुनसक्छ; तर अरूको स्नेह-प्रशंसा प्राप्त गरिबस्न पाएको व्यक्ति बिचार गरी डर मान्नुपर्ने थर्कमान हुनुपर्ने नदेखेर सदा निर्भीक भइ बस्दछ। यी चारवटा फल प्रत्यक्ष वर्तमान फलहरू हुन्।

५) मरण भएमा देवलोकगामी हुनपाउँछ।

**सबैले मन पराउनु मान पाउनु; हुन्छ सामिप्य सत्पुरूषको।**
**राम्रो कीर्ति फैलिरहनु, गमन निर्भीक संसदमा।**
**मरणपछि स्वर्ग-गमन; फल हुन् यी पाँच दानका॥**

## दानले संसार लम्बिन्छ कि ?

कोहीकोही दानलाई संसार लम्बिने कुशल-धर्म भनी डरलाग्दो रूपमा भन्ने गर्दछन्। संसार चक्रबाट मुक्तहुने कामना भएका बोधिसत्वहरूले महत् आकांक्षा राखी दान गर्नुभएको संसारचक्रबाट मुक्त हुनुको कारण भएकोले नै हो। तृष्णा मात्र संसार लामो हुने कारण हो। सही बाटोमा सही मार्गमा बसी गरिने दान तृष्णालाई हटाउन समर्थ कारण हो। बोधिसत्वहरूले वर्तमान र भविष्यको जीवन रमाइलो बनाउनको निम्ति र आफ्नो निम्ति केही पनि कामना गर्दैनन्। बहुजन प्राणीहरूको हित र सुखको कामना गरी, चेतना राखी मात्र दान गर्दछन्। यस्तो दानलाई पारमीसिद्ध दान भन्दछन्। यदि प्रार्थना नै गरे पनि संसार वर्त(चक्रबाट) मुक्त हुने प्रार्थना मात्र गर्न योग्य छ। संसार चक्रबाट मुक्त हुनलाई प्रार्थना गर्नु तृष्णा होइन। यस्तो दानलाई विवर्त-निश्रित दान भनिन्छ। तृष्णा छन्दबाट मुक्त नभएको वर्त-निश्रित दान संसार घुम्ने कारण भइराखे पनि तृष्णा-रहित विवर्तनिश्रित दान संसारबाट चाँडै मुक्त हुने कारण नै हो।

## डराउनु उचित नभएको

दानकर्तामा दान दिइरहेको क्षणमा मैत्री, करूणा, मुदिता उत्पत्ति र वृद्धि भइरहने हुनाले दान ग्राहकहरूले दान ग्रहण गरी सेवन गर्नुलाई तृप्त सन्तुष्ट बनाई श्रद्धाले प्रसन्न प्रफुल्लित भइ मनमा आनन्द अनुभव गरिरहन्छ। पछिपछि मनमा सम्झिंदा पनि प्रत्येक पटक हर्ष, प्रसन्न र प्रमुदित भइरहन्छ। यी प्रत्यक्ष अनुभव गर्न पाइने दानका प्रतिफल धर्महरू हुन्। अरूप्रति मैत्री, करूणा, मुदिता वृद्धि गरिरहनाले पनि मान, दोष, लोभ, ईर्ष्या, मात्सर्य आदि



https://dhamma.digital

खराब धर्महरूबाट मुक्त रहेको हुनाले उक्त खराब धर्महरूलाई पातलो पार्ने कारण भएको दानलाई अनुशरण नगरिकन आचरण नगरिकन बस्नु उचित हुन्छ र ! दान गर्नुदेखि डराउनेहरू बेल खस्दा आकाश खस्यो भनी ठानी भाग्ने मूर्ख खरायो जस्तै डराउनु नपर्नेमा डराइ बसेको मात्र हो ।

## हानी

कोहीकोही दानमा विश्वास नभएकोले दानै दिंदैन; आफूले भने उपभोग गर्छ । त्यस्तो व्यक्ति भविष्यको जीवनमा परिहानी गरिरहेको भए पनि यस जन्ममा हानी नभएकोले बेश नै छ । कोहीकोही दान पनि गर्दैन, उपभोग पनि गर्दैन; गर्ने आँट गर्दैन; यस्ता व्यक्ति झनै परिहानी गरिरहको हुन्छ । त्यस्ता व्यक्तिलाई सुनारहरूले आगो फुक्ने खलाँती झैं सास फेरे पनि जीवन नभएको (मृत) भनी प्रज्ञावान्हरू भन्ने गर्दछन् ।

कोसल संयुत्त (९०) मा उल्लेख छ- एकजना महाजनको छोराछोरी सन्तान थिएन; धनसम्पत्ति भने नगद मात्रै अस्सीलाख कार्षापण; सुन, चाँदी आदिबाट बनेका मालसामान परिभोग्य वस्तुहरू पनि त्यति नै प्रशस्तमात्रामा थिए । यत्रो महाधनी भएर पनि चूकअमिलो तिहुन र कनिकाको भात खाई सधैं झुत्रो रथ चढी, पात गाँसेको छाता ओढी हिंड्न मन पराउँथ्यो । मरण हुँदा सम्पत्ति सबै राजश्व सम्पत्ति हुनगयो । यस घटनालाई कारण गरी तथागतले 'मनुष्यरहित सुनसान जंगलमा कसैबाट प्रयोग गर्न नपाइकनै सुकेर गएको पोखरी जस्तै नीच व्यक्तिहरूले सम्पत्ति लाभ गरे पनि आफूले पनि उपभोग गर्ने आँट गर्दैनन्; (अरूलाई) दिन पनि कंजुस्याँई गर्दछन् । प्रज्ञावानहरू त आफूले पनि उपभोग गरी; धेरैजनाको काम-काज पनि बहन गरी आफन्त सबैलाई ख्वाई-पिलाई गरी निन्दामुक्त भइ बस्दछन् । प्रशंसा मात्र प्राप्त गरी सुगतिगामी हुनपाउँछन्' भनी आज्ञा हुनुभयो । नीति आचार्यहरूले पनि 'जम्मा गरिएको सम्पत्ति लाई त्याग गर्नुलाई नै मात्र सुरक्षा गर्नु भन्दछन्; पोखरीमा भएको पानी निकाल्ने पाइप  मात्र सुरक्षा गर्नु भनेजस्तै हो' भनेका छन् ।

## धम्मचरिया

मार्नु, चोर्नु र अर्काकी स्त्री-छोराछोरीप्रति अपराध गर्नु भनेको काय-दुश्चरित्र तीनवटा, झुठो बोल्नु, झगडा गराउने कुरा गर्नु, कडा वचन बोल्नु र काम नलाग्ने गफ गर्नु भनेको वची-दुश्चरित्र चारवटा; अर्काको



https://dhamma.digital

सम्पत्ति आफ्नो बनाउने विचार गर्नु, अरूको विनाश गर्ने विचार गर्नु; धारणा गलत हुनु (मिथ्यादृष्टि) भनेको मनो-दुश्चरित्र तीनवटा; यी दशवटालाई दुश्चरित्र (=खराब आचरण) भनेर र **अकुसल-कम्मपथ** (अपाय जाने बाटो अकुशल कर्म) भनी भन्नुपर्दछ । ती कार्यहरूबाट विरत हुनुलाई **सुचरित** (=असल आचरण) भनेर र **कुसल-कम्मपथ (**=सुगतिगामी मार्ग, कुशलकर्म) भनिन्छ । यो कुशल-कर्मपथ दशवटालाई आचरण गर्नु नै **धम्मचरिया** भनेको हो । **('धम्मस्स चरिया धम्मचरिया** । (**धम्मस्स**=धर्मको; **चरिया**=आचरण गर्नु; **धम्मचरिया**=धर्माचरण गर्नु हो ।)

**धम्म** भनेको सत्पुषहरूको स्वाभाविक आचरण हो । अर्काको प्राण हनन गर्नु आदि अकुशल धर्मबाट अलग्ग भएका क्रिया-कलापहरू हुन् । हत्या गर्नु आदिबाट विरत हुनु धर्मबाट अलग नभएको आचरण भनेर पनि **धम्मचरिया**को अर्थ बताउनुपर्छ । **(धम्मतो अनपेता चरिया धम्मचरिया । धम्मतो**=धर्मबाट, **अनपेता**=अलग नभएको, **चरिया**=आचरण हो; **धम्मचरिया**=धर्म अलग्ग नभएको आचरण धर्मचर्या हो ।

दान आदि **पुञ्ञकिरिया** पनि **धम्म** नै भए पनि उक्त धर्महरू दान आदि सम्बन्धित मङ्गलमा समावेश भइसकेको हुनाले र **'धम्मचरिया समचरियाहेतु खो गहपतयो** ' आदि भनेर मूलपण्णास सालेय्यकसुत्त (३५५) मा उल्लेख भएको **धम्मचरिया** को स्वरूप कुशल कर्मपथ धर्म दशवटाको आचरण गर्नु हो भनेर आज्ञा हुनु भएको हुनाले **धम्मचरिया**को स्वरूप त्यही कुशल कर्मपथ दसवटाको आचरण गर्नुलाई मात्र अर्थकथा मा वर्णन गरिएको छ ।

## मङ्गल उत्पत्ति तरिका

'धर्म आचरण गर्नु स्वर्गगामी हुनुको कारण भएकोले मङ्गल भनिन्छ' भनी अर्थकथा मा वर्णन गरिराखेको छ । उपरोक्त सालेय्यक सुत्तमा उल्लेख भए अनुसार नै हो । यसरी परलोकको मात्र असल फल देखाई राखे पनि यसै जन्ममा विभिन्न सुपरिणामहरू प्राप्त भइरहेका छन् । खराब आचरण गर्ने व्यक्तिले चारवटा भयहरू भोग्नुपर्ने हुनसक्छ, ती हुन्-

१) **अत्तानुवाद भय=**आफूले आफैलाई आरोप लगाउने भय । दुष्कर्म गर्ने व्यक्तिले 'म खराब छु' भनी आफूले आफैलाई सधैं दोषारोपण गरी मन बेखुश भइ अशान्त पारी बस्नुपर्ने हुनसक्छ ।



https://dhamma.digital

२)　**परानुवाद भय**=अरूबाट आरोप लगाइनुको भय । 'यो व्यक्ति बदमास हो' भनी अरूबाट विशेषतः प्रज्ञावान सत्पुरूषहरूबाट निन्दा उपहास गरिनु पर्ने भय हो ।

३)　**दण्ड भय**=राजअपराध राजदण्ड भोग्नुपर्ने हुन्छ ।

४)　**दुग्गति भय=**अपायमा पतन हुनुपर्ने भय । (अं.१-४३६)

**आफूले आफैलाई निन्दा; त्यस्तै निन्दा अरूबाट ।**
**राजदण्ड, अपाय-पतन; छोड्नू भयका कारण यी चारथरी ।**

शुरूका ३ वटा भयहरू प्रत्यक्ष-जीवनमा भोग्नुपर्ने भयहरू हुनाले धर्माचरण गरिरहेका व्यक्ति उक्त भयहरूबाट मुक्त भइ कायिक र मानसिक सुख-शान्ति पाउने हुन्छ । धेरै जनाको स्नेह, गौरव, मान-मर्यादा पाउने हुन्छ । मैत्री, करूणा, मुदिता उत्पन्न भएर गहिरो मानसिक सुख-शान्ति प्राप्त भएका व्यक्तिको रूप-लावण्य, बलशक्ति वृद्धि भइ दीर्घायु भइ रहन पाउँछ । सत्पुरूष-धर्म परिहानी भएको युगमा रोग धेरै हुनु, अल्पायु हुनु हुने भएकोले सत्पुरूष धर्म विकास भएको युगमा रोगबाट मुक्त भइ दीर्घायु हुनु **धम्मचरिया**को आनिशंस फल नै हो । **'तयो रोगा पुरे आसुं; इच्छा, अनसनं जरा**=पहिले पहिले इच्छा हुनु, भोक लाग्नु, **बृद्धबृद्धा हुने समयमा** बृद्धबृद्धा हुनु रोग तीनथरि मात्र थिए भन्ने कुरा सुत्तनिपात ब्राह्मणधम्मिक सुत्त (३२५) -मा उल्लेख भएको छ । गौ-हत्या शुरू भएदेखि अन्ठान्नब्बे (९८) प्रकारका रोहरू उत्पन्न भएको हो भन्ने पनि उक्त सूत्रमा नै बताउनुभएको छ ।

Dhamma.Digital

### धम्मपाल

काशी राष्ट्रका धम्मपाल गाउँमा बस्ने धम्मपाल (धर्मपाल) माणवक तक्षशीला देशका दिशा-प्रामोक्ष आचार्यकहाँ गई विद्या अध्ययन गर्न जाँदा पाँचसय शिष्य विद्यार्थीहरूका नाइके शिष्यको तहमा पुगे । एकदिन आचार्यका जेठा छोरा परलोक भएकोले उक्त विषयमा छलफल गर्न थाल्दा धम्मपालले उनीहरूको वंशमा यसरी बच्चा अवस्थामा मृत्यु हुनेहरू कोही नभएको कुरा सुन्दा आचार्य आश्चर्य मानेर आफैं गएर परीक्षा गर्ने निर्णय गरे । त्यसपछि बाखाको हाड गोजीमा राखेर शिष्यहरूलाई पढाई लेखाई गराउने जिम्मा सबै धम्मपाललाई सिकाई निस्केर आई धम्मपाल गाउँमा धम्मपालको घरमा पुगे । आचार्यलाई घरमा बस्नेहरूले कर्तव्यपूर्वक सेवा-टहल गरे । भोजनपछि



https://dhamma.digital

आनन्दले विश्राम गरिरहँदा आचार्यले धम्मपालको बुबा ब्राह्मणलाई धम्मपाल परलोक भइसके, संस्कार सबै अनित्य मात्र हुनाले शोक गर्नु नपर्ने कुरो बताए । ब्राह्मण त ताली बजाई बेस्सरी हाँसे । 'किन हाँस्नुभएको' भनी सोध्दा 'हाम्रो छोरा मरेको होइन, आचार्य । अरू नै कोही मरेको होला' भने । 'विश्वास गर्नुस् ब्राह्मण, हेर्नुहोस् यो हो तपाँईको छोराको अस्तु ।' भनी झोलाबाट अस्तुहरू निकाली देखाउँदा आचार्यले देखाएका हाडहरू बाख्राको, कुकुरको  हाड होला; हाम्रो छोरा मर्दैन; हाम्रो कुलमा सात पुस्ता पहिलेदेखि यसरी बच्चा बेलामा मर्ने कोही छैन, आचार्य' भनी ब्राह्मणले निर्भीक पूर्वक प्रतिकार गरे । आचार्य पनि अति अचम्म मानेर 'तपाइहरूको कुलमा यसरी बच्चा बेलामा नमर्नाको कारण के हो नि' भनी सोधे । ब्राह्मणले सविस्तार बताए ।

'भो आचार्य, हामीले धर्माचरण गरिरहेका छौं । पण्डित आर्यहरूबाट निन्दा गर्न योग्य खराब काम गर्दैनौं । असत्पुरूषहरूको धर्म र सत्पुरूषहरूको धर्म दुवै पक्ष हामी सुन्दछौं । उनीहरूसँग विरोध नहुनेगरी सुन्दछौं, तर असत्पुरूषहरूको धर्मलाई स्वीकार गर्दैनौं; सत्पुरूषहरूसँग मात्र सत्संगत गर्दछौं । हामी दान दिनअगाडि पनि प्रसन्न हुन्छौं, दिइरहँदा पनि प्रसन्न हुन्छौं, दिईसकेपछि पनि प्रसन्न रहन्छौं, पश्चाताप गर्दैनौं । श्रमण, ब्राह्मण, यात्रु, मगन्ते, गरीब-गुरूवाहरूलाई खान-पान दान गर्छौं । हाम्रा जहान-स्त्रीहरूले पर-पुरूषहरूसँग गलत व्यवहार नगरे जस्तै नै हामीहरूले पनि परस्त्रीहरूसँग गलत व्यवहार गर्दैनौं । ब्रह्मचर्य आचरणको आचरण गरिरहेका छौं । हामी अरूहरूको ज्यान-प्राण हनन गर्दैनौं, चोरी गर्दैनौं, झुठा कुरा गर्दैनौं, मद्यपान गर्दैनौं । हाम्रा धर्मात्मा जहानहरूले वेदज्ञ, प्रज्ञावान, असल, उत्तम सन्तान मात्र जन्म दिएका छन् । आमा-बुबा, दाजु-भाइ दिदी-बहिनी, लोग्ने-स्वास्नी, ज्यामी कर्मी, दास-दासी सबैजना आगामी जन्मको निम्ति धर्माचरण गर्नेहरू मात्र हुन् । यी आचरणहरू हामी साना उमेरमा नमर्नाका कारणहरू हुन्' भनी भनेका धम्मपालका बुबा ब्राह्मणका कुरा सुन्न पाउँदा आचार्यले आफू परीक्षण गर्नचाहेकोले आएको कुरा भनी धम्मपाल निरोगी र स्वस्थ रहेको कुरा बताएर ती धर्महरू आफूहरूले आचरण गर्नको लागी लेखेर लिई फर्केर आए । **'धम्मो हवे रक्खति धम्मचारिं** । =धर्माचरण गर्नेलाई धर्मले अवश्य पनि फेरि रक्षा गर्दछ ।' (जातकट्ठकथा ४-५८)



https://dhamma.digital

## ञातिसङ्ग्रह

**ञाति**=आफन्त भनेका आमाका तर्फबाट बुबाका तर्फबाट सातसात पुस्ताकालाई भनेको हो । वैभव सम्पत्ति विनाश भएको कारणले वा, रोग शास्तीका कारणले अरू प्रान्तबाट आफूकहाँ आइपुगेका आफन्तहरूलाई, आफ्नो नजिक भएका आफन्तहरूलाई वस्त्र, खानपान, औषधी उपचार आदिद्वारा भरोसा दिनु सहयोग गर्नुलाई **ञातिसङ्ग्रह** भन्दछन् । उपरोक्त चार संग्रह वस्तुद्वारा आफन्त जति सबैलाई भरोसा दिनुलाई पनि संग्रह भन्नुपर्छ । आफन्तहरूलाई भरोसा दिने व्यक्तिलाई 'साह्रै असल मान्छे' भनेर धेरैबाट प्रशंसा पाउँदछन् । आफन्तहरूका गौरव र प्रियपात्र हुनपाउनुको प्रतिफल स्वरूप उनीहरूबाट पनि रक्षा प्राप्त हुन्छ । मैत्री करूणा दया मायाद्वारा संगठित हुनु, आपसी मिलिजुली र सरसल्लाह भएको परिषदद्वारा सदा प्रसन्न प्रफुल्लित र रमाईलो भइरहन्छ । इत्यादि दृष्टधर्म फललाई र सुगति भवमा पुग्न पाउने आगामी जन्मका फल समेत प्राप्त हुनुको कारण असल कर्म भएकोले **ञातिसङ्ग्रह** मङ्गल हो ।

## बोधिसत्वहरूको आचरण

आफन्तहरूलाई सहयोग गर्नु बोधिसत्वहरूको स्वाभाविक आचरण हो । बोधिसत्वहरूले आफन्तहरूको अर्थवहन गर्नु, भय उपद्रवबाट बचाउनु आदिद्वारा सधैं आफन्तहरूको अर्थ हित आचरण गरिआएको हुनाले **ञातत्थचरिया** भनी एउटा चर्याको रूपमा प्रकट रहेको छ । एकचोटि एउटा पुरोहितको टाउकोमा एउटा कागले हगेकोले पुरोहितलाई रिस उठेकोले कागहरूप्रति प्रतिशोधको भाव राखी बस्यो । एकदिन राजाको हस्तिशालामा आगो लागेर हात्तीहरू घाइते भएपछि माहुतेहरूले निको पार्न नसकी राजालाई बिन्ती चढाउँदा राजाले पुरोहितसँग सोधे । पुरोहितले मौका आइपुग्यो भनी विचार गरेर 'कागको बोसो भएमा निको पार्न सकिन्छ' भनी बिन्ती चढायो । राजाले कागहरू मारी बोसो निकाल्न हुकुम भयो । राजाको हुकुम बमोजिम कागहरू मारी बोसो निकाल्न खोजे पनि बोसो निक्लेन, कागका लास मात्र जताततै थुप्रियो ।

त्यसबेला कागहरूका राजा बोधिसत्व ८० हजार कागहरूका साथ मसानमा बसिरहेको थियो । कागहरूलाई आइपरेको भय-उपद्रव सुनेर 'म



https://dhamma.digital

बाहेक मेरा जातिबन्धुहरूको भय-उपद्रव शान्त गरी रक्षा गर्नसक्ने अरू कोही छैन' भनी विचार उठेकोले आफ्नो पारमिताहरू निरीक्षण गरी मैत्री पारमिता सम्झेर जोडतोडले उडेर गई प्रत्यवेक्षण गरी सिंहासन मुनिबाट निस्की राजालाई निवेदन गरेको कस्तो थियो भने 'महाराज, राजाहरूले निरीक्षण र परीक्षण गरेर मात्र काम-कुरा गर्नु उचित हुन्छ । आफूहरूले गरेको काम साँच्चै फाइदाजनक भएमा मात्र गर्न लायक छ। फाइदा नभइ धेरैलाई दुःख-कष्ट हुने भएमा गर्नहुँदैन। हामी काग जातिमा बोसो छैन। पुरोहितले आघात प्रतिशोधको कारणले झुठो कुरो बोलेको मात्र हो ।' कागबाट यस्तो कुरो सुन्नपाएकोले राजा अतिव प्रसन्न भइ सुनको पिड्कामा बसाली राजपरिभोग्य खानापीना ख्वाई पिलाइसकेपछि कागहरूमा बोसो नहुनाको कारण सोधे ।

'हामी कागहरू सधैं डराइबस्ने स्वभावका छौं । धेरै सत्वहरूलाई सास्ती गर्ने हौं । त्यसैले हामी कागहरूसँग बोसो नभएको हो' भनेर कागहरूका राजाले बतायो । राजा पनि अतीव सन्तुष्ट भइ प्रसन्न-प्रमुदित भइ कागहरूका राजालाई राज्य समेत सौंपी दिए। कागहरूका राजाले राज्य स्वीकार नगरी फेरि फर्काइदिएर सत्वहरूको निम्ति अभयदान माग्दा मागेको अनुसार नै दिएको मात्र नभइ कागहरूलाई सधैं चारा (खाना) दान दिने गर्नथाले । (जातकट्ठकथा १-५१०)

## जाति पूरै लिनु पर्छ

बोधिसत्वहरूले आफ्ना जातिहरूको निम्ति आफूले कष्ट सहेको, सहयोग र रक्षा गरिआएको जातकअर्थकथा मा धेरै देखिन्छ । **ञातत्थचरिया** -मा **ञाति** भनेको आफ्ना रगत मासुको सम्पर्क भएको कुललाई मात्र नलिई समान जातिका आफन्त सबैलाई नै जाति पूरैलाई भन्नुपर्दछ । यहाँ पनि आफ्ना जाति समूह सबैलाई नै **ञातक-** को रूपमा लिए भने झन पूरा हुन्छ। आफूलाई मात्र हेर्ने स्वभावको सानो मनोवृत्तिको सकीर्ण व्यक्ति हुन्छ। त्यस्तासँग आफ्ना ज्ञाति आफन्तहरूलाई सहयोग गर्नुमा नै होस् नहुनसक्छ। सम्पूर्ण जातिप्रति त भन्नै पर्दैन । धेरैजनाको अर्थ र हितको कामना भएका स्वभाव मनोवृत्ति विशाल भएका हुन् । यस्ता उदार व्यक्तिले आफ्नो आफन्त मात्र होइन कि सक्ने अवस्थामा सम्पूर्ण जातिलाई नै उपकार गर्नको निम्ति तयार हुन्छन् । आफन्त र आफ्ना जातिलाई असल बनाउन मैत्री, करूणा



https://dhamma.digital

प्रमुख भएकोले ती धर्महरू विकास भइरहेको युगमा यस **ञातिसङ्गह** का लागि अरूले अनुशासन गरिरहनु पर्दैन । भित्री हृदयमा आशक्त भइरहेको आचरण हुनाले परस्पर सहयोग मदत गरी एकढिक्का भइ मिलिजुली भइ बस्ने भएकोले रमाइलो युग हुन्छ । मैत्री, करूणा अभाव भएको युगमा त सम्पूर्ण जातिलाई त के भन्नु र, आफन्त आफन्तमा नै फूटभइ नरमाइलो भइरहेको हुन्छ । त्यसैले रमाइलो लोक सृजना गर्नको लागि यो **ञातिसङ्गह** मंगल अति नै महत्वपूर्ण छ ।

### अनमतग्ग

**'न सो भिक्खवे सत्तो सुलभरूपो, यो न माता भूतपुब्बो'** आदि अनमतग्ग देशना अनुसार यति लामो घुमीघुमी आइरहेको यो संसारचक्रमा आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी आदि भइनसकेका, आफन्त नपरेका कोही छैनन्; सबै नै आफन्त भइसकेकाहरू मात्र छन् । (स १-३९५)

यो देशना मनन गऱ्यो भने सबैजना आफन्तहरू नै रहेछन् भन्ने सामिप्यभाव, स्नेह दया-माया-पूर्ण मनोवृत्ति बनाउनसक्ने भई विशाल हृदय भएका बन्न सक्ने भएकोले आफ्नो जातिहरूप्रति मनोवृत्ति ठूलो बनाई, विकास गर्दै लानसक्ने हुनसक्नु पऱ्यो ।

**अयं निजो परोवा'ति, गणना लहुचेतिनं ।**
**उदारचरितानं तु, वसुधेव कुटुम्बकं ।** (हितोपदेश)

**अयं**=यो व्यक्ति, **निजो**=आफूसँग नजिकको आफन्त पर्ने व्यक्ति हो; **अयं**=यो व्यक्ति त, **परोव**=पराई/अपरिचित व्यक्ति हो; **इति**= यसरी; **लहुचेतिनं**=हलुका मनोवृत्ति वा अगम्भीर स्वभावका मानिसहरूको; **गणना**=आफन्त र पराई भनी दुई भाग छुटाई हिसाब गर्ने **होति**=हुन्छ । **उदारचरितानं तु**=मनोवृत्ति उच्च विशाल भएकाहरूका लागि त; **वसुधा**=सम्पूर्ण विश्व, सम्पूर्ण पृथ्वी नै; **कुटुम्बकं एव**=एउटै परिवार एउटै नाता कुटुम्ब भएको हुन्छ ।

### अनवज्जकम्म

मार्नु, चोर्नु आदि काम-कुराहरूबाट लोकमा राजदण्ड राजआरोप पनि भोग्नुपर्छ । संसारवर्तको दोष भनिने अपाय पतन पनि हुन्छ । त्यसो हुनाले **सावज्जकम्म** (=दोष सहितका कामकाजहरू) भनी भन्नुपर्दछ । ती



https://dhamma.digital

त्यसरी राजआरोप, राजदण्ड पनि नपर्ने; अकुशल पनि नभएका कामकाजलाई **अनवज्जकम्म** (=निर्दोष कामकाज) भनी भन्नुपर्दछ। त्यस्ता कामकाज भनेका उपोसथ धारण गर्नु, सेवा-टहल गर्नु, सार्वजनिक विश्राम लिन हुनेगरी रूख रोप्नु, धेरैलाई उपयोग हुनेगरी वनउद्यान निर्माण गर्नु, साँघु, नदी खोला तर्ने पुल बनाउनु, बाटो मरम्मत गर्नु, इनार, पोखरी खन्नु आदि असल कामकाजहरू हुन् । खराब कामकाज गरी दुख पाइरहेका, भोग गर्नुपर्ने सबैजनाको मन शान्त हुन्नन्, कष्ट सहनुपर्ने हुन्छन्। अमङ्गल नै हो। उपरोक्त असल कामकाजहरूबाट धेरै प्राणीहरूलाई शारीरिक तथा मानसिक सुख दिन्छ, प्रफुल्लित र रमाइलो बनाइदिन्छ । सार्वजनिक प्रयोजनको निम्ति असल काम गर्ने मानिस हुनुले धेरैका प्रियपात्र बन्नपाउनु, गौरव पाएर प्रशंसा-पात्र बन्दछन्। आफूलाई पनि स्मरण हुँदा प्रत्येक पटक, आरम्मण हुँदा प्रत्येक पटक मनमा सुखशान्ति हुन्छ । मरणासन्न अवस्थामा उक्त कुशल-आरम्मणद्वारा असल निमित्तहरू पाएर सुगति-भूमिमा पुग्नपाउने सुनिश्चित हुन्छ। त्यसैले यी कामकाजहरूलाई उत्तम मङ्गल हो भनी भन्नुपर्दछ।

## माघ (मघ) माणवक

यस **'अनवज्जकम्म'** को क्षेत्रमा माघ (मघ) माणवक नमूना नै हो । मचल गाउँका माघ माणवक दान दिनु, शील पालन गर्नु, गाउँठाउँ सिंगार्नु, रमाइलो पार्नु कुशल कर्ममा दिलचस्पी भएका व्यक्ति थिए । उक्त गाउँमा ३३ वटा घरपरिवार रहेकामा माघ माणवकको अनुशासनद्वारा आकर्षणद्वारा ३३ वटा घरपरिवारका व्यक्तिहरू नै शरीर र मन एउटै भइ दान, शील कुशलकर्ममा स्थिर भएका मात्र होइनन् कि गाउँठाउँ रमाइलो बनाउने कुशलकर्म पनि गर्दथे। बाटो सम्म पार्न ढुँगा गुड्काएर मरम्मत गर्दथे। रथ गाडा गुड्ने बाटोमा पाँग्रा धुरी अड्कने रूखझाडहरू उखेलेर काटेर सफा गर्दथे । रथमार्ग सम्याउँथे। पूलहरू बनाउँथे। पोखरी खन्ने, पाटी धर्मशाला बनाउने गर्दथे । मानिसहरू पनि असल मतिका भएकोले गाउँ, बस्ति पनि रमाइलो र सुन्दर भएर मचल गाउँ दर्शनीय र रमणीय बन्नथाल्यो ।

पहिले उनीहरू जाँड-रक्सी खाने, पशु-पंक्षी मार्ने, माछा मार्ने गरिरहँदा उनीहरूबाट आम्दानी पाइरहेका द्वारेले अहिले कुशल-धर्मी, सज्जन भलादमी मात्र बन्नपुग्दा आम्दानी नपाएकोले यी ग्रामवासीहरू चोर-डाँकाहरू हुन् भनी राजाकहाँ बिन्ती चढाउन गए। राजाले पनि निरीक्षण र परीक्षण नगरिकन नै



https://dhamma.digital

सबैजनालाई हात्तीबाट कुल्चाई मार्न हुकुम भयो। राजपटाङ्गिनीमा सबैजनालाई लडाएर राखी कुल्चाउन हात्तीहरू डोऱ्याएर ल्याए। त्यसबेला माघ माणवकले 'तिमीहरूले आ-आफ्ना शीलको प्रत्यवेक्षण गर । चुगली गर्ने द्वारे, मार्न लगाउने राजा, मार्ने हात्तीहरू र आआफूलाई समेत सबैजनाप्रति समान रूपले मैत्री वृद्धि गर्नू' भनी अनुशासन गरे । माघ माणवकले भनेमुताबिक अनुशरण गर्दा कुल्चाउन ल्याइएका हात्तीहरू कुल्चने आँट नगरी जोरतोरले कराई भागे। फेरि एकपछि अर्को ल्याउँदै कुल्चनलगाउँदा पनि सबै नै त्यस्तै नै भागेर गए। अनि राजाले 'उनीहरूसँग औषधि होला, तलाशी लेऊ' भनी अह्राएपछि तलाशी लिंदा पनि औषधि देखेनन्, भेटाएनन्। 'मन्त्र पढेको होला, सोधपूछ गर' भनी अह्राएपछि सोद्धा माघले मन्त्र रहेको बताए । राजाले सबैलाई बोलाउन लगाई 'तिमीहरूको मन्त्र बताऊ त' भनी भनेपछि माघ माणवकले 'हामीसँग अरू मन्त्र त छैन; हामी पर प्राणी हत्या गर्दैनौं; पर वस्तु चोरी गर्दैनौं; पर-स्त्रीप्रति अपराध गर्दैनौं; झुठो बोल्दैनौं; जाड-रक्सी खाँदैनौं; दान दिन्छौं; मैत्री वृद्धि गर्दछौं; बाटो मरम्मत गर्ने, पोखरी खन्ने, पाटी-पौवा बनाउने गर्दछौं। यी कामकाजहरू सबै नै मन्त्र भने नि हुन्छ, परित्राण आरक्षा पनि हो' भनी बिन्ती चढाए । राजाले उनीहरू सबैप्रति प्रसन्न र सन्तोष बनाई द्वारेको वैभव सम्पत्ति र गाउँ समेत पूरै उनीहरूको अधिकारमा छोडी दिए । सबैजना कुशल कर्महरू गरेर मरण पछि त्रयस्त्रिंशत् देवलोकमा ३३ जना शक्रहरू हुन पुगे। (धम्मपद १-१६९)

शोक रहित शान्ति-स्वस्ति

आफ्नो अर्थाचरण मात्र गर्ने (स्वार्थी); अर्काको अर्थाचरण मात्र गर्ने (परार्थी), स्व र पर दुवै पक्षको अर्थाचरण गर्ने, दुवैको अर्थाचरण नगर्ने समेत चार प्रकारका व्यक्तिहरू रहेकामा आफ्नो अर्थाचरण मात्र गर्नेलाई सम्पत्ति आदि परिपूर्ण गर्न खोजे भने त्यस्तो भए पनि मनमा आनन्द हुनु हर्ष प्रसन्न हुनु पूर्ण रूपमा पाउन सम्भव हुँदैन। पराईको अर्थाचरण मात्र गर्नेलाई आफ्नो अर्थको निम्ति शोक हुनसक्छ। दुवै आचरण गर्ने व्यक्ति शोकरहित भई शान्ति-स्वस्ति भएको हुन्छ। दुवै आचरण नगर्ने व्यक्ति लोकमा परिहानी गरी बस्ने हुन्छ। धेरै जनाको अर्थ-हित सधैं वहन गर्ने व्यक्ति धेरैको स्नेह-गौरव पाउने मात्र होइन, आफ्नो उक्त कुशल कर्महरू देखेर मनमा सम्झने बेला प्रत्येक पटक मन प्रफुल्लित भइ उल्लासले भरिएर रमाइलो मानी बस्न पाउने



https://dhamma.digital

हुन्छ। भय उपद्रवबाट अलग्ग भइ मानसिक सुखले पूर्ण भइ सधैं लाभ प्राप्त भइरहन्छ। प्रत्येक ठाउँमा , गाउँ-गाउँमा, शहर-शहरमा त्यस्ता व्यक्तिहरू धेरै भएमा त्यो गाउँठाउँ सधैं रमाइलो भइ स्वच्छ रमणीय शान्ति स्वस्तिले मात्र पूर्ण हुन्छ। त्यस्ता ठाउँमा मनुष्य परस्पर मैत्रीमा आबद्ध भएर भेदभाव रहित भइ एकै रूपले मिलेर एकताबद्ध भइ बस्न पाउने भएकोले **अनवज्जकम्म** भनिने गाउँठाउँ गाउँ शहर रमाइलो पार्ने, मानिसहरू परस्परमा समता र एकता हुनु, सधैं कुशल-कर्म उत्पन्न गर्नकोनिम्ति गम्भीर रूपमा अनुशरण गर्नुपर्ने कुशल-कर्म हो।

१९. **आरति विरति पापा; मज्जपाना च संयमो।**
**अप्पमादो च धम्मेसु; एतं मङ्गल मुत्तम॥**

१९. **देवपुत्त**=भो देवपुत्र; **पापा**=खराब कर्मबाट; **या आरति च**=जुन मनबाट विरमण भई बस्नु र; **या विरती च**=जुन शरीर र वचनद्वारा विरमण भई बस्नु अनि; **मज्जपाना**=मद्यपान गर्नुबाट; **यो संयमो च**=जुन संयम गर्नु; **धम्मेसु**=कुशल धर्ममा; **यो अप्पमादो च**=जुन अप्रमाद हुनु; **अत्थि**=छन्; **एतं**= यी तीनवटा; **उत्तम**=उत्तम; **मङ्गलं**=मंगल हुन्।

**तीनवटा मंगलको भावार्थ**

देवपुत्र, खराब कामबाट मन, शरीर र वचन विरत हुनु, मादक-पदार्थ खानुबाट संयम हुनु, कुशल धर्ममा अप्रमादी हुनु; यी तीनवटा उत्तम मंगल हुन्।

**सूचना**

कसैकसैले यस गाथा अनुसार **'पाप आरति, पाप विरति'** भनी मंगल दुईथरी छुटाएर मंगल चारवटा भनी ग्रहण गरी **'मातापितुउपट्ठान'** लाई एउटै मंगल मानी ३८ मङ्गल गनेर देखाउँछन्। यहाँ त **'आरती विरती पापा'**- को स्वरूप खराबबाट विरत हुनु भन्ने अर्थ समान नै रहेकोले **पापविरति** एउटा मात्र हिसाब गरी तीनवटा मंगल बताइएको अर्थकथा अनुसार मंगल तीनवटा मात्र लिएको हूँ।



https://dhamma.digital

## आरति विरति

रमू-धातुको विरत हुनु अर्थअनुसार **आरति र विरति** समान नै भए। '**आ'** र '**वि'** उपसार मात्र फरक रहेको छ। त्यसरी फरक रहे पनि उपसारको निम्ति अर्थभेद नभएकोले **'आरती'ति आरमणं; विरती'ति विरमणं'** भनी विरत हुनु सामान्य शब्दार्थ मात्र वर्णन गरिएको छ। अट्ठसालिनी लोकुत्तर वर्णनमा **'आरका रमतीति आरति**=टाढाबाट विरत हुने भएर आरति भन्दछन्। **विना तेहि रमतीति विर**ती= उक्त धर्मबाट अलग्ग हुनेगरी विरत हुने हुनाले 'विरति' भन्दछन्' भनी उपसार दुईटा भेदगरी वर्णन गरिएको छ। यस्तो वर्णनको आधार लिई **'आरति**=टाढाबाट विरत हुनु; **विरति**=विशेष रूपले विरत हुनु' भनेर पनि अर्थ दिने गरिन्छ। अट्ठसालिनीमा उपसार अर्थलाई वर्णन गरिएको भए पनि दुईटा पदमा विशेष अर्थ छैन। विरत हुनु मात्र हो भनेर पनि भनिएको छ। यहाँ त शब्दार्थ विशेष नभए पनि स्वरूपार्थ अभिप्राय फरक हुनु पर्ने भएकोले **आरति**=मनबाट विरत हुनु, **विरति**=शरीर र वचनबाट विरत हुनु भनेर विरत हुने ढंग फरक रहेको कुरा अर्थकथामा वर्णन गरिएको छ। यस्तो वर्णन गरिनु दृष्टिपात गर्नुपर्ने क्षेत्र नै हो। **विरति**लाई अभिधर्ममा काय-दुश्चरित्र, वची-दुश्चरित्र दुवैमा विरत हुनुलाई मात्र देखाइएकोले **विरति**-को स्वरूप काय र वाक् दवैबाट हुनु मानेर **आरति** को स्वरूप मनबाट विरत हुनुलाई मान्नुपर्दछ। यो भनाई को अर्थ पनि **आरति** द्वारा विरत हुनु, काय, वाक्, मन तीनवटाबाट नै विरत हुनु हो; तर विरतिले काय वाक् दुइटै विरत हुनुलाई जनाइसकेकोले पारिसेस (=बाँकीलाई मात्र ग्रहण गर्नुपर्ने) नयअनुसार **आरति**को स्वरूप मनले विरत हुनुलाई मात्र मान्नुपर्दछ। पुञ्ञाणसम्भार, गोबलिबद्ध नय पनि भन्दछन्।

## सूचना

**आरति विरति** -मा गाथामा छन्दको लागि **आरती विरती** भएको पाइन्छ। यस **आरती विरती** पद जस्तै नै पछिपछि अनुवाद गर्दा पालिसँग समान नभइ फरक भइराखेका कुनै-कुनै पदहरू देखिएमा पालि छन्दको लागी परिवर्तन भएका पदहरू भनी बुझ्नुपर्छ।

## मनले विरत हुनु

अकुशलमा दोष देखिने गरी विचार गरी मनले अकुशल-कर्म



https://dhamma.digital

नगर्नका निम्ति चिन्तन गर्नु, निरीक्षणद्वारा निर्णय गर्नुलाई मनले विरत हुनु भन्नुपर्दछ। पाणातिपात- आदि खराब कर्मले नर्क, तिरश्चीन, प्रेत योनिमा उत्पन्न गराउँदछ। उक्त कर्मको हलुका दोष उल्लेख गर्ने हो भने प्राणघात गर्ने व्यक्ति अल्पायुको हुन्छ। चोरी गर्ने व्यक्तिको सम्पत्ति विनाश हुन्छ। अर्काका स्वास्नी-छोरा-छोरीलाई दुराचार गर्नेको शत्रु धेरै हुन्छन्। झुठो कुरा गर्ने व्यक्तिले अन्यायपूर्वक लगाईने आरोप खप्नुपर्छ। भगवान्ले इत्यादि तथ्यहरू बताउनुभएको कुरा अट्ठङ्गुत्तर सब्बलहुस सुत्त (अं ३-७७; दुच्चरित विपाक सुत्त) -मा उल्लेख भएको छ। यी दोषहरूलाई निरीक्षण गरेर मनले विरत हुनु हो। त्यसपछि फेरि मूलपण्णास सल्लेख सुत्त (५२) -मा 'चुन्द ....कुशल धर्ममा चित्त उत्पत्ति हुनु मात्र पनि ठूलो उपकारक हो' भनी म तथागत बताइरहेको छु। शरीर र वचनले पनि गर्न पाए भने त कुरै छैन। त्यसैले अरूहरू शास्ति गर्ने, घात गर्ने भइरहन्छन्; यस क्षेत्रमा नै पनि हामी शास्ति नगर्ने भइ बस्नेछौं भन्ने चित्त उत्पन्न गर्नुपर्छ। अरूहरू प्राण घात गर्नेहरू भइबस्छन्; यस क्षेत्रमा हामी प्राणघात गर्नबाट विरत भइ बस्नेछौं, भनी चित्त उत्पन्न गर्नुपर्छ' आदि भनी बताउनुभयो। यो तथ्य पनि मनले विरत हुनुको एक ढंग नै हो।

## शरीर र वचनले विरत हुनु

**विरति**-मा **सम्पत्त विरति, समादान विरति र समुच्छेद विरति** भनी विरत हुने ढंग तीन थरी अर्थकथामा देखाइ राखिएका छन्। **सम्पत्त**-अगाडि आइपुगेको सम्पर्कमा भेटिएको वस्तुद्वारा; **विरति**=विरत हुनु। शिक्षापद धारणा गरेको नभइ आफ्नो जाति, गोत्र, उमेर बहुश्रुत आदि गुणलाई प्रत्यवेक्षण गरी 'म जस्ताले यस्तो काम गर्न योग्य छैन' भनी विरत हुनु हो। यस क्षेत्रमा अट्ठसालिनी -मा चक्कन उपासकको कथावस्तु देखाइएको छ। सो उपासककी आमालाई रोग लाग्दा वैद्यले खरायोको ताजा मासु चाहिन्छ भनी भन्यो। दाजुले अह्राएबमोजिम खेतमा खरायो खोज्न निस्कँदा दूधे धान खाइरहको खरायो मानिसको आवाज सुनेर भाग्दा झारमा अल्झेकोले समातियो। त्यसपछि मेरी आमालाई बचाउनको निम्ति अरूको प्राणघात गर्नु उचित छैन भनी खरायोलाई छोड्दियो। घरमा पुग्दा दाजुबाट हप्काई खानपर्‍यो। उनी आफ्नी आमाकहाँ गएर 'मैले जाने बुझेदेखि जानाजान कहिले पनि कसैको प्राण हनन गरेको छैन' भनी सत्य कराल गरी उभिइरह्यो। उक्त सत्यको



https://dhamma.digital

कारणले उनकी आमाको रोग तुरून्त निको भयो । (अभि. ट्ठ. १-१४६)

## समादान, समुच्छेद

शिक्षापद समादान र धारण गरी विरत हुनु **समादान विरति** हो । उक्त विरतिलाई उत्तर वड्ढमान पर्वत निवासी उपासकको कथावस्तुद्वारा देखाई राखिएको छ । सो उपासकले पिंगल बुद्धरक्खित स्थविरबाट शिक्षापद ग्रहण गरी खेतीपाती गरिरह्यो । त्यसपछि आफ्नो गोरू हराएकोले पर्वतमा चढेर खोज्नजाँदा अजिंगरबाट बेरेर समातिए । आफ्नो साथमा भएकोले कोदालोले सर्पको टाउको काट्ने विचार गरे । 'मैले गौरव राख्न लायक गुरूबाट शील ग्रहण गरी धारण गरिबसेको व्यक्तिले पनि शील बिगारेमा अनुचित हुनेछ' भनी फेरि विचार गरे । त्यसरी तीनपटकसम्म विचार गरिसकेपछि 'मैले बरू प्राण नै त्याग्छु; शिक्षापद त त्याग गर्दिनँ' भनी कोदालो जंगलमा फ्याकिदिए । उही क्षणमा अजिंगर उनलाई छोडेर अन्त गयो । (अभि. ट्ठ. १-२४६)

मार्ग (ज्ञान) सँग सम्प्रयुक्त भएको विरति **समुच्छेद विरति** हो । उक्त विरति उत्पन्न भइसकेका आर्यहरूसँग अर्काको प्राण हरण गर्छु भन्ने चित्त सम्म पनि उत्पन्न हुँदैन । पञ्चशीलमा रहेका पाणातिपात आदि पाँचैथरीका भय, उपद्रव सबै शान्त भइसकेको हुन्छ ।

## पाप स्वरूप

**पाप विरति**द्वारा कायदुश्चरित्र तीनवटा, वचीदुश्चरित्र चारवटाबाट विरत हुनुलाई लिएर **पाप आरति** द्वारा मनो दुश्चरित्र तीनैवटाबाट विरत हुनुलाई लिए भने **पाप**-को स्वरूपमा दुश्चरित्र दशैवटा समावेस रहन्छ । तर अर्थकथामा पञ्चशीलमा रहेको मज्जपानलाई पछि सोझै उल्लेख गर्ने भएकोले बाकी रहने पाणातिपात आदि चारवटालाई लिएको छ । त्यसरी लिइएका ' आर्यश्रावकहरूमा भय, उपद्रव पाँचवटा शान्त भइसके' भन्ने देशनामाथि विचार गरी र सिङ्गाल सुत्त मा आर्यश्रावकहरूले मार्नु, चोर्नु, कामगुणमा मिथ्याचरण गर्नु, झुठो कुरा बोल्नु भन्ने **कम्मकिलेस**=(धमिलो पार्ने कारण कार्य) चारवटालाई हटाईसकेको कुरा देशना गरिएको उपदेशलाई आधार मानेर **पाप**-को स्वरूप उक्त चारवटालाई मात्र गणना गरिएको हो ।

आर्यश्रावक... पिसुण वाचा आदि दुश्चरित्रबाट पनि विरत भएको उक्त देशनाअनुसार स्पष्ट भएको छ । तर 'मुसावाद एउटालाई मात्र उल्लंघन



https://dhamma.digital

गर्नसक्ने ठगले गर्न नसक्ने अकुशल केही छैन' भन्ने धम्मपद (३९) अनुसार मुसावादबाट विरत हुनसक्ने व्यक्ति भएमा पिसुणवाचा आदि पनि बोल्दैन। पञ्चशीलले उक्त मुसावादलाई विरमण गर्नुले नै दुश्चरित्रबाट विरत हुने काम सिद्ध भइसकेकोले पञ्चशीललाई आर्यहरूको हातमा सधैं धारण गरिने अरियकन्तशीलको रूपमा नियमित गरिएका छन्। त्यसो भएपछि **पाप** -को स्वरूप उपरोक्त चारवटा लिइएको उचित नै छ।

## हिरी ओत्तप्प

हिरी, ओत्तप्प धर्म विकास भइ लाज मान्न जानेको, डर मान्न जानेको युगमा अकुशल कर्म गर्न गाह्रो मानी बस्छन्, भारी ठान्दछन्। अकुशल कर्म गर्नलाई लाज मान्नुपर्दछ; डराउनु पर्दछ भनी नजानेको युगमा अकुशल धर्महरू विकास हुन्छन्। हिरी, ओत्तप्प कुशल धर्मको, विशेषतः शीलको पृष्ठभूमि मूल कारण नै भयो।

आफ्नो कुल, बाजे बज्यै आमा-बुबा परम्परादेखि बुद्धधर्मावलम्बीहरू भएकोले खराब काम नगरेको भनी विचार उठ्दा कुलको गुणलाई आरम्मण गरी अकुशल कर्म गर्नमा लाज लाग्नथाल्छ। आफ्नो उमेर, आफ्नो शिक्षा, बहुश्रुत गुण आदि विचार गर्दा पनि अकुशल काम गर्न लाज लाग्न थाल्छ। त्यसैले कुल, जाति, उमेर, श्रुतगुण आदि **हिरी** (=लज्जा) उत्पन्न गराउने कारणहरू हुन्। एकजना बुद्धधर्मावलम्बी भएकाले तथागतको अप्रिय अकुशल कर्म गऱ्यो भने सबैले उपहास गर्छन्। विशेषगरी प्रज्ञावानहरूले निन्दा गर्छन्। अपायमा पनि पतन हुनपुग्छ। यी तथ्यहरू विचार गर्नेहरूमा **ओत्तप्प** (=त्राश) उत्पन्न हुन्छ। अकुशल गर्न डराउनेछन्। त्यसैले हिरी ओत्तप्प धर्म दुइटालाई लोकपाल (=लोकवासी सत्वहरूलाई अकुशलबाट संरक्षण र सुरक्षा गर्ने धर्म) भनेर र **देवधम्म** (=कुशल उत्पत्ति गर्नलाई, सम्मुति, उपपत्ति, विशुद्धि देव बन्ने कारण भएकोले ती देवताहरूको धर्म) भनी तथागतले आज्ञा हुनुभयो। (जा.ट्ठ. १-१४९) त्यसो हुनाले हिरी, ओत्तप्प विहीन हुनु, अकुशल उत्पतिको कारण विभिन्न भय विभिन्न दुःख उत्पत्तिको कारण खराब अमंगल मात्र हुन्। लज्जा भय युक्त हुनु कुशल उत्पत्तिको कारण, सुख उत्पत्तिको कारण असल श्री-शोभा मंगल भएकोले हिरी व ओत्तप्प द्वारा पाप विरति मंगललाई कहिल्यै नछुट्ने गरी संरक्षण गरिराख्न योग्य छ।



https://dhamma.digital

## मज्जपान संयम

**मज्ज=**नशा लाग्ने कारण भएका अनेक प्रकारका रक्सी । मात लाग्ने कुहाएर उमालेर बनाइने अनेक ढंगका रक्सी; कुहाउनुनपर्ने गरी उमाल्न नपर्ने गरी स्वभावतः कडा हुनपुग्ने ताडको रस, नीपताडको रस आदि र मात लाग्ने गाँजा आदि सबैलाई नै **मज्ज** भनी भन्दछन् ।

**सेवन मादक चीज; विकाल भ्रमण अझ ।**
**हेर्नु तमासा, खेल्नु जुवा; संगत मूर्खसँगको ।**
**आलस्य सहित ६ वटा; छोड विनाश कारण ॥**

अनुसार जाँड-रक्सी खानु, रातको अबेलाकुबेलामा घुम्नु, जात्रा, उत्सवमा भुल्नु, बाह्रमासे खेली हिंड्नु, कुमित्र संगत गर्नु, अल्सी हुनु, यी छवटा सम्पत्ति विनाशका कारण हुन् भनी भगवान्ले बताउनुभएको सिङ्गाल सुत्त (दी. ३-१४८) मा छ । यस देशना अनुसार जाँड-रक्सी खानु सम्पत्ति विनाशका कारण हो भनी थाहा पाइन्छ ।

## ६ वटा दोष

यस बाहेक जाँड-रक्सी खानाले ६ वटा दोषहरू हुनसक्ने तथ्य पनि भगवान्ले बताउनुभएको छ । ती छवटा दोषहरू हुन्- १) सम्पत्ति सिद्धिएर विनाश हुनु, २) झैझगडा पर्छ, ३) विभिन्न रोगहरू उत्पन्न गराउँदछ, ४) श्रीशोभा, गुण, यशकीर्ति हीन पार्छ । ५) लुकाएर गोप्य गरिराख्नुपर्ने शारीरिक अंगहरू खोली देखाउने, ६) ज्ञानबुद्धि कमजोर हुनेगरी काम गर्नपुग्नु ।

**सम्पत्ति नाश, झगडा वृद्धि; अनेक रोग कारण ।**
**फैलिने बदनामी; गुह्य अंग उघार्नु ।**
**प्रज्ञा ज्ञान हुन्छ दुर्बल; मद्य सेवनका ६ दोष हुन् ।**

## सम्पत्ति विनाश

रक्सीले मात्तिएर बेहोस भइरहेको रक्स्याहामा आफ्नो सम्पत्तिको संरक्षण र सुरक्षा गर्नुपर्छ भन्ने ज्ञान नभइराख्ने हुनाले ऊ चोरिने, लुटिने अवस्थामा परी सम्पत्ति नाश हुनसक्छ । सामान्य प्रकृति मन नभइ फरक भइ विपरीत भइरहनाले अरूबेला कंजूस भए पनि त्यस अवस्थामा जोगाउनु पर्छ



https://dhamma.digital

भन्ने कुरा जान्दैन, खर्चबर्च छुट्याउन जान्ने भए पनि त्यसबेला खर्च बढी गर्ने हुन्छ। रक्स्याहासँग अरू अरू रसरंग गर्नु, जुवामा थाप्नु आदि जोडिएर आउनसक्ने हुनाले रक्सी खर्च मात्र होइन अरूअरू खर्च पनि बढ्न गई सम्पत्ति सिद्धिन्छ। पहिले बताइसकिएको महाधन महाजन पुत्रको कथालाई नमूना लिनुपर्‍यो। पहिले बोधिसत्व महाजन कुशल कर्महरू गरी शक्रत्वमा पुग्न गएका थिए। तर बाँचेको महाजनको एक्लो छोरो रक्स्याहा भइ अनेक प्रकारले सम्पत्ति हिनामिना गरी अन्तमा चालिसैकोटी सम्पत्ति सबै सिद्धिनाले कतारो बोकी मागेर खानु पर्ने स्थितिमा पुग्न गयो। शक्र देवेन्द्रले इच्छा गरेको सबै दिनसक्ने घडा दिएर 'यो घडा नफुटुन्जेलसम्म सम्पत्ति सिद्धिनेछैन, तिमीले होश गर' भनी सुझाव दिएर फर्के। त्यसबेलादेखि फेरी रक्सी खाई सम्पत्ति सिध्याउँदै एक दिन रक्सीले मातेर घडा फाली फाली समाती समाती चलिरहँदा हातबाट खस्किनगई झरेर घडा फुट्यो। त्यसबेलादेखि फेरि मागी-मागी खानुपर्ने स्थितिमा पुगी सबैजनाका पर्खालमा अडेस लिएर अनाथ भइ मर्नु पर्‍यो। (जातकट्ठकथा २-३८८)

## झैझगडा वृद्धि

रक्सीले मात लाग्नु भनेको एकप्रकारले बहुलाउनु नै हो, मादक पदार्थ सेवनद्वारा विभिन्न दुश्चरित्र उत्पन्न गर्ने खराब क्रिया हुनाले (अङ्गुत्तर सब्बलहुस सुत्त (अं.३-४८) -मा बारम्बार मादक पदार्थ सेवन गर्ने व्यक्ति नर्क, तिरश्चीन, प्रेतयोनिमा उत्पन्न हुनजाने, सुरापानको सबभन्दा हलुका दोष नै बहुलाउनु हो भनी भगवान्‌ले बताउनुभएको छ। बहुलाहरू अरूलाई गाली गर्छन्, कुटपिट गरी झैझगडा गरी हिंड्ने झैं नशा लागेको व्यक्ति अघिपछि स्वाभाविकरूपले सभ्य भई बसे पनि नशा लागेको अवस्थामा शरीर र वचन दुइटैद्वारा नै जथाभावी गरिहिंड्ने हुन्छ। त्यसबाट फेरि कुटाई खानु, गाली खानु आदि हुने हुनाले उसका शत्रु धेरै हुने मात्र होइन कि राजअपराधका राजदण्ड समेत भोग्नु पर्ने भएकोले धेरै दोषहरू छन्।

## रोग उत्पत्तिको कारण

अत्याधिक रक्सी, जाँड आदि मद्य सेवनले अनेक प्रकारका रोग हुन सक्ने कुरालाई आजकल औषधिका ज्ञाताहरूले स्वीकार गरेका छन्। कसैकसैले ठीक तरिकाबाट मात्रा मिलाई मद्य खायो भने औषधि हुन्छ भनेर



https://dhamma.digital

बहाना बनाउँछन् । तर मात्रा मात्रले सन्तोष हुनसक्नेहरू पाउन गाह्रो छ । **'न किरत्थि रहेसि पापियो**-रस तृष्णाभन्दा नीच विषय अरू छैन' भनी भगवान्ले भन्नुभएको एकनिपात-वातमिग जातक (४) मा उल्लेख भएजस्तै भय छोपिएर नदेखिने गरी आशक्त भइरहँदा सन्तुष्ट भयो, पुग्यो भन्ने नै नभइ अतिक्रमण र उल्लंघन हुनजानु स्वाभाविक छ । तिक अंगुत्तर (२६३) -मा **'तिण्णं भिक्खवे पटिसेवनाय नत्थि तित्ति'** आदि द्वारा निदाउनु, जाँडरक्सी खानु, मैथुन सेवन गर्नु भनेका कहिल्यै तृप्त र सन्तोष नलाग्ने तथ्यको रूपमा बताउनुभयो । कसैकसैमा रोगको स्थिति बिग्रेर डाक्टर बैद्यहरूले छोड्ने सल्लाह दिए पनि छोड्न नसकी ज्यानसँग साटेर मृत्युवरण सम्म पनि गर्नपुग्ने गरी आशक्त हुनजाने रस तृष्णाको भयंकरता नै हो ।

पहिले वाराणसी देशमा पञ्चशील पालन गर्ने सोत्थिय भन्ने एउटा कुल रहेकोमा उक्त कुलमा एक्लो छोरो त्रिवेद पारंगत भएका प्रज्ञावान थिए । उसले मद्यपान गर्नेहरूबाट गरिएको जालझेल तथा छलकपटमा परी ठगेर लगेको अनुसार मद्यपानमा भुलिरहेकोले उनको बाबुले कुल विनाश हुने, सम्पत्ति विनाश हुने विषयहरू देखाई रोक्दा पनि मानेनन् । मद्यपान सेवन नछोडेमा घरबाट निकालीदिन्छु, भनी धम्क्याउँदा पनि भएन । जति सम्झाई बुझाई गरे पनि नमानेपछि अन्तमा बुबाले अदालतमा लगी बाबु-छोराको नाता तोडेर घरबाट निकालिदिए । पछि मागीमागी खानुपर्ने जीवनमा पुगेपछि अनाथ भइ मृत्यु हुनपुग्यो । (विस्तृत जानकारीको लागि असीति महासुतसोम जातकअट्ठकथा मा हेर्नुस् ।)

**बदनाम होइनु**

मद्यपानमा भुलेकाले गर्न नसक्ने गर्न लाज मान्ने विषय भन्ने छैन । जाँडरक्सी सेवनकार्य दुश्चरित्र समूहमा खराब दोषयुक्त कार्य सबैको उत्पत्तिको कारण भएकोले अकुशल कर्म भयो । नशालु पदार्थ सेवनले महान उपकारक आमा-बुबा, गुरू-आचार्यहरूलाई समेत कुट-पिट गर्न सक्छ मार्न सक्छ । अति प्रेम भइरहेका पत्नी, छोराछोरीहरूलाई समेत कुटपिट गर्न सक्छ, मार्न सक्छ । मद्यपान गर्नेले सम्पूर्ण खराब कामकाज अवश्य गर्न सक्छ, बोल्न सक्छ । पूर्वकालमा मासु-बिना भोजन नगर्ने एकजना रक्स्याहा राजाले रक्सीले मात्तेको बेलामा मासु किन्न नसकिएको कुरा बिन्ती गर्दा बिन्ती गर्ने भान्छेलाई आफ्नो काखमा बसाली राखिएको राजकुमारको घाँटी निमोठी



https://dhamma.digital

मारेर तरकारी बनाउनको लागि फालिदिए । भोलिपल्ट रक्सीको अम्मलले छोडेपछि होश आएदेखि अत्यन्त संवेग उत्पन्न गरी असह्य पीडा भोग्नुपऱ्यो । (जातकट्ठकथा २-२७७) त्यसैले मद्यपानका कारणले मानिसहरूबाट हुने निन्दा-उपहास सहनुपर्ने र राजदण्ड भोग्नुपर्ने आदि खराब अपयश अकीर्ति मात्र फैलिइरहन्छ ।

## गुह्यांग उघार्न सक्छ

गुणवान सु-सभ्य व्यक्तिहरूले अरूका अगाडि लुगाफाटाद्वारा गोप्य गर्नुपर्ने शारीरिक अंगहरू छोपेर जाने बस्ने गर्दछन् । जाँड-रक्सीले मातेकाको लागि त्यस्ता देखाउन लाज मान्नुपर्ने अ+uहरू भन्ने नै हुँदैन । खराब कर्मको अवरोधक लज्जा र भय भएको हुनाले मातेकासँग लज्जाभय खाली हुने भएकोले लाज मान्नुपर्ने भन्ने नै हुँदैन । सामान्य व्यक्तिहरूलाई त छोडौं । आयुष्मान भिक्षु सागत जस्ता पृथग्जन ध्यान-अभिज्ञा-लाभी ऋद्धिवान स्थविरलाई समेत रक्सीले लज्जा भय विहीन बनाइदिन सक्छ। महान ऋद्धिवान नागराजालाई ऋद्धिद्वारा दमन गर्न सकेकोले मानिसहरू प्रसन्न भएकोले घरैपिच्छेबाट रक्सी दान दिएकोले उक्त रक्सी सेवन गरिआएका आयुष्मान सागत शहरको ढोकामा पुग्दा पछारिए । तथागतले देख्नुभइ भिक्षुहरूलाई बोकाई पठाउनुभयो । विहारमा पुगेर तथागतको अगाडि तथागततिर शीर पार्दा पनि उनी आयुष्मानले घुमेर तथागततिर पाउ पारे । पहिले पहिले तथागतप्रति अति आदर राखी लज्जा-भय धेरै मान्ने आयुष्मान सागतले आदर गर्नुपर्छ र लज्जा भय मान्नुपर्छ भन्ने समेत जान्न नसक्ने अवस्थामा पुग्नुपरेको भयंकर रक्सीको प्रभावले गर्दा नै हो । (वि. २ -१४५)

## प्रज्ञा दुर्बल बनाउने

प्रज्ञा भनेको स्मृतिसंज्ञासँग संयुक्त भइरहेको हुनाले संज्ञा-रहित भएका रक्स्याहामा उचित ढंगले स्मृति नरहने हुनाले प्रज्ञा पनि कमजोर हुन्छ । आयुष्मान सागत ज्ञान-बुद्धि विहीन हुनपुगेको लज्जा-भय विहीन हुनपुगेको आदर-गौरव विहीन हुनपुगेको स्मृति कमजोर हुनपुगेकोलाई नै उदाहरण लिन सकिन्छ । त्यसैले भूत, भविष्य र वर्तमान जुनसुकै युगमा र अवस्थामा पनि प्रज्ञावान सत्पुषहरूका अप्रिय, विरत भइआएको, घृणा गरिआएको मद्यपानलाई सदा-सदा नै विरत गरिराख्न योग्य छ ।



https://dhamma.digital

## अप्पमाद धम्म

**अप्पमाद=** बिर्सने नहुनु बेहोश नहुनु भनेको स्मृति नै हो । लोकमा आफ्नो कामकाजमा दिलचस्पी नभइ अरू -अरू रसरंग र खेल-क्रीडा क्रिया आदिमा मात्र लागिरहने, कामकाजमा अल्छी, वीर्यहीन व्यक्ति प्रमादी हो । आफ्नो कामकाजमा दिलचस्पी राखी उद्योग गरि बस्ने व्यक्तिहरू अप्रमादी स्मृतिवानहरू हुन् ।

शिक्षा, स्वास्थ्य, आर्थिक आदि जुनसुकै क्षेत्रमा पनि अप्रमाद महत्वपूर्ण रहेको छ । लोकमा उन्नति र विकास भएकाहरू स्मृतिवान व्यक्तिहरू स्मृति अटूट हुनेहरू हुन् । हानी भोगिरहेकाहरू, विनाश भोगिरहेकाहरूलाई हेर्‍यौं भने प्रमादीहरू भएको देख्नपाउनेछौं । त्यसरी उन्नति हुनु, उन्नति नहुनुलाई आधार मानेर नै 'बेहोश नभएको मर्दैन, बाँचिरहने भएकोले, बेहोशी मरेको तुल्य हो' भनी भन्नुभएको धम्मपद (१६) मा उल्लेख छ । त्यसपछि फेरि बल-शक्ति सम्पन्न भएकोले दगुर्न सक्ने असल जातको घोडा बल शक्तिहीन दुर्बल घोडालाई उछिनेर अगाडि बढ्नेजस्तै बेहोशी, सुताहा धेरै मानिसहरूमध्ये, होशियार र जाग्रत प्रज्ञावान व्यक्तिले उनीहरूलाई उछिनेर अगाडि बढ्ने कुरा बताउनुभएको धम्मपद (१७) मा उल्लेख छ ।

धर्मको क्षेत्रमा त यो स्मृति झन आवश्यक छ । महत्वपूर्ण भएकोले नै सम्यकसम्बुद्ध तथागतले दिनहुँ भिक्षाटनबाट फर्की खुट्टा धुने पिर्कामा उभेर **'अप्पमादेन सम्पादेथ'** आदि भनी दुर्लभ धर्म पाँचवटा सधैं उपदेश दिनुहुन्थ्यो । अन्तिम अवस्थामा परिनिर्वाण हुनलाग्दा पनि यस **'अप्पमादेन सम्पादेथ'** लाई अन्तिम निगमनको रूपमा सर्वान्तिममा धर्म-उपहारको रूपमा दिई परिनिर्वाण हुनुभयो ।

## स्मृति बढ्ता हुनु भन्ने छैन

श्रद्धा र प्रज्ञा, समाधि र वीर्य यी धर्महरू एकअर्कासँग बराबर नभइकन एकभन्दा अर्को घटी बढी भइरह्यो भने लाभ सिद्ध नभइ अझ दोष समेत हुनसक्छ । स्मृति त बढ्ता हुनु भन्ने छैन । प्रत्येक कामकाजमा दरिलो स्मृति आवश्यक नै हुन्छ । तसर्थ **'सतिं च ख्वाहं भिक्खवे सब्बत्थिकं वदामि**=स्मृतिलाई, भिक्षुहरूहो, जुनसुकै क्षेत्रमा पनि आवश्यक रहेको धर्मको रूपमा म भन्दछु' भनी महावग्ग बोज्झंग संयुत्त (१००) -मा उल्लेख भएको



https://dhamma.digital

हो । स्मृति अपरिहार्य छ, महत्वपूर्ण भएकोले नै तथागतले सम्पूर्ण स्थलचर सत्वहरूका पाइलामा हात्तीको पाइला सबभन्दा ठूलो हुने भएकोले त्यसमा सबैका पाइलाचिन्ह अट्ने जस्तै सम्पूर्ण कुशल धर्म अप्रमादमा अटिरहने कुरा बताउनुभएको महावग्ग बोज्झंग संयुत्त मा उल्लेख छ । त्यसपछि फेरि यस जन्मको फल, आगामी जन्मको फल दुवै थरीका फललाई प्राप्त गर्ने धर्म अप्रमाद भएको तथ्य बताउनुभएको सगाथावग्ग कोसल संयुत्त (८७) मा उल्लेख छ । होशरहित भई बस्ने व्यक्तिमा कुशल-धर्म उत्पत्ति र वृद्धिको निम्ति अवसर नहुने भएकोले कुशल धर्म उत्पत्ति र वृद्धिको लागि अप्रमाद अति ठूलो आधार रहेछ । त्यसैले अतिउपकारक-धर्म एउटा अप्रमाद भएको कुरा बताउनुभएको पाथिक दसुत्तर सुत्त (२२७) मा उल्लेख छ ।

## धर्म हस्तगत पार

**धम्मेसु** -को स्वरूप बेहोश नहुनु धर्ममा सम्पूर्ण किसिमका कुशल-धर्म समाहित भएको हुँदा दान, शील मात्र होइन त्रिरत्नको गुण आरम्मण गर्नु, मैत्री फैलाउनु, मरण धर्म सम्झनु, स्मृतिप्रस्थान भावना वृद्धि गर्नु आदि मनमा राखिराख्न योग्य धर्महरू हस्तगत गरिराख्नै पर्छ । धर्म भनेको अर्को जन्मसम्म पर्खिरहनुपर्ने होइन; धर्मपालकलाई यसै जन्ममा मानसिक शान्ति उत्पन्न गरिदिनु, मनोवृत्ति बलियो पारिदिनु, लोकधर्मलाई सामना गर्ने क्षमता दिनु, आफूले विशेष प्रयत्न गर्‍यो भने मार्गफल समेत प्राप्त गर्न सक्ने बनाइदिनु आदिद्वारा रक्षा गरिदिन्छ । त्यसबाहेक फेरि एउटा न एउटा भावना आफ्नो हातमा पारी वृद्धि गरिबस्ने व्यक्तिमा धर्मको सम्बन्धमा अनुभूति गर्नु, सम्झनु, बृद्धि हुँदै आउनु, विचार-धारणा उच्च भइ धनी हुनथाल्नु, प्रज्ञा-ज्ञान परिपक्व हुनथाल्नु आदि धेरै लाभ हुने गर्दछ ।

## जुलाहाकी छोरी

तथागत आलवी देशमा पुग्नुहुँदा आलवी-वासीहरूले भोजन आदि दान गरे । तथागत आउनुभयो भन्ने खबर सुनेर एउटी जुलाहाकी छोरीलाई उपदेश सुन्न मन लागेको, तथागत दर्शन गर्न मन लागेको भए पनि बुबाले अह्राएको काम थियो । धागो बेरिएका तुकी (कुल्फी, बबिन) हरू तान भएको ठाउँमा पुर्‍याइसकेपछि मात्र उपदेश सुन्छु भनी काममा ब्यस्त हुनुपर्‍यो । सिद्धिसकेपछि तुकी (कुल्फीहरू) ढकीमा राखी काखमा बोकी तान (कारखाना)



https://dhamma.digital

मा जानको लागि आउँदा उपदेश सुन्नलाई भेला भएको परिषदको छेउमा पुगी उभिइ हेरिरहिन् । तथागतले हेर्नुहुँदा मलाई तथागतले आओस् भनी इच्छा गरिरहनुभएको छ भनी बुझेर परिषद्को भित्र पसिन् । तथागतले उनलाई चारवटा प्रश्न सोध्नुभयो । 'ए नानी, तिमी कहाँबाट आएकी हौ ?' भनी सोध्नुहुँदा 'थाहाछैन, भन्ते' भनेर नै जवाफ दिइन् । 'कहाँ जानलागेकी त' भनी सोध्नुहुँदा 'थाहा छैन' भनी जवाफ दिइन् । 'तिमीलाई थाहा छैन र' भनी सोध्नुहुँदा 'थाहा छ, भन्ते' भनी निवेदन गरिन् । 'तिमीलाई थाहा छ र' भनी फेरि सोध्नुहुँदा 'थाहा छैन, भन्ते' भनी जवाफ दिईन् । परिषद असन्तुष्ट भयो । तथागतलाई यो केटी जिस्काउने जस्तै गरी निवेदन गर्दैछिन भनी ठानी उपहास गरिरहे ।

त्यसबेला तथागतले 'कहाँबाट आएकी हौ' भनी मैले सोधेकोलाई तिमीले किन 'थाहा छैन, भन्ते' भनी जवाफ दिएकी नि' भनी सोध्नुभयो । 'म जुलाहाको घरबाट आएकी कुरा तपाँइले जानिसक्नुभएकोले यस विषयमा सोध्नुहुन्न होला; 'कुन जन्मबाट आएकी हौ' भनी सोध्नुभएको होला भनी मैले ठानेकी छु। आफू आएको जन्म थाहा नभएकोले 'थाहा छैन, भन्ते' भनी जवाफ दिएको कुरा निवेदन गरेकी हूँ। 'साधु, साधु, नानी'; मेरो सोधाईको नै जवाफ दियौ भनी साधुकार दिनुभइसकेपछि 'कहाँ जाँदैछ्यौ नि' भनी सोधेकोमा कारण फेरि सोध्नुभयो । 'मैले तुकीको (बबिनको) ढकी लिएर आइरहेकी देख्नु नै भएको हुनाले म तानमा जान लागेको कुरा बुझिसक्नुभएको हुनाले यस विषयमा सोध्नु भएको नभई; यो जन्मबाट च्यूत भएँ भने कुन जन्ममा जाने हो भनेर सोध्नु भएको हो भनी ठानेर आफू जाने अर्को जन्म थाहा नभएकोले गर्दा 'थाहा छैन, भन्ते' भनी निवेदन गरेको कुरा बिन्ती गर्दा फेरि साधुकार दिनुभयो ।

त्यसपछि 'थाहा छैन र तिमीलाई' भनी सोध्दा 'थाहा छ, भन्ते' भनी किन जवाफ दिएकी त भनी सोधेपछि यो प्रश्न मृत्यु हुनेबारेमा सोधेको भनी बुझेँ । एकदिन मर्नुपर्ने थाहा भएकोले 'थाहा छ' भनी निवेदन गर्दा पनि साधुकार दिनुभयो। 'थाहा छ त तिमीलाई' भन्ने प्रश्नलाई किन 'थाहा छैन ।' भनेको त ? भनी सोध्नु हुँदा 'मर्नुपर्ने त थाहा छ; कुन दिन, कुन महिना, कुन बेला मर्ने हो थाहा नभएकोले 'थाहा छैन' भनी जवाफ दिएको निवेदन गरिन्। तथागतले फेरि साधुकार दिनुभइसकेपछि **अन्धी भूतो** - आदि देशनाद्वारा यो



https://dhamma.digital

लोक अन्धा मात्र भएका छन् । यी अन्धाहरूको समूहबाट एक दुईजना मात्र आँखा हुनेहरू उत्पन्न हुने गर्दछन् । व्याधाको जालबाट मुक्त हुने पंक्षीहरू पाउन गाह्रो भएजस्तै स्वल्प मात्र स्वर्गगामी र निर्वाणगामीहरू हुन्छन् भनी परिषद्हरूलाई देशना गर्नुहुँदा जुलाहाकी छोरी स्रोतापन्न भइन् । (धम्मपद २-१११)

### सूचना

यस जुलाहाकी छोरीमा धर्म सम्बन्धी विचार र धारणा प्रज्ञा-ज्ञानबाट परिपक्व छ । धेरै जनाले बुझ्न नसक्ने तथागत भगवान्लाई निर्भीक-पूर्वक स्पष्टरूपमा उल्लेख गरी देखाउन सकेकोले धेरै आश्चर्य-चकित भए । यसरी अरूसँग समान नभएको उनको प्रयत्नको कारणले गर्दा नै हो । विगत तीन वर्षभन्दा पहिले पनि तथागत त्यहाँ आलवीमा एकचोटी आइसक्नुभएको थियो । त्यसबेला परिषद्लाई मरणानुस्मृति धर्म-देशना दिनुभएको थियो । अरूहरूमा सुनियो काम सिद्धियो गरी होशियारीका साथमा नराखिएको भए पनि जुलाहाकी छोरीले त त्यसबेलादेखि नै सधैं रातमा पनि दिनमा पनि समय पाउने बित्तिकै मरणानुस्सति भावना वृद्धि गरिरहेकी थिइन् । उक्त भावनाको प्रभाव शक्तिले गर्दा नै व्यापक प्रज्ञा-ज्ञान वृद्धि भइ दृष्टि विशाल बनाई अरूभन्दा अब्बल भएकी हुन् ।

**२०) गारवो च निवातो च; सन्तुट्ठि च कतञ्ञुता ।**
**कालेन धम्मस्सवनं; एतं मङ्गल'मुत्तमं ।**

२०) **देवपुत्र**=भो देवपुत्र; **यो गारवो च**=जुन गौरव राख्नुपर्नेलाई गौरव राख्नु; **यो निवातो च**=जुन आफूलाई विनम्र बनाउनु; **या सन्तुट्ठि च**=जुन सजिलै सन्तुष्ट हुनु; **या कतञ्ञुता च**=जुन पहिले गरिएका उपकारलाई बुझ्नेको भाव र; **कालेन**=अनुकूल समयमा; **यं धम्मस्सवनं च**=जुन उपदेश सुन्नु; **अत्थि**=रहेका छन्; **एतं**=यी पाँचवटा; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल नै हुन् ।

### पाँचवटा मंगलको भावार्थ

भो देवपुत्र; गौरव राख्नुपर्नेलाई गौरव राख्नु, विनम्र हुनु; सन्तुष्ट हुनु, उपकारलाई बुझ्नु, अनुकूल समयमा उपदेश सुन्नु; यी पाँचवटा उत्तम मङ्गलहरू हुन् ।



https://dhamma.digital

## गारव

**गरूनं भावो गारवो । गरूनं**=गौरव राख्न योग्यहरूको; **भावो**=भाव हो; **गारवो**=गौरव राख्न योग्य व्यक्तिको भाव । गौरव राख्नलायक भएका त्रिरत्न, गुरू-आचार्य, आमा-बुबा आदि गुणमहान र वयोवृद्धहरू हुन् । भिक्षुहरूमा जन्म उमेर अनुसार नभइ भिक्षुको वर्षावास धेरै भएकाहरू गरू (=गौरव र मान राख्नुयोग्यहरू) हुनुपर्छ । यी व्यक्ति गौरव र सम्मान राख्नलायक हुन् भनी जान्नु नै गौरव राख्नु सन्मान राख्नुबाट जान्नपाइने हुनाले गौरव राख्नुलाई **गारव** (=गौरव राख्नलायक हुनुको भाव) भनी भन्नुपर्दछ । आदर-गौरव गर्ने आकार-प्रकारद्वारा उत्पन्न हुने कुशल-चित्त नै हो ।

## मंगल हुने ढंग

गौरव राख्नलायकहरूलाई गौरव राख्नु सन्मान गर्नु जस्ता आचरण नगर्ने व्यक्ति सत्पुरूषहरूलाई रूचिकर हुँदैनन् । साह्रै जंगली स्वभावको भनेर निन्दा गरिन्छन् । गौरव राख्न जान्ने सन्मान गर्न जान्नेहरू त रूचिकर हुन्छन्, प्रिय हुन्छन् । साह्रै ज्ञानी मानिस भनी प्रशंसा गरिन्छन् । यस तथ्यद्वारा नै **अगारव**को अमंगल भाव, **गार**व-को मंगल भाव स्पष्ट भइराखेको छ । तथागतले वयोवृद्धहरूलाई गौरव राख्नेहरू यस जन्ममा पनि प्रशंसा पाउने तथ्य, पछिका जन्महरूमा पनि सुगति भवमा पुग्न पाउने कुरा बताउनुभएको एकनिपात तित्तिर जातक (९) मा उल्लेख भएको छ । त्यसपछि फेरि वयोवृद्ध, गुणवृद्धहरूलाई अभिवादन गर्ने बानी भएकाहरू, गौरव राख्ने बानी भएकाहरूलाई दीर्घायु हुने, रूप लावण्य राम्रो हुने, सुख हुने, बलशक्ति-पूर्ण हुने भन्ने चारप्रकारका फलहरू वृद्धि हुने कुरा बताउनुभएको धम्मपद (२ ९) मा उल्लेख भएको छ । उपरोक्त तथ्य चक्कवत्ति सुत्त अनुसार पनि जान्नसकिन्छ । यसका अतिरिक्त जेष्ठहरूका स्नेह, गौरव, सहयोग, सुरक्षा प्राप्तहुनु आदि लाभ हुने प्रतिफलहरू धेरै छन् । मूलधन लगानी गर्ननपर्ने गरिकन नै शरीरलाई निहुराई कोमली भइ प्रयोग गर्नाले मात्र पनि धेरै ब्याज फल्ने, नाफा हुने यो गारव मंगललाई धारण नगरी बस्न योग्य हुन्छ र ?

## वंश कुलीन हुनु

उपरिपण्णास चूलकम्मविभङ्ग सुत्त (२७७) -मा 'माणवक...यस लोकमा कोही कोही पुरूष महिलाहरू कडा स्वभावका भइ अति अभिमानी भइ अभिवादन



https://dhamma.digital

गर्नुपर्नेलाई अभिवादन गर्दैनन्; अगवानी (स्वागत) गर्न योग्यलाई अगवानी (स्वागत) गर्दैनन्; बास दिन योग्यलाई बास दिंदैनन्; बाटो छोड्नुपर्नेलाई बाटो छोड्दैनन्; राम्ररी सेवा गर्नुपर्नेलाई सेवा गर्दैनन्; गौरव राख्नुपर्नेलाई गौरव राख्दैनन्; मान राख्नुपर्नेलाई मान राख्दैनन्; पूजा गर्नुपर्नेलाई पूजा गर्दैनन्; उनीहरूले आशक्तिपूर्वक धारण गरिरहेको कर्मअनुसार च्युतिपछि नर्कमा जानुपर्ने हुन्छन्। नर्कमा नगइकन मानिस नै भएर जन्मे पनि जहाँ-जहाँ जन्म हुन्छ त्यहाँ त्यहाँ हीन, नीच कुलमा जन्मने हुन्छन्। माणवक ...यो अभिवादन नगर्नु आदि गौरव नराख्नु नीचकुलमा उत्पन्न हुनजाने आचरण हो' भनी बताउनुभयो। त्यसपछि त्यसको विपरीत किसिमले गौरव राख्नयोग्यहरूलाई गौरव राख्नु आदि गर्ने व्यक्ति देवलोकगामी हुने, देवलोकगामी नभए पनि जहाँ जहाँ जन्म हुन्छ उच्च श्रेष्ठ उत्तम कुलमा जन्म हुन पाइने कुरा फेरि बताउनुभयो।

यस देशनाद्वारा अभिमानीहरूको भविष्य भारी नै हुने हुन्छ। त्यसैले भविष्यको जीवनलाई विचार गरेर पनि गौरव राख्न योग्यहरूलाई गौरव राख्नु नै पर्दछ। कोही-कोही गौरव राख्नमा लाज मानेर बस्दछन्। यो त अवश्य पनि लजाउनु नपर्ने विषयमा लजाएको हो। वास्तवमा **'अगारव**=गौरव नराख्नमा मात्र लजाउनु पर्छ। उक्त व्यक्तिलाई प्रज्ञावान सत्पुरूषहरूले निन्दा उपहास गर्ने भएकोले उक्त निन्दा गरिनुलाई मात्र विचार गरी लजाउनुपर्दछ।

## ब्रह्म विहार वृद्धि

गौरव राख्नु सन्मान गर्नु उक्त व्यक्तिप्रति मान भएको स्नेह भएकोले नै हो। आदर-गौरव पाएका व्यक्तिले पनि मान राख्ने, स्नेह राख्ने नै हुन्छ। त्यसरी मैत्री भाव रहिरह्यो भने परस्परमा दु:ख हुँदा करूणा पनि उत्पन्न हुन्छ। मैत्री भईरहँदा परस्परमा एउटाको उन्नति हुँदा अर्कोले मुदिता उत्पन्न गरी खुसी हुन पाउँछन्। केही अलिकति भूलचुक भएमा पनि उपेक्षा गर्न सकिन्छ। यसरी गौरव राख्ने काम ब्रह्म विहार धर्महरू अभिवृद्धि हुने, ईर्ष्या, मात्सर्य, मान, दोष आदि हट्ने कारण एउटा अतिराम्रो सभ्यता भएकोले उक्त सभ्यता भएका व्यक्तिहरूमा दीर्घायु हुनु आदि उत्पन्न हुने भनेको उपरोक्त प्रतिफलहरू तथ्यपूर्ण रहेछन्। लोकलाई रमणीय बनाउनलाई पनि एउटा महत्वपूर्ण सभ्यता हो।



https://dhamma.digital

### धर्म जानेपछि गौरव वृद्धि

धर्म नचिन्नेको मनमा गारव कार्य नीच भनी गलत धारणा र दृष्टि भईरहे पनि **गारव** अति श्रेष्ठ र पवित्र धर्म भएकोले धर्म जानेदेखि क्रमशः गारव धर्म झन झन वृद्धि भएर आउँदछ । आयुष्मान सारिपुत्र आयुष्मान अस्सजिको उपदेशबाट स्रोतापन्न हुनपाएदेखि आयुष्मान अस्सजि बस्नुभएको दिशातर्फ उद्देश्य राखी हात जोडेर नमस्कार गरी उहाँ जतातिर हुनुहुन्छ उतातिर शिरान पारेर सुत्ने चलन भएका हुनुहुन्थ्यो । नबुझ्ने भिक्षुहरूले आयुष्मान सारिपुत्र अझसम्म पनि दृष्टिभ्रममा परिबसेका छन्; दिशाहरू नमस्कार गरिरहन्छन् भनी तथागतलाई निवेदन गर्दा तथागतले 'सारिपुत्रले दिशा नमस्कार गरेका होइनन्; आफ्ना गुरू अस्सजिलाई नमस्कार गरेका हुन् ' भनी आफूलाई धर्म बुझ्ने गरी बाटो देखाइदिने व्यक्तिलाई 'अग्नि पूजा गर्ने ब्राह्मणले अग्निलाई नमस्कार गर्नेझैं नमस्कार गर्नुपर्दछ' भनी भन्नुभएको (धम्मपदट्ठ. २-४०१) ब्राह्मण वग्ग -मा उल्लेख छ ।

### निवात

**नि**=तल पर्ने गरी; **वात**=उत्पन्न हुने । **निवात**-लाई '**नीचमनता निवातवुत्तिता**' भनी अर्थकथा मा वर्णन गरिराखिएको छ । **नीचमनता**=तल परेको चित्त भएको व्यक्तिको भाव; शरीरलाई निहुराउनु चित्तलाई निहुराएर मात्र गर्न सम्भव छ । अभिमान भएको चित्त ठिंग ठाडो तन्केर बस्ने स्वभाव भएकोले मान निहुराई राख्नुलाई नै **नीचमनता** भनिएको हो । चित्तलाई निहुराई राखियो भने शरीर र वचन सबै निहुराउने काम पूरा भइसक्ने भएकोले **निवात वुत्तिता**=निहुराउने वृत्ति भएको भाव ब्यक्त गरिराखिएको हो ।

**निवात** सम्पन्न व्यक्तिको विपरीत स्वभाव **थद्ध**=कस्सिनु टम्म पर्नु कडा स्वभावको व्यक्ति, **अतिमान**=अति अभिमानी भाव भएका हुने हुनाले ती व्यक्तिहरूको बोली वचन पनि ताइँफाइँ उच्च भएको हुनसक्छ । आफूले आफैलाई उच्च पारी अरूलाई नीच पार्न सक्छ । कुल, शिक्षा, सम्पत्ति आदि गुणद्वारा अरूलाई हेप्ने गर्दछन् । शरीरको हाउभाउ पनि कसैलाई वास्ता नराख्ने जस्तो भइ ठाडो ठाडो हुन्छ । ती सबै हाउभाउहरू सबैजनालाई अप्रिय हुने हुनाले अमङ्गल नै भयो । **निवात** हुनेको त शरीरको हाउभाउ लचिलो सूक्ष्म, कोमल हुने मात्र नभइ बोली-वचन पनि सबैका कान हलुका



https://dhamma.digital

मन आनन्द हुनेगरी मधुर हुन्छन् । त्यस्ता व्यक्तिहरूलाई धेरैजनाले मन पराउने र मान राख्ने मङ्गल हुने नै भयो ।

## गारव र निवात

**गारव** र **निवात** लाई जोडेर नै बताउनुभएको छुट्टिन नमिल्ने धर्महरू भएकोले हो । **निवात** हुनेसँग मात्र **गारव** युक्त हुनसक्छ । अभिमान चर्केको व्यक्ति 'मै हुँ, कसलाई के मतलब' भन्ने भ्फैं भइरहने हुँदा अरूलाई कहाँ गौरव राख्नसक्ला र ? कुल, सम्पत्ति, गोत्रबाट स्तब्ध भएको व्यक्तिले आफ्ना आफन्त बन्धु बान्धवहरूलाई समेत हेप्नसक्ने हुनाले उक्त कार्य विनाशको कारण हुन्छ भनी आज्ञा भएको सुत्तनिपात पराभव सुत्त (२६९) मा उल्लेख भएको छ । आफन्तहरूले आफूलाई वास्ता नराखी चोइट्याइने मात्र होइन कि आफू विनाश हुने गरी समेत गर्नपुग्न सक्ने भएकोले विनाशको कारण हो भनी बताउनुभएको हो । यो स्तब्ध व्यक्तिलाई हावा भरिएको छालाको थैलीसँग तुलना गर्ने चलन छ । छालाको थैली हावा नभरिएसम्म लचिलो र नरम भइरहे पनि हावा भरिएपछि कस्सिएर टम्म हुनपुग्नु अभिमानीको लक्षण जस्तै हो । कतिसम्म निहुरिनु पर्छ भन्दाखेरी 'पाउ पुछ्ने पाउदानी, सिंग भाँचिएको गोरू, दाँत भाँचिएको सर्प समान' भनी भनिएको छ । साँच्चै धर्म पालन गर्नेले आफूलाई त्यतिसम्म पनि निहुराई राख्न सक्छन् । अभिमान बढाएर बस्नुलाई विनाशको कारण भए पनि **निवात**युक्त हुनु उन्नति वृद्धिको कारण हो । **'निवातवुत्ति अत्थद्धो; तादिसो लभते यसं**=निहुरने भाव युक्त भइ स्तब्धता नभएको व्यक्तिले परिवार यशकीर्ति लाभ गर्न सक्छन्' भनी भन्नुभएको सिङ्गाल सुत्त (१५६) मा छ ।

## आयुष्मान सारिपुत्रको निवात

एकदिन आयुष्मान सारिपुत्रको चीवर लगाइराख्नुभएको नमिलेको देखेका सात वर्षका बालक श्रामणेरले 'भन्ते, चीवर लगाइराख्नुभएको मिलेन' भनी निवेदन गरे । आयुष्मान सरिपुत्रले ' बालक श्रामणेरले मलाई यस्तो भन्न मिल्छ र' भनेर नसोची एकातिर गई फेरि चीवर ठिकसँग मिलाइसकिएपछि श्रामणेरकहाँ फर्केर गई हात जोडेर 'आचार्य, यति मिलेपछि ठिक छ कि' भनी आज्ञा भइसकेपछि 'त्यही दिनमा मात्र श्रामणेर भएका सात वर्ष मात्र उमेरका बालक श्रामणेरले अनुशासन गर्न आयो भने पनि उक्त अनुशासनलाई शिरमा



https://dhamma.digital

थापी लिनेछु' भनी उदान ब्यक्त गर्नुभयो । धर्मलाई गौरव राख्ने जति सबैले वहाँ महास्थविरको यस **निवात**गुण सधैं मन पराई आदर्श लिईबस्नुपर्‍यो । (मिलिन्द ३८ । सं. ट्ठ.१-११४)

## आयुष्मान राहुलको निवात

आयुष्मान राहुल शाक्य राजकुलका भएकोले चक्रवर्ती राजा हुने भाग्य कर्म लक्षण भएका विशिष्ट व्यक्ति थिए । तथागतका पुत्र पनि भएकोले अभिमान नै गरे भने अरूभन्दा धेरै बढी अभिमान गर्न मिल्ने गरी उच्च श्रेणीमा पुगेका भए पनि उहाँको निवात स्वभाव उदानको रूपमा प्रख्यात भइसकेको छ । भिक्षुहरूले श्रामणेर राहुललाई परीक्षण गर्न चाहेकोले वहाँ आइरहनुभएको टाढैबाट देखेर कुचो र धुलो थुपार्ने डालाहरू बाहिर फालेर फालिराख्थे । 'यो कसले फालिराखेको नि' भनी कुनै भिक्षुले सोधे भने 'यहाँ राहुल आउजाउ गरिरहेका थिए; राहुलले पो फालिराखेको हो कि' भनी अरू भिक्षुहरूले भन्ने गर्दथे । श्रामणेर राहुलले 'मैले गरेको होइन' भनी कहिल्यै नभनी राम्ररी सच्याएर राखिसकेपछि भिक्षुहरूसँग क्षमा समेत मागी वन्दना गरेर जाने गर्थे ।

एक पटक तथागतले 'भिक्षुहरूलाई गृहस्थी श्रामणेरहरूसँग एउटै छत भएको विहारमा सँगै सुत्नहुँदैन' भनी शिक्षापद प्रज्ञप्त गर्नुभयो । भिक्षुहरूले 'राहुल, तथागतले शिक्षापद प्रज्ञप्त गरी राख्नुभएकोले आफू सुत्ने ठाउँ खोज' भनी भने । वास्तवमा बुद्धप्रति गौरव राखेर तथा श्रामणेर राहुलको आचरण, शिक्षा, गुणहरू अनुसार वहाँलाई भिक्षुहरूले सधैं प्राथमिकता दिन्थे । शिक्षापद प्रज्ञप्तिअनुसार यस्तो भनेका हुन् । श्रामणेर राहुलले कहिले पनि जवाफ फर्काएनन् ।

आयुष्मान सारिपुत्र, आयुष्मान मौद्गल्यायन, आयुष्मान आनन्द आदि महास्थविरहरूलाई पनि दुःख नदिई तथागतको चर्पीमा गई बसीरहे । विहानपख तथागत पाइखाना जानुहुँदा श्रामणेर राहुल चर्पीमा सुत्नुपरेको कुरा जान्नुभइ गृहस्थी, श्रामणेरहरूसँग तीनरातसम्म सँगै सुत्ने अनुमति दिई शिक्षापदलाई फेरि संशोधन गरी प्रज्ञप्त गर्नुभयो ।

श्रामणेर राहुलले भावना धर्म प्रयत्नपूर्वक अभ्यास गरिरहनुभएकोले उक्त धर्मले उहाँको अभिमानलाई दबाइराखेको रहेछ । धर्मप्रति गौरव नहुनेहरूको



https://dhamma.digital

निम्ति मनमा दोष नदेखी असल, उच्च भनी ठानी अभिमान चढिरहने भए पनि धर्मलाई गौरव राख्नेहरूले त आफ्ना अभिमानलाई त धेरै दबाउने कोसिस गरिरहन्छन् । भद्दिय, अनुरूद्ध, आनन्द, भगु, किमिल र देवदत्त यी शाक्य राजकुमारहरू उपालि हजामसँग भिक्षु बन्नलाई तथागतकहाँ पुगेर उनीहरूले तथागतलाई कसरी निवेदन गरे भने - 'तथागत, हामी शाक्यहरूसँग जातीय अभिमान बढी छ । उपालि हजाम हाम्रा सेवकको रूपमा धेरै पहिलेदेखि काम गर्दै आएका हुन् । उनलाई पहिले भिक्षु बनाउनुपर्ला । उनलाई हामीले वन्दना गर्ने, अगवानी स्वागत गर्ने, हात जोड्ने, गौरव राख्ने गर्नेछौं । यसरी हामी शाक्यहरूको अभिमान घटेर जानेछ' भनी निवेदन गरेअनुसार तथागतले उपालिलाई पहिले प्रव्रज्या र उपसम्पदा गरिदिनुभएको थियो ।

## सन्तुष्टि

**सं**=आफ्नो सम्पत्तिले, अथवा उपलब्ध सम्पत्तिले; **तुट्ठि**=आश्वस्त हुनु, सन्तुष्ट हुनु । उपलब्ध भएकोले, लाभ भएकोले सन्तोष मान्नु, पर्याप्त पार्नुलाई **सन्तुट्ठि** भन्नुपर्दछ । यो सन्तुट्ठि नहुनेसँग कमसल खराब खानपिन, वस्त्र आदि प्रयोग गर्नु पऱ्यो भने मनमा अशान्ति र दुख हुने गर्दछ । असल असल राम्रा राम्रा वस्तुहरू किनी उपभोग गर्नाले सम्पत्ति खेर पठाउने गर्दछन् । आर्थिक आर्जन गर्नेहरूमा सन्तुष्टि भएन भने सम्पत्ति आर्जन गर्न सक्दैनन् । त्यसैले **सन्तुट्ठि** लौकिक क्षेत्रमा धेरै आवश्यक छ । धर्ममा मात्र उद्योग र अभ्यास गर्नेहरूमा त झनै आवश्यक छ ।  अवश्य हो, **सन्तुट्ठि**को विपरीत लोभी हुनु, महेच्छुक हुनु भएकोले धर्म प्राप्तिमा भयंकर बिघ्नबाधा रोकावट हुने गर्दछ । त्यसैले तथागतले उक्त महिच्छा (=ठूलो इच्छा) लाई नीच बताई सन्तुट्ठिलाई अति प्रशंसा गर्नुभयो ।

## परमोत्तम सम्पत्ति

**'सन्तुट्ठि परमं धनं**=सन्तुष्टि परम उत्तम धन हो' भनी बताउनुभएको धम्मपद (४३) मा उल्लेख छ । पहिले पहिलेका नीति आचार्यहरूले पनि **'सन्तोसतुल्यं धनमत्थि नञ्ञं**=सन्तोष समान धन अरू छैन' भनेका छन् । लोकमा सम्पत्ति भयो भने जे पनि पूर्ण हुन सक्ने जस्तै सन्तोष मान्नसक्नेसँग सवै परिपूर्ण भइरहने हुनाले सन्तोषलाई सम्पत्तिको रूपमा आरूढ गरिराखेका हुन् । तर सम्पत्तिले भर्न नसकिने सम्पन्नता सन्तुष्टि भएका व्यक्तिसँग



https://dhamma.digital

उपलब्ध हुने हुनाले सन्तोषलाई परम धनको रूपमा प्रशंसा गरिएको हो । 'जसको चित्त सन्तुष्ट भइरहन्छ, उसँग सबै सम्पत्ति सम्पन्न भइरहन्छ। खुट्टामा जुत्ता लगाई राखेकालाई धरती पूरै छालाले ढाकीराखेको जस्तै भइरहन्छ ।' हितोपदेशको यस भनाई अनुसार **सन्तुट्ठि** नभएका कुनै-कुनै सम्पत्तिवालाहरूले समेत लाभ गर्न नसक्ने जस्ता सम्पत्ति **सन्तुट्ठि** भएका गरीबले हासिल गर्न सक्दछ भनी जान्नुपर्दछ ।

## सन्तोष हुन अयोग्य क्षेत्र

सन्तोष भएमा धेरै स्वादिलो हुन्छ भने झैं सन्तोषी व्यक्तिसँग सधैं मानसिक सुख भइरहने हुनाले लौकिक आचार्यहरूले **'सन्तोसमूलं हि सुखं**=सुखको मूल भनेको नै सन्तोष हो' भनी भनेका छन् । तर शिक्षाको क्षेत्रमा कसैकसैलै 'उँ... यति भएपछि पुग्यो नि' भनेर वा आर्थिक क्षेत्रमा ' यति जम्मा भएपछि पुगिहाल्यो नि' भनी शिथिलता ल्याउन सक्छ । यसरी शिथिलता ल्याउनु सन्तुष्टि होइन, पछि हट्नु मात्र हो; धार्मिक क्षेत्रमा र लौकिक क्षेत्रमा समान रूपले निश्कर्ष निकाल्न योग्य छैन । धर्ममा मात्र उद्योग र अभ्यास गरिरहने भिक्षु-श्रामणेरहरूका निम्ति भए सम्पत्ति सम्बन्धी जति-जति अल्पेच्छा हुन्छ, उति-उति नै राम्रो हुन्छ । लौकिक गृहस्थीहरूको निम्ति त्यस्तो होइन । धार्मिक क्षेत्रमा नै पनि ग्रन्थ-साहित्यमा विद्वान बन्दैमा सन्तोष मानीरह्यो भने त्यो कमजोर र पछि हट्नुको भाव मात्र भयो । प्रमादी स्वभाव भयो । मार्ग र फल लाभ हुने अवस्थामा नपुगुन्जेलसम्म अटुटरूपमा उद्योग गरिरहनुपर्दछ । त्यस्तै नै सांसारिक मानिसहरूका लागि अझै कर्तव्यहरू रहेका छन् । पारिवारिक कर्तव्य, कुलवंश कर्तव्य, देशप्रति कर्तव्य भन्ने रहेको हुँदा ती कर्तव्यहरूका लागि सम्पत्ति खोज्नै पर्दछ । केहीगरी सकिएन भने जसरी हुन्छ त्यसरी सन्तोष मान्नु परे पनि सक्षम हुँदा पनि उन्नति र विकास ठप्प रोकिने गरी **सन्तुट्ठि** हुनु साँच्चिको वास्तविक **सन्तुट्ठि** नभइ हतोत्साह, निष्क्रियता मात्र ठहरिने छ ।

## अधार्मिकताले भंग

धार्मिकपूर्वक सम्पत्ति खोज्नेसँग **सन्तुट्ठि** भंग नभए पनि धेरै लोभी हुनगई अधार्मिकरूपले सम्पत्ति खोज्नेसँग **सन्तुट्ठि** भंग हुन्छ । सम्पत्ति धेरै भएपछि **सन्तुट्ठि** भंग भएका व्यक्तिले मनपरि सम्पत्ति खर्च गरे पनि **सन्तुट्ठि**



https://dhamma.digital

भएकाले कुशल कर्म मानिने कुलको निम्ति, देशको निम्ति लाभ हुने राम्रा कुशल कामकाजमा मात्र महत्व दिएर खर्च गर्न जान्नेछ। अति लोभी भएर सन्तुष्टि भंग हुनगएको खण्डमा भने एकदिन विनाश र परिहानीसँग सामना गर्नपर्नु स्वभाविक रहेछ।

पहिले एकजना ब्राह्मणकी पत्नी र तीनजना छोरीहरू थिए। उक्त ब्राह्मण परलोक भइ सुवर्ण हंस भइ जन्मेको हुनाले बेला बखतमा आई सुवर्णमय प्वाँख एउटा-एउटा दिइराखेको हुनाले पत्नी र छोरीहरू गरीब अवस्थाबाट मुक्त भइ उनीहरूको जीवन क्रमशः सहज हुनथालेको थियो। तर त्यतिले सन्तोष नभइ सरसल्लाह गरी एकदिन सुवर्ण हंस आउँदा उसलाई समाती उसका सबै प्वाँख उखेलेर लिए। तर उखेलिएका सबै प्वाँख सुन नभइ सबै बकुलोको प्वाँख जस्तै मात्र हुनगयो। पछि उसलाई माटोको भाँडामा राखेर पालिराख्दा पनि उम्रेका प्वाँखहरू सेतो मात्र भए तथा सबै प्वाँख उम्रेपछि आफ्नो ठाउँमा उडेर गयो।

'यं लद्धं तेन तुट्ठब्बं, अतिलोभि हि पापको-लाभ भएकोमा सन्तोष मान्न सक्नुपर्छ; अति लोभी व्यक्ति त पापी नै हो।' (एकनिपात सुवण्णहंस जातक ३२)

## कतञ्ञुता

अरूले पहिले गरेको उपकार बुझ्नुलाई **कतञ्ञुता** (कृतज्ञता) भन्दछन्। उपकार भनेको सम्पत्ति दिनु, शिल्प सिकाइदिनु, अनुशासन गर्नु, उपद्रवबाट, भयबाट रक्षा गर्नु, आदिद्वारा आफूप्रति गरिराखेको अरूको कुशल कर्म नै हो। उक्त उपकारलाई धेरै वा थोरै जेजति भए पनि स्मरण गरी जानिराख्नुलाई **कतञ्ञुता** भन्दछन्। जान्नु भनेको हुनाले जानि मात्र राख्नेलाई **कतञ्ञू** (उपकार चिन्ने) भनिन्छ। कसैकसैले आफूप्रति उपकार गरिराखेका कसैलाई सहयोग आवश्यक पर्ने अवस्थामा आफूसँग सामर्थ्य भएता पनि मुखले मात्र ठिक पारी हात अगाडि नबढाइकन बस्नसक्छ। यस्ता त **अकतञ्ञू** (उपकार नचिन्नेहरू) नै भए। कतिपयले यसरी उपकार नचिन्ने मात्र होइन उपकार गर्नेलाई नै अनर्थ गर्न सक्छ। उपकारीलाई अपकार गर्ने व्यक्ति मूर्ख नै भयो। त्यस्ता मुर्खहरू तिंसनिपात महाकपि जातक (३८०) -मा देख्नपाइन्छ। उक्त जातकमा मूर्ख ब्राह्मणले आफ्नो ज्यान बचाइदिने बोधिसत्व वानरराजको



https://dhamma.digital

टाउकोमा ढुँगाले हानी फुटाई दियो। सत्पुरूषहरू भने उपकारलाई चिन्दछन्। उपकार नचिन्ने मूर्ख मात्र हुने भएकोले उसले प्राप्त गर्ने लाभ त भावी-जन्ममा नर्कमा पतन हुने, यस जन्ममा उपहास गरिनु, उपकारकहरूबाट पर हटाइनुले दुःख भोग्नु आदि खराब परिणामहरू मात्र पाइने हुन्छन्।

## दुर्लभ दुई व्यक्ति

१) **पुब्बकारी**=पहिले उपकार गर्न जान्ने व्यक्ति;

(२) **कतञ्ञु कतवेदी**=अरूले गरेको उपकारलाई जान्नसक्ने, व्यक्त गर्न जान्ने व्यक्ति।

यी दुईप्रकारका व्यक्तिहरू दुलर्भ हुने कुरा बताउनुभएको दुकङ्गुत्तर ततियपण्णासक पठम सुत्त (८६) मा उल्लेख छ। तीमध्ये पहिला उपकार गर्ने व्यक्तिले ऋण दिन्दैछु भन्ने संज्ञा (करार) गर्छ। पछिल्लो व्यक्तिले ऋण तिर्नेछु भन्ने संज्ञा गर्नेछ भनी सम्बन्धित अर्थकथा मा वर्णन गरेका छन्। कसैले ऋण दियो भने ऋण लिने व्यक्तिले ऋण लाग्यो भनी भन्दछ। त्यस्तै नै कसैले उपकार गऱ्यो भने उपकार पाउने व्यक्तिले उपकार लाग्यो भनी भन्नुपर्दछ। ऋण लागेको फर्काउनुलाई ऋण तिर्नु भन्नुजस्तै फेरि उपकार गर्नुलाई प्रत्युपकार गऱ्यो भन्दछन्। यसमा पहिले उपकार गर्ने व्यक्तिले बदला पाउने इच्छाले गरेको नभए पनि कर्तव्य बुझ्नेले पछि फेरी उपकार गर्ने भएकोले ऋण दिनु ऋण तिर्नु समान भएकोले ऋण तिर्नेछु भनी संज्ञा गरेजस्तै हुनुलाई संज्ञा राख्नु (करार गर्नु) भनी अर्थकथाचार्यले भनेका हुन्। सत्पुरूषहरूले उपकारलाई देख्नसक्नु र असतपुरूषहरूले उपकारलाई देख्न नसक्नुमा सत्पुरूषहरूले धर्मलाई देखेको हुनु तथा असत्पुरूषहरूले धर्मलाई नदेखी अधर्म भित्रिनु नै कारण हो। (अ.१-८६; अं ट्ठ. २-५७)

## सत्पुरूषाले मात्र जान्दछ

राध ब्राह्मण इच्छा भए तापनि भिक्षु बन्न नपाउँदा तथागतले 'यस ब्राह्मणको उपकार कसलाई याद छ नि' भनी सोध्नुहुँदा 'मैले सम्झेको छु' भनी आयुष्मान सारिपुत्रले निवेदन गर्नुभयो। 'त्यो कस्तो उपकार हो नि त' भनी फेरि सोध्नुहुँदा 'राजगृह नगरमा भिक्षाटन जाँदा एकदाडू भोजन दान दिएको थियो' भनी निवेदन गरे। 'साधु साधु सारिपुत्र; सत्पुरूषहरूले अरूको उपकार जान्दछन्; याद गर्न जान्दछन्' भनी साधुवाद दिनुभयो। धन-सम्पत्ति



https://dhamma.digital

दिनुभन्दा पनि बुद्धि विचार, ज्ञान प्रज्ञा दक्षता आदि दिने गुरू आचार्य आदिहरू झन बढी उपकार गर्ने हुन्छन्। विशेषतः धर्मबाट उपकार गर्नेहरूको उपकार पार लाग्नेगरी प्रत्युपकार गर्न नसकिनेगरी विशाल भएको कुरा बताउनुभयो। त्यसैले साँच्चै महान उपकारक आमा-बुबा गुरू र आफूलाई रक्षा गर्ने सबैको उपकारलाई यदि तिर्न सकेको छैन भने पनि सधैं सम्झेर सकेजति प्रत्युपकार गरे मात्र सत्पुरूष हुनसक्छ। (वि. ३-७०)

## अंकुर र ब्राह्मण

राजकुमार अंकुरले पाँचसय गाडावानहरू व्यापारको लागी बाटोमा गईरहँदा अर्को पाँचसय गाडावानहरूसँग व्यापार गर्न गईरहेका एकजना ब्राह्मण पनि संगै थिए। बाटो भुलेर खाने पिउने वस्तु सिद्धिएपछि एउटा ठूलो पिपलको रूख भेटाएर विश्राम लिइबसे। उक्त पिपलमा रहेका अति ऋद्धिवान देवताले उनीहरूलाई करूणा राखी आफ्नो दाहिने हात पसारी पहिले पानी; त्यसपछि चाहिने सबै चीजबीज दिएर उनीहरूलाई आनन्द र सुख दिए। उक्त आकार-प्रकार र गतिविधि देखेका ब्राह्मणले आफूहरू धन-सम्पत्ति आवश्यक भएर व्यापार गर्न हिंडेको भएर 'चिताएका जति सबै दिनसक्ने यी देवतालाई बलजफ्ति तानेर भए पनि सँगै लैजाउँ' भनी अंकुरसँग सल्लाह गरे। त्यसबेला अंकुर राजकुमारले कुनै रूखमुनि बसी विश्राम लिइसकेपछि त्यो रूखको हाँगा पनि भाँच्नु हुदैन; मित्रद्रोही भएको व्यक्ति असत्पुरूष हुन्छ' भनी सत्पुरूष धर्म अनुसार जवाफ दिए। 'तर कुनै रूखको छाँयामा बस्न पाए पनि सुत्नपाए पनि यदि लाभ हुनेभए रूख नै काट्न सकिने कुरा नीतिको विधि देखाई ब्राह्मणले जवाफ दिए। त्यसबेला 'आफूले विश्राम लिएको रूखको एउटा पात पनि बिगार्न हुन्न; मित्रद्रोही व्यक्ति असत्पुरूष हुन्छ' भनी फेरि जवाफ दिंदा ब्राह्मणले 'फाइदा हुने भए जरैदेखि उखेल्न पनि हुने' जवाफ दोहऱ्याए। त्यस अवस्थामा अंकुरले 'नीति भनेको आफ्नो लाभ मात्र हेर्ने भएकोले सत्य होइन, धर्म स्वभाव मात्र सत्य हो' भन्ने कुरा सम्झाउने इच्छा भएकोले फेरि यस्तो बोले- 'भो ब्राह्मण, अर्काको घरमा एकरात बिताएर त्यहाँबाट खानापिना प्राप्त भयो भने उक्त घरपतिप्रति मनले समेत अहित चिताउनु हुँदैन; उपकार गरेको नजान्नेलाई सत्पुरूषहरूले प्रशंसा गर्न योग्य छैन। आफूलाई बास दिएर, खानापीना दिने, सास्ती नगर्ने, संरक्षण र संयम गर्ने हात भएको मित्रले मित्रद्रोही भएकालाई भष्म पारिदिनसक्छ; पहिले उपकार गर्नेलाई पछि कष्ट



https://dhamma.digital

दिएर सास्ती गर्ने व्यक्ति भिजेको हात भएको मित्रको विनाशको सामना गर्नुपर्ने भएकोले असल आरम्मण अनुभव गर्न पाउनेछैन । यसरी धर्म देखाई बोलेपछि मात्र उक्त ब्राह्मण चूप भएर बोल्न छोडे ।

**सूचना** यहाँ कृतघ्न हुनेले भोग्नुपर्ने दोष वा अपराध उपकार गर्नेले भोग गर्नुपर्ने नभए पनि उनलाई अपराध गर्नपुग्नाले हुनजाने भएकोले उनैले गरेको जस्तो गरी उनैलाई पोलेको जस्तै र विनाश गरिदिए झैं रूढि अनुसार आरूढ गरी भनिएको हो । यहाँ उपकार गर्नेलाई **'अल्लपाणी**=भिजेको हात भएको' भनी भनिएको छ । 'त्यसो हुनाले भिजेको हात सुकाउनु हुँदैन' भनी भन्ने चलन छ । (पेतवत्थु अट्ठकथा, अंकुर पेतवत्थु १०६)

## कालेन धम्मस्सवनं

मन विक्षिप्त भइरहेको बेलामा, काम वितर्क आदि एउटा न एउटा वितर्कद्वारा दबिएर बस्नुपरेको अवस्थामा उपदेश सुन्नलाई अनुकूल भएको **काल** भनी अर्थकथा मा भनिएको छ । त्यसपछि फेरि प्रत्येक पाँचदिनमा एकचोटी उपदेश सुन्नुलाई **कालेन धम्मस्सवन** भनी अरू आचार्यहरूको मत वर्णन गरिएको छ । मूलपण्णास चूलगोसिङ्ग सुत्त (२६८) मा आयुष्मान अनुरूद्धले 'भगवान्, हामीले पाँचदिनको एकचोटी जम्मा भइ रातभर धर्म छलफल गर्ने गर्दछौं' भनी निवेदन गर्नुभएको अनुसार भनिएको हो । ' तिकङ्गुत्तर पठमपण्णासक गिलानसुत्त अट्ठकथा (८९) -मा **'मासस्स अट्ठवारे धम्मकथा अनुञ्ञाता**=महिनाको आठपटक उपदेश दिने अनुमति दिएको छ' भनी भनिएको छ । आठपटक भनेको शुक्लपक्ष र कृष्णपक्षका पञ्चमी, अष्टमी, चतुर्दशी र पूर्णिमा (पञ्चदशी) दिनहरूलाई भनिएको हो ।

त्यसपछि फेरी अर्थकथा मा जहिले पनि कल्याणमित्र भेटेर आफ्नो द्वन्द संशयलाई हटाउन सक्ने धर्म उपदेश सुन्ने काम गर्न सकिन्छ; त्यस बेला उपदेश सुन्नु पनि **'कालेन धम्मस्सवन'** नै हो भनिएको छ । यस भनाईअनुसार दिन वा समय किटान गर्नु मुख्य होइन; उपदेश सुन्नको लागि उचित दिन वा समय भन्ने छैन; उपदेशक तयार भएको र आफूलाई मौका परेको समय नै उपदेश सुन्नलाई अनुकूल उचित समय हो भनी जान्नुपऱ्यो ।

## उपदेश सुन्नुको फल

पञ्चकङ्गुत्तर पञ्चपण्णासक किमिलवग्ग धम्मस्सवन सुत्त (२१६) मा



https://dhamma.digital

उपदेश सुन्नुका पाँचवटा फल उल्लेख भएका छन् । ती पाँचवटा फल हुन्-

१) नसुनिएको सुन्न पाइनु;

२) सुनिएको स्पष्ट हुनु;

३) द्वन्द-संशय हटाइदिनु;

४) दृष्टि सही रूपले सिधा पारिदिनु;

५) चित्त विशुद्ध हुनु हुन् ।

**नसुनिएको सुन्न पाइनु; सुनिएको स्पष्ट हुनु ।**
**संशयहरू हट्नु; दृष्टिहरू सोझो हुनु ।**
**चित्त विशुद्धि पार्नु; यी पाँचवटा धर्म सुन्नुका फल हुन् ।**

यी पाँचवटा फलहरूमध्ये चित्त प्रसन्न प्रफुल्लित हुनु फल अत्यन्त महत्वपूर्ण छ । आर्थिक, शैक्षिक, स्वास्थ्य, आफन्त ज्ञातिबन्धु आदिहरूको कारणले चित्त अशान्त पारी शोकाकुलित भइरहने समय उपदेश सुन्नको निम्ति अति अनुकूल समय हो । धर्मकथिक समर्थवान भयो भने भएभरका शोक तुरून्त हराएर निको हुनसक्छ ।

## मुण्ड राजाको शोक

आयुष्मान नारद पाटलिपुत्र नगरमा बसोबास गरिरहनुहुँदा मुण्ड राजाकी अतिप्यारी महारानी भद्दा परलोक भइन् । मुण्ड राजाले स्नान पनि गरेनन्; शरीर सजधज पनि गरेनन्; अतिशोक गरी खानपिन पनि गरेनन्; कामधाम पनि नगरिकन दिनरात भद्दाको शरीरमा मात्र डुबेर बसे । भद्दाको लाशलाई धेरै कालसम्म हेरिराख्नको लागि फलामको तेलभाँडोमा डुबाई माथि फलामको पाताले छोपेर राख्न भण्डारी पियकलाई हुकुम दिई त्यस्तै गरिराख्न लगाए । त्यसपछि राजाको शोक हटाउन आयुष्मान नारदकहाँ जानको लागि सुझाव दिई निवेदन गरेपछि राजाले पनि स्वीकार गरी आयुष्मान नारदकहाँ पुगे । आयुष्मान् नारदले 'महाराज, संसारमा श्रमण, ब्राह्मण, देव, मार, ब्रह्मा कसैले पनि लाभ गर्न नसकिने क्षेत्र पाँचवटा छन् । ती हुन्- 'जीर्ण हुने स्वभाव क्षेत्रलाई जीर्ण नहोस्' भनी कसैले लाभ गर्न नसकिने क्षेत्र भयो । रोग लाग्ने स्वभाव, मरण हुने स्वभाव, सिद्धिएर जाने स्वभाव भएका क्षेत्रहरूलाई रोग नहोस्, मरण नहोस, नसिद्धियोस्, विनाश नहोस् भनी कसैले लाभ गर्न



https://dhamma.digital

नसकिने क्षेत्र भयो' भनी बताइसकिएपछि साथसाथै पृथग्जन र आर्यहरू त्यस्ता स्वभावहरूसँग सामना गर्नुपर्दा फरक किसिमले अनुभव गर्ने तथ्य पनि बताउनुभयो । सारांशमा पृथग्जनले आफूसँग सम्बन्धित चीजवस्तुहरू जीर्ण हुनु, रोग हुनु, मरण हुनु, सिद्धिनु, विनाश हुनुसँग सामना गर्नुपर्दा यो जीर्ण हुनु आदि म एकजनाले मात्र सामना गर्नुपरेको हैन, सबैले नै सामना गर्नुपर्ने हो; म शोक-सन्ताप गरी रोइकराई हिंडेँभने खानपिन रूचि नभएर, कामधाम नुक्सान भएर, रूपलावण्य नराम्रो भइ जाने मात्र हुन्छ; शत्रुहरू खुसी पार्नु मात्र हुन्छ; इष्टमित्रहरू मन दुःखित गरी मन अशान्त पारी बस्नु पर्ने मात्र हुन्छ भनी विचार गर्न नजानेर शोक सन्ताप र विलाप गरी बस्नुपर्ने हुन्छ । विलाप गरी हिंड्नाको कारणले बिष लेपिएको शोकरूपी काँढाले घोचिनुपर्ने हुन्छ । आर्यश्रावकहरू भने त्यसरी विचार गर्न जान्ने हुनाले रूदैनन्, शोक गर्दैनन्; दाह हुँदैनन्; शोकरूपी काँढालाई उखेलेर फाल्नसक्ने हुन्छन् । शोक काँढाले घोचिनाले डाह गरी बस्छन् । शोकरूपी काँढा नरहनाले आर्यहरू सीतल शान्त भइ बस्छन् । यो उपदेश सुन्नपाउँदा राजाले 'यो कुन उपदेश हो भन्ते ?' भनी सोधे । 'शोककाँढा उखेली पठाउने उपदेश हो' भनी जवाफ दिएपछि 'साँच्चै नै शोककाँढा उखेलिदिने उपदेश रहेछ, भन्ते; यो उपदेश सुन्न पाएर मेरो शोकरूपी काँढा उखेली सकेँ' भनी निवेदन गरी पियकलाई 'भद्दाको यो लाशलाई दाहसंस्कार गरिदेऊ; मैले आजदेखि नुहाई धुवाई गरी श्रीखण्ड लेपी खानपिन गरी कामकाजमा जानेछु' भनी हुकुम भयो ।
(पञ्चकङ्गुत्तर, पठमपण्णासक, मुण्डराजवग्ग, नारदसुत्त (५१) -मा विस्तृत रूपले हेर्नुस् )

२१) **खन्ती च सोवचस्सता; समणानञ्च दस्सनं ।**
**कालेन धम्मसाकच्छा; एतं मङ्गल मुत्तमं ।**

२१) **देवपुत्त**=भो देवपुत्र; **या खन्ति च**=जुन क्षान्ति (सहनु); **या सोवचस्सता च**=जुन अनुशासन गर्न सजिलो हुनेको स्वभाव; **समणानं**=श्रमण भिक्षुहरूलाई; **यं दस्सनञ्च**=दर्शन गर्नु; **या धम्मसाकच्छा च**=जुन धर्म छलफल गर्नु; **अत्थि**=छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम, **मङ्गलं**=मंगल नै हुन् ।

### चारवटा मंगलको भावार्थ

हे देवपुत्र; सहनु; अनुशासन गर्न सजिलो; भिक्षु श्रमणहरूको दर्शन



https://dhamma.digital

गर्नु; धर्म छलफल गर्नु; यी चारवटा मङ्गल हुन् ।

## खन्ति

अरूले गाली गर्नु, पिट्नु कुट्नु गर्न आएमा प्रतिकार नगरिकन विपरीत स्वभाव नबनाइकन सन्तोष पूर्वक स्वीकार गर्नुलाई सहनु भन्दछन् । खन्तिको स्वरूप **अधिवासन खन्ति**लाई ग्रहण गर्नु पर्ने कुरा अर्थकथा मा वर्णन गरिएको छ । कुनै कुनै ठाउँमा लोभ लाग्नु, मन पर्नु, प्रिय लाग्नुलाई **खन्ति** शब्दले व्यक्त गर्ने गर्दछ । **दिट्ठिनिज्झानक्खन्ति** भनेको प्रज्ञा ज्ञानले निरीक्षण गरी सन्तोष मानी निर्णय गर्नु **खन्ति** पनि छ । त्यस्तो किसिमको **खन्ति** होइन सहनु **खन्ति**लाई मात्र यहाँ ग्रहण गर्नुको निम्ति **अधिवासनक्खन्ति** भनी वर्णन गरेको हो । **अधि**=आफूप्रति; वासन=बास गराउनु; अरूले गाली गर्नु आदिका कारणले प्रतिकार गरी गाली गर्नु कुट्नु गरे भने त्यस्ता क्रियालाई आफूले स्वीकार नगरी हटाई सारेको भन्दछन्; त्यस्तो नभइ सारेर पठाएन; विरोध नगरिकन सहेर बसेमा उक्त गाली गर्नु आदिलाई आफूमा बास दिइराखेको भनी भनिन्छ । त्यसैले **अधिवासन** भनेको पनि सहनु नै हो । चिसो, तातो, कीरा, लामखुट्टे आदिले टोक्नु आदिलाई सहनु पनि **अधिवासन खन्ति** नै हो । यो त्यो विषयका कारणले रिसाउनु, मन अशान्त बनाउनु आदि हुनसक्ने हुनाले त्यस्तो स्थिति सामना गर्ने अवस्थामा पनि सहनु नै पर्दछ ।

## गाह्रो आचरण

यो **खन्ति** पूरा गर्नु साह्रै गाह्रो आचरण हो । **खन्ति**द्वारा विजयी हुन सक्नुलाई साँच्चै विजयी हुनसकेको भनी नियमित गरिराखेको छ । सहन सकेमा निर्वाण पुग्छ भन्ने भनाई छ । यो साँच्चै निर्वाण पुग्ने कारण भएको आचरण नै हो । शील, समाधि र प्रज्ञा सहन नसक्नेसँग हुनसक्ने आचरणहरू होइनन्; तसर्थ **खन्ति** शील, समाधि प्रज्ञाको मूलभूत कारण रहेको छ । सबै प्रकारका कुशल **खन्ति** हुनेसँग मात्र उत्पन्न हुने हुनाले सम्पूर्ण कुशलसँग सम्बन्ध भएको धर्म नै हो । **अदोस** (मैत्री) प्रधान भएको कुशल धर्म समूहको नाम भएकोले सबैले **खन्ति** (क्षान्ति) धर्म हस्तगत गरिराख्न सकेमा परस्पर झगडा कलह हुने भेदभाव बनाएर बस्नुपर्ने अवस्था नआई मेलमिलाप सम्झौता बनाई लोक रमाइलो मात्र भइरहने हुन्छ । हरेक रमाइलो युगमा क्षान्तिधर्म विकास भइरहनु स्वाभाविक नै हो ।



https://dhamma.digital

## शक्र देवेन्द्रको क्षान्ति धर्म

एकचोटी त्रयस्त्रिंशत् र असुरहरूको युद्धमा त्रयस्त्रिंशत् देवताहरू विजयी भएर पकडेर ल्याइएका वेपचित्ति असुरेन्द्रलाई सुधम्म सभामा बाँधेर राखे । वेपचित्तिले शक्र देवेन्द्र सुधम्म सभामा भित्र बाहिर ओहरदोहर गर्दा प्रत्येकपल्ट अनेक प्रकारले गाली गर्थे । शक्र देवेन्द्रले सहेर बसे । यो घटना देखिरहेका मातलीले वेपचित्तिको कडा बोली वचनलाई स्पष्टरूपले सुनिए पनि सहेर बसेको 'डराएर हो कि, दुर्बल भएर हो' भनी सोधे । 'मैले सहिबसेको डराएर पनि होइन; दुर्बल भएर पनि होइन; म जस्ता प्रज्ञावानले मूर्खसँग किन प्रतिस्पर्धा गरिबस्नु' भनी भने । मूर्खहरू त उनीहरूलाई रोकेन दबाएन भने झन घमण्डी हुनथाल्ने भएकोले प्रज्ञावानले मूर्खलाई तीव्र दण्डद्वारा दबाई रोकी राख्नयोग्य भएको कुरा मातलीले भनेपछि 'अरू कुपित भइरहेको जानेर कोप शान्तगरी बस्नेको उक्त शान्ति नै मूर्खलाई रोकिरहेको हो' भनी देवेन्द्रले भने । 'यसरी सहनुमा दोष देखिन्छ; भो शक्र, ...मूर्खले आफूदेखि डराएर सहेर बसेको हो भनी ठान्ने अवस्थामा भागिरहेको साँढेलाई अरू साँढेहरूले झन लखेटेझैं आफूलाई दबाउन खोज्न सक्छ' भनी मातलीले बिन्ती गरे । त्यसबेला शक्र देवेन्द्रले विस्तृत रूपमा धर्म बताएको कस्तो हो भने चाहे मैले डराएर सहिबसेको हो भनी ठानोस् वा अन्यथा ठानोस्; क्षान्तिभन्दा उच्च सबभन्दा ठूलो आत्मलाभ (आफ्नो फाइदा) मैले अर्को देखेको छैन । दुर्बलले सधैं सहेर बस्नसक्ने भएकोले बलशक्ति भएर पनि निर्बलप्रति सहनेको जस्तो सहनुलाई सर्वोत्तम भनी प्रज्ञावानहरूले भनिराखेका छन् । मूर्खको जस्तो बलशक्ति सम्पन्न भएको भयो भने उक्त बलशक्ति अवास्तविकलाई बलशक्ति भनिएको हो; धर्म रक्षकको बलशक्तिलाई त्यस्तो भन्नसक्ने कम्पित गर्न सक्ने कोही हुँदैन ।

'आफूप्रति कोप गर्नेमाथि फेरि कोप गर्ने व्यक्ति अवश्य पनि झन नीच र हीन हुन्छ । रिसाउनेसँग नरिसाउने व्यक्ति जित्न गाह्रो संग्राम विजयी हुन्छ । अरू रिसाएको जानेर सहेर शान्त भइरहेका व्यक्ति आफू र अरू दुवै पक्षको लाभ हुने आचरण गर्ने व्यक्ति नै हो । उक्त आफू र अरू दुवै पक्षको लाभलाई सिद्ध गर्नेलाई धर्म नजान्ने मूर्खहरू मूर्ख (बाल) भनेर ठान्दछन् ।' यो शक्र देवेन्द्रको वचन सहनशील व्यक्तिको प्रशंसा नै भएकोले लौकिक क्षेत्र र धार्मिक क्षेत्र दुवैतिर विकास गर्ने आकांक्षा भएका सबैले सम्झी पालन गर्नयोग्य छ ।



https://dhamma.digital

## गुण र दोष

नसहनेलाई पाँचवटा दोष[१] र सहनेलाई पाँचवटा लाभ (गुण) हुन्छन् भनी बताउनुभएको पञ्चकङ्गुत्तर पञ्चमपण्णासक अक्कोसवग्ग (२२२) मा उल्लेख छ । त्यसमध्ये सहनशीलता नहुनेलाई दोषहरू १) धेरै मानिसहरूका अप्रिय (शत्रुभाव हुने) हुनु; २) शत्रु बढ्नु; ३) दोष धेरै हुन्[२] ; ४) मोहित भएर मरण हुनु; ५) मरेपछि अपायमा पुग्नु अवश्यम्भावी । त्यसको विपरीतक्रमले सहनशील व्यक्तिलाई १) धेरै मनुष्यहरूबाट मन पराइनु; २) शत्रु कम हुनु; ३) दोष कम हुनु; ४) होशपूर्वक मरण हुनु; ५) मरणपछि सुगति बास हुनु यी पाँचवटा फल लाभ हुन्छन् ।

**नसहने भयो भने; अरूले मन पराउँदैन ।**
**शत्रु बढ्छ; दोष वृद्धि ; मोहमा मरण हुन्छ ।**
**अपाय मरणपछि; बुझ्नू उल्टो क्षान्तिको ।**

## धर्मयुक्त भएमा

तथागतले मूलपण्णास ककचूपम सुत्त (१८१) -मा दुवैतिर धार भएको करौंतीले चोरहरूले अंग-प्रत्यंगहरू काटे पनि ती चोरहरूप्रति क्रोध उठायो भने म तथागतको अनुशासन पालन गर्ने हुँदैन भनी त्यतिसम्म भगवान्‌ले सहनशीलताको अभिलाषा राख्नुभयो । गाली गरेको आवाज; उपहास गरेको आदि अवाज नआइपुगेसम्म सहनसक्नु साँच्चैको सहन सकेको होइन; त्यस्ता आवाजहरू आइपुगेर (सुनेर) अनुभव गरी सामना गर्ने अवस्थामा मात्र सहनसक्नेको रूपमा प्रकट हुन्छ । दोषको अवगुण र सहनुको गुणलाई देखेर सहने व्यक्तिको सहनु मात्र स्थीर हुन्छ । भावना कार्यको प्रभावले लाभ भएको सहनशीलता त झन विश्वस्त हुने ठाउँ छ । नत्र छरछिमेकी असल भएको अवस्थामा सहन सक्ने भनी मानिए पनि कुनै दिन आक्रमणमा पर्दा आफूले सहिरहेको गुण बगेर जान्छ ।

## वेदेहिका

पहिले श्रावस्तीमा वेदेहिका भन्ने एउटी गृहिणी थिइन् । तिनी आचरण राम्री, निहतमानी, स्थीर, शान्त, दान्त छिन् भनेर प्रशंसिता थिइन् । तिनी

---

१ अतीव करूणालाग्दो दुःखमा पर्नुको कारण भएकोले अपराध भन्ने भाव भएको हो ।

२ निन्दा उपहास योग्य काय-कर्म वची-कर्म अपराधहरू भन्ने भाव हो ।



https://dhamma.digital

गृहिणीकी कामधाममा दक्षता भएर अल्छी नमानी कर्तव्यनिष्ठ भएकी काली भन्ने एउटी दासी थिइन् । कालीले 'मेरी मालिकनीका असल प्रशंसा शब्दहरू सबैले बोल्दछन् । मेरी मालिकनीमा साँच्चै दोष नभएको हो कि, वा म जाति भएकीले तिनी पनि भलादमी भएकी हुन्' भनी परीक्षा गर्ने विचार आयो । भोलिपल्ट अबेर मात्र बिछ्यौनाबाट उठी । 'ए...काली, किन उठ्न अबेर भएको हँ' भनेर सोध्दा 'मालिकनी केही भएको छैन' भनी जवाफ दिई । वेदेहिकाले रिसाएर आँखीभौं चढाइन् । त्यसबेला कालीले मेरी मालिकनी रिसाउन जान्ने रहिछिन्; म जाति भइरहेकोले तिनी पनि जाति भएकी रहिछिन्' भन्ने कुरा याद गरी । पछि एकदिन फेरि परीक्षण गर्ने मन भएकोले पहिलेको पटकभन्दा पनि अबेरसम्म सुतिरही । त्यसबेला आँखिभौं मात्र चढाएको होइन कि मुखै थरथराई हप्काउने अवस्थासम्म रिसाइन् । त्यसपछि झन अबेलासम्म सुतिरहेपछि त्यसपटक त मुख मात्र होइन कि हात समेत चलाउन थालिन् । खापाको आग्लोले टाउकामा हान्दा कालीको टाउकोमा प्वाल पऱ्यो ।

अनि कालीले प्वाल परेर रगत बगिरहेको टाउको यथावतै लिई छरछिमेकीकहाँ गई 'लौ हेर्नुस् आचरण जाति छ भनिने मेरी मालिकनीको कर्तूत; एक्ली दासीलाई अबेला उठी भनी खापाको आग्लोले टाउको प्वाल पारिदिएकी' भनी उपहास गर्दै भनी । त्यसबेलादेखि वेदेहिका चण्ड, अभिमानी, कचमच गर्ने आइमाई हो भनी खराब शब्दहरू फेरि प्रचार भयो । धर्मले युक्त क्षान्ति होइन भने यस्तै हुनसक्ने घटना देखाईरहेको यो एउटा साधक नमुना नै भन्न सकिन्छ । (म.१-१७६-७)

**उपकारिसु यो साधु; साधुत्ते तस्स को गुणो ।**
**अपकारिसु यो साधु; सो साधु सब्भि उच्चते ।**

(पञ्चतन्त्र)

**यो**=जो व्यक्ति; **उपकारिसु**=उपकार गर्नेप्रति; **साधु**=असल हुन्छ; **तस्स**=उसको (उपकार गर्नेहरू प्रति असल हुने व्यक्तिको); **साधुत्ते**=राम्रो भावमा; **गुणो**=गुण; **को**=कहाँ हुन्छ र ? **यो**=जो व्यक्ति; **अपकारिसु**=अपकार गर्नेहरूप्रति; **साधु**=असल हुन्छ; **सो**=उही अपकार गर्नेहरूप्रति असल हुनेलाई; **साधु**= साँच्चै असल भनी; **सब्भि**=सत्पुरूषहरू; **उच्चते**=भन्दछन् ।

**सोवचस्सता**

**सुवच**=सरल कुरा गर्ने; अववाद अनुशासन गरिनुलाई सजिलै कुरा



https://dhamma.digital

सुन्ने व्यक्ति । **'सुखं वचो एतस्मिन्ति सुवचो ।' एतस्मिं**=उक्त व्यक्तिसँग; **सुखं**=सरल; **वचो**=कुरा; **अत्थि**=छ; **इति=**त्यसैले; **सुवचो**=सुवच भन्दछन् । दुब्बच (=कुरा मनाउन गहारो हुने व्यक्तिले) व्यक्तिलाई गौरव गर्दैन; धर्मलाई गौरव राख्दैन; विरोध गर्ने मनसाय भएका अनुशासन गर्न गाह्रो व्यक्ति भयो । त्यसो नभइ व्यक्तिलाई गौरव राखेर धर्मलाई आदरपूर्वक अनुसरण गर्न जान्नेलाई सुवच भनिन्छ। **'सोवचस्स**=कुरा मनाउन सजिलो व्यक्तिको क्रिया।' अनुशासकको अनुशासनलाई गौरव गर्ने, सन्मानपूर्वक अनुशरण गर्नुलाई नै अनुशासन गर्न सजिलो व्यक्तिको सरल क्रिया भनेको हो । **(सुवचस्स कम्मं सोवचस्सं । सुवचस्स**=अववाद अनुशासन गर्न सजिलो व्यक्तिको; **कम्मं**=काम हो; **सोवचस्सं**=अनुशासन गर्न सजिलो व्यक्तिको काम) ।

**सोवच्चस्स भावो सोवचस्सता । सोवचस्स**=अनुशासन गर्न सजिलो व्यक्तिको कामको; **भावो**=उत्पत्ति कारण हो; **सोवच्चस्सता**=अनुशासन गर्न सजिलो व्यक्तिको कामको उत्पत्ति कारण । अनुशासन गर्न सजिलो व्यक्तिको कामको उत्पत्ति कारण भनेको वचन बोली मीठो बोल्नु अववाद दिनु गर्न सजिलो पार्ने कामलाई उत्पन्न गर्न जान्ने चेतना समूह कुशल धर्म नै हो । यो **सोवचस्सता निवात**सँग सम्बन्धित हो । **निवात** नरहेमा **सोवचस्सता** रहन सक्दैन । निहतमानी हुन नजान्नेले अरूको अनुशासन ग्रहण गर्न सक्दैन । त्यसैले **निवात**को क्षेत्रमा देखाइएका आयुष्मान सारिपुत्र, आयुष्मान राहुलहरूको विषय प्रसंग यहाँ पनि उल्लेख गर्नुपर्छ। यस **सोवच्चस्सता**द्वारा गुरू आचार्य आमा-बुबाहरूबाट अनुशासन प्राप्त हुनु; उक्त अववाद अनुशासनलाई पालन र आचरण गरेर निर्दोष हुनु; विभिन्न गुणद्वारा अनेक फल लाभी हुनुको कारण हुनाले मङ्गल होस् ।

## असली सुवच

मूलपण्णास ककचूपम सुत्त (१७८) मा उल्लेख भएको तथागतबाट आज्ञाभएको कस्तो भने 'चीवर, पिण्डपात्र, सयनासन, भैषर्ज्य चतु:प्रत्यय लाभ गर्ने मनसाय राखी सिकाउन बताउन सजिलो हुने व्यक्तिलाई म तथागत **सुवच** भन्दिनँ । कारण किनभने सो व्यक्ति चीवरादि प्राप्त भएन भने अववाद अनुशासन गर्न सजिलो नहुने भएर हो । धर्मलाई आदर गौरव राखी, धर्मलाई सत्कार गरी, धर्मलाई पूजा गरी सिकाउन बताउन सजिलो व्यक्तिलाई मात्र असली **सुवच** भनेर भनिन्छ भनी म तथागत भन्दछु ।' यस देशनाद्वारा



https://dhamma.digital

अनुशासन आफ्नो निम्ति अति लाभकारी हो भनी बुझ्नेसँग मात्र असली **सुवच** हुनसक्छ। धम्मपद (२४) मा 'दोष देखाई अनुशासन गर्नेलाई सुनको घडा देखाइदिने जस्तै हुन् भनी मान्नुपर्दछ। निहतमानी भइ बोल्ने प्रज्ञावानको मात्र सेवन गर्नुपर्दछ। त्यस्ता प्रज्ञावानलाई सेवनगर्ने व्यक्ति हीन र नीच बन्न सक्दैन, श्रेष्ठ र उत्तम व्यक्ति मात्र बन्दछ' भनी बताउनुभयो।

**नीतिकारहरूको भनाई** यस्तो छ- 'मन पर्ने कुरा गर्ने व्यक्ति पाउन सजिलो छ। मन नपर्ने तर लाभकारी कुरा गर्न जान्ने र सुन्न मन पराउने व्यक्ति पाउन गाह्रो छ। लोकमा अप्रिय भए पनि लाभकारी कुरा गर्न जान्ने व्यक्ति साँच्चैका मित्र हुन्। अरू व्यक्तिहरू नाम मात्रका साथीहरू हुन्।'

आयुष्मान राहुलले हातमा बालुवा मुठी पारी 'यो बालुवाका कणजति (धेरै) मलाई अनुशासन गर्नेहरू पाए भने साह्रै राम्रो हुनेथियो' भनी प्रार्थना गर्दथे। उहाँले अनुशासनको मूल्य बुझेकोले नै त्यस्तो भन्नुभएको हो। अनुशासनको मूल्य बुझ्ने जतिले अनुशासनको इच्छा र आकांक्षा राखिरहन मन पराउँछन् नै।

### अनुशासन प्रिय व्यक्ति

एउटा भिक्षुले भिक्षाटनबाट फर्केर आई पोखरीमा ओर्ली नुहाईरहँदा कमल-फुलको सुगन्ध अनुभव गरिरहे। एउटा देवताले 'भन्ते ...अरूले नदिइकन नै कमल फूलको गन्ध सुँघी बस्नु पनि एकप्रकारको चोर्नु नै हुनाले गन्धचोर भन्न मिल्छ' भनी दोष लगाए। 'कमलको कन्द उखेली, फूल टिपिरहेकोलाई त्यस्तो नभनी भाँच्ने टिप्ने केही नगरी टाढा बसी गन्ध सुँघी मात्र रहेको मलाई किन गन्धचोर भनेको हो भनिरहेको हो नि' भनी भिक्षुले सोधे। 'ध्वाँसो मोसो धेरै लागेको कमारीको कपडा झैं धेरै दोषहरू भएकोलाई भन्नु नै छैन। तपाँईलाई मात्र भन्न सुहाउँछ। तपाँइ त निर्दोष, परिशुद्धता मन पराउने, पशुको रौंको टुप्पो जति दोषलाई पनि बादलको ढिक्का जति ठान्ने भएकोले हो' भनी देवताले भनेपछि 'तिमि मप्रति करूणा राख्नजान्ने भएकोले पछि यस्ता दोषहरू देखेमा भन है' भनी भिक्षुले आमन्त्रण गरे। देवताले भने 'मलाई बताउनेवाला छ' भनी उद्योगहीन बन्लान भनी डराएर अस्वीकार गऱ्यो। 'म तपाँईको आधार लिई जीवन यापन गरिरहेको पनि होइन; सुगतिमा पुग्ने धर्मलाई तपाँइले नै जानेर उद्योग गर्नुहोस्' भनी अन्तरधान भयो। उनी



https://dhamma.digital

भिक्षुले सानो दोषलाई ठूलो दोष बनाई बोलिरहेका देवतालाई लाभकामीको रूपमा राखी कुरा सुनिरहेको उत्साहित हुन लायक छ । (सगाथावग्ग वन संयुत्त गन्धत्थेन सुत्त-२०६)

## अनुशासन अप्रिय

सत्पुरूषहरू अनुशासनप्रिय हुने भएकोले अनुशासन गर्नेलाई उपकार गर्न जान्दछन् भने पनि बाल मूर्खहरूले भने अनुशासनलाई जाति मान्दैनन्, अनुशासन गर्नेलाई नै वैरभाव राख्नसक्छन् । पहिले हुरी-बतासले गर्दा थरथर काँमिरहेको बाँदरलाई बोधिसत्व सिंगील पंछीले 'तिमिमा मान्छेमा जस्तै नै हात, खुट्टा, टाउको रहे पनि घर किन छैनन नि' भनी सोध्यो । 'मान्छेमा जस्तै हात, खुट्टा, टाउको भए पनि ममा मान्छेमा जस्तै प्रज्ञा छैन' भनी जवाफ दियो । त्यसबेला बोधिसत्वले 'चित्त स्थीर नभइ प्रमादी भएका, मित्रद्रोही, शीलहीन प्राणी सुखी हुन सक्दैन; आफ्नो आचरणद्वारा सामर्थ्य प्रकट गरेर जाडोको दण्ड, हावाको दण्डबाट रक्षा गर्न सक्ने घर बनाऊ' भनी असल र निको सल्लाह दियो । बाँदरले निको मानेन । 'मलाई तैंले भन्नुपर्छ र' भनी रूखमा चढेर गुँड बिगारी दिएकोले बोधिसत्व पनि भाग्नुपर्‍यो । (जातक प्र. चतुक्क कुटिदूसक १०३)

## अवारियपिता

पहिले नौका (नाउ) खियाउने अवारियपिता भन्ने माझी एकजना थियो । उ रिसाहा थियो । उता पारी पुगेपछि मात्र नौकाको भाडा माग्ने बानी भएकोले सँधैं ग्राहक यात्रीसँग उसको झगडा पर्थ्यो । एकदिन बोधिसत्व ऋषि उसको नौका चढेर पारी पुगेपछि भाडा माग्यो । त्यसबेला ऋषिले 'पार नतर्दै वारी नै नौकाभाडा माग्नुपर्ने कुरा, मान्छे भनेका पार तर्न अगाडि एउटा चित्त पार तरिसकेपछि अर्कै चित्त भएका हुने कुरा, लोक व्यवहारको लागि बाटो देखाई उपदेश दिइसकेपछि गाउँमा, वनमा, स्थलमा वा जलमा जहाँ बसे पनि नरिसाउनको लागि र द्वेष ननिकाल्ने धार्मिक क्षेत्रको लागि उपदेश दिए । 'के यो मेरो नौकाको भाडा हो ?' भनी सोधेपछि 'मसँग नौकाभाडा छैन; मैले दिनसक्ने यही उपदेश नै हो' भनी भनेपछि 'नौकाभाडा नहुने नौकामा बस्न मिल्छ र' भनी बोधिसत्वलाई पछारी जिउमा चढेर मुखै मुखमा हान्यो । भात पुऱ्याउन आएकी उसकी श्रीमतीले देखेर 'उहाँ राजाका गुरू भएकोले



https://dhamma.digital

यस्तो गर्न नहुने कुरा' भन्दा श्रीमतीलाई समेत 'तैंले भन्नुपर्छ र' भनी पिट्दा भातको भाँडा पनि फुट्यो स्वास्नीको पनि गर्भपतन भयो । मूर्ख माझीले पनि राजदण्ड भोग्नुपर्‍यो । ('जातक प.छक्क अवारिय १३७)

यो द्वेषशमन उपदेश राजालाई बताउँदा एकलाख कर आम्दानी हुने ठूलो गाउँ बक्सिस पाए पनि मूर्खलाई दिंदा मुड्की दण्ड मात्र भोग्नु पर्‍यो ।

'सर्पलाई दूध ख्वाउनु विष वृद्धिको लागि मात्र हुन्छ; मूर्खहरूलाई अववाद अनुशासन दिनु रिस उठाउनको लागि मात्र हुन्छ; शान्त गर्नलाई हुँदैन । (नीति)

## समणदस्सन

**समण**=क्लेशलाई शान्त गर्ने व्यक्ति । बिल्कुल क्लेश शान्त भइसकेका अरहन्तहरू र क्लेश शान्त हुने गरी उद्योग गरिरहेका सम्पूर्ण भिक्षुहरूलाई पनि **समण** भन्नुपर्दछ । राम्ररी अभ्यास, उद्योग, पालन र आचरण गरिरहेका पृथग्जन भिक्षुहरू क्लेश शान्तहुनेगरी आचरण गरिरहेकाहरू भएकोले **समण** नै हुन् । श्रद्धा धर्म सम्पन्न व्यक्तिमा आचरण राम्रो भइ शिक्षा इन्द्रीय संयम भएका भिक्षुहरूको दर्शन गर्न पाउँदा मन प्रसन्न प्रफुल्लित भइ कुशल बृद्धि भइ मंगल उत्पन्न हुन्छ । यहाँ **दस्सन** भनेको कमसे कम निम्न अनुसार बताइराख्नुभएको देशना भएकोले दर्शन गर्नु मात्र नभइ सेवन गर्नु, पालन पोषण गर्नु, सम्झनु, सुन्नु समेत पनि दर्शनको रूपमा समावेश गरी लिनको लागि अर्थकथामा वर्णन गरिराखेको छ ।

## मङ्गल उत्पत्ति

नजिकै बसेर सत्संगत गर्नुद्वारा कर्तव्यनिष्ठ भिक्षुहरू भए भने लोक र धर्म दुवै क्षेत्रमा वृद्धि हुने कारण असल उपदेश बताउने देखाउने हुनाले रत्न लाभ भएको जस्तै लाभ पाउने भएकोले मंगल हुन्छ । पालन पोषण गर्नु भनेको भोजनद्वारा सेवा गर्नु, व्रतद्वारा सेवा गर्नु, दुवै नै कुशलधर्म भएकोले मंगल नै हुन्छ । आफूले श्रद्धा राखेका भिक्षुको इन्द्रीय शिक्षा सम्पन्न आचरण असल गुणलाई चिन्तन मनन गर्दा अत्यन्त प्रमुदित भइ प्रीति उत्पन्न हुने हुनाले लाभदायक भएकोले स्मरण गर्नु पनि मंगल नै हो । फलानो व्यक्ति यति आचरण शिक्षा सम्पन्न हुन्' भनी सुन्न पाउँदा सुन्नुद्वारा नै श्रद्धा उत्पन्न हुनसक्छ । शीलवन्त व्यक्तिले सुनेर मात्र पनि चित्तलाई प्रसन्न प्रभासित



https://dhamma.digital

बनाउन सक्ने भएर उसको खबर सुन्नपाउनु पनि मंगल नै हो ।

## आँखा राम्रो हुनु

भिक्षुहरूलाई दान गर्ने वन्दना गर्ने अवसर नमिलेर मान-मर्यादापूर्ण आँखाले हेरेर प्रसन्नता अनुभव मात्र हुँदा पनि धेरै जन्मसम्म आँखाको रोग-दोष निवारण भइ परिशुद्ध भइ सफा भइ चट्ट परी शोभायमान हुने लाभ पाइने कुरा अर्थकथा मा उल्लेख गरिएको छ ।

तथागतको **अभिनीलनेत्त** (=कालो हुनुपर्ने भागमा निख्खर कालो भइ शोभायमान आँखा भएको) लक्षण, **गोपखुम** (=भर्खर जन्मेको बाछा-बाछीको जस्तो शोभायमान आँखा भएको) लक्षणहरू सत्वहरूलाई प्रेमपूर्ण आँखाले हेर्नुभएको कारणले भएको हो भनी बताउनुभएको पाथिकवग्ग लक्खणसुत्त (१३६) -मा उल्लेख छ । त्यसैले अर्थकथा मा आँखा राम्रो हुनु, निर्दोष हुनु, लाभ देखाइराखेको उक्त पाली अनुरूप नै रहेको छ ।

## यथार्थ ज्ञान दर्शन

श्रमण दर्शन गर्नुमा चक्षु-दर्शन र ज्ञान-दर्शन दुईप्रकारका रहेकोमा ज्ञान दर्शनले श्रमणलाई देख्नेले मात्र वास्तविक रूपमा देख्नेछ । चक्षु-दर्शन मात्रले हुँदा खराबलाई असल भनी ठान्न सक्दछ । अस्सजि पुनब्बसुक भिक्षुहरूले कीटागिरी जनपदमा श्रमणहरूलाई नसुहाउने काम सबै नै गरिरहे । तर त्यहाँका अधिकांश ग्रामीण जनताहरूले ती खराब भिक्षुहरूलाइ नै मात्र श्रद्धा राखी बसे । आचरण शिक्षाले सम्पन्न एकजना भिक्षु अरू ठाउँबाट आइपुग्दा पनि भिक्षाटन गर्नजाँदा पनि कसैले भिक्षा दान दिएनन् । एकजना दाताले निमन्त्रणा गरी भोजन दान दिंदा मात्र उक्त भिक्षुले भोजन गर्न पाए । ज्ञान दर्शन भएका दाता एकजना बाकी रहेको भेटेकोले मात्र उक्त भिक्षु भोकै बस्नुपरेन । मार्ग ज्ञान फलज्ञानद्वारा धर्म देखिसकेको भए उक्त व्यक्ति अवश्य पनि उच्चस्तरबाट बुद्धलाई देख्ने श्रमणलाई देख्ने हुन्छ । त्यस्तो दर्शन भए मात्र बुद्ध फेर्दैन पनि, श्रमण फेर्दैन पनि । साँच्चै बुद्धलाई देख्ने श्रमणलाई देख्ने हुनुपर्‍यो भन्ने मतलब भयो ।

**पस्सति पस्सो पस्सन्तं; अपस्सन्तञ्च पस्सति ।**
**अपस्सन्तो अपस्सन्तं; पस्सन्तञ्च न पस्सति ।**
(वप्पत्थेर गाथा)



https://dhamma.digital

**पस्सो**=सही धर्मलाई देख्ने व्यक्तिले; **पस्सन्तञ्च**=धर्म देख्नेलाई पनि; **अपस्सन्तञ्च**=धर्म नदेख्नेलाई पनि; **पस्सति**=देख्न सक्छ । **अपस्सन्तो**=सही धर्मलाई नदेख्ने व्यक्तिले; **अपस्सन्तञ्च**=धर्म नदेख्नेलाई पनि; **पस्सन्तञ्च**=धर्म देख्नेलाई पनि; **न पस्सति**=देख्दैन, देख्नसक्दैन । (पृथग्जनले यथार्थ रूपमा केही पनि देख्दैन; आर्य भएमा मात्र सबै स्पष्ट हुनेगरी देख्ने हुन्छ भन्ने भाव हो ।)

## धम्मसाकच्छा

(**'सह कथनं साकच्छा ।' सह**=सँगै; **कथनं**=बोल्नु भन्नु; **साकच्छा**=सँगै बोल्नु भन्नु । '**धम्मस्स साकच्छा धम्मसाकच्छा ।**' -**धम्मस्स**=धर्मलाई; **साकच्छा**=सँगै बोल्नु भन्नु; **धम्मसाकच्छा**=धर्मलाई सँगै बोल्नु भन्नु हो ।) सँगै बसेर बोल्नु भन्नुलाई छलफल गर्नु भनिन्छ । एक अर्कासँग परस्परमा प्रश्न-उत्तर गर्नु परस्परमा बोल्नु भन्नुलाई छलफल गर्नु भनिन्छ । धर्मको छलफल गर्नाको लाभ छन् । उपदेश सुन्नुका लाभमा देखाइएका लाभ धर्मको छलफलबाट प्राप्त गर्न सकिन्छ ।

## मंगल सभा

धर्म छलफल वयस्कहरूले मात्र गर्ने बानी भएकोले आजभोली युवक-युवतीहरूले छलफल गर्ननहुने जस्तो भइरहेको छ । वास्तवमा धर्म भनेको मन असल बनाउन जान्नु, अधर्मलाई हटाई धर्मलाई गौरव राख्न सिक्नु, वीर्य, स्मृति, समाधि, प्रज्ञा आदि धर्महरू बृद्धि गर्नुद्वारा लौकिक उन्नति धार्मिक उन्नति दुवैतिर सहयोग गर्ने हुनाले युवक-युवतीहरूले मात्र नजानी कहीं सुख छ र ! त्यसो हुनाले धर्म छलफल गर्नु गोष्ठी (धर्मसाकच्छा सभा) बरोबर संचालन गरी बोल्नेहरूले बोलेर सुन्नेहरूले सुनेर धारण गरेमा अतिव लाभ प्राप्त हुन्छ । त्यस्ता सभा गोष्ठी मंगलमय सभा, गोष्ठी भयो । '**नेसा सभा यत्थ न सन्ति सन्तो**; **सन्तो न ते ये न वदन्ति धम्मं**=सत्पुरूषहरू नभएको सभा सभा होइन; धर्मको कुरा नगर्ने व्यक्ति सत्पुरूष होइन' भन्ने कुरा सगाथावग्ग ब्राह्मणसंयुत्त (१८६) अनुसार त्यो सभामा सदा धर्मको कुरा बताउने सत्पुरूषहरू हुनुपर्दछ । तर **सन्त** भन्नेले आफूले सहीरूपमा जान्ने चाहना हुनु, सुन्ने चाहना हुनु, यथार्थता प्रकट गरी देखाउने बेलामा धन्यवाद दिन जान्नु, अरूले पनि बुझोस्, जानोस् भन्ने इच्छा सहितको चेतना, मैत्री



https://dhamma.digital

सम्पन्न हुने किसिमले मति राम्रो भएका हुने भएकोले त्यस्तो नभइ आफू विद्वान् भएको देखाउन चाहनु, अरूलाई दबाउने इच्छा हुनु, भूल देखायो भने सहन नसकी रिसाउनु आदिद्वारा सन्त स्वभावरहित व्यक्ति भए भने उक्त सभा मंगल नभइ अमंगल हुन सक्छ।

## काल

उपदेश (धर्म) छलफल गर्न उपयुक्त समय बेलुका र सबेरै भनी अर्थकथाले देखाइसकेपछि मन दु:खित भइरहेको समय, चित्त विक्षिप्त र अस्थिर भइरहने समय, द्वन्द-संशय भइरहने समय, त्यस्ता त्यस्ता चित्तहरू हटाउनको लागि जुनसुकै समय भए पनि धर्म छलफल गर्नु **'कालेन धम्मसाकच्छा'** हो भनी उल्लेख गरिएको छ। त्यसैले आफूलाई कामकाजबाट फुर्सद भएको अनि धर्म छलफल गर्न साथीभाई पनि जम्मा भइरहेको समय धर्म छलफल गर्नको लागि सुहाउँदो अनुकूल समय हो।

(२२) **तपो च ब्रह्मचरियञ्च; अरियसच्चान-दस्सनं।**
**निब्बान सच्छिकिरिया च; एतं मङ्गल'मुत्तमं।**

(२२) **देवपुत्त**=भो देवपुत्र; **यो तपो च**=जुन तप भनिने आचरणलाई आचरण गर्नु र, **यं ब्रह्मचरियञ्च**=जुन ब्रह्मचरिय भनिने उत्तम आचरणलाई आचरण गर्नु; **अरियसच्चानं**=आर्यसत्यलाई; **यं दस्सनञ्च**=जुन देख्नु जान्नु र; **या निब्बान सच्छिकिरिया च**=जुन निर्वाणलाई साक्षात्कार गर्नु; **अत्थि**=छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल नै हुन्।

## चारवटा मंगलको भावार्थ

भो देवपुत्र, तप भनिने आचरणलाई आचरण गर्नु; ब्रह्मचर्य आचरणलाई आचरण गर्नु; आर्य सत्यलाई जान्नु बुझ्नु र निर्वाण साक्षात्कार गर्नु यी चारवटा उत्तम मंगल हुन्।

## तप आचरण

विभिन्न आचरणहरूलाई नै **तप** भनी भन्न सकिन्छ। कतै-कतै सहनु **खन्ति** लाई **तप** भनेका छन्। **'खन्ती परमं तपो तितिक्खा** (धम्मपद-४१) धुतांग आचरणलाई **तप** भनिराखेको क्षेत्र पनि छ। **'नाञ्ञत्र बोज्झा**



https://dhamma.digital

**तपसा'** (सगाथावग्ग देवपुत्त संयुत्त ५२।) -परियत्ति अध्ययन गर्नु, धुतांग धारण गर्नु, श्रमण धर्म उद्योग र अभ्यास गर्नुलाई **तप** -को रूपमा पनि देखिन्छ । **'समग्गानं तपो सुखो'** (धम्मपद-४२) **'तपो च ब्रह्मचरियञ्च**Ü **तं सिनानमनोदकं'** (सगाथावग्ग, देवतासंयुत्त-३५ -मा इन्द्रीयसंवर, धुतांग, वीर्य, दुष्कर चर्या, आचरणहरूलाई **तप** भन्नुपर्ने कुरा उक्त अर्थकथामा वर्णन गरिराखेको छ । त्यसरी विभिन्न आचरणलाई ब्यक्त गर्नसक्ने भए पनि यहाँ दुष्कर चर्या आचरण बाहेक क्लेशलाई शमन गर्ने आचरण जति सबैलाई **तप** भनेर मान्नुपर्छ भनी अर्थकथामा वर्णन गरिएको छ । चक्षु आदि छ द्वारबाट **अभिज्भा** (अभिध्या) **दोमनस्स** (दौर्मनस्य) उत्पन्न नहुनेगरी स्मृतिद्वारा रक्षा गर्नु, रोक्नुलाई **इन्द्रीयसंवर (**=इन्द्रीयलाई संयम गर्नु) भन्दछन् । वीर्य अत्यधिक रूपले उद्योग र अभ्यास गर्नु हो ।

**ब्रह्मचरिय आचरण**

**ब्रह्म**=उत्तम भएको; **चरिय**=आचरण, चर्या । उत्तम चर्या, आचरण । **ब्रह्मचरिय** भनेको पनि क्षेत्रअनुसार विभिन्न आचरणहरू नै हुन् । यहाँ अर्थकथामा मैथुनबाट अलग हुनु, श्रमण धर्म, शासन, मार्गको नाम भएको कुरा वर्णन गरिएको छ । तीमध्ये **'अरियसच्च दस्सन'** द्वारा मार्गलाई ग्रहण गरिसकेको हुनाले बाकी तीनवटालाई **ब्रह्मचरिय**को रूपमा ग्रहण गर्नको निम्ति सूचित गरिएको छ । सीलक्खन्धट्ठकथा आदि मा अझ योभन्दा पनि बढी अर्थ उल्लेख भएका छन् । **'तपसाति ब्रह्मचरियेन'** भनी पेतवत्थु अट्ठकथामा फरक फरक गरी वर्णन गरिराखेकोलाई आधार मानेर, **ब्रह्मचरिय** आचरणहरू **तप** मा समावेश भएकोलाई आधार मानेर **तप** र **ब्रह्मचरिय**मा त्यति खासै फरक देखिँदैन । उक्त दुईटा पदमा रहेका अन्तरअनुसार अभिप्राय ग्रहण गरेमा अर्थकथा मा देखाइएको **तप**द्वारा शीलविशुद्धि, **ब्रह्मचरिय**द्वारा चित्तविशुद्धि आदि विशुद्धि पाँच प्रकारका रहेछन् भनी भनिएको अनुसार ग्रहण गरेपछि कुरा स्पष्ट हुनेछ । **तप**द्वारा शील, आचरण ग्रहण गरी **ब्रह्मचरिय**द्वारा शमथ, विपश्यनालाई ग्रहण गर्नुपर्दछ । **तप,** र **ब्रह्मचरिय** दुईवटा **'अरिय सच्च दस्सन** -को निम्ति भएको हुनाले आर्यसत्य दर्शनमा उपरोक्त शील, समाधि, प्रज्ञाबाट अलग्ग अरू केही छैन ।



https://dhamma.digital

## अरियसच्च

**अरिय**=भूलचुक नभएको, यथार्थ भएको; **सच्च**=सत्य । **अरिय**-शब्दले भूलचुक नहुनेगरी यथार्थ अर्थ व्यक्त गर्ने हुनाले सही भएको भूलचूक नभएको सत्य भन्ने अर्थ रहेको छ । चटक देखाउनेहरूले माटोका डल्लालाई सुनको डल्ला गरी देखाउँछन् । नजान्नेहरूले साँच्चैका सुन नै भनी ठान्दछन् । सम्मुति प्रज्ञप्तिहरू उक्त चटक जस्तै नै यथार्थमा नभएको नरहेको भए पनि साँच्चैको होइन भनी नजान्नेहरूको बुझाई भ्रम मात्र भयो । सत्य धर्महरू त प्रज्ञादृष्टिले हेरेमा साँच्चै भएको धर्मको रूपमा देखिएर चटकजस्तो अयथार्थ होइन; वास्तविक स्वभावहरू मात्र रहेछन् । मृगतृष्णालाई नजान्नेहरूको लागि पानी भनी मान्नुपरे पनि गएर हेर्ने बेलामा मनले सोचेजस्तो नभइराखेको; त्यस्तो केही पनि नदेखिने हुन्छ । तैर्थिकहरूले कल्पना गरिराखेको अधिकारी आत्म, ज्ञानले हेर्दा त्यो मृगतृष्णा समान यथार्थमा उक्त विषय केही पनि होइन रहेछ । **दुक्खसच्च** (=साँच्चैको दुःख नाम र रूप), **समुदयसच्च** (=साँच्चैको दुःख उत्पत्तिका कारण तृष्णा र विपश्यना ज्ञानले वास्तविक रूपमा देख्न सकिने धातुसार भएका धर्महरू रहेछन् ।), **निरोधसच्च** (=निरोध र शान्त भएको यथार्थ निर्वाण) मार्गज्ञान प्राप्त भएपछि प्रत्यक्ष देखिने भएर साँच्चै वास्तविक रूपमा रहेको धर्म नै हो । **मग्गसच्च** (=निर्वाणगामी यथार्थ भएको आर्यअष्टांगिक मार्ग धर्म) आफ्नो सन्तानमा प्रकटरूपले उत्पन्न भइआउने धर्म भएकोले साँच्चै रहेको धर्म भएको कुरा दोहर्‍याउनु पर्दैन । त्यसैले **अरियसच्च** (=सही सत्यहरू) भनी भन्नुपर्दछ ।

## विभिन्न अर्थहरू

अर्को तरिकाबाट **अरिय** शब्द **परिसुद्ध** (=सफा) अर्थ व्यक्त गर्ने हुनाले परिशुद्ध व्यक्तिहरू बुद्ध, प्रत्येकबुद्ध, श्रावकहरूलाई **अरिय** भन्नु पर्दछ । चार सत्य जानेमा मात्र उक्त आर्यभाव प्राप्त हुने सुनिश्चित भएर आर्यहरूले जान्नुपर्ने सत्य भनेर पनि अर्थ वर्णन गरिएको छ । **(अरियवटिविद्ध-सच्च** भनी भन्नुपर्ने भएकोले पनि **पटिविद्ध** पद लोप भएको छ ।

लोकमा तथागतलाई **अरिय** भनी व्यक्त गरिएको पालिअनुसार **अरिय** नामकरण प्राप्त गर्नुभएकोले **अरिय** हुनुभएका तथागतको सत्य भनेर पनि फेरि अर्थ ब्यक्त गरिएको छ । तथागतले गुरू बिना स्वयम् आफैले प्रतिवेध ज्ञानले



https://dhamma.digital

जान्नुभइसकेपछि वेनेय्यहरूलाई बताउनुभयो । तथागतले बताउनुभएकोले श्रावकहरूले जान्न पाए । त्यसैले तथागतको सत्य भनी भन्नुपर्दछ ।

यी सत्यहरू बुझ्नेमा भने मात्र आर्य हुनपाउने भएकोले आर्यभावलाई सिद्ध गर्ने सत्य भनेर पनि भन्नसकिन्छ । (**अरियसाधक**=आर्यत्वलाई सिद्ध गर्ने; **सच्च**=सत्य भनी भन्नुपर्ने भए पनि **साधक** लोप भएको छ ।)

## ज्ञान दुईथरी

सत्यलाई बुझ्नुमा अनुबोध-ज्ञान र प्रतिवेध-ज्ञान भनी दुईथरी छन् । गुरू आचार्यहरूबाट अथवा ग्रन्थहरूबाट बुझ्नु एक तह, अर्को तह सुनेकोको आधारमा चिन्तन-मनन गर्नुद्वारा बुझ्नु, चिन्तन मनन गरिसकेको विषयलाई आफ्नो ज्ञानले रोजेर निर्णय गर्नुलाई **अनुबोध** ज्ञान भन्दछन् । **अनु**=बारम्बार; **बोध**=जान्नु । जान्नु पूरा भइनसकेको भएकोले बारम्बार जान्नुपर्ने भन्ने मतलब हो ।

त्यसरी जान्ने कार्य सिद्ध भइनसकेको भएकोले बारम्बार जान्ने नगरी एकैचोटीमा वारपार हुनेगरी जान्नुलाई प्रतिवेध ज्ञान भनिन्छ । यो मार्ग ज्ञानद्वारा जानिने हो । मार्ग ज्ञानले कृत्यअनुसार चारसत्यलाई एकैचोटी एकैपाखमा बुझ्दछन् । दुःखलाई परिच्छेद गर्नु, समुदयलाई हटाउनु, निरोधलाई साक्षात्कार गर्नु, मार्गलाई वृद्धि वा भाविता गर्नु भनी चारवटा कृत्य रहेकामा उक्त चारवटा कृत्यलाई एकैचोटी प्रयोग गर्नुद्वारा मार्गज्ञानमा चारसत्य प्रकट हुनुपर्छ । संस्कारहरूलाई छोड्न नसकेका ज्ञानहरूले यी चार कृत्यलाई एकैचोटी गर्न सक्दैन । मार्ग ज्ञानले त संस्कारहरूलाई छोडेर संस्कारहरू निरोध भइरहेकोलाई आरम्मण गर्नसकेको हुनाले चारकृत्यलाई एकैचोटी बोध गर्न सक्छ । अवश्य पनि हो; मार्गज्ञान लाभको निम्ति पूर्वभाग विपश्यना-मार्गलाई भाविता गर्नुपर्ने भएकोले उक्त पूर्वभाग मार्गले दुःखलाई जानेर समुदयलाई हटाईराख्ने गर्दछ । तर आत्म भनेको मार्ग भावनाले पनि सम्पन्न भइनसकेको सिद्ध भइनसकेको हुनाले निर्वाणलाई देख्न सक्दैन । दुःखलाई जान्नु, समुदयलाई हटाउनु पनि पूर्णरूपले सिद्ध भइनसकेको हुनाले कृत्य पूरा भएको छैन । मार्गमा पुगेपछि मात्र सबै कृत्य पूर्णभइ मार्गले जान्नु कृत्य सिद्ध भएको रूपमा सबैलाई एकै पटकमा धमिलो नहुने गरी स्पष्ट हुनेगरी जान्न सक्दछ । यहाँ **दस्सन** भनेको **अनुबोध** ज्ञान होइन; प्रतिवेधज्ञान रहेको



https://dhamma.digital

मार्गलाई वारपार हुनेगरी देखिनुलाई लिनुपर्दछ । चारसत्यलाई देख्नुभन्दा विशिष्ट भएको कुशल-कर्म भनेको अब अरू हुननसक्ने भएकोले अत्यन्त लाभकारी सत्यलाई बुझ्नु सबभन्दा उत्तम भएको मंगल हो ।

**निब्बान सच्छिकिरिया**

निर्वाण साक्षात्कार गर्नु भने पनि **अरियसच्चदस्सन** -मा निरोध सत्य भनेको असंस्कृत निर्वाणमा समावेश भइसकेको हुनाले यस **निब्बानसच्छिकिरिया** मा निर्वाणको स्वरूप उक्त असंस्कृत निर्वाणलाई लिननपर्ने भइसकेको हुनाले अरहत्त-फल लिनको निम्ति अर्थकथा मा वर्णन गरिएको छ । असंस्कृत निर्वाणलाई **वान** भन्ने तृष्णाबाट मुक्त रहेकोले गर्दा निर्वाण भन्नुपरे जस्तै अरहत्त फलमा पनि तृष्णारहित भइसकेको हुँदा तृष्णा **वान** बाट निस्कने अर्थ अनुसार अरहत्त फल लाभ हुने, प्रत्यवेक्षण ज्ञानद्वारा निरीक्षण गर्नुलाई **निब्बान सच्छिकिरिया** भनिने कुराअर्थकथा मा वर्णन गरिएको छ ।

अर्को तरिकाबाट **निब्बानसच्छिकिरिया** -मा निर्वाणलाई असंस्कृत निर्वाण भनेर नै मानी **अरियसच्चदस्सन** -मा निर्वाण साक्षात्कार गर्ने मार्गको साक्षात्करण भइ **निब्बानसच्छिकिरिया** -को स्वरूपअनुसार निर्वाण साक्षात्कार गर्ने फल, प्रत्यवेक्षणको साक्षात्करण गर्नु हो भनी ग्रहण गरेमा उचित हुन्छ । यसरी लिएमा **अरियसच्चदस्सन** -मा चारवटै मार्गको साक्षात्करण-कृत्य लाभ हुने जस्तै **निब्बानसच्छिकिरिया** -मा पनि चारवटै फलसँग प्रत्यवेक्षणको साक्षात्करण-कृत्य सबै लाभ भइसकेको हुनाले झन अभिप्राय पूर्ण भएको छ भनी पनि भन्न सकिन्छ । **सच्छिकिरिया** भनेको **अत्तपच्चक्ख**=स्वयम् आफैले बुझ्नु हुनाले लौकिक ध्यान ज्ञानमा समेत साक्षात्करण ज्ञान प्रयोग रहेकोले फलको साक्षात्करण कृत्यमा केही द्वन्द संशय रहन सक्दैन ।

**(२३) फुट्ठस्स लोकधम्मेहि; चित्तं यस्स न कम्पति ।**
**असोकं विरजं खेमं; एतं मङ्गल'मुत्तमं ।**

(२३) **देवपुत्त**=भो देवपुत्र; **लोकधम्मेहि**=लोक धर्मद्वारा; **फुट्ठस्स**=स्पर्शित भएका व्यक्ति; **यस्स**=जुन व्यक्तिको; **चित्त**=चित्त; **न कम्पति**=कम्प हुँदैन; **असोकं**=शोक गर्नु पनि छैन; **विरजं**=राग आदि धूलो पनि छैन; **खेमं**=भय पनि छैन; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम; **मङ्गल**=मंगल हुन् ।



https://dhamma.digital

## चार मंगलको भावार्थ

भो देवपुत्र; ... लोकधर्मसँग सामना गर्नुपर्ने व्यक्तिको चित्त कम्प नहुनु, शोक सन्ताप नहुनु, राग आदि धूलो नहुनु, भय उपद्रव रहित हुनु, यी चार उत्तम मंगल हुन् ।

## अर्थ दिने विधि

नियमलाई **अपेक्षा नराख्ने अनियम 'य' शब्द पनि रहेकोले यस्स**=लाई नियत **'त'** आदि नराखी जस्तो छ त्यस्तै अर्थ दिएको छ । त्यसपछि फेरी नियमलाई राख्ने मन नभएमा नराखेर पनि काम चल्ने भए पनि राख्ने इच्छा भएमा राख्न पनि सकिन्छ नै । त्यसो हुनाले **खेमं**=भय पनि छैन, बोलिसकेपछि **'तस्स**=उक्त व्यक्तिको, **एतं**=यस अडिग भएको चित्त, शोकरहित चित्त, राग आदि नभएको चित्त, भयरहित भएको चित्त; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल हो' भनी अर्थ दिनुपर्दछ।

परित्त टीका -मा **'फुट्ठस्स**-लाई **फुट्ठो अस्स** भनी र यस्स -लाई **यो-अस्स** भनी पद विच्छेद गरी **'यो**=जुन व्यक्ति; **लोकधम्मेहि**=लोक धर्महरूसँग; **फुट्ठो**=स्पर्शित हुनु; **अस्स**=भइरहेको छ । **अस्स**=उक्त व्यक्तिको; **अशोकं**=शोक नभएको; **विरजं**=राग आदि धूलो नभएको; **खेमं**=भय नभएको; **चित्तं**=चित्त; **न कम्पति**=अब कम्प हुने छैन भनी दिइराखेको हूँ । आचार्यवर हरूले यसरी नै पद विच्छेद गरी राखे पनि टीका अर्थ स्पष्ट गर्न नजानेर अर्को तरिकाबाट दिइएको छ । **'यो**= जो व्यक्ति; **लोकधम्मेहि**=लोक धर्महरूसँग; **फुट्ठो**=स्पर्शित हुनु; **अस्स**=भइरहन्छ; **अस्स**=उक्त व्यक्तिको; **चित्तं**=चित्त; **न कम्पति**=कम्प हुँदैन; **असोकं**=शोक छैन' आदि । परित्त टीका -मा **यस्स**-लाई **यं-अस्स** भनी अर्कै एक ढंगले पद विच्छेद गरी **'लोकधम्मेहि...** सँग; **फुट्ठस्स**=स्पर्शित हुनुपर्ने व्यक्तिहरूको; **असोकं**... नभएको; वि**रजं**... नरहेको ; **खेमं**... नरहेको; **यं चित्तं**=जुन चित्त; **अस्स**=उत्पन्न हुने हो; **तं चित्तं**=...चित्त; **न कम्पति**=कम्प हुँदैन ।' कसैकसैले भने यस्तै नै पद विच्छेद गरी ' **लोकधम्मेहि=...**द्वारा; **फुट्ठस्स**=...व्यक्तिको; **यं चित्तं**=...चित्त; **न कम्पति**=... हुँदैन; **यञ्च चित्तं**=...पनि; **विरजं**=... छैन; **यञ्च चित्तं**=...पनि; **खेमं=**...छैन; **एतं चित्तं**=...चित्त; **उत्तमं=...भएको**; **मङ्गलं**=...हो' भनेर पनि अर्थ दिने गरिन्छ । गाथामा पालिगति नियमको आधार लिएमा उपदेशक तथागतको



https://dhamma.digital

मनोभावना **'यस्साति नवस्स वा थेरस्स वा मज्झिमस्स वा'** भन्ने अर्थकथा वर्णनअनुसार हुनु पर्दछ।

**लोकधर्म**

(१) **लाभ** (२) **अलाभ**=लाभ प्राप्त नहुनु; (३) **यस**=यश परिवार धेरै हुनु; (४) **अयस**=यश परिवाररहित हुनु; (५) **निन्दा**=आफूलाई निन्दा उत्पन्न हुनु, (६) **पसंसा**=प्रशंसा प्राप्त हुनु; (७) **सुख**=सुख हुनु (८) **दुक्ख**=दुःख हुनु लोकधर्महरू हुन्।

यी आठवटा स्वभाव धर्महरू चक्रजस्तै घुमी घुमी आलोपालो गरी उत्पन्न हुने स्वभावका रहेछन्। लोकमा बस्नुपर्ने भयो भने निश्चित रूपले सामना गर्नुपर्ने स्वभाव भएकोले लोकधर्म भनेको हो। तथागत समेत यसबाट मुक्त हुनुभएन। तथागतसँग एकदुई पटक भ्याइनभ्याई हुने गरी अनगिन्ति रूपले चतुःप्रत्यय धेरै उपलब्ध भए पनि एकदुई पटक भने दुर्लभ भइरहन्थ्यो। वेरञ्जा देशमा वर्षावास बस्नुभएको बेलामा कोदोको खस्रो भोजन सेवन गर्नुपऱ्यो।

एकपल्ट एकनाल ब्राह्मण गाउँमा भिक्षाटन जानुहुँदा त्यहाँका वासिन्दाहरूमा मार पसेर भिक्षा दान गर्न बिर्सिरहेकोले खाली पात्र नै बोकेर निस्कनुपऱ्यो।

देव मनुष्य ब्रह्माहरूका अतुलनीय प्रशंसा शब्द ग्रहण गर्न पाए पनि चिञ्चमाणविकाको दोषारोपण; सुन्दरी परिब्राजिकाको दोषारोपण आदिका कारणले गर्दा अवांछित व्यक्तिहरूबाट निन्दा पनि भोग्नुपऱ्यो।

फलसमापत्ति सुख, निरोध समापत्ति सुख भन्ने पूर्ण सुख अनुभव गर्नपाएका तथागतले एक दुई पटक कम्मर दुख्ने, पखाला लाग्ने आदि दुःख पनि सामना गर्नुपरेको थियो।

बुद्धले समेत सामना गर्नुपरेका ती स्वभावहरूलाई जस्तोसुकैले पनि पछि सामना गर्नुपर्ने भएकोले **'लोकस्स धम्मा लोकधम्मा'**-लोकको धर्म; लोक रहिरहेसम्म अलग्याउन नसकिने, हटाउन नसकिने छलेर पठाउन नसकिने धर्महरू भनी बुझ्नुपर्दछ।



https://dhamma.digital

## अरहन्तको चित्त

यहाँ लोकधर्मको कारणले कम्प नहुनेलाई अरहन्तको चित्त मात्र; अरूको चित्त होइन भनेर अर्थकथामा वर्णन गरिएको छ । सबभन्दा असल, सबभन्दा पूर्ण, कम्प नहुनेलाई ग्रहण गर्न चाहेकोले उत्कृष्ट निर्देश नय अनुसार वर्णन गरिराखिएको हो । अरहन्त वरपुद्‌गलहरू इष्ट आरम्मण, अनिष्ट आरम्मणसँग सामना हुने बेलामा इष्टलाई अनिष्टको रूपमा, अनिष्टलाई इष्टको रूपमा आफ्नो इच्छा अनुसार बदलेर भाविता गर्नसक्ने गरी चित्त अधिनमा रहेको तादिगुणले सम्पन्न भएकाहरू भएकोले शैल पर्वत हावाले हल्लाउन नसकिनेजस्तै नै निन्दा गरिनु, प्रशंसा गरिनुका कारणले कम्प हुनु अभाव भएकाहरू प्रज्ञावानहरूको रूपमा तथागतका प्रशंसा ग्रहण गर्न पाउनेहरू हुन् ।

## अरू व्यक्तिहरू

अरहन्तमा बाहेक अरू आर्य पृथग्जनहरूमा पनि दोश्रो तहअनुसार योग्यता अनुसार प्राप्त हुन सक्छन् नै । अङ्गुत्तर पठमपणासक पठमवग्ग लोक सुत्त (७) -मा पृथग्जन र आर्यश्रावकहरू लोकधर्मको सामना गर्नुपर्ने बेलामा फरक रहेको कुरा बताउनुभयो । पृथग्जनले उत्पन्न भइआएको लोकधर्म नित्य नभएको ढंग; दुःख भइरहेको ढंग, परिवर्तन भएर विनाश हुने ढंगलाई निरीक्षण गर्न जान्दैन; त्यसो हुनाले उनीहरूको चित्तले लोकधर्मबाट बिल्कुल छोप्न आउने दबाबलाई खप्नुपर्ने हुन्छ । असल लोकधर्मसँग सामना हुँदा उक्त लोकधर्म अनुसार रमाइलो मान्नसक्दछ । खराब लोकधर्मसँग सामना गर्नुपर्दा मनमा दुःख सहेर बस्नुपर्ने हुन्छ । आर्यश्रावकले त लोकधर्मको **अनिच्च**=विनाशशील स्वभावलाई; दुःख हुनसक्ने स्वभावलाई विचार र निरीक्षण गर्न जान्दछन् । त्यसरी निरीक्षण गर्न जानेकोले लोकधर्मले उनको चित्तलाई अभिभूत गर्न सक्दैन । असलसँग सामना भए पनि असलको रूपमा सिमाना नाघ्ने गरेर रमाइलो मान्नु छैन । खराबसँग सामना भए पनि खराबको प्रतिरोधमा गएर मन बिग्रने रीस उठ्नेवाला छैन । यहाँ आर्यश्रावकलाई मात्र लोकधर्मबाट कम्प नभएको भाव बताउनुभयो । पृथग्जनलाई त कम्प भएका रूपमा बताउनुभयो । तर बिल्कुल विचार गर्न नजान्ने पृथग्जनलाई मात्र भनेको भइ आर्यको स्तर भेटाउन नसके पनि कुनै-कुनै पृथग्जनहरूमा धर्म



https://dhamma.digital

स्वभाव विचार गर्नु निरीक्षण गर्नु भइरहनसक्ने भएकोले केही मात्रासम्म लोकधर्म सामना गर्नसक्नेहरू पनि देखिन सक्छन् ।

## विचारवानहरू

बुद्ध-वचन **'कम्मस्सका'** स्वभाव लोकधर्मका कारणले मनलाई कम्प हुननदिनको लागि उपचारक औषधि समान रहेछ । बुद्धधर्मावलम्बीहरूमा खराब लोकधर्मसँग सामना गर्नुपर्दा **'कम्मस्सका'** त हो नि, कर्मअनुसार हो, कर्मलाई कसले नाघेर जान सकेको छ र' आदि विचारद्वारा कसै-कसैले चित्तलाई दमन गर्ने बानी छ । पछि समय बित्दैगएपछि मनोवृत्ति परिपक्व हुँदै आउँछ । खराब लोकधर्मसँग सामना गर्नुपर्दा कम्प नभए झैं असल लोकधर्मसँग सामना हुँदा पनि 'कर्म रहुन्जेलसम्म मात्र हो, कर्म सिद्धेपछि त फेरी पछि बिग्रनेछ नै' भन्ने विचार गरी ठाडो बन्नु, रमाइलो मान्नु नहुनसक्छ ।

उपरोक्त आर्यहरूले अनित्य स्वभाव, विनाश-शील स्वभावलाई बुझ्नेजस्तै कतिपयमा अनित्य, दुःख र अनात्म स्वभावलाई विचार गर्नु, मनन गर्नुद्वारा पनि मन शान्त गर्ने बानी रहेका छन् । 'सबै अनित्य छन्, कहाँ नित्य हुन सक्ला र ? आफ्नो अधिनमा बिल्कुल छैन; त्यसको आफ्नो स्वभावअनुसार उत्पन्न भइरहने त हो नि' आदि विचारद्वारा चित्तलाई दबाउने बानि रहेका छन् । दबाउने बानी वृद्धि भएर पछि हुँदाहुँदा झन झन सहनसक्ने हुन्छ । असल भेटिए पनि अन्तसम्म रमाइलो मान्दैनन्; घमण्ड गर्दैन । खराबसँग सामना भए पनि मन आनन्द रही कम्प हुनु छैन ।

'तथागत समेत छुट्न नसकिएको भएपछि हामी जस्ताको त के कुरा भनी भन्ने चिन्तन मननले पनि कतिपयले मन हलुका गरीबस्छ । इत्यादि रूपले मन हलुका पार्ने धर्म स्वभावको चिन्तन मननद्वारा लोकधर्मको दण्डलाई सहन सक्ने हुन्छ । त्यसरी धर्म स्वभावद्वारा मन हलुका पार्न सकेर प्रकृति स्वभाव इन्द्रीय नबिगारिकन बस्नु मंगल नै रहेछ । असल लोकधर्मसँग सामना हुँदा घमण्ड गर्नु, होशहवास गुम्नु, अपार रमाइलो मान्नु, इन्द्रीय बिग्रनु भनेको विपरिणत भइ कम्प हुनु नै हो । त्यसैले मंगल भएन । खराबसँग सामना गर्नुपरेकोले मनमा दुःख हुनु, शोक हुनु, विरह हुनु, मन ओइलाउनु अवश्य पनि अमंगल हुने नै भयो ।



https://dhamma.digital

## निन्दा प्रशंसा

कोही-कोही लाभ नपाउनु आदि लोकधर्मलाई सकभर सामना गर्न सक्ने भए पनि निन्दा र प्रशंसाको कारणले चित्त कम्प नगरी बस्न नसक्ने हुन्छन् । कोही अरूबाट निन्दाको सामना गर्नुपर्दा 'अँ... प्रशंसा, र निन्दा भनेको त सातदिन त हो नि, के चिन्ता लिइबस्नु नि' भनी वास्ता नगरी बस्नेसक्नेहरू पनि छन् । यो कुरो बुद्धोपदेश अनुसार नै भयो । तथागत राजगृहमा विराजमान हुनुभएको बेलामा आयुष्मान सारिपुत्र आदि धेरै मानिसहरू भिक्षु बन्न आए । त्यसबेला धेरै मानिसहरूले उपहास गरिरहे । उक्त कुरा भिक्षुहरूले निवेदन गर्दा तथागतले 'भिक्षुहरू,... त्यो आवाज धेरै दिनसम्म टिक्दैन; सातदिनसम्म मात्र रहन्छ' भनी आज्ञा हुनुभयो । (विनय महावग्ग ५५)

## अतुल उपासक

अतुल उपासकले तथागतलाई आफू उपदेश सुन्न चाहेको कुरा निवेदन गरे । 'उपदेश सुनिसक्यौ त ?' भनी सोध्नुहुँदा 'भगवान्, आयुष्मान रेवतकहाँ जाँदा वहाँले कुरा गर्नुभएन; आयुष्मान सारिपुत्रले भने अभिधर्मका उपदेश धेरै लामो देशना गरिरहनुभयो । आयुष्मान आनन्दकहाँ पुग्दा वहाँले अलिकति मात्र उपदेश दिनुभयो । त्यसैले उहाँ आयुष्मानहरूप्रति रीस उठेकोले तथागतकहाँ आइपुगेको हूँ' भनी निवेदन गरे । त्यसबेला तथागतले 'अतुल,... लोकमा राजालाई पनि कसैले निन्दा गर्छ, त कसैले प्रशंसा गर्छ । सूर्य, चन्द्र, पृथ्वीलाई पनि कसैले निन्दा गर्छ, त कसैले प्रशंसा गर्छ । म तथागतलाई समेत निन्दा गर्नेहरूले गरिरहन्छन् प्रशंसा गर्नेहरूले गरिरहेका छन् । मुर्खहरूले निन्दा गर्नु ठूलो कुरो होइन; प्रज्ञावानहरूले निन्दा नगर्ने गरी प्रशंसा गर्ने गरी मात्र होश गर्नुपर्दछ । यो निन्दा गर्ने स्वभाव धर्म आजको युगमा मात्र उत्पन्न भएको होइन । पुरानो सनातन स्वभाव-धर्म हो । चुप लागेर बस्नेलाई पनि निन्दा गर्दछन्; बढी बोल्नेलाई पनि निन्दा गर्दछन्; मात्रा जानेर कुरा गर्नेलाई पनि निन्दा गर्दछन् । लोकमा निन्दा नगरिने कोही छैन । साँच्चै निन्दा नगरिने र साँच्चै प्रशंसा मात्र गरिने पहिले पनि थिएन; पछि पनि हुनेछैन; अहिले पनि छैन' भनी बताउनुभयो । यो उपदेश निन्दाको उपचारक एक प्रकारको असली औषधी नै हो । (धम्मपदट्ठकथा २-२०९)



https://dhamma.digital

## सामना गर्न सक्ने भिक्षु

पहिले एकजना भिक्षु एउटा घरमा भिक्षाटन जाने गर्दागर्दै उक्त घरमा सम्पर्कमा रहिरहे । पछि भावना अभ्यास र उद्योग गरी अरहन्त भए । उक्त घरमा उनी आयुष्मान घनिष्ठ सम्बन्ध राखेर आउजाउ गरिरहेको देखीरहेका एउटा देवताले उनी भिक्षु विनाश हुनु मन पराएनन्; लाभ-कामी भइ उक्त घरकी गृहपत्नीको भेष लिएर भिक्षुकहाँ गई 'भन्ते ...घाटमा, शहरको ढोकामा, मूलबाटोमा, सभामा जतातती तपाँई र मेरो विषयमा यस्तो उस्तो भनी कुरा काटिरहेका छन्' भनी निवेदन गरे । भिक्षुले जवाफ दिएको कस्तो भने ' विरोधाभास हुनेगरी प्रतिध्वनि आउने आवाजहरू धेरै धेरै छन्; भिक्षुहरूसँग उक्त शब्दहरूलाई सामना गर्नसक्ने शक्ति चाहिन्छ । उक्त शब्दका कारणले मलीन हुनसक्दैन; जंगलमा हावा चल्यो कि थर्किने मृग जस्तै शब्ददेखि थर्कमान हुने भिक्षुलाई चित्त कमजोर भएका भन्दछन् । त्यस्ता भिक्षुहरूसँग आचरण पूर्ण हुँदैन' भनी आज्ञा हुनुभयो ।

यिनी भिक्षुको उपदेश निन्दा गऱ्यो भन्दैमा आफूलाई केही बिग्रिंदैन; निन्दा शब्द सुनेर थर्कमान भयो भने काम कुरा बिग्रनु पक्कपक्की छ भनी विचार गर्नुपर्दछ । निन्दा सिद्धि एकप्रकारको औषधि नै भन्नुपर्दछ । (सगाथावग्ग-वन-संयुत्त-कुलघरणी सुत्त २०३)

## शोक मुक्त

शोक भनेको आमा-बुबा आफन्त विनाश हुनु, धन-सम्पत्ति विनाश हुनुद्वारा वा एक न एक दुःखद्वारा सामना गर्नुपरेका व्यक्तिको मनमा डाह हुनु चित्त अशान्त हुनु हो । उक्त शोकसँग सामना गर्नुपर्दा निको पार्ने औषधि नभएको व्यक्ति अति नै डाह भोगी रहनुपर्नेछ । धर्म स्वभाव चिन्तन गर्नुद्वारा मात्र निको पार्न सक्छ । शोक परिदेव हटाउनु, मेटाउनु कारणको रूपमा तथागतले जीवन बीमा दिइराखिएको स्मृतिप्रस्थान धर्म आदिद्वारा शोक बिल्कुल हटेर हराएर शान्त भएर जान सक्छ ।

## मल्लिका

बन्धुल सेनापतिकी पत्नी मल्लिकाले एकदिन संघलाई भोजन दान दिंदै थिइन् । त्यसबेला उचाली ल्याइएको घिउको भाँडा खसेर फुट्यो । आयुष्मान



https://dhamma.digital

सारिपुत्र महास्थविरले 'फुट्ने स्वभाव भएको चीजवस्तुहरू फुट्ने, विनाश हुने नै गर्दछ भनी विचार गरी शोक नगर्नू, मल्लिके' भनी आज्ञा हुनुभयो । त्यसबेला मल्लिकाले आफ्नो कम्मरमा रहेको पत्र निकाली देखाई 'भन्ते, मेरा स्वामी सहित तीसजना छोराहरू सबै मारिएको पत्र हातमा पर्दा पर्दै पनि इन्द्रीयलाई नबिगारी शोक नगरी बस्ने म यो घिउको भाँडो एउटाको लागि कहाँ शोक र डाह अनुभव गर्नेछु र' भनी निवेदन गरिन् । उनी मल्लिकाले शोक नगरेको धर्म स्वभावलाई देखिरहेको हुनाले त्यसबाट लाभ भएको शक्ति सामर्थ्य हो । (धम्मपद विडूडभ २२४)

## उरग जातक

पहिले एकजना ब्राह्मणको छोरो मरेकोले परिवार सदस्यहरूले सँगै बसी दाहसंस्कार गरिरहे । कसैमा पनि शोक परिदेव थिएन; शान्त-दान्त-पूर्वक बसिरहेका थिए । त्यसबेला शक्र देवेन्द्रले बटुवाको भेष धारण गरेर आई उनीहरू नरूनाको कारण हरेकसँग सोधे । ब्राह्मणले 'सर्पले आफ्नो पुरानो काँचुली फेरेर जानेजस्तै उसले पनि पुरानो शरीर छोडेर गएको हो । मरेर काम नलाग्ने भइसकेको यस शरीरले आगोले पोलेको पनि थाहा पाउँदैन । आफन्त रोइरहेको पनि थाहा पाउँदैन । आफ्नो गतिअनुसार गईसकेको हुनाले मसँग शोक-सन्ताप नभएको हो' भनी भने । आमाले 'उ हामीले नबोलाइकन नै अन्तबाट आइपुग्यो । अब हामीले नछोड्दा नै गयो । आफ्नो स्वेच्छाले आए झैं आफ्नो स्वेच्छाले नै गएको हुनाले रोइबसेर के लाभ होला र ?' भनी भनिन् । त्यस्तै बहिनीले 'म रोइरहें भने शरीर मात्र दुब्लाउँछ; केही लाभ हुँदैन; आफन्त इष्ट मित्र बन्धु बान्धवहरू झन् मनमा अशान्ति बोकेर बस्नेछन्' भनी भनिन् । पत्नीले 'बच्चाले (आकाशमा) गइरहेको चन्द्रमा प्राप्त गर्नको लागि प्रार्थना गरी रोईरहे झैं मरिसकेकोलाई सम्झेर प्रार्थना गरी रोइरहने व्यक्ति प्राप्त हुन नसक्नेलाई प्रार्थना गरिरहने बच्चा समान हुनेछ' भनी भने । दासीले 'फुटिसकेको घडालाई फेरि जोड्न नमिल्ने जस्तै मरिसकेकोलाई सम्झेर प्रार्थना गरी शोक सन्ताप गरी बस्नु त्यो फुटिसकेको भाँडो जोड्नखोज्नु जस्तै लाभ नहुने भइसक्यो' भनी प्रत्युत्तर दिइन् । (पञ्चक निपात-उरग जातक १२२)



https://dhamma.digital

### टिप्पणी

उनिहरूको चिन्तन मनन कति हो कति अति उच्च छ। उक्त चिन्तन-मनन उनिहरूको प्रज्ञा ज्ञान परिपक्व भएको मनोवृत्तिले उपलब्ध भएको हो। त्यसरी सहनशक्ति युक्त मनोवृत्ति भएको धेरै समय पहिलेदेखि अटुटरूपले अभ्यास गरिआएको मरणस्सति भावनाको कारणले गर्दा नै हो भनी थाहा पाइन्छ। त्यसैले मरणस्सति आदि भावनाहरू वृद्धि गर्नु शोक शान्त हुने औषधि नै हो।

### विरज

यहाँ रज (धुलो) भनेको राग, दोष, मोहहरू नै हुन्। प्रकृति धुलो शरीरमा पर्दा फोहर पारे जस्तै ती (मनका) धर्महरूले पनि सत्वहरूलाई फोहर बनाउने भएकोले **'रजो वियाति रजो'** अनुसार धुलो समान भएको हुनाले **रज** भन्दा रहेछन्। राग आदि फोहर गर्ने ती धर्महरू रहित भएर सफा भएको चित्तले मंगल हुनेछ। सम्बन्धित मार्गद्वारा हटाएर नपठाउन्जेलसम्म बिल्कुल रहित भने हुनसक्ने छैन; तर सत्पुरूषहरूसँग भने ती धर्महरूका दोष देखेर रहित बन्दै जाने किसिमले उद्योग गर्ने बानि रहेका हुन्छन्। सबभन्दा राम्रो त भावना कार्य उद्योग गर्नु नै हो। त्यसैले राग आदि लाई भावना कार्यद्वारा जोरतोरले फुकेर निकाली पठाउन पऱ्यो।

### खेम

खेम-भनेको भय उपद्रव रहित हुनु, शान्त शीतल हुनु हो। अर्थकथा मा **योग** चारवटै भय रहित भएको कुरा वर्णन गरिराखिएको छ। योग भनेको काम, भव, दृष्टि अविद्याहरू भएकोले धर्म स्वरूप अनुसार लोभ, दृष्टि, मोहहरू नै हुन्। ती धर्महरू क्लेश भएकोले चित्तलाई फोहोर पार्ने, दाह गर्ने भएकोले उक्त धर्मबाट अलग्ग नभएको चित्त भय रहित हुन्न; शान्त र शीतल हुन्न। ती धर्महरू बिल्कुल रहित भएको अरहन्तहरूको चित्त सधैं शान्त, शीतल र रमणीय भइ रहने हुँदा मंगल हुने भयो। यो मंगल अरहन्तहरूसँग मात्र सम्बन्धित भएको भए पनि सामान्य व्यक्तिहरूमा पनि योग्यताअनुसार उपलब्ध हुन सक्दछ। भावना कार्यद्वारा अकुशलहरूलाई निकाली बस्ने व्यक्तिको चित्त उक्त क्षणमा ती धर्महरूबाट अलग्ग भएको र रहित भएको हुनाले मंगल नै हो। बेहोशी, प्रमादीको चित्तमा यो मंगल उत्पन्न हुने आशा



https://dhamma.digital

छैन । त्यसैले भावना कार्य एक न एकवटाद्वारा आफ्नो चित्तमा शान्त शीतल भएको मंगल उत्पन्न हुनेगरी अटुटरूपमा निरन्तर अभ्यास, उद्योग र प्रयत्न गरिरहनु नै पर्दछ ।

२४) **एतादिसानि कत्वान; सब्बत्थ मपराजिता ।**
**सब्बत्थ सोत्थिं गच्छन्ति; तं तेसं मङ्गल'मुत्तमं ।**

२४) **देवपुत्त**=भो देवपुत्र; एतादिसानि=यी माथि बताइसकिएका ३८ वटा मंगल धर्महरू; **कत्वान**=आचरण गरी; **सब्बत्थ**=सबै ठाउँहरूमा; **अपराजिता**=नहार्ने भइ विजयी हुनसक्ने गरी; **सब्बत्थ**=सबै ठाउँहरूमा; **सोत्थिं**=स्वस्ति अवस्थामा; **गच्छन्ति**=पुग्न पाउँछन्; **तेसं**=ती मंगल आचरण गरिरहेकाहरूलाई; **तं**=ती ३८ वटा मंगलहरू; **उत्तमं**=उत्तम भएको, **मङ्गलं**=मंगल नै हुन् ।

**भावार्थ**

भो देवपुत्र; यी मैले बताएका मंगलहरू आचरण गरे भने शत्रु सबैमाथि विजयी भइ जस्तोसुकै ठाउँमा होस् स्वस्ति अवस्थामा पुग्न पाउँछन् । ३८ ओटा मंगलहरू उक्त मंगल कार्य गरिरहेकाहरूका निम्ति उत्तम मंगल नै हुन् ।

**अन्तिम स्तुति**

माथि बताइएका ३८ वटा मंगलहरूलाई अन्तिम निगमनअनुसार परिणाम देखाई स्तुति गर्न चाहेकोले **'एतादिसानि कत्वान'** आदि आज्ञा हुनुभयो ।

**सब्बत्थ अपराजिता**

**'पराजिको होती'ति पराजितो होति; पराजयमापन्नो ति वुत्तं'** कंखा अट्ठकथा अनुसार **अपराजिता**=पराजय नहुने (विजय) स्थितिमा पुग्नु भन्ने अर्थ हुनसक्ने हुनाले उक्त अर्थअनुसार **सब्बत्थ** आधार हुनसक्ने हुनाले आधार अर्थ दिएको हूँ । **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरूप्रति; **अपराजिता**=पराजित नहुने (विजय) स्थितिमा पुग्ने हुनाले' भनी अर्थ दिनुपर्छ ।

अर्थकथा मा **'सब्बत्थमपराजिता'ति सब्बत्थ खन्ध, किलेसाभिसङ्खार,**



https://dhamma.digital

**देवपुत्तमारप्पभेदेसु चतूसु पच्चत्थिकेसु, एकेनापि अपराजिता हुत्वा सयमेव ते चत्तारो मारे पराजेत्वाति वुत्तं होति'** भनिएको छ। अर्थकथाको भनाईअनुसार **अपराजिता** कारित कर्म रूप भएकोले पराजित नपारिकन भनी (अर्थ) दिनु पर्ला। **'चतूसु पच्चत्थिकेसु एकेनापि अपराजिता'** द्वारा **सब्बत्थ**को निद्धारण भावलाई र **अपराजिता-**को कारित कर्मरूप भावलाई विदित गराइरहेको/प्रकट गरिरहेको छ। त्यसैले **'सब्बत्थ**=सम्पूर्ण देवपुत्र, स्कन्ध, क्लेश र अभिसंस्कार मार भनिने चारथरी शत्रुहरू मध्यमा; **एकेनापि**=कुनै एउटा शत्रुद्वारा समेत पनि; **अपराजिता**=पराजित नपारिकन' भनी (अर्थ) लगाउनुपर्छ। अथवा '**एकेनापि'** नराखी **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरू मध्यमा; **अपराजिता**=कुनै एउटा शत्रुद्वारा पनि विजय प्राप्त गर्न नसकिने भइ' भनेर पनि अर्थ लगाउनुपर्छ। **सब्बत्थ**-को स्वरूप देवपुत्र; स्कन्ध, क्लेश, अभिसंस्कार-मार गरी चारथरीका शत्रुहरूलाई ग्रहण गर्नुपर्ने भएकोले; त्यसमध्ये स्कन्ध, क्लेश, अभिसंस्कारहरू आन्तरिक शत्रुहरू भएकोले बाह्य शत्रु देवपुत्र मार एकथरी मात्र छन्। यी मंगलहरू आचरण गर्ने व्यक्तिसँग देवपुत्र मार मात्र होइन अरू अरू बाह्य-शत्रुहरूमाथि पनि विजयी बन्नसक्ने (सामर्थ्य भएको) हुनाले **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरूप्रति' भनी सामान्य अर्थ दिएको हूँ।

**सोत्थिं**

अर्थकथा को भनाईअनुसार **सोत्थि** प्रथमान्त भएकोले **'सोत्थिं=**श्वस्ति अवस्थामा; **गच्छन्ति**=पुग्दा रहेछन्' भनी (अर्थ) दिनुपर्ला। **'अनुनासिको चेत्थ गाथाबन्धसुखत्थं वुत्तोति वेदितब्बो'** द्वारा **सोत्थिं**-को **निग्गहित** (बिन्दु) गाथाबन्धको सिलिष्टताको निम्ति बताउनुभएको कुरा पनि भनिएको छ। गाथाबन्धसुख भने पनि छन्दको निम्ति भनेको त होइन जस्तो छ; **सोत्थि** भनी भन्दा **'य'** गण भएकोले गण हिसाबले उचित नै छ। गाथामा **'सोत्थिं गच्छन्ति'** बोल्यो भने पढ्दा चट्ट नपरी **'सोत्थिं गच्छन्ति'** भनी पढ्दा सलल परी सजिलै सुखुच्चारण हुनुलाई नै गाथाबन्ध-सुख भनी भनेको हो।

**'सोत्थि पस्सामि पाणिनं** (सगाथा देवपुत्त) **सोत्थिनाम्हि समुट्ठितो'** (सुवण्णसाम जातक) मा **सोत्थिं सोत्थिना**-भनी द्वितीया तृतीया विभक्ति देखिएको हुनाले **सोत्थि**लाई नामपद भन्नुपर्ने जस्तो भएको छ; तर बाँकी भएको विभक्तिद्वारा रूप भंगहुनु नभएकोले अब्यय नै भइरहेकोले निपातमा नै समावेश



https://dhamma.digital

गर्नुपर्दछ भन्ने सद्दनीतिको भनाईअनुसार निपात भनी भन्नुपऱ्यो। **सोत्थिं** भनी द्वितीयान्त भएकोले यहाँ अर्थकथा ले (अर्थ) लगाइराखेको प्रथमान्त भन्दा द्वितीयान्त सबभन्दा उपयुक्त हुन्छ भन्ने विचार उत्पन्न भएकोले गाथामा द्वितीयान्त (अर्थ) नै दिइ आएको हूँ।

**निगमन**

यो मंगल-सूत्र उक्त देवपुत्रलाई तथागतले बताइसकेपछि त्यसको भोलिपल्ट आयुष्मान आनन्दलाई सिकाइदिई भिक्षुहरूलाई अध्ययन गराउनको निम्ति आज्ञा गर्नुभयो । आज्ञाअनुसार आफूले सिकीराखेको मंगल सूत्र भिक्षुहरूलाई सिकाइदिएका थिए। यसरी आचार्य परम्परा अध्ययन मनन गरी सम्भिराखेको मंगल सूत्र देशना आजसम्म पनि सम्पूर्ण विश्वमा स्पष्ट रूपले स्थीर भइरहेको छ। उक्त ३८ वटा मंगल देशना दिन पर दिन उन्नति प्रगति र विकास हुँदै जाओस्।

स्मरणीय अभिप्राय सहितको मंगल-सूत्र नयाँ निश्रय समाप्त भयो।



https://dhamma.digital

# अनागारिका धर्मशीला

**(प्राप्ताङ्क २५)**

लेखकः

**तिलकमान गुभाजू**

https://dhamma.digital

# अनागारिका धर्मशीला

## १. अनागारिका धर्मशीलाको संक्षिप्त परिचय

अनागारिका धर्मशीला थेरवाद बुद्धधर्ममा पचास वर्षभन्दा बढि सर्मपित, बुद्ध धर्मको वक्ता, प्रवक्ता एवं आधिकारिक व्याख्याताका रूपमा सेवा गर्दै आउनुभएका, अग्रणी समाजसेवी, शैक्षिक सामाजिक संघ सस्थाहरू स्थापना गरेर त्यसबेला पोखराले बामे सर्न लागेको विकासमा महवपूर्ण योगदान पुऱ्याउनु भएका तत्कालीन राजनीतिको बलियो सूत्रधार मानिनु हुने अथक परिश्रमी प्रभावशाली व्यक्तित्व हो । पोखराका उपासक उपासिकाहरू बीच उहाँ 'गुरू'को नामले नै बढी परिचित हुनुहुन्थ्यो । अरु शुभचिन्तक मित्रहरू उहाँलाई "दिदी" भन्ने गर्दथे । अग्लो कद भएकी, साधारणतया हल्का पहेंलो चीवर धारण गर्ने आकर्षक एवं फरासिलो स्वभाव भएकी उहाँको नाम थियो धर्मशीला, अनागारिका धर्मशीला ।

धर्मशीला, गुरूमाले जीवनमा अनेका झरिबादलका दिनहरू देख्नुभएको थियो, सुख, दुःखहरू भोग्नु भएको थियो । कहिलेकाही उहाँ कसैको दृष्टिमा फेरि उत्तिकै लोकप्रिय र स्नेह पात्र भएर रहनुभएको थियो । जीवनमा आइपरेका त्यस्ता उतार चढावहरूले उहाँलाई संयमी सदृढ निश्चयी पुरुषोचित गुणहरूले युक्त पारिदिएको थियो । भगवान् बुद्धको "अत्त दीपो भव" "आफैं आफ्नो प्रदीप बन" भन्ने उपदेशले उहाँलाई शुरुमा नै गहिरो प्रभाव पारेको थियो । त्यसैले उहाँ भाग्यको भरमा जीवन यापन गर्न चाहनु हुन्नथ्यो । स्वतन्त्रतापूर्वक आफ्नो खुट्टामा उभिने प्रयास गर्नुभयो । उहाँ किशोरावस्थामा नै आफ्नो घरबार छोडेर प्रव्रजित हुनु पुग्नुभयो र तत्पश्चात् अरुहरू झैं धेरै समय काठमाण्डौंमा नबसी आफ्नै किसिमले पोखरामा नै बस्नुभयो एक्लै, केवल आफू एक्लै ।

## २. जन्म र बाल्यावस्था

धर्मशीला गुरुमा वि.सं. १९७४ साल जेष्ठ १७ गते बुधबार शुक्लपक्षको नवमी तिथिमा पोखराको तेर्सापट्टि निवासी श्री धनबहादुर र धनकुमारी ताम्राकारको कोखबाट जन्मनुभएको थियो । बाल्यावस्थामा उहाँको नाम टेकलक्ष्मी राखिएको थियो । बालिका टेकलक्ष्मी अरुभन्दा चलाख, छिटो बुझ्न सक्ने र आमा बाबुको पनि उत्तिकै प्रिय पात्र भएर हुर्कनुभएको थियो ।



https://dhamma.digital

## ३. किशोरावस्था र बुद्धधर्ममा प्रवेश

यस्तैमा वि.सं. १९८५ सालतिर भिक्षु महादान पोखरा आउनुभयो । उहाँले हालको वडा नं. ३ को कार्यालय भवन देखि उत्तर पूर्वमा रहेको सानो पौवामा बालबालिकाहरूलाई अक्षर पढाउने गर्दै बुद्धधर्मका कुराहरू सिकाएको थाहा पाएर तत्कालीन प्रशासनले उहाँलाई पक्रयो । आइन्दा बुद्धधर्मको त्यसरी प्रचार नगर्नू भन्ने चेतावनी दिएर छोडिदियो । तर, भिक्षु महादान भने आफ्नो सिद्धान्त र आदर्शमा अडिग हुनुहुन्थ्यो र छुटेर आई फेरि त्यही पौवामा माटोको सानो बौद्ध चैत्य बनाएर बालबालिकाहरूलाई पूर्ववत् रूपमा अक्षर चिनाउने गर्नुहुन्थ्यो । त्यहाँ बालबालिकाहरूको आवत जावत क्रमशः बढ्दै गयो । उनीहरूको खेल्ने, रमाउने र सिक्ने ठाउँ नै त्यही भयो । धर्मशीला गुरुमा पनि त्यहाँ जाने गर्नुहुन्थ्यो र बुद्ध धर्मका कुराहरू अत्यन्त रुचि लिएर सिक्नुहुन्थ्यो । उहाँ बालककालदेखि नै अति चलाख, जिज्ञासु र छिटो पढुँ सिकुँ भन्ने स्वभावकी हुनुहुन्थ्यो । भिक्षु महादानको शिक्षाले भरखरै किशोरावस्थामा पदार्पण गरिरहेकी उहाँलाई ज्यादै असर पर्‍यो । उहाँको रहन सहन र शील स्वभावमा पनि परिवर्तन आउन थाल्यो । उहाँ नक्कल झक्कल पार्नुको साटो सादा भेषभूषातिर बढी आकर्षित हुने, चञ्चल स्वभाव त्यागेर एकाग्र हुन खोज्ने र बाल्यकालदेखि पूजाआजा गरेर आएको महादेव र कृष्णको मूर्तिलाई छोडेर बुद्धको तस्वीरलाई वन्दना गर्न थाल्नुभयो । त्यो उहाँको जीवनको सबभन्दा महत्वपूर्ण परिवर्तन थियो जसको फलस्वरूप उहाँको सम्पूर्ण जीवन बुद्ध धर्म र संघमा समर्पित भयो । भिक्षु महादानले दिएको धर्मदानको परिणाम स्वरूप नै उहाँको नाम धर्मशीला रहन गएको थियो ।

भिक्षु महादानको समक्ष शील प्रार्थना गर्ने उपासक उपासिकाहरू मध्ये धर्मशीला गुरुमाको आचरण र व्यवहारहरू अनुकूल किसिमले परिवर्तन भैहेकोले उहाँप्रति भिक्षु पनि निकै खुशी हुनुहुन्थ्यो । भिक्षुबाट आफ्नो छोरीको राम्रो प्रतिभा भएको कुरा सुनेर आमा बाबु पनि दङ्ग हुन्थे । तर पछि अरुहरूले “तिम्री छोरी जोगिनी भएर जानेछ” भनेर भनिदिंदा आमा बाबु दुवै खिन्न भएर उहाँलाई भिक्षु कहाँजान प्रतिबन्ध लगाइदिए । उहाँ भने लुकिछिपी भिक्षु कहाँजानुहुन्थ्यो । केही धर्मोपदेशको अभ्यास गरेपछि उहाँले साँच्चै नै शिर मुडाई अनागारिका बन्ने इच्छा गर्नुभयो । वि.सं. १९९१ सालमा १७ वर्षको कलिलो उमेरमा भिक्षु महादानसँग काठमाण्डौं जानका लागि घर छोडेर हिंड्नुभयो । परिवारमा खैलाबैला मच्चियो । समाजमा अनेक अपवाहहरू फैलिए । तुरुन्त परिवारका सदस्यहरू गएर उहाँलाई बाटोमा फेला पारी घरमा फर्काइ



https://dhamma.digital

ल्याए । अनि समाजमा जातपातको कुरा चल्यो । उहाँलाई जातिच्यूत गर्ने धम्की आयो, सामाजिक बहिस्कार गर्ने प्रयास भयो । माता-पिता र सम्पूर्ण परिवार खिन्न भए । त्यो परिवारमा व्यवहारिक आपत्ति आयो । इज्जतको प्रश्न उठ्यो ।

त्यो बेलामा वर्णाश्रम व्यवस्था ज्यादै कडा थियो । धर्मशीला गुरुमाले जीवनमा वर्णाश्रम व्यवस्थाको तीतो अनुभव गर्नुपऱ्यो । उहाँले आफूलाई जातिच्यूत गरिएको विरोधमा स्थानीय प्रशासनबाट पतिया लिनुभयो । पतिया भनेको जातभातबाट पतित् भएका व्यक्तिलाई आफ्नो जातमा फर्काउनका निम्ति धर्माधिकारीको निर्देशन अनुसार सरकारी अङ्गबाट दिइने पुर्जीलाई भनिन्थ्यो । त्यो पुर्जी पाएपछि त्यो व्यक्ति पुरानै जातमा फर्किन्थ्यो । नेपालमा नयाँ मुलुकी ऐन लागू हुनुभन्दा पहिने त्यस्तो चलन थियो । उहाँले त्यो पुर्जी पाएपछि आफ्नो विरोध गर्नेहरू सबैलाई बोलाएर आफ्नै हातले पकाएको भात खान बाध्य गर्नुभयो र जातीय भेदभाव कति कमजोर छ भनेर प्रत्यक्ष देखाइदिनुभयो । जुन जातपातको बन्धनलाई समाजले त्यति ठूलो महत्वको सम्भ्केको थियो त्यो कागजको सानो टुक्राले तोड्न सक्ने रहेछ भने त्यसैको आडमा उभिएको संस्कार, संस्कृति र धर्म कति बलियो होला कति सुदृढ होला र कति सारयुक्त होला भन्ने कुरा उहाँ कल्पना गर्नुहुन्थ्यो । फेरी त्यसैको आडमा खडा भएको हाम्रो जीवन पद्धति कति सफलिभूत होला ? आदि इत्यादि कुराहरू उहाँको मनमा तर्कना हुन्थ्यो । उहाँ संवेदनशील हुनुहुन्थ्यो र विचार गर्नुहुन्थ्यो-जहाँ जातीय भेदभाव हुँदैन, उँचनीच हुँदैन, समताको व्यवहार हुन्छ, त्यो समाज कस्तो होला ? कति राम्रो होला ? कति व्यवस्थित होला ? उहाँको मनमा यस्ता प्रश्नहरू आइरहन्थो । उहाँले जतिजति गम्भीरभएर यस्ता कुराहरू सौच्दैजानु हुन्थ्यो उति-उति बुद्धधर्मको सुन्दर र सुव्यवस्थित चित्र उहाँको दिल र दिमागमा प्रस्ट भएर आउने गर्दथ्यो । यो एक आश्चर्यको कुरा थियो कि त्यत्ति नै बेला उहाँले आफूलाई जातिच्यूत गर्ने, आफ्नो परिवारको बेइज्जत गर्ने तथा सामाजिक बहिस्कार गर्न खोज्ने कसैमाथि पनि पूर्वाग्रह राख्नु भएन, द्वेषभाव राख्नु भएन र वैरभाव गर्नुभएन । वैरभावले वैरभाव शान्त हुँदैन भन्ने उहाँलाई राम्ररी थाहा थियो । बुद्धको अमर वाणी छः

**नहि वेरेन वेरानि सम्मन्तीध, कुदाचनं**
**अवेरेन च सम्मन्ति एसधम्मो सनन्तनो ।**



https://dhamma.digital

## ४. प्रवज्या लिन कुशीनगर प्रस्थान

धर्मशीला गुरुमामा त्यस्तो परिवर्तन आइरहेको बेला उहाँका केही साथीहरूले उहाँलाई थाहै नदिई भारतमा तीर्थव्रत गर्न गएका र फर्केर बौद्ध स्थल कुशीनगरमा भएको बुद्धको सुन्दर मूर्ति र र बौद्ध वातावरणको कुरा सुनाए । साथीहरूले त्यसरी आफूलाई छोडेर छकाएर तीर्थव्रत गर्न गएका र आफूले भन्दा पहिले त्यस्तो पवित्र कुशीनगर र भगवान् बुद्धको राम्रो मूर्तिको दर्शन गरेकामा उहाँलाई केही खिन्नता र केही इर्ष्या भयो । त्यसपछि उहाँ कहिले छिटो गएर बुद्ध, धर्म र संघमा आफू पूर्ण रूपले समर्पित हुन पाउँछु भन्ने ताकमा रहनुभयो । १९ बर्षको कलिलो उमेरमा उहाँले अभिनिष्क्रमण गर्नुभयो । उहाँ पोखराबाट अनेक डाँडाकाँडा, खोलानाला पार गर्दै बन्दीपुर र त्यसपछि झन ज्यान हत्केलामा हालेर बाघ, भालु आदि हिंस्रक जनावरहरू भएको भिखना ठोरीको घना जंगल हुँदै अनेक दुःख, कष्ट र यातना सहेर भारततिर पस्नुभयो । भारतमा पनि डर, त्रास, भोक, तिर्खा सहेर बल्लतल्ल कुशीनगर पुग्नुभयो। उहाँ आफैंले त्यो यात्रालाई जीवनको सबभन्दा खतरनाक, दर्दनाक एवं जोखिमपूर्ण मान्नुहुन्थ्यो भने त्यही बेला पहिलो पटक कुशीनगर पुग्न पाएकोमा ठूलो भाग्यको कुरा सम्झनुहुन्थ्यो ।

कुशीनगरमा बुद्ध भगवान्को प्रतिमाको दर्शन गरे पश्चात उहाँले आफ्नो निष्क्रमणको उद्देश्य भिक्षु चन्द्रमणि महास्थविरज्यू समक्ष राखी आफूलाई प्रव्रजित गराइदिन आग्रह गर्नुभयो । भिक्षु चन्द्रमणिज्यूले त्यस्तो कलिलो उमेरमा आमा-बाबुसँग नसोधी आएकीले प्रव्रजित गर्न इन्कार गर्दै घरमा सोधेर पछि फेरी आउन भन्नुभयो । बुद्ध धर्ममा प्रव्रजित हुन अभिभावकको इजाजत चाहिने प्रावधान छ । अभिभावकको इजाजत विना जिम्मेवार भिक्षुहरूले कसैलाई पनि प्रव्रजित गर्दैनन् । बुद्ध धर्ममा विद्यमान त्यही नीति नियम अनुसार भिक्षु चन्दमणि महास्थविरले उहाँलाई प्रव्रजित गराउन इन्कार गर्नुभएको थियो । गुरुको त्यस भनाइले उहाँलाई ज्यादै अप्ठ्यारोमा पाऱ्यो । कुशीनगर पुगे पश्चात् आफ्नो उद्देश्य पूराहुने जुन मीठो कल्पना उहाँले गर्नुभएको थियो, त्यो कल्पनामा मात्रै सीमित रह्यो, व्यवहारमा आउन सकेन । जुन उत्साह एवं उमंग लिएर उहाँ भोक प्यास नभनी, डर त्रास नमानी जानुभएको थियो, त्यो काम नहुँदा स्वभावतः केही खिन्नताबोध भयो । तैपनि उहाँले गुरुको त्यस भनाइलाई एक परीक्षा सम्झनुभयो, कठिन परीक्षा र त्यस परीक्षाको तैयारीमा उहाँ अरु तत्परतासाथ लाग्नुभयो ।



https://dhamma.digital

उहाँ कुशीनगरबाट पोखरा फर्कनुभयो । तर, पोखरा फर्केर धर्मशीला गुरुमालाई पटक्कै चैन भएन । रातो दिन कुशीनगरकै सपना-जपना भैरह्यो । पछि दाज्युहरूले बोलाएको बहाना गरेर एक बूढीका साथ उहाँ बुटवल जानुभयो । त्यहाँ भिक्षु विशुद्धानन्दज्यूबाट अभिधर्म र मज्झिम निकायको शिक्षा सिक्नुभयो, ध्यानको महत्व थाहा पाउनुभयो र ध्यान गर्न सिक्नुभयो । भिक्षु विशुद्धानन्दज्यूको शिक्षा दीक्षाले झन उहाँलाई गहिरो प्रभाव पार्‍यो । त्यतिबेलासम्म उहाँले गहना त्यागिसक्नु भएको थियो । सेतो लुगामात्र लगाउने धर्मशीला गुरुमाले कपालमा तेल हालेर कपाल कोर्न पनि छोडिसक्नु भएको थियो । उहाँको शील स्वभाव ज्यादै नरम, अनुशासित, हिंड्दा पनि टाढा टाढासम्म आँखा नलगाई बढीमा पाँच कदम सम्म हेर्ने गरेर शान्तसँग हिंड्ने गर्नुहुन्थ्यो । उहाँको त्यस्तो शील स्वभाव र व्यवहार देख्दा कतिपय बौद्ध विद्वानहरूले उहाँलाई 'श्रोतापत्ति फल' प्राप्त गर्न योग्य व्यक्तिका रूपमा लिने गरेका थिए ।

दोस्रो पटक फेरि धर्मशीला गुरुमा भिक्षु विशुद्धानन्द र रत्नमुनि तुलाधरका साथ कुशीनगर पुग्नुभयो । त्यहाँ भिक्षु चन्द्रमणि महास्थविरज्यूले भिक्षु विशुद्धानन्दज्यूको उपस्थितिमा बुटवल निवासी रत्नमुनि तुलाधरको दायकत्वमा १९९६ सालमा उहाँ र उहाँलाई त्यसबेला खोज्न गएकी उहाँकी सहोदर बहिनी यशोमतिलाई विधिवत् प्रव्रजित गरिदिनुभयो । त्यहाँ धर्मशीला गुरुमाले आफ्ना गुरु चन्द्रमणि महास्थविरज्यूबाट बुद्धधर्मको सिद्धान्त, आदर्श र व्यावहारिक ज्ञानगुणका कुराहरू सिक्नुभयो । विशेषतया त्यसबेला गुरुज्यूबाट उहाँले धम्मपद र त्यहाँ रहनुभएका भिक्षु वरसम्बोधिबाट अभिधम्मको गहन अध्ययन गर्ने मौका पाउनुभयो । त्यस्तै अध्ययनकै क्रममा पछि उहाँले तानसेन, पाल्पा निवासी श्री अयोध्याप्रसाद प्रधानबाट सतिपट्ठानको शिक्षा हासिल गर्नुभयो । उहाँ सँगको मित्रता पछिसम्म लाभप्रद, उपयोगी र सहयोगपूर्ण रहिरह्यो । गुरुमा कुशीनगर रहँदा बस्दा गुरु चन्द्रमणि महास्थविरज्यूको महानता, सद्‌चरित्रता र कार्यपटुताले धर्मशीला गुरुमालाई सकारात्मक प्रभाव पार्दैलगेको थियो भने गुरुमाको आदर सत्कार गर्ने स्वभाव, वाक्पटुता र अरुसँग मान्छे अनुसारको व्यवहार गर्नसक्ने उहाँको बानी शैलीले गुरुलाई उत्तिकै खुशी र सन्तुष्ट पारेको थियो । संक्षिप्तमा भन्ने हो भने धर्मशीला गुरुमाको यस पटकको कुशीनगर बसाई ज्यादै सुखद्, सौहार्द एवं सद्‌भावनापूर्ण रह्यो, जसलाई उहाँ अविस्मरणीय मान्नुहुन्थ्यो ।



https://dhamma.digital

धर्मशीला गुरुमा कुशीनगरमा बस्नुहुँदा उहाँको साथ लामो समय बिताउनुभएकी कुशीनगर निवासी डा. चन्द्रशीला शाक्य प्रव्रजित जीवनको शुरुमा धर्मशीला गुरुमाको अत्यन्त नजिक र अभिन्न मित्र भईसक्नुभएको थियो। उहाँले गुरुमाको सम्बन्धमा भन्नुहुन्छ- आत्मीय मित्र धर्मशीला अनागारिका सबैसँग मिल्न सक्ने र सबैलाई खुशी पार्न सक्ने र सबैको दुःखमा सहभागी हुन सक्ने, तीव्र वाक्पटुता भएकी, तीक्ष्ण श्रुत प्रज्ञाले युक्त भएकी, उपयुक्त समयमा उपयुक्त निर्णय लिन सक्ने प्रतिभावान, बहुआयामिक पुरुषोचित गुणले युक्त भएकी व्यक्तित्व हुनुहुन्थ्यो। स्मरणीय छ, डा. चन्द्रशीला शाक्य धर्मशीला गुरुमा जस्तै प्रखर प्रतिभावान दृढ निश्चयी हुनुहुन्छ र उहाँले १४ वर्षको प्रव्रज्जित जीवन यापन गरेर महत्वपूर्ण अनुभव हासिल गर्नुभएको छ। बनारस हिन्दू विश्वविद्यालयबाट पि.एच.डी. डिग्री हासिल गर्नु भएका डा. चन्द्रशीला शाक्यले आफ्नो रोचक कथा सुनाउँदै भन्नुभयो कि धर्मशीला गुरुमालाई आफूलै अनागारिका बन्ने इच्छा व्यक्त गर्दा सद्धर्मको मार्गमा जान पनि हामी जस्ताले किन पछि पर्ने, किन ढिलाई गर्ने भनेर भन्नुभए पश्चात् नै-आफू छिट्टै प्रव्रज्जित भएको कुरा बताउनु भएको थियो।

कुशीनगरबाट बर्तमान डा. महानायक आचार्य भिक्षु अमृतानन्दज्यू (त्यतिखेर श्रामणेर) का साथ धर्मशीला गुरुमा काठमाण्डौं जानुभयो। भिक्षु धम्मालोकको रेखदेखमा उहाँले कटिबद्ध नियम पालना गर्नुभयो। सुयोग्य भिक्षुको छत्रछायामा उहाँले धेरै कुरा जान्ने मौका पाउनुभयो। त्यहाँ प्राप्त गर्नुभएका अनुभवहरू धेरै उपयोगी भएको कुरा उहाँले पछिपछि पनि सुनाउने गर्नुहुन्थ्यो। त्यहाँबाट उहाँ पोखरा फर्कनुभयो। त्यसरी फर्कनु पोखराको लागि एक सौभाग्यको कुरा भयो। भगवान् बुद्धले के भन्नुभएको छ भने जब कुनै तरुण भिक्षु भिक्षुणी बुद्ध शासनको सेवामा तत्परतासाथ समर्पित हुन्छ, तब उसले बादलबाट मुक्त भएको चन्द्रमाले झैं यस संसारलाई प्रकाशित गर्दछ। धर्मशीला गुरुमाले पोखरा र त्यसको वरपर बुद्धधर्मको प्रचार-प्रसार गर्न जसरी सफलता प्राप्त गर्नुभयो, यहाँको शैक्षिक सामाजिक क्षेत्रमा जुन योगदान दिनुभयो- पारिवारिक झैं झगडा मिलाउनेदेखि व्यक्तिगत सुख-शान्तिका लागि उहाँले पुऱ्याउनुभएको योगदानलाई हेर्दा भगवान् बुद्धको भनाई ज्यादै उचित देखिन्छ। धर्मशीला गुरुमाले वास्तवमा आफू शीतल चन्द्रमा नै बनेर हामी सबैलाई प्रकाश दिनुभएको थियो, प्रकाशित गरिदिनु भएको थियो।



https://dhamma.digital

## ५. विहारको स्थापना

भरखरै अनागारिका भएर पोखरा फर्कंदा धर्मशीला गुरुमांको सामु अनेक समस्याहरू, चुनौतीहरू तथा अवरोधहरू आएका थिए । पहिलो त उहाँका लागि बसोबासकै समस्या थियो । विहार भन्ने त्यसबेला पोखरामा छँदै थिएन । त्यसकारण केही समय उहाँलाई आफ्नै पुरानो घरमा रहन बाध्य हुनुपऱ्यो । घरैमा बसेर उहाँले बुद्धधर्मको सिद्धान्त, आदर्श सम्बन्धी उपदेश दिने गर्नुहुन्थ्यो । उहाँको धर्मोपदेश सुन्न, पञ्चशील, अष्टशील ग्रहण गर्न आउने उपासिकाहरूको संख्या क्रमशः बढ्दै गए । ६० जना भन्दा बढी उपासिकाहरूको त्यहाँ आवत-जावत हुन थाल्यो र त्यो ठाउँ ज्याँदै सानो, साँघुरो र अप्ठेरो भयो र उहाँले कुशीनगर फर्केर जाने विचार गर्नुभयो । तर उहाँका तेर्सापट्टि निवासी उपासिका धर्मनदी नामक एकजना चेलीले उहाँलाई फर्कन दिनुभएन । धर्मनदीले आफ्नो गुरुमाको लागि आवश्यक पर्ने एउटा विहार बनाइदिने अठोट गर्नुभयो । उहाँले त्यसको लागि आफ्ना बा-बाजेसँग अनुनय विनय गर्नुभयो । फलतः श्री सिद्धिमान र श्री बुद्धिलाल कायस्थले हाल बुद्ध विहार रहेको पोखरा नगरपालिका वडा नं. ३ वडा समिति कार्यालय भवनको पछाडि तेर्सापट्टिबाट नारायण स्थान कन्या स्कूल जाने लिंकरोडदेखि दक्षिणतिर करीब डेढ रोपनी जमिनमा १८' × २८' को ढुङ्गा माटोको दुईतले विहार वि.सं. १९९८ सालमा बनाइदिनु भयो । त्यसमा ढलोटको एउटा सुन्दर बुद्धमूर्ति स्थापित गरियो । पोखराको बुद्धधर्मको इतिहासमा त्यो एक अत्यन्त महत्वपूर्ण ऐतिहासिक दिन मानिन्छ । त्यो बुद्ध विहार पोखराको पहिलो विहार हो । यसले बुद्धधर्मको प्रचार-प्रसार गर्न गराउनमा महत्वपूर्ण भूमिका खेल्दै आएको सर्वविदित कुरा हो । शुरूमा झटपटमा बनाएको त्यस विहारमा रहेको झ्यालहरू सानो र थोरै भएकोले धर्मशीला गुरुमांले आफ्नै तर्फबाट आफ्नै किसिमले केही परिवर्तन गरेर झ्यालहरू केही ठूलो र धेरै राखेर भित्र खुल्ला र उज्यालो हुने किसिमको बनाउनुभयो । विहारको निर्माणले उहाँको उत्साह खुब बढेर गयो र निर्माण सम्बन्धी काममा नपुग रकम उहाँले आफ्ना बा-आमाहरूले पहिले दिनुभएको सुनका गर-गहनाहरू बिक्री गरेर खर्च टार्नुभयो ।

धर्मशीला गुरुमाको त्यस किसिमको आस्था, निष्ठा, तत्परता, आचरण, व्यवहार तथा स्वच्छ सेवा भाव देखेर त्यस बेला पोखरा आउनु भएका भिक्षु महाप्रज्ञा ज्यादै प्रभावित हुनुभयो र उहाँले भिक्षु प्रज्ञारश्मि र कविवर चित्तधर



https://dhamma.digital

हृदयका दुई बहिनीहरू मोतीलक्ष्मी र न्हुछेलक्ष्मीको सहयोगले माटोको सफेद सुन्दर कलात्मक बुद्धमूर्ति बनाइदिनुभयो । त्यो मूर्तिको स्थापनाले विहारमा नयाँ जोशको सञ्चार भयो, उत्साह र उमङ्ग बृद्धि भयो । पञ्चशील, अष्टशील ग्रहण गर्नेहरूको संख्या अरू बढ्दै गयो । धर्म देशनाको काम नियमित रूपले चल्दै गयो ।

त्यसरी बौद्ध गतिविधि बढाउँदै लैजान धर्मशीला गुरुमालाई तत्कालीन उपसंघनायक शाक्यानन्द महास्थविरज्यूबाट पनि ठूलो सहयोग प्राप्त भएको थियो । भिक्षु शाक्यानन्द २००१ सालतिर पोखरा आउनु भएको थियो । उहाँले गर्नुभएको धर्म देशनाबारे एक-दुई ठाउँमा चर्चा परिचर्चा भयो । अनि उहाँलाई बुद्धधर्म प्रचार गरेको आरोपमा पक्राउ गरियो र तुरुन्त पोखरा छोडेर जाने आदेश दिइयो । किनभने त्यसबेलासम्म पनि बुद्धधर्म प्रचार गर्नु एउटा अपराध झैं नै मानिन्थ्यो । अहिले यो उल्लेख गर्दा धेरैलाई आश्चर्य लाग्न सक्छ कि बौद्ध धर्मको प्रचार गर्न पनि किन दिइएन भनेर । तर, त्यसबेला वर्णाश्रम धर्म ज्यादै कडा थियो र शासकहरू त्यही धर्म अनुसार शासन गर्दथे । बुद्ध धर्मलाई उनीहरू अनिश्वरवादी धर्म भनेर व्यवहार गर्दथे । बुद्ध धर्मले जनचेतना बढाउँछ, ज्ञान फैलाउँछ र अप्रत्यक्ष रूपमा वर्णाश्रम धर्मको विरोध गर्दछ भन्ने उनीहरूको विचार थियो । भिक्षु शाक्यानन्द भूमिगत किसिमले करीब दुई वर्ष जति पोखरामा नै बस्नुभयो । उहाँले करीब ६/८ महिना तेर्सापट्टि निवासी श्री उदयमान उदासको घरमा बिताउनुभयो । पछि त्यो ठाउँ अनुकूल नभएकोले धर्मशीला गुरुमाले उहाँलाई कहिले यताको घर र कहिले उताको घर तथा कहिले यता गाउँ र कहिले उता गाउँ-टोलमा लुकाउँदै राख्नु भएको थियो ।

भिक्षु शाक्यानन्द वर्णाश्रम धर्मको पनि ज्ञाता हनुहुन्थ्यो । उहाँले वेद, उपनिषद, पुराणका धेरै कुराहरूको अध्ययन गर्नुभएको थियो । उहाँ शास्त्र शास्त्रार्थ गर्न पनि कस्सिनु हुन्थ्यो । त्यसबेला उहाँ अलि आक्रामक स्वभावका हुनुहुत्थ्यो । पोखराका ठूल्ठूला पण्डितहरूसँग उहाँले वादविवाद गर्नुभएको थियो । उहाँसँग वादविवाद गर्दा पण्डितहरू हैरान हुन्थे । त्यसैले पनि उहाँलाई पोखरामा बसेर धर्म प्रचार गर्नमा रोक लगाईएको थियो ।

देशमा प्रजातन्त्र आउनु भन्दा पहिले बुद्धधर्मलाई अनिश्वरवादी, अनात्मवादी र नास्तिक संज्ञा दिएर बुद्धधर्मको प्रचार गर्न दिइदैनथ्यो । आज यो कुरा लेख्दा सबैलाई आश्चर्य लाग्न सक्छ कि त्यसबेला कतिपय भिक्षुहरूलाई देश निकाला गरिएको थियो । कतिलाई जेलमा राखिएको थियो । १९९३



https://dhamma.digital

सालमा भिक्षु महाप्रज्ञा र डा. महानायक अमृतानन्द महास्थविरलाई भोजपुर जेलमा हतकडी लगाएर राखिएको थियो । त्यस्तो अवस्थामा बुद्धधर्ममा लाग्नु र बुद्धधर्म प्रचार गर्नु कुनैपनि हालतमा सजिलो थिएन । तैपनि धर्मशीला गुरुमा आफ्नो महान अभियानमा अविरल रूपले लाग्नुभयो । लागेको लाग्यै गर्नुभयो । बुद्ध विहारको क्रियाकलापलाई अगाडि बढाउँदै लैजानुभयो । पछि भिक्षु अनिरुद्ध पनि पोखरा आउनुभयो । धर्मशीला गुरुमाले उहाँसँगको सत्संगबाट पनि अरु धेरै कुरा सिक्ने, बुझ्ने मौका पाउनुभयो ।

## ६. शैक्षिक, सामाजिक र राजनीतिक क्षेत्रमा योगदान

नव निर्मित विहारको चहल-पहल अरु बढ्दै गयो । धर्मशीला गुरुमामा दायित्व माथि दायित्व थपिंदै गयो । विहारको आफ्नै क्रियाकलापहरू एकातिर त्यसरी बढ्दै गएको थियो भने अर्कोतिर शैक्षिक सामाजिक दायित्व पनि उहाँ माथि पर्न गएको थियो । धार्मिक क्रियाकलापमा मात्र सीमित भएर उहाँलाई साध्य भएन । शैक्षिक, सामाजिक एवम् अन्य क्षेत्रको कामगर्न पनि उहाँ बाध्य हुनुपरेको थियो । त्यस बेलाको अशिक्षित एवम असङ्गठित समाजलाई केही चेतना जगाएर सङ्गठित गर्नु र संगठित जनशक्तिलाई रचनात्मक कार्यमा लगाउनुपर्ने देखियो । त्यसबेलाको चेतनशील समूहले गुरुमाबाट त्यस्ता धेरै कुराहरूको अपेक्षा गरेको थियो । त्यो समयको माग थियो, युगको पुकार थियो । समयको प्रवाहमा प्रवाहित भएर उहाँ कहिले शैक्षिक संस्था स्थापना गर्ने काममा सूत्रधार हुनु परेको थियो । कहिले सामाजिक संगठन गर्नेतिर संलग्न हुनु परेको थियो । कहिले महिला सङ्गठनको नेतृत्व पनि उहाँ आफैले गर्नुपर्ने अवस्था आएको थियो । नेपाल महिला संघका संस्थापक अध्यक्ष मंगलादेवी सिंहको आग्रहमा उहाँले कास्कीको महिला संघको नेतृत्व पनि गर्नु परेको थियो ।

देशमा प्रजातन्त्र आउनु भन्दा पहिले त्यसरी शैक्षिक, सामाजिक कामगर्नु एक किसिमले राजनीति गर्नु जस्तै थियो र राजनीतिकै आरोपमा उहाँ थुनामा समेत पर्नुभयो । कविवर श्री माधवप्रसाद घिमिरे, श्री मीनबहादुर गुरुङ, बैदाम निवासी श्री विष्णु पहारी र श्री सुन्दरप्रसाद मर्सानीका साथ उहाँ ९ दिनसम्म जङ्गी परेडको कोत गारतमा थुनिनुभयो । त्यसपछि झन बुद्ध विहार चेतनशील व्यक्तिहरूको सम्पर्क स्थल भयो र धर्मशीला गुरुमा सबैको केन्द्रविन्दु बन्नुभयो । यहाँ मात्र होइन, उहाँले बन्दीपुरमा भएको क्रान्तिमा पनि योगदान गर्नुभएको थियो र बन्दीपुरमा उहाँलाई ठूलो स्नेह र



https://dhamma.digital

श्रद्धा गरिन्थ्यो । उहाँलाई बन्दीपुरका रामकुमार जीवन मित्र, साहु हरिकुमार बडेबाबु, शशिकला, मिठु, मैया, बुद्धिमानहरूले ठूलो सहयोग गरेका थिए । २००७ सालको क्रान्तिमा पोखरामा पहिलेदेखि सङ्गठन गर्नेतिर लाग्नुभएका र सर्वाधिक महत्वपूर्ण भूमिका खेल्नुभएका प. श्री ऋषिकेशव पराजुलीको विचारमा धर्मशीला गुरुमा अत्यन्त आपद् विपद्को बेलामा निडरतापूर्वक सहयोग गर्ने, भरोसा लाग्दो, विश्वासिलो, संरक्षण गरेर आफ्नोलाई बचाउन सक्ने व्यक्ति हुनुहुन्थ्यो । यीनै कुराहरूलाई संक्षिप्तमा भनौंभने धर्मशीला गुरुमाले प्रजातन्त्रको लागि जुन त्याग तपस्या गरेर योगदान पुऱ्याउनुभएको थियो त्यो अद्वितीय एवम् प्रशंसनीय मानिन्छ ।

धर्मशीला गुरुमाको राजनीतिमा संलग्नता भएको सम्बन्धमा बौद्ध जगतभित्र र बाहिर चर्चा  परिचर्चा भएको सुनिन्छ । एकजना धार्मिक व्यक्ति सामान्यतया राजनीतिमा संलग्न हुनुलाई त्यति उचित सम्झँदैनन् । तर देशको संकटको घडीमा ऐतिहासिक मोडको अवस्थामा तथा जर्जर परम्पराबाट आधुनिकतातिर लैजाने क्रममा के धार्मिक व्यक्तिले राष्ट्रको पुकार सुन्नु अपराध ठहर्दछ र ? त्यस्तो अवस्थामा धार्मिक व्यक्तिले पनि अन्य नागरिक सरह राष्ट्रप्रतिको आफ्नो भूमिका निर्वाह गर्नुपर्दैन र ? राष्ट्रको संकटको घडीमा अन्य धर्मका गुरु पुरोहितहरू एवम् धर्मका ठेकेदारहरूले बेवास्ता गरिदिंदा "कोइ नृप होए हमे क्या हानी" भनेर एकाताबद्ध गर्नेतिर नलाग्दा छिमेकी देशहरू विधर्मीहरूको उपनिवेश भएर सयौं वर्ष गुलाम भएर रहनुपरेको तीतो अनुभव छिमेकी नागरिकहरूलाई छ । त्यो कुरालाई धर्मशीला गुरुमाले कुशीनगरमा रहँदा आफैले देख्नुभएको थियो, भोग्नुभएको थियो र नजिकैबाट अध्ययन गर्नुभएको थियो । त्यसैले उहाँ राष्ट्र र राष्ट्रियता सम्बन्धमा संवेदनशील हुनुहुन्थ्यो, राष्ट्रप्रतिको आफ्नो कर्तव्य निभाउन सदा तत्पर देखिनुहुन्थ्यो र तत्परतासाथ प्रत्यक्ष संलग्न हुनुहुन्थ्यो ।

अर्को कुरा राणाहरूको निरंकुश जहानियाँ शासनले बुद्ध धर्मको प्रचार गर्न दिएको थिएन । बौद्ध भिक्षु बनेको आरोपमा कतिपय भिक्षुहरूलाई देश निकाला गरिएको थियो, हतकडी पहिराइएको थियो, बौद्ध किताबहरू सडकमा मिल्काइदिएका थिए, ज्ञानमालाका किताब समेत बेच्न दिइएको थिएन भने त्यस्तो शासन समाप्त गर्ने अभियानमा सरिक हुनु पनि अपराध ठहर्छ र ?

यस दृष्टिले हेर्दा धर्मशीला गुरुमाले आफ्नो धर्मको हितको लागि जनताको सुखमय भविष्यको लागि गर्नुभएको त्यो निर्णय ज्यादै उपयुक्त र



https://dhamma.digital

आवश्यक देखिन्छ । धर्मको मर्मलाई बुझ्दा तथा राष्ट्रको पुकारलाई सुन्दा कहिलेकाहीं ऐतिहासिक निर्णय लिनुपर्ने हुन आउँछ । धर्मशीला गुरुमाले २००७ सालमा त्यस्तै निर्णय लिएर परिवर्तनको पक्ष लिनुभएको थियो, जुन ज्यादै सराहनीय र प्रशंसनीय मानिन्छ । उहाँले २००७ सालमा प्रजातन्त्र ल्याउन पुऱ्याउनुभएको योगदानको कदर गरेर नेपाली कांग्रेसले उहाँलाई मरणोपरान्त "प्रजातन्त्र सेनानी" उपाधिद्वारा सम्मान गरेको थियो ।

त्यसबेलाका त्यस किसिमका चेतनशील व्यक्तिहरूको अतिरिक्त ठूल्ठूला ओहदामा आसीन व्यक्तिहरूको ध्यान पनि बुद्ध विहारतिर आकर्षित भएको थियो । विहारमा आवत जावत खुब बढेको थियो । मान्छे अनुसारको स्वागत सत्कार गरेर जलपान गराउने बानी परेका धर्मशीला गुरुमाका लागि त्यो बेला खर्च पुऱ्याउन ज्यादै कठिन भयो । धर्मको त्यतिको व्यापक प्रचार प्रसार नभएको, दानको महत्व त्यत्ति नबुझेको बेलामा विहारको आम्दानी नै के हुन सक्थ्यो र ? कसले दान दिन ल्याउँथ्यो र ? तैपनि उहाँले आफ्नो लत्ता कपडा बिक्री गरेर, कहिले थाल कचौरा बिक्री गरेर, आफूले भित्र पीठो खाएर, कहिले भोकै रहेर पनि बिहारमा आएका पाहुनाहरूलाई कहिल्यै भोकोपेट फर्काउनु भएन । स्वागत सत्कारमा कमी आउन दिनु भएन । यो उहाँको महानता थियो, विशेषता थियो । पछि पनि विहारमा आयोजित बुद्ध जयन्ती आदि समारोहहरूमा खर्च कम गर्नका लागि तथा धेरै-धेरै प्रसाद वितरण गरिराख्नु आवश्यक छैन भनेर जसले जति भने पनि उहाँले आफ्नो हात मुठ्ठी पार्नुभएन । उहाँले सधैं खुल्ला दिलले, खुल्ला मनले उदारतापूर्वक दिने गर्नुहुन्थ्यो । समारोहमा, प्रसाद वितरण आदिको लागि अरुले के कति आर्थिक चन्दा दिए या दिएन भन्ने कुरामा उहाँले कहिले खास मतलब राख्नु भएन । जति दियो त्यति लिएर अरु सबै खर्च आफ्नै किसिमले पुऱ्याउने गर्नुहुन्थ्यो । यस पंक्तिका लेखकको २५ वर्षभन्दा बढी समयको सत्संगतमा उहाँले त्यस कामलाई यति पुगेन, यति चाहिन्छ भनेर कहिले पनि भन्नुभएको सुनिएन र थाहा पाइएन । उहाँले अरुहरूलाई दुःख दिई बोझ बोकाऊँ भन्ने भावना कहिल्यै राख्नुभएन, कसरी अरुलाई सन्तुष्ट पारी राखौं भन्ने भन्ने मात्र उहाँको सपना जपना हुन्थ्यो ।

धर्मशीला गुरुमाले दुःखीभन्दा दुःखीको दुःख सुन्न सक्नु हुन्थ्यो, पीडित भन्दा पीडित परिवारको पीडालाई आत्मसात् गर्नुहुन्थ्यो र अर्काको घरभित्रका कलह झैं-झगडाका कुरा पनि शान्तसंग सुनेर धेरैका घर परिवार



https://dhamma.digital

मिलाएर ती सबैको समस्या सुल्झाई दिनुहुन्थ्यो । त्यस्तो खुबी उहाँमा थियो । कतिपयले विहारमा गएर आफ्नो दुःख पीडा सुनाउन मात्र पाए पनि आफ्नो तनमन हलुका भएको अनुभूत गर्दथे । पोलेको मनलाई विहारमा शीतल पार्ने वातावरण थियो । कलुषित मनलाई शुद्ध गर्ने क्षमता थियो । पापीहरूका लागि पनि त्यो उपयुक्त शरणस्थल थियो । त्यहाँ प्रायश्चित गर्न पाइन्थ्यो । त्यसैले उहाँको पालामा बुद्ध विहार सबैको दुखेसो पोख्न आउने उपयुक्त स्थल पनि भएको थियो ।

धर्मशीला गुरुमाले पोखराको शैक्षिक सामाजिक उत्थानमा अहम् भूमिका निभाउनु भएको थियो । बजार वरपरका कुनैपनि विद्यालय, महाविद्यालयको स्थापना एवम् सञ्चालनमा उहाँको योगदान रहेको हुन्थ्यो । पोखरामा त्यसबेला कुनै विद्यालय थिएन, विद्यालय खुलाउन खोज्नु नै 'अराष्ट्रिय' काम मानिन्थ्यो, त्यस्तो समयमा पोखरामा विद्यालय खुलाउने पहिलो बैठक बुद्ध विहारमा भएको थियो । पं. श्री मुक्तिनाथ तिमिल्सिनाका अनुसार त्यस भेलामा इन्जिनियर मेदिनीनाथ भट्टराई, पं. ऋषिकेशव पराजुली, साहु भैरवलाल कायस्थ, श्री सुन्दरप्रसाद मर्सानी, पं. मुक्तिनाथ र धर्मशीला गुरुमाको उपस्थिति थियो । त्यसको काम कार्वाहीको फलस्वरूप नारायण स्थानमा आजको राष्ट्रिय व्यावसायिक माध्यमिक विद्यालय मिडिल स्कूलको रूपमा २००६ सालमा जन्म भएको थियो ।

धर्मशीला गुरुमाले पोखराको शैक्षिक, सामाजिक एवं राजनीतिक क्षेत्रमा पुऱ्याउनुभएको योगदानका विषयमा यहाँका वरिष्ठ पत्रकार केशवराज पराजुलीले “पोखरालाई एक अकिञ्चन भक्तिनी अवदान” शीर्षकमा एक लेख पनि प्रकाशित गर्नुभएको छ। आफ्नो लेखमा उहाँले स्कूल स्थापनाका सम्बन्धमा यसरी लेख्नुभएको छ - अपरान्ह ४ बजे पछि पण्डित मुक्तिनाथ तिमिल्सिना, स्कूल इन्स्पेक्टर रामसिंह ठकुरीलाई लिएर भक्तिनीको आश्रममा पुगे । त्यहाँ पं. ऋषिकेशव पराजुली लगायतका व्यक्तिहरू पहिलेदेखि नै उपस्थित थिए । पं. मुक्तिनाथले सबैको परिचय दिएपछि “उहाँहरू पोखरामा एउटा अंग्रेजी स्कूल खोल्न प्रयत्नशील हुनुहुन्छ । उहाँहरूले त्यसको निम्ति सरकारको अनुमति प्राप्त गर्ने विधि र प्रक्रिया के छ, त्यो जान्न चाहनुभएको छ, तपाईले त्यो प्रक्रिया उहाँहरूलाई बुझाइदिनुहोस् उहाँहरूले त्यो गर्नुहुन्छ,सरकारबाट अनुमति दिलाउने जिम्मेवारी तपाईको । अनुमति प्राप्त हुनासाथ यहाँ स्कूल स्थापना भैहाल्छ” भनी इन्स्पेक्टर ठकुरीलाई भन्नुभएको थियो ।



https://dhamma.digital

पं. ऋषिकेशव पराजुलीले हामीले एउटा बिन्तीपत्र लेखेका छौं भन्दै बिन्तीपत्र स्कूल इन्स्पपेक्टर ठकुरीको हातमा बुझाएको र इन्स्पेक्टर ठकुरीले बिन्तीपत्र हेर्नुभयो र "ठीह छ, अब विद्यालय संचालनका निम्ति रु ५/१० हजार कोषमा जम्मा गर्नुहोस् र यो पत्रमा त्यो कुरा उल्लेख गर्नुहोस् । म भरपुर प्रयास गर्छु" भन्नुभएको उल्लेख गरिएको छ ।

त्यति भएपछि लेखमा धर्मशीला गुरुमा र उहाँहरूका बीच भएको वार्तालाप पनि लेखिएको छ । जुन यहाँ छोटकरीमा उद्धृत गरिन्छ ।

"भक्तिनीले भनिन्- इन्स्पेक्टर साहेबले हामीलाई जो सल्लाह र सहयोग गर्ने वचन दिनुभयो, त्यसबाट हामी अत्यन्त उत्साहित भएका छौं । पोखरेली जनताका छोराछोरीले पढ्न स्कूल पाए भने तपाईको ठूलो गुण सम्झनेछन् र तपाईलाई ठूलो पुण्य लाभ हुनेछ । इन्स्पेक्टर साहेब र हाम्रो भेट गराएर आज पं. मुक्तिनाथजीले पोखरामा सार्वजनिक विद्यालय स्थापना गर्ने कार्यमा जुन योगदान गर्नुभयो, त्यसका लागि उहाँलाई मुरीमुरी धन्यवाद ।

पं मक्तिनाथले भने- भिक्षुणीले के भन्नुभएको, म पोखरेली होइन र ? यसको विकासका निम्ति काम गर्नु मेरो पनि कर्तव्य होइन र ?

भक्तिनी- मैले माने, पण्डितजीसँग क्षमा चाहन्छु ।

सबैजना हाँसे । भक्तिनीले विहारमा भएको प्रसाद सबैलाई प्रदान गरे, सबैले प्रसाद खाए ।

पोखराको जेठो विद्यालयको उठान यसरी भएको थियो । भक्तिनी र बुद्ध विहार, त्यो विद्यालय स्थापना कार्यको केन्द्र थियो भनेर पराजुलीको लेखमा उल्लेख गरिएको छ ।

पछि कन्या स्कूल खुलाउनका लागि पनि उहाँलाई नै घच्घच्याइयो । श्री ५ रत्नराज्यलक्ष्मी कन्या स्कूलको त उहाँ संस्थापक सचिव भएर २०१४ सालमा स्कूल स्थापना गरिदिनुभयो । भवनको अभावमा कतिपय समय त्यस विद्यालयका कक्षाहरू बुद्ध विहारमा नै सञ्चालन गरिएको थियो । उहाँकै अग्रसारितामा भवन निर्माण भयो । त्यो बेलाको चलन अनुसार बडा हाकिमको अध्यक्षतामा सञ्चालक समिति बनाइन्थ्यो । कन्या स्कूलका सम्बन्धमा पनि वरिष्ठ पत्रकार केशवराज पराजुलीले आफ्नो लेखमा उल्लेख गर्नुभएको छ- समाजले भक्तिनीलाई संचालक समितिको सचिव बनायो । उनीले बजारमा घर-घर गएर छोरीलाई विद्यालय पठाऊ भन्ने अभियान नै चलाइन् । अभियानको परिणाम स्वरूप केही छात्राहरू जम्मा भए । शुरुमा ती



https://dhamma.digital

छात्राहरूलाई आफ्नै विहारको दलानमा आफैंले पढाइन् । छात्राको संख्या बढ्दै गएपछि नारायण स्थानको पौवामा कक्षा चलाउने काम भयो । ”

राष्ट्रिय बहुउद्देश्यीय विद्यालयबाट कन्या स्कूलको लागि नदीपुरमा जग्गा उपलब्ध गर्ने काममा पनि धर्मशीला गुरुमाको योगदान रहेको छ । यस सम्बन्धमा पराजुलीले लेख्नभएको छ- “सबैको सहयोगले जग्गा उपलब्ध गरी भवन निर्माण निम्ति आर्थिक सहयोग जुटाउने र निर्माण कार्य सम्पादन गर्ने जिम्मेवारी पनि भक्तिनीले निर्वाह गरिन् । यसरी यो कन्या स्कूल अकिञ्चन बौद्ध भिक्षुणी अनागारिका धर्मशीलाको योगदान हो ।”

अनागारिका धर्मशीलाले कन्या माविका लागि पुऱ्याउनुभएको योगदान धेरैले सम्झने गरेका छन् । कन्या माविका पूर्व विद्यार्थी एवम् पृथ्वीनारायण क्याम्पसका सह-प्राध्यापक ज्योति भट्टचनले कन्या स्कूलबाट प्रकाशित स्वर्ण महोत्सव स्मारिकामा “श्री ५ रत्न राज्यलक्ष्मी कन्या माविको समाजमा योगदान” शीर्षकमा लेख्नुभएको लेखमा - यस कन्या पाठशालाको स्थापनाको छलफल बौद्ध भिक्षुणी धर्मशीलाको कोठाबाट प्रारम्भ भएको थियो भनी उल्लेख गर्नुभएको छ ।

शिक्षासेवी एवम् पृथ्वीनारायण कलेजका संस्थापक प्रिन्सिपल जर्ज जोनको “पृथ्वीनारायण कलेज र कन्या स्कूल” शीर्षकमा लेख्नुभएको लेखमा पनि “कन्या स्कूल त्यसबेलाको पोखराको नाम चलेको संस्था थियो । स्वर्गीय धर्मशीला अनागारिका विद्यालय सञ्चालक समितिको सचिव थिईन्” भनेर सम्झनुभएको छ । उहाँलाई यस्तो काममा ई मेदिनीनाथ भट्टराई, श्री अयोध्याप्रसाद प्रधान, श्री पूर्णसिंह वडा हाकिम, ई. कुलरत्न तुलाधर र पछि श्री त्रैलोक्यनाथ श्रेष्ठ र उहाँकी श्रीमती, तत्कालीन एस.एस.पी नारायणसिंह र उहाँकी श्रीमती ज्योति कुमारी शाहका अतिरिक्त स्थानीय साहु महाजन उहाँहरूका श्रीमती एवम् छोरीहरूले र राजनीतिक कार्यकर्ताहरूले अत्याधिक सहयोग पुऱ्याइ दिनुभएको थियो । जसको लागि उहाँ आजीवन ऋणी भएको कुरा बराबर सुनाउने गर्नुहुन्थ्यो । त्यस्तै भैरवलाल, पूर्णलाल कायस्थ, दयाशंकर, प्रदिपशंकर पालिंखे, अमृतप्रसाद शेरचन, वकिल प्रेमबहादुर कुँवर, प्रेमराज मुल्मी, जितप्रसाद द्वा, मथुरालाल श्रेष्ठ, मीनबहादुर गुरुङ, प्रेमबहादुर प्रजू आदिका परिवारसँग उहाँको पारिवारिक सम्पर्क र सम्बन्ध रहिरहेकाले गुरुमाकालागि त्यो सम्बन्ध विद्यालय स्थापना र सञ्चालनमा ज्यादै उपयोगी रहेको थियो ।



https://dhamma.digital

धर्मशीला गुरुमाले कन्या स्कूल र राष्ट्रिय व्यावसायिक माध्यमिक विद्यालयका लागि मात्र काम गर्नुभएको होइन, पोखराको बालमन्दिरको स्थापना र सञ्चालनमा पनि उहाँको महत्वपूर्ण भूमिका रहेको थियो । उहाँले बालमन्दिर सञ्चालक समितिमा लामो समय रहेर पनि सेवा पुऱ्याउनु भएको स्मरणीय छ । त्यस्तै आदर्श पुस्तकालयदेखि पृथ्वीनारायण कलेजको स्थापना, सञ्चालन र संवर्द्धनका लागि पनि चन्दा बटुलेर, यत्रतत्र दौडधूप गरेर थुप्रै योगदान गर्नुभएको थियो । जसले गर्दा उहाँ शिक्षाप्रेमी एवम् समाजसेवीका रूपमा पनि उत्तिकै परिचित र प्रतिष्ठित हुनुहुन्थ्यो । पृथ्वीनारायण क्याम्पसले आफ्नो स्वर्ण जयन्तीको अवसरमा उहाँलाई मरणोप्रान्त एक सम्मान-पत्र प्रदान गरेको छ, जसमा लेखिएको छ-“यस पृथ्वीनारायण क्याम्पस (तत्कालीन कलेज) पोखराको स्थापना तथा विकासमा यस क्षेत्रका सबै पक्षका लागि प्रेरणादायी भूमिका निर्वाह गर्नुभई उल्लेखनीय योगदान पुऱ्याउनुभएकाले यस क्याम्पसको स्वर्ण जयन्तीको उपलक्ष्यमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवका समुपस्थितिमा यहाँलाई पृथ्वीनारायण क्याम्पस स्वर्ण जयन्ती सम्मान प्रदान गरिएको छ ।

## ७. बुद्ध जयन्ती मनाउने परम्पराको शुरुवात

धर्मशीला गुरुमाको अर्को विशेषता के हो भने शैक्षिक, सामाजिक अर्थात् राजनीतिमा त्यसरी संलग्न हुनु भएर पनि उहाँले कहिल्यै धर्मको आफ्नो लाइन छोड्नु भएन । बरु उहाँले जीवनका ती पक्षहरूमा कार्य गर्दा प्राप्त सम्पर्क, सम्बन्ध र अनुभवहरूलाई एकत्रित पारेर बुद्धधर्मको विकास र बिस्तार गर्ने काममा लगाउनुभएको पाइन्छ । बुद्धधमको सम्बन्धमा बिल्कुल अनभिज्ञ रहेको त्यसबेलाको पोखरामा, यहाँको जन्मजात बौद्ध भन्नेहरूले समेत आफ्नो मौलिक बाटो पक्रन नसकेको पोखरामा बुद्धधर्मको विशुद्ध किसिमले प्रचार गर्नु त्यति सरल र सजिलो हुने कुरै थिएन । त्यसबेला बुद्धधर्मको सिद्धान्त र आदर्श सुन्न चाहनेहरूको संख्या नै कति थियो होला र ? बुद्धधर्मको अनिश्वरवाद, अनात्मवाद र शून्यवादको प्रसंग नै अप्रासांगिक जस्तो लागेको कुरा त्यति बेलाका मानिसहरूले आजभोलि पनि सुनाउँछन् । मोहरिया टोल निवासी दिवंगत श्री डिल्लीमान बुद्धाचार्य शाक्य समाजका पहिलो व्यक्ति थिए जसले धर्मशीला गूरुमासँग सम्पर्क राखी विहारमा र उहाँको घरमा बरावर आवत जावत शुरु गर्नुभएको मानिन्छ । त्यस्तो बेला धर्मशीला गुरुमाले आफ्नो क्षेत्र व्यापक बनाई यत्रतत्र सर्वत्रका मानिसहरूलाई



https://dhamma.digital

आफ्नो बनाउने प्रयास गर्नुभएको ज्यादै व्यावहारिक मान्नु पर्दछ। उहाँको त्यही व्यावहारिक कार्य कुशलता, सहयोगपूर्ण व्यवहार तथा मैत्रीभाव र समाजोपयोगी सक्रियताले गर्दा थुप्रै-थुप्रै मानिसहरू बुद्ध विहारमा आवत-जावत गर्ने गरेको बुझिन्छ। पछि क्रमशः सबै पक्षका बौद्धहरू बुद्ध विहारको क्रियाकलापहरूमा सम्मिलित हुँदै गए र आज-भोलि यो क्रिया तीव्र गतिले बढ्दो छ।

धर्मशीला गुरुमाले वैशाख पूर्णिमालाई सिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण दिवसको रूपमा भव्यरूपले मनाउन २/३ पटक प्रयास गर्नुभएको थियो। बुद्धको मूर्ति खटमा राखी बजार परिक्रमा गर्नुभयो। तर त्यो क्रमलाई नियमित पारी राख्न कठिन भयो। २०१८ सालमा एक पटक सशक्त प्रयास भयो। राष्ट्रिय व्यावसायिक माध्यमिक विद्यालय, श्री ५ रत्न राज्यलक्ष्मी कन्या स्कूल, स्थानीय समाजसेवी, साहु महाजनहरू सबैको सहयोगले वैशाख पूर्णिमा विभिन्न कार्यक्रमहरू राखी भव्य रूपले मनाइयो। त्यसबेला पोखराको भ्रमणमा आउनुभएका अष्ट्रेलियन भिक्षु क्षान्ति पालज्यूले विभिन्न ठाउँहरूमा प्रवचन गरेर उचित सल्लाह र सुझाव दिएर समारोह सफल पार्न धेरै सघाउ पुऱ्याउनु भएको थियो। उहाँले अंग्रेजी भाषमा गर्नु भएको धर्मदेशना र प्रवचनको डा. राधेश्याम कायस्थले नेपालीमा अनुवाद गरी सहयोग गर्नुभएको थियो। त्यसबेलाको राष्ट्रिय मा.वि.का प्रधानाध्यामक श्यामप्रसाद पन्त र सहयोगी डा. कायस्थबाट प्राप्त सहयोग स्मरणीय छ। त्यस वर्षदेखि प्रत्येक वैशाख पूर्णिमाका दिन बुद्धको मूर्ति रथमा राखी बजार परिक्रमा गर्ने, ज्ञानमाला भजन गाउने काम निरन्तर चलिरहेको छ। समयको क्रमसँगै पोखरामा गुम्बाहरू बढ्दै गएको र ती गुम्बाहरूसँग निकटको सम्पर्क र सम्बन्ध राखी अनागारिका धर्मशीलाले बुद्धधर्मको प्रचार र प्रसारमा गति ल्याउन बुद्धजयन्तीलाई सप्ताहव्यापी रूपमा मनाउन थाल्नु भएको थियो।

यस पंतिकारलाई यहाँनेर के स्मरण हुन्छ भने २०१८ सालमा बुद्धजयन्ती मनाउन बुद्ध विहारमा बोलाइएको पहिलो बैठकमा राष्ट्रिय बहुउद्देश्यीय उच्च माविका प्रधानाध्यापक श्यामप्रसाद पन्तले त्यसै स्कूलको ठूलो कक्षाका मोहरिया टोल निवासी गोपालमान बुद्धाचार्य र अलि सानो कक्षाका यस पंतिकारलाई कार्यालयमा बोलाएर वैशाख पूर्णिमामा बुद्धजयन्ती मनाउने सम्बन्धमा बैठक बोलाइएको छ, तिमीहरू जाऊ भन्नुभएको थियो। उहाँको त्यही आदेशले मलाई आफ्नो धर्मको पहिचान भएको तथा सक्रियतापूर्वक



https://dhamma.digital

संलग्न हुने अवसर र प्रेरणा मिलेको थियो । जसको लागि म हेडमाष्टर पन्तज्यूप्रति हार्दिक आभार एबम् कृतज्ञता ज्ञापन गर्दछु ।

गुरुमाकै सक्रियताको कारणले केही वर्ष यता वैशाख पूर्णिमाको उपलक्ष्यमा सप्ताहव्यापी कार्यक्रम राखेर प्रत्येक गुम्बा, चैत्य, शान्ति स्तूपमा प्रत्येक दिन पालैपालो गरेर पूजा अर्चना गर्ने, धर्मदेशना र प्रवचन गोष्ठी आदि गरेर मनाउने गरिएको छ । त्यसबाट बौद्ध गुम्बा र विहारहरू तथा बौद्ध संस्थाहरू बीच समझदारी, सौहार्द्रता र सद्भावना बढेको सबैले महसूस गरेका छन् । त्यस्तो बौद्ध क्रियाकलापहरूमा पोखरा उद्योग वाणिज्य संघ र पोखरा नगरपालिकाले सहयोग गर्दै आएको कुरा पनि उल्लेखनीय छ ।

## ८. ज्ञानमाला संघको गठन

त्यसपछि धर्मशीला गुरुमाले ज्ञानमाला भजनका माध्यमले बुद्धधर्मको प्रचारमा सघाउ पुग्न जाने कुरा महशुस गर्नुभयो । उपासक उपासिकाहरूलाई एकत्रित पारेर संस्थागत काम गर्न प्रेरित गर्ने अभिप्रायले २०२२ सालमा ज्ञानमाला संघको गठन गरिदिनु भयो । त्यस संघको गठनले बुद्धधर्मको प्रचारमा अरु गति थपियो । त्यस कार्यमा संस्थापक सभापति प्रज्ञारत्न बज्राचार्य, उप-सभापति धनबहादुर उदास, सचिव रत्नकुमार कायस्थ (भिक्षु श्रद्धानन्द), भैरवबहादुर आदिको योगदान महत्वपूर्ण रहेको छ । केही वर्ष यतादेखि श्री कृष्ण उदास, श्री सुवर्ण बज्राचार्य र श्री सोम बज्राचार्यले पनि उत्तिकै सहयोग पुऱ्याउनु भएको छ । साथै यस विहारमा ज्ञानमाला संघको अन्य सदस्यहरुको निस्वार्थ परिश्रम ज्यादै उल्लेखनीय छ ।

ज्ञानमाला भजनको चर्चा गर्दा एउटा के कुरा पनि उल्लेखनीय हुन्छ भने ज्ञानमाला भजनहरू परम्परागत रूपमा नेपाल भाषामा मात्र गाउने गरिएकोमा पोखराको ज्ञानमाला संघले त्यो परम्परा तोडेर नेपाली भाषामा गाउन थाल्यो । नेवारीमा रचना गरिएको ज्ञानमाला भजन नेपालीमा अनुवाद गरेर तथा केही नेपाली भाषामा नै रचना गरी प्रज्ञारत्न बज्राचार्यले गाउन थालेपछि त्यसको लोकप्रियता अरु बढ्न गयो । त्यसका अतिरिक्त, नेपाली भाषामा गाइएका भजनलाई पहिलोपटक सोम बज्राचार्यको स्वर क्यासेटमा भरेर प्रचार गर्ने काममा पनि पोखराले कीर्तिमान कायम गरेको छ । पोखराको ज्ञानमाला संघको सो कार्यबाट गैर नेवार भाषाभाषीको क्षेत्रमा पनि ज्ञानमालाको सन्देश पुगेको, बुद्धधर्मको प्रचार-प्रसार बढेको तथा ज्ञानमाला भजन गाउने, लेख्ने र संगीत भर्ने कामना गति थपेको अनुभव गरिएको छ ।



https://dhamma.digital

## ९. प्रथम महापरित्राण र बौद्ध सम्मेलन

धर्मशीला गुरुमा सकारात्मक र रचनात्मक विचारका हुनुहुन्थ्यो। त्यसो भएकाले उहाँले एउटा न एउटा बौद्ध गतिविधिहरू गर्दै जानुभएको पाइन्छ। एक पटक उहाँमा महापरित्राण गर्ने तीव्र इच्छा उत्पन्न भयो । त्यसलाई सम्पन्न गर्न उहाँले अथक परिश्रम गर्नुभयो । वातावरण मिलाउने प्रयास गर्नुभयो । तत्कालीन गण्डकी अञ्चलाधीश दानबहादुर शाक्यको अध्यक्षतामा आयोजक समिति गठन भयो र २०२० साल कार्तिक २९ गतेदेखि मंसिर १ गतेसम्म पोखरामा महापरित्राण तथा पहिलो बौद्ध सम्मेलनको भव्य आयोजना गरियो। महापरित्राण आफैंमा बौद्धधर्मको एक महान अनुष्ठान हो। त्यसलाई अरु महत्वको पार्ने, आकर्षक एवम् अविष्मरणीय गराई राख्ने अभिप्रायले अन्य विभिन्न कार्यक्रमहरू पनि समावेश गरिएको थियो । महापरित्राणको सिलसिलामा एकातिर रोचक एवम् ज्ञानवर्द्धक बौद्ध पोष्टर प्रदर्शनी भैरहेको थियो भने अर्कोतिर बौद्ध सम्मेलनको आयोजनाले कार्यक्रमको गरिमा अरु बढाएको थियो। त्यो बौद्ध सम्मेलन आफ्नो किसिमको नेपालमा नै पहिलो सम्मेलन हो । त्यसबेलासम्म देशमा राष्ट्रिय/क्षेत्रीय बौद्ध सम्मेलनको अवधारणा आएको थिएन।

महापरित्राणको उपलक्ष्यमा आयोजक समितिले भिक्षु सुदर्शनद्वारा लिखित बुद्धधर्म र बौद्ध संस्कृति नामक किताब प्रकाशित गरेको थियो । पोखराबाट प्रकाशित भएको बुद्धधर्म सम्बन्धी त्यो पहिलो किताब हो। त्यस महापरित्राण र बौद्ध सम्मेलनमा काठमाण्डौं, पाटन, भक्तपुर लगायत त्रिशुली, तानसेन, बुटवल, भोजपुर, सिद्धार्थनगर र नारायणघाटका सयौं उपासक उपासिकाहरू सम्मिलित हुन आउनु भएको थियो। संस्थागत रूपमा हेर्ने हो भने त्यस महापरित्राण र बौद्ध सम्मेलनमा भाग लिने संस्थाहरूमा अखिल नेपाल भिक्षु महासंघ, अखिल नेपाल बौद्ध संघ, नेपाली बौद्ध समाज, लुम्बिनी विकास सहयोग समिति, सुगतपुर बौद्ध मण्डल, त्रिशुली ज्ञानमाला संघहरू, धर्म संघ बुद्ध विहार पोखरा र महापरित्राण आयोजक समिति पोखरा मुख्य थिए । ती विभिन्न संघ संस्थाहरूले भाग लिएको त्यस बौद्ध सम्मेलनको पूर्णसभाले काम छिटो छरितो किसिमले सम्पादन गर्न विभिन्न शीर्षकमा ४ उप-समितिहरूको गठन गरिएको थियो।

१. विश्वशान्ति र बौद्धधर्म उपसमितिमा सर्वश्री भिक्षु अमृतानन्द महास्थविर, भिक्षु शाक्यानन्द महास्थविर, शान्ति सुरभ (काठमाडौं) र मुक्तिलाल श्रेष्ठ



https://dhamma.digital

२.	नेपाली बौद्ध साहित्य र संस्कृति उप-सतितिमा भिक्षु ज्ञान पूर्णिक, भिक्षु विवेकानन्द, श्री राजमान उपासक र श्री सुन्दरप्रसाद मर्सानी

३.	लम्बिनी विकास गुरुयोजना र राष्ट्र संघ उपसमितिमा भिक्षु अनिरुद्र महास्थविर, भिक्षु सुदर्शन, श्री प्रेमबहादुर शाक्य, श्री पुण्यरत्न शाक्य र श्री तिलकमान गुभाजू

४.	बौद्धधर्म र आजको समाज उप-समितिमा भिक्षु कुमार काश्यप, श्री केशवराज पराजुली र श्री कालु उपासक रहनुभएको देखिन्छ ।

धर्मशीला गुरुमाको सदिच्छा अनुसार सम्पन्न भएको त्यस महापरित्राण र बौद्ध सम्मलेनको महत्व र उपादेयता के रहेछ भनेर खोतल्यौं भने यी पंतिहरूलाई अरु लम्ब्याउनु पर्ने, अरु विस्तृत पार्नु पर्ने हुन जान्छ । त्यसको महत्व र उपादेयताका सम्बन्धमा यति नै भन्नु पर्याप्त हुन्छ  कि श्री ५ महाराजाधिराज सरकारबाट स्वयम् कारणवशः त्यस महापरित्राण र बौद्ध सम्मेलन समारोहमा सरिक हुन असमर्थ भएको कारणले मौसूफबाट समारोहको सफलताको कामना गरी शुभकामना सन्देश पठाई बक्सेको थियो । मौसूफको शुभकामना सन्देशले वौद्ध सम्मेनलको गरिमा अरु बढेको थियो । तत्कालीन खाद्य तथा कृषिमन्त्री श्री रविन्द्रनाथ शर्माद्वारा उद्घाटित त्यस बौद्ध सम्मेलनले भगवान् बुद्धको जम्मस्थल लुम्बिनीको छिटो विकासको लागि तीनवटा जोडदार प्रस्तावहरू पारित गरेको थियो भने विद्यालयको प्रारम्भिक कक्षालेखि उच्च कक्षासम्मको पाठ्यक्रममा बौद्धधर्मको नैतिक शिक्षा समावेश गर्न श्री ५ को सरकारसँग माग गर्ने, रेडियो नेपालबाट बौद्ध धर्मको प्रचार प्रसारको व्यवस्था मिलाउन श्री ५ को सरकारसँग अनुरोध गर्ने, बौद्धधर्मको विशेष पर्वहरूमा मासु बिक्री गर्न र शराव बिक्री गर्नमा कडाईपूर्वक रोक लगाउने, बौद्ध  साहित्यको उत्थान र प्रोत्साहनको लागि राजकीय प्रज्ञा प्रतिष्ठानमा बौद्ध साहित्य सम्बन्धी विद्वान विशेषज्ञलाई पनि समावेश गर्न माँग गर्ने आदि  प्रस्तावहरू पारित गरेको पाइन्छ । ती प्रस्तावहरू बुद्धधर्मको उन्नति, प्रगति र विकासका लागि के कति आवश्यक छन् र समसामयिक छन् भन्ने प्रश्नको जवाफ नै सम्मेलनको एक उपादेयता हो । महापरित्राणको उपादेयता सम्बन्धमा एकजना विदेशी नागरिकको प्रश्नको जवाफमा धर्मशीला गुरुमाले के जवाफ दिनुभएको मैले सुनेको थिएँ भने पोखरामा महापरित्राण गरेर क-कसले के-के फल पाए, त्यसको हिसाब मसँग छैन । तर मैले भने होटल न्यू क्रिष्टलका मालिक श्री सानुरत्न स्थापितले बनाइदिनु भएको नयाँ चिटिक्क परेको विहार पाएको छु भनेर उहाँले हँसाउनुभएको



https://dhamma.digital

मलाई याद छ। पाएकै कुरा चर्चा हुँदा एउटा अर्को घटना याद आउँछ त्यो के भने यस पक्तिका लेखकले त्यस समारोहको सचिव भई काम गरेर सम्मेलन सफल पारेको भनेर भिक्षु सुदर्शनले समापन समारोहमा अप्रत्यासित किसिमले यस पक्तिका लेखकलाई अमूल्य चीवर पुरस्कार दिनुभएको थियो। महापरित्राणले वास्तवमा पोखरामा गहिरो छाप छाडेको छ। छरिएर रहेका बौद्ध धर्मावलम्बीहरूलाई एकत्रित गर्ने काम भएको छ र बुद्धधर्मको विकासमा अरु तीब्रता आएको अनुभव भएको छ।

## १०. जयलाल लम्साल बुद्धधर्ममा प्रवेश

त्यस महापरित्राणको लगतैपछि धर्मशीला गुरुमासँग बुद्धधर्मका किताब लिदै केही वर्षदेखि अध्ययन गर्दै आउनुभएका तथा उहाँसँग बुद्धधर्म सम्बन्धि शिक्षा सिक्नु भएका कास्की जिल्ला अन्तर्गत घाचोक निवासी श्री जयलाल लम्साल बौद्ध गतिविधि देखेर ज्यादै प्रभावित भई आफू प्रव्रजित हुने निर्णय गर्नुभयो। एउटा ब्राम्हण कुलमा जन्मेका बयोवृद्ध समाजसेवी एवम् राजनैतिक कार्यकर्ता श्री जयलाल लम्साल प्रव्रजित हुनु एक ठूलो उपलब्धि सम्झेर भिक्षु अमृतानन्द महास्थविरज्यूसँग आवश्यक सरसल्लाह भयो। भिक्षु अमृतानन्दको निर्देशन अनुसार कुशीनगरमा गएर २०३५ सालमा ७५ वर्षको उमेरमा उहाँ प्रव्रज्जित हुनुभयो। त्यसबेला त्यहाँ धर्मशीला गुरुमा, मीनबहादुर गुरुङ र उहाँकी श्रीमती वसन्तकुमारी गुरुङ पनि जानुभएको थियो। प्रव्रज्या पश्चात् उहाँ भिक्षु सुभद्र नामले परिचित हुनुभयो। २०३५ सालमा उहाँले गुरुमाकै दायकत्वमा काठमाडौंमा उप-सम्पदा प्राप्त गर्नुभएको थियो।

श्री जयलाल लम्साल बुद्धधर्ममा कसरी प्रव्रजित हुनुभयो् भन्ने कुरा एउटा रोचक विषय छ। उहाँ एक प्रतिष्ठित एवम् जिम्मेवार पुरेत परिवारमा जन्मनुभएकाले समाजमा उहाँको मान, सम्मान र मर्यादा थियो। इज्जत र प्रतिष्ठा थियो र समाजमा हाँक र ढाँक थियो। सम्पत्ति र वैभवको कुनै कमी थिएन र उहाँको भौतिक इच्छा र चाहना पूरा हुन त्यति कठिन थिएन। तर पनि उहाँ सादा जीवन यापन गर्न चाहनुहुन्थ्यो। उहाँको उद्देश्य ठूलो थियो, विशाल थियो। देश आत्मनिर्भर हुनुपर्दछ भनेर उहाँले २००७ सालदेखि नै आफ्नै गाउँमा बनेको खस्रो घरबुनाको लुगा लगाउने गर्नुभयो। उहाँको त्यो पहिरन बुद्धधर्ममा प्रव्रजित नभएसम्म कायम थियो। उहाँले जे कुराको पनि आफै उदाहरण बनेर देखाउने गर्नुहुन्थ्यो। त्यो उहाँको बानी थियो।

उहाँले बुद्धधर्म र हिन्दूधर्मको भनाई र गराई तथा सिद्धान्त र



https://dhamma.digital

व्यवहारको तुलनात्मक अध्ययन गर्नुभयो । विहारमा उहाँको आवत जावत अरु बढ्न लाग्यो । केही ब्राम्हणहरू बुद्धलाई विष्णुको नवौं अवतार भन्छन् तर कहिल्यै विहारमा गएर धर्मश्रवण गर्ने, बुद्धको पञ्चशील ग्रहण गर्दैनन् । उनीहरू बुद्धधर्मलाई हिन्दूधर्मको शाखा भनेर प्रचार गर्न मन पराउँछन्, तर उनीहरूले कहिल्यै एउटा बोटले आफ्नो शाखालाई दिने जस्तो टेवा (सहयोग) बुद्धधर्मलाई दिएको उहाँले देख्नुभएन । त्यसको विपरीत, आफू बुद्ध विहारमा गएकोमा पनि आपत्ति जनाए झैं गरी असन्तुष्ट प्रकट गर्दछन् । उहाँलाई यो आश्चर्य लाग्दछ । आश्चर्य नलागोस् पनि किन ? उहाँलाई पो बुद्ध विष्णुको नवौं अवतार भन्ने मात्र थाहा छ । विद्वानहरूले त "हस्तिना ताड्ये मानोपि नगच्छेत् बौद्ध मन्दिरम्" अर्थात् हात्तीले कुल्चे पनि बुद्ध मन्दिरमा नजाऊ भनेर आदेश भएको पनि त थाहा पाएका छन् । शास्त्र पनि कति जटिल, कति जेलिएको Û एकातिर भगवान् बुद्धलाई विष्णुको अवतार भन्ने अर्कोतिर हात्तीले कुल्चे पनि बुद्ध मन्दिरमा नजाऊ भनेर निषेधाज्ञा जारी गर्ने । कसलाई मान्ने ? कसलाई नमान्ने ? कुन सत्य ? कुन असत्य ? कस्तो रनभुल्लमा पार्ने कुरा ? तैपनि ब्राम्हणहरूलाई थाहा छ- आदेश भनेको आदेश हो । त्यो आदेशको शिरोधार्य गरेर ब्राम्हणहरू बुद्ध विहारमा त्यसरी नआउने गरेको हुन् कि ? त्यो जे भए पनि जयलाल लम्सालज्यूले त्यो रहस्यको कुरा बुझ्न उहाँले अरु अध्ययन गर्नुभयो । उहाँले जति अध्ययन गर्दै जानुयो, उति बुद्धर्धम प्रति आकर्षित हुँदै जानुभयो । धम्मपदमा लेखिएको छ "न जच्चा वसलो होति, न जच्चा होति ब्राम्हणो, कम्मना वसलो होंति कम्मना होंति ब्राम्हणो" अर्थात जातले चण्डाल हुने होईन जातले ब्राम्हण हुने होईन, कर्मले नै चण्डाल हुन्छ र कर्मले नै ब्राम्हण हुन्छ भन्ने बुद्ध वाक्यले उहाँको हृदयलाई छोयो । उहाँमा एक किसिमको सवेग उत्पन्न भयो र एक दिन उहाँले आफूले वर्षौंदेखि लगाउँदै आएको जनैको कुनै औचित्य नभएको महसूस गरी ७२ वर्षको उमेरमा जनै लगाउन नै छोड्नुभयो । उहाँको त्यो व्यवहारले ब्राम्हण समूहलाई विचार विमर्शको लागि नयाँ खुराक प्राप्त भएको अनुभूति भयो । त्यसबेला त्यो घटना सनसनीपूर्ण समाचार बनेर फैलिएको कुरा आजभोलि पनि कही कतै चर्चा परिचर्चा भएको सुनिन्छ ।

बुद्ध धर्म तिर अग्रसर हुने उहाँको त्यो एउटा ठूलो साहसिक पाइला थियो । किनभने कतिपय बुद्धिजीवी विद्वान्हरू छन् जो गौतम बुद्धलाई महामानव भनी स्वीकार्दछन् र बुद्धधर्मलाई शान्तिवादी धर्म, अहिंसावादी धर्म, वैज्ञानिक किसिमको धर्म भनेर पनि व्याख्या गर्दछन्, मान्दछन् तर बुद्ध धर्मकै



https://dhamma.digital

पञ्चशील ग्रहण गर्न बुद्धको शाश्वत सन्देशलाई ग्रहण गर्न हिचकिचाउँछन् । साहस जुटाउन सक्दैनन् । यो एक किसिमको मावनीय कमजोरी हो ।

प्रायः मानिसहरू युवावस्थामा क्रान्तिकारी विचारका हुन्छन् । उनीहरू परिवर्तन चाहन्छन् र खुब सुधार गर्न खोज्दछन् । साहसिक व्यक्तिहरूले केहीले गरेर देखाउँछन् पनि तर जब बुढेसकाल लाग्छ तब उनीहरूको क्रान्तिकारी भावना सेलाउँदै जान्छ । परिवर्तनको चाहना त्यसै अधुरो रहन्छ र सुधारको नाममा ठोस काम कुरा गर्न नसकी जीवन त्यसै बर्बाद भएर जान्छ । त्याग र तपस्या हराउँछन् । इतिहास मेटिन्छ । यो कालचक्रको साधारण नियम हो । यो परिस्थितिको दास हुनेहरूका लागि लागु हुने शाश्वत धर्म हो । तर जयलाल लम्सालले ७५ वर्षको बृद्ध उमेरमा पनि युवा जोश कायम राखी परिवर्तन चाहानुभयो । पारिवारिक घुर्की-अवरोधलाई अस्थायी समझेर, सामाजिक बहिष्कारको कुरालाई अनर्गल प्रलाप मात्र ठानेर, परम्पराको बन्धनलाई तोड्नुभयो, परिस्थतिको दासताबाट आफूलाई मुक्त पार्नुभयो, विवेकको आवाजलाई पूरा गरिदिनुभयो, शाश्वत सत्य कुरा अंगाल्ने साहस गर्नुभयो र बुद्धधर्ममा उहाँ प्रव्रजित हुनुभयो, बौद्ध भिक्षु हुनुभयो । ७५ बर्षको उमेरमा उहाँ बौद्ध भिक्षु हुनुभयो ।

नम्रबोली, शीलयुक्त स्वभाव र सादा जीवनयापन गर्न रुचाउने उहाँलाई झट्ट हेर्दा उहाँको जीवन दर्शन कस्तो छ भनेर अड्कल गर्न सकिंदैन । उहाँमा देखावट गर्ने प्रवृत्ति छैन, लामो लामो कुरा गरेर आफ्नो विचार प्रकट गर्ने स्वभाव छैन र ठूलठूलो स्वरले बोलेर प्रचार गर्ने बानी पनि छैन । उहाँ आफ्नो काम आफ्नै किसिमले खुरुखुरु गर्नुहुन्छ, अथक परिश्रमले । बयोवृद्ध अवस्थामा पनि उहाँले थाक्यो भनेर विश्राम लिनु भएन । आफ्नो जन्मस्थान घाचोक र पोखराको ४/५ घण्टाको पैदल हिंड्नुपर्ने बाटोमा पनि उहाँ कतै विश्राम नगरी सजिलै आवतजावत गर्नुहुन्थ्यो । उहाँमा जोश थियो, जाँगर थियो र अदम्य साहस थियो । त्यो जोश र जाँगर देखेर उहाँका निकटतम सहयोगी पं. मुक्तिनाथ तिमिल्सिनाले उहाँलाई ८५ वर्षका "युवा" भन्नुभएको थियो । हुन पनि उहाँमा युवोचित गुणहरू पर्याप्त थिए । उहाँ युवासरह दौडधुप गर्न सक्नुहुन्थ्यो र युवा जस्तै क्रान्तिकारी विचार लिनुहुन्थ्यो ।

भिक्षु सुभद्रले माछापुच्छ्रे हिमालको काखमा रहेको आफ्नो गाउँमा २०४५ सालमा माछापुच्छ्रे बुद्ध विहार स्थापना गर्नुभएको थियो । त्यो विहार स्थापनाभए पश्चात धर्मको अभिवृद्धि भएको मात्र होइन, विहारको माध्यमबाट समाजसेवाका कामहरू पनि भएका थिए । त्यसलाई अरु विस्तृत र व्यापक



https://dhamma.digital

पार्ने प्रयास भएको थियो । संक्षिप्तमा भनौं भने माछापुच्छ्रे बुद्ध विहारलाई केन्द्रविन्दु मानेर त्यसको माध्यमबाट त्यहाँ धेरै जनोपयोगी कार्यक्रमहरू लागू गर्ने प्रयास भएको थियो । तर त्यस्ता कार्यक्रमहरू माथिबाट लाद्नु भन्दा स्थानीय जनताकै सक्रियतामा हुनु धेरै राम्रो हुन्छ । त्यो भएमा सम्बन्धित पक्षहरूबाट सहयोग र सहायताका अपेक्षा पनि गर्न सकिन्छ र त्यसो भएमा त्यो बुद्ध विहार घाचोकको लागि सामाजिक दृष्टिले पनि वरदान सावित हुन सक्छ । तर सोचे जस्तो भएन । उहाँको शेषपछि त्यो विहार भग्नावशेषमा परिणत भयो ।

जे भएपनि धर्मशीला गुरुमाले जयलाल लम्साललाई बुद्ध धर्ममा प्रव्रजित गराउने र उपसंपदा गराउने जुन भूमिका खेल्नुभयो, त्यो ज्यादै प्रशंसनीय थियो, सामयिक थियो । उहाँको त्यस कार्यबाट यस क्षेत्रमा बुद्ध धर्मको अभिवृद्धि गर्नमा ठूलो सघाउ पुग्नगएको धेरैले अनुभूत गरेका छन् ।

### ११. विहारमा निर्माण कार्यहरू :

धर्मशीला गुरुमां विकासप्रेमी हुनुहुन्थ्यो । उहाँ विकास र निर्माणका काम कुराहरूमा अत्यधिक रुचि राख्नुहुन्थ्यो । कहीं न कहीं र केही न केही काम गराई रहनुहुन्थ्यो । र आफू स्वयं पनि केही न केही गरिरहनु हुन्थ्यो । बुद्ध विहारको हाताभित्र सिंहावलोकन गऱ्यो भने त्यहाँ केही न केही काम भैरहेको नै पाउँथ्यौं । ती सबै उहाँकै प्रेरणा, प्रोत्साहन र अथक परिश्रमका प्रतिफल हुन् भन्नु अतिशयोक्ति हुने छैन ।

### १२. सानुरत्न स्थापितद्वारा विहार निर्माण :

पहिलो महापरित्राण भएको बेलामा अन्य उपासक-उपासिका झैं न्यू होटल क्रिष्टलका मालिक काठमाण्डौं निवासी श्री सानुरत्न स्थापित आफ्ना परिवार सहित पोखरा आउनु भएको थियो । उहाँहरू गुरुमाको शील, स्वभाव, कथावाचन शैली देखेर निकै प्रभावित हुनुभयो । उहाँहरूले बुद्ध विहारमा यताउता सबै निरीक्षण गर्नुभयो । तर त्यहाँ गुरुमाको लागि सुत्ने बस्ने कुनै छुट्टै कोठा देख्नुभएन । आगन्तुक अतिथि भन्तेहरूका लागि पनि त्यहाँ बास बस्ने उचित एवम् पर्याप्त स्थान पाउनु भएन । पोखराको विहारको त्यो स्थिति देखेर उहाँहरूले गुरुमाको लागि चारवटा कोठा भएको एउटा विहार बनाइदिने वचन दिनुभयो । फलतः २०३३ सालमा चारवटा कोठाहरू, एउटा प्रार्थना हल र छुट्टै आधुनिक शौचालय समेतको व्यवस्था भएको विहार बनाइदिएर उहाँले ठूलो उदारता देखाउनु भयो । त्यस विहारको निर्माणले अतिथिहरूको बसोबास



https://dhamma.digital

र बुद्ध पूजाको लागि मात्र सुविधा पुगेको होइन, बुद्ध धर्मको प्रचार प्रसारमा समेत त्यसले ठूलो टेवा पुऱ्याएको थियो । त्यस विहारमा थाइलैण्डका भिक्षु सोमछाइ प्रेमछुक र उहाँका सहयोगीको सौजन्यबाट वि.सं. २०४० सालमा प्राप्त बुद्धको ठूलो मूर्ति, सारिपुत्र र मौद्गल्यायनको प्रतिमाहरू राखीएकोछ । ती सुन्दर एवम् भव्य मूर्तिहरूले विहारको शोभा एवम् गरिमा अरु बढाए दिएका छन् र ती मूर्तिहरू आज थाइ-नेपाली जनस्तरमा भएको मित्रता, सहयोग र सद्भावनाको अमर प्रतीक भएर रहेका छन् । साथै विहार निर्माता सानुरत्न स्थापितले प्रदान गर्नुभएको बुद्ध मूर्ति पनि त्यही स्थापित छ ।

**१३. देश विदेशमा आयोजित बौद्ध गतिविधिहरूमा सहभागिता :**

धर्मशीला गुरुमाले पोखरामा आफूले महापरित्राणको आयोजना गरेर मात्र आफ्नो इच्छा पूर्ति भएको सम्झनुभएन । महापरित्राणलाई उहाँले बौद्ध धर्मावलम्बीहरूको आवत जावत गर्ने एक माध्यम, सम्पर्क र सम्बन्ध बढाउने एक अवसर, सबै बौद्धहरू एकै पटक भेला हुने एउटा उपयुक्त ठाउँको रूपमा पनि लिनुहुन्थ्यो । त्यसैले उहाँ अन्य ठाउँहरूमा सम्पन्न भएका महापरित्राणहरूमा पनि आफू स्वयम् जाने र आफू जान नसके बुद्ध विहारको तर्फबाट उपासक-उपासिकाहरू, ज्ञानमाला भवन टोली पठाएर सम्मिलित गराउनु हुन्थ्यो । विभिन्न समयमा लुम्बिनी, कुशीनगर, नारायणघाट, तानसेनमा सम्पन्न भएका महापरित्राणहरूमा भएको पोखराको सहभागिता त्यसको ज्वलन्त उदाहरण हुन् । उहाँले आफ्नो नेतृत्वमा उपासक र उपासिकाहरूलाई धेरैपटक बौद्ध चार धामको दर्शन गराउनु भएको थियो ।

महापरित्राण समारोहहरूमा मात्र होइन, देश विदेशमा भएका अन्य गोष्ठी सम्मेलनहरूमा पनि धर्मशीला गुरुमाले सकारात्मक भूमिका खेल्नुभएको थियो । त्यस्ता कतिपय समारोहरूमा उहाँ आफै उपस्थित भएर सक्रियता देखाउनु भएको थियो । कथं कदाचित आफू उपस्थित हुन असमर्थ भए विहारको प्रतिनिधि पठाएर प्रतिनिधित्व गराउनु हुन्थ्यो ।

त्यसमध्ये जापानका बयोवृद्ध भिक्षु श्री निचिदात्सु फुजीले पटनाको राजगीरमा, श्रीलंकाको श्री पादमा र बेलायतको व्याटर्सी पार्कमा निर्माण गर्नुभएको विश्व शान्ति स्तूपको उद्घाटन समारोहहरूमा उहाँको उपस्थिति विशेष उल्लेखनीय मानिएको थियो । २०३८ सालमा जापानको राजधानी टोकियोमा विश्वका सबै प्रमुख धर्मावलम्बीहरूले भाग लिएका विश्व शान्ति सम्मेलनमा बुद्ध विहारको तर्फबाट भूतपूर्व उपमन्त्री श्री मीनबहादुर गुरुङ र



https://dhamma.digital

उहाँकी धर्मपत्नी बसन्तकुमारी गुरुङका साथ धर्मशीला गुरुमा आफै त्यहाँ जानुभएको थियो । त्यहाँ आफ्नो उदार मैत्री भावले गर्दा उहाँले उहाँका नजिक आउने धेरै जापानीहरूको मन जित्नुभएको थियो र थोरै समयमा नै धेरै जापानी मित्र बनाउनु भएको थियो । उनीहरू मध्ये टोकियो स्थित हिडियो फुजी र उहाँकी धर्मपत्नी, शिङजुकुवाका एम. नारीमत्सु र उहाँकी धर्मपत्नीसँग उहाँको आत्मीय सम्बन्ध कायम भएको थियो । छोटो समयको अन्तरालमा नै यति घनिष्ठता कायम भयो कि जापान बसाईबाट फर्कदा दुवै तर्फबाट अविरल आँसु वर्षेको र बिछोडको वेदनाले दुवैको मन पग्लेको दृश्य ज्यादै संवेदनशील एवं हृदय विदारक भएको कुरा त्यहाँ उपस्थित सहभागीले बताउनु भएको थियो ।

जापानको कुदानकिता विहारका कुमांगाई अञ्जुसाँसँग उहाँको यस्तो घनिष्टता र आत्मीय सम्बन्ध स्थापना भयो कि कुमागाई अञ्जुसाँले मरणोपरान्त उहाँलाई सम्झिरहन र सम्मान व्यक्त गर्न उहाँ सुत्नुभएको आफ्नो विहारको कोठामा गुरुमाको फोटो राख्नुभएको थियो र त्यसमा प्रत्येक दिन धुप बाल्ने गर्नुहुन्थ्यो । नेपालीहरू कोही त्यहाँ गएमा उहाँले ती नेपालीहरूलाई धुप बाल्न लगाउनुहुन्थ्यो ।

त्यस्तै गरेर धर्मशीला गुरुमा २०४२ सालमा बेलायतको व्याटर्सी पार्कमा निर्मित विश्व शान्ति स्तूपको उद्घाटन समारोहमा पनि श्री मीनबहादुर गुरुङका साथ जानुभएको थियो । त्यहाँबाट फर्केर २/३ दिनमै उहाँहरू फेरि जापानमा श्रद्धेय गुरु श्री निचिदात्सु फुजीको परिनिर्वाण भएको औपचारिक समारोहमा भाग लिन जापान जानुभयो । त्यस्तो दुःखको घडीमा टाढा टाढादेखि समवेदना प्रकट गर्न त्यसरी सहभागी बन्नुभएकोमा जापानी मित्रहरूले धेरै सराहना गरेका थिए । सुखको बेलामा मात्र होइन, दुःखको बेलामा पनि त्यसरी साथ, समर्थन र सहभागी हुनुभएकोमा जापानी सहयोगीहरू सँगको उहाँको मित्रता अरु गहिरो र आत्मीय हुँदै गएको थियो । उहाँको त्यो सहयोगपूर्ण आत्मीय भावनाले गर्दा जापानी साथीहरूको समूहमा नेपाल र नेपालीको छाप राम्ररी परेको थियो ।

त्यस भन्दा पहिले श्री फुजी गुरुज्यू जीवित भएको बेलामा उहाँकै उपस्थितिमा उहाँ १०० वर्ष पुग्नुभएको उपलक्ष्यमा जापानमा आयोजित भव्य समारोहमा धर्मशीला गुरुमा आफै उपस्थित हुन असमर्थ हुनुभएकाले उहाँले विहारको तर्फबाट श्री पुष्करमान बुद्धाचार्य, श्री प्रकाशमान गुभाजू, श्री तेजमान बुद्धाचार्य र श्री कृष्णबहादुर गुरुङलाई पठाउनु भएको थियो । त्यस्तै



https://dhamma.digital

आफू अशक्त भएको बेलामा पनि उहाँले पटनाको राजगीरमा भएको शान्ति पदयात्रा र शान्ति स्तूपको १७ औं वार्षिक समारोहमा ३८ जनाको टोली पठाएर समारोहको शोभा बढाइ दिनुभएको थियो । त्यसैगरी अन्तर्राष्ट्रिय शान्ति वर्षको उपलक्ष्यमा २०४३ सालमा काठमाण्डौंमा आयोजित 'विश्व शान्ति र बुद्धधर्म' विषयक गोष्ठीमा गुरुमाले यस पंक्तिका लेखकलाई भाग लिन पठाउनु भएको थियो ।

त्यस सम्बन्धमा पछि भएका २/४ कुराहरू यहाँ थप्नु प्रासाङ्गिक हुन्छ होला । २०४४ सालमा धर्मशीला गुरुमाको पुण्य स्मृतिमा उहाँकै पुण्य तिथिमा पोखरामा सम्पन्न भएको दोश्रो महापरित्राण तथा बौद्ध सम्मेलनमा शान्तिस्तूप सम्बन्धमा विस्तृत विचार विमर्श भए पश्चात् शान्ति स्तूप पुनः निर्माण गर्न भिक्षु सुदर्शन महास्थविरज्यूको अध्यक्षतामा राष्ट्रिय समिति गठन भएको थियो । त्यस समितिमा श्री मीनबहादुर गुरुङ, श्री लोकदर्शन वज्राचार्य र श्री सानुरत्न स्थापित तीनजना उपाध्यक्ष हुनुहुन्थ्यो भने महासचिव श्री तिलकमान गुभाजू, कोषाध्यक्षमा श्री प्रकाशमान गुभाजू र सदस्यहरूमा श्री विष्णुदेवी श्रेष्ठ (धरान), श्री चकोरमान शाक्य (पाल्पा, तानसेन) र श्री बिलबहादुर गुरुङ (पोखरा) रहनु भएको थियो ।

पछि त्यस समितिको काठमाडौंमा भएको बैठकले समितिलाई अरु व्यापकपार्ने अभिप्रायले समितिमा अनागारिका धम्मावती गुरुमा, प्रा. आशाराम शाक्य र श्री पुष्करमान बुद्धाचार्यलाई सम्मिलित गरेको थियो ।

२०४६ सालमा त्यस शान्ति स्तूप वरपर स्थानीय सक्रिय उपासक उपासिकाहरूको प्रयासबाट वृक्षारोपण कार्यक्रम भएको थियो ।

धर्मशीला गुरुमा शान्तिस्तूप कहिले पुनः निर्माण होला भनेर सधैं चिन्तित रहनु हुन्थ्यो, कहिले त्यहाँ शान्ति स्तूप निर्माण गर्न पाउँला, बुद्ध धर्मको अभिवृद्धि होला र पोखराको गरिमा र महत्व अरु बढ्ला भन्ने प्रतीक्षामा रहनुहुन्थ्यो ।

पोखराको विश्वशान्ति स्तूप समितिले स्तूप स्थापनामा अतुलनीय योगदान पुऱ्याएकोमा जापानका गुरु निशिदात्सु फुजी र मीनबहादुर गुरुङका साथ उहाँलाई आफ्ना संस्थापक घोषणा गरी सम्मान गरेको कुरा उल्लेखनीय थियो ।

**१४. ध्यान शिविरको आयोजना :**

बुद्धधर्ममा ध्यानको महत्वलाई मनन गरेर २०४१ सालमा धर्मशीला



https://dhamma.digital

गुरुमाले पोखरामा एउटा ध्यान शिविरको आयोजना गर्नुभयो । बर्माका भिक्षु श्री ओसीन थोन डोराद्वारा सञ्चालित त्यस ध्यान शिविरमा काठमाण्डौं र पोखराका गरेर २५ जना उपासक उपासिकाहरूले भाग लिएका थिए । त्यस ध्यान शिविरले पोखराको बौद्ध समाजलाई ध्यानको केही चिनारी गराइदिएको र केही व्यक्तिहरू त्यस बेलादेखि ध्यान बस्न प्रेरित भएको पनि उल्लेखनीय छ । पोखरामा आयोजित त्यो पहिलो ध्यान शिविर हो ।

**१५. उपत्यकाव्यापी बुद्ध पूजाको संयुक्त आयोजना :**

पोखरामा बौद्ध जात जातिको संख्या बढ्दै गए अनुसार विहार, गोम्बा र चैत्यहरूको संख्या पनि क्रमशः थपिंदै गएको छ । ती सबै गोम्बा, चैत्य र विहारहरूलाई एक सूत्रमा गाँसेर राख्नसके कार्यक्रम नजुध्ने, एक अर्काको बीच मेलमिलाप, सहयोग र समझदारी बढ्ने भएकाले संयुक्त रूपले पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको आयोजना गर्ने परिकल्पना उहाँले र जापानका भिक्षु मोरियोका सोनीले गर्नुभयो । त्यसलाई साकार रूप दिन धर्मशीला गुरुमाको सभापतित्वमा बुद्ध विहारमा बैठक भयो । त्यस बैठकमा धर्म संघ बुद्ध विहार, मोहरियाटोल, बौद्ध अर्घौं सदन रामघाट, कर्मसिद्ध परम्परा धर्मचक्र द्विपस्य विहार माटेपानी, स्याङ्ग गाधेन छोयखोर्लिङ गोम्बा पृथ्वीचोक, धार्केलिङ गोम्बा छोरेपाटन, ध्ये छ्ये लिङ गोम्बा दीप, झ्याङ्ग झ्युप छ्यो लिङ गोम्बा हेम्जा, थकाली समाज, मार्फाली परिवार, ताङवेतानी परिवार र बुद्ध विहार ज्ञानमाला संघका प्रतिनिधिहरू उपस्थित भएर नजिकै आएको २०४१ सालको आषाढ पूर्णिमाको उपलक्ष्यदेखि प्रत्येक वर्ष प्रत्येक विहार गोम्बाले पालैपाले गरेर उपत्यकाव्यापी बुद्ध पूजा आयोजना गर्ने निर्णय गरियो । त्यस निर्णय अनुसार पहिलो उपत्यकाव्यापी बुद्ध पूजाको भव्य आयोजना धर्मशीला बुद्ध विहारले गर्‍यो । पोखराका सबै बौद्ध जातजाति र अन्य श्रद्धालु मानिसहरू सम्मिलित भएको एउटा भव्य एवम् विशाल शान्ति पदयात्रा नदीपुर स्थित बुद्ध विहारबाट शुरु भई प्रत्येक गोम्बा विहारको पूजा दर्शन गरी बुद्ध विहारमा नै फर्केर बिसर्जन गरियो । त्यसबेला त्यस शान्ति पदयात्रा आकर्षक बनाउन एवम् सफल पार्नमा जापानका भन्ते श्री मोरियोका सोनीको अथक परिश्रम स्मरणयोग्य छ ।

बुद्धधर्ममा बैशाख पूर्णिमाको जस्तै आषाढ पूर्णिमाको पनि ठूलो महत्व छ । तर, नेपालमा आषाढ पूर्णिमाका दिन यसरी उत्सव गरेर मनाउने चलन छैन । पोखरामा आषाढ पूर्णिमाको महत्व दर्शाएर पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको आयोजना गर्ने गरिएको छ । त्यसले नयाँ अवधारणा ल्याएको टिप्पणी



https://dhamma.digital

धेरैले गरेका छन् । यस आयोजनाले एकातिर बुद्ध धर्मको प्रचार-प्रसारमा गति थपिएको छ भने अर्कोतिर यसले यहाँका जनजाति-आदिवासी बौद्धहरू तथा विहार र गुम्बाहरू बीचको सम्बन्ध र सम्पर्क अरु गाढा घनिष्ट बनाएको छ । जसले बौद्ध एकतालाई सुदृढ पार्ने काममा ठूलो सघाउ पुऱ्याएको छ ।

### १६. दायक सभाको गठन

बुद्ध विहारलाई सुचारु रूपले सञ्चालन गर्दै लैजानका लागि आफ्नै कोष हुनु नितान्त आवश्यक सम्झेर विहारमा एउटा अक्षयकोष खडा गरियो । काठमाडौं निवासी श्री हरिभक्त रञ्जितकार (जो सहायक अञ्चलाधीश भएर पोखरामा कार्यरत हुनुहुन्थ्यो) ले त्यो कोष स्थापना गर्न र कोषको लागि रकम स a¥Sलन गर्नमा ठूलो तत्परता देखाउनुभएको थियो । २०४० सालमा खडा भएको त्यस कोष सञ्चालनका लागि धर्मशीला गुरुमाको संरक्षकत्वमा २०४३ बैशाख ६ गते दायक सभा गठन गरियो । श्री खिलेन्द्रमान बुद्धाचार्यको सभापतित्वमा गठित त्यस दायक सभाको सचिव श्री पुष्करमान बुद्धाचार्य हुनुहुन्थ्यो । दायक सभाले धर्मशीला गुरुमालाई विहार सञ्चालन, सवर्द्धन गर्न तथा अतिथिहरूलाई आतिथ्य प्रदान गर्ने काममा सघाउ पुऱ्याउने काम गर्दै आएको छ । श्री खिलेन्द्रमान बुद्धाचार्यको देहावसान पश्चात् उहाँका ज्येष्ठ सुपुत्र श्री शेरमान बुद्धाचार्य त्यस सभाको सभापति हुनुभएको थियो र साथै बुद्ध विहारको कोष वृद्धि गर्नका लागि श्री चेतराज शाक्यको दायित्वमा बोधिसत्व नामक ढिकुटी पनि सञ्चालन गरिएको थियो ।

### १७. खिलेन्द्रमान बुद्धाचार्यद्वारा विहारको थप भवन निर्माण

हाल पुरानो विहारको पछाडि फेरि अर्को एउटा विहार निर्माण भएको छ । मोहरिया टोल निवासी श्री खिलेन्द्रमान बुद्धाचार्यले आफ्नो करीब १ लाख रूपैयाँ खर्च गरेर बनाउनुभएको त्यस विहारमा डाइनिङ्ग हल तथा किचन सहितको तीन कोठाहरू छन् । त्यसको निर्माणले गुरुमा र अतिथि गुरुमाहरूकोलागि भोजन गर्ने, सुत्ने, बस्ने सुविधा सहुलियत पुऱ्याएको छ ।

### १८. अन्य कार्यहरू

केही वर्ष यता विहारमा केही न केही बनाइ दिनका लागि धेरै दाताहरू अग्रसर हुनुहुन्छ । तैपनि, कम्पाउण्ड वाल एउटा नभएकोले विहारको बगैंचाको समेत सुरक्षा र शोभा नभएको जस्तो अनुभव भएको बेलामा श्री गर्भकुमार गुभाजू, श्री चेतराज शाक्य, श्री पुष्करमान बुद्धाचार्य, श्री हेरारत्न ताम्राकार र श्री अशोकमान बुद्धाचार्यको संयुक्त प्रयासले विहारको अगाडि र



https://dhamma.digital

पूर्वी भागमा कम्पाउण्ड वालको निर्माण गरिदिनुभयो भने दक्षिणतिरको वाल सानुरत्न स्थापितले बनाइदिनु भएको छ। कम्पाउण्ड वालमा आवश्यक पर्ने २ वटा फलामे गेटहरू श्री तिलकमान गुभाजू र श्री चेतमान बुद्धाचार्यले प्रदान गर्नुभएको हो ।

त्यस्तै काठमाडौं निवासी श्री पूर्णमान चित्रकारले पुरानो विहारको झ्यालमा ग्रिल राखिदिनु भएको छ भने जसपुरका बुद्धिश्री गुरुङले भऱ्याङको बन्दोवस्त गरिदिनु भएको छ। रामबजार निवासी श्रीमती बिनु गुरुङले पुरानो विहारमा रहेको सफेद बुद्ध मूर्तिको सुरक्षाको लागि फलामको फ्रेम भएको ऐनाको बार बनाईदिनु भएको छ भने तुलामान बुद्धाचार्यले पंखा राखिदिनु भएको छ । त्यस्तै उपासक श्री रत्नकुमार कायस्थले शुरुदेखि विहारको बिजुलीका सामान, जडान तथा महशुल खर्च आफ्नै तर्फबाट तिरेर उदारता देखाउनु भएको छ। यस किसिमले सम्झदै जाँदा र हेर्दै जाँदा विहारमा धेरै दाताहरूद्वारा प्रदान गरिएको चिज वस्तुहरू यत्रतत्र देखिन्छन्। फेरि कतिपयले त्यहाँ बौद्धिक सल्लाह सुझाव दिनुभएको छ। केही चिज वस्तुमा दाताको नाम समेत उल्लेख गरिएका छन्। दान एवम् चन्दाको रूपमा सङ्कलित ती सामानहरूले गर्दा विहारको भौतिक उन्नति एवम् बौद्ध गतिविधि बढाउनमा टेवा पुग्न गएको छ। ५० वर्षको दौरानमा कसले के कति योगदान दिएको छ भन्ने कुरा अवलोकन गर्दै गएमा एउटा लामो फेहरिस्त बनाउनुपर्ने हुन्छ।

## १९. विश्वशान्ति स्तूपको निर्माण

बौद्ध गतिविधिहरूको चर्चा गर्दा पोखरा फेवातालपारिको अनदु थुम्कीमा २०३० सालमा निर्माण भैरहेको विश्वशान्ति स्तूपको कुरा बिर्सन सकिंदैन। एकपटक जापानका श्रद्धेय गुरुज्यू श्री निचिदात्सु फुजीसँग काठमाण्डौं निवासी पूर्व सहायक मन्त्री श्री प्रेमबहादुर शाक्य मार्फत धर्मशीला गुरुमाको भेटघाट हुन्छ। संसारभरि विश्वशान्ति स्तूपको निर्माण गर्दै हिंड्नु भएका, आणविक हातहतियारको विरुद्धमा विश्वभर पदयात्रा गर्दै हिंड्नु भएका, शान्तिकामी बयोवृद्ध गुरुज्यूले पोखरामा पनि शान्ति स्तूपको निर्माण भए बुद्धधर्मको विकासमा महत्वपूर्ण योगदान हुने र त्यसमा आफूले पनि सक्दो आर्थिक प्राविधिक सहयोग दिने विचार प्रकट गर्नुभयो । गुरुज्यूको त्यस भनाइले धर्मशीला गुरुमाको मनमा गहिरो छाप पऱ्यो । फेरि पोखराको लागि त्यो एक ठूलो गौरवको कुरा हुने भएकाले धर्मशीला गुरुमां त्यसमा एकदमै तत्परतासाथ लाग्नुभयो र विभिन्न उपयुक्त ठाउँहरू देखाउनु भयो। त्यसरी देखाइएका ठाउँहरू मध्ये अनदु डाँडाको थुम्की सबभन्दा उपयुक्त मानियो।



https://dhamma.digital

त्यो थुम्कीको केही भाग श्री मीनबहादुर गुरुङको भएकोले उहाँसँग त्यस विषयमा विचार विमर्श गरियो । उहाँले पनि गुरुज्यूको कोमल स्वभाव, नम्र व्यवहार र बुद्धधर्मप्रति समर्पित सेवाबाट प्रभावित भई सहयोग पाए आफैले त्यो काम गर्ने अठोट गर्नुभयो । श्रद्धेय गुरुज्यूको हार्दिक सहयोग तथा श्री मीनबहादुर गुरुङको अथक परिश्रमले उहाँको आफ्नै जग्गा अनदु थुम्कीमा विश्वशान्ति स्तूपको निर्माण कार्य शुरु भयो । सबभन्दा पहिला त्यहाँ ठूलो एउटा प्रार्थना हल तयार गरियो । पाहुना घर र गुरुको लागि अर्को विहार गरेर तीनवटा भवनहरू तैयार गरिए ।

निर्माणको सिलसिलामा त्यहाँ श्रमदान गर्नेहरूको ओइरो लाग्यो । काठमाडौं, पाटनबाट समेत उपासक-उपासिकाहरू समूह-समूह गरेर ४/६ दिन श्रमदान गर्न आए । जापानी स्वयं सेवकहरू र भिक्षुहरूसँग मिलेर नेपालीहरूले यति जोश र जाँगरमा साथ रमाइ रमाइ काम गरेको क्षण सम्झदा आज पनि ती श्रमदान गर्नेहरू उत्साहित हुन्छन् । त्यहाँ काम ज्यादै छिटो, छरितो र सिलसिलाबद्ध भैरहेका थिए । त्यो देखेर कतिपय विदेशी पर्यटकहरूले टिप्पणी गरे कि यति राम्ररी परिश्रम गर्ने नेपालीहरूले पनि किन आफ्नो देश बनाउन सकेनन् । यति द्रुततर गतिले काम सम्पन्न भएका त्यस ठाउँमा स्थापना गर्नको लागि पाटनमा बनाइएको ढलोटको सिद्धार्थको जन्ममूर्ति ल्याइयो । सार्वजनिक रूपले त्यो जन्ममूर्तिलाई बजार परिक्रमा गरेर फेवाताल पारी लगी नवनिर्मित प्रार्थना हलमा २०३० मार्ग १३ गतेका दिन अनावरण गरि विधिवत् स्थापना गरियो । त्यसले बौद्ध जगतमा ठूलो उत्साह उमङ्गको लहर ल्यायो । बौद्धहरूका लागि एउटा तीर्थस्थल थपियो । नेपालमा पहिलो शान्ति स्तूप आफूमा पाएकोले पोखरा हर्षले गद्‌गद् भयो । यहाँको पर्यटन क्षेत्रले आफूमा एउटा नयाँ अध्याय, नयाँ आकर्षण थप भएको अनुभव गऱ्यो । फेवातालको सौन्दर्य र महत्व अरु बृद्धि भएको प्रतीत भयो । वरपरका बासिन्दाहरू आफ्नो व्यवसाय व्यापक हुने, राम्रो हुने मीठो कल्पना गर्न थाले । केही आफ्नो ठाउँ महत्वपूर्ण हुन गएको र आफ्नो ठाउँको गरिमा बढ्न गएकोमा खुशी भए । सरकारी अधिकृतहरूले पनि त्यहाँ पुगेर सन्तोष जाहेर गरेका थिए । यतिसम्म कि मन्त्री परिषद्‌का सदस्य वन सहायक मन्त्री बहादुरसिंह एतवालले समेत त्यस कामको प्रशंसा गरेर आगन्तुक पुस्तिकामा हस्ताक्षर गरेका थिए ।

त्यस किसिमले जतातत्तैबाट प्रशंसा भएको बेलामा ३५ फिट अग्लो भैरहेको शान्ति स्तूपमाथि बज्रपात भयो । शान्ति स्पूपका निर्माता श्री



https://dhamma.digital

मीनबहादुर गुरुङलाई प्रशासनले वि.सं. २०३१ साल श्रावण ४ गते सुरक्षा कानून अन्तर्गत जेलमा राख्यो । थुन्नुको कारण राजनीति हो भन्ने बाहिर हल्ला चलाइयो । फेरी केही पछि राजनीतिमा संलग्न नभएका उहाँका पुत्र कृष्णबहादुर गुरुङलाई पनि अप्रत्याशित रूपले २०३१ कार्तिक २६ गतेका दिनदेखि थुनियो । र ६ महिनाको लागि बेसीशहर लमजुङ जेलमा पठाइयो । शान्ति स्तूप भत्काउने बैठक भयो । भत्काउनका लागि कारणको खोजी भयो, स्थिति बिकट हुँदै गयो । त्यहाँ वन काटेको आरोप लगाइयो तर शान्ति स्तूप भत्काउन त्यो आरोप उचित मानिदैन, रुख त्यसरी काटिएकै थिएन । अनि नगर योजना कार्यान्वयन समितिको स्वीकृति नलिई बनाइएको आरोप जबर्जस्ती लगाइयो । त्यसबेला त्यो ठाउँ नगर योजना क्षेत्रभित्र पनि पर्दैनथ्यो । नगर योजनाभित्र नपरेको र नगर योजना लागु हुनुभन्दा पहिले नै निर्माण भई बुद्धपूर्ति समेत स्थापना भएको ठाउँमा नगर योजनाको स्वीकृति नलिएको भन्ने आरोप लगाइयो । जब कि गाउँ पञ्चायत क्षेत्रमा त्यसबेला घर आदि बनाउन कुनै स्वीकृत लिनुपर्ने प्रावधान नै थिएन । तैपनि प्रशासनले जबर्जस्ती आफ्नो मान्छे लगाएर निर्ममतापूर्वक त्यहाँका तीनैवटा भवनहरू, निर्माण भैरहेको शान्ति स्तूप भत्काइदियो । प्रशासनले त्यसरी शान्ति स्तूप विगार्नु बौद्धहरूको लागि ठूलो चुनौती हो भन्ने विचार सबैमा उत्पन्न भयो । बुद्धधर्मको विकासमा त्यो गम्भीर अवरोध हो । फेरि त्यो भवितव्य होइन । नबिगारी नहुने विषय होइन । त्यो बुद्ध धर्मप्रति भविष्यमा के कस्तो व्यवहार हुन्छ भन्ने कुराको पूर्व सङ्केत हो । त्यसलाई श्री मीनबहादुर गुरुङ्गको मात्र हो भनेर कानमा तेल हालेर बस्नु गलत हो । त्यो एक सतही विचार मात्र हो । शान्ति स्तूप सम्पूर्ण बौद्धहरूको साझा सम्पत्ति हो र त्यसमा उत्पन्न समस्या सम्पूर्ण बौद्धहरूको साझा समस्या हो ।

अर्कोतर्फ त्यसले बुद्धधर्मलाई मात्र हानी पुऱ्याएको छ भनेर सोच्नु पनि हुँदैन, त्यसले धार्मिक दृष्टिले पोखराको बढ्दो महत्वलाई घटाएको छ, पर्यटकिय दृष्टिले पोखराको एउटा आकर्षण हटाएको छ, एउटा सिङ्गो क्षेत्रको विकास अबरुद्ध भएको छ र कतिपय मानिसको रोजगारी गुमेको छ । राष्ट्रिय सम्पत्तिको दुरूपयोग भएको छ भने अन्तर्राष्ट्रिय क्षेत्रमा नराम्रो असर पर्न गएको छ ।

यस किसिमले हेर्दै गएमा त्यसरी भत्काउनुलाई कुनैपनि हालतमा न्यायसगत र बुद्धिमानी मान्न सकिदैन । प्रशासनको बनाउन नदिने विचार हो भने त्यहाँ प्रार्थना हल शुरु गर्दा किन रोक लगाइएन ? ३/३ वटा भवनहरू



https://dhamma.digital

निर्माण हुँदासम्म के हेरेर बस्यो ? एउटा साधारण घरको पनि छाना हालेपछि भत्काउन कठिन हुन्छ भन्ने बुद्ध मूर्ति विधिवत् स्थापना गरेपछि त्यसरी जबर्जस्ती हात हाल्नुको तात्पर्य के हुन सक्दछ ? यी यस्ता प्रश्नहरू हुन् जसको जवाफ सम्बन्धित पक्षले अझसम्म चित्त बुझ्दो किसिमले दिएको छैन ।

त्यसो भएकाले बौद्ध जगतले यो बुझ्नु पर्दछ कि यो एक ठूलो विडम्बना हो । बुद्धको देशमा, बुद्ध जन्मेको देशमा, बुद्धको नाममा बनाइएको शान्ति स्तूप विगार्दछ । एउटा दुर्भाग्यपूर्ण स्थितिको सिर्जना हुन्छ । नेपालको इतिहासमा कहिल्यै नघटेको अविवेकपूर्ण घटना घट्दछ । वातावरण भयपूर्ण हुन्छ । धर्मशीला गुरुमालाई पनि पक्रने हल्ला हुन्छ । विहारमा कडा निगरानी हुन्छ । धर्मशीला गुरुमाले अरु अप्रिय कार्यवाही नहोस् भनेर राजधानीमा धाउनुभयो । त्यस काममा उहाँलाई चीरपरिचित श्री गुणविक्रम अधिकारीले सहयोग गर्नुभएको थियो । धर्मशीला गुरुमाले त्यो कुरा भिक्षु महासघमा राख्नुभयो । भिक्षु सुदर्शनले निकै सहयोग गर्नुभयो । उता राष्ट्रिय पञ्चायतका माननीय सदस्य श्री पूर्णमान शाक्यले आफ्ना सहयोगीहरूसँग मिलेर त्यस विषयलाइ सावजनिक महत्वको विषय बनाएर राष्टिय पञ्चायतमा प्रश्न गर्नुभयो र आफैं घटनास्थलमा आएर स्थलगत निरीक्षण गरी श्री ५ को सरकारलाई तीन सूत्रीय सुझाव पेश गर्नुभयो । उहाँको सुझाव थियो - एक स्तूप तुरून्त बनाउन दिनुपर्ने, दोस्रो भत्काएको स्तूपको क्षतिपूर्ति दिनुपर्ने र तेस्रो स्तूप निर्माणगर्न समिति गठन गर्नुपर्ने ।

## २०. शान्ति स्तूप पुनः निर्माण गर्ने स्वीकृति

केही महिना पछि २०३१ साल कार्तिक महिनाको ५ गते श्री ५ को सरकारले दिएको १२/१५ फिटसम्म उचाइको शान्ति स्तूप निर्माण गर्ने स्वीकृति पत्र लिएर भिक्षु श्री सुदर्शन र श्री लोक दर्शन बज्राचार्य पोखरा आउनुभयो । तर त्यस बेलासम्म श्री मीनबहादुर गुरुङ जेलमै हुनु भएकाले उहाँको अनुपस्थितिमा, उहाँकै जमिनमा र उहाँको मञ्जुरी विना शान्ति स्पूप बनाउन उपयुक्त नहुने भएकाले तथा त्यति ठूलो योजनाको साटो सानो स्तूप निर्माण गर्ने काम त्यत्ति उत्साहप्रद नभएकाले त्यो स्वीकृति पत्रलाई स्वीकार गरिएन ।

पहिले त्यहाँ हेरेर गएका विदेशी पर्यटकहरू जसले त्यत्तिको राम्रो काम गर्ने नेपालीहरूले किन आफ्नो देश विकास गर्न सकेनन् भनेर आश्चर्य प्रकट



https://dhamma.digital

गरेका थिए भने अब ती पर्यटकहरूले फेरि यहाँ आएर भत्काएको शान्ति स्तूप हेरेमा देशमा किन विकास नहुने रहेछ भनेर प्रस्ट थाहा पाउनेछन्। नेपालमा विकासका काम कुराहरूमा के कसरी बाधा अड्चन हुने रहेछन्, काम गर्ने मानिसहरूको जोश र जाँगर के कसरी सेलाएर जाने रहेछन् र उत्साह उमङ्ग के कसरी विलाएर जाने रहेछन् भन्ने कुरा राम्ररी थाहा पाउनेछन्। श्रमदानको फल कसरी बालुवामा पानी हाले जस्तो हुने रहेछ भन्ने कुरा शान्ति स्तूप एक अद्वितीय नमुना हुन गएको छ। यो एक ज्यादै दुःखको. कुरा भएको छ र यस स्थितिको सकेसम्म छिटो अन्त गरेर त्यहाँ छिटो भन्दा छिटो पूर्ववत रूपमा शान्ति स्तूप निर्माण गरेर देखाउनु आवश्यक छ।

(स्मरणीय छ, लामो समयको संघर्षपछि २०४९ भाद्र महीनामा पुनःनिर्माण गर्ने स्वीकृति पाएपछि निर्माण कार्य शुरुभई २०५६ साल कार्तिक १३ गते पूरा भई शान्ति स्तूप उद्घाटन भएको थियो।)

## २१. सन्तु ताम्राकारद्वारा प्रवज्या ग्रहण

धर्मशीला गुरुमाले बुद्ध धर्ममा समर्पित हुन धेरैलाई प्रेरित गर्नुभएको थियो। उहाँको जीवनकालमा सद्धर्ममा समर्पित हुनेहरूको संख्या त निकै बढ्दै थियो तर भिक्षु भिक्षुणी हुनेहरू थिएनन्। उहाँको शेषपछि उहाँको अखण्ड सेवालाई निरन्तरता दिन २०४३ फागनु ५ गते सत्य पारमिता अनागारिकाको उपस्थितिमा धर्मशीला गुरुमाको एकाघरका बहिनी सन्तु ताम्राकार भिक्षु सुभद्रद्वारा त्यसै विहारमा अनगारिका बन्नुभयो र कर्मशीला नामले सुशोभित हुनुभयो। विहारमा को बस्ने, कसलाई राख्ने भन्ने समस्यालाई उहाँले सदाको लागि सुल्झाई दिनुभयो र धर्मशीला गुरुमाको आफूमा निहीत प्रभावलाई उहाँले उजागर गरेर देखाइ दिनुभयो। वहाँले फरि एक पटक आफ्नो कुलको गौरव कायम राख्नुभयो। स्थानीय अनागारिकाको अभ्युदयले स्थानीय उपासक-उपारिकाहरूमा उत्साह र भरोसा जगाएको थियो भने नेपालका अनागारिका भिक्षुहरूले पनि सन्तोषको श्वास फेरेका थिए।

## २२. दोस्रो महापरित्राण तथा बौद्ध सम्मेलन

धर्मशीला गुरुमाले आफ्नो जीवनको अन्तिम वर्षतिर पुनः एक पटक महापरित्राण गर्ने इच्छा राख्नु भएको थियो। तर त्यो उहाँको स्वास्थ्यको कारण सम्भव भएन। विहार परिवारले उहाँको त्यो अधुरो इच्छा पूरा गर्ने निधो गरेर उहाँको प्रथम वार्षिकीको पुण्य तिथिमा उहाँकै स्मृतिमा २०४४ साल कार्तिक २५ गतेदेखि २८ गतेसम्म भव्य रूपले दोस्रो महापरित्राण तथा



https://dhamma.digital

बौद्ध सम्मेलनको आयोजना सम्पन्न गऱ्यो । त्यस सम्मेलनमा प्रधानमन्त्री श्री मरीचमानसिंह श्रेष्ठज्यू स्वयं उपस्थित हुनु असमर्थ हुनुभएकाले सम्मेलनको सफलताको लागि उहाँले शुभकामना पठाउनु भएको थियो । त्यस्तै शुभ-कामना सन्देश अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष संघ महानायक प्रज्ञानन्द महास्थविरज्यूबाट पनि प्राप्त भएको थियो । परराष्ट्र मन्त्री श्री शैलेन्द्रकुमार उपाध्यायले उद्‌घाटन गर्नु भएको त्यस सम्मेलनमा भिक्षु सुदर्शन महास्थविरज्यूले "आधुनिक विश्वमा बुद्ध धर्मको उपादेयता", प्रा. आशाराम शाक्यले "नेपालमा बौद्ध धर्मबारे केही कुरा" र श्री जगमान गुरुङले "पोखरामा बौद्ध धर्म" विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो । ती कार्यपत्रहरूको टिप्पणीकारमा क्रमशः विद्वान अयोध्याप्रसाद प्रधान, उप-प्राध्यापक श्री छत्रराज शाक्य र पण्डित मुक्तिनाथ तिमिल्सिना हुनुहन्थ्यो भने ऱ्यापोर्टरको काम श्री दयाराम शाक्य (काठमाडौं), श्री बिन्दु श्रेष्ठ (धरान) र श्री कृष्णमान गुभाजू (पोखरा) ले गर्नु भएको थियो ।

पञ्चशील, बुद्ध पूजा र शान्ति पदयात्रा भव्य एवम् व्यवस्थित किसिमले समाप्त भए पश्चात शुरु गरिएको बौद्ध सम्मेलनमा काठमाडौं, पाटन, भक्तपुर, पाल्पा, बुटवल, धरान, धनगढी, त्रिशुली, बराहक्षेत्र, भोजपुर आदि विभिन्न ठाउँहरूका बौद्ध संघ-संस्थाहरूले भाग लिएका थिए । पूर्व र पश्चिमका बौद्धहरू एकत्रित भएको तथा श्री लोकदर्शन बज्राचार्यको सभापतित्वमा सम्पन्न भएको त्यस सम्मेलनले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस् भनी राखिवक्सेको प्रस्ताव भगवान् गौतम बुद्धको सिद्धान्त अनुकूल भएकाले त्यस प्रस्तावको हार्दिक समर्थन गरेर सबै मित्र राष्ट्रहरूबाट पनि समर्थनको लागि अनुरोध गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको थियो ।

सम्मेलनको अर्को एजेण्डा पोखराको फेवाताल पारी अनदुमा भत्काएर खण्डहरका रूपमा रहेको विश्व शान्ति स्पूप पुनः निर्माण गर्ने थियो । बिहान त्यस स्थल हेरेर फर्केका सहभागीहरू सबैले भाव विह्वल भएर त्यहाँ विश्व शान्ति स्तूप यथाशीघ्र निर्माण गर्नुपर्ने कुरामा जोड दिएर तुरुन्त भिक्षु सुदर्शन महास्थविरज्यूको अध्यक्षतामा विश्व शान्ति स्तूप पुनः निर्माण राष्ट्रिय समिति गठन गर्ने निर्णय गऱ्यो । साथै त्यस सम्मेलनको बौद्ध दर्शनको अध्ययन, अध्यापन तथा अनुसन्धान गर्नका लागि त्रिभुवन विश्वविद्यालयमा एउटा छुट्टै फ्याकल्टी खोलियोस् र पोखराका बौद्ध स्थलहरूलाई पर्यटन स्थल घोषित गरियोस् भनी श्री ५ को सरकारसँग अनुरोध गर्ने प्रस्ताव पनि पारित गऱ्यो ।



https://dhamma.digital

सम्मेलनको शुरुमा दाता साहु श्री सानुरत्न स्थापितले आफूले बनाइ दिनुभएको विहार दायक सभाका सभापति श्री खिलेन्द्रमान बुद्धाचार्यलाई प्रदान गर्नुभयो भने दाता साहु श्री खिलेन्द्रमान बुद्धाचार्यले बनाई दिनुभएको अर्को भवन उहाँले दायकसभाका सचिव श्री पुष्करमान बुद्धाचार्यलाई प्रदान गर्नुभएको थियो ।

## २३. रत्नकुमार कायस्थद्वारा प्रवज्या ग्रहण

धर्मशीला गुरुमाले रोप्नु भएको सद्धर्मको बीउ क्रमशः उम्रन थालेको, फल्न-फुल्न थालेको आभास भैरहेको थियो। कर्मशीला अनागारिकाको प्रव्रज्याले मात्र त्यस्तो आभास भएको थिएन, धर्मशीला गुरुमासँग बाल्यकालदेखि सँगै रहँदै आउनु भएका तथा विहारमा दायक परिवारसँग सम्बन्धित हुनुका साथै ज्ञानमाला संघका संस्थापक सचिव भई लामो समयसम्म काम गर्दै आउनु भएका श्री रत्नकुमार कायस्थले पनि लामो संघर्ष पश्चात मिति २०४५ श्रावण ९ गते काठमाडौंमा प्रव्रज्या ग्रहण गर्नुभयो । उहाँ महानायक आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूको उपाध्यायत्वमा आनन्दकुटी विहारमा प्रव्रजित भई श्रद्धानन्द नामले सुशोभित हुनु भयो । उहाँले सोही दिन उपसम्पदा पनि प्राप्त गर्नुभएको थियो । उहाँले लामो समय बुद्ध विहारमा काम कुराहरू गरेर धर्मका तालाकुची सबै थाहा पाउनु भएको छ । प्रव्रजित हुनको लागि धेरै दौडधुप गरेर धैर्य सम्हालेर आखिरमा उहाँले प्रव्रज्या लिएरै छोड्नु भयो । उहाँ शिक्षित हुनुहुन्छ । आजीवन शिक्षक पेशामा लागेर त्यसबाट निवृत्त भै धैर अनुभव हासिल गर्नु भएको उहाँबाट धर्मको अभिबृद्धिमा धेरै काम कुराहरू हुनेछन् भनेर अपेक्षा गरिएको थियो ।

## २४. अभय उपचार केन्द्रको स्थापना

धर्मशीला गुरुमाले जापानीहरूले प्रतिपादन गरको बिरामीलाई उपचार गर्ने एउटा विधि 'जोरे हो'पनि सिक्नु भएको थियो । यो 'जोरे हो' विधि बुद्ध धर्ममा आधारित भएको र त्यसबाट सरल र सस्तो किसिमले औषधोपचार हुने देखिएकोले उहाँले बुद्ध विहारमा त्यसको शाखा ' अभय उपचार केन्द्र' २०४० सालमा स्थापना गर्नु भएको थियो । त्यो उपचार केन्द्र निकै उपयोगी र लोकप्रिय हुँदै गएको थियो र धैर बिरामीहरूले उपचार पाइरहेका छन् । त्यस केन्द्र सञ्चालनार्थ एउटा सञ्चालक समिति गठन गरिएको थियो । जसको सभापति श्री हीराभक्त ताम्राकार र सचिवमा गोविन्द ताम्राकार हुनुहुन्छ ।



https://dhamma.digital

## २५. धर्मोदय सभा

बुद्ध धर्मको प्रचार-प्रसार गर्ने तथा विभिन्न सम्प्रदायहरूका बीच समन्वय कायम राख्ने अभिप्रायले पोखरामा धर्मोदय सभाको एउटा शाखा पनि गठन गरिएको छ । त्यो शाखा खेल्न गुरुमाको अथक परिश्रम रहेको छ । २०४४ कार्तिक २५ गते मुख अष्टमीको दिनमा गठित त्यस शाखामा श्री बिलबहादुर गुरुङ सभापति र श्री प्रकाशमान गुभाजू सचिव हुनुहुन्छ । यस शाखाले जेवी पात्रो, निःशुल्क स्वास्थ्य परीक्षण र औषधि वितरण, प्रवचन गोष्ठीको आयोजना गर्ने आदि काम गर्दै आएको छ ।

## २६. बौद्ध उपासिका संघ

धर्मशीला गुरुमाको अधुरो कामकुरा पूरा गर्ने अभिप्रायले उहाँको शेषपछि केही महिलाहरू अग्रसर हुनु भयो । विहारमा मिति २०४५ साल मंसिर ४ गते हरिबोधनी एकादशी गुरुमाको दोस्रो पुण्य तिथिको दिनमा बौद्ध उपासिका संघ स्थापित गरिएको छ । त्यस संघको सभापति श्रीमती उत्तर कुमारी पालिखे र सचिवमा पञ्चलक्ष्मी बुद्धाचार्य हुनुहन्छ । यस संघको गठन पश्चात महिलाहरूको सङ्गठित शक्ति पनि बुद्ध धर्मको प्रचार प्रसारमा लाग्ने र त्यसबाट विहारको काम कुराहरूमा ठूलो सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

## २७. क्यान्सर रोगबाट आक्रमण

यस किसिमले जहिले पनि विकास र निर्माणका काम कुराहरूमा तल्लीन रहनुहुने, बुद्धधर्मको उन्नति र प्रगतिको लागि केही न केही काम गरिरहनु हुने अनागारिका धर्मशीला गुरुमा केही महिना फोक्सोको क्यान्सर रोगबाट नराम्ररी पीडित हुनुभयो । शुरुमा केही भएको छैन अलिकति मात्र दुखेको हो भन्दै काम देखेपछि रोगलाई पछाडि राखेर उहाँ काममा तल्लीन हुनुहुन्थ्यो । यतिसम्म कि रोग लागेको, बिरामी भएको भन्ने कुरानै बिर्सेर काम सम्पन्न नभएसम्म त्यसैमा व्यस्त रहनु हुन्थ्यो, अति व्यस्त । यति सम्म कि २०४३ सालको आषाढ पूर्णिमाको उपलक्ष्यमा कर्मसिद्ध परम्परा धर्मचक्र विहार माटेपानीको आयोजनामा भएको पोखरा उपत्यकाव्यापी बुद्ध पूजामा उहाँ सम्मिलित हुनुको साथै १३ किलोमिटर लामो पदयात्रामा सहभागी भएर प्रत्येक गुम्बा, विहार, चैत्यमा भएका पूजाहरूमा भाग लिनुभयो । फेरि फर्केर त्यति उचाइमा रहेको कर्मसिद्ध परम्परा धर्मचक्र बिहारमा भएको विसर्जन समारोहमा सबै सहभागीहरूलाई उहाँले धन्यवाद ज्ञापनगर्न पुग्नुभयो । वास्तवमा अन्य उपासक-उपासिकाहरूका साथ सकिनसकी त्यसरी जानु



https://dhamma.digital

भएको र आफैं उपस्थित भएर समारोहको शोभा एवम् गरिमा बढाइदिनु भएकोमा सबैले उहाँलाई धन्यवाद एवम् कृतज्ञता ज्ञापन गर्नुपर्दथ्यो ।

## २८. भिक्षु मोरियोका सोनीको आगमन

समय बिते अनुसार रोगले अरु ग्रस्त पार्दै गयो र राम्ररी हिंड्डुल गर्न समेत नसक्ने अवस्थामा पुग्नुभयो । अनि उपचार गर्न काठमाडौं जानुभयो । काठमाडौंको नर्सिङ्ग होममा परीक्षण गराएर विहारको चिन्ता पीरले तुरुन्तै पोखरा फर्कनुभयो । परीक्षणको नतिजामा क्यान्सर फैलिसकेको कुरा रिपोर्टबाट थाहा भयो । डाक्टरहरूले २/४ महिनाको म्याद तोके । त्यसभन्दा बढी आश नभएको कुरा प्रकट गरे । औषधि उपचार बन्दप्रायः भयो । सबै किर्तव्यविमूढ भए । नतमस्तक भए । निराश भए । तर धर्मशीला गुरुमा पटक्कै निराश हुनु भएन, अझै आशा गर्नुहुन्थ्यो र जापानमा गएर औषधोपचार भए निको हुन सक्ने विश्वास व्यक्त गर्नुभयो । उहाँमा जापान जाने तीब्र इच्छा भयो । अझै बाँचिन्छ भन्ने कुरामा उहाँ विश्वस्त हुनुहुन्थ्यो । इच्छाशक्ति ज्यादै तगडा थियो । उपासक-उपासिकाहरू, श्रद्धालुहरू, उहाँका नयाँ पुराना साथीहरू बाहिर जे जस्तो कुरा सुनेर आएका भएपनि उहाँ र उहाँको मनोबल देखेर आश्चर्य चकित हुन्थे । आफूले सुनेको कुरा भ्रम हो कि भन्ने ठान्दथे । यस्तैमा उहाँका जापानी मित्रहरूको तर्फबाट विभिन्न फूलका गुच्छाहरू लिएर भिक्षु श्री मोरियोका सोनी पोखरा आइपुग्नु भयो । विरामी हेर्न आउनेहरूको घुइँचो लाग्दै थियो । ३/४ दिनको छलफल र विचार विमर्श पश्चात् उपचारको लागि उहाँलाई जापान लैजाने निर्णय भयो । जापान जाने र आउने खर्च स्थानीय स्रोतबाट व्यहोर्ने र त्यहाँ हुने औषधि खर्च आदि सबै भिक्षु मोरियाका सोनीले व्यवस्था मिलाउने गरी समझदारी भयो ।

## २९. औषधोपचारको लागि जापान प्रस्थान

तर आर्थिक सङ्कलन कसरी गर्ने, जापान जान आउनलाई चाहिने रकम कसरी पूरा गर्ने एउटा समस्या नै थियो । यस्तैमा एउटा मोटो रकम खर्च गर्न र बिरामीको साथ आफैं जापान जान उहाँकी बहिनीको छोरा भुवनरत्न स्थापित तैयार हुनुभयो । भोलिपल्ट बिहान आर्थिक सङ्कलन कार्य शुरुभयो । पोखराका उहाँका नयाँ पुराना साथीहरू, सहयोगीहरू, उपासक-उपासिकाहरू, अन्य शुभ-चिन्तकहरू सबैले उदारतापूर्वक कसैले कागजमा लेखेर र कसैले उहाँको हातमा यथोचित रकम प्रदान गरिदिनुभयो । यसरी करीब ३५ हजार रूपैयाँ सङ्कलन भयो । जापान जाने बेलामा पोखरा हवाइ



https://dhamma.digital

ग्राउण्ड र काठमाण्डौं गौचर एयरपोर्टमा उपासक-उपासिकाहरू भाव विह्वल मुद्रामा, मुटुमा भक्कानो पारेर आँखाबाट अविरल धारा आँसु बहाउँदै केही आशा लिएर, केही निराश भएर, सु-स्वास्थ्यको कामना गरी चिरायुको लागि प्रार्थना गरे, फेरि भेट्ने तीब्र अभिलाषा लिएर आफ्नो प्यारो गुरुमालाई बिदाइ गरे ।

धर्मशीला गुरुमाको उपचार २०४३ साल आश्विन १३ गतेदेखि कार्तिक १८ गतेसम्म जापानको राजधानी टोकियो स्थित दि शुको-काइ इलेक्ट्रोकेमिकल एण्ड क्यान्सर इन्स्टिच्यूटमा गरियो । टोकियो जस्तो आधुनिकतम् सर-सामान र सुविधायुक्त ठाउँमा औषधोपचारको लागि पुऱ्याउन सकेकोमा उपासक-उपासिकाहरू सबैले सन्तोष मानेका थिए र गुरुमाको आरामको खबर सुन्न आतुर थिए । उहाँलाई जापान पुऱ्याए पश्चात पोखराका विभिन्न विहार र गुम्बाहरूमा गुरुमाको सु-स्वास्थ्यको लागि पूजा अर्चना गरिएको थिए । लामा गुरुहरूद्वारा कर्मसिद्ध परम्परा धर्मचक्र द्वीपस्य विहार (गुम्बा) माटेपानीमा उहाँ नफर्कुन्जेल प्रतिदिन सूत्र पाठ गरिए । त्यस्तै सूत्रपाठहरू काठमाडौंका विहारहरूमा पनि गरिएका थिए ।

जापान पुऱ्याए पश्चात ४/६ दिन धर्मशीला गुरुमालाई केही आराम भएको खबर प्राप्त भयो । त्यो खबर सुनेर सम्बन्धितहरू सबै हर्षित भए, आनन्दित भए । अस्पतालका डाक्टरहरूले पनि दिलोज्यानले प्रयास गरे । गुरुमाको उपचारमा जापान र पश्चिमी देशहरूमा उपलब्ध सम्पूर्ण आधुनिकतम् औषधि र उपचार विधिहरू प्रयोग गरिए । तर केही दिनपछि उहाँको अवस्था अरु बिग्रदै गयो । शरीर दिन परदिन कमजोर हुँदै गयो । शिथिल हुँदै गयो । डाक्टरहरूले क्यान्सर उहाँका हड्डीहरूमा समेत फैलिएको र अब आखिरी चरणमा पुगेको कुरा सुनाइदिए । तैपनि उहाँहरू आफ्नो प्रयासमा तल्लीन भैरहेका नै थिए । बिरामीको अवस्था अनुसार नयाँ-नयाँ औषधिहरू तत्कालै मगाएर प्रयोग गरिए । ती डाक्टरहरू शारीरिक र मानसिक रूपले यत्ति तल्लीन थिए कि मानौं उनीहरूले संसारका सबभन्दा ठूलो पुरस्कार पाउन प्रयास गरिरहेका छन् ।

### ३०. जापानबाट प्रत्यागमन

तर कुनैपनि आधुनिकतम् औषधि र आधुनिकतम् उपचार विधिले उहाँलाई निको पार्न सकेनन् । डाक्टरहरूले अव उपचार सम्भव नहुने कुरा घोषणा गरे । सबै निराश र हतास भए । के गर्ने ? कसो गर्ने ? सोच्न



https://dhamma.digital

सम्झन पनि मुस्किल भयो। कसले के गर्ने, के भन्ने ? सबै अन्यौलमा परे। उता जापानमा भुवन स्थापित एक्लैले के निर्णय गर्ने ? उहाँलाई धर्मसंकटको सामना गर्नुपऱ्यो। जापानका शुभचिन्तकहरूले के निर्णय लिने ? के सल्लाह दिने ? धर्मशीला गुरुमाको शरीर त्यसबेला झन यति जीर्ण, जर्जर र क्षीण भैसकेको थियो कि हिफाजत गरी नेपाल फर्काउनु पनि समस्या भयो। ढिलो गर्नुपनि नहुने, यताउता गर्नु पनि नहुने,समस्या माथि समस्या थपियो। आपत् माथि विपत् आईपऱ्यो। पोखराका उपासक-उपासिकाहरू आपसमा विचार विमर्श गरे। काठमाण्डौंका महत्वपूर्ण भिक्षुहरूसँग सरसल्लाह गरे। गम्भीर विचार विमर्श पश्चात् धर्मशीला गुरुमालाई पोखरा नै ल्याउने निर्णय भयो। त्यस्तो अवस्थाका बिरामी ल्याउनु पनि समस्या। तैपनि जापानी शुभचिन्तकहरूको सहयोगले जापानबाट हङ्गकङ्ग हुँदै काठमाण्डौं ल्याइयो र साथमा भुवन स्थापितका अतिरिक्त जापानी भिक्षु मोरियोका सोनी र अस्पतालका सिस्टर कास्तुका मिवा पनि आउनुभयो। गौचर हवाई ग्राउडमा काठमाण्डौंका भिक्षु, भिक्षुणीहरू, उहाँका पुराना सहयोगीहरू र उपासक-उपासिकाहरूको भीड लाग्यो। गौंचरबाट उहाँलाई हिमालय भ्यू होटलमा राखियो। होटलमा पनि दिनभर प्रायः उहाँलाई हेर्न आउनेहरूको घुइँचो लागेको थियो। सबैले गुरुमाको मैत्री भाव, समझदारीता र उदारताको मुक्त कण्ठले प्रशंसा गर्ने गर्दथे।

काठमाण्डौंबाट कार्तिक २१ गते धर्मशीला गुरुमालाई एउटा मिनिबसमा सिट मिलाएर पोखरा ल्याइयो। उहाँका साथ अखिल नेपाल भिक्षु महासंघको तर्फबाट भिक्षु सुदर्शन महास्थविर र अनागारिका उत्पलवर्णा (चिनी गुरुमा) आउनुभयो। साथै काठमाण्डौंमा धर्मशीला गुरुमाका निकटतम् मित्रहरू, थाइलैण्डका भिक्षु सोमछाइ प्रेमक्षुक पनि संयोगवश भेट भयो र उहाँ अन्य आफ्नो सम्पूर्ण कार्यक्रमहरू रद्द गरेर साथैमा पोखरा आउनुभयो। त्यस बसमा जापानबाट उहाँका साथ आउनुभएका भिक्षु मोरियोका सोनी, सिस्टर कास्तुका मिवा, भुवनरत्न स्थापित, रत्नकुमार कायस्थका साथै काठमाण्डौं निवासी माणिकरत्न स्थापित र उहाँकी श्रीमती कमला स्थापितका अतिरिक्त अन्य धेरै आफन्तहरू र उपासक-उपासिकाहरू पनि आउनुभयो। भिक्षु श्री सोमछाइ प्रेमक्षुक आफ्नो व्यस्त कार्यक्रमले गर्दा भोलिपल्टै काठमाडौं फर्कनुभयो।

पोखरामा वातावरण एकदम स्तब्ध भयो। सबै निराश प्रायः देखिए, सबैको अनुहार मलिन भए। विहारमा पूजापाठ गराए, बिहानदेखि



https://dhamma.digital

मानिसको आवत जावत बढदै गयो । गुरुमालाई राख्ने ठाउँको बन्दोवस्त, अन्य पाहुनाहरूलाई राख्ने प्रबन्ध, हेर्न आउनेहरूलाई कहाँ कसरी राख्ने, डाक्टर-नर्सको व्यवस्था कसरी गर्ने सबै कुराहरूको दायित्व ज्ञानमाला संघ र दायकसभाले निभाएर आफ्नो जिम्मेवारी पूरा गरे । शिक्षिका लीला प्रधानको सहयोगले चिकित्साशास्त्र अध्ययन संस्थान पोखरा क्याम्पसका डा. सुनिल प्रधानको सेवा उपलब्ध भयो । स्थानीय सिस्टर मैया रञ्जितले पनि आफ्नो अमूल्य समय दिनुभयो । उहाँहरूले अर्पण गर्नुभएको निःशुल्क सेवाले संघलाई ठूलो सघाउ पुग्न गयो । त्यस्तै नर्स बहिनीहरू सरस्वती र कल्याणीले पनि गुरुमाको लागि रात्रि ड्यूटीमा बसेर सेवा गरिदिनु भएको थियो । जापानबाट आउनु भएका सिस्टर कास्तुका मिवाले पोखराका हाम्रा डाक्टर नर्सहरूलाई गर्नुपर्ने उपचार विधि र तत्सम्बन्धी आफूले ल्याएका मेशिन, औजार र औषधिहरू हस्तान्तरण गर्नुभयो ।

## ३१. उपहार प्रदान

धर्मशीला गुरुमाको इच्छा अनुसार कार्तिक २३ गतेका दिन उहाँकै समीपमा उहाँले देख्न सुन्न सक्ने गरेर जापानी शुभचिन्तकहरूलाई उपहार दिने र बिदाइ कार्यक्रमको आयोजना गरियो । त्यसमा विहार परिवारको तर्फबाट जापानमा गुरुमाको सेवा सुश्रुषामा तल्लीन हुनुभएका डाक्टर, नर्सहरू, शुभ-चिन्तकहरू तथा विशेष गरेर भिक्षु मोरियाका सोनीलाई हार्दिक धन्यवाद ज्ञापन गरियो । वास्तवमा भिक्षु मोरियोकाले त्यस्तो खतरनाक स्थितिमा गुरुमालाई जापान लगेर त्यहाँ उपचारमा भएको सबै खर्च आफ्नै तर्फबाट वहन गरेर ज्यादै ठूलो सहयोग र सद्भावना देखाई हामी माथि ठूलो गुण लगाउनु भएको छ । भिक्षु सुदर्शनले विश्वशान्ति र सद्भावनाका लागि निचिदात्सु फुजीको शान्ति पदयात्रा गर्ने परम्परामा चल्ने मोरियोका सोनीको त्यो ठूलो उदारता हो भन्ने अभिव्यक्ति प्रकट गर्नुभयो । समारोहमा गुरुमाको साथ संघको तर्फबाट जापान जानुभएका स्थापितले पोखराको तर्फबाट रु.८१,५९०।- खर्च भएको विवरण पढेर सुनाउनु भयो । मोरियोका सोनीले आफ्नो तर्फबाट भएको खर्च बताउनु भएन तर पोखरा आउनु भएका सिस्टरलाई प्रतिदिन रु. ५,०००।- दिनुपर्ने कुरा सुन्दा उहाँको खर्च लाख-लाखमा पुगेको कुरा सहजै अनुमान हुन्थ्यो ।

तत्पश्चात भिक्षु मोरियोका सोनीलाई धर्मशीला गुरुमाको तर्फबाट सुनको औंठी र ज्ञानमाला संघको तर्फबाट ढलोटको ठूलो पानस उपहार प्रदान गरियो । जापानमा रहँदा र जापानबाट फर्केर पोखरा आउँदा साथमा



https://dhamma.digital

रही अत्यन्त कुशलतापूर्वक सेवा गर्नुभएका सिस्टर कास्तुका मिवालाई पस्मिनाको पछ्यौरा र ढलोटको करुवा प्रदान गरियो । साथै उहाँ मार्फत शकोवाइ इलेक्ट्रोकेमिकल एण्ड क्यान्सर इस्टिच्यूट, बोर्डका डा. किचिरो हुसामी, सिस्टरहरूमा योको मुरोया, किकोका इटो, युको वातानावे, आस्तुको ओकुनो, नाओको इवायामा प्रत्येकलाई संघको तर्फबाट ढलोटको करुवाहरू उपहार पठाइए । त्यस्तै गरेर भिक्षु मोरियोका सोनी मार्फत् धर्मशीला गुरुमाको पहिल्यैदेखि घनिष्ट मित्र रहनुभएका टोकियो स्थित मितातो बकाहिडिओ फुजी र उहाँकी धर्मपत्नी, शिङ्गजुकुका एम. नारीमत्सु र उहाँकी धर्मपत्नी, कुदान-किता विहारका गुरुमा तथा अनन्य मित्र अनागारिका कुमागाइ अञ्जुसाँ प्रत्येकलाई गुरुमाको तर्फबाट  एक-एक वटा सुनको बेरुवा औंठी प्रदान गरियो । त्यस्तै एउटा औठी गुरुमाको चिनो स्वरूप भुवन स्थापितका नाबालक छोरा सज्जल स्थापितलाई दिइयो । उक्त कार्यक्रम एकदमै सवेदनशील र भावपूर्ण थियो । तत्पश्चात् भिक्षु मोरियोका सोनी र सिस्टर कास्तुका मिवा जापान फर्कनु भयो । उहाँहरूलाई सबै उपासक-उपासिकाहरूले फूलको गुच्छा दिएर भावबिभोर भई  बिदाइ गरे ।

आफ्नो व्यस्त कामले गर्दा भिक्षु सुदर्शन पनि त्यसै दिन काठमाडौं फर्कनु भयो । चिनी गुरुमांमाथि ठूलो जिम्मेवारी आईपऱ्यो । उहाँले सबै उपासक-उपासिकाहरूसँग मैत्रीपूर्ण व्यवहार गरेर धर्मशीला गुरुमाको जेजसरी हेरचाह गर्नु भयो, सेवा सुसार गर्नुभयो, त्यसबाट धर्मशीला गुरुमालाई हेर्न आउने उपासक-उपासिकाहरू उहाँप्रति ज्यादै प्रभावित भएका थिए । विहारमा गुरुमालाई हेर्नआउने उपासक-उपासिकाहरू, उहाँका मित्रहरू, शुभ-चिन्तकहरूको संख्या क्रमशः बढदै  गयो । टाढा-टाढा गाउँहरूबाट पनि उहाँलाई एक पटक बोलाउँ, एक पटक हेरुँ भन्ने आशाले मानिसहरू आउँथे । बुटवलबाट देवाचारी गुरुमा र त्रिशुलीका धर्मरत्न शाक्य पनि आउनु भयो । आगन्तुकहरू समूह-समूह बसेर पहिलेको तगडा शरीर, उहाँले पहिले गरेका कामहरू, काम गर्न तत्पर हुने, उहाँको शील , स्वभाव, उदार हृदयको चर्चा गर्दथे । मुक्त कण्ठले प्रशंसा गर्दथे ।

## ३२. अन्तिम दिन

विगत दिनहरूमा झैं चिनी गुरुमा बिहान सबेरै धर्मशीला गुरुमाको नजिकै बसेर परित्राण सूत्र पाठ गरिरहनु भएको थियो । यस पक्तिका लेखक पुगेपछि त्यहाँ उपस्थित नर्स, रत्नकुमार (भिक्षु श्रद्धानन्द) सन्तु ताम्राकार (जो अहिले अनागारिका कर्मशीला हुनु भएको छ, सबै बसेर बिरामीको

अवस्थाबारे सामान्य कुराकानी भयो । गएको रात धर्मशीला गुरुमालई केही अप्ठेरो परेको र निदाउन कठिन परेको कुरा थाहा भयो । केही समयपछि नर्स बहिनी आफ्नो ड्यूटी सिध्याएर फर्किन् । त्यसपछि त्यहाँ श्रीमती लक्ष्मी पालिखे आउनु भयो । रत्नकुमार र सन्तु ताम्राकार विहारमै आ-आफ्नो काममा लाग्नु भयो । धर्मशीला गुरुमालाई राखेको ठाउँ चीवरले बारेको थियो । वातावरण न्यानो पारिराख्न पानी उमाली राखिएको थियो । यसैबीच गुरुमालाई राखिएको सलाईन अकस्मात बन्द भएको प्रतीत भयो । गुरुमाको प्रकृति नराम्ररी बिग्रियो । त्यति हुनासाथ यताउता गरी सबै आए, जम्मा भए । तर, धर्मशीला गुरुमा बिहान करीब ८ बजेर ३५ मिनेटमा जानुभयो, सदा सर्वदाको लागि, आफ्नो जीवनको पूर्णविराम गरेर, बुद्ध विहारलाई निस्तब्ध र शून्य पारेर, सबै उपासक-उपासिकाहरूलाई यस भवसागरमा छाडेर, जीवन पर्यन्त गरेको सम्पूर्ण कीर्तिहरूलाई अमर पारेर जानुभयो एक्लै, केवल आफू एक्लै जानुभयो । २०४३ साल कार्तिक २६ गते हरिबोधनी एकादशी आफ्नै जन्मबार बुधबारका दिन बौद्ध जगतबाट एक यस्तो तेजिलो दियो निस्तब्ध भयो जसले बुद्ध विहारको हाताभित्र मात्र होइन, बौद्ध जगतमा मात्र होइन, यहाँको शैक्षिक, सामाजिक, विकास,निर्माण, राजनीति लगायत जीवनका हरेक क्षेत्रमा ज्योति प्रज्वलित पारिराख्नु भएको थियो । सबैको हृदय जितेर बस्नुभएका, सबैको स्नेह पाएर रहनु भएका धर्मशीला गुरुमाको असामयिक निधनले यस क्षेत्रका सबै सबैलाई शोकाकुल पारेको थियो । सबैको हृदयलाई व्याकुल पारेको थियो । उपासक-उपासिकाहरू असहाय भए, आफन्तहरू निसहाय भए, सबैको अनुहार म्लान र मलिन भए । यस्तैमा चिनी गुरुमाले धर्मशीला गुरुमाको शान्तिका लागि, निर्वाणका लागि बुद्ध पूजामा सम्मिलित हुन सबैलाई आग्रह गर्नुभयो । भाव विह्वल मुद्रामा बुद्ध पूजा सम्पन्न भयो ।

### ३३. शवयात्रा

बाहिर धर्मशीला गुरुमाको असामयिक निधनको समाचार चारैतिर द्रुततर गतिले फैलियो । विहारमा उहाँलाई हेर्न आउनेहरूको घुइँचो लाग्यो । हुलका-हुल मानिसहरू आए । सबैको सुविधाको लागि गुरुमाको शवलाई न्यू होटल कृष्टलले बनाइदिनु भएको विहारको ठूलो हलमा राखिए । बाहिर शोक पुस्तिका राखियो र सबैको सर-सल्लाहले २७ गते दिउँसो शव यात्रा गरी तुल्सीघाटमा बुद्धधर्म अनुसार दाह संस्कार गर्ने निर्णय गरियो ।

उता बजारमा उपासक-उपासिकाहरूले गुरुमाको निधनमा आ-आफ्नो पसल बन्द गरी शोक प्रकट गरे । स्थानीय श्री ५ रत्न राज्यलक्ष्मी कन्या



https://dhamma.digital

स्कूल, ज्ञानभूमि विद्यालय लगायत सामाजिक सघं-संस्थाको कार्यालय आदि पनि बन्द गरिए। बजारमा शोकको लहर व्याप्त भयो।

काठमाण्डौंबाट अखिल नेपाल भिक्षु महासंघको तर्फबाट भिक्षु सुदर्शन त्यसै रात पुनः आइपुग्नु भयो। उहाँको साथ भिक्षु शिवाली पनि आउनु भएको थियो। भिक्षु सुदर्शनले राती सारगर्भित धर्मदेशना गर्नुभयो। धर्मशीला गुरुमाको दर्शनका लागि आउनुभएमा त्रिशुलीका धर्मरत्न शाक्यले मरणानुस्मृति भावनाको कविता वाचन गर्नु भयो।

कार्तिक २७ गते बिहान सबेरैदेखि धर्मशीला गुरुमाको अन्तिम दर्शनका लागि उपासक-उपासिकाहरू, पोखरा स्थित विभिन्न गुम्वाहरूका लामा गुरुहरू र झोमाहरू, अन्य धर्मका साधु-सन्यासीहरू, श्रद्धालु भक्तजनहरू, गुरुमाका नयाँ पुराना साथीहरू, शुभ-चिन्तकहरू आई गुरुमाको शवलाई परिक्रमा गरी फूलका गुच्छा चढाएर आ-आफ्नो श्रद्धासुमन अर्पण गरे, टाढा-टाढाका बृद्ध-बृद्धाहरू पनि सकी नसकी आई अन्तिम दर्शन गरे। प्रतिबन्धित नेपाली कांग्रेसका नेताहरू बासु रिसाल र उहाँका कार्यकर्ताहरूको जमातले पनि आगन्तुक पुस्तिकामा हस्ताक्षर गरी आफ्नो पार्टीको तर्फबाट श्रद्धाञ्जली चढाए र काठमाण्डौंबाट अनागारिकाहरूका गुणवती, संघमित्रा र धम्मवती गुरुमाहरू आइपुग्नु भयो। उता लामा गुरुहरूले आफ्नै किसिमले सूत्रपाठ गर्नुभयो। विहारको वातावरण शोकपूर्ण भयो , सबैको अनुहार निन्याउरो देखिए- केही हराए झैं, केही गुमाए झैं, कोही उहाँको गुणको बखान गर्दथे, कोही गुरुमाबाट आफ्नो जीवनमा पाएको सहायताको लागि, सहयोगको लागि कृतज्ञता जाहेर गर्दथे। उपासक-उपासिकाहरू शवयात्राको काममा व्यस्त थिए।

एउटा गाडी पहेंलो कपडाले सिंगारियो। त्यसमा वरिपरि बौद्ध झण्डा र फूलहरू राखेर सजाइयो। उता, माइकबाट शोक गीत गुञ्जियो, लामाहरूको एकोहोरो बाजा बज्यो। भिक्षु गुरुमाहरू सूत्रपाठ गरिरहनु भएको थियो। उपासिकाहरू बुद्ध पूजा गरिरहेका थिए। चारैतिरबाट फूलहरू गुरुमाको शवमाथि बर्सिरहेका थिए। त्यसैबीच शवयात्राको लागि गुरुमाको शव निकालेर सिंगारिएको उक्त गाडीमा राखियो। शव निकाल्नासाथ वातावरण अत्यन्त हृदयविदारक भयो। सबै दुःखित भए, सबैका आँखाबाट आँसु झऱ्यो। सबै रोए। वातावरण अत्यन्त शोकाकुल देखियो।

दिउँसो १२ बजे बुद्ध विहारबाट शवयात्रा शुरु भयो। शवयात्रामा सबभन्दा पहिले अनागारिका धर्मशीला गुरुमाको शवयात्रा लेखिएको ब्यानर



https://dhamma.digital

र त्यसपछि गुरुमाको फोटो राखिएको थियो भने यात्रामा क्रमशः भिक्षुहरू, गुरुमाहरू, लामाहरू, झोमाहरू, विद्यालयका विद्यार्थीहरू र शिक्षकहरू, शोक गीत गाउने टोलीहरू र गुरुमाको शव राखिएको गाडी थियो, पंक्ति त्यत्तिमै सकिंदैन । त्यसपछि फेरि गुरुमाका नातेदार, मित्रहरू, सामाजिक, राजनैतिक कार्यकर्ताहरू, प्राध्यापकहरू, शिक्षकहरू, उद्यमी एवं व्यापारीहरू तथा ज्ञानामाला संघ र दायकसभाका टोलीहरू थिए । शवयात्रा बुद्ध विहारबाट पोखराको मुख्य बजार महेन्द्रपुल, तेर्सापट्टि , नालाको मुख, भीमसेनटोल, भैरवटोल, मोहरियाटोल, सिहनाथटोल र बागवजार हुँदै पृथ्वीनारायण क्याम्पसको बाटो भई तुल्सीघाट पुग्यो । बजारको वरपर दायाँ बायाँ उभिएर लामबद्ध भएर धेरै-धेरै मानिसहरूले धर्मशीला गुरुमाको अन्तिम दर्शन गरे । दर्शकहरू श्रद्धाञ्जली अर्पण गर्दै शवयात्रामा सम्मिलित भए । कतिपय अपरिचित बटुवाहरू पनि त्यस किसिमको ऐतिहासिक शवयात्रा देख्न पाएकोमा गर्वको अनुभव गर्दथे र शवयात्रामा सम्मिलित हुन्थे । त्यसरी मानिसहरू अथाह किसिमले थपिंदै गए । शवयात्रको अन्त सम्म पनि मानिसहरू थपिंदै थियो । यो क्रम घाटमा पुगेपछि र दाह संस्कार भए पश्चात् पनि जारी रहेको थियो । थाइलैण्डका भिक्षु सोमछाइ, प्रेमक्षुक आफ्ना सहयोगी भिक्षु र केही गृहस्थीहरूका साथ दाहसंस्कार सकिने बेलामा पुन आउनु भयो । घाटमा त्यसरी आइपुग्ने सोमछाइ भिक्षु अन्तिम व्यक्ति हुनुहुन्थ्यो । उहाँले संयमी मुद्रामा पानीको धारा बहाएर श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

## ३४. गुरुमाको नाममा भएका कार्यहरू

शवयात्रा घाटमा पुगेपछि त्रिरत्न वन्दना, पञ्चशील र बुद्धपूजा भयो । भिक्षु सुदर्शनले मृत्युको सम्बन्धमा सारगर्भित देशना गर्नुभयो । उहाँले धर्मशीला गुरुमाको दाह संस्कार हुने त्यस घाटको नाम धर्मघाट भनेर नामाकरण गरिदिनु भयो । बौद्ध परम्परा अनुसार त्यहाँ गनुपर्ने विधि व्यवहार गरेर धर्मशीला गुरुमाको पार्थिव शरीरलाई चितामा राखियो । चितामा उहाँको बहिनीको छोरा भुवन स्थापितले दाग बत्ती दिए पश्चात् वरपर बसेका सबै उपासक-उपासिकाहरूले चिता जलाए । चिता जलाउनुका साथै पुनः एक पटक शोकको लहर उर्लियो, सबैको आँखामा आँसु टल्पलायो । सबै विनीत भावले, सम्यक भावले धर्मशीला गुरुमाको शान्तिको लागि, निर्वाणको लागि कामना गरी प्रार्थना गरे । यसरी पोखराबाट, नेपालबाट, बौद्ध जगतबाट एक यस्तो विन्दुको अन्तभयो, अवसान भयो जसले आफ्नो जीवनमा, जीवनमा हरेक पाइलामा, हरेक क्षेत्रमा धार्मिक, शैक्षिक, सामाजिक, राजनैतिक आदि



https://dhamma.digital

सबै क्षेत्रहरूमा अनेक रेखाहरू कोर्नु भएको थियो, अनेक कामहरू गर्नु भएको थियो, महत्वपूर्ण योगदान दिनु भएको थियो । फलतः उहाले जताततैबाट सहयोग र सद्भावना आर्जन गर्नुभयो । अमर कीर्ति राख्नु भयो र उहाँ सदा सादाका लागि सदासर्वदाका लागि अमर हुनुभयो, अमरत्व प्राप्त गर्नुभयो ।

तत्पश्चात् बुद्ध विहार परिवारले उहाँको कीर्तिहरू अक्षुण्ण राख्न तथा उहाँलाई अमर बनाई राख्न विभिन्न निर्णयहरू लिएका थिए । मिति २०४३ चैत्र १३ गते बुद्धबिहार परिवारको बैठकले उहाँले स्थापना गर्नुभएको विहारको नाम परिवर्तन गरी धर्मशीला बुद्ध विहार राख्ने निर्णय गरेको सर्वविदित कुरा हो । उहाँका नातेदारहरू, अन्य उपासक-उपासिकाहरूले उहाँको मुखाकृति सधैं सबैको स्मरणमा आइरहोस् भनेर विहारको प्राङ्गणमा उहाँको शालिक स्थापना गरेर अमर बनाउने अर्को प्रयास गरे । शालिक अनावरण गरिएकै दिन यस पक्तिकारद्वारा लिखित "अनागारिका धर्मशीला र उहाँका कार्यहरू" किताब पनि प्रकाशित गरिएको थियो । साथै अनागारिका कर्मशीलाले उहाँको सम्मान र स्मृतिमा उहाँकै नामबाट २०५८ साल कार्तिक ११ गते हरिबोधनी एकादशीकै दिन उहाँको १५औं पुण्य तिथिका दिन धर्मशीला विद्वतवृत्तिको व्यवस्था गरिदिनु भयो । त्यस विद्वतवृत्तिलाई व्यवस्थित गर्न २०५९ कार्तिक १ गते भिक्षु श्रद्धानन्दको संयोजकत्वमा धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति गठन गरिएको छ । यसरी आज धर्मशीला बुद्ध विहारमा धर्मशीला गुरुमा हुनुहुन्न तापनि यताउता जताततै उहाँकै प्रतिछायाँहरू देखिन्छन्, उहाँकै शाश्वत पदचिन्हहरू भेटिएको अनुभूति हुन्छ। उहाँका अमर कीर्तिहरूले केही भनिरहेका आभास हुन्छ। गुरुमाको भौतिक शरीर अब हाम्रो बीच नभए पनि उहाँका ती अमर कीर्तिहरूले यत्रतत्र देखिने उहाँका प्रतिछाँयाहरूले तथा उहाँका ती शाश्वत पदचिन्हहरूले सदा सर्वदा बौद्ध धर्मको अधिबृद्धि गर्न तथा गराउन सामाजिक रचनात्मक कार्यहरू सम्पादन गर्न गराउन प्रेरित र प्रोत्साहित गरिराखेका छन् ।

समाप्त



https://dhamma.digital

# पालिभाषावतरण

(प्राप्ताङ्क ३५)

लेखक:

**पोलवत्ते बुद्धदत्त महानायक स्थविर**

नेपालभाषा अनुवादक:

**भिक्षु शीलभद्र महास्थविर**

Dhamma.Digital

https://dhamma.digital

# पालिभाषावतरण

## दोश्रो भाग

### संज्ञा

१. पहिलो किताबमा उल्लेख भए अनुसार वर्णमालाको ४१ अक्षरहरू मध्ये -

A. अ आ इ ई उ ऊ ए ओ

आठ अक्षरलाई स्वर भनिन्छ। बाँकी तेत्तीसवटा अक्षरलाई व्यञ्जन भनिन्छ।

B. स्वरमा अ-इ-उ तीन अक्षरलाई रस्स (ह्रस्व) भनिन्छ। आ-ई-ऊ-ए-ओ पाँच अक्षरलाई दीघ (दीर्घ) भनिन्छ।

C. "क ख ग घ ङ" यी पाँच अक्षर मध्ये "क" अगाडि भएको हुँदा यो वर्गलाई "कवग्ग" (कवर्ग) भनिन्छ।

त्यस्तै-

च छ ज झ ञ पाँच अक्षरलाई च-वग्ग भनिन्छ।

ट ठ ड ढ ण पाँच अक्षरलाई ट-वग्ग भनिन्छ।

त थ द ध न पाँच अक्षरलाई त-वग्ग भनिन्छ।

प फ ब भ म पाँच अक्षरलाई प-वग्ग भनिन्छ।

क-अक्षर देखि म- अन्त भएको यी पचीसवटा अक्षरलाई "वग्ग" अर्थात् वर्गाक्षर भनिन्छ।

D. ङ-ञ-ण-न-म भन्ने पाँच अक्षर वर्गको अन्तमा भएकोले वग्गन्त (वर्गान्त) भनिन्छ।

E. य-र-ल-व-स-ह-ल-अं यी वर्गमा नपरेको हुनाले अवग्ग (अवर्ग) भनिन्छ।

F. यहाँ अं लाई ( ं ) बिन्दु अथवा निग्गहीत भनिन्छ। यहाँ पढ्न सजिलोको लागि अ-अक्षर प्रयोग गरिएको हो। बिन्दु भनेको " ं " मात्र हो। यो पालिमा दीर्घ स्वरको पछाडि प्रयोग हुँदैन।



https://dhamma.digital

G. बीचमा स्वर नभएको आधा अक्षर जोडिएको (जोडिएको अक्षर) 'क्क' 'त्थ' आदि व्यञ्जनद्वय (दुई व्यञ्जन) लाई 'संयोग' भनिन्छ।

H. एउटा अक्षर हटाएर पठाउनेलाई लोप भनिन्छ। (पढ्न सजिलो पार्ने, सन्धि आदि प्रयोजनलाई विचार गरेर लोप गर्ने गरिन्छ।)

I. भएको एउटा अक्षर हटाएर अर्को एउटा अक्षर राख्नेलाई आदेस भनिन्छ।

J. भएको दुईवटा अक्षरको बीचमा (त्यो अक्षर नहटाई) अर्को एउटा अक्षर (बढी) राख्नेलाई आगम भनिन्छ।

K. जोडा भएको वा उस्तै उस्तै भएको स्वरलाई सवण्ण (सवर्ण) अथवा सरूप (स्वरूप) भनिन्छ।

अ-को अ-आ दुईवटा र आ-को आ-अ दुईवटालाई सरूप अथवा सवण्ण भनिन्छ। त्यस्तै इ-कारको इ-ई दुईवटा र उकारको उ-ऊ दुईवटालाई पनि सरूप-सवण्ण भनिन्छ। ए-ओ दुईवटाको समान रूप भएको अर्को स्वर नभएकोले त्यसलाई असवण्ण (असवर्ण) भनिन्छ।

## सन्धि

२. संगै भएका दुइवटा अक्षरलाई जोडी मिलाउनेलाई सन्धि भनिन्छ।

त्यो मिलाउने अक्षर लोप गरेर, आदेस गरेर, आगमन गरेर, दीर्घ गरेर अथवा अर्को केही विधिले गर्ने हो। मिलाउनुपर्ने नै अलग भईराखेको ठाउँमा; त्यसैले प्राय:जसो छुटेका दुईवटा पदको अक्षर एक गरी सन्धि गर्ने हो। स्वर दुईवटा एकै ठाउँमा हुँदा पढ्न गाह्रो भएकोले एउटा पदमा भएपनि (एउटै ठाउँमा भएको) स्वरहरूको बीचमा सन्धि कार्य गरी त्यसलाई सुखोच्चारण (सजिलै पढन सक्ने) गरिदिन्छ।

## पालि भाषामा सन्धि

१) सरसन्धि
२) व्यञ्जनसन्धि
३) निग्गहीतसन्धि भनी सन्धि तीनप्रकारका छन्।



https://dhamma.digital

# १. सरसन्धि (स्वरसन्धि)

३. संगै भएको (दुईवटा शब्द अथवा पदमा भएको) स्वर दुईवटा भध्ये एउटा लोप गरेर वा आदेस आदि अर्को क्रमबाट मिलाउनेलाई सरसन्धि भनिन्छ ।

"पुत्तो मे अत्थि" भन्ने ठाउँमा "मे + अत्थि" भन्ने वचन दुईवटाको बीचमा सन्धि गर्नु छ भनी विचार गरौं । यो स्वर दुईवटा मिलाएर गर्नुपर्ने सन्धि हो । त्यसमा "अत्थि" भन्ने ठाउँमा अकार अलग भइरहेको छ । तर "मे" भन्नेमा स्वर व्यञ्जनसँग एक भएको छ । यस परिस्थितिमा सन्धि गर्न गाह्रो भएर पहिला उक्त स्वरलाई व्यञ्जनबाट अलग गर्नुपर्छ । त्यसरी अलग गर्ने बेला :-

"म्-ए + अत्थि" यस्तो हुन्छ । यहाँ ए-भन्ने सन्धि गर्नुपर्ने अक्षर दुईवटा मध्ये अगाडि भएको अक्षर भएर त्यसलाई पुब्बस्सर (पूर्वस्वर) र "अत्थि" भन्ने पदमा भएको अ-पछाडि परेको अक्षर भएर त्यसलाई परस्सर (परस्वर) भनिन्छ ।

४. **पछाडि स्वर भईरहेको बेला पूर्व (अगाडि भएको) स्वर लोप हुन्छ (सरासरे लोपं)** भन्ने व्याकरण नियमअनुसार "म्-ए + अत्थि" भन्ने ठाउँमा (पछाडि 'अ' स्वर भएकोले) अगाडि भएको 'ए' लोप गर्नुपर्छ । त्यसपछि म्-लाई पछाडि भएको अ-संग मिलाउने बेला मत्थि भनेर सिद्ध हुने, अनि पुत्तामत्थि भन्ने हुन्छ ।

**टिप्पणी –**

यो व्याकरण नियम अनुसार अ-अगाडि भई अ-आ-इ-ई-उ-ऊ-ए-ओ भन्ने आठवटा अक्षरमा एउटा पछाडि हुने अवस्थामा अगाडि भएको अ-हटाउन मिल्छ । आ-इ-ई-उ-उ-ए-ओ-अक्षर सातवटामा एउटा अगाडि रहेर स्वर आठवटामा एउटा पछाडि हुने अवस्थामा पनि अगाडि भएको स्वर हटाउन मिल्छ । केही उदाहरण यसरी प्रस्तुत गरिएको छ :-

| पहिला भएको स्वरुप | स्वर अलग गर्दाको स्वरुप |
|---|---|
| १. अभिवन्दिय + अग्गं | = अभिवन्दिय् - अ + अग्गं |
| २. पञ्ञत्तानेव + आसनानि | = पञ्ञत्तानेव् - अ + आसनानि |



https://dhamma.digital

३. पञ्ञा + इन्द्रियं = पञ्ञ् - आ + इन्द्रियं
४. तीणि + इमानि = तीण् - इ + इमानि
५. नोहि + एतं = नोह् - इ + एतं
६. भिक्खुनी + ओवादो = भिक्खुन् - ई + ओवादो
७. मातु + उपट्ठानं = मात् - उ + उपट्ठानं
८. समेतु + आयस्मा संघेन = समेत् - उ + आयस्मा संघेन
९. धनम्मे + अत्थि = धनम्म् - ए + अत्थि
१०. सब्बे + एव = सब्ब् - ए + एव
११. अमनुस्स + उपद्दवो = अमनुस्स् - अ + उपद्दवो
१२. असन्तो + एत्थ = असन्त् - ओ + एत्थ
१३. तयो + अस्सु धम्मा = तय् - ओ + अस्सु धम्मा
१४. सब्बम्पि + इदं = सब्बम्प् - इ + इदं

## पूर्वस्वर हटाएर मिलाउने बेला

१. अभिवन्दिय'ग्गं ( = अग्रलाई वन्दना गरी )
२. पञ्ञत्तानेवा'सनानि ( = ठीक पारिराखेको आसनहरू नै )
३. पञ्ञि'न्द्रियं ( = प्रज्ञारूपी इन्द्रिय )
४. तीणि'मानि ( = यी तीनवटा )
५. नोहे'तं ( = यो होइन, त्यो त्यस्तो होइन )
६. भिक्खुनो'वादो ( = भिक्षुणीहरूलाई अववाद)
७. मातु'पट्ठानं ( = आमालाई उपस्थान )
८. समेतायस्मा संघेन ( = आयुष्मान, संघसँग मिल्नुपर्छ )
९. धनम्म'त्थि ( = मसँग धन छ )
१०. सब्बे'व ( = सबै नै )
११. अमनुस्सु'पद्दवो ( = अमनुष्य उपद्रव )
१२. असन्ते'त्थ ( = यहाँ असत्पुरुषहरू )
१३. तय'स्सु धम्मा ( = धर्म तीनवटा छन् )
१४. सब्बम्पि'दं ( = यी सबै नै )



https://dhamma.digital

५. **असमान स्वरको पछाडि भएको स्वर कहिलेकहीँ लोप गर्नुपर्छ।** (**वा परो असरूपा**)

अ- आ दुईवटाको अगाडि इ-ई आदि अरु स्वरहरू सबै असमान हुन्। इ-ई दुईवटाको अगाडि अ-आ-उ-ऊ आदि अरु स्वरहरू असमान हुन्। यही क्रममा बाँकी रहेको स्वरको पनि असमानतालाई जान्नुपर्छ।

| **पहिलो भएको स्वरुप** | **पछाडिको स्वर हटाएर सन्धि गरिसकेपछिको स्वरुप** |
|---|---|
| यस्स + इदानि | = यस्सदानि (= जसलाई अहिले) |
| सञ्ञा + इति | = सञ्ञाति ( = संज्ञा भनेर) |
| छाया + इव | = छायाव ( = छाया जस्तो) |
| इति + अपि | = इतिपि ( = यस्तो पनि) |
| चक्खु + इन्द्रियं | = चक्खुन्द्रियं ( = आँखा रूपी इन्द्रिय) |
| अकतञ्ञु +असि | = अकतञ्ञुसि ( = अकृतज्ञ भयो ) |
| ते + अपि | = ते'पि ( = उनीहरू पनि) |
| वन्दे + अहं | = वन्दे'हं ( = मैले वन्दना गरी रहेँ) |
| सो + अहं | = सो'हं ( = त्यो म) |
| अनाथपिण्डिको + अपि | = अनाथपिण्डिको'पि (= अनाथपिण्डिक पनि) |
| मोग्गल्लानो + आसि | = मोग्गलानो'सि (= मौद्गल्यायन स्थविर भए) |
| कथा + एव का | = कथा'वका ( = के नै कुरा हो र भनेर) |
| पातो + एव | = पातो'व ( = बिहान देखि नै) |
| आबाधिको + अहं | = आबाधिको'हं ( = म रोगी हुँ ) |
| देवतानु + असि | = देवतानु'सि ? ( = देवता हो र ? ) |

**टिप्पणी** –

**यस्स'दानि** भन्ने ठाउँमा अगाडिको स्वर लोप गरेर **यस्सिदानि** भनेर पनि सन्धि गर्न हुन्छ। तर **'ते अपि'** भन्ने ठाउँमा अगाडिको स्वर लोप गरेर **'तपि'** भनी सन्धि गर्‍यो भने फलानो दुईवटा पद सन्धि गरेको भनी बुझ्न गाह्रो हुन्छ। त्यसैले त्यस्तो ठाउँमा अगाडिको स्वर लोप गरी सन्धि नगरिकन पछाडिको स्वर लोप गरेर सन्धि गर्नुपर्छ।

६. **असमान भएको अगाडिको स्वर लोप गर्ने समयमा पछाडि भएको इ-ई दुईवटा ए-कारको रूपमा र उ-ऊ दुईवटा ओ-कारको रूपमा रहन्छ।**



https://dhamma.digital

**(क्वचासवण्णं लुत्ते)**

"बन्धुस्स + इव" भन्ने ठाउँमा (पदमा) 'स' कारमा अकार लोप गर्दा पछाडिको स्वर 'इ' लाई 'ए' गर्नुपर्छ। अनि "बन्धुस्स् + एव" भनेर रहन्छ, त्यसो गर्नेबेलामा 'बन्धुस्सेव' रूप हुने भयो।

"जिन + ईरितं" भन्ने ठाउँमा (पदमा) 'न' मा भएको 'अ' भन्ने (स्वर) लोप गरी पछाडि भएको (परस्वर) 'ई' कारलाई ए–कार गर्ने बेलामा 'जिनेरितं' रूप हुन्छ।

"यथा + उदके" भन्ने ठाउँमा (पदमा) 'था' मा भएको आ -भन्ने (स्वर) लोप गरेर पछाडिको (परस्वर) उ- भन्ने (स्वर) लाई ओ- गर्दा 'यथोदके' रूप हुन्छ।

त्यस्तै नै -

| | |
|---|---|
| उप + इक्खति | = उपेक्खति ( = मध्यस्थ हुन्छ ) |
| उप + इतो | = उपेतो ( = युक्त भएको ) |
| न + उपेति | = नोपेति ( = ठीक छैन ) |
| चन्द + उदयो | = चन्दोदयो ( = चन्द्रमा उदाएको ) भन्ने सन्धि पनि हुन्छ। |

## अभ्यास - १

**नेपाली भाषामा अनुवाद गर्नुहोस्।**

१. तेसं द्विन्नं निवेसनेसु बहुन्नं भिक्खूनं पञ्ञत्ताने'वा'सनानि होन्ति।

२. "पुत्ता म'त्थि धनम्म'त्थि इति बालो विहञ्ञति।" (धम्मपद)

३. पुरा वेसालिवासीनं महन्तो रोगुपद्दवो अहोसि।

४. सब्बे'व मयं धम्मं सुत्वा तं साधुकं मनसि करिस्साम।

५. सब्बम्पि'दं अम्हाकं देहनिस्सितं विनस्सति।

६. "नो हे'तं भन्ते'ति भिक्खू भगवतो वदिंसु"।

७. दासेना'हटानि दारूनि गहेत्वा दासी यागुं पचि।

८. यदा'हं नगरमगमासिं तदे'को पुरिसो मम छत्तं गण्हि।



https://dhamma.digital

९. दारका पुप्फानो'चिनितुं वनं गन्त्वा सेतानि'पि नीलानी'पि पुप्फाना' हरिंसु ।

१०. "तेन हा'वुसो गण्हथ मे पत्तचीवर"न्ति; थेरो आह ।

११. थेरो नासाय तेलं आसिञ्चन्तो निसिन्नको'व आसिञ्चित्वा अन्तोगामं पाविसि" (ध.अ.) ।

१२. अनाथपिण्डिको'पि विसाखा'पि महाउपासिका निबद्धं दिवसस्स द्वे वारे तथागतस्सु'पट्ठानं गच्छन्ति ।

१३. उग्गण्हितुकामा दारका पातो'व वुट्ठाय किञ्चि भुञ्जित्वा सत्थसालं गच्छन्ति ।

१४. कुम्भघोसको कालस्से'व वुट्ठाय राजगहनगरे कम्मकारे पबोधेसि ।

१५. महामहिन्दथेरो अञ्ञेहि चतूहि पब्बजितेहि सद्धिं लङ्कादीपमागन्त्वा जिनेरितं धम्मं लङ्किकानं देसेसि ।

**प्रथम भाग किताबमा उल्लेख नभएको यो अभ्यास सम्बन्धी वचनहरू –**

अन्तोगाम = गाउँ भित्र न.
अहोसि = भयो
आवुसो = आवुसो नि. (आलपन)
आसिञ्चन्त = खन्याउने, राखिदिने,
आसिञ्चित्वा = खन्याएर, छरेर, राखेर
आह = भन्यो
इति = यस्तो नि.
उग्गण्हितुकाम = पढ्ने इच्छा भएको ३
द्वे वारे = दुई पटक
निबद्धं = सधैँ क्रि.वि.
निवेसन = घर न.
पञ्ञत्त = ठीक गरिराखेको, बिछ्याई राखेको
पबोधेति = बिउँझाउँछ, उठाउँछ
भन्ते = भन्ते (आलपन)
लङ्किक = लङ्का निवासी पु.
विहञ्ञति = दुःख हुन्छ
उपट्ठान = उपस्थान गर्ने न.
कालस्सेव = सवेरै, समयमै नि.
किञ्चि = कोही पनि, केही पनि नि.
कुम्भघोसक = एक व्यक्तिको नाम
तथागत = सर्वज्ञ, बुद्ध पु.
तेल = तेल न.
थेर = स्थविर पु.
देहनिस्सित = शरीरसंग सम्बन्ध भएको
वुट्ठाय = उठेर पु.क्रि.
वेसालिवासी = वैशाली नगरवासी पु.
सत्थसाला = स्कूल इ.
पत्तचीवर = पात्र र चीवर न.
पब्बजित = प्रब्रजित पु. प्रब्रजित भएको ३
बाल = अज्ञानी, ज्ञान नभएको, मूर्ख पु.
रोगुपद्दव = रोगउपद्रव पु.
विनस्सति = विनाश हुन्छ



https://dhamma.digital

**सन्धि सहित गरी पालिभाषामा अनुवाद गर्नुहोस् –**

१. म गाउँमा गएको बेला मेरो एकजना साथीले मलाई एउटा किताब दियो ।

२. सबै प्राणीहरू नै आ-आफ्ना शरीरहरू छाडेर परलोकमा गइरहे ।

३. कुमारीहरूले नीला र राता फूलहरू टिपेर ल्याएर आमाहरूलाई पनि बुबाहरूलाई पनि दिए ।

४. बुबाले ल्याउनु भएको दशवटा फल मैले छोराहरूलाई पनि छोरीहरूलाई पनि बाँडिदिएको थिएँ ।

५. तथागत बस्नको लागि जेतवन विहारमा धेरै आसनहरू बिछ्याइराखेको नै थियो ।

६. पहिला लङ्काकाहरूलाई ठूलो अमनुष्य उपद्रव र रोग उपद्रव भयो ।

७. "आवुसो, त्यो (त्यस्तो) होइन" भनेर सारिपुत्र महास्थविरले भिक्षुहरूलाई भन्नु भयो ।

८. "हामी भोलि श्रावस्ती जान्छौं" भनेर स्थविरले गाउँलेहरूलाई भन्नु भयो ।

९. भिक्षुले बिहान सवेरै उठेर चैत्यको प्राङ्गणमा भुईं बढार्ने आदि गर्नुहुन्थ्यो ।

१०. सर्वज्ञजिनले भन्नु भएको धर्म वट्टगामणि अभय राजाको पालामा पुस्तकमा लेखिएको थियो ।

११. म रोगीले बीस दिनसम्म बैद्यले दिएको औषधी सेवन गरी निरोगी भएँ ।

१२. शास्ताले विहारमा आउने सबैलाई नै धर्मदेशना गर्नुभयो ।

१३. अनाथपिण्डिक सेठले पनि विशाखा उपासिकाले पनि श्रावस्ती नगरमा दुईवटा विहार बनाई तथागतलाई दान दिए ।

१४. वहाँ पनि उक्त दुईवटा कुलको आधार लिएर छब्बीस वर्षसम्म श्रावस्तीमा बस्नुभयो ।

१५. मृगार सेठले पनि आफ्नो बुहारी विशाखालाई आमाको ठाउँमा राख्नुभयो । त्यही भएर वहाँ "मृगारमाता" भन्ने नामले प्रख्यात भए ।



https://dhamma.digital

## नयाँ शब्दहरू

गाउँलेहरू = गामवासी पु.

गएको बेला = गते

आधार लिएर, अडेस लिएर = निस्साय पू.क्रि.नि.

थ्वयाः = ओचिनित्वा

परलोक = परलोक पु.

पुस्तक = पोत्थक

प्रख्यात भयो = पञ्ञायि

औषधी = भेसज्ज नं.

चैत्यको प्राङ्गणमा सफा गर्ने आदि = मालक-सम्मज्जनादि पु.न.

आमाको ठाउँमा = मातुट्ठानं न.

लेखिराखेको = लिखित ३

बुहारी = सुणिसा इ.

बस्न = निसीदितुं नि.

शरीर = देह पु. न.

सत्व = सत्त, पाणी पु.

छाडेर = चजित्वा, पहाय पू.क्रि.

७. **अगाडिको स्वर (पूर्वस्वर) लोप गर्ने अवस्थामा कहीँ कहीँ पछाडिको स्वरलाई (परस्वर) दीर्घ गर्ने हुन्छ। (दीघं)**

("अ-इ-उ" को क्रमबद्ध रूपमा "आ-ई-ऊ" दीर्घ हुन जान्छ भनेर बुझ्नु पर्दछ।)

"बुद्ध+अनुस्सति" भन्ने ठाउँमा अगाडिको स्वर अ-कार लोप गर्दा "बुद्ध्+अनुस्सति" भनी रहन्छ। पछाडिको स्वरमा अ-कारलाई दीर्घ गर्दा "बुद्ध्+आनुस्सति" भनी रहन्छ। जोड्दा **बुद्धानुस्सति** रूप हुन्छ।

| **पहिला भएको स्वरुप** | **अगाडिको स्वर लोप गरेर पछाडिको स्वरलाई दीर्घ गरी जोड्दाको स्वरुप** |
|---|---|
| १. तत्र + अयं | = तत्र् + आयं = तत्रायं |
| २. तदा + अहं | = तद् + आहं = तदाहं |
| ३. यानि + इध | = यान् + ईध = यानीध |
| ४. गच्छामि + इति | = गच्छाम् + ईति = गच्छामीति |
| ५. किकी + इव | = किक् + ईव = किकीव |
| ६. बहु + उपकार | = बह् + ऊपकार = बहूपकार |
| ७. मधु + उदकं | = मध् + ऊदकं = मधूदकं |
| ८. सु + उपधारितुं | = स् + ऊपधारितुं = सूपधारितुं |
| ९. योपि + अयं | = योप् + आयं = योपायं |
| १०. इदानि + अहं | = इदान् + आहं = इदानाहं |
| ११. सचे + अयं | = सच् + आयं = सचायं |



https://dhamma.digital

१२. तथा + उपमं = तथ् + ऊपमं = तथूपमं

१३. अप्पस्सुतो + अयं = अप्पस्सुत् + आयं = अप्पस्सुतायं

८. **पछाडिको स्वर लोप गर्ने अवस्थामा कहीँ कहीँ अगाडिको स्वर दीर्घको रूपमा रहन्छ। (पुब्बो च)**

"पुञ्ञक्खेत्तं लोकस्साति" भन्ने ठाउँमा "लोकस्स + इति" भनी सन्धि छुट्याउने गर्नुपर्छ। त्यसमा पछाडिको स्वर इ-कार लोप गर्दा अगाडिको स्वर अ-कार दीर्घ हुन्छ अथवा आ-कार हुन्छ। अनि **लोकस्साति** भनी रहन्छ। अरु उदाहरणहरू -

देव + इति = देवाति (देवता भनेर)

विज्जु + इव = विज्जूव (बिजुली जस्तै)

वि + अतिनामेन्ति = वीतिनामेन्ति (समय बिताउँछ)

साधु + इति = साधूति (हुन्छ, राम्रो भनेर)

किंसु + इध वित्तं = किंसूध वित्तं (यहाँ कस्तो सम्पत्ति)

९. **पछाडि स्वर हुने अवस्थामा कहीँ कहीँ अगाडि भएको ओ-उ दुईवटा व्-कार हुन्छ। (वमोदुदन्तानं)**

अनु + अद्धमासं = अन्वद्धमासं (१५ दिनको एकपटक)

सु + आगतं = स्वागतं (स्वागत, राम्ररी आएको)

सु + अक्खातो = स्वाक्खातो (राम्ररी भनिराखेको )

सो + अहं = स्वाहं (त्यो म)

यो + अयं = य्वायं (जुन यो)

यी तीन ठाउँमा पछाडिको स्वर दीर्घ पनि हुन्छ।

अनु + एति = अन्वेति (पछि पछि आउँछ)

नतु + एव = नत्वेव (छँदै छैन)

अथ खो + अस्स = अथ ख्वस्स (अनि वहाँलाई)

यावतको + अस्स कायो = यावतक्वस्स कायो (उसको शरीर कति ठूलो छ)



https://dhamma.digital

१०. **पच्छाडि स्वर भएको अवस्थामा कहीँ य-व-म-द-न-त-र-ल भन्ने अक्षरको आगम हुन्छ। (यवमदनतरला चागमा)**

(आगम भनेको के भनेर दोश्रो पेजको J अक्षर भएको ठाउँमा व्याख्या गरिएको छ।)

न + इदं = नयिदं (यो होइन)

न + इध = नयिध (यहाँ होइन)

ति + अङ्गुलं = तिवङ्गुलं (तीन औंला)

अत्त + अत्थो = अत्तदत्थो (आत्मार्थ, आफ्नो लागि)

इतो + आयति = इतोनायति (आज पछि)

तस्मा + इह = तस्मातिह (त्यसैले यहाँ)

नि + अन्तर = निरन्तर (लगातार)

नि + उत्तरो = निरुत्तरो (जोडा नभएको, उत्तर नभएको)

छ + अभिञ्ञा = छलभिञ्ञा (छ अभिज्ञा)

## अभ्यास - २

१. सचा'यं कुमारो अगारं अज्झावसति; राजा भविस्सति चक्कवत्ती।

२. सम्म, इदाना'हं विहारं गन्त्वा थेरं तया कतपण्णसालायं निसिन्नकं दिस्वा आगतो'म्हि (ध.अ.)।

३. "स्वा'हं अब्बुल्हसल्लो'स्मिं।
सीतिभूतो'स्मि निब्बुतो॥"

४. "कोसि'त्वं भन्ते'ति ? थेरस्स भागिनेय्यो'म्ही'ति।"

५. "यथा पि मूले अनुपद्दवे दल्हे,
छिन्नो'पि रुक्खो पुनरेव रूहति।
एवम्पि तण्हानुसये अनूहते,
निब्बत्तति दुक्खमिदं पुनप्पुनं॥" (धम्मपद)

६. "किंसू'ध वित्तं पुरिसस्स सेट्ठं ?
किंसु सुचिण्णो सुख'मावहाति ?"
"सद्धी'ध वित्तं पुरिसस्स सेट्ठं।
धम्मो सुचिण्णो सुखमावहाति॥" (संयुक्त)



https://dhamma.digital

७. “तस्मातिह भिक्खवे एवं सिक्खितब्बंः पञ्ञावुड्डिया वड्डिस्सामाति ।” (अङ्गुत्तर एककनिपात)

८. “तयो‘मे भिक्खवे गिलाना संविज्जमाना लोकस्मिं................ ‘तयो‘मे गिलानूपमा पुग्गला ।” (अङ्गुत्तर)

९. अण्डं रक्खन्ती किकी‘व वालधिं रक्खन्ती चमरी‘व तुम्हे‘पि साधुकं अत्तनो सीलं रक्खथ ।

१०. “ततो नं सुख‘मन्वेति छाया‘व अनपायिनी ।” (धम्मपद)

११. “यावतक्व‘स्स कायो, तावतक्वस्स व्यामो (होति) ।”

१२. “नयि‘ध नच्चं वा गीतं वा, तालं वा सुसमाहितं ।” (जातक)

## नयाँ शब्दहरू

अगार = घर न.
अज्झावसति = बास गर्छ इ.
अनपायिनी = छोडेर नगएको इ.
असि = भयो
अनुपद्दव = उपद्रव नभएको ३
ताल = बाजा न.
नच्च = नाच्ने न.
दल्ह = स्थिर, कडा ३
निब्बुत = निर्वाण, शान्त, सुख नि.
पुग्गल = व्यक्ति पु.
गिलानूपम = रागी जस्तै ३
गीत = गीत गाउने न.
चक्कवत्ती =चक्रवर्ती पु.
चमरी = चामरी गाई पु.
तण्हानुसय = जरा लिएको तृष्णा पु.
तस्मा = त्यसैले
तादिस = त्यस्तो ३
तावतक = त्यतिमात्र ३
सम्म = मित्र पु. (आलपन)

अनहत = बाँकी नराख्ने
अब्बूल्हसल्ल = उखेलिसकेको काँडा
अम्हि = भयो
अस्मि = भयो
आवहाति = ल्याउँछ
किकी = एक प्रकारको चरा
किंसु = प्रश्न सोध्ने नि.
गिलान = रोगी पु.
पण्णसाला = पर्णशाला इ.
पुनप्पुनं = फेरि फेरि पु.
भागिनेय्य = भान्जी पु.
यावतक = कतिमात्र
राज = राजा पु.
रूहति = चढ्छ, उम्रिन्छ
वालधि = पुच्छर पु.
वित्त = सम्पत्ति न.
व्याम = (शरीर) लम्बाई पु.
सद्धा = श्रद्धा इ.
संविज्जमान = विद्यमान भएको, रहेको



https://dhamma.digital

सिक्खितब्ब = सिकाउनु पर्ने
सुचिण्ण = राम्ररी आचरण गरिराखेको
सेट्ठ = श्रेष्ठ ३
सीतिभूत = शान्त भएको
सुसमाहित = राम्ररी प्रयोग गरेको, राम्रो समाधि भएको

**मिल्ने ठाउँमा सन्धि गरेर पालिभाषामा अनुवाद गर्नुहोस् -**

१. यहाँ एकत्रित भएका कोही अमनुष्यहरू छन् भने उनीहरू सबै असल चित्त भएको हुनुपर्‍यो ।

२. भिक्षुहरू, यी तीनवटा अकुशल मूलहरू हुन् ।

३. जसरी काटेको रुख भुईंमा खस्छ, त्यस्तै मारले मानिसहरूलाई मरणमा पुर्‍याई दिन्छ ।

४. त्यो मैले तिम्रो वचन (पालना) गरेको छैन, मेरो आमाले भन्नु भएजस्तै गरिराखेको छु ।

५. यदि यो राजकुमार प्रबजित भयो भने (यसले) बुद्धत्व प्राप्त गर्छ ।

६. म अहिले मेरा बच्चाहरूसँग विहारमा गएर कथा सुनेर आएँ ।

७. माणवक, माग्न नहुने माग्ने तिमी मूर्ख हौ ।

८. "यो गाउँको नजिक कहीँ आरण्यक विहार छ ?" भनेर सोधेको बेला उपासकले "भन्ते, छ ।" भनेर भन्यो ।

९. मन्त्रीले "हुन्छ महाराज" भनेर राजदरवारबाट निस्क्यो ।

१०. आनन्द सेठले १५ दिनको एकपटक आफ्ना ज्ञातिहरूलाई एकत्रित गरेर उनीहरूको अगाडि छोरालाई अववाद गर्नुभयो (दिने गर्नुभयो) ।

११. जसरी एउटा मात्र आँखा भएको मानिसले त्यो आँखालाई रक्षा गर्छ, त्यसरी नै शील राम्ररी रक्षा गर्नुपर्छ ।

१२. देवताहरू जहाँ भगवान् बुद्ध हुनुहुन्छ, त्यहाँ गएर वहाँलाई वन्दना गरी एउटा प्रश्न सोधे ।

१. पञ्चिन्द्रियानि, सत्तुत्तमो, सुरियोदयो, धम्मानुस्सति, अत्राहं, यानिमानि, तावदेव, य्वाहं, ताता'ति, सद्धीध, मिगीव, हन्दाहं, ततोहं, हतचक्खुस्मिं, नेव तावाहं, चत्तारोमे, सम्मदक्खातो - यी सन्धिहरू अलग्ग गरेर सन्धि भएको तरीका पनि देखाउनुहोस् ।



https://dhamma.digital

२. तत्थ + अहं, तस्स + उपरि, अज्ज + एव, तदा + अपि, वसलो + इति, अविज्जा + ओघो, मूल्हो + असि, तथा + एव, दु + अंगुलं, अथ खो + एतं, न + उदेति, तानि + अहं यिनीहरूलाई सन्धि गरेर देखाउनुहोस् ।

## नयाँ शब्दहरू

अकुशलमूल = अकुसलमूल न.
अमनुष्य, भूत = भूत पु. न.
अववाद गऱ्यो = ओवदि
मन्त्री = अमच्च इ.
उपासक = उपासक पु.
आरण्यक = आरञ्ञक
वचन = वचन न. कथा इ.
भने अनुसार = वुत्तनयेन
माग्न नहुने = अपत्थिय ३
सोध्यो = पुच्छि
विद्यमान हुन्छ = विज्जति
माग्ने = पत्थेन्त ३
प्रव्रजित हुन्छ = पब्बजति
प्रश्न = पञ्ह
बुद्धत्व = बुद्धत्त न.
मानवक = माणव पु.
मार = मार पु.
राजदरबार = राजगेह; राजभवन न.
एकत्रित गरेर = सन्निपातेत्वा पू.क्रि.
एकत्रित भएका, एकत्रित हुनेहरू = समागत ३
असल चित्त भएको = सुमन ३
खसाल्न दियो = पातीयति



https://dhamma.digital

# २. व्यञ्जनसन्धि

११. **स्वरको पछाडि भएको व्यञ्जन योग्य अवस्थामा जोडेर द्वित्व हुन्छ। ( परद्वेभावो ठाने)**

(द्वित्व भनेको एउटा व्यञ्जन दुईवटा हुन आउँछ। 'क्' भनेको 'क्क्' भनी ककारलाई द्वित्व गर्ने हो।)

अ + पमादो = अप्पमादो (= अप्रमाद)

सु + पतिट्ठित = सुप्पतिट्ठित (= राम्ररी राखेको)

अनु + गहो = अनुग्गहो ( = अनुग्रह)

वि + ञाणं = विञ्ञाणं ( = चित्त; विज्ञान)

दु + कर = दुक्कर ( = गर्न गाह्रो)

अव + सयो = अवस्सयो ( = आधार; शरण)

अप्प + सुतो = अप्पस्सुतो (= अलिकति मात्र सुनेको, जानेको)

परि + चजति = परिच्चजति ( = परित्याग गर्छ)

उप + दवो = उपद्दवो ( = उपद्रव)

उप + किलिट्ठ = उपक्किलिट्ठ ( = क्लिष्ट, फोहोर)

नि + मल = निम्मल ( = मल रहित, निर्मल, सफा)

परा + कमो = परक्कमो ( = पराक्रम)

(यहाँ अगाडिको स्वर ह्रस्व हुन्छ।)

१२. **स्वरको पछाडि भएका प्रत्येक वर्गको दोश्रो र चौथो (महाप्राण) अक्षर द्वित्व हुने अवस्थामा उक्त उक्त वर्गका पहिलो र तेश्रो ( अल्पप्राण) अक्षरहरू हुन्छन्। (वग्गे घोसाघोसानं ततिय–पठमा)**

("क" वर्गमा दोश्रो अक्षर "ख" हो। त्यसलाई द्वित्व (दुईवटा) गर्दा फेरि ख- नभईकन त्यो वर्गमा पहिलो अक्षर भएको क्-हुन्छ। अनि "क्ख" हुन्छ। प्रत्येक वर्गको दोश्रो अक्षर पहिलो अक्षरसँग, चौथो अक्षरको तेश्रो अक्षरसँग द्वित्व (दुईवटा अक्षर सन्धि ) हुन्छ भनी बुझ्नुपर्छ।

दु + भिक्खं = दुब्भिक्खं ( = दुर्भिक्ष)

नि + धनो = निद्धनो ( = धन नभएको )

नि + भय = निब्भय ( = भय नभएको )

पठम + झानं = पठमज्झानं ( = प्रथम ध्यान)



https://dhamma.digital

रूप + खन्धो = रूपक्खन्धो ( = रूपस्कन्ध )
आयु + खयो = आयुक्खयो ( = आयु सिधिने)
सेत + छत्तं = सेतच्छत्तं ( = सेतो छाता)
तत्र + ठितो = तत्रट्ठितो ( = त्यहाँ बसिरह्यो )
नि + फलं = निप्फलं ( = फलरहित )
उ + घोसनं = उग्घोसनं ( = घोषणा गर्ने )

१३. **एउटा व्यञ्जन पछाडि हुने अवस्थामा कहिलेकहीँ स्वरहरू दीर्घको रूपमा रहन्छ। (दीघं)**

(यो प्रायः गरेर गाथाको छन्द नबिगार्नको लागि गरिन्छ। )

खन्ति + परमं = खन्ती परमं
जायति + सोको = जायती सोको
मञ्ञति + बालो = मञ्ञती बालो
निब्बत्तति + दुक्खं= निब्बत्तती दुक्खं

(९-औं अङ्कमा उल्लेख भएको "स्वाहं, ख्वाहं" भनिने दुई ठाउँमा ओकार वकार गरिसकेपछि पछाडिको स्वर दीर्घ हुने यस १३ अङ्कको नियम हो भनी बुझ्नुपर्छ।)

१४. **संयुक्त व्यञ्जन (जोडिएको अक्षर) पछाडि हुने अवस्थामा धेरै जसो स्वर ह्रस्व हुन्छ। (रस्सं)।**

पालिमा जोडिएको अक्षरको अगाडि दीर्घ स्वर देखिने अल्प मात्र हो।

"महा+फलं" भन्ने ठाउँमा १२ औं अंकको नियम अनुसार द्वित्व हुनासाथ (१४ औं) नियमअनुसार अगाडिको स्वर ह्रस्व हुन्छ। अनि "महप्फलं" हुन्छ।

आ + खातो = अक्खातो (भनेको)

तण्हा + खयो = तण्हक्खयो (तृष्णा क्षय गर्ने)

आणा + खेत्तं = आणक्खेत्तं (हुकुम चलेको ठाउँ) यी ठाउँमा पनि "महप्फलं" जस्तै सिद्ध हुन्छ।

परा + कमो = परक्कमो (पराक्रम)



https://dhamma.digital

आ + सादो = अस्सादो (स्वाद लिने, आस्वाद) भन्ने ठाउँमा ११ औं नियमले द्वित्व भएपछि पूर्वस्वर ह्रस्व हुन्छ ।

यिट्ठं वा + हुतं वा + लोके = यिट्ठंव हुतंव लोके

यदि वा + सावके = यदि व सावके

भोवादी + नाम सो = भोवादि नाम सो भन्ने ठाउँमा छन्द निबगाार्नको लागि ह्रस्व हुन्छ ।

१५. **व्यञ्जन अथवा स्वर पछाडि हुने बेलामा "एत-त" भन्ने शब्दको पठमा एकवचनमा भएको ओकार अकार हुन्छ ।**

**व्यञ्जन पछाडि हुने बेलामा अगाडिको स्वर कहिलेकहीँ लोप हुन्छ र त्यो लोप भएको ठाउँमा अकार आगम हुन्छ । (लोपं च तत्राकारो) ।**

एसो + धम्मो = एस धम्मो ( = यो धर्म)

सो + मुनि = समुनि ( = वहाँ मुनि हुनुहुन्छ )

सो + सीलवा = ससीलवा ( = वहाँ शील भएका हुन् )

एसो + पत्तो = एसपत्तो ( = यो पुगेको )

एसो + इदानि = एसदानि ( = यो अहिले )

## अभ्यास - ३

**नेपाली भाषामा अनुवाद गर्नुहोस् ।**

१. मनुस्सा आयुक्खयेन कम्मक्खयेन पुञ्ञक्खयेन च मरन्ति ।

२. सुमेधतापसो पठमज्झानं दुतियज्झानं च निब्बत्तेसि ।

३. निम्मलस्स सीलस्स पालनं महप्फलं महानिसंसं होति ।

४. "पेमतो जायती सोको; पेमतो जायती भयं ।
पेमतो विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं ?"

५. भगवता तण्हक्खयाय धम्मो देसितो होति ।

६. "उपक्किलिट्ठस्स विसाखे कायस्स उपक्कमेन परियोदपना होति ।"

७. "यो च तुलं व पग्गय्ह वर'मादाय पण्डितो ।
पापानि परिवज्जेति स'मुनी, तेन सो मुनि ॥" (धम्मपद)



https://dhamma.digital

८. “न हि वेरेन वेरानि, सम्मन्ती‘ध कुदाचनं ।
अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो ॥” (धम्मपद)

९. धम्मासोको देवानम्पियतिस्सस्स बहू पण्णाकारे पेसेत्वा पुनपि रज्जाभिसेकं कारेसि ।

१०. “यम्हि झानं च पञ्ञा च, स‘वे निब्बाणसन्तिके ।” (धम्मपद)

११. “सब्बे सङ्खारा अनिच्चाति यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दती दुक्खे, एस मग्गो विसुद्धिया ॥” (धम्मपद)

## नयाँ शब्दहरू

अनिच्च = नित्य नभएको

अवेर = मैत्री न.

उपक्कम = उपाय, उपक्रम, बाटो पु.

कम्मक्खय = कर्म क्षय भएर गएको पु.

कुदाचनं = कहिले पनि नि.

जायति = उत्पन्न हुन्छ

झान = ध्यान न.

तापस = तपस्वी पु.

वर = उत्तम ३

विप्पमुत्त = मुक्त भएको ३

निब्बिन्दति = घृणा लाग्छ, न्यास्रो लाग्छ

सनन्तन = पौराणिक, पहिला देखि चलिआएको ३

पण्णाकार = उपहार

परियोदपना = सफा गर्ने ३

परिवज्जेति = टाढा पार्छ

निब्बत्तेति = उत्पन्न गराउँछ

पुञ्ञक्खय = पुण्य सकिने पु.

पेम = प्रेम न.

पेसेत्वा = पठाएर पु.क्रि.

भय = भय, डराउने न.

महप्फल = ठुलो फल भएको

महानिसंस = महानिशंस भएको ३

रज्जाभिसेक= राज्याभिषेक पु.

पालन = रक्षा न.

विसुद्धि = विशुद्धि, निर्वाण ३

वेर = वैर, शत्रु न.

पग्गय्ह = उठाएर पु. क्रि.

सम्मति = शान्त हुन्छ

सङ्खार = संस्कार पु.

सोक = शोक पु.

**सन्धि प्रयोग गरेर पालि भाषामा अनुवाद गर्नुहोस् -**

१. देवताहरू पुण्य सिद्धिएर वा आयु सिद्धिएर देवलोकबाट च्युत हुन्छन् ।

२. तपस्वीहरूले प्रथम ध्यान प्राप्त गरेर चित्त निर्मल गरिरहे ।

३. धन नभएकाहरूले दान दिन, सजिलो छैन ।

४. जो अल्पश्रुत (हुन्छ) उसले निर्वाण प्राप्त गर्न सक्दैन ।



https://dhamma.digital

५. रूपस्कन्ध पानीको फोकाको उपमा जस्तै हो भनेर भगवान्‌ले भन्नु भयो ।

६. भगवान् बुद्ध बैशाली नगरमा आउनुभएको समयमा बिम्बिसार राजाले वहाँलाई र भिक्षुसंघहरूलाई सेतो छाताले ओढ्न लगायो ।

७. निर्मल (सफा) शील रक्षा गरेर देवलोकमा जन्म भएर दिव्य सम्पत्तिको अनुभव गर्नेछ ।

८. सत्पुरुषहरूबाट पुण्य (कुशल) गर्न सजिलो छ ।

९. राजाहरूले आ-आफ्ना देशमा दुर्भिक्ष भय रोक्न सकिरहेका छैनन् ।

१०. मानिसहरूले महान (ठूलो) फल प्राप्त गर्न दान आदि पुण्य गरिरहन्छन् ।

**प्रश्न :-**

१. बहु + सुतो, सो + याति, पुग्गला + धम्मदसा, सम्मा + पधानं, महा + धनो, पञ्च + बन्धा, दु + करं भन्ने ठाउँमा सन्धि कसरी गर्ने ?

२. पग्घरति, महब्भयं, सप्पुरिसो, महब्बलो, वेदनाक्खन्धो, अप्पटिपुग्गलो, अस्सासो भन्ने ठाउँमा सन्धि कसरी अलग गर्ने ?

## नयाँ शब्दहरू

अनुभव गर्छ (दुःख-सुख) = अनुभवति, विन्दति

गर्ने = करण न.

गर्न सजिलो = सुकर ३

बिम्बिसार राजा = बिम्बिसारराज पु.

दिब्यसम्पत्ति = दिब्बसम्पत्ति इ.

रोक्नको लागि = वारेतुं, निवारेतुं नि.

देवलोक, स्वर्ग = देवलोक पु.

च्युत हुन्छ = चवति

ओढ्न लगायो = धारापेसि

पानीको फोका = फेणपिण्ड पु.

प्राप्त गर्न, लिन = लभितुं नि.

निर्मल, सफा = निम्मलं ३



https://dhamma.digital

# ३. निग्गहीत सन्धि

१६. **वर्गमा परेको व्यञ्जन पछाडि हुनेबेला अगाडिको बिन्दुलाई उक्त उक्त वर्गको अन्तमा भएको (पाँचौं) अक्षर आदेश गर्ने हुन्छ। (वग्गन्तं वा वग्गे)**

कवर्गमा एउटा अक्षरको अगाडि भएको बिन्दुलाई उक्त वर्गको अन्ताक्षर (पछाडि भएको अक्षर) भएको "ङ" अक्षर आदेश हुन्छ। यसरी अरु-अरु वर्गमा रहेका अक्षर एक एकवटाको अगाडि भएका बिन्दुलाई उक्त उक्त वर्गको पाँचौं अक्षर आदेश गर्ने हुन्छ। वर्गान्त ङ-ञ-ण-न-म यी अक्षरहरू हुन्।

| | |
|---|---|
| किं + करो | = किङ्करो (नोकर, सेवक) |
| धम्मं + चरे | = धम्मञ्चरे (धर्ममा आचरण गर्ने) |
| तं + ठानं | = तण्ठानं (त्यो ठाउँ) |
| जुतिं + धरो | = जुतिन्धरो (ज्योति धारण गर्ने) |
| तं + फलं | = तम्फलं (त्यो फल) |
| दीपं + करो | = दीपङ्करो (एक बुद्धको नाम) |
| सं + ठितो | = सण्ठितो (राम्ररी राखिराखेको) |
| सं + चरति | = सञ्चरति (घुम्छ, चर्छ) |
| सं + मतो | = सम्मतो (सम्मति दिई राखेको) |
| एवं + मे सुतं | = एवम्मे सुतं (यस्तो मैले सुनेको) |

**टिप्पणी :-**

वर्गमा पाँचौं अक्षर पछाडि भइरहने समयमा बिन्दुलाई त्यही अक्षर आदेश गर्ने हुन्छ भन्ने सम्मतो, एवम्मे दुईवटा उदाहरणले स्पष्ट हुन्छ।

पुं + लिङ्गं = पुल्लिङ्गं आदि ठाउँमा ल-कार पछाडि हुने समयमा बिन्दुलाई लकार आदेश गर्ने हुन्छ भनी बुझ्नु पर्दछ।

१७. **एकार र हकार पछाडि हुने समयमा बिन्दुलाई ञकारादेश गर्ने हुन्छ। एकार पछाडि हुने समयमा ञकारलाई द्वित्व पनि गरिन्छ। (एहेञ्ञं)**

| | |
|---|---|
| पच्चत्तं + एव | = पच्चत्तञ्ञेव (आ-आफ्नो तर्फबाट नै) |
| तं + एव | = तञ्ञेव (त्यही) |



https://dhamma.digital

तं + हि = तञ्हि (त्यो भएपनि, त्यही)
एवं + हि = एवञ्हि (यसो भएपनि यही)

१८. **यकार पछाडि हुने समयमा अगाडि भएको बिन्दु उक्त यकार सँग ञकारको रूपमा आदेश हुन्छ। ञकारलाई द्वित्व गर्ने पनि हुन्छ। (सये च)**

सं + योगो = सञ्ञोगो (मिलाउने, संयोग)
सं +यतो = सञ्ञतो (शिक्षित हुने)
यं + यदेव = यञ्ञदेव (जुन, जुनैपनि, यस्तो त्यस्तो)
आनन्तरिकं + यमाहु = आनन्तरिकञ्ञमाहु (जुनलाई आनन्तरिक भनिराखेको छ।)

१९. **स्वर पछाडि हुने समयमा बिन्दुलाई कुनै ठाउँमा दकार र कुनै ठाउँमा मकार आदेश गर्ने हुन्छ। (मदा सरे)**

(दकार य-त-एत शब्दको पछाडि भएको बिन्दुलाई मात्र)

एतं + एव = एतदेव (यही)
तं + अनत्ता = तदनत्ता (त्यो अनात्म)
तं + अहं = तमहं (म त्यो)
तं + एव = तमेव वा तदेव (त्यही)
एवं + एव = एवमेव (यस्तै नै)
किं + एतं = किमेतं (यो के हो?)
एतं + अवोच = एतदवोच (यस्तो भन्यो)

२०. **स्वर अथवा व्यञ्जन पछाडि हुने समयमा कुनै ठाउँमा बिन्दु लोप हुन्छ। (क्वचि लोपं) त्यसपछि कुनै बेला अगाडिको स्वर लोप भएर पछाडिको स्वर दीर्घ पनि हुन्छ।**

तासं + अहं = तासाहं (मैले उनीहरूलाई)
अदासिं + अहं = अदासाहं (मैले दिएँ)
एवं + अहं = एवाहं (यस्तो मैले)
सच्चानं + दस्सनं = सच्चानदस्सनं (सत्यवानहरू हेर्ने)
बुद्धानं + सासनं = बुद्धानसासनं (बुद्धहरूको अनुशासन)
गन्तुं + कामो = गन्तुकामो (जाने इच्छा भएको )



https://dhamma.digital

२१. **कुनै ठाउँमा बिन्दुको पछाडि भएको स्वर लोप हुन्छ । त्यसपछि बिन्दुलाई माथि उल्लेख गरे जस्तै वर्गान्तादेश गर्ने हुन्छ । (परो वा सरो)**

| | |
|---|---|
| कतं + इति | = कतन्ति (गऱ्यो भनेर) |
| चक्कं + इव | = चक्कंव (चक्र जस्तै) |
| त्वं + असि | = त्वंसि (तिमी भयौ) |
| अभिनन्दुं + इति | = अभिनन्दुन्ति (खुशी भएर स्वीकार गऱ्यो भनेर) |
| इदं + अपि | = इदम्पि (यो पनि) |
| उत्तरिं + अपि | = उत्तरिम्पि (त्यसपछि अर्को) |
| किं + इदानि | = किन्दानि (अब के) |
| हलं + इदानि | = हलन्दानि (अब पुग्यो) |

२२. **कुनै ठाउँमा स्वर अथवा व्यञ्जन पछाडि भयो भने बिन्दु आगम हुन्छ । (निग्गहितञ्च)**

| | |
|---|---|
| चक्खु + उदपादि | = चक्खुं उदपादि (आँखा उत्पन्न भयो) |
| अणु + थूलानि | = अणुं थूलानि (सानो ठुलो वस्तु) |
| अव + सिरो | = अवंसिरो (टाउकोले टेकेर) |
| याव + च + इध | = यावञ्चिध ( यहाँ कति मात्र) |

## अभ्यास - ४

**नेपाली भाषामा अनुवाद गर्नुहोस् ।**

१. "तस्स अत्तनो च तासञ्च देवतानं सद्धञ्च सीलञ्च सुतञ्च चागञ्च पञ्ञञ्च अनुस्सरतो चित्तं पसीदति ।"

२. "तस्मा सञ्ञमय'त्तानं अस्सं भद्रं'व वाणिजो ।" (धम्मपद)

३. "करोमि ते नं वचनं त्वं'सि आचरियो मम ।" (ध. अ.)

४. "अनुस्सरेथ सम्बुद्धं, भयं तुम्हाकं नो सिया ।" (संयुक्त)

५. "यवा'हं चिन्तयित्वान नेककोटिसतं धनं
नाथानाथानं दत्वान हिमवन्तमुपागमिं ।" (बुद्धवंस)

६. "दायको दानपति यञ्ञदे'व परिसं उपसङ्कमति, ............................
........ विसारदो'व उपसङ्कमति ।" (अंगुत्तर)



https://dhamma.digital

७. “अञ्ञाय च पना‘हं समणानं सक्यपुत्तियानं धम्मं एवा‘हँ तस्मा धम्मविनया अपक्कन्तो ।” (तिकङ्गुत्तर)

८. तेन हि, गहपति तञ्ञे‘वे‘त्थ पटिपुच्छिस्सामि ।

९. “तञ्हि तस्स सकं होति तञ्च आदाय गच्छति ।” (सं.नि.)

१०. “इमानि चत्तारि अरियसच्चानीति भिक्खवे ………… यं तं वुत्तं इदमेतं पटिच्च वुत्तं । ” (तिकङ्गुत्तर)

११. तण्हङ्करो मेधङ्करो सरणङ्करो दीपङ्करो चत्तारो बुद्धा एकस्मिञ्ञेव कप्पे उप्पज्जिंसु ।

१२. “इदमवोच भगवा, अत्तमना ते भिक्खू भगवतो भासितं अभिनन्दुन्ति ।” (कतिपय सूत्रहरूमा भएको)

१३. “कामं पतामि निरयं उद्धंपादो अवंसिरो ।” (खदिरङ्गारजातक)

## नयाँ शब्दहरू

अञ्ञाय = बुझेर पू.कि.
अत्तमन = खुशी चित्त भएको ३
अनाथ = शरण नभएको ३
अभिनन्दति = खुशी भएर स्वीकार गर्छ
अरियसच्च = आर्यसत्य न.
आचरिय = आचार्य, गुरु पु.
उद्धंपाद = खुट्टा माथि भएको
उपागमि = नजिक गयो
कप्प = कल्प पु.
कामं = पक्कै पनि, निश्चय पनि नि.
चाग = परित्याग पु.
चिन्तयित्वान = विचार गरेर पू. कि.
दानपति = दिनेमा नाइके पु.
भासित = भनेको न.
विसारद = (शंका नभएको), नडराउने ३
सिया = हुन सक्छ
अनुस्सरति = सम्झिरहन्छ
अनुस्सरन्त = सम्झिरहेको
अपक्कन्त = अलग भएर जाने ३
दायक = दिने ब्यक्ति पु.
धम्मविनय = धर्म र विनय पु.
नाथ = नाथ, सहायता भएको, पु. स्वामि पु.
निरय =नरक पु.
समण = श्रमण पु
नेककोटिसत = सयौं कोटि भएको ३
पटिच्च = कारणले गर्दा नि. पु.कि
पटिपुच्छति = फेरि सोध्छ
पसीदति = प्रसन्न हुन्छ
भद्र = असल, राम्रो ३
सक्यपुत्तिय = शाक्यपुत्रहरूको हक ३
सञ्ञमयति = दमन गरिरह्यो, संयम गर्छ
सक = आफ्नो ३

**सन्धि प्रयोग गरेर पालिभाषामा अनुवाद गर्नुहोस् –**

१. शीलवानहरू जुन जुन परिषदमा जाने हो, (निर्भय) नडराईकन नै (नजिक) जाने गर्दछ । यो पनि शीलको एउटा फल हो ।

२. मैले यस्तो विचार गरी दुई सय रूपैयाँ माग्नेहरूलाई दान दिएँ ।

३. त्यो कारणले नै मैले फेरि उसलाई सोधेँ ।

४. धर्मदेशना पछि भिक्षुहरूले सारिपुत्र महास्थविरको वचनलाई खुशी भएर स्वीकार गरेका हुन् ।

५. यदि तिमीहरूले सँधै बुद्धलाई सम्झेर बस्यौ भने तिमीहरूलाई भय उत्पन्न हुँदैन ।

६. मानिसहरूले जुन पुण्य अथवा पाप गर्दछन्, त्यो त्यो नै उसको पछि पछि आइराख्ने हुन्छ ।

७. हामी आजै बुद्ध, धर्म र संघको शरणमा गइरहेका छौं ।

८. गोरुको खुट्टा पछि पछि गइरहेको पाङग्रा जस्तै दु:ख पाप गर्नेहरूको पछि पछि आइराख्ने हुन्छ ।

९. आफ्नो चित्तलाई सबै पापबाट शुद्ध गर्नु पर्दछ भन्ने यो बुद्धको अनुशासन हो ।

१०. भगवान्ले यति भन्नु भएर अनि फेरि अर्को पनि उनीहरूलाई धर्मदेशना गर्नुभयो ।

११. जुन मैले भनेको हो, त्यो यही कुरालाई लिएर भनेको हुँ ।

१२. मानिस खुट्टा माथि टाउको तल परेर रुखबाट भुईंमा खस्यो ।

## नयाँ शब्दहरू

पछि पछि जाने = अनुगच्छन्त

अवसान, पछि = ओसान

कारण = कारण न.

भनेको = वुत्त, कथित

दान = दान न.

निर्भय = निब्भय, विसारद ३

शुद्ध गर्नुपर्ने = सोधेतब्ब ३

भनेर = वत्वा पु.क्रि

शरणमा जान्छ = सरणं गच्छति



https://dhamma.digital

# मिश्रक सन्धि

२३. **असमान (जोडा नमिलेको) स्वरको अगाडि भएका इ-ई-ए यिनीहरू कहिलेकहीँ य्-रूपमा रहन्छ ।( यमेदन्तस्सादेसो)**

त्यो य्-कार अगाडि भएको अनेक आकारको व्यञ्जनसंग विभिन्न रूपमा परिवर्तन पनि हुनसक्छ ।

सोत्थि + अत्थु = सोत्थ्य् + अत्थु = सोत्थ्यत्थु

ते + अहं = त्य् + अहं = त्यहं = त्याहं

सत्तमी + अत्थे = सत्तम्य् + अत्थे = सत्तम्यत्थे

यी य्-कारादेशको उदाहरणहरू हुन् । यस ठाउँमा य्-कार रूप परिवर्तन भएर नगएतापनि अरु-अरु धेरै ठाउँमा उक्त परिवर्तन आउन सक्छ ।

I. त्य् भन्ने च्च्-को रूपमा रहन्छ :-

इति + एवं - इत्य् + एवं = इच्चेवं

अति + अन्तं - अत्य् + अन्तं = अच्चन्तं

इति + आदि - इत्य् + आदि = इच्चादि

जाति + अन्धो - जात्य् + अन्धो = जच्चन्धो

II. द्य् भन्ने ज्ज्-को रूपमा रहन्छ :-

यदि + एवं = यज्जेवं

नदी + आ = नद्य् + आ = नज्जा

III. ध्य् भन्ने ज्झ् - को रूपमा रहन्छ :-

बोधि + अङ्गा - बोध्य + अङ्गा = बोज्झङ्गा

अधि + अगमा - अध्य + अगमा = अज्झगमा

IV. भ्य्-ब्भ् रूपमा रहन्छ :-

अभि + उग्गच्छति - अभ्य् + उग्गच्छति = अब्भुग्गच्छति

अभि + ओकासो - अभ्य् + ओकासो = अब्भोकासो

V. प्य्-प्प् रूपमा रहन्छ :-

अपि + एकच्चे - अप्य् + एकच्चे = अप्पेकच्चे

अपि + एकदा - अप्य् + एकदा = अप्पेकदा



https://dhamma.digital

प्रथम भाग किताबमा उल्लेख नभएको सधैं व्यवहारमा आउने केही शब्दहरू

## २४. अकारान्त पुल्लिङ्ग "अत्त" शब्दको रूप

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प. | अत्ता (आ-आफै) | अत्तानो (आफूहरूले) |
| दु. | अत्तानं; अत्तं (आ-आफैलाई) | अत्तानो (आफूहरूलाई) |
| त.क. | अत्तेन, अत्तना (आफैले) | अत्तनेभि; अत्तनेहि (आफूहरूले) |
| च. | अत्तनो (आफूलाई) | अत्तानं (आफूहरूलाई) |
| प. | अत्तना (आफूबाट, आफूसँग) | अत्तनेभि, अत्तनेहि (आफूहरूसँग, आफूहरूबाट) |
| छ. | अत्तनो (आफ्नो) | अत्तानं (आफूहरूको) |
| स. | अत्तनि (आफूमा, आफूसँग) | अत्तनेसु (आफूहरूमा, आफूहरूसँग) |
| आ. | (हे) अत्त, अत्ता (हे आत्म) | (हे) अत्तानो, (हे आत्महरू) |

"अत्ता = आत्मा" आदिरूपमा पनि अर्थ लिन सकिन्छ ।

## २५. अकारान्त पुल्लिङ्ग "राज" शब्दको रूप

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प्र. | राजा (राजा) | राजानो (राजाहरू, राजाहरूले) |
| दु. | राजानं; राजं (राजालाई) | राजानो (राजाहरूलाई) |
| त.क. | रञ्ञा; राजेन (राजाले, राजाद्वारा) | राजूभि, राजूहि; राजेभि, राजेहि (राजाहरूले, राजाहरूद्वारा) |
| च.छ. | रञ्ञो; राजिनो | रञ्ञं, राजूनं, राजानं |
| प. | रञ्ञा; राजम्हा; राजस्मा | राजूभि, राजूहि; राजेभि, राजेहि |
| स. | रञ्ञे; राजिनि; राजम्हि; राजस्मिं | राजूसु; राजेसु |
| आ. | (हे) राज; राजा | (हे) राजानो |

## अभ्यास – ५

**नेपाली भाषामा अनुवाद गर्नुहोस् ।**

१. राजा नगरे चरन्तो धम्मं देसेन्तमेकं तापसं पस्सि ।

२. धम्मं सुणन्ता बहू मनुस्सा राजिनि आगच्छन्ते तमेव ओलोकेसुं ।

३. राजूसु अत्तनो अत्तनो रट्ठेसु चरन्तेसु बहू सेवका सेतच्छत्तानि गहेत्वा ते अनुगच्छन्ति ।

४. राजानो अत्तानं कुमारे सके सके रज्जे पतिट्ठापेतुमिच्छन्ता तेसं नानासिप्पानि सिक्खापेन्ति ।



https://dhamma.digital

५. दुट्ठगामणीरञ्ञो सालिकुमारो नाम एको'व पुत्तो अहोसि; सो अत्तनो पितुसन्तकं रज्जं लभितुं न इच्छि ।

६. सो राजा एलारं दमिलराजानं मारेत्वा बुद्धसासनं संगण्हन्तो महन्तानि चेतियानि बहू विहारे च कारेसि ।

७. "इच्चेव'मच्चन्त-नमस्सनीयं
नमस्समानो रतनत्तयं यं
पुञ्ञाभिसन्दं विपुलं अलत्थं
तस्सा'नुभावेन हतन्तरायो ।" (विनय अट्ठकथा)

८. "अथ'स्स उपपरिक्खतो एतद'होसि: पच्चन्तिमेसु खो जनपदेसु सासनं सुप्पतिट्ठितं भविस्सतीति ।" (विनय अट्ठकथा)

९. "सेट्ठी कम्पमानो धनसोकेन सतिं पच्चुपट्ठापेतुं असक्कोन्तो तत्थे'व पति ।" (इल्लिस जातक)

१०. "एकच्चो पुग्गलो नीचे कुले पच्चाजातो होति........ सो च होति ..................... बह्वाबाधो काणो वा कुणी वा ।" (अङ्गुत्तर)

## नयाँ शब्दहरू

अच्चन्तनमस्सनीय = निरन्तर, अत्यन्त वन्दना गर्न योग्य
अलत्थं = प्राप्त गर्नु
असक्कोन्त = नसकेको ३
आदि = शुरु गर्ने, आदि पु.
आनुभाव = आनुभाव, बल पु.
उपपरिक्खत = परीक्षा गर्ने ३
एकच्च = कुनै ३
कम्पमान = थर थर काँप्ने ३
काण = एउटा आँखा अन्धो पु.
कुणी = हात टेढो, हात पक्षघात भएको
जनपद = देश, जनपद पु.
दमिलराजा = तामिल राजा पु.
विपुल = महान, धेरै
संगण्हन्त = संग्रह गर्दै ३
सुप्पतिट्ठित = सुप्रस्थित, राम्ररी राखेको
हतन्तराय = बाधा रहित, भय नभएको ३
देसेन्त = देशना गर्ने ३
नमस्समान = वन्दना गर्ने
नानासिप्प =अनेक शिल्प न.
पच्चन्तिम = टाढा रहेको ३
पच्चाजात = जन्म भएको ३
पच्चुपट्ठापेतुं = (स्मृति) राख्ने, फेरि बनाउनको निम्ति, याद गर्न
पितुसन्तक = बुबाको सम्पत्ति
पतिट्ठापेति = प्रतिस्था गराउँछ; स्थिर गर्न दिइरह्यो
बह्वाबाध = धेरै रोग भएको ३
बुद्धसासन = बुद्धशासन न.
रतनत्तय = त्रिरत्न न.
सिक्खापेति = सिकाउन दियो
सेवक = नोकर पु.
सोक = शोक पु.



https://dhamma.digital

**मिल्ने ठाउँमा सन्धि प्रयोग गरी पालिभाषामा अनुवाद गर्नुहोस् :-**

१. दुट्ठगामिणि महाराजाले अनुराधपुरमा रत्नमाली चैत्य बनाउन दिनुभयो।

२. पाँचौं (पञ्चम) जोर्ज महाराजाले आफ्नो छोरा एडवड कुमारलाई लङ्कामा पठाए ।

३. देवानम्पियतिस्स राजा लङ्कामा राज्य गरिरहेको बेला अशोकाधिराजको छोरा महेन्द्र स्थविरले लङ्कामा आउनु भएर बुद्धशासन स्थापना गर्न दिनुभयो ।

४. राजाहरूको हुकुमअनुसार बनाईराखेको धेरै विहार र चैत्य यहाँ (लङ्कामा) छ ।

५. बुद्ध कपिलवस्तुमा आफ्ना नातेदारहरूले बनाइदिएको विहारमा केही महिनासम्म बस्नुभयो ।

६. धर्माशोक राजाले अनागतमा प्रत्यन्त देशमा बुद्धशासन राम्ररी स्थापना गर्नेछ भनी जान्नुभयो ।

७. आफ्नो मालिक (स्वामि) अधिराजको श्रीपेज लगाउने हेर्न धेरै राजाहरू एकत्रित हुनआए ।

८. सबै राजाहरूलाई आफ्नो मरण पछि आ-आफ्ना छोराहरूलाई आ-आफ्नो सिंहासनमा राख्ने मन हुन्छ ।

९. एकजना राजाले आफ्नो देशमा गाउँ र शहर परीक्षण गर्दै गइरहको बेला धेरै नोकरहरू आएर वहाँको पछि पछि गइरहे ।

१०. कथा सुनिरहेका मानिसहरू राजाको सवारी भएको बेला गौरव राख्नको लागि उठे ।

## नयाँ शब्दहरू

| | |
|---|---|
| हुकुम = आणा | आएर, पुगेर = पत्त, सम्पत्त |
| अधिराज = अधिराज पु. | स्थापना भई सकेपछि = पतिट्ठहिस्सती'ति |
| अनागत = अनागत, पछि पु. | स्थापना गर्न लगायो = पतिट्ठापेसि |
| मरण पछि = अच्चयेन | महाराज = महाराज पु. |
| श्रीपेज लगाउने = किरीटधारण न. | राज्य गर्ने = रज्जं करोन्त |
| कपिलवस्तु = कपिलवत्थु न. | रत्नमाली चैत्य = रतनमाली चेतिय |



https://dhamma.digital

केही, कुनै = कतिपय ३ एकत्रित गराउँछ = सन्तिपातेति
गौरव = गारव पु. एकत्रित हुने = सन्निपतति
राख्न = ठपेतुं नि. सिंहासन = सीहासन न.
आ-आफ्नो = अत्तनो देखाउन = दस्सेतुं नि.
स्थविर = थेरवर पु. थाहा लगायो = जानि

**२६. मनोगण -** अकारान्त-पुल्लिङ्ग "मन" शब्द

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प. | मनो (चित्त, चित्तले) | मना (चित्तहरू, चित्तहरूले) |
| दु. | मनं (चित्तलाई) | मने (चित्तहरूलाई) |
| त.क. | मनसा, मनेन | मनेभि, मनेहि |
| च.छ. | मनसो, मनस्स | मनानं |
| प. | मनसा, मना, मनम्हा, मनस्मा | मनेभि, मनेहि |
| स. | मनसि, मने, मनम्हि, मनस्मिं | मनेसु |
| आ | (हे) मन, मना | (हे) मना |

यो "मन" शब्द र पछि उल्लेख हुने मनोगणभित्र पर्ने अरु शब्दहरू पनि पुल्लिङ्गमा जस्तै नपुसंकलिङ्गमा पनि हुन्छ।

**नपुसंक-लिङ्गमा "मन" शब्द**

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प. | मनं | मना, मनानि |
| दु. | मनं | मने, मनानि |
| आ. | (हे) मन, मना | (हे) मनानि |

यी तीन ठाउँमा "चित्त" शब्द जस्तै र बाँकी रहेको विभक्ति पुल्लिङ्गमा देखाएको जस्तै रूपमा लग्ने हो। यो जस्तै दुईवटा लिङ्गमा पनि रूप चलाउन मिल्ने शब्दहरू :-

| | | |
|---|---|---|
| तम = अन्धकार | यस = यश | तप = तपस्या |
| वास = वस्त्र | तेज = तेज | पय = दुध अथवा पानी |
| वच = वचन | चेत = विचार | ओज = ओजा, शक्ति |
| वय = वर्ष | उर = छाति | अय = फलाम |
| सिर = टाउको | सर = पोखरी | रज = धूलो |



https://dhamma.digital

आदि हुन् । यिनीहरूको समूहलाई "मनोगण" भनेर भनिन्छ । मनोगणभित्र पर्ने शब्दहरूको विशेष लक्षण त (१) ततिया एकवचनमा "सा" भनेर र चतुत्थी-छट्ठी एकवचनमा "सो" भनेर र सत्तमी एकवचनमा "सि" भनेर अन्त हुने, (२) अर्को पदसँग समास हुने समयमा "मनोसेट्ठो, तमोनद्धे" आदि रूपमा ओकारले युक्त हुने, (३) तद्धितप्रत्यय एउटा मिलाउने बेला "मनोमयं" आदि रूपमा ओकारले युक्त हुने पनि हो ।

**२७. समास-** तद्धितमा मनोगणिक शब्दहरूको विभक्ति लोप गर्ने बेला अन्तमा भएको अकारलाई ओ-कार आदेश गर्ने हुन्छ ।

यो व्यञ्जनसन्धिमा समावेश भएपनि मनोगण यसको अगाडि नदेखाएको भएर सन्धिकाण्डमा यो कारण (कुरा) नदेखाएको हो । समासमा विभक्ति लोप हुने आकार पछि समास काण्डमा हेरेर बुझ्नुपर्दछ । उदाहरण :–

मन + मय = मनोमय ( = चित्तबाट उत्पन्न भएको)
अय + पत्त = अयोपत्त ( = फलामको पात्र)
तम + नुद = तमोनुद ( = अन्धकार टाढा गर्ने)
सिर + रुह = सिरोरुह ( = टाउकोमा भएको कपाल)
पय + निधि = पयोनिधि ( = समुद्र)
तप + धन = तपोधन ( = प्रव्रजित)
तेज + धातु = तेजोधातु ( = तेजधातु)

**२८. ओकारान्त-पुल्लिङ्ग "गो" शब्दहरू**

| | एकवचन | बहुवचन |
|---|---|---|
| प. | गो (गोरु, गोरुले) | गावो (गोरुहरू, गोरुहरूले) |
| दु. | गावुं, गावं, गवं (गोरुलाई) | गावो (गोरुहरूलाई) |
| त.क. | गोवन, गवेन (गोरुले) | गोभि, गोहि (गोरुहरूले) |
| च.छ. | गावस्स, गवस्स | गवं, गुन्नं, गोनं |
| प. | गावा, गवा, गावम्हा, गवम्हा, गावस्मा, गवस्मा | गोभि, गोहि |
| स. | गावे, गवे, गावम्हि, गवम्हि, गावस्मिं, गवस्मिं | गावेसु, गवेसु, गोसु |
| आ. | (हे) गो | (हे) गावो |



https://dhamma.digital

## अभ्यास - ६

**नेपाली भाषामा अनुवाद गरेर मनोगणिक शब्द पनि देखाउनुहोस् :-**

१. द्वीहि वाणिजेहि याचितो भगवा अत्तनो सीसतो मुट्ठिमत्ते सिरोरुहे तेसं अदासि ।

२. ते भगवन्तं सिरसा नमस्सित्वा तानि अत्तनो नगरं नेत्वा सरोरुहादीहि पूजयिंसु ।

३. "एकूनतिंसो वयसा बोधिसत्तो'भिनिक्खमि;
पञ्चत्तिंसो'थ वयसा बिम्बिसार मुपागमि । " (महावंस)

४. तमोनुदो भगवा मनोमयेन कायेन कम्मट्ठानानि मनसिकरोन्तानं भिक्खूनं अभिमुखे पातुभवति ।

५. इद्धिमा तपोधनो पयोनिधिम्पि सोसेतुं समत्थो होति ।

६. महानिरयो पन अयोपाकारेन परिक्खित्तो, अयोपिधानेन पिहितो; तस्स अयोमया भूमि तेजसा जलिता होति ।

७. साकटिका गुन्नं तिणं दत्वा ते सकटेसु योजेत्वा सकटे पाजेन्ता वाराणसिं अगमंसु ।

८. "मनोपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया ।" (धम्मपद)

९. मनुस्सा गवा पयं, पयसा दधिं, दधितो सप्पिञ्च लभन्ति ।

१०. सो मेत्तासहगतेन चेतसा एकं दिसं फरित्वा विहरति, तथा दुतियं, तथा ततियं ।

११. भगवति चेतो पसादेन बहवो जना महन्तं दिब्बसम्पत्तिं लभिंसु ।

१२. भगवा नभसा लङ्कादीपमागम्म यक्खसमागमस्स उपरि नभसि निसीदित्वा धम्मदेसनाय ते दमेसि ।

१३. "अयसा'व मलं समुट्ठितं
तदुट्ठाय तमेव खादति ।" (धम्मपद )

१४. वचसा कतं (कम्म) वाचसिकं, मनसा कतं कम्मं मानसिकं नाम होति ।

## नयाँ शब्दहरू

अभिनिक्खमि = (गृहस्थीभावबाट) बाहिर जाने
अभिमुख = अगाडि न., अगाडि भएको ३
अयोपाकार = फलामको पर्खाल पु.
फरित्वा = फैलाएर पू.क्रि.
वाराणसि = बनारस इ.
भजति = सङ्गत गर्छ



https://dhamma.digital

अयोमय = फलामले बनाई राखेको ३

भोग = (मानिसको) जीविका गर्न चाहिने चीज पु.

इद्धिमन्तु = ऋद्धिवान् ३

मानसिक = मनबाट उत्पन्न हुने

उट्ठाय = उठेर पू.क्रि.

मनोसेट्ठ = मन प्रधान ३

उपागमि = नजिक गयो

मुट्ठिमत्त = एक मुट्ठि ३

कम्मट्ठान = कर्मस्थान, भावना कर्म नं

याचित = मागेको ३

चेतोपसाद = चित्तमा प्रसन्न पु.

योजेत्वा = मिलाएर, जोतेर

जलित = बलेको ३

सकट = गाडा पु. न.

वाचसिक = वचनले गरेको ३

समत्थ = सक्छ, समर्थ, सक्ने ३

दमेति = दमन गर्छ

नभ = आकाश पु.न.

समुट्ठित = भई आएको ३

सरोरुह = कमलको फूल न.

नमस्सित्वा = नमस्कार गरेर पु.क्रि.

सहगत = युक्त भएको

परिक्खित = घेरिएको ३

सीस = शिर न.

पाजेन्त = चलाएर ३

साकटिक = गाडा चलाउने पु.

पातुभवति = प्रकट हुन्छ

सोसेति = सुकाउँछ, सुकाउन दिन्छ

पिधान = बिर्को (छोप्ने) न.

यक्खसमागम = राक्षसहरूको समागम पु.

पिहित = बन्द गरेको ३

पुब्बङ्गम = अगाडि आएको ३

**मनोगणिक शब्दहरू प्रयोग गरेर पालिभाषामा अनुवाद गर्नुहोस् :-**

१. भिक्षुले करुणा सहगत चित्तद्वारा सारा संसारलाई फैलाएर बास गरिराख्नुभयो ।

२. चराहरू आकाशबाट आफूले चाहेको ठाउँमा गइरहे । ("आकाश" भनेकोलाई "नभ" शब्द प्रयोग गर्ने)

३. हाम्रो जमीन जोत्न सहायता गर्नेहरू, हामीलाई दुध र घिउ दिने गाईहरूलाई हामीले मार्नु हुँदैन ।

४. शरीर, वचन र चित्तले पुण्य गरेतापनि ती तीनद्वारबाट पाप पनि गर्न सक्छ ।

५. दुई व्यापारीहरूले तथागतको केश धातु ("सिरोरुह" प्रयोग गर्ने) स्थापना गरेर एक महाचैत्य बनाउन दिए ।



https://dhamma.digital

६. त्यो चैत्य भएको ठाउँमा हिँडेर शिरले वन्दना गरेर दिब्यसम्पत्ति प्राप्त गर्नेहरू धेरै छन् ।

७. अहिले (आजभोलि) धनवान्हरू पहिला ऋद्धिवान्हरू जस्तै आकाशबाट गएर आफू पुग्नुपर्ने ठाउँमा तुरुन्त पुग्छन् ।

८. फलामले बनाएको पूल लङ्काद्वीपमा धेरै नदी माथि देख्न सकिन्छ ।

९. सेठहरूले ठूलो फलामको बाकसमा आफ्नो धन सुरक्षित गरेर राख्छन् ।

१०. हाँसले दुध र पानी अलग गरेर पिउन सक्छ ।

११. भिक्षु चीवर ओढेर फलामको एउटा पात्र हातले समातेर धुलो उडेको बाटोमा जानुभयो ।

१२. सूर्यको तापले ("तेज" प्रयोग गर्ने) पीडित बाटो हिंड्ने मानिस पोखरीमा नुहाएर कमलको फूल शिरमा राखेर गाउँभित्र पस्यो ।

१३. उनन्तीस वर्ष पुगेको उक्त बोधिसत्व गृहस्थी घरबाट ( = अगारा ) बाहिर निस्कनुभयो ।

१४. जम्बुद्वीपवासीहरूले गाईहरूलाई धेरै संग्रह गरिरहेका छन्, गाईको मासु खाएमा रोग उत्पन्न हुन्छ भन्ने उनीहरूको धारणा छ ।

## नयाँ शब्दहरू

आफू जानुपर्ने ठाउँमा = अभिमतट्ठानं नं
इच्छा भएको ठाउँमा = इच्छितट्ठान नं
सीधा = उजुकं क्रि.वि.
केशधातु = केसधातु पु.
धारण गर्छ = सल्लक्खेति
सहायकहरू, सहायता गर्नेहरू = सहायक ३
लगाएर = पारुपित्वा पू. क्रि.
बाटो हिँडने = पदिक, पथिक पु.
मासु खाने = मंसभक्खन न.
हाँस = हंस पु.
जस्तै = विय
प्राप्त गर्ने, लिने = लभन्त पु.
अलग गरेर = विसुं कत्वा, वियोजेत्वा
छरिएको = आकिण्ण
तीन द्वारले = तीहि द्वारेहि
पूल = सेतु पु.
संग्रह गर्छ = संगण्हाति
सुरक्षित रूपले = सुरक्खितं पू.क्रि.
उत्पन्न हुन्छ = निब्बत्तति

समाप्त



https://dhamma.digital

“पञ्ञा नरानं रतनं”

# परियत्ति सद्धम्म पालक उपाधि

## (कक्षा ७, द्वितीय पत्र)

### पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

**पुस्तक**

१. धम्मपद (पालि र अर्थ)

२. बहुजन हिताय बहुजन सुखाय

३. धम्मपदट्ठकथा

Dhamma.Digital

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म पालक उपाधि


| पुस्तक तथा शीर्षक | | | पूर्णाङ्क | पेज |
|---|---|---|---|---|
| १. | **धम्मपद पालि र अर्थ** | | **४०** | **२१३** |
| | क) | ८ सहस्स वर्ग | | २१४ |
| | ख) | ९ पाप वर्ग | | २१८ |
| | ग) | ११ जरा वर्ग | | २२१ |
| २. | **बहुजन हिताय बहुजन सुखाय** | | **३०** | **२२५** |
| | क) | बहुजन हिताय बहुजन सुखाय | | २२६ |
| | ख) | स्वाँया पुन्ही (बैशाख पूर्णिमा) | | २३० |
| | ग) | ज्याः पुन्ही (जेठ पूर्णिमा) | | २३४ |
| | घ) | असार पुन्ही (असार पूर्णिमा) | | २३६ |
| | ङ) | पालि त्रिपिटक | | २४३ |
| ३. | **धम्मपदट्ठकथा** | | **३०** | **२४८** |
| | क) | विडुडभको कथा | | २४९ |
| | ख) | कञ्जूस कोसिय महाजनको कथा | | २६४ |
| | ग) | छत्तपाणी उपासकको कथा | | २७१ |
| | घ) | विशाखा महाउपासिकाको कथा | | २७५ |
| | ङ) | आनन्द स्थविरको कथा | | ३०२ |
| | च) | महाकाश्यप स्थविरको कथा | | ३०५ |


https://dhamma.digital

# धम्मपद

(सहस्स, पाप र जरा वर्गको पालि र अर्थ)

लेखकः

**भिक्षु अमृतानन्द महास्थविर**

Dhamma.Digital

https://dhamma.digital

# धम्मपद

## ८-सहस्स वग्गो

### (हजार वर्ग)

वेणुवन (१००)

तम्वदाठिक

**सहस्समʻपि चे वाचा-अनत्थपदसंहिता ।**
**एकं अत्थपदं सेरयो-यं सुत्वा उपसम्मति ॥१॥**

१०० - अर्थ न ब्यर्थको पद भएका सहस्रवाक्य बोल्नु भन्दा सार्थक-पद एउटा नै श्रेष्ठ छ जुन सार्थक-पद सुन्नाले शान्ति मिल्दछ ॥१॥

जेतवन (१०१)

दारूचीरियथेर

**सहस्समʻपि चे गाथा-अनत्थपदसंहिता ।**
**एकंगाथापदं सेरयो-यं सुत्वा उपसम्मति ॥२॥**

१०१ - अर्थ न ब्यर्थको पद भएका सहस्र गाथा पढ्नु भन्दा सार्थक गाथा एउटा नै श्रेष्ठ छ जुन सार्थक गाथा पढ्नाले शान्ति मिल्दछ ॥२॥

जेतवन (१०२)

कुण्डलकेसीथेरी

**यो च गाथासतं भासे-अनत्थपदसंहितं**
**एकं धम्मपदं सेरयो-यं सुत्वा उपसम्मति ॥३॥**

१०२ - अर्थरहित हजार श्लोक पढ्नुभन्दा अर्थसहित शान्ति प्राप्त हुने एउटा धर्मपद पढ्नु बेस छ ॥३॥

**(१०३)**

**यो सहस्सं सहस्सेन-सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेरय अत्तानं-सʻवे सङ्गामजुत्तमो ॥४॥**

१०३ - लडाईंमा हजारौंलाई जित्नु भन्दा आफूलाई जित्न सक्नेलाई नै संग्रामजित भन्दछन् ॥४॥



https://dhamma.digital

जेतवन (१०४, १०५)

अनर्थ सोध्ने ब्राह्मण

**अत्ता हवे जितंसेरयो-या चा'यं इतरा पजा ।**
**अत्तदन्तस्स पोसस्स-निच्चं सञ्ञत्तचारिनो ॥५॥**
**ने'व देव न गन्धब्बो-न मारो सह ब्रम्हुना ।**
**जितं अपजितं कयिरा-एवरूपस्स जन्तुनो ॥६॥**

१०४, १०५ - अर्कालाई जित्नु भन्दा आफूलाई जित्नु बेस हो किनभने आत्मदमन गरी सदा संयमी हुने व्यक्तिलाई देव, गन्धर्व, मार तथा ब्रह्माले पनि जित्न सक्दैन ॥५,६॥

वेणुवन (१०६)

सारिपुत्रको मामा

**मासे मासे सहस्सेन-यो यजेथ सतं समं ।**
**एकञ्च भावित'त्तानं-मुहुत्तम'पि पूजये ।**
**साये'व पूजना सेरयो-यं चे वस्ससतं हुतं ॥७॥**

१०६ - महिना महिनामा हजारौं रूपैयाँ खर्च गरी यज्ञ-होम गर्नु भन्दा क्षणभर मात्र भएता पनि संयमी व्यक्तिलाई पूजा सत्कार गर्नु बेस - सय वर्ष होम गरेको भन्दा क्षणभर गरेको पूजा नै श्रेष्ठ हो ॥७॥

वेणुवन (१०७)

सारिपुत्रको भाञ्जा

**यो च वस्ससतं जन्तु-अग्गिं परिचरे वने ।**
**एकञ्च भावित'त्तानं-मुहुत्तम'पि पूजये ।**
**साये'व पूजना सेरयो-यञ्चे वस्ससतं हुतं ॥८॥**

१०७ -सय वर्षसम्म जङ्गलमा बसी यज्ञ गर्नु भन्दा क्षणभर भएतापनि इन्द्रिय सयंमी व्यक्तिलाई पूजा सत्कार गर्नु बेस, किनभने सय वर्ष यज्ञ गरेको भन्दा त्यस्ता व्यक्तिलाई क्षणभर गरेको पूजा नै श्रेप्ठ हो ॥८॥

वेणुवन (१०८)

सारिपुत्रको साथी

**यं किञ्चि यिट्ठं च हुतं च लोके**
**संवच्छरं यजेथ पुञ्ञपेक्खो ।**



https://dhamma.digital

**सब्बम्पि तं न चतुभागमेति**
**अभिवादना उज्जुगतेसु सेय्यो ॥९॥**

१०८ – पुण्यको इच्छा गरी जुनसुकै यज्ञ होम वर्षदिनसम्म गरेता पनि ऋजुभूत सन्तलाई गरेको अभिवादनको चौथाई भाग बराबरको फल पनि पाउन सक्दैन ॥९॥

अरण्यकुटी (१०९)
दीर्घायुकुमार
**अभिवादनासीलिस्स – निच्चं वद्धापचायिनो ।**
**चत्तारो धम्मा वड्ढन्ति – आयुवण्णो सुखं बलं ॥१०॥**

१०९ – अभिवादन गर्ने स्वभाव हुने र सधैँ वृद्धहरूको सेवा सुश्रूषा गर्ने व्यक्तिको चारवटा कुराको अभिवृद्धि हुन्छ - आयु, वर्ण, सुख र बल ॥१०॥

जेतवन (११०)
संकिच्च श्रामणेर
**यो चे वस्ससतं जीवे-दुस्सीलो असमाहितो ।**
**एका'हं जीवितं सेय्यो-सीलवन्तस्स झायिनो ॥११॥**

दुराचारी र असमाहित पुरूषको सय वर्षको जीवनभन्दा सदाचारी र ध्यानी पुरूषको एकदिनको जीवन नै बेस छ ॥११॥

जेतवन (१११)
कोण्डञ्ञ (थेर)
**यो चे वस्ससतं जीवे-दुप्पञ्ञो असमाहितो ।**
**एका'हं जीवितं सेय्यो-पञ्ञवन्तस्स झायिनो ॥१२॥**

बुद्धिहीन असमाहित पुरूषको सय वर्षको जीवनभन्दा ध्यानी प्रज्ञावान्को एकैदिनको जीवन बेस छ ॥१२॥



https://dhamma.digital

जेतवन ११२

सप्पदास (थेर)

**यो चे वस्ससतं जीवे-कुसीतो हीनवीरियो ।**

**एका'हं जीवितं सेय्यो विरियमा'रभतो दल्हं ॥१३॥**

अल्सी वीर्यहीन भई सय वर्ष जिउनुभन्दा दृढ उद्योगी भई एकैदिन जिउनु बेस हुन्छ ॥१३॥

जेतवन ११३

पटाचारा (थेरी)

**यो चे वस्ससतं जीवे-अपस्सं उदयब्बयं**

**एका'हं जीवितं सेय्यो-पस्सतो उदयब्बयं ॥१४॥**

उत्पत्ति र विनाशको ज्ञान बिर्सेर सय वर्ष जिउनुभन्दा उत्पत्ति र विनाशको ज्ञान जानेर एकैदिन जिउनु बेस हुन्छ ॥१४॥

जेतवन ११४

कृशागौतमी

**यो चे वस्ससतं जीवे-अपस्सं अमतं पदं ।**

**एका'हं जीवितं सेय्यो-पस्सतो अमतं पदं ॥१५॥**

अमृतपदलाई बिर्सेर सय वर्ष जिउनु भन्दा अमृतपदलाई जानेर एकैदिन जिउनु बेस हुन्छ ॥१५॥

Dhamma.Digital

जेतवन ११५

बहुपुत्तिका (थेरी)

**यो चे वस्ससतं जीवे-अपस्सं धम्ममुत्तमं ॥**

**एका'हं जीवितं सेय्यो-पस्सतो धम्ममुत्तमं ॥१६॥**

उत्तम धर्म नजानेर सय वर्ष जिउनु भन्दा उत्तम धर्म जानेर एकैदिन जिउनु बेस हुन्छ ॥१६॥

**हजार वर्ग सिद्धियो**



https://dhamma.digital

# ९–पापवग्गो

## (पाप वर्ग)

जेतवन (११६)

चूलेकसाटक ब्राह्मण

**अभित्थरेथ कल्याणे – पापा चित्तं निवारये ।**
**दन्धं हि करोतो पुञ्ञं – पापस्मिं रमती मनो ॥१॥**

११६ -पुण्य झट्टै गरिहाल्नुपर्छ, मनमा पाप चिताउनु हुँदैन, पुण्य गर्न बेर लगायो भने पापमा चित्त जाने सम्भावना हुन्छ ॥१॥

जेतवन (११७)

सेरयसक थेर

**पापं चे पुरिसो कयिरा-न तं कयिरा[३] पुनप्पुनं ।**
**न तम्हि छन्दं कयिराथ[४] दुक्खो पापस्स उच्चयो ॥२॥**

११७ - मानिसले पाप गरिहाल्यो भने पनि फेरी फेरी गर्नु हुँदैन । पापमा इच्छा बढाउनु हुँदैन, पाप थुप्रियो भने दुःखको कारण बन्न जान्छ ॥२॥

जेतवन (११८)

लाजदेव कन्या

**पुञ्ञं चे पुरिसो कयिरा[५]-कयिराथे'तं पुनप्पुनं ।**
**तम्हि छन्दं कयिराथ[६] सुखो पुञ्ञस्स उच्चयो ॥३॥**

११८ - पुण्य गरिसक्यो भने फेरी पनि गर्नुपर्छ । त्यसमा खूब उत्साह बढाउनु पर्छ । पुण्यको रास सुखको कारण हो ॥३॥

जेतवन (११९)

अनाथपिण्डिक महाजन

**पापो'पि पस्सति भद्रं-याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं - अथ पापो पापानि पस्सति ॥४॥**

११९ - पापको फल नपाएसम्म पापीले पाप गर्नु बेस सम्झन्छ ।

[३] ब. करिया ।

[४] ब. करियाथ ।

[५] ब. करिया ।

[६] ब. करियाथ ।



https://dhamma.digital

पापको फल पाएपछि मात्रै उसलाई पापको पुरा परिचय हुन्छ ॥४॥

(१२०)

**भद्रो'पि पस्सति पापं-याव भद्रं न पच्चति ।**
**यदा च पच्चति भद्रं-अथ भद्रो भद्रानि पस्सति ॥५॥**

१२० - पुण्यात्माले पनि पुण्यको फल नआएसम्म पुण्य खराब सम्भन्छ। पुण्यको फल आएपछि मात्रै उसलाई पुण्यको पुरा परिचय हुन्छ ॥५॥

जेतवन (१२१)

असंयमी भिक्षु

**मा'प्पमञ्ञेथ पापस्स-न मन्तं आगमिस्सति ।**
**उदबिन्दु निपातेन-उदकुम्भो'पि पूरति ।**
**पूरति बालो पापस्स-थोक थोकम्पि आचिनं ॥६॥**

१२१ - अलिकति पाप गरेर के होला भनेर नसम्भनु, एक एक थोपा गरेर पानीले गाग्री भरे भैं मूर्खजनले पनि अलि अलि गरेर पाप थुपार्छ ॥६॥

जेतवन (१२२)

विलालपाद सेठ

**मा'प्पमञ्ञेथ पुञ्ञस्स-न मन्तं आगमिस्सति ।**
**उदबिन्दु निपातेन-उदकुम्भो'पि पूरति ।**
**पूरति धीरो पुञ्ञस्स-थोकथोकम्पि आचिनं ॥७॥**

१२२ - अलिकता पुण्य गरेर के होला भनी नभन, एक-एक थोपा पानीले गाग्री भरे भैं धीर पुण्यवानले अलि अलि गरेर पुण्य थुपार्छ ॥७॥

जेतवन (१२३)

महाधनी व्यापारी

**वाणिजो'व भयं मग्गं-अप्पसत्थो महद्धनो ।**
**विसं जीवितुकामो'व-पापानि परिवज्जये ॥८॥**

१२३ - हतियार नहुने महाधनी व्यापारीले भययुक्त बाटो छोडे भैं अथवा जिउने इच्छा हुनेले विषलाई छोडे भैं मनुष्यले पाप गर्न छोड्नुपर्छ ॥८॥



https://dhamma.digital

वेणुवन (१२४)

कुक्कुटमित्र

**पाणिम्हि चे वणो ना'स्स-हरेरय पाणिना विसं ।**

**ना'ब्बणं विसमन्वेति-नत्थि पापं अकुब्बतो ॥९॥**

१२४ - हातमा घाउ नहुनेले विष छोएतापनि विष नलागे झैं पाप नगर्नेलाई पापले छुँदैन ॥९॥

जेतवन (१२५)

कोक भन्ने शिकारी

**यो अप्पदुट्ठुस्स नरस्स दुस्सति**

**सुद्धस्स पोसस्स अनङ्गणस्स ।**

**तमेव बालं पच्चेति पापं**

**सुखुमो रजो पटिवातं'व खित्तो ॥१०॥**

१२५ - जताबाट हावा बहेको छ उतातिर धुलो फ्याँक्दा आफैतिर आए झैं निर्दोषी, शुद्ध, क्लेशरहित पुरूषलाई गरेको दोषारोपणको प्रतिफल आफैलाई पर्न आउँछ ॥१०॥

जेतवन (१२६)

तिस्स थेर

**गब्भमे'के उप्पज्जन्ति-निरयं पापकम्मिनो ।**

**सग्गं सुगतिनो यन्ति-परिनिब्बन्ति अनासवा ॥११॥**

१२६ - कोही संसारमा जन्मन्छ, कोही पापी नरकमा जन्मन्छ, पुण्यवान्‌ले स्वर्गमा जन्म लिन्छ, चित्तमलरहित अनास्रव व्यक्तिलाई परिनिर्वाण प्राप्ति हुन्छ ॥११॥

जेतवन (१२७)

तीनजना भिक्षु

**न अन्तलिक्खे न समुद्दमज्झे**

**न पब्बतानं विवरं पविस्स ।**

**न विज्जति सो जगतिप्पदेसो**

**यत्थिट्ठितो मुञ्चेरय[७] पापकम्मा ॥१२॥**

[७] ब. मुच्चेथ ।



https://dhamma.digital

१२७ - आकाश, समुद्र तथा पर्वतको गुफामा जहाँ गएर बसेतापनि आफूले गरेको पापको फलबाट बच्न सकिंदैन ॥१२॥

कपिलवस्तु, न्यग्रोधाराम (१२८)
सप्रबुद्ध शाक्य

**न अन्तलिक्खे न समुद्दमज्झे**
**न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो**
**यत्थट्ठितं न'प्पसहेथ मच्चु ॥१३॥**

१२८ - आकाश, समुद्र वा पर्वतको गुफा होस् जहाँ गएर बसेता पनि मृत्युबाट बच्न सकिंदैन ॥१३॥

# ११-जरावग्गो

## (वृद्ध वर्ग)

जेतवन (१४६)
विशाखाकी साथी

**कोनु[८] हासो किमा'नन्दो-निच्चं पज्जलिते सति**
**अन्धकारेन ओनद्धा-पदीपं न गवेस्सथ ॥१॥**

१४६ - चारैतिर आगो दन्दन बलिरहेछ, कसरी हाँस्नु कसरी आनन्द लिनु ? अन्धकारले चारैतिर घेरिसकेर पनि किन आलोक खोज्दैनौ ? ॥१॥

राजगृह, वेणुवन (१४७)
सिरिमा

**यस्स चित्तं कतं बिम्बं-अरूकायं समुट्ठितं ।**
**आतुरं बहुसंकप्पं-यस्स नत्थि धुवं ठिति ॥२॥**

१४७ - जुन शरीर अस्थिर छ, घाउ-दर्दले पूर्ण छ, नाना विधि संकल्पले भरिपूर्ण, छापा समान सिंगारिएको यो विचित्र शरीर हेर ! ॥२॥

---

[८] ब. पभंगुणं ।



https://dhamma.digital

जेतवन (१४८)

उत्तरा थेरी

**परिजिण्णमि‘दं रुपं-रोगनिड्ढं पभङ्गुरं[१] ।**
**भिज्जति पूति सन्देहो-मरण‘न्तं हि जीवितं ॥३॥**

१४८ - यो रूप जीर्ण भएर जाने, रोगको घर हो, अत्यन्त क्षण भंगुर, गन्हाउने, शरीर छुटेर मरणमा जीवनको अन्त हुन्छ ॥३॥

जेतवन (१४९)

अभिमान भिक्षु

**यानि‘मानि अपत्थानि-अलापूने‘व सारदे ।**
**कापोतकानि अट्ठिनी-तानि दिस्वान का रति ? ॥४॥**

१४९ - शरद ऋतुमा फ्याँकिएको काम नलाग्ने लौका, परेवा झैं सेतो हाड रूपी शरीरलाई देखेर कसलाई प्रेम लाग्ला ? ॥४॥

जेतवन (१५०)

रूपनन्दा थेरी

**अट्ठिनं नगरं कतं**
**मंस लोहित लेपनं ।**
**यत्थ जरा च मच्चू च**
**मानो मक्खो च ओहितो ॥५॥**

१५० - हाडको नगर बनाई त्यसमा मासु र रगतको लेप लगाएको, जसमा बृद्धत्व, मृत्यु, अभिमान कपट आदि लुकाइएका छन् ॥५॥

जेतवन (१५१)

मल्लिकादेवी

**जीरन्ति वे राजरथा सुचित्ता**
**अथो सरीरम्पि जरं उपेति ।**
**सतञ्च धम्मो न जरं उपेति**
**सन्तो हवे सब्भि पवेदयन्ति ॥६॥**

---

[१] “क्खायन्ति” कुनै २ ग्रन्थमा ।



https://dhamma.digital

१५१ -राजाको सुसज्जित रथ जीर्ण भएर गए झैं यो देह पनि जीर्ण भएर जान्छ, तर साधु सन्तको धर्म जीर्ण हुँदैन । सन्तहरू सन्तकै अगाडि यही कुरा बताउँछन् ॥६॥

जेतवन (१५२)
लालुदायी थेर

**अप्प'स्सुता'यं पुरिसो**
**बलिवद्दो'व जीरति ।**
**मंसानि तस्स वड्ढन्ति**
**पञ्ञा तस्स न वड्ढति ॥७॥**

१५२ - अज्ञानी मानिस गोरू झैं बढ्दछ । त्यसको मासु मात्र बढ्छ प्रज्ञा बढ्दैन ॥७॥

बोधिवृक्षमनि (१५३)
उदानको रूपमा

**अनेक जाति संसारं-सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो-दुक्खा जाति पुनप्पुनं ॥८॥**

(१५४)

**गहकारक दिट्ठो'सि-पुन गेहं न काहसि ।**
**सब्बा ते फासुका-भग्गा गहकूटं विसङ्खितं**
**विसङ्खारगतं चित्तं-तण्हानं खयम'ज्झगा ॥९॥**

१५३, १५४ - अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा खोज्दै ! मेरो हरेक जन्म दु:खमय भएर बित्यो । अब हे गृह निर्माण गर्ने बुद्धि हो ! मैले तँलाई देखि सकें, फेरी तैंले गृह बनाउन सक्ने छैन । तेरो घर बनाउने काठपात जम्मै भाँचिसकें, घरको धुरी पनि खसालि दिएँ, मेरो चित्त संस्काररहित भई तृष्णाको विनाश भई सक्यो ॥८,९॥

वाराणसी, ऋषिपतन (१५५)
महाधनी सेठको छोरा

**अचरित्वा ब्रह्मचरियं**
**अलद्धा योब्बने धनं ।**



https://dhamma.digital

**जिण्णकोञ्चा‘व झायन्ति**
**खीणमच्छे‘व पल्लले ॥१०॥**

१५५ - यौवन अवस्थामा धन नकमाएर, ब्रम्हचर्य पालन नगरेर बस्ने व्यक्तिले माछा नभएको पोखरीमा ढुकेर क्रोंच पंक्षीले जीवन सित्तै फाले झैं आफ्नो जीवन खेल फाल्नुपर्नेछ ॥१०॥

(१५६)

**अचरित्वा ब्रह्मचरियं-अलद्धा योब्बने धनं ।**
**सेन्ति चापा‘तिखीणा‘व-पुराणानि अनुत्थुनं ॥१॥**

१५६ - यौवन अवस्थामा धन नकमाएर, ब्रम्हचर्य पालन नगरेर बस्ने व्यक्तिले फ्याँकिएको पुरानो धनुषले झैं बितेको घटनाहरूको मात्र चिन्ता गरेर अपशोस गर्नु पर्नेछ ॥११॥

वृद्ध वर्ग सिद्धियो

Dhamma.Digital



https://dhamma.digital

# बहुजन हिताय बहुजन सुखाय

१) बहुजन हिताय बहुजन सुखाय

२) स्वाँया पुन्ही (बैशाख पूर्णिमा)

३) ज्याः पुन्ही (जेठ पूर्णिमा)

४) आषाढ पुन्ही : एक परिचय

५) पालि त्रिपिटक : एक परिचय


लेखकः

**भिक्षु सुदर्शन महास्थविर**

नेपाली अनुवादकः

**भिक्षु नायको**


Dhamma.Digital

https://dhamma.digital

# बहुजन हिताय बहुजन सुखाय

## भिक्षुसंघ

सम्बोधि लाभ भएकोलाई बुद्ध भनिन्छ । सिद्धार्थ गौतमले वैशाख पूर्णिमाको दिन सम्बोधि लाभ गर्नुभयो । त्यसबेला देखि वहाँ बुद्ध हुनुभयो । वाराणसीको मृगदावनमा बुद्ध भएर दुई महिना पछि उहाँले पहिलो धर्म देशना गर्नुभयो । फेरि चार पाँच महिना भित्र नै उहाँका साठ्ठीजना अनुयायी भिक्षुहरू भए ।

## धर्मले धेरैको भलो गर्छ

यसप्रकार साठ्ठीजना अनुयायी भइसकेपछि बुद्धधर्म प्रचार गर्ने विचार गर्नुभयो । भिक्षुहरूलाई आज्ञा गर्नुभयो "एउटै बाटो दुईजना नगई धर्म प्रचार गर । बहुजन हितका निम्ति, बहुजन सुखको निम्ति धर्म उपदेश देउ ।" बुद्धले आज्ञा गर्नु भए जस्तै बुद्धधर्मले बहुजनको हित गऱ्यो । बहुजनको सुख गऱ्यो । यस्तो गर्न सक्नुका धेरै कारण छन् । ती कारण मध्ये एउटा प्रमुख कारण हो, धर्मले अधिकांशको भलो गर्ने गुण ।

## मानिस ठूलो र सानो गुणधर्मले हुन्छ

जन्मैदेखि कोही पनि ठूलो हुँदैन । त्यस्तै जन्मैदेखि कोही पनि सानो हुँदैन । ठूलो, भलो हुने काम गरेमा ठूलै हुन्छ, सानो कुभलो हुने काम गरेमा सानै भइन्छ । यसरी सबैभन्दा पहिले बुद्धधर्मले नै मानिसहरूलाई उनीहरूले आफूले नै आफ्नो हित र सुख गर्न सक्छन् भनेर भरोसा दिए । यो जातले धर्म उपदेश सुन्न हुँदैन, आइमाईको जुनीबाट मुक्ति पाउन सकिँदैन, यस्तो कुरा नपत्याउनेहरू मृत्युपश्चात स्वर्गमा जान पाउँछ,इत्यादि यस्ता प्रकारका कुराहरू बुद्धधर्मले कहिल्यै गरेन । त्यसैले नै बुद्धधर्म अल्प जाति र अल्प वर्णको अथवा पुरूषहरूलाई मात्र, विपक्षीलाई सिध्याउने धर्म भएन । यो धर्म बहुजनको हित र सुखका चारित्रिक धर्म भयो ।

## बुझिने भाषाले धर्म कहन्छ

बुद्धले धेरैले बुझिने भाषामा उपदेश दिनुहुन्थ्यो । भिक्षुहरूलाई आफ्नो शब्दले होइन मानिसहरुको शब्दद्वारा धर्मले उपदेश गर्न आज्ञा गर्नुहुन्छ ।



https://dhamma.digital

निर्वाण जस्तो धर्म बुझाइदिन जनताहरूको भाषाले बुझाइदिने प्रयास सबैभन्दा पहिले बुद्धधर्मले नै गऱ्यो । लोकुत्तर कुरा बुझाउन बुद्धले लौकिक उपमाहरु राखी देशना गर्नुभयो । बुद्धधर्मको शील सौन्दर्य विजय र प्रेम, शत्रु दमन र करुणा सहितको यस उपदेश सबैलाई गर्नुभयो । तर्क गरी मानिसहरूलाई हराउने वा आफू जिती अहंको अनुभव गर्ने कुरा बुद्धधर्ममा छैन । मारलाई हराएर पनि उसलाई मार रहित गराउन सक्ने नै बुद्धधर्मको विशेषता हो ।

## आफू नै आफ्नो नाथ

स्वर्ग र नरक ईश्वरले सृष्टि गऱ्यो भन्ने कुरा बुद्धधर्मको पहिलो दृष्टि होइन । बुद्धधर्मले भन्छ, कुशल कर्ममा वा अकुशल कर्ममा पहिले मन नै जान्छ । त्यसैले मन संयमित गर । मनलाई भलो हुने काममा, ठीक ठाँउमा पठाऊ, अनि मात्रै वचन र आचरणलाई कुशल ठाँउमा पठाउन सकिन्छ । यसले नै सुख शान्ति हुन्छ । त्यसैले बुद्धधर्मले ईश्वर पुज्दै संसार सुखी गर्न सिकाउँदैन । बरू सिकाइदिन्छ कि आफ्नो मन राम्रो गरी आफ्नो काम राम्रो गरी आफ्नो तर्फबाट अरूलाई दुःख नहुने प्रयत्न गर्दै यसरी नै मानवहरूबाट पनि गराउन प्रयत्न गर्छ । त्यसैले बुद्धधर्म आचार र विचार शुद्धिलाई नै बढी जोड दिन्छ । बाह्य शुद्धिलाई यसले महत्व दिंदैन । मानिस आफू नै आफ्नो नाथ हो ।

## दारू दाह धर्म होइन

बुद्धधर्मले आगो धर्म मान्दैन । आगोमा केही राख्ने धर्म छ भने अग्निकाण्ड पापको फल होइन । वारूणयन्त्रशाला आगो होमिनुको बाधक हुन्छ । होइन मनले केही गरी आगो खसाले मात्रै यज्ञ हुन्छ भने आखिर धर्म त मन नै भयो । अनि अज्ञानलाई, पापकर्मलाई नै ज्ञानको यज्ञमा किन होम नगर्ने ? बुद्धको पालामा सयौं, हजारौं प्राणीहरू पनि यज्ञमा जिउँदै वा मन्त्र पढ्दै, मार्दै आगोमा जलाईदिए । बुद्धले यस्तो यज्ञलाई कहिल्यै प्रशंसा गर्नुभएन । आगोमा केहि होम गरी खाने पिउने बस्तुहरु होममा चढाई पाप नास हुने कुरा बद्धधर्मले विश्वास गर्दैन ।

## जलशुद्धि धर्म होइन

बुद्धधर्मले पानीले शुद्ध हुनुलाई पनि धर्म भन्दैन । नदी, नाला वा समुद्रको पानीमा एकपटक डुब्दैमा धर्म हुन्छ भने पानीमा नै बस्ने माछा,



https://dhamma.digital

कछुवा र सर्प आदि प्राणीहरू त जिउँदै स्वर्ग जानुपर्ने हो । पानीमा डुब्दा पाप मात्र बगाउँछ, धर्म बगाउँदैन भन्ने कुरामा बुद्धधर्मले विश्वास गर्दैन । पानीमा नुहाउँदा जीउ आनन्द हुन्छ । धर्म कर्म गर्न मन आनन्द हुन्छ भन्दा बुद्धधर्मलाई आपत्ति छैन । नुहाउनु पर्ने धर्म संस्कार होइन र राम्रो गर्ने भित्री स्वभाव रोक्न बुद्धले भिक्षुहरूलाई पन्ध्र दिनमा एकपटक मात्र नुहाउने उपदेश दिनुभयो ।

## जटा राख्नु धर्म होइन

बुद्धधर्मले जुँगा दाह्री जटा पाल्नुलाई पनि धर्म भन्दैन । कपाल मात्र नकाट्नु धर्म हुन्छ भने गन्हाउने बाख्रोले छुराले त रौं पनि छुवाउँदैन । वास्तवमा पहिलेका सन्यासीहरूले कपालको मोहमा भएका मानिसहरू हेर्दा हेर्दै वाक्क भइ त्यही कपाल नै जटा बनाई राखेका हुन् । तर बुद्धले सन्यासीहरूको यो बाटोलाई पनि छोड्नुभयो । अनोमा नदी किनार पुग्नुहुँदा वहाँले आफ्नो कपाल तलवारले काटिदिनुभयो । भिक्षुहरूले दुई अंगुलभन्दा बढी कपाल नराख्ने विनयको ज्ञापन गर्नुभयो । साथै, वहाँले भिक्षुहरूलाई मानसिक जटा फुकाल्न उपदेश दिनुभयो । प्रसिद्ध दार्शनिक किताब, "विशुद्धि मार्ग" यहि भित्रकै जटा फुकाल्ने उपदेशको एउटा लामो परिचर्चा हो ।

## खाद्य शुद्धि मात्र धर्म होइन

बुद्धले खाद्य शुद्धिलाई मात्र पनि धर्म भन्नुहुँदैन । खाद्य शुद्धि मात्र धर्म हो भने नखाने बाँदर नै महान धर्मात्मा हुन्छ । मन, वचन र कर्म खाने पिउने अनुसार हुने भएकोले बुद्धले आहारमा संयमित हुने उपदेश दिनुभयो । जंगलमा बस्दा वन्य जन्तुलाई अपाच्य गन्ध हुने वस्तु नखाने उपदेश र मिल्छ भने विहारमा बस्दा विहारलाई सुहाउँदो प्राप्त भएको वस्तु खान हुन्छ । त्यसैले प्याज, लसुन, गोलभेंडा खान नै नहुने उपदेश बुद्धधर्ममा भएन । वास्तवमा त्यसैले नै बुद्धधर्म ठाँउको संकिर्णतामा बन्धित भएन । विभिन्न देशको प्राकृतिक कारणले धर्म लंगडो हुन परेन ।

## निराहार धर्म होइन

बुद्धधर्मले निराहारलाई पनि धर्म भन्दैन । महिनाको एकपल्ट मात्र दुबोको टुप्पोले पस्किँदा आउने जति मात्रै खाएर ब्रत बस्नु भन्दा सदाचारिको एक चोटि सम्मान गर्नु श्रेष्ठ हुन्छ भन्ने बुद्धको उपदेश रहेको छ । निराहार नै



https://dhamma.digital

धर्म हो कछुवाको जाडोयामभरीको निराहार भने उडुस र लामखुट्टेका लामो महिनासम्मको निराहार नै धर्म हुन्छन् । बुद्धधर्मको आठ दिनमा एकपटक बेलुकाको एक छाक नखाने उपदेश श्रमण आचरणको अनुकरणको अभ्यासको निम्ति हो, शारीरिक सुख स्वास्थ्यका लागि उपचार हो । सँधै जुनसुकै समयमा भिक्षा गइ आफ्नो गर्नुपर्ने काम बिर्सेर बसेका भिक्षुहरूलाई रोक्न नै बुद्धले स्वयं अभ्यास गरी हेर्नुभई बाह्र बजेपछि दिउँसो भोजन नगर्ने नियम भिक्षुहरूलाई दिनुभएको हो ।

## बहुजन हित सुख नै धर्म

बुद्धको धर्म सारांशत, बाह्य शुद्धिको धर्म होइन । वहाँले दिनुभएको उपदेश धर्म, शील, समाधि र प्रज्ञाको उपदेश हो । शील जुनसुकै देशमा बस्ने जहाँसुकै बस्ने धनी गरिब, दक्ष अदक्ष, ठूलो सानो, केटा केटी जोकसैले पनि पालन गर्न सक्छन् । समाधि पनि सबै प्राणीले गर्न सक्छ । प्रज्ञा ज्ञान सम्पूर्ण मानिसहरूले प्राप्त गर्न सक्छन् । त्यसैले शील, समाधि र प्रज्ञाको धर्म नै बुद्धधर्म हो । त्यसैले बुद्धधर्म नै बहुजनको हित गर्ने र बहुजनको सुख गर्ने धर्म हो ।

## मन, वचन, कर्म शुद्धि

नमार्नु, नचोर्नु, र व्यभिचार नगर्नु, झुठ कुरा, कडा वचन, चुकलि कुरा, ब्यर्थ कुरा नगर्नु अनि कुशल राम्रो देखेर इर्ष्या नगर्नु, अकुशल देखेर मन प्रशन्न हुनु, मिथ्यादृष्टि नहुनु नै बुद्धधर्मको उपदेश हो । यो उपदेश बहुजनका निम्ति हो, फेरी बहुजनले नै यो उपदेश पालन पनि गर्न सक्छन् । यी उपदेशका पालन गरेर आफू समेत बहुजनको नै हित हुने र सुख हुने हो । त्यसैले बुद्धधर्म बहुजन हिताय र बहुजन सुखाय भयो ।



https://dhamma.digital

# स्वांया पुन्हि

## (फूलको पूर्णिमा)

बुद्ध जयन्तीलाई फूलको पूर्णिमा (स्वांया पुन्हि) पनि भनिन्छ । यो बैशाख महिनामा पर्छ तर जेठ पूर्णिमा, असार पूर्णिमा झैं बैशाख पूर्णिमा होइन ।

नेपाल भाषाको यो श्रद्धाञ्जली हो कि यसलाई फूलको पूर्णिमा भनी नामाकरण गरे ।

बुद्ध जयन्तीलाई फूलको पूर्णिमा (स्वांया पुन्हि) भनिएको धेरै रामो छ। कलिलो श्रद्धामा यो शब्द बसिएको छ । शुद्ध हृदयस्थलमा स्वांया पुन्हिको भावनात्मक अमृत भरिपूर्ण हुन्छ ।

### फूलको वर्षात् भएको स्वांया पुन्हि

आजभन्दा २६९० वर्ष अघि बोधिसत्वको जन्म भयो, फूल बर्सियो । अनि पैंतिस वर्ष पछि सिद्धार्थ बुद्ध भए, फूल बर्सियो । फेरि बुद्ध भएको पैंतालिस वर्ष पछि बुद्धको महापरिनिर्वाण भयो, फूल बर्सियो ।

यी तीनै कुरा एकै पूर्णिमामा भयो । त्यसैले यी तीनवटा पुण्य संयोग भएको दिन, फूल बर्सिएको पूर्णिमा, (फूलको मात्रै पूर्णिमा हुन सक्छ। फूलको पूर्णिमा नै हुन्छ ।) यस पूर्णिमालाई फूलको पूर्णिमा अर्थात् नेपाल भाषामा स्वाँया पुन्ही भनिन्छ ।

### सिद्धार्थ स्वयं नै फूल

कपिलवस्तु गणपति शुद्धोदनका छोरा छोरी कोही छैनन् । त्यसैले जीवन नै कष्टमय, गह्रुँगो थियो । लुम्बिनी शाल रूखमुनि सिद्धार्थ जन्मिए । अनि जीवन फूल फक्रिएको जस्तै रमाइलो भयो ।

सिद्धार्थ जन्मिए । आमा महामायाको मनमा, आफन्तजनहरूको मनमा फूल फुक्रियो । कपिलवस्तु दरवार सम्पूर्णमा नै फूल फक्रियो, त्यसैले सबैको मनमा फूल फुलाउने स्वयं आफू पनि एउटा फूल हो ।

### पहिलो जन्मदिन

सिद्धार्थलाई जात्रा गरि कपिलवस्तु ल्याइयो । रमाइलोको सिमा नै छैन । जात्रा ! बाजा बजाउनेहरू, नाच्नेहरू, धूपबत्तीको धूँवा ! फूलको त



https://dhamma.digital

कुरै छैन । सिद्धार्थले पाइला राखे राखे ठाउँमा फूल ! सिद्धार्थ बाटोमा पुग्नु अगाडि बाटो नै फूल जस्तै !साँच्चैको फूल, रमाइलो फूल, स्वागतको फूल ! त्यसैले बोधिसत्व बुद्धको जन्मदिन, पहिले हामीले स्वांया पुन्हिको रुपमा मनायौं । यहि नै हाम्रो इतिहास हो ।

## मानवताको सुगन्ध

सिद्धार्थको दरबारमा राम्ररी पालनपोषन हुँदै गयो । हेरबिचार पुगेको ठाउँमा राम्ररी फूल फकिएर गए जस्तै । गर्मीमा बस्न एउटा, जाडोमा बस्न एउटा, ठीक्क मौसममा बस्न एउटा दरबार । उनलाई सबै थोक छ ।

तर सिद्धार्थको मन ठाँउमा थिएन । उनले देखे, मानिसहरू काँडासरी सुतिरहेका छन् । छटपटाइ रहेका छन् ।

सिद्धार्थको मनको खुड्किलामा मानवताको गन्ध चढेर आए ।

## ढुङ्गाको मन

सिद्धार्थले चाल पाए, गन्ध नआउने मन नै देखिंदैन ।

हाम्रो धर्म छ भनी भोग विलासमा बस्ने मन कस्तो मन ? हामीलाई ईश्वरले दिएको भनी मानिसहरू नै हूलका हूल पाल्ने कस्तो मन ? अझ, ती मानिसहरू चाहिए बेच्ने, मनलागे खेल्ने, मन नलागे मारी पठाउने मन, कस्तो मन ?

यो मन फूल जस्तै भएन । यो मन त ढुङ्गाको मन हो ।

## टाउको दुख्ने गन्ध

तर उनीहरूलाई यही नै मनपर्छ । त्यसैले धर्म बलियो गर्न, ईश्वर खुसी पार्न यज्ञ गरे । यज्ञमा धान, कोदो, घ्यू, दूध, आगोमा घुसाए । गाई भैंसी, बोका बाख्रा होम गरे । मान्छे समेत जिउँदै जलाई नरमेध यज्ञ गरे ।

मानिसले नै मानिसको मनमा राम्ररी हेरेन । कुशल राम्रो कुरामा विचार गरेन । उपासकले उपासकलाई नै घुस खुवाए । यो श्रद्धाको गन्ध,कस्तो गन्ध ? मानवताको टाउको दुख्ने गन्ध ।

## कुहिएको गन्हाउँछ

तर यज्ञ गर्नेहरूको टाउको दुखेन । किनभने उनीहरूलाई दक्षिणा छ । धेरै घर, गाउँहरुको समूह, धेरै जमातका गाई भैंसी र मानिसहरुको शरीरभरि सुन चाँडीको दक्षिणा छ । उनीहरूलाई मान मर्यादा छ । स्वर्गको



https://dhamma.digital

साँचो नै उनीहरूसँग । पुण्य खानीको मालिक नै उनीहरू ! पवित्रताको नदी नै उनीहरूको !

सिद्धार्थलाई यो धर्म व्यवस्था मनपर्दैन, यो व्यवस्था भित्र कुहिएको गन्ध आउँछ ।

## महाभिनिष्क्रमण

सिद्धार्थलाई नरम मनपर्छ, बलियो मनपर्छ, निर्मल मनपर्छ, अनि मनपर्छ सुगन्ध ! तर सिद्धार्थ घुम्न जाँदा देखे रोगी, वृद्ध र मृत ! शरीरले सक्दासम्म, तन्नेरी अवस्थामा, मर्नु अघि सांसारकि दुःख सिध्याउनु पर्ने चाल पाए । अनि एकदिन एकजना श्रमण के देखे, त्यो नै मार्ग समाते ।

सिद्धार्थले दरबार छाडे । स्वास्नी, छोरा, स्वजन, मित्रगण छोडे । निर्वाणको सुगन्ध खोज्न महाभिनिष्क्रमण गरे ।

## सिद्धार्थको भ्रमण

श्रमण सिद्धार्थ स्वतन्त्रपूर्वक घुमे । सुख शान्तिको निम्ति दुःख अशान्ति छोडिरहेकाहरू देखे । भृगुको आश्रममा देखे, कुकुरव्रत, पन्छीव्रत, गोव्रत, बसिरहनेहरू । अमरताको आशमा जीवन फूल सिध्याइरहेकाहरू ! सिद्धार्थ त्यहाँबाट आलारकालाम कहाँ गए । त्यहाँ केही ध्यान दर्शन सिके । तर त्यो पनि शुष्क ! त्यहाँ प्राणीहरूको जीवनलाई शीतलता दिने छाँया छैन ।

## दुःखको मूल अविद्या

त्यहाँबाट सिद्धार्थ उद्दक रामपुत्रकहाँ गए । यहाँ योगको एकाग्रता देखे । तर यो पनि जन कल्याणको आँखामा जीवन दिन नसक्ने एकैछिनको क्लोरोफर्म नै मात्र हो ।

त्यसैले सिद्धार्थ आफ्नै बाटो गए । यो काममा खाने पिउने नै छोडिदिए । ६ वर्षको यो प्रयासमा दुष्कर तपस्या निसार भनी बुझे । अनि यी सबै दुःखको कारण संस्कार देखे । संस्कार अविद्याले रह्यो ।

## हेतुवाद

यो संसार हेतुमय हो । कसैको पनि कृतिमय होइन । अनि यो हेतुको कारण मानिस स्वयं हो । सुख दुःख मानिसको आफ्नै हातमा छ । तर यो देख्न आँखा तेजिलो हुनुपर्छ । अनि मार्त्र अविद्याको निरोधले संसारको दुःख निको हुन्छ । यो नै प्रतीत्यसमुत्पाद हो । यो नै बोधि पनि हो । यहि बोधिज्ञान



https://dhamma.digital

बोधिवृक्ष मुनि फकिएको फूल हो । सिद्धार्थ बुद्ध भए ।

## सम्बोधि फूल

यो सम्बोधिको फूल पनि वैशाख पूर्णिमामा नै उम्रियो । त्यसैले संसारको भावनात्मक कोमलता, पवित्रात्मक सरलता, मानवताको सौन्दर्यको बास भएको बुद्धत्व फूल उम्रिएको दिन, फूलको पूर्णिमा (स्वांया पुन्हि) नै हो ।बुद्धत्वको भऱ्याङ्गमा चारवटा खम्बाहरू छन्, आठवटा खुड्किलाहरू छन् । ती हुन् चार आर्यसत्य, आठ अष्टाङ्गिक मार्ग ! अनि यसको सुगन्ध हो निर्वाण ! संसारको दुःखबाट मुक्ति !!!

## बहुजन हिताय बहुजन सुखाय

निर्वाणको सुगन्ध बाँडेर बुद्ध गाँउ गाँउमा, नगर नगरमा, देश देशमा चारिका गर्न भयो । भिक्षुहरूलाई भन्नुभयो 'चरथ भिक्खवे, चारिकं बहुजन हिताय, बहुजन सुखाय !'

ठूलो जात सानो जात नभई, धनी गरिब नहेरी, केटा केटी नभनी जन जनलाई अमृत पिलाउनुभयो । अनि पैंतालीस वर्ष पछि वहाँको महापरिनिर्वाण भयो ।

## महापरिनिर्वाण

तथागतको यो अनुपादिशेष निर्वाण पनि वैशाख पूर्णिमाकै दिन भयो । संसारमा निर्वाणको बीज अंकुरण गराई आफ्नो शरीर पुष्प अनुपादिशेष निर्वाण धातुको सुगन्ध हुनुभयो । अनि रातभरी कुशीनगरका मानिसहरूले वहाँलाई श्रद्धाको फूल चढाए ।

वहाँको अग्नि संस्कार भयो । अवशेष अस्थिपुष्प सात राज्यले बाँडिलिए । चैत्य बनाई श्रद्धाको फूल चढाए ।

स्वांया पुन्हिलाई वैशाख पूर्णिमा पनि भनिन्छ । कतै यसलाई बुद्ध जयन्ती पनि भनिन्छ । अझ कतै बुद्ध पूर्णिमा पनि भनिन्छ । तर जन्म दिन, विजय दिन, श्राद्ध दिनहरुपनि बैशाख पूर्णिमामै समावेश छन् ।

स्वांयापुन्ही सुहाउँछ, किनभने फूल फक्रन्छ । स्वांयापुन्हि राम्रो छ, किनभने फूल सौन्दर्यले भरिपूर्ण छ । स्वांयापुन्हि ठीक छ, किनभने फूलबाट सुगन्ध आउँछ । सबैभन्दा स्वांयापुन्ही श्रेष्ठ छ, किनभने फूल पवित्र छ !

समाप्त !



https://dhamma.digital

# ज्याः पुन्ही (धर्मदूत दिवस)

स्वांयापुन्ही पछि ज्या:पुन्ही (जेठ पूर्णिमा) आउँछ । सबैभन्दा लामो दिन । धर्मकर्म गर्ने दिन । फेरि यहि दिनमा काम गर्नेहरूलाई वर्षैभरि ड्याक (नराम्रो) पर्दैन पनि भनिन्छ ।

महासमय सुत्त बुद्धले ज्याः पुन्हिको दिनमा देशना गर्नुभएको हो । यो देशना वहाँले कपिलवस्तुको महावनमा गर्नुभयो । यो सूत्रमा देवताहरूको वर्णन छ ।

बुद्धले आषाढ पूर्णिमाको दिन सारनाथमा धर्मचक्र प्रवर्तन गर्नुभयो । यसको चार पाँच महिना भित्र नै एकसट्ठि जना अर्हत श्रावकहरू भए । अनि बुद्धले यी श्रावकहरूलाई आज्ञा गर्नुभयो, बहुजनको हित र बहुजनको सुखको निम्ति चारिका गर्न जाऊ । वहाँको आज्ञानुसार श्रावकहरू एक बाटोबाट एक जना मात्रै धर्म प्रचार गर्न चारिका गर्न गए । एक एक श्रावकले धेरै श्रावकहरु बनाए । ती श्रावकहरुले पनि ठूल्ठूला जमात नै श्रावक बनाए । यसप्रकार बुद्धको भिक्षुसंघहरू दिन दुईगुणा रात चौगुणा भनेजस्तै छुट्टै धेरै श्रावकहरू भए ।

एकदिन त्यस्तो दिन पनि आए शाक्यकुलबाट प्रवजित बुद्धको नामले (उद्देश्यले) भएका श्रावकहरू टाढा टाढाका देशमा धेरै धेरै भए । बुद्धको श्रावक भएर पनि बुद्धको अनुहार नदेख्ने श्रावकहरू पनि भए । यस्ता श्रावकहरू बुद्धको अनुहार हेर्न, उपदेश सुन्न आइरहन्छन् । यस्ता श्रावकहरूलाई भेट्नु पनि बुद्धको दैनिकिको एक अंशसम्म भए ।

बुद्ध र उहाँका श्रावकहरू वर्षावास तीन महिना एकै ठाउँमा बस्नुहुन्छ । अनि कुनै महिना बहुजनको हित र बहुजनको सुखको निम्ति चारिका गर्नुहुन्छ । यही आदर्श नै बौद्ध संस्कृतिको एउटा राम्रो अङ्ग भयो ।

राजा अशोकको समयमा यो आदर्शले झन् ठूलो स्थान लियो । अशोकका गुरू मोग्गलिपुत्त स्थविरले देशदेशान्तरमा धर्मदूतहरू पठाउनमा ठूलो प्रेरणा दिनुभयो ।

मज्झान्तिक स्थविरको नेतृत्वमा काश्मीर र गान्धारमा धर्मदूत भिक्षुहरू गए । महादेव स्थविर सँगै नर्मदा नदीको दक्षिणमा रहेको महिसमण्डलमा



https://dhamma.digital

धर्मदूतहरू गए । रक्खित स्थविरको समूह मैसुरको उत्तरमा रहेको वनवासमा गए । धर्मदूत स्थविरहरू सूरतया समुद्रको छेउसम्म पुगे । मज्झिम स्थविरहरू हिमवन्त प्रदेशमा गए । सोण र उत्तर स्थविरहरू सुवण्ण भूमि (भगो म्यान्मार देखि नखोन पथोम थाइल्याण्ड ) सम्म पुगे । राजा अशोकको विदिशा रानीतर्फबाट भएका छोरा भिक्षु भएर महेन्द्र महास्थविरको रूपमाश्रीलङ्कामा पाल्नुभयो । महावंश किताबमा यो कुरा राम्ररी लेखिएको छ ।

भिक्षुसंघको यो धर्मदूत मण्डलको कुरा ग्रन्थमा मात्र सिमित छैन । शिलामा पनि कुँदिएका छन् । गिरनार, कालसी, शाहबाजगढी र मानसेरामा अशोकका शीलास्तम्भहरू छन् । यसमा थरि थरिका अभिलेखहरु छन् । तेह्रवटा अभिलेख अनुसार धर्मदूत बारेमा राम्रो वयान रहेका छन् ।

अशोकको राज्यको भित्र भित्र सम्म त धर्मदूत भिक्षुहरू पुग्नुहुने नै भयो । राज्य सीमान्त ठाउँ ठाउँमा पनि वहाँको धर्मदूतहरू पाल्नुभयो । यवन, कम्बोज, गान्धार, राष्ट्रिक, पितनिक, भोज, आन्ध्र र पुलिंद्र जातिहरू बस्ने देशमा धर्मदूतहरू पाल्नुभएका कुरा अभिलेखमा छन् । राज्यका अशिक्षितहरू बस्ने ठाउँमा पनि वहाँहरू पाल्नुभयो । दक्षिणतिर पारो केरलपुत्र, चोल र पाण्ज्य जस्तै स्वतन्त्र राज्यमा पनि भन्तेहरू धर्मदूत भएर पाल्नुभयो । यन्तियोकले राज्य गरिरहेको सिरिया, तुरमनले राज्य गरिरहेको मिश्र, मकले राज्य गरिरहेको साइरीली र अन्तिकिनिले राज्य गरिरहेको मेसोडोनिया र अलिकसुन्दर (अलेक्जेन्डर)को प्रभुत्व भएको एपिरस राज्य सम्म भिक्षुहरूले बुद्धको सन्देश प्रचार गरे । त्यस मध्ये अहिले सम्म धर्मदूतहरू पठाउने आदर्श जीवन्त गरीराखेको देश श्रीलङ्कामा महेन्द्र महास्थविर र संघमित्रा थेरीहरू पाल्नुभएको कुरा पनि सबैमा परिचित नै छ ।

यसप्रकार ज्याः पुन्हि भनेको धर्मदूत दिवस हो । संसारमा सबैभन्दा पहिले धर्मदूत भिक्षुसंघहरू ठाँउ ठाँउमा, देश र विदेशमा पाल्नुभएको दिन । फेरि यसले गर्दा नै बुद्धधर्मले एशियाई धर्म, साहित्य र संस्कृतिको विकासमा ठूलो मद्दत गर्न सक्यो । फेरि आजसम्म संसारमा बुद्धको शान्ति सन्देश सुन्दै जाँदा ज्याः पुन्हि आदर्श र प्रेरणा भइरह्यो ।

समाप्त !



https://dhamma.digital

# आषाढ पूर्णिमा : एक परिचय

## आषाढ पूर्णिमा

बौद्ध जगतमा सबैभन्दा ठूलो दिन वैशाख पूर्णिमा (स्वांयापुन्ही) हो । त्यसपछि आषाढ पूर्णिमा आउँछ ।

आषाढ पूर्णिमाको दिन पाँच प्रसिद्ध संयोगका घटनाहरू छन् । घटनाले रापिलो स्मृति दिन्छ, दह्रोसित काम गर्न टेवा दिन्छ । त्यसैले नै यो दिन एकदमै उत्तम छ ।

कुन दिनमा कुन काम गर्दा ठूलो धर्म हुन्छ, ठूलो पाप हुन्छ भन्ने विश्वास बौद्ध विचारमा छैन । पुण्य जहिले गरे पनि पुण्य, पाप जहिले गरे पनि पाप । अझ कुन दिनमा कुन काम गर्दा आफूले गरेका पाप सकिएर जान्छ भन्ने विश्वास त झन् बौद्ध विचारमा छँदै छैन । त्यसैले आषाढ पूर्णिमाको मूल पनि यसरी नै बुझ्नुपर्छ ।

## आमाको गर्भमा बोधिसत्व

आषाढ पूर्णिमाको दिन बोधिसत्व आमाको गर्भमा प्रवेश गर्नुभयो । आषाढ पूर्णिमाको पहिलो संयोगको कुरा यहि नै हो ।

पहिले पहिले आषाढ पूर्णिमाको दिन ठूलो जात्रा उत्सव आदि हुन्थ्यो । कपिलवस्तुमा पनि यो उत्सव हुन्थ्यो । एकदिन यहि नै उत्सव सकिएको रातमा महामाया देवीले स्वप्न देखिन् “एउटा सेतो हात्ती दाहिने काखिबाट पेटभित्र पस्यो ।” यो स्वप्नको फल वर्णनमा शुद्धोदनलाई भनियो “तपाईलाई पुत्ररत्न प्राप्त हुनेछ ।”

यहि नै स्वप्न फलको आधारमा स्वप्न देखिएको रात आषाढ पूर्णिमाको दिन भएकोले यस्तो भनियो “आषाढ पूर्णिमामा बोधिसत्व गर्भमा बस्नुभयो ।” बोधिसत्व सिद्धार्थको जन्म दश महिना पूर्ण भई भयो भन्ने उल्लेख सर्वमान्य हो । यसप्रकार पनि वहाँ गर्भमा जानुभएको आषाढ तिर परेको देखाउँछ ।

सिद्धार्थको जन्मपछि वहाँ उनन्तीस वर्ष दरवारमा नै बस्नुपऱ्यो । यसको अर्थ उनन्तीस वर्ष आषाढ पूर्णिमाको दिन दरवारमा बिताउनुभयो भन्ने पनि हो । तर बीचको केही विवरण देखिएको छैन । एकातर्फ बुद्धले आफ्नो जीवनी कुनै एकै ठाँउमा बसी विस्तारपूर्वक भन्नुभएको छैन । अर्को



https://dhamma.digital

तर्फ सम्पूर्ण बुद्ध जीवनीको पूर्ण संकलन एकै ठाँउमा त्रिपिटकको अंग भइरहेको पनि छैन । यता उता छोटा छोटा उदाहरण रूपको, संस्मृति रूपको बुद्धको स्वकथनले बुद्ध जीवनी संकलित हुँदा भने दरवारको लामो विवरण प्राप्त भएन ।

## महाभिनिष्क्रमण

सिद्धार्थले आफू उनन्तीस वर्षको आषाढ सम्म धेरै मानिसको दुःखको साक्षात्कार गर्नुभयो । जन्म, जरा, व्याधि र मरणको दुःख सँग पनि राम्ररी साक्षात्कार भए। सिद्धार्थले दरबार छोडेर जाने निर्णय गर्यो। उता सिद्धार्थलाई बन्धनमा राख्न धेरै नृत्य, गीत गर्ने आइमाईहरूले घेरिराखे । तर त्यसको विपरित सिद्धार्थले उनीहरूको निद्रावस्थाको अस्तव्यस्तताले झन् उल्टो विराग नै लिनुभयो ।

सिद्धार्थ मध्य रातमा उठी बोलाउनुभयो, "त्यहाँ को छ ?" ढोका सँगै भऱ्याङ्गबाट सुतिरहेका छन्दकले उत्तर दिए, " म छन्दक यहाँ छु ।" सिद्धार्थले छन्दकलाई आफ्नो कथा सुनाए । फेरि कन्थक घोडा लिन पठाए ।

यता आफ्नो मनमा आफ्नो पुत्रको अनुहार हेर्ने विचार आयो । अनि राहुलमाता सुतिरहेको कोठामा जानुभयो । तर विचार आयो, "यसरी मैले राहुल लिँदा, देवी निद्राबाट बिउँझन्छन् । मेरो महाभिनिष्क्रमणमा बाधा हुन्छ। त्यसैले सम्बोधि प्राप्त गरिसकेपछि मात्रै लिन आउँछु । " कुनै अट्ठकथाको उल्लेख अनुसार त्यसबेला राहुल सात दिन मात्रै भएको थियो । फेरि बुद्धको जीवनी विशुद्धिकरण गर्नु र विरह रस परिपाक गर्ने प्रयास गर्ने एक श्रद्धालु भद्रकल्पावदानको कविको कल्पनाले यो नै समयलाई अर्कोतर्फ मोडिदिए । जुन कल्पनामा जातकीय विशुद्धितापूर्ण उल्लेखले प्रेरित गरि राखेको छ । वास्तवमै भन्नुपर्दा पाली वाङमयमा प्राप्त बुद्धजीवनी र संस्कृत वाङमयमा प्राप्त बुद्ध जीवनी यहीं देखि भिन्नताको सृजना हुन्छ । ललितविस्तरको श्रद्धालु कविले सिद्धार्थ सँगसँगै आफू गई दरवारमा पछाडि हेर्न समेत फुर्सद लिएन । बोधिसत्वको अन्वेषण, अध्ययन र तपस्यामा नै आफ्नो काव्य प्रतिभाको श्रद्धाञ्जलि चढाइरहे । सायद यहि उपेक्षाले च्वास्स विझाएर फेरी भद्रकल्पावदानको कात्य रसको धार बग्यो । जुन श्रद्धालु मनलाई एकदमै तृप्तदायी हुन्छ । बौद्ध आदर्श र गुणको शैलीले बाहिर गइरहेको तथ्यले



https://dhamma.digital

भन्दछ । त्यो सत्यानुन्वेषकको कुनै विषय होइन । सर्वसाधारणहरुको श्रद्धा परियाकको विषय मात्र हो ।

मनपर्दो यो बुद्धजीवनी यही नै ठाँउमा सुन्दर संघर्षको ठाँउ हो । शुद्धोदनको सम्पूर्ण बन्धन राख्ने प्रयासको पर्खाल, बाहिर नपठाउने इच्छा, लौकिक आकर्षणको बल, सांसारिक माया, ममता र कर्तव्यको आह्वान एकातिर, बोधिसत्व एक्लै अर्कोतर्फ संघर्षको यो अवस्थाको चित्रण बौद्ध श्रद्धालुहरूले साह्रै नै रामरी गरेका छन्। हुन पनि बोधिवृक्षको मुनि मारविजय, अन्तिम विजय र कठिन विजय भएर पनि त्यो अन्तरमुखी हो। त्यसैले बुद्ध जीवनी बोधिसत्वको यो गृहत्यागलाई महाभिनिष्क्रमण भनि भनिन्छ।

दरवारका छेकवार हटाएर सिद्धार्थ बाहिर निस्के । तर अझ पनि आषाढ पूर्णिमाको ज्योतिले भरिपूर्ण चन्द्रमाको जलमा कपिलपुर एकपटक हेर्ने इच्छा भयो। शायद यहाँ ठाँउको प्रसँग लिएर नै बोधिसत्वको महाभिनिष्क्रमण आषाढ पूर्णिमामा भएको थाहा हुन्छ। आषाढ पूर्णिमाको दोस्रो सुसंयोग यहि नै हो।

### धर्मचक्र प्रवर्तन

महाभिनिष्क्रमण पश्चात छ वर्षको अध्ययन, अन्वेषण र तपस्या पछि बोधिसत्व मध्यम मार्गमा जानुभयो । स्वांयापुन्हीको रातमा बुद्धत्व प्राप्त भयो । बुद्धत्वको प्रीति उनान्चास दिनसम्म लिनुभए पछि वाराणसी मृगदावनमा पाल्नुभयो । त्यसबेला त्यहाँ कुर यज्ञवादिहरूको धार्मिक अन्ध शोषणले विरक्तहरू, तर गृहस्थ वा सांसारिक जीवनबाट विरक्त ऋषिहरू जम्मा भै बसिरहेका थिए। त्यसैले, यहाँ नै बुद्धत्वको प्रतीक्षामा बसी बसी सिद्धार्थले दुष्कर तपस्या छोडेकोमा विरक्तहरू तर धर्मको नाममा बलिवादमा र यज्ञवादमा नगएका पाँचजना भद्रवर्गीयहरू पनि यहि रहेका थिए। त्यसैले बुद्धले आफ्नो प्रथम धर्मदेशना वा सन्देश प्रसार गर्न यहाँ मन लगाउनु पनि स्वाभाविक छ।

बुद्धले मृगहरू राम्ररी घुमफिर गर्ने ठाँउ ऋषिपतनमा पाँच जना भद्रवर्गीयहरू भेटे । बुद्धको उपदेश त्यहाँ पनि राम्ररी सुनेन । किनभने बलिवादी र यज्ञवादी पक्षधरबाट आएकाहरूलाई पाप सिध्याउन भनी शरीरलाई सास्ती दिने धर्म संस्कार धेरै श्रमणवादीहरूमा थिए। पहिलो भद्रवर्गीहरुमा



https://dhamma.digital

पनि यहि विश्वास थिए । त्यसैले बुद्धको बुद्धत्वमा पनि उनीहरूलाई त्यति ठूलो अविश्वास भएको थियो । बुद्धले आफ्नो पहिलो सद्वचन साक्षी राखेर भन्नुभयो, "यसभन्दा पहिले कहिले यस्तो भनेको छु र ?"

"छैन भन्ते ।"

"आवुसो, तथागत बाहुलिक होइन, फेरि साधनाले भ्रष्ट भएका पनि होइन, बाहुल्यपरायण पनि होइन । तथागत अर्हत् सम्यकसम्बुद्ध हो । एकपटक सुन, मैले जुन अमृत भेट्टाएं, त्यो तिमीहरूलाई सुनाउँछु । सुनेर आचरण गरे यो नै जन्ममा साक्षात्कार गरी उपलाभ गरी बस्न सकिन्छ ।" यही पाँचजना भद्रवर्गीयहरूलाई भनिसकेपछि बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभयो ।

यसरी धर्मचक्र प्रवर्तन गर्नुभन्दा अघि यो वार्तालाप आषाढ पूर्णिमाको पूर्व सन्ध्याको समयमा भएको हो । धर्मचक्र प्रवर्तन आषाढ पूर्णिमाको शुद्धरातमा भयो । चारवटा प्रमुख बौद्धघटना र चारवटा संवेजनीय बुद्धको जीवनीसँग सम्बन्धित ठाँउमा यो घटनाको ठाँउ समावेश गरिएकोले भनिन्छ : 'आषाढ पूर्णिमाको विविध सुसंयोग घटना मध्ये यो नै प्रमुख घटना हो ।' त्यसैले यहाँ संक्षिप्तमा धर्मचक्र प्रवर्तन सूत्र अनुदित गरी प्रस्तुत गर्न चाहन्छु ।

## धर्मचक्र प्रवर्तन सूत्र

मैले यस्तो सुनें,

एकपल्ट भगवान् वाराणसी ऋषिपतन मृगदावनमा विहार गरिरहनुभएको थियो । त्यहाँ भगवान् पाँचजना भद्रवर्गीय भिक्षुहरूलाई आज्ञा गर्नुभयो, "भिक्षुहरू, यी दुई अन्त (अति)लाई प्रवजितहरूले सेवन गर्न हुँदैन । कुन कुन दुई ? (१) जुन यो हीन, ग्राम्य, पृथग्जन, अनार्य, अनर्थ, कामवासनाको काम सुखमा भोग गर्ने अति (अन्त) र (२) दुःखमय, अकुशल, अनर्थ, कायक्लेश, (आत्म पीडा) दिने अति (अन्त) । भिक्षुहरू, यो दुई अन्तमा नगई तथागतले बीचको मार्ग खोजी भेट्नुभयो, जसले आँखा खोलिदिन्छ, ज्ञान दिन्छ, शान्तिको निम्ति, अभिज्ञ हुनका निम्ति, सम्बोध (परिपूर्ण) ज्ञानको निम्ति, निर्वाणको निम्ति हो । त्यो बीचको मार्ग (मध्यम प्रतिपदा) तथागतले खोजी भेट्नुभयो । त्यो त्यही नै कुशल आठ अंगको मार्ग हो सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि । भिक्षुहरू, यो नै मध्यम मार्ग हो .............. । "



https://dhamma.digital

भिक्षुहरू, यो दुःख सत्य हो । जन्म हुनु पनि दुःख, वृद्ध हुनु पनि दुःख, रोगी हुनु पनि दुःख, मर्नु पनि दुःख, अप्रिय भेट पनि दुःख, प्रिय विछोड पनि दुःख, इच्छा गरेको वस्तु नपाउनु पनि दुःख । छोटकरीमा भन्नुपर्दा पाँच उपादान स्कन्ध नै दुःख हो । भिक्षुहरू, यो दुःख समुदय (कारण) सत्य हो । जुन तृष्णा छ, फेरि फेरि जन्म हुने, भट्किने, राग सहित यता उता भट्कनु जस्तै काम तृष्णा, भव तृष्णा, विभव तृष्णा । भिक्षुहरू, यो नै दुःख निरोध सत्य हो, जसमा त्यही नै तृष्णा राम्ररी विराग हुन्छ, निरोध हुन्छ, निस्सर्ग हुन्छ । भिक्षुहरू ,यो नै दुःख निरोध तर्फ लैजाने मार्ग ( दुःख निरोधगामिनी प्रतिपदा सत्य) हो । यी कुशल उत्तम भएको आठ अंगको मार्ग हो .............।

“भिक्षुहरू, यो दुःख आर्यसत्य हो । .......दुःख समुदय सत्य हो ।.......... दुःख निरोध सत्य हो ।............ दुःख निरोध गामिनी प्रतिपदा सत्य हो । भिक्षुहरू, मलाई यो पहिले कहिल्यै नसुनेको धर्ममा चक्षु उत्पन्न भयो, ज्ञान उत्पन्न भयो, प्रज्ञा उत्पन्न भयो, विद्या उत्पन्न भयो, प्रकाश उत्पन्न भयो । ......”

“ भिक्षुहरू, जबसम्म मैले यी चार सत्यको यथार्थ विशुद्ध ज्ञान देखिन, तबसम्म मैले यसरी दावा गरिन, ....अनुत्तर सम्यक् सम्बोधिलाई मैले बुझि लिएँ । .....जब मैले देखें......तब मात्रै मैले दावा गरें, ......मैले ज्ञान देखें, मेरो मुक्ति अचल छ । यो अन्तिम जन्म हो । अब फेरि आवागमन हुँदैन । ”

बुद्धले यस्तो आज्ञा गर्नुभयो । पाँचजना भिक्षुहरूले भगवान्को वचनको अभिनन्दन गरे । यो व्याख्यान गर्नुहुँदा आयुष्मान् कौण्डन्यलाई विचार आयो, ”जति पनि समुदय धर्म छन्, ती सबै निरोध धर्म हुन् । ” अनि बुद्धले आज्ञा गर्नुभयो “आहा कौण्डन्यले बुझिलिए ! आहा कौण्डन्यले बुझिलिए ! ”

यसप्रकार आषाढ पूर्णिमाको भित्र बोधि जान्नेहरू दुईजना भए । बुद्धले स्वांयापुन्हीको दिन भेट्टाउनु भएको बोधिज्ञानको उपदेश यसप्रकार सबैभन्दा पहिले अर्को एकजनाले आषाढ पूर्णिमा मै सुनी बुझिलिए । साँच्चै भन्नुपर्दा यहाँ देखि निर्वाण धर्म बुझेकाहरू बढदै गए । वास्तवमा यसै दिनदेखि तथागतको धर्मको दियो झन् झन् बल्दै गयो ।

पाँच जना भद्रवर्गीयहरू बोधि धर्ममा बोध भइसकेपछि बुद्धले तीनमहिना त्यहीँ नै बिताउनुभयो । तीन महिना पछि बुद्धले आफ्नो भिक्षुसंघ



https://dhamma.digital

अलि बढिसकेपछि दुई भिक्षु एकै बाटो नगई बहुजन हित र बहुजन सुखको निम्ति शान्ति सन्देश प्रचार गर्ने आज्ञा गर्नुभयो । बुद्धको यही नै आज्ञाले अतिवाद धर्म अतिआदर्शको प्रलोभनले आन्तरिक अनुसार मनको बुद्धिको शोषणमा मुक्तिको घोषणा यो बहुजन हित बहुजन सुखको दर्शन नेपालले भेट्टाए यो नै नेपालको निम्ति सौभाग्य हो ।

## वर्षावास

बहुजन हिताय र बहुजन सुखायको उपदेश स्वयं बुद्धले र वहाँका अनुचरहरूले बाह्र महिनामा नौ महिना चारिका गर्दै, विहार गर्दै दिनुभयो । अझ पहिले त बाह्र महिनामा बाह्रै महिना भिक्षुहरूले परिकमा गर्दै उपदेश दिनुभएको हो । यस्तो हुँदा धेरै मानिसहरू अप्रसन्न भएको र कुनैले खेतबारी नोक्सानको कुरा अगाडि राखी बुद्धले भिक्षुहरूलाई तीन महिना एकैठाँउमा बस्ने अर्थात् यता उता परिभ्रमणको लागि नजाने विनय ज्ञापन गर्नुभयो । यहि भिक्षुहरुको आ आफ्नो चाहिँदो पुण्य कार्य, पवित्र कार्य सम्पादन गर्ने विनय ज्ञापन भएको नै आषाढ पूर्णिमाको चौथो सुसंयोग हो ।

यहि नै कममा बुद्धले आफ्नो आमालाई उपदेश दिन त्रायशित्रशं भुवनमा सातौं वर्षावास बस्नुभएको पनि सम्झिन सक्छौं । यहाँ वहाँले अभिधर्मको देशना गर्नुभयो ।

## धेरैलाई धर्मज्ञान

आषाढ पूर्णिमाको दिन मृगदावनमा जुन धर्मको दियो बाल्नुभयो, प्रकाश छर्नुभयो, त्यसबाट धेरै जनलाई मनको आँखा उघारिदियो, अध्याँरो हटेर गयो । बुद्ध र वहाँका अनुचर भिक्षुहरूले धेरै धर्माधिकारीहरूको हृदय परिवर्तन गर्नुभयो, धेरै जना धनी गरिब, राजा रङ्क, ठूलो जात सानो जात, पुरूष महिलाहरूको दृष्टि र हृदय परिवर्तन गर्नुभयो । यो परिवर्तन सुनसान ठाँउ, हूलमा, परिषद्मा, गाँउमा, जनपदमा, नगरमा, उद्यानादि ठाउँमा विहान, दिउँसो, बेलुकी, राती भनिने समयको परिधि नभई भयो । यी सबै तथ्याङ्क सरल तरिकाले दिन सम्भव छैन । त्यसैले राम्ररी भन्नुपर्दा अहिले यति नै भन्न सकिन्छ, यो अनन्त अनगिन्ती प्राणीहरूको हितोपकारको लागि हो । मात्र आषाढ पूर्णिमासँग सम्बन्धित भएको विवरणमा मात्र नै दुई कोटी देव मनुष्यलाई धर्म ज्ञान प्राप्तिको उल्लेख छ । यति धेरै देवादि मनुष्यहरूको धर्म



https://dhamma.digital

चक्षु खोलिएको बुद्ध एक गण्डक वृक्ष मुनि प्रातिहार्य युक्त धर्मदेशना हो । धर्मदेशना आषाढ पूर्णिमाको संयोगको कुरामा पाँचौ संयोग हो ।

**पुण्यमय दिन**

आषाढ पूर्णिमा, पुण्य सुसंयोगको ठूलो दिन ।

पहिलो आषाढ पूर्णिमामा बोधिसत्व गर्भमा प्रवेश गर्नुभयो । फेरि जन्म पछि आफ्नो उनन्तीस वर्षको वैशमा आषाढ पूर्णिमाको रातमा महाभिनिष्क्रमण गर्नुभयो । अनि छ वर्षको प्रयत्न पछि बुद्ध भएर आषाढ पूर्णिमामा नै तथागतले धर्मचक्र प्रवर्तन गर्नुभयो । धर्मप्रचारको क्रममा भिक्षुहरूलाई एकै ठाँउमा बसी गुण धर्म बलियो गर्ने प्राप्त गर्ने मार्ग हुने गरी आषाढ पूर्णिमामा भिक्षुहरूलाई वर्षावास विनयको ज्ञापन पनि गर्नुभयो । लोक कल्याणार्थ बुद्धत्व प्राप्त गरी लिनुभएका बुद्धले आषाढ पूर्णिमामा प्रातिहार्य सह धर्मदेशनाले मात्र नै दुई कोटी देव मनुष्यहरूलाई धर्मचक्षु दिनुभयो ।

यी आषाढ पूर्णिमाको पुण्य संयोग सम्झिनलायक छन्, आषाढ पूर्णिमा सम्झिन लायक छ । यसले हामीलाई पनि कुशल कर्म गर्ने बानी गराइदिन्छ, प्रेरणा दिन्छ, प्रकाश दिन्छ, हौसला दिन्छ, अनि दिन्छ ज्ञान चक्षु ! प्रज्ञा चक्षु !! संसारको अज्ञान अन्धकार सम्पूर्ण बाँधी चार सत्य र आठ मार्ग देख्न सक्ने विशुद्ध बोधि चक्षु !!!

समाप्त !

Dhamma.Digital



https://dhamma.digital

# पालि त्रिपिटक : परिचय

## पालि त्रिपिटक

"यो धम्मं पस्सति, सो मं पस्सति ।"

"जसले धर्मलाई देख्छ, उसले मलाई देख्छ ।"

बुद्ध देख्न, धर्म बुझ्न अनि संघ बलियो गर्न हामीले धर्म नै पहिले राम्ररी चिन्नुपर्छ। अनि धर्म चिन्न पाली त्रिपिटक भन्दा बढी अरू कुनै भाषा वाङमयले हामीलाई मद्धत गर्न सक्दैन ।

महामानव बुद्धले मानिसहरूलाई पैतालिस वर्ष सम्म दिनु भएको सन्देशमा यो त्रिपिटक नै सबैभन्दा बढी प्रामाणिक हो । मानव जीवनको निम्ति भएको अनुसार, चाहिएको अनुसार प्रष्ट रुपले धर्मको ज्ञान अरू सबैमा भन्दा पाली त्रिपिटकले नै दिन सक्छ ।

## त्रिपिटकको भाषा

भाषाको कारणले पनि ज्ञान बुद्धि नै केही जमातको लागि मात्रै हुन सक्छ। त्यसैले बुद्धले ठूलो कुरालाई ठूलो भाषामा चाहिन्छ भनि भन्नेहरूलाई भन्नुभयो सम्पूर्ण बुद्धवचन छन्दोबद्ध (त्यसबेलाको प्रचलित सम्मानित प्रकारको संस्कृत भाषा) गर्ने भनिएको भिक्षुलाई बुद्धले भन्नुभयो। अझ तुरून्त भिक्षुहरू जम्मा गरि यस्तो गरे भने अपराध ( आपत्ति) हुन्छ भनी आज्ञा गर्नुभयो ।

त्यसैले भिक्षुहरूले जनताको बीचमा जनभाषाले उपदेश दिनुभयो । यो भाषा सायद मगधको भाषा वा त्यस सँग सँगै मिलेको भाषा हो । फेरि त्यसैले पनि त्रिपिटकको भाषालाई "मागधी" पनि भनियो। अनि बुद्धवचनको अर्थमा यसलाई "पाली" पनि भनियो ।

## मागधी : पालि

बुद्धको उपदेश अनुसार भिक्षुहरूले त्यसबेलादेखि अहिले सम्म आफूहरू जहाँ जहाँ गए, त्यहाँ त्यहाँका जनताका भाषाले धर्मप्रचार गरे । सिंहली, बर्मी, श्यामी, तिब्बती, चिनी र जापानी आदि एशियाका भाषा साहित्यको इतिहास नै यसको प्रमाण हो। तर त्यसरी पनि मूल बुद्धवचनको भाषा भनि त्रिपिटकको परम्परागत भाषा एउटा पनि रक्षा गर्दै आए ।



https://dhamma.digital

त्रिपिटक माथि भनिए जस्तै मगध देशको नाम अनुसार मागधी भाषा नै हो। अनि , मागधीको पर्यायवाची अनुसार यसलाई पालि पनि भनिन्छ। तर यथार्थमा "पालि" शब्दको भाषा शास्त्रीय अर्थ नै यहाँ सबैभन्दा राम्रो हुन्छ। अनि "पति" शब्द "पालि" भएको पनि देखाइराखिएको छ।

## बुद्धवचन : पालि

"पालेति रक्खती'ति पाली " पालन गरिराखेको रक्षा गरिराखेकोले "पाली"। यो नै "पाली" शब्दको व्युत्पत्ति विषयमा व्याकरणको व्याख्या हो। आचार्य बुद्धघोषले पनि "मूल बुद्धवचन" को अर्थमा पाली शब्द देखाउनुभएको छ। 'अयमेत्थ पाली' (यहाँ यो पाली) भनी, 'पालीयं वुत्तं' ( पाली भनि राखिएको) भनी, 'नेव पालीयं' (पनि पाली) भनि आचार्य बुद्धघोषले आफ्नो ग्रन्थमा बुद्धवचनको मूल देखाउनु पर्ने पर्दा सधैं भन्नुहुन्छ।

बुद्धको उपदेश हावामा उडाउने शब्द विद्याको कसरत होइन। त्यो महाकारूणिक तथागतको करूणापूर्ण शब्दमय काम पनि हो। सम्पूर्ण बुद्धको उपदेश त्यसैले कुनै न कुनै प्राणीको कारणमा नै भन्नुहुन्छ। बरू उपदेश सुनिसकेपछि भिक्षुहरूले कहिलेकाहीँ बिन्ति गर्छन, 'को नु खो अयं भन्ते धम्मं परियायो'ति '। ' भन्ते , यो धर्म पर्यायको नाम के हो ?' बुद्धले भन्नुहुन्छ, ' इमं धम्म परियायं अत्थ जालन्ते'पी धारेहि' 'यो धर्म पर्यायलाई 'अर्थ जाल' भनि पनि धारण गर। अनि यो नै सूत्रको शिर्षक हुन्छ।

फेरि यो नै बुद्धवचन समूहभावमा आएको शब्द परियाय, पलियाय, पालीयाय, पाली भएर गयो। वास्तवमा भन्नुपर्दा सम्राट अशोकले पनि 'धम्म पलियायानि' शब्द आफ्नो अभिलेख उल्लेखमा दिइराखेका छन्।

## त्रिपिटकको विभाजन

बुद्धवचनलाई सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म, वेदल्ल अनुसार नवाङ्ग विभाजन पनि गर्छ। आजको त्रिपिटक विभाजनको स्वरूप सबैभन्दा पहिले हामीलाई दीघनिकायको अर्थकथाले दिन्छ, जुन अर्थकथा चौथो पाँचौ शताब्दीको अनुवाद हो। तर अर्थकथामा नै लेखिएको छ, यो विभाजन प्रथम संगायनामा भयो। अशोकको भ्राबु शिलालेखमा जुन सातवटा बुद्धवचन विनयसंमुकसे, अलियवसानि, अनागतभयानि, मुनिगाथा, मोनेय्यसुत्ते, उपातिसपसिने, लाघुलोवादको उल्लेख गरिएका छन्। यी सम्पूर्ण त्रिपिटकमा भेट्टाइन्छ।



https://dhamma.digital

प्रथम संगायनमा उपालीसँग विनय अनि आनन्दसँग धर्म ( सूत्र र अभिधर्म) सोधी संगायन गरे । अनि आज भएका अभिधर्मको कुरा पिटकको देशना बुद्धले गर्न सम्भव नभएतापनि धर्मानुरूप नै हुन्छ । त्यसैले प्रथम संगायनाको धर्म र विनय को संगायनामा नै अभिधर्म पनि समावेश गरियो । अनि मात्र अशोकको गुरू मोग्गलिपुत्त स्थविरको कथावस्तु प्रकरण पनि त्रिपिटकमा समावेश गरियो ।

## त्रिपिटक लिपिबद्ध

बुद्धले आफ्नो सन्देश आफैले नै लेख्नुभएको छैन । त्यसबेला अक्षर र लेख्ने काम भइसकेको त हो । तर, अक्षर विद्या र शास्त्रको भाषा जान्नेहरू हातमा गन्न मिल्ने भएकोले बुद्धले भिक्षुहरूलाई एउटै बाटो दुई जना नगई (मौखिक) धर्म प्रचारको आज्ञा दिनुभयो ।

बुद्धको महापरिनिर्वाणको तीनमहिना पछि मगध (राजगृह) को सप्तपासाण गुफामा भिक्षुहरू जम्मा भए । यता उता बुद्धले आज्ञा गर्नुभएका सन्देश आ आफूमा छलफल गरियो । बुद्धवचन संकलित भयो । यो नै प्रथम संगायना हो । फेरि तेस्रो संगायना सम्म यस्तै नै भयो । तर दुई हजार वर्षअघि (प्रथम शताब्दी) मा श्रीलंकामा ठूलो दुर्भिक्ष भयो । अनि धर्मधारी भिक्षुहरू नहुँदा धर्म नै लोप हुने भयले धर्म रक्षा गर्न राजा वट्टगामणीले बुद्धवचन लिपिबद्ध गरे ।

बुद्धवचन 'त्रिपिटक' अक्षरमा आउने पाण्डित्यपूर्ण काम पनि धमाधम भयो । बुद्धको युगबाट नै प्रचारको निम्ति जनताको हित पक्षमा नदेखिइसकेको शास्त्रीय (संस्कृत) भाषामा महायानी विचारधाराले बुद्धवचन निस्किए । बुद्धवचन दर्शन भनिएकोलाई महायानले खुबै विकास गऱ्यो । स्थविरवादले पनि अर्थकथा लेख्दै गए ।

तर त्रिपिटकको पाली प्रवाह भने त्यत्तिमा नै नरोकी चल्दै गयो । १८७८ ईस्वीको बर्मी राजा मे डौं को श्रद्धाले तीन वर्ष दिएर ६२९ वटा शीलामा ठूलो श्रद्धा र यत्नले त्रिपिटक कुद्न लगाएको यसको प्रमाण हो ।

त्रिपिटक सँगै बौद्ध संस्कृतिले धेरै काम गऱ्यो । एशियाई संस्कृति समानता, सभ्यतामा एकता अनि विचारधारामा विशुद्धता र सरलता ल्याउनमा जुन काम यसले गऱ्यो, त्यो अविस्मरणीय नै रहन गयो ।



https://dhamma.digital

**त्रिपिटकको विभाजन**

त्रिपिटक : तीन पिटक ।

त्रिपिटक हुन्, (१) सूत्र पिटक (२) विनय पिटक (३) अभिधर्म पिटक

(१) सूत्र पिटकको पाँचवटा निकाय छन् :

क) दीघनिकाय ख) मज्झिमनिकाय

ग) संयुक्तनिकाय घ) अंगुत्तरनिकाय ङ) खुद्दकनिकाय

दीघनिकायमा बुद्धकालीन दर्शन जाल बुझाइदिने 'ब्रह्मजाल सुत्त' र बुद्धको अन्तिम वर्षको वर्णन भएको 'महापरिनिब्बाण सुत्त' छ । लामो लामो सूत्रको संकलन भएकोले यसलाई दीघनिकाय भनियो । लामो पनि नभएको छोटा पनि नभएको सूत्रको संकलन नै मज्झिमनिकाय हो । संयम शिक्षा दिने 'राहुलोवाद सुत्त' र बौद्ध दृष्टिकोणमा बौद्धहरूको कर्तव्याकर्तव्य बुझाईदिने 'सिंगालोवाद सुत्त' यसमा छ । स सानो मूल उपदेश अनुसारको संकलन संयुक्तनिकाय हो । एउटा एउटा कुरा, दुई दुई वटा कुरा भएको अनुसार क्रमशः अंक उत्तरोत्तर वृद्धि हुने तत्वको उपदेश संग्रह नै अंगुत्तरनिकाय हो । बौद्धिक शोषण र अन्धविश्वासको धारणा पक्षको धर्म पाली बुद्धिवाद धर्म र स्वतन्त्र चिन्तनलाई महत्व दिने "कालाम सूत्र" यसमा छन् । खुद्दकनिकायमा पन्ध्रवटा अलग-अलग ग्रन्थ छन् । ती हुन् : खुद्दक पाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देश, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंश र चरियापिटक ।

२) विनय पिटकमा पाँच विभाजन छन् :

क) महावग्ग ख) चुल्लवग्ग ग) पाराजिका

घ) पाचित्तिय ङ) परिवार

कारणानुरूप नियम बनाउने बुद्धधर्मको प्रगतिशीलता र बुद्धधर्म अनुसार जुन शासन र विचारधारा चिरस्थायी कस्तो हुन्छ भनेको बुझाइदिने भिक्षु भिक्षुणीहरूको नियमको वर्णन नै पाराजिका र पाचित्तिय ग्रन्थमा छन् । अनि भिक्षु र श्रामणेर बनाउने विधि महावग्गमा, संगायना गर्नुपर्ने भएको तात्विक वर्णन चुल्लवग्गमा अनि प्रश्नोत्तर अनुसार यी नै कुराहरू बुझाइदिने परिवारमा उल्लेख भएका छन् ।



https://dhamma.digital

३) बुद्धोपदेशलाई तात्विक अनुसार र शास्त्रीय पद्धति अनुसार विवेचना गर्ने काम नै अभिधर्मले गर्छ । यसमा सातवटा विभाजन छन् :

क) धम्मसंगणी ख) विभंग ग) धातुकथा

घ) पुग्गलपञ्ञति ङ) कथावत्थु च) यमक छ) पट्ठान

बौद्ध अनित्य, दुःख र अनात्मा बुझ्न यी ग्रन्थहरू मूल्यवान छन् । नाम रूपलाई लक्षण अनुसार बुझाइदिने काम 'धम्मसंगणी'ले गर्छ भने 'विभंग'ले स्कन्ध र आयतनको विवेचन गर्छ । धातुको व्याख्या 'धातुकथा' ले गर्छ, अनि 'पुद्गलपञ्ञति'ले पुद्गलहरूको चित्तको भेद गर्छ । 'कथावत्थु'ले विविध मतसँगको बौद्ध दर्शनको कथा भित्रैदेखि बुझाइदिन प्रश्नउत्तर दिन्छ, अनि सकारात्मक र नकारात्मक चित्त र स्वभावलाई 'यमक'ले बुझाइदिन्छ । 'पट्ठान'मा बुद्धको बुद्धिवादको व्याख्या, अनि सर्वशक्तिमान भन्नेलाई सृष्टिकर्तावाद वा ईश्वरवादको खण्डन गरी प्रतीत्यसमुत्पाद वादको व्याख्या गरिएको छ ।

वस्तुत : संसारको समस्त धर्म वाङ्मय भन्दा ग्रन्थ प्रमाणले बढी शब्द भएको प्रामाणिक धर्म ग्रन्थ त्रिपिटक हो । फेरि यो जसरी शब्द प्रमाणले माथि उच्च स्थानमा छ, त्यसरी नै पवित्र र सत्य धर्म अनुसार पनि माथि पर्दछ ।

(यो रचना पहिले बु.सं. २५१२ श्री सुमङ्गल विहारले प्रकाशित गरेको थियो । साथै यस्ता रचना स–साना पुस्तकको रूपमा प्रकाशन गर्नका निम्ति योजना गर्ने व्यक्तिहरू उपासकद्वय श्री न्हुछेलाल र स्व. बहादुरहुन् ।)

समाप्त !

Dhamma.Digital



https://dhamma.digital

# धम्मपदट्ठकथा

१) विडुडभको कथा

२) कञ्जूस कोसिय महाजनको कथा

३) छत्तपाणी उपासकको कथा

४) विशाखा उपासिकाको कथा

५) आनन्द स्थविरको कथा

६) महाकाश्यप स्थविरको कथा


लेखक:

**भिक्षु अमृतानन्द महास्थविर**

नेपाली भाषामा अनुवाद:

**धर्मरत्न शाक्य "त्रिशुली"**



Dhamma.Digital

https://dhamma.digital

# धम्मपदट्ठकथा

## क) विडुडभको कथा

"पुप्फानि हेव पचिनन्त" भन्ने यो धर्मदेशना श्रावस्ती नगरमा बास गरिरहनु भएको बेला परिवारसहित बाढीले बगाएको विडुडभको कारण शास्ताले बताउनु भएको हो ।

यो उनको आनुपूर्व कथा हो - श्रावस्ती महाकोशल राजाका छोरा पसेनदिकुमार नाउँ गरिएका, वैशालीका लिच्छवीकुमार महाली नाउँ गरिएका, कुशीनगरका मल्लाराजपुत्र बन्धुल नाउँ गरिएका - यी तीनै जना दिशाप्रमुख आचार्य कहाँ शिल्प-विद्या सिक्न तक्षशिलामा जाँदा नगर बाहिर एउटा धर्मशालामा तीनैजना भेट भएर परस्पर त्यहाँ आएको र कुल-वंश नाउँसमेत सोधेर आफू आफूमा मित्र सम्झी सँगै नै आचार्यकहाँ पुगेर समय धेरै नबित्दै सिक्नुपर्ने शिल्प-विद्या सम्पूर्ण गरी आचार्यसँग बिदा लिएर त्यहाँबाट सँगै नै निस्केर आ-आफ्नो ठाउँमा फर्किए । ती तीनजनामध्ये पसेनदिकुमारले पिता राजालाई आफ्नो शिल्प विद्या देखाई प्रसन्न गराई आफ्नो लागि राज्याभिषेक प्राप्त गरे । महाली कुमारले लिच्छवीहरूलाई आफ्नो शिल्प विद्या देखाउँदा उत्साह गरी देखाएको हुनाले उनको दुवै आँखा फुटे । लिच्छवी राजाहरूले "अहो हाम्रा आचार्यको आँखा फुटेर अन्धो हुनुभयो । हामीले उहाँलाई त्यसै त्याग्नु हुँदैन । उहाँको उपस्थान सेवा गर्नुपर्‍यो" भनी सय हजार रकम उठ्ने एउटा द्वार-प्रदेश गाउँ दिए ।

उनले सोही द्वार-प्रदेशको आश्रय लिएर पाँचसय जना लिच्छवी कुमार हरूलाई शिल्प विद्या सिकाई रहँदा बन्धुल कुमार पनि साठी-साठी वटा मुठा बाँधिराखेको बाँसका मुठामा बाँसको भित्र फलामको डन्डी राखी मुठा बाँधिराखेको साठी मुठा बाँस ठडयाउन लगाई मल्ल राजकुलले "लौ यो काटेर देखाऊ" भनेपछि कुमारले माथि आकाशमा अस्सी हात उफ्रेर गई खड्गले काट्दै जाँदा तल मुठा भएको ठाउँमा पुग्दा किणि-किणि शब्द निस्केको सुनी "यो के आवाज आएको" भनी सोध्दा "सबै बाँसका मुठाहरूमा फलामका डन्डी राखेको छ" भनेको सुनेर खड्ग फालेर रूँदै "मेरा यत्तिका आफन्त साथीभाइहरू एकजनाले पनि मलाई स्नेह गरी यो कारण बताएन । यदि मैले यो कारण पहिले नै थाहा पाएको भए फलामको आवाज कत्ति पनि नसुनिने



https://dhamma.digital

गरी काटिदिने थिएँ ।" भनी राजाहरू सबैलाई मारेर म राज्य चलाउँछु भनी आमा बाबुलाई भने । तात ! तिनीहरूको परम्पराबाट चलिआएको राज्यलाई यस्तो गर्न उचित छैन भनी नाना प्रकारले रोकेपछि त्यसोभए म यहाँ बस्दिन, मेरो साथी कहाँ बस्न जान्छु भनी श्रावस्तीमा गए । पसेनदि राजाले उनी आएको सुनेर स्वागत गरी, महान् सत्कार सम्मान गरी नगरभित्र लगी सेनापति पद दिएर राखे । उनले आफ्नो आमा बाबुहरूलाई पनि त्यहीँ बोलाई राखे ।

अनि एक दिन राजदरबारको माथि बसेर झ्यालबाट बाटोमा हिंडिरहेका मानिसहरू हेरिरहँदा अनाथपिण्डिक महाजन, चूल अनाथपिण्डिक, बिशाखा, सुप्पवासाहरूको घरमा भोजनको निम्ति गइरहेका हजारौं भिक्षुहरू देखेर यी आर्यहरू कहाँ गइरहेका भनी सोध्नुभयो । महाराज ! अनाथपिण्डिकको घरमा नित्य भोजन, बिरामी भएकाहरूलाई दिने भोजन, आदिको निम्तो दिनको बिन्ति गरेपछि आफूले पनि भिक्षुहरूलाई उपस्थान गर्ने इच्छा गरी विहारमा गएर भिक्षुसंघ सहित तथागतलाई निमन्त्रणा गरी लगातार सातदिनसम्म भोजन दान दिएर सातौं दिनमा वन्दना गरी पाँचसय भिक्षुहरू साथमा लिएर दिनहुँ भिक्षाको निम्ति दरवारमा पाल्नुहवस् भनी प्रार्थना गरे । हे महाराज ! बुद्ध भनिएकाले दिनहुँ एकै ठाउँमा भिक्षा ग्रहण गर्नुहुन्न । धेरै मानिसहरूले बुद्धलाई आफ्नो घरमा भित्र्याउने आशा राख्छन् । त्यसो भए भन्ते ! दिनहुँ एकजना भिक्षु पठाई दिनुहवस् भनी याचना गरे । शास्ताले आनन्द स्थविरलाई राजदरबारमा जाने भार दिनुभयो ।

राजाले भिक्षुसंघ आएपछि भिक्षापात्र लिएर तिमीहरूले भोजन गराई पठाऊ नभनीकन सातदिनसम्म आफैँले भोजन गराई आठौँ दिनमा कामले अलमल भएर भोजन गराउने काममा ध्यान दिन सकेन । राजकुलमा भने बिना आज्ञा आसन बिछ्याई भिक्षुहरूलाई बसाई भोजन गराउन पाइँदैनथ्यो । हामीहरू यहाँ त्यसै उभिइरहन सक्दैनौं भनी धेरै नै भिक्षुहरू फर्केर गए । राजाले भोलिपल्ट पनि यस काममा ध्यान दिन सकेनन् । भोलिपल्ट पनि धेरै नै भिक्षुहरू फर्केर गए र तेस्रो दिन पनि प्रमादित भयो, त्यस दिन आनन्द स्थविर एकजना छाडी अरू सबै फर्केर गए । पुण्यवान्हरू कारणको वशमा जाने हुन्छन् । कुलहरूको प्रसन्नतालाई रक्षा गर्ने हुन्छन् । तथागतका सारि पुत्र स्थविर र महामौद्गल्यायन स्थविर दुईजना अग्रश्रावकहरू हुन् । खेमा उत्पलवर्णा नामकी दुई अग्रश्राविकाहरू । उपासकहरूमध्ये चित्त गृहपति



https://dhamma.digital

र हत्थक नाउँका दुई अग्र श्रावक उपासकहरू हुन् । उपासिकाहरूमध्ये बेलुकण्ठकी नन्दमाता, खुज्जुत्तरा नाउँकी दुई अग्र श्राविकाहरू हुन् । यी आठजना आदि गरी पद पाएका सबै श्रावकहरू एक प्रकारले दशपारमिता पूर्ण गरी आएका महा पुण्यवान् हुन् । आनन्द स्थविर पनि एकलाख कल्पसम्म पारमी पूरा गरेर अभिनिहारले सम्पन्न, पुण्यसम्पत्ति र आफ्नो कारणवशले कुलको प्रसन्नतालाई रक्षा गर्नेमा थिए । त्यसकारण उनी बसिरहे । उनी एकजनालाई मात्र बसाई भोजन गराए ।

राजाले भिक्षुहरू फर्केपछि खाने पिउने सामानहरू त्यसै रहेको देखेर "आचार्यहरू आउनु भएन कि कसो भनी सोधेपछि 'महाराज ! आनन्द स्थविर एकजना मात्र आउनु भयो' भन्ने खबर सुनेर हेर यत्तिका खाने पिउने वस्तु खेर जाने गरिदिए भनी भिक्षुहरूसँग रिसाई शास्ताकहाँ गई भन्नुभयो, "भन्ते ! मैले पाँचसय भिक्षुहरूका लागि भिक्षा भोजन तयार गराई राखें । केवल आनन्द स्थविर एकजना मात्र त्यहाँ आउनुभयो । जोरजाम गरिराखेको भोजन सबै त्यसै उब्रिएको रहेछ । पाँचसय भिक्षुहरूले मेरो दरवारलाई तुच्छ सम्झे, कारण के होला?" भनी सोधे । शास्ताले पनि भिक्षुहरूलाई दोष नदिइकन मेरा श्रावक भिक्षुहरूले तपाईंलाई विश्वास गरेनन् होला, त्यसैले नगएका हुनसक्छन् भन्नुभई कुलगृहमा जाने कारण र नजाने कारण प्रकाश गर्दै भिक्षुहरूलाई आमन्त्रण गरी यो सूत्र आज्ञा गर्नुभयो ।

"हे भिक्षु हो ! नौवटा अङ्गले सम्पूर्ण नभएको कुल-गृहमा जाने इच्छा भएता पनि नजानु, गए पनि त्यहाँ नबस्नु । ती नौवटा अङ्ग के के हुन् भने "जहाँ चित्त प्रसन्न पारेर उपस्थान गरिंदैन, खुशी भएर अभिवादन गरिंदैन, मन प्रसन्न पारेर आसन लगाइदिंदैन, भएका चीज वस्तु दान गर्नुपर्ला भनी लुकाउन लान्छन्, धेरै दान दिनुपर्ने ठाउँमा थोरै दान दिन्छन्, प्रणीत असल वस्तु छँदाछँदै सस्तो कमसल वस्तु, दानदिन खोज्छन्, आदर सम्मान राखी दान दिंदैन, आदर गौरवसहित अगाडि आएर बस्न आउँदैन, धर्मदेशना गरिरहँदा राम्रोसँग ध्यान दिएर सुन्दैन । "हे भिक्षु हो ! यी नौवटा अङ्गले सम्पूर्ण नभएको कुलगृहमा जाने इच्छा भए तापनि नजानु । जानै परे पनि त्यहाँ नबस्नु उत्तम छ ।"

नौ वटा अङ्गले सम्पूर्ण भएको कुलमा जाने इच्छा नभए पनि जान योग्य छ । जाँदा पनि त्यहाँ बसेर कुरा गर्न योग्य छ । ती नौवटा अङ्ग के के भने "जहाँ मन प्रसन्न पारेर स्वागत सत्कार गर्ने हुन्छ, मन प्रसन्न पारेर



https://dhamma.digital

अभिवादन गर्ने हुन्छ, मन प्रसन्न पारेर आसन ओछ्याइदिन्छ, आफूसँग भएको चीज वस्तु लुकाउँदैन, धेरै भए धेरै दिनुपर्ने ठाउँमा धेरै नै दिन खोज्छ, प्रणीत वस्तु भए सोही दान दिन खोज्छ, आदर गौरव राखी दान दिन्छ, आदर गौरवपूर्वक अगाडि आएर बस्न आउँछ, धर्मदेशना गर्दा आदर गौरवपूर्वक ध्यान दिएर सुन्ने गर्छ । हे भिक्षुहो ! यी नौवटा अङ्गले सम्पूर्ण भएको कुल गृहमा जाने इच्छा नभए तापनि जान योग्य छ, गए पनि त्यहाँ बसेर कुरा गरिरहनु योग्य छ ।" (अ०नि०३.९.१७)

"महाराज ! यसरी मेरा श्रावकहरू तपाई कहाँ विश्वास लाभ नभएर नगएका हुनसक्छन् । पहिले पहिलेका पण्डितहरू पनि आफूलाई विश्वास नभएको ठाउँमा राम्रोसँग सत्कार गरेर उपस्थान गर्दा पनि मरणान्त वेदना भई आफ्नो विश्वासी भएको ठाउँमा नै गए ।" "कहिले?" भन्ते ! भनी राजाले सोधेपछि अतीतका कथा आज्ञा गर्नुभयो ।

अतीतमा वाराणसी नगरमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको बखतमा केशव नाउँ गरेका एउटा राजा आफ्नो राज्यसम्पत्ति सबै त्याग गरी ऋषि प्रब्रज्यामा प्रब्रजित हुनगए । त्यो राजाको पछि-पछि पाँचसय जना अरू मानिसहरू पनि प्रब्रजित हुन गए । अनि केशव तपस्वी भन्ने नाउँले प्रख्यात भए । राजालाई वस्त्र लगाइदिने कप्पक पनि उनीसँगै प्रब्रजित भई उनका सबभन्दा नजिकको कप्पक नाउँको शिष्य सेवक भइरहे । केशव तपस्वी आफ्ना परिवारसँगै आठ महिनासम्म हिमालय प्रदेशतिर बिताई बर्षा ऋतु भएपछि नुनिलो, अमिलो सेवन गर्नुको निम्ति वाराणसी पुगेर भिक्षाको निम्ति सहरमा पसे ।

राजाले तिनीहरूलाई देखी प्रसन्न भएर धेरै समयसम्म आफ्नो सहरमा बास गराउन अनुमति लिएर उद्यानमा नै बास गराई आफू सन्ध्या समयमा र बिहान तिनीहरूको उपस्थान सेवाको निम्ति उद्यानमा जाने गर्थे । अरू अरू तपस्वीहरू दुई चार दिन त्यहाँ बसेर हात्तीको शब्दको कारणले उत्कण्ठित भएर, "आचार्य, यहाँ हामीलाई बाधा भयो, हामी जान्छौं" भनी भने । कहाँ जान्छौं ? आचार्य हिमालयतिर जान्छौं । हामी यहाँ आएकै दिनदेखि राजाले यहाँ चार महिनासम्म बस्ने बचन लिई राखेका छन् । तात ! त्यसकारण कसरी जाने ? तपाईंले हामीसँग नसोधीकन नै अनुमति दिनुभयो । हामी यहाँ बसिरहन सक्दैनौं परन्तु यहाँबाट अलि टाढा गइकन तपाईंको समाचार सुन्न



https://dhamma.digital

पाइने ठाउँमा बस्न जान्छौं भनी वन्दना गरी गए । आचार्य कप्पक अन्तेवासी सँगै त्यहीं बसे ।

राजा उपस्थानको निम्ति आउँदा "आचार्यहरू खोई ?" भनी सोध्नुभयो । महाराज ! उत्कण्ठित भयौं भनी हिमालतिर लागे । कप्पक पनि उत्कण्ठित भएर चाँडै नै आचार्यले बारम्बार रोकेता पनि "बस्न सकिंदैन" भनी गए । उनी अरूहरू गएको ठाउँमा नगईकन आचार्यको खबर लिंदै नजिकै एक ठाउँमा बसे । पछि शिष्यहरू सम्झेर आचार्यलाई पेटको रोग उत्पन्न भयो । राजाले बैद्यहरू बोलाई उपचार गर्न लगाए । रोग शान्त भएन । तपस्वीले भने, "हे महाराज ! मेरो रोग शान्त पार्न मनपर्छ ?" "भन्ते ! मैले गरेर मात्र हुने भए अहिल्यै तपाईंलाई स्वस्थ गरिदिन चाहन्छु । "हे महाराज ! यदि मेरो रोग निको पार्ने इच्छा भएको हो भने मलाई मेरा शिष्यहरू भएको ठाउँमा पठाइदिनुहवस् । राजाले हुन्छ हवस् भन्ते ! भनी एउटा खाटमा सुताई नारद मन्त्री प्रमुख चारजना मन्त्रीहरूलाई बोलाई मेरा आचार्यको कुशल समाचार जानेर मलाई पत्र लेखेर पठाउ भनी अऱ्हाई पठाइदियो । कप्पक शिष्यले आचार्य आउनुभयो भन्ने सुनेर लिन गए । आचार्यले अरूहरू खोई ? भनी सोधेपछि फलानो ठाउँमा बसिराखेका छन् भनी बतायो । तिनीहरूले पनि आचार्य पाल्नुभयो भन्ने सुनेर त्यहीं गएर आचार्यलाई तातो पानी र फलफूल दिए । तत्कालमा नै रोग शान्त भयो । धेरै दिन नबित्दै नै शरीर सुवर्णवर्ण भएर आयो । अनि नारद मन्त्रीले ऋषिसँग सोधे -

'मनुसिन्द जहित्वान, सब्ब काम समिद्धिनं ।
कथं न भगवा केसी, वप्पस्सरमति अस्समे ॥'

अर्थ - सबै काम-सम्पत्तिले समृद्ध भइरहेका, मानिसहरूका राजा कहाँ बस्न छाडे, हे भगवान् केशव ! तपाईंले कप्पकको आश्रममा कसरी रमाइलो मान्नुभयो ।

सादूनि रमणीयानी, सन्ति रूक्खा मनोरमा ।
सुभासितानि कप्पस्स, नारद रमयन्ति मं ॥

अर्थ - हे नारद ! यहाँ मलाई सुस्वादिष्ट रमणीय मनोरम रूखहरू धेरै छ । कप्पकको सुभाषितले यहाँ मेरो मन हलुका भएर रमाउँछ ।

'सालीनं ओदनं भुत्वा, सुचिं मंसूप सेवनं ।
कथं सामाकनीवारं, अमोणं खादयन्ति तं ॥'



https://dhamma.digital

अर्थ - शुद्ध मंस, माछा चारैतिर राखी मार्सी चामलको भात भोजन गरेर, नून नभएको मकैको चामलको भातले कसरी तपाईलाई सन्तोष गर्न सक्ला ।

'सादुं वा यदि वा सादुं, अप्पं वा यदि वा बहुं ।

विसत्थोयत्थ भुञ्जेय्य, विस्सास परमारसा"ति ॥'

अर्थ - स्वादिलो वा स्वाद नभएको, थोरै भए पनि धेरै भए पनि जहाँ विश्वास हुने कहाँ भोजन गर्न पाउँछ सोही विश्वास ठूलो रस हो ।

तथागतले यो धर्मदेशना ल्याउनु भएर जातकको अन्त गर्नुभयो । त्यस बेला राजा हुने मौद्‌गल्यायन हुन्, नारद हुने सारिपुत्र हुन्, कप्पक हुने आनन्द हुन्, केशव तपस्वी हुने त म नै हुँ भनी आज्ञा गर्नु भई "यसरी हे महाराज ! पहिले पनि विद्वान् पण्डितहरू मरणान्त वेदना हुँदा पनि आफ्ना विश्वासीको ठाउँमा नै गएर रोग निको तुल्याउँथे । मेरा श्रावकहरूलाई पनि तपाईं कहाँ विश्वास प्राप्त भएन होला ।" भनी आज्ञा गर्नुभयो । राजाले भिक्षुसंघसँग विश्वास गराउनु पर्‍यो, के कसो गरे विश्वास होला ? सम्यक्‌सम्बुद्धका कुनै आफन्त परेको एउटी केटी मेरो दरवारमा ल्याउनु पर्‍यो । त्यसो भए युवक भिक्षुहरू र ससाना श्रामणेरहरू यो राजा सम्यक्सम्बुद्धका नातेदार हुन् भनी ममाथि विश्वास गरी मेरा दरवारमा सधैंभरि आवतजावत भइरहने हुन्छ भन्ने विचार गरेर, मलाई एउटी केटी देऊ भनी शाक्यहरूकहाँ खबर पठाए । कुनचाहिं शाक्यकी केटी हुन्, यो पनि राम्रोसँग जानेर आउनु भनी दूतहरू पठाइदिए । दूतहरू गएर शाक्य-केटी माग्न गए । ती शाक्यहरू सबै भेलाभई यो चण्ड राजाले यदि हामीले कन्या दिएनौ भने हामीलाई विनाश गर्न पनि बेर मान्दैन । केटी दिएर पठाउँ भने राजा हाम्रो कुल समानको होइन । अब यसमा कुन उपाय गर्नुपर्ला भनी सल्लाह गरे । महानाम शाक्यले भने, मेरा नागमुण्ड नामकी दासीको तर्फबाट जन्मेकी वासभ खत्तिया नामकी एउटी छोरी अत्यन्त सुन्दरी छिन् । उनैलाई पठाउनु पर्ला भन्ने सल्लाह गरी दूतहरूलाई भने- "हुन्छ; हामीले कोशल राजालाई मेरी छोरी पठाइदिन्छौं", उनी कस्की छोरी भनी सोधे "सम्यक्‌सम्बुद्धका काकाका छोरा महानाम शाक्यकी छोरी "वासभ खत्तिया" हो भनी भन्नु ।"

तिनीहरू गएर राजालाई त्यस्तै बिन्ति गरे । राजाले त्यसो भए बेसै भयो छिट्टै ल्याइदेऊ, क्षत्री भनेकाहरूले धेरै जाल माया गर्न जानेका हुन्छन् दासीकी छोरी पनि पार्न सक्छ, बाबुसँग एउटै थालमा भात खाइरहेकी

भए मात्र लिएर आउनु भनी दूतहरू पठाए । तिनीहरू गएर “भो महाराज ! तपाईसँग एउटै थालमा भोजन गरिरहेकी छोरी हाम्रा राजाले चाहना गर्नुभयो भनेपछि महानाम शाक्यले “त्यसोभए हुन्छ तात”, भनी छोरीलाई वस्त्रालंकारले सुसज्जित पार्न लगाई आफूले भोजन गर्ने बेलामा डाक्न पठाई उनीसँगै बसी एउटै थालमा खाइरहेको जस्तो टाढाबाट देखाई दूतहरूलाई केटी सुम्पेर पठाइदियो । तिनीहरूले उनलाई लिएर श्रावस्तीमा गई भएको समाचार सबै राजालाई बिन्ति गरे । राजा सन्तुष्ट भएर उनलाई पाँचसय नारीहरूमा जेठी तुल्याई अग्रमहिषीको स्थानमा राखी अभिषेक गरे । उनले समय धेरै नबित्दै सुवर्ण वर्णको एउटा छोरो जन्माइन् ।

त्यसपछि त्यो छोरोलाई नामकरण गर्ने दिनमा राजाले बच्चाको बाज्येकहाँ दूत पठाई “शाक्यराजाकी छोरी बासभ खत्तियाले छोरा जन्माइन्, उनलाई के नाउँ राख्ने ?” भनी सोध्न पठायो । त्यो समाचार लिएर जाने मन्त्री भने अलि कान नसुन्ने पर्‍यो । उनी गएर राजाको त्यो कुरा राजाबाज्ये कहाँ बताउन गए । तिनीहरूले तिनको कुरा सुनेर वासभ खत्तियाले छोरो नपाइकन नै सबै जनालाई प्रभावित पारिदियो, अब राजा “बल्लभ” (निकै मन पराउने) हुनेछन् भने । बहिरो मन्त्रीले “बल्लभ” शब्दलाई “बिडुडभ” भनेको ठानेर राजाकहाँ फर्केर गई “महाराज ! कुमारलाई विडुडभ भनी नाउँ राखी पठायो“ भनी बिन्ति गर्न गए । राजाले यो पुराना कुलवंशदेखि चलिआएको नाउँ होला भन्ने सम्झेर कुमारलाई विडुडभ भनी नामकरण गरिदिए । अनि त्यो कुमारलाई बालक कालमा नै “शास्ताको प्यारो मन पराउने गराउनु पर्छ“ भनी राजाले सेनापति पद दिइराखे ।

ती राजकुमार सुख ऐश्वर्यपूर्वक बढ्दै सात वर्षको उमेर पुगेपछि अरू-अरू राजकुमारहरूको भने आमाको माइतीघरबाट हात्तीको रूप, घोडाको रूपको खेलौनाहरू ल्याएको देखेर आमासँग सोधे “आमा ! अरू-अरू राजकुमाहरूको मावलीको तर्फबाट खेल्ने खेलौना कोशेली दिन ल्याउँछन्, मलाई भने कसैले केही दिन ल्याउने होइनन्, कसो तिम्रो आमा-बाबु कोही छैन ?” आमाले ढाँट्दै भनिन्, “छोरा ! तिम्रा मामा शाक्यराजाहरू टाढा देशमा बास गरिराखेका छन् । त्यसकारण तिमीलाई कसैले केही दिन नल्याएको हो” ।

कुमार सोह्र वर्ष पुगेपछि “आमा ! तिम्रो माइतीको कुल एकपटक हेर्नजाने इच्छा भैरहेछ भन्दा, तात ! जानुपर्दैन त्यहाँ के कामले जाने ? भनी रोक्दारोक्दै पनि फेरि फेरि पिर्दै गरे । अनि उनले त्यसो भए गएर आऊ,



https://dhamma.digital

भनी स्वीकार गरिन् । राजकुमारले पितासँग अनुमति लिएर धेरै परिवार साथमा लिएर आफ्नो सहरबाट प्रस्थान गरे । वासभ खत्तियाले पहिले नै यो खबर पठाइदिए कि - म यहाँ सुखपूर्वक बसिराखेकी छु । यो कुमार त्यहाँ आउँदाखेरि तपाईंहरूको कुनै अन्तर नदर्साइ दिनुहोला ।" शाक्यहरूले विडुडभ आउँदा उनलाई वन्दना गर्नुपर्ला भनी उनीभन्दा उमेरमा कम भएका कुमार हरूलाई जनपद तिर पठाइदिए । उनी कपिलवस्तु नगरमा आइपुगेपछि सबै संस्थागारमा भेला हुन आए । विडुडभ कुमार त्यहाँ गएर बसे ।

अनि उनलाई उहाँ तिम्रा बाज्ये हुन्, उनी तिम्री बज्यै हुन्, यो तिम्रो मामा हो, भनी परिचय दिएपछि तिनीहरू सबैलाई उसले वन्दना गरे । आफूलाई वन्दना गर्ने कोही नदेखेर, यो कसो ? मलाई वन्दना गर्ने कोही छैन भनी सोधे । तिमीभन्दा उमेरमा कम भएका शाक्य कुमारहरू आजभोलि जनपदतिर गइराखेका छन् भनी उनलाई महान् सत्कार सम्मान गरे । उनी त्यहाँ दुई-चार दिन बसी ठुलो परिवार सहित त्यहाँबाट आफ्नो देश फर्के । अनि त्यहाँ एक दासीले संस्थागारमा "यो विडुडभ दासीपुत्र बसेर गएको पिर्का हो भन्दै बाहिर ल्याई गाली गर्दै शुद्ध गर्न दूधपानीले पखाल्दै गरेकी थिइन् ।

एउटा सैनिकको एउटा हतियार लिन बिर्सेकोले हतियार लिन भनी फर्कदा ती दासीले विडुडभ कुमारलाई दासीपुत्र भनी गाली गरिरहेको शब्द सुनेर त्यसको कारण सोधेर वासभ खत्तिया दासीको कोखबाट जन्मेको महानाम शाक्यकी छोरी हुन् भन्ने जानी फर्केर गई आफ्ना साथीहरूलाई बताए । "वासभ खत्तिया त एक दासीपुत्री रहेछिन्" भन्ने महान हल्ला मच्चियो । विडुडभले यो कुरा सुनेर यिनीहरूले म बसेको पिर्का दुधपानीले पखाली शुद्ध गरे । म राज्यमा प्रतिस्थित भएपछि शाक्यहरूको गर्दनको रगतले तिनीहरूको पिर्का पखालेर शुद्ध गर्न लगाउनेछु भनी मनमा राखे । तिनीहरू श्रावस्तीमा पुगेपछि यो कुरा राजालाई बिन्ति गर्न गए । राजाले मलाई दासीपुत्री पठाइदिए भनी शाक्यहरूदेखी क्रुद्ध भएर वासभ खत्तियालाई र उनका छोरालाई दिइराखेको सुख, ऐश्वर्य, सम्पत्ति सबै फिर्ता लिई दास दासीहरूलाई जति सुख सुविधा दिइराखेको हो त्यति मात्र दिन लगायो ।

त्यसपछि दुईचार दिन बितेपछि शास्ता राजदरबारमा पाल्नुभई आसनमा बस्नुभयो । राजा आएर वन्दना गरेर "भन्ते ! तपाईका आफन्तहरूले मलाई दासीको छोरी पठाइदिए त्यसकारण मैले पुत्र सहित तिनलाई दिइराखेको ऐश्वर्य फिर्ता लिई दास दासीहरूले पाउने जति सुविधा मात्र दिलाई राखेको



https://dhamma.digital

छु' भनी बिन्ति गरे । शास्ताले 'महाराज ! शाक्यहरूले अयोग्य काम गरे । दिनै परेपछि आफ्ना समान जातका दिई पठाउनुपर्ने थियो । म यस्तो भन्छु महाराज ! वासभ खत्तिया राजाकै छोरी हुन् । क्षत्रीय राजाको घरमा अभिषेक पनि पाएकी हुन् । विडुडभ पनि क्षत्रीय राजाको कारण जन्म भएका हुन् । आमाको गोत्रले के गर्छ, बाबुको गोत्र नै प्रमाणकर हुन्छ । पहिले पहिलेका पण्डितहरूले दरिद्री दाउरी लाई अग्रमहिषी पदवी दिए । उनीबाट जन्मेको कुमारले बाह्र योजन भएको वाराणसी नगरमा राजा बनाए 'कट्ठवाहन महाराज भनी नाम चलाई गए भनी कट्ठवाहन जातकको कथा बताउनुभयो । (जा. १.१.७) राजाले धर्मकथा सुनेर बाबुको गोत्र नै पर्याप्त रहेछ भनी सन्तुष्ट भएर आमा र छोरा दुवैलाई पहिले जस्तै ऐश्वर्य दिइराखे ।

बन्धुल सेनापतिको पनि कुशीनगरको मल्लिकाकी छोरी मल्लिका नाउँ गरेकी आफ्नी स्त्रीको धेरै कालसम्म पनि सन्तान भएन । अनि त्यसलाई बन्धुलले तिमी आफ्नो माइती कुलघरमै जाऊ भनी पठाइदिए । उनी मल्लिकाले शास्ताको दर्शन गरेर मात्र माइतिघर जान्छु भनी जेतवनमा पसेर तथागतलाई वन्दना गरिन् । तथागतले तिमी कहाँ जान लागिरहेकी भनी सोधेपछि भन्ते ! मलाई मेरा स्वामीले माइतीघरमा जाऊ भनी पठाउनु भयो । 'के कारणले ?' भनी सोध्नु भएपछि भन्ते ! म थारी भएँ, बालबच्चा नभएकोले गर्दा हो भनी बिन्ति गरिन् । तथागतले यदि त्यसो हो भने तिमी माइतिघरमा जानुपर्दैन, लोग्नेकै घरमा जाऊ भनी आज्ञा गर्नुभयो । मल्लिका मन प्रसन्न परेर शास्तालाई वन्दना गरी आफ्नो घरमा फर्किन् ।

लोग्नेले तिमी किन फर्केकी भनी सोध्दा दशबल शास्ताले मलाई फर्काउनु भयो भनी बताइन् । बन्धुलले दूरदर्शी हुनुभएका तथागतले कुनै विशेष कारण देख्नुभई फर्काइदिनुभएको होला भनी स्वीकार गरे । उनी चाँडै नै गर्भवती भइन् । उनको मनमा दोहल (महिलाहरू गर्भवती भइरहेको अवस्थामा मनमा हुने इच्छा) उत्पन्न भयो भनी बताइन् । त्यो दोहल के हो ? भनी सोध्दा वैशाली नगरमा गणराज्य परम्पराको अभिषेक गर्ने मङ्गल पुष्करणीमा पसेर स्नान गरी त्यहाँको पानी पिउने इच्छा भयो स्वामी भनी बताएपछि बन्धुलले हुन्छ, तिम्रो इच्छा पूर्ण गरिदिन्छु भन्ने वचन दिएर हजार मानिसको बलले उठाउनुपर्ने धनुष लिएर, स्त्रीलाई रथमा राखी श्रावस्ती नगरबाट बाहिर निस्की रथ हाँक्दै महाली लिच्छवीहरूले दिइराखेको ढोकाबाट वैशाली नगरमा पसे ।



https://dhamma.digital

महाली लिच्छवीको पनि ढोका नजिकै बास गर्ने निवासस्थान थियो। उनले ढोका रथले ठक्कर खाएको आवाज सुनेर यो बन्धुलको रथको आवाज हो, आज लिच्छवीहरूलाई भय उत्पन्न हुनेछ भने। मङ्गल पुष्करणी भित्र पनि बाहिर पनि सुरक्षा निकै कडा थियो। माथि फलामको जालले ढाकेर राखेको थियो। एउटा चरो पनि पस्ने ठाउँ थिएन। बन्धुल सेनापति रथबाट ओर्लेर पालो बसिरहेकालाई बेतको लट्ठीले पिटेर भगाई फलामको जाल काटेर पुष्करणीभित्र पसी स्त्रीलाई स्नान गराई आफूले पनि स्नान गरी उनलाई रथमा चढाई नगरबाट बाहिर निस्की आएकै बाटो हुँदै फर्के।

पालेहरूले गएर लिच्छवीहरूलाई त्यो घटना बताए। लिच्छवी राजाहरू रिसाई पाँचसय रथमा चढेर बन्धुल मल्ललाई पक्रन्छु भनी निस्के। महालीले उसलाई नपछ्याउ, उसले हामी सबैलाई मारिदिन्छ भने। तिनीहरूले हामी जान्छौं भने। त्यसोभए उसको रथको पाङ्ग्रा आधा चक्का नाभिसम्म जमीनमा धसिएको देखेपछि फर्कनु। त्यहाँबाट पनि फर्केनौ भने अगाडिपट्टि फलामको जस्तो आवाज सुनेपछि त्यस ठाउँबाट फर्कनु, त्यहाँबाट पनि फर्केनौ भने तिमीहरूको रथको छानामा प्वाल देखिन्छ त्यस ठाउँबाट फर्कनु, त्यहाँबाट अगाडी जाने प्रयास नगर्नु भने। तिनीहरूले उनको वचनलाई वास्ता नराखी पछ्याउँदै गए। मल्लिकाले पछाडी फर्केर हेरी, रथ देखियो भनी बताइन्। त्यसोभए एउटा मात्र रथ देखिएपछि मलाई भन्नु भने। उनले जब सबै रथ सिधा भई एउटा मात्र अगाडिको रथ देखिएपछि अब एउटा मात्र रथ देखियो स्वामी भनी बताई। बन्धुलले त्यसो भए यो लगाम तिमीले समाती राख भनी उसलाई लगाम समाउन दिएर रथमै बसेर धनुषमा तान चढाए।

रथको पाङ्ग्रा नाभिसम्म भूमिमा धस्सिएर गयो। लिच्छवीहरू त्यस्तो भएको देखी देखी पनि फर्केनन्। फेरि अलि पर गएर धनुषको तान चड्काए। फलामको आवाज निस्के जस्तै आवाज निस्कियो। तिनीहरू त्यहाँबाट पनि फर्केनन्। पछ्याइरहेकालाई बन्धुलले रथमै बसेर एउटा तीरले हाने। त्यो तीरले पाँचसय रथको छानामा प्वाल पारेर पाँचसय लिच्छवी राजाहरूको पटुका बाँधीराखेको ठाउँमा कम्मर छिचोलेर पृथ्वीमा पसे। तिनीहरूले आफूलाई तीर लागेको भाव थाहा नपाई अरे ! पर्ख पर्ख भन्दै लखेट्दै गरे। बन्धुलले रथ अड्याई तिमीहरू सबै मरिसकेका छौ, मरेकासँग म युद्ध गर्दिन भने। के हामीजस्ता मरेका हुन्छन् र ? भनी सोधेपछि त्यसो भए सबैभन्दा अगाडि बस्नेको पटुका फुकालेर हेर भने। उसले पटुका फुकाल्नेबित्तिकै



https://dhamma.digital

त्यो त्यहीं मरेर लडे । अनि उसले तिमीहरू सबै कवच छाडेपछि यस्तै हुनेछ। आ—आफ्ना घरमा गएर परिवारहरूलाई बताउनुपर्ने कुरा बताई स्त्री पुत्रहरूलाई अनुशासन अववाद गरेर मात्र कवच फुकाल्नु भनी भने। तिनीहरू सबैले त्यस्तै गरेर प्राण त्याग गरी मृत्यु वरण गरे ।

बन्धुलले मल्लिकालाई श्रावस्तीमा फर्काए । उनले सोऱ्हपटकसम्म जुम्ल्याहा छोराहरु जन्माइन् । सबै नै शूर वीर बलवान भई निस्के । सम्पूर्ण शिल्प-विद्यामा सम्पूर्ण रूपले पारङ्गत भए । एक एक जनाको एक एक हजार परिवार भए । बाबुसँग राजदरवारमा जाँदा पटांगिनी सबै तिनीहरूले नै भरिन्थे ।

त्यसपछि एकदिन न्यायालयमा झगडा हारेर फर्केका मानिसहरूले बन्धुल आइरहेको देखेर ठूलठूला स्वरले कराई न्यायाधीशले बेइमान गरेको कुरा बताए । उसले न्यायलयमा गई त्यो मुद्दा उल्टाई वस्तुको वास्तविकता हकदारलाई नै मालिक तुल्याई, हार्नेलाई जिताई, जित्नेलाई हराइदियो । धेरै जनाले ठूलो स्वरले साधुकार दिए । राजाले यो केको शब्द भनी सोधी यसको कारण जानेर प्रसन्न भई ती सबै न्यायाधीशहरूलाई निकाली बन्धुललाई नै न्याय निसाफ गर्ने काममा लगाइदिए । उनले त्यस बेलादेखी राम्रोसँग निष्पक्ष रूपले न्याय निसाफ गरिरहे । ती पुराना न्यायाधीशहरू घुस खान पाएनन् र उनीहरुको कमाइ घटेर गयो ।

अनि बन्धुलले राज्य लिन ताकिरहेको छ भन्ने कुरा राजाकहाँ गएर चुक्ली लगाउन गए । राजाले तिनीहरूको कुरा सुनेर आफ्नो चित्तलाई थाम्न सकेनन् । यिनीहरूलाई यहीं नै मार्‍यो भने निन्दा चर्चा उत्पन्न हुनेछ भनी मनमा सम्झे । आफैले अऱ्हाई पठाएका मानिसहरूले प्रत्यन्त प्रदेशमा उपद्रब मचाउन लगाई बन्धुललाई डाक्नपठाई प्रत्यन्त प्रदेश कुपित भइरहेछ “तिमी र तिम्रा छोराहरू सँगै गएर उपद्रव शान्त गर्न जाउ” भनी अऱ्हाई पठाएर, उसलाई त्यहीं बत्तीस छोराहरू सहित टाउको काटेर ल्याऊ भनी तिनको पछिपछि अरू समर्थ भएका बलवान योद्धाहरू पठाइदिए । तिनीहरू प्रत्यन्त प्रदेशमा पुग्नेबित्तिकै सेनापति आइरहेको छ भन्ने खबर थाहापाई उपद्रव गराइराखेका चोरहरू भागे । बन्धुल त्यो प्रदेश शान्त गरी फर्के ।

अनि तिनीहरू नगरभन्दा केही पर पुग्नेबित्तिकै राजाले पठाएका योद्धाहरूले छोराहरूसहित सबैको टाउको काटिदिए । त्यसदिन भने मल्लिकाले पाँचसय भिक्षुसहित दुवै अग्रश्रावकहरूलाई आफ्नो घरमा भोजनको लागि



https://dhamma.digital

निमन्त्रण गरिराखेकी थिइन् । अनि उनीकहाँ बिहानै तिम्रा छोराहरूसहित स्वामीको टाउको काटे भन्ने पत्र आयो । उनले त्यो समाचार जानेर (दानमा बिघ्न होला भनी) कसैलाई केही एक वाक्यसम्म पनि नभनी पत्र पटुकाभित्र कोचेर भिक्षुसंघलाई खुवाउने पिलाउने काममा जुटिरहिन् ।

अनि उनका परिचारिका सखीहरूले भिक्षुसंघलाई भोजन अर्पण गरी घिउ भएको भाँडो ल्याइरहेको बेलामा स्थविरहरूको अगाडि हातबाट छुटेर फुटे । धर्मसेनापतिले फुट्ने स्वभावधर्म भएको फुटेर गयो यसमा कुनै अफशोच नगर भन्नुभयो । उनले आफ्नो पटुकामा कोचिराखेको पत्र निकालेर देखाई बत्तीस ओटा छोराहरूसहित बाबुको टाउको काटियो भनी यो पत्र ल्याइदिंदा पनि अपशोच गरिनन् भने यो घिउको भाँडो एउटा फुट् दा अफशोच गर्ला र भन्ते? भनी बिन्ति गरिन् । धर्मसेनापतिले "अनिमित्तं अनञ्ञातं मच्चानं इध जीवितं" आदि धर्मदेशना गरी आसनबाट उठेर विहारमा फर्कनुभयो । मल्लिकाले पनि बत्तीसवटी बुहारीहरूलाई डाक्न पठाई "तिम्रा स्वामीहरू निरपराध भएर पनि आफ्ना पहिले पहिलेका कर्मफल भोग गर्नुपऱ्यो, तिमीहरूले शोक नगर्नु राजाप्रति पनि द्वेष भाव नराख्नु" भनी सम्झाई बुझाई राखे ।

राजाका जासूसहरूले यो कुरा सुनेर राजाकहाँ गएर छोराहरू सहित बन्धुल मल्लको कुनै दोष छैन भनी बिन्ति गर्न गए । राजाले अफशोस गरी उनको घरमा गएर मल्लिका र उनका बुहारीहरूसँग क्षमा मागेर मल्लिकालाई बर माग भनी भने । मैले बर पाए समानै भयो भैगो भनी त्यस घरमा मृतक भोजन दान गरी स्नान गरी राजालाई भेटेर "महाराज ! तपाईले मलाई वर दिन्छु भन्नुभयो । मलाई अरू केही वर चाहिएको छैन, म र मेरा बत्तीस ओटि बुहारीहरूलाई आफ्नो कुलघरमा जाने अनुमति दिनुहवस्" भनी बिन्ति गरे । राजाले अनुमति दिए । उनले बत्तीसओटि बुहारीहरूलाई आ आफ् ना कुलघरमा पठाइदिइन् । आफू पनि कुशीनगरमा आफ्नो कुलघरमा नै फर्किए ।

राजाले बन्धुल सेनापतिकै भाञ्जा दीर्घकारायणलाई सेनापतिको पदवि दिए । उसले निरपराधी मेरा मामालाई मारिदियो भनी राजालाई पछार्ने मौका ताकिरहचो । राजा पनि निरपराधी बन्धुललाई मारेदेखि पश्चाताप गरेर चित्तमा अशान्ति भई राजसुख अनुभव गरिरहन सकेनन् । त्यस बखत शास्ता शाक्यहरूको उलुम्प भन्ने निगममा बास गर्नुभएको थियो । राजा त्यहाँ गएर



https://dhamma.digital

आश्रमको नजिकै पाल टाँगेर बास बसी, थोरै परिषद लिएर शास्ता दर्शन गर्छु भनी विहारमा पस्नु अघी पाँच प्रकारका राजककुध भाण्ड (१. श्वेतछत्र, २. खड्ग, ३. मुकुट, ४. खराउ र ५. चमर) दीर्घकारायणलाई दिएर आफू एक्लै गन्धकुटीमा प्रवेश गरे । अरू विस्तर सबै "धम्मचेतिय" सूत्र (म.नि. २.३६४) मा भनिए अनुसार जान्नुपर्‍यो ।

राजा गन्धकुटी पस्ने बित्तिकै दीघकारायणले ती राजककुध भाण्ड लिएर गई विडुडभलाई राज्याभिषेक गरिदियो । राजालाई त्यहाँ एउटा घोडा र उपस्थान गर्नुको निम्ति एउटी दासी मात्र छाडी गए । राजा शास्तासँग कुशलवार्ता गरी धर्मश्रवण गरीसकेपछि बाहिर निस्कँदा सेना सिपाहीहरू नदेखेर ती दासीसँग सोधी त्यो समाचार जानी भान्जा (अजातशत्रु) लाई लिएर गई विडुडभलाई पक्रन्छु भनी राजगृहमा गइरहेको बेलामा अबेला भई नगरको ढोका बन्द भैसक्दा त्यहाँ पुगेकोले एउटा शालामा बास बसेर हावा-घामले क्लान्त भई थकाई लागेका राजा रातमा शालामा नै परलोक भए । रात बितेर बिहान भएपछि "महाराज कोशल राजा अनाथ भई स्वर्गे भयो" भनी बिलाप गरिरहेकी ती दासीको शब्द सुनेर राजाकहाँ बिन्ति गर्न गए । त्यो राजाले आफ्ना मामालाई ठूलो सत्कार सम्मानपूर्वक अन्तिम संस्कार गर्न लगायो ।

विडुडभले पनि राज्यलाभ गरी पहिलेको वैरलाई सम्झेर सारा शाक्यहरूलाई मार्नुपर्‍यो भनी ठूलो सैन्य लिएर निस्के । त्यसदिन शास्ताले प्रत्यूस समयमा लोकमा ध्यानद्वारा हेर्नुभई, आफन्तहरू विनाश हुनेदेखि ञातिगणलाई संग्रह गर्न योग्य छ भनी चिन्तन गर्नुभई बिहानको प्रहरमा भिक्षाचार गरी भोजनोपरान्त गन्धकुटीमा सिंहशैयामा केही क्षण आराम गर्नुभई सन्ध्या समयमा आकाशमार्गबाट पाल्नुभई कपिलवस्तु सिमानाको अन्तमा एउटा अलि अलि छायाँ भएको रूखमुनि बस्नुभयो । त्यहाँबाट अलिपर विडुडभको राज्य सिमानाभित्र ठूलो बाक्लो छायाँ भएको एउटा न्यग्रोध (बर) को रूख थियो । विडुडभले शास्तालाई देखेर नजिकै गएर वन्दना गरी "भन्ते ! कुन कारण यत्तिको गर्मी समयमा यो छायाँ धेरै नभएको रूखमुनि बस्न आउनुभयो ? उता मेरो राज्यभित्र परेको बाक्लो छायाँ भएको बहरको रूखमुनि पाल्नुभई बस्नुहवस् ।" भन्दा "महाराज ! आफन्तहरूको छायाँ भनेको शितल हुन्छ ।" भन्नुभयो । विडुडभले आफन्तहरूको रक्षा गर्न शास्ता पाल्नुभएको होला भन्ने बुझी तथागतलाई वन्दना गरी श्रावस्तीमा नै



https://dhamma.digital

फर्किए । शास्ता पनि आकाश मार्गबाटै जेतवनमा फर्कनुभयो ।

राजाले शाक्यहरूको दोषलाई सम्झेर दोश्रो पटक पनि सेना लिएर आउँदा त्यस्तै नै शास्ता छायाँ धेरै नभएको रूखमुनि बसिरहनभएको देखि फेरि फर्केर गए । तीन पटकसम्म फर्केर गएपछि चौथो पटकमा शाक्यहरूलाई मार्न भनी निस्कंदा शास्ताले शाक्यहरूको पहिलो जन्ममा गरी आएको कर्मलाई दिब्यचक्षुले देख्नुभई तिनीहरूले पहिले एकदिन नदीमा विष राखेको पापकर्मलाई रोकीराख्न सकिंदैन भन्ने भाव जानेर त्यो रूखमुनि बस्न जानुभएन । विडुडभले शाक्यहरूलाई मार्न धेरै सेना जम्मा गरेर आए । सम्यक्सम्बुद्धका आफन्तहरूले आफू मरेर जानु परे पनि अरूलाई प्राणीहिंसा गरेनन् । तिनीहरूले चिन्तना गरे- “हामीहरू शिक्षित भैरहेका, धर्म गरिरहेका, उपासना गरिरहेका, हिंसा नगर्ने भइरहेका हामीले अरूको हत्या गर्न हुँदैन । आफ्नो हस्त-शिल्प दक्षता देखाई यिनीहरूलाई भगाउनु पऱ्यो” भनी तिनीहरूले कवच पहिरेर बाहिर निस्की युद्ध गर्न थाल्यो । तिनीहरूले हानेका बाणहरू विडुडभका सैन्यहरूको बीचबीचबाट निस्केर गए । फलेकको मुनिबाट, कानको प्वालबाट छिरेर गएजस्तो भयो । विडुडभले यसरी बाण निस्केर गएको देखेर “साथी हो ! शाक्यहरूले प्राणहिंसा गर्दैन भनेको होइन ? यहाँ भने हाम्रा मानिसहरूलाई घात गर्दैछन्” भने ।

अनि उसलाई अर्को एकजनाले भन्यो “कसो स्वामी ! फर्केर हेर्नुहोस्; तपाईले हाम्रा मानिसहरू नाश गरिरह्यो भन्नुभयो, तपाईंका मानिसहरू एकजना पनि मरेका छैनन् । नपत्याउनुभए गनेर हेर्नुहोस् । उसले गनेर हेर्दा एकजना मानिस पनि घटेको पाएन । अनि त्यहाँबाट फर्केर हे सैन्य हो ! जजस्ले म शाक्य हुँ भन्छ, तिनीहरू सबैलाई मार । मेरा बाज्ये महानाम शाक्यकहाँ रहेकाहरूलाई मात्र जीवन दान देऊ भनी आज्ञा दिए । शाक्यहरूले केही समाउने वस्तु नदेखेर कुनैले घाँसको त्यान्द्रा एउटा टोकेर बसे कुनैले नल (=निगालो) समाती रहे । तिनीहरूसँग तिमीहरू शाक्य हौ ? भनी सोधेपछि जसबाट तिनीहरू मरेरै जानुपरे तापनि झूठ कुरा गर्न नपरोस्, त्यसैले घाँसको त्यान्द्रो टोकिराखेकाले “यो शाक्य होइन, घाँस हो” भने । निगालो समातेकाले यो शाक्य होइन निगालो हो भनी उत्तर दिए । तिनीहरूमध्ये महानाम शाक्यकहाँ बसेकाले जीवन लाभ गरे । घाँस टोकिरहेका तिण-शाक्य भए नल समाई राख्ने नल-शाक्य भन्ने नाउँ रहे । अरू सबै शाक्यहरू दुधखाने दुधेबालकहरू समेतलाई मार्न लगाई रगतको खोलो बगाएर शाक्यहरूको



https://dhamma.digital

गर्धन काटेर निस्केको रगतले पीडा पखाल्न लगाइयो । यसरी विडुडभले शाक्यवंशको नाश गरिदियो ।

उनी महानाम शाक्यकहाँ फर्केर आई बिहान जलपान गर्ने समयमा जलपान गर्न भनी एक ठाउँमा बसेर भोजन ल्याएपछि बाज्येसँगै बसेर खान्छु भनी बोलाउन पठाए । क्षत्रीय भनेका जीवन नै त्याग्न परे पनि दासीपुत्रहरूसँग बसेर खाँदैनन् । त्यसकारण महानाम शाक्यले एउटा पोखरी देखेर शरीर अशुद्ध छ पहिले स्नान गरौं भने । हुन्छ बाज्ये स्नान गर्नुहोस् भनेपछि यसले मलाई सँगै बसेर खाएन भने मार्नेछ । त्यसरी मर्नुभन्दा त आत्महत्या गरेर मर्नु नै उत्तम छ भनी आफ्नो केश फुकाई टुप्पामा गाँठो लगाई दुबै खुट्टा कपालको गाँठोभित्र घुसाई पानीमा डुबे । उसको गुण तेजले गर्दा नागभवन सबै तात्तिएर आयो । नागराजाले यो के भयो भनी विचार गरी हेरी उनको नजिक आएर उसलाई आफ्नो फणमाथी राखेर नागलोकमा लगे । उनी त्यहाँ बाऱ्ह वर्षसम्म रहे ।

विडुडभ मेरा बाज्ये अहिले आउँला अहिले आउँला भनी बसेर पर्खदा पर्खदा धेरैबेरसम्म पनि नआएपछि घरमा खोज्न पठाई कहिं अँध्यारोमा लुकेर बसेको छ कि भनी बत्ती बालेरसमेत खोज्न लगाउँदा पनि नदेखेपछि कहीं भाग्यो होला भनी छाडी गए । उनले रातको समयमा अचिरवती नदीको तीरमा पुगेर त्यहाँ पाल टाँग्न लगायो । कुनै-कुनै नदीको बीचमा पानी नभएको सेतो बालुवा भएको ठाउँमा सुत्न गए । कुनै नदी बीचको टापूमा सुत्न गए पनि पहिले पाप गरी नआएकालाई केही भएन, पाप गरी राखेकाहरू सुत्न गएको ठाउँमा कमिलाहरू निस्के भनी नदीको बीचमा गई उभिन गए । नदीको बीचमा सुतिरहेकाहरू पहिले पाप गरी नआएकाहरू कहाँ कमिलाहरू निस्केर त्यहाँबाट उठेर गई अग्लो ठाउँमा पानीले नभेटिने ठाउँमा सुत्न गए । त्यस बेला बादल उठेर माथितिर घनघोरसँग पानी परी नदीमा बाढी आएर विडुडभसहित तिनका परिषदहरू नदीले बगाएर समुद्रमा पुऱ्याइदियो । त्यहाँ तिनीहरू सबै माछा कछुवा आदि जलचरहरूको आहारा बने ।



https://dhamma.digital

# ख) कंजूस कोसिय महाजनको कथा

"यथापि भमरं पुप्फं" भन्ने यो धर्मदेशना शास्ता श्रावस्तीमा बसिरहनु भएको बेलामा मच्छरिय कोसिय महाजनको कारण बताउनु भएको हो ।

राजगृह नगरको नजिकै सक्कार नामको एउटा निगम थियो । त्यहाँ मच्छरिय कोसिय नामको अस्सी करोड धन भएको एक महाजन बास गर्थे । उनले घाँसको टुप्पोले टिपेको तेलसम्म पनि अरूलाई दिंदैनथे । न आफूले नै परिभोग गर्थे । उनीसँग भएका त्यत्तिको धन सम्पत्ति न स्त्री पुत्रहरूलाई खुवाउँथे, न श्रमण ब्राह्मणहरूलाई दिन्थे । राक्षसले रक्षा गरिराखेको पुष्करणी जस्तै अभोग्य थियो । एकदिन शास्ता प्रत्युस समयमा महाकरूणा समापत्तिबाट उठ्नुभई सम्पूर्ण लोकधातुमा बोध हुनसक्ने बन्धुहरूलाई ध्यानदृष्टिबाट हेर्नुहुँदा पैतालिस योजन टाढा बसिरहेका ती महाजनको सेठनीसहित श्रोतापन्न हुने सौभाग्यलाई देख्नुभयो । त्यसको अघिल्लो दिन त्यो महाजन राजाको सेवाको निम्ति राजदरबारमा गई राजालाई गर्नुपर्ने सेवा सत्कार गरी फर्किरहेको बेलामा बाटोमा भोकाएको जनपदको एक व्यक्तिले मासको बारा, चामलको रोटी खाइरहेको देखेर त्यो रोटी खाने इच्छा उत्पन्न गरी आफ्नो घरमा फर्केर यसरी बिचार गरे "यदि मैले बारा खाऊँ भनूँ भने मसँगै खाने निकै मानिसहरू हुनसक्छन् । यसरी धेरै नै तिल, चामल, सक्खर खुदो आदि खर्च गर्नुपर्ने हुन्छ । तसर्थ कसैलाई भन्दिन" भनी खान मन लागेको तृष्णालाई दबाई राख्यो । हुँदा हुँदा समय बितेर गएपछि झन् झन् दुब्लाउँदै गएर शरीरको नशाहरू समेत देखिने भयो । त्यसपछि खान इच्छा भएको तृष्णालाई सहन नसकी कोठाभित्र पसेर खाटमा पल्टिई रहे । त्यस्तो हुँदा पनि धन नाश हुने भयले गर्दा यो कुरा कसैलाई बताएन ।

अनि उनकी स्त्री नजिकै गएर कम्मर हल्लाउँदै तपाईलाई के तकलिफ भयो स्वामी ! भनी सोधिन् । मलाई कुनै तकलिफ भएको छैन भने । के तपाईदेखि राजा रिसाउनु भयो कि ? भनी सोध्दा मदेखि राजा रिसाउनु भएको छैन भने । कतै तपाईका छोरा-छोरीहरू अथवा नोकर चाकरहरूदेखि चित्त दुखाउनु भएको हो ? भनी सोधिन् । यस्तो पनि केही भएको छैन भनी उत्तर दियो । यस्तो होइन भने कुनै खाने पिउने चीज वस्तु देखेर खान मन लाग्ने तृष्णा जाग्यो कि ? भनी सोधेपछि धन हानी हुने भयले केहि नबोलिकन त्यसै



https://dhamma.digital

पल्टिई रहे । अनि साहुनीले भनिन् हवस् स्वामी ! तपाईलाई के खान मन लाग्यो ? भनी धेरै पटक सोधिन् । उसले कुरा निलेभ्रैं गरी मलाई एक थोक खाने तृष्णा भएको छ भने । त्यो तृष्णा के हो ? भनी सोधेपछि बारा रोटी खाने इच्छा भैरहेको छ भनी बिस्तारै बताए । त्यसो भए किन मलाई केही नभन्नु भएको ? तपाईको धन नभएको होइन, अहिल्यै सम्पूर्ण निगमबासीलाई समेत पुग्नेगरी बारा पकाई दिउँ भने । अहो ! तिनीहरूले आआफ्नो काम गरेर खाइहाल्छन् नि । त्यसो भए हाम्रो टोलका मानिसहरूलाई पुग्नेगरी बारा पकाइदिउँ त भनी सोधिन् । तिमीसँग निकै धन छ भन्ने कुरा मलाई थाहा छ भनी जवाफ दिए । त्यो पनि मन नपरे हाम्रो घर र खेतमा रहेका मानिसहरूलाई पुग्नेगरी पकाउँछु, भन्दा तिम्रो अत्यन्त उदार भाव मलाई थाहा छ भने । त्यसोभए तपाईंको स्त्री पुत्रहरूलाई मात्र पुग्ने गरी बारा पकाइदिन्छु भन्दा तिनीहरू किन चाहियो भनी जवाफ दिए । यो पनि मन नपरे तपाई र मलाई पुग्ने मात्र रोटि पकाउँछु भनेपछि तिमीलाई पनि पकाउनुपर्ने कारण के छ र भनी हप्काए । त्यसो भए भइहाल्यो तपाई एक्लैलाई मात्र पुग्ने गरी बारा पकाइ दिउँला हुन्न ? भनी उनका स्त्रीले भनिन् ।

यहाँ तल रोटी पकायो भने धेरैले बारा ख्वाउँछ कि भनी आशा लिएर आउने छन् भनी सिंगो सिंगो चामल एकातिर पन्छाई भाँचिएको कनिका चामल र मास, चुलो, तावा आदि लिएर अलिकति दूध, घिउ, मह र सक्खर लिन लगाई सात तले प्रासादको सबभन्दा माथिल्लो तलामा रोटी पकाउन जाउ । त्यहाँ म एक्लै बसेर रोटी खान्छु भने । सेठनीले हवस् भनी स्वीकार गरी चाहिंदो सामान सबै लिन लगाई प्रासादमा उक्लेर दास दासीहरू सबैलाई त्यहाँबाट फर्काई सकेपछि महाजनसँगै गएर तलैदेखि ढोका थुन्दै सबै खापाहरूमा चुकुल राखी सात तले प्रासाद माथि चढी त्यहाँ पनि ढोका थुनी चुकुल राखी बसे ।

सेठनीले चुल्होमा आगो बाली तावा बसाली बारा पकाउन थालिन् । त्यसबेला शास्ताले बिहान सबेरै महा मौद्गल्यायन स्थविरलाई बोलाउनुभयो । "हे मौद्गल्यायन राजगृह नगर नजिकै सक्खर नामको निगममा मच्छरिय महाजनले बारा रोटी खान भनी अरूले देखिने डरले सात तले प्रासाद माथि बसेर बारा पकाउन लगाइरहेको छ, तिमी त्यहाँ गएर महाजनलाई दमन गरी लोभरूपी विष नहुने तुल्याई दुवै दम्पत्तिलाई बारा, रोटी र दूध, घिउ, मह,



https://dhamma.digital

सक्खर समेत लिन लगाई आफ्नो ऋद्धिबलले जेतवनमा लिएर आऊ । आज म पाँचसय भिक्षुसँगै यही विहारमा बसेर बारा, रोटी मात्र भोजन गर्छु" भनी आज्ञा गर्नुभयो ।

स्थविरले साधु भन्ते ! भनी शास्ताको वचनलाई शिरोपर गरी तुरून्तै आफ्नो ऋद्धि बलले त्यस निगममा जानुभई तिनीहरूको त्यो सुशोभित भैरहेको झ्याल बाहिर राम्रोसँग चीवर पारूपन गरी भिक्षापात्र लिएर आकाशमा उभिइरहेको मानिसको मूर्तिझैं उभिई रहनुभयो । महाजनलाई स्थविर देख्नेबित्तिकै हृदय कम्पमान भयो । म यस्ताहरूकै भयले यस ठाउँमा आएर बसिराखेको छु, यो भने आएर झ्यालको अगाडि नै उभिन आयो, भनी हिर्काउने कुनै चीज अगाडि नदेखी आगोमा राखेको नून जस्तै चिटि चिटि शब्द निकाली रिसाउँदै भने "हे श्रमण ! त्यहाँ आकाशमा उभिएर मात्र तिमीले के पाउँछौं, पाइलाको चिन्ह नदेखिने ठाउँमा पाइलाको चिन्ह देखिने गरी चंक्रमण गरिरहेपनि यो रोटि प्राप्त हुँदैन" भने । स्थविरले सोही झ्यालको अगाडि आकाशमा यताबाट उता उताबाट यता चंक्रमण गर्नुभयो । महाजनले त्यसरी चंक्रमण मात्र गरेर कसरी प्राप्त हुन्छ, आकाशमा पलेंटी मारेर बसेर देखाए पनि प्राप्त हुँदैन भने । स्थविर आकाशमा झ्यालको अगाडि पलेंटी मारेर बस्नुभयो । अनि महाजनले स्थविरलाई भने "त्यसरी आकाशमा बसेर मात्र तिमीले के पाउँछौ र ? आएर झ्यालको नजिकै उभिन आए पनि केहि दिन्न ।" स्थविर झ्यालको नजिकै भिक्षापात्र लिएर उभिइरहनु भयो । अनि महाजनले "त्यसरी बाहिर मात्र बसेर के लाभ हुन्छ ? सिंगै घर धुँवाले भरिदिए पनि केही दिन्न" भन्यो । स्थविरले आफ्नो ऋद्धिद्वारा प्रासाद जम्मै धुँवाले टन्न भरिदिनुभयो । महाजनको आँखामा सियोले घोचे जस्तै पिरो भयो । "घरमा आगो लगाई दिए पनि दिन्न" भन्ने आँट गर्न सकेन । यो श्रमणले हामीलाई निकै नै पछ्याई रह्यो, रोटी नलिइकन यहाँबाट जाने भएन । यसलाई एउटा बारा दिएर पठाउनु पऱ्यो भनी मनमा लिएर साहुनीलाई भन्यो "प्रिये ! सानु एउटा बारा रोटि पकाएर यो श्रमणलाई पठाइदेऊ ।" साहुनीले सानु एउटा बारा पकाउँछु भनी तावामा अलिकति मात्र वस्तु के राखेको थियो तावा भर्ने गरी टन्न ठूलो रोटि बन्न पुग्यो ।

महाजनले यो देखेर तिमीले धेरै मास तावामा राख्यौ होला, भनी आफै आएर डाडुको टुप्पाले अलिकति मात्र मास लिएर तावामा राखे । बारा रोटी



https://dhamma.digital

सेठ्नीले राखेको भन्दा पनि ठूलो भएर आयो । यसरी ६।६ पटक सम्म बारा रोटी झन् झन् ठूलो हुँदै आयो । महाजन खिन्न भएर साहुनीलाई भने "प्रिये ! भैगो यो श्रमणलाई एउटा रोटि दिएर पठाइ देऊ ।" उसले डालोमा राखेको बारा रोटी एउटा लिन लाग्दा त्यसमा भएको रोटि सबै टाँसिएर एक ढिक्का भइदियो । अनि साहुनीले महाजनलाई भनिन् "स्वामी रोटी सबै टाँसियो, मैले एउटा पनि छुटयाउन सकिन" महाजनले म छुटयाउँछु भनी टाँसिई रहेको बारा रोटी छुटयाउने कोशिस गर्दा गर्दा छुटाउन सकेन । दम्पत्ति दुवैले दुइतिर कुनामा समातेर आफूसँग भएभरको बल तागत लगाई तानातान गर्दा पनि एउटा रोटी छुटाएर लिन सकेनन् । महाजनलाई बारा रोटी एक-एक ओटा छुटयाई लिन कोशिस गर्दागर्दै शरीरमा खल-खल पसिना निस्कियो । रोटी खाने लालच पनि हराएर गयो । अनि साहुनीलाई भने "प्रिये ! अब मलाई बारा रोटी खाने इच्छा पनि छैन, डालो सिंगै नै यो श्रमणलाई दिएर पठाउ ।" साहुनी डालो लिएर स्थविरको नजिक गइन्, स्थविरले दुवैलाई धर्मोपदेश गर्दै त्रिरत्नको गुण प्रकाश गर्नुभयो "दान पुण्यको फल छ ।" भनीकन दिनुभएको दानादिको फल आकाशमा रहेको चन्द्रमा जस्तै प्रकट गरी देखाउनु भयो ।

यो कुरा सुनेर प्रसन्न भएका महाजनले "भन्ते ! भित्र पाल्नुभई यो आसनमा बसेर बारा रोटी खानु हवस्" भनी प्रार्थना गरे । स्थविरले "हे महासेठ ! सम्यक्सम्बुद्ध तपाईंको बारा रोटी भोजन गर्छु" भनी पाँचसय भिक्षुहरूसँगै जेतवन महाविहारमा प्रतिक्षा गरिरहनु भएको छ । यदि तपाईंको इच्छा भए साहुनीलाई यो रोटी र दूध, घिउ, मह आदि समाउन लगाई शास्ताकहाँ जान्छु" भन्नुभयो । "अहिले यो समयमा शास्ता कहाँ हुनुहुन्छ भन्ते !" "यहाँबाट पैतालिस योजन टाढा श्रावस्ती जेतवन महाविहारमा हुनुहुन्छ, महाजन" भन्नुभयो । "भन्ते ! समय नबित्दै हामी त्यत्तिको लामो बाटो कसरी जाने ? "हे महाजन ! तपाईको इच्छा मात्र भयो भने तपाईहरूलाई म आफ् नो ऋद्धिबलले त्यहाँ पुऱ्याइदिन्छु । तपाईंहरूको प्रासादमा भऱ्याङ्को माथिल्लो खुड्किलो हुन्छ भने भऱ्याङ्को अन्तको खुड्किलो जेतवन विहारको ढोकामा हुनेछ । प्रासादको बुईगलबाट तल झरेजस्तै तपाईंहरू जेतवन विहारमा पुग्नुहुनेछ" भनेपछि "त्यसोभए हुन्छ" भनी महाजनले सहमति जनाए ।

स्थविरले भऱ्याङ्को सिरानी त्यहीं नै भएर भऱ्याङ्को तल्लो भाग र छिंडिबाट निस्कने ढोका जेतवन विहारको ढोकामुनि पर्न जावोस् भनी अधिष्ठान



https://dhamma.digital

गर्नुभयो। त्यो त्यस्तै भयो। स्थविर, महाजन र महाजननी प्रासादबाट तल झर्नुभन्दा पहिल्यै जेतवनमा आइपुग्नुभयो। महाजनको दुई दम्पत्ति प्रसादबाट ओर्ली शास्तासँग भेटी भोजनको सूचना निवेदन गरे। शास्ता भोजनशालामा पुग्नुभई बिछ्याई राखेको बुद्धासनमा बस्नुभयो । भिक्षुसंघले पनि त्यस्तै गर्नुभयो। महाजनले बुद्ध प्रमुख भिक्षुसंघलाई दक्षिणोदक पानी दिएर हात धुन लगाए। महाजननीले तथागतको भिक्षापात्रमा बारा रोटी राखिदिइन्। शास्ताले आफूलाई चाहिंदो मात्र लिनुभयो। पाँचसय भिक्षुहरूले पनि आफूलाई चाहिंदो मात्र लिए। महाजनले दूध, घिउ, मह, सक्खर आदि पनि राखे। शास्ताले पाँचसय महाभिक्षुसंघसँगै रोटी भोजन गरी सिध्याउनु भयो। महाजन पनि महाजननीसँगै आफूलाई चाहिंदो बारा रोटी लिएर भोजन गरे। रोटी घटेको देखिएन। सम्पूर्ण विहारमा बसेका भिक्षुहरूको रहल पहल खानेहरूलाई समेत पेटभरी खुवाउँदा पनि रोटी सकिएन। 'भन्ते ! रोटी सकिएर गएन' भनी तथागतकहाँ बिन्ति गर्न गए। त्यसो भए उब्रिएको रोटी जेतवन विहारको ढोका अगाडि बाहिर लगी खन्याइ दिनु भनी आज्ञा भएपछि तिनीहरूले ढोका अगाडि केहि पर थुम्कामा लगेर खन्याई दिए। आजसम्म पनि त्यो ठाउँलाई कपल्लकपूवपब्भार (बारा रोटी खन्याएको थुम्को) भन्ने नाउँ प्रख्यात भैरहेको छ। महाजन आफ्ना पत्नीसँगै तथागतकहाँ गएर एक छेउमा बसे। तथागतले भुक्तानुमोदन धर्मदेशना गर्नुभयो। अनुमोदना धर्मदेशनाको अन्तमा दुवै दम्पत्ति श्रोतापत्ति फलमा प्रतिष्ठित भएर शास्तालाई वन्दना गरी जेतवन विहारको बलेंसिबाट भऱ्याङ चढेर आफ्नो प्रासादमा आइपुगे।

त्यसबेलादेखि महाजनले आफ्नो अस्सी करोड धन सम्पत्ति बुद्धशासन अभिवृद्धिको निम्ति मात्र खर्च गरे। भोलिपल्ट सन्ध्या समयमा धर्मसभामा भेला भइरहेका भिक्षुहरूले "देख्यौ, आयुष्मान हो ! महामौद्गल्यायन स्थविरको आनुभावले लेश मात्र पनि श्रद्धा नभएका, आफ्नो सम्पत्ति आफूले पनि अनुभोग नगर्ने कंजूस महाजनलाई क्षणभरमा नै दमन गरी जितेर व्यवहार कुशल पारी बारा रोटि समात्न लगाई जेतवनमा ल्याएर शास्ताको अगाडि राखी श्रोतापत्ति फलमा प्रतिष्ठित गराइ दिनुभयो। अहो ! अत्यन्त महान् आनुभाव भएको महास्थविर हो भनी स्थविरको गुणगान गरिरहे। शास्ता त्यहाँ पाल्नुभई हे भिक्षु हो ! यस बेला तिमीहरूको कुन विषयमा कुरा चलिरहेको थियो भनी सोध्नु भई यो विषयमा कुरा भैरहेछ भनी बिन्ति गरेपछि, भिक्षु हो

! कुललाई दमन गर्ने भिक्षुले श्रद्धालाई नबिगारी, भोग सम्पत्तिलाई नबिगारी, कुल गृहस्थको बाधक नबनी फूलमा रहेको रस फूललाई कुनै बाधा नहुने गरी रस झिकेर लाने भमराको जस्तै तिनीहरूको नजिक गएर बुद्ध गुण विदित गराउन सक्नुपर्छ, मेरा पुत्र मौद्गल्यायन पनि त्यस्तै हो भनी स्थविरको गुणलाई प्रशंसा गर्नुहुँदै यो गाथा आज्ञा गर्नुभयो :

यथापि भमरो पुप्फं, वण्ण गन्धं अहेठयं ।

पलेति रसमादाय, एवं गामे मुनी चरे ॥

अर्थ - जसरी भमराले फूलको वर्ण र सुगन्धलाई कुनै नोक्सान नहुने गरी त्यसमा भएको रस लिएर जान्छ, त्यसरी नै भिक्षु पनि कसैलाई तकलिफ नहुनेगरि गाउँ-गाउँमा चारिका गर्नुपर्दछ ।

पदार्थ - त्यहाँ "भमरो" भनी कुनै मह पार्ने माहुरीलाई भनिएको हो । "पुप्फं" भनी फूलको बगैचामा घुमेर फूलको वर्ण र सुगन्धलाई नबिगारिकन, विनाश नगरिकन पुग्ने भनेको हो । "पलेति" भनी यसरी घुम्दै आफूलाई चाहिंदो रस पान गरी फेरि अर्को मह बनाउन लिएर जान्छन्, त्यो माहुरीले यसरी जंगलमा लगेर एउटा रूखको टोडकामा त्यो धुलो मिसिएको फूलको रसलाई क्रमशः गुलियो मह बनाउँदै लैजान्छ। माहुरी पुष्पाराममा घुम्न गएको पनि चाल पाउँदैन, फेरि फूलको सुगन्ध र वर्ण पनि बिगार्दैन, पहिले जस्तो थियो त्यस्तै प्राकृतिक रूपमा रहिरहन्छ । "एवं गामे मुनी चरे" भनेको शैक्ष अशैक्ष भेद भैरहेका, गृहस्थ जंजालबाट मुक्त भैरहेका, अनगारिय मुनिकुल अनुसार गाउँ गाउँमा भिक्षाचरण गर्नुहुन्छ भनेको हो । उहाँहरू गाउँ-गाउँमा पाल्नुभई भिक्षाचरण गर्नुभए पनि कुलपुत्रहरूको श्रद्धामा हानी अथवा भोग सम्पत्ति इत्यादि कुनै हानी नभइकन पहिले जस्तो थियो उस्तै भइरहन्छ भन्ने कुरालाई प्रकट गरेको हो ।

यसरी भिक्षाचरण गरेर शैक्ष मुनिहरू गाउँबाट बाहिर जानुभई, पानीको सुविधा भएको ठाउँमा संघाटी चीवर बिछ्याई बस्नुभई, आँखा अन्धो, घाउ छोप्ने, छोराको मासुको उपमाको रूपले प्रत्यवेक्षणा गर्दै भिक्षा पिण्ड परिभोग गरी, त्यस्तै आफूलाई योग्य भएको वन जंगलमा पस्नुभई आध्यात्मिक कर्मस्थान भावना गर्नुभई, चार मार्ग र चार फल हस्तगत गरेर लिनुहुन्छ । शैक्ष मुनिहरूले पनि यही आत्मभावमा नै सुखपूर्वक बास



https://dhamma.digital

गरिरहनुमा लागिरहन्छन् । तिनीहरूको यो सुखविहार माहुरीहरूले मह पार्दै संग्रह गर्ने समान जानी बुझी लिनु पऱ्यो । यहाँ साधारण भिक्षुहरूलाई भनेको होइन, क्षीणाश्रवहरूलाई भनेको हो भनी बुझ्नुपर्छ ।

धर्मदेशनाको अन्त्यमा अनेकौं मानिसहरूले श्रोतापत्ति आदि फल प्राप्त गरे ।

शास्ताले यो धर्मदेशना गर्नुभई फेरि अर्को पनि स्थविरको गुण प्रकाश गर्नुको निम्ति "हे भिक्षु हो ! मौद्गल्यायनले अहिले मात्र कंजूस महाजनलाई दमन गरेको होइन पहिले पनि उसलाई दमन गरेर कर्मफल सम्बन्धी ज्ञान बुझाई दिएका छन्" भन्नुभई यो अर्थ प्रकाश गर्नको निम्ति अतीतको कथा अघिसार्नु भयो

"उभो खञ्जा उभो कुणी, उभो विसम चक्खुका ।

उभिन्नं पिलका जाता, नाहं पस्सामि इल्लिसन्ति ॥"

भनी इल्लिस जातक आज्ञा गर्नुभयो । (जा. १.१.७८)



https://dhamma.digital

# ग) छत्तपाणी उपासकको कथा

"यथापि रूचिरं पुप्फं" भन्ने यो धर्मदेशना शास्ता श्रावस्ती नगरमा बस्नुहुँदा "छत्तपाणी" उपासकको कारण बताउनु भएको हो ।

श्रावस्ती नगरमा छत्तपाणी नामको एउटा उपासक त्रिपिटक धारी अनागामी बस्दथे । त्यो उपासक बिहान सबेरै उपोसथ ब्रत धारण गर्ने भएकोले शास्ताको उपस्थानको निम्ति जेतवनमा गए । अनागामी भएका आर्य श्रावकहरूले शील ग्रहण गरी उपोसथ ब्रत गर्नुपर्छ भन्ने हुँदैन, अनागामी मार्गद्वारा नै उनीहरूको ब्रह्मचर्य र दिनको एकछाक खाने ब्रत अनायासै पूर्ण हुन जाने हुन्छ । त्यसैले भनिराखेको छ "पटिकारो खो महाराज ! कुम्भकारो एक भत्तिको ब्रह्मचारी शीलवा कल्याणधम्मो" ती । अर्थात् "हे महाराज ! घटिकार कुम्भकार दिनको एक छाक मात्र भोजन गर्ने, ब्रह्मचर्य पालन गर्ने, शीलवान, कल्याण धार्मिक व्यक्ति हो ।"

यसरी अनागामी भएका व्यक्तिहरू प्रकृतिवश नै दिनको एकछाक भोजन गर्ने र ब्रह्मचर्य पालन गर्ने हुन्छन् । ती उपासक पनि त्यस्तै उपोषथ पालन गर्ने हुनाले शास्ताकहाँ गएर वन्दना गरी धर्मकथा श्रवण गर्दै बसीरहे । सोही समयमा पसेनदि कोसल राजा शास्ताको सेवाको निम्ति त्यहाँ सवारी भयो । उपासकले राजा सवारी भएको देखेर उठेर सम्मान गर्नुपर्ने हो कि ? भनी चिन्तना गरी, "म त अग्रराज हुनुभएका तथागत कहाँ बसिराखेको छु । मैले उनी प्रदेश राजालाई देखेर उठेर स्वागत गर्नु योग्य छैन, राजा भने म नउठेको देखेर रिसाउनेछ, राजा रिसाए पनि उठ्दिन, राजा देखेर म उठें भने राजालाई गौरव राख्दा शास्तालाई अगौरव गरेको हुन जान्छ, उठ्नु योग्य छैन" भनी उठेन । पण्डित पुरूषहरू गौरव सत्कार गर्न योग्य व्यक्तिकहाँ बसिरहेकालाई उठेर स्वागत गरेन भनी रिसाउँदैन । राजा भने उपासक नउठेको देखेर मनमनै रिसाई शास्तालाई वन्दना गरी एक छेउमा बस्न गए । शास्ताले राजा रिसाएको भाव बुझ्नुभई "महाराज ! यो छत्तपाणी उपासक पण्डित, अनागामी, त्रिपिटक धर, अर्थ, अनर्थ सबै राम्रोसँग जान्ने हुन्" भनी उपासकको गुण बताउनुभयो । राजालाई उनको गुण कथा सुन्दासुन्दै चित्त मृदु भएर गयो अर्थात् रिस उठेको शान्त भएर गयो । त्यसपछि एकदिन राजा दरवारको माथि झ्यालमा बसेर हेरिराखेको बेलामा छत्तपाणी उपासक दिनको



https://dhamma.digital

भोजनोपरान्त छाता ओढेर जुत्ता लगाई राजदरबारको अगाडिबाट गइरहेको देखेर उसलाई डाक्न पठायो । उपासकले जुत्ता र छाता एकातिर राखी राजाको अगाडि गएर नमस्कार गरी राजाको अगाडि उभिइरहे । अनि उनलाई राजाले यसरी आज्ञा गरे ।

"भो उपासक ! तिमीले किन आफ्नो छाता र जुत्ता एकातिर राखेर आएको ?

"महाराजले बोलाउनु भयो भनेको सुनेर त्यसो गरी आएको हुँ ।

"आज मात्र तिमीले म राजा भनी थाहा पायौ ?

"होइन, महाराज ! मैले तपाईलाई सधैं नै राजा भनी सम्झिरहेको छु ।

"त्यसो भए त्यस दिन तथागतको अगाडि मलाई देखेर तिमी किन नउठेको त ?"

"महाराज ! म त्यसदिन अग्रराजको अगाडि बसिरहेको हुनाले प्रदेश राजा देखेर त्यहाँ म झट्ट उठें भने शास्तालाई अगौरव गरेको हुनजान्छ । त्यसकारण म त्यहाँ नउठेको हुँ ।

"भो उपासक त्यो दिन त्यस्तै भयो । तिमी त दृष्टधर्म सम्परायिकहरू मध्येमा अत्यन्त दक्ष र त्रिपिटक धर पनि हौ । तसर्थ तिमीले मेरो अन्तपुर (महारानीहरू बस्ने दरवारमा) धर्मदेशना गर्ने काम गर ।

"गर्न सकिंदैन महाराज !

"किन ?

"राजाहरूको दरबारमा ठूलो दोष हुन सक्छ, योग्य काम पनि हुन सक्छ, अयोग्य काम पनि हुन सक्छ, राज गौरवले गर्दा मैले स्वीकार नगरेको हुँ महाराज !

"उपासक त्यसो नभन, त्यसदिन मलाई देखेर आसनबाट उठेनौ भनी कुनै संकोच गर्नुपर्दैन" भनेपछि "महाराज ! एक जना गृहस्थले धर्मदेशना गर्दा अनेक दोष आउन सक्छ, एकजना प्रब्रजितलाई बोलाई धर्मदेशना गर्न लगाउनु हवस्" भनी बिन्ति गरे । राजाले हुन्छ भनी उपासकलाई जाऊ भनी बिदा दिएर शास्ताकहाँ गएर शास्तालाई बिन्ति गरे "भन्ते ! मल्लिका महारानी र वासभ खत्तियाहरू धर्म श्रवण गर्नुपर्‍यो भनी याचना गर्छिन्, पाँचसय



Dhamma.Digital
https://dhamma.digital

भिक्षुहरू सहित दिनहुँ राजदरबारमा आउनुभई तिनीहरूलाई धर्मदेशना गर्ने कृपा गर्नुहवस् । "बुद्धहरूले दिनहुँ एकै ठाउँमा मात्र निमन्त्रणा स्वीकार गर्न सम्भव छैन महाराज !" भनी आज्ञा गर्नु भएपछि त्यसो भए भन्ते ! अर्के कुनै एक जना भिक्षुलाई पठाइदिनुहवस् भने । शास्ताले राजदरबारमा गएर धर्मदेशना गर्न जाने काम आनन्द स्थविरलाई सुम्पनुभयो । स्थविर दिनहुँ राजदरबारमा गएर महारानीहरू सहित अन्तपुरमा रहेका स्त्रीहरूलाई धर्मदेशना गर्न जानुभयो । ती महारानीहरूमध्ये मल्लिका महारानीले सत्कार गौरवपूर्वक धर्मश्रवण गरेर, दिनहुँ स्थविरले दिनुभएको पाठ पनि घोकेर आचार्यलाई खुसी गरी रहिन् । वासभ खत्तिया भने राम्रोसँग सत्कार-गौरव नगर्ने, धर्मश्रवण पनि नगर्ने, पाठ पनि नघोक्ने, स्थविरले बताउनु भएको धर्मदेशना पनि राम्रोसँग बुझ्न सक्दिनथिन् ।

एकदिन शास्ताले स्थविरसँग सोध्नुभयो "कसो आनन्द ! उपासिकाहरूले तिमीले बताएको धर्मलाई राम्रोसँग बुझेर लिन सक्छन् ? "बुझेर लिनेछन् भन्ते !" कस्ले सत्कारपूर्वक ध्यान दिएर सुनी राम्रोसँग जानी बुझी लियो त ?" "भन्ते ! मल्लिकाले सत्कारपूर्वक गौरवपूर्वक धर्म श्रवण गरेर ग्रहण गर्छिन्, आदर-सत्कारपूर्वक पाठ पनि घोक्छिन् । त्यस्तै नै धर्मको उद्देश्य पनि बुझ्न सक्ने हुन् । तपाईंको आफन्तका छोरीले भने सत्कार आदरपूर्वक धर्म श्रवण पनि गर्दैनन्, पाठ पनि घोक्दैनन्, बताएको धर्मलाई पनि गौरव पूर्वक सुनेर बुझ्न सक्दैनन् ।" शास्ताले स्थविरको कुरा सुनेर "आनन्द मैले बताइराखेको धर्मलाई आदर सत्कार पूर्वक नसुन्ने, ग्रहण नगर्ने, पाठ आवृत्ति गरेर कण्ठस्थ नगर्ने, देशना नगर्नेहरू वर्ण सम्पन्न भएर, राम्रो भए पनि सुगन्ध नभएको फूल समान हुन् । उसले त्यसको फल साक्षात्कार गरेर लिन सक्दैन । जसले आदर सत्कारपूर्वक धर्म श्रवण गरेर कण्ठस्थ गरी आफूले आचरण गरी अरूलाई देशना गर्छ तिनीहरूलाई महत्फल महान् आनिशंस प्राप्त हुन्छ भनी आज्ञा गर्नुभई यो गाथा देशना गर्नुभयो -

यथापि रूचिरं पुप्फं, वण्णवन्तं अगन्धकं ।
एवं सुभासिता वाचा, अफला होति अकुब्बतो ॥
यथापि रूचिर पुप्फं, वण्णवन्तं सगन्धकं ।
एवं सुभासिता वाचा, सफला होति सकुब्बतो"ति ॥



https://dhamma.digital

अर्थ :- जस्तो अत्यन्त राम्रो फूल वर्णमात्र भएर सुगन्ध हुँदैन, त्यस्तै नै आफ्नो सुभासित (राम्रो वचन) कार्यान्वित गरेन भने निष्फल भएर जान्छ । जस्तो अत्यन्त राम्रो फूल वर्ण र सुगन्ध दुवैले युक्त छ, त्यस्तै नै आफ्नो सुभासित (राम्रो वचन) लाई कार्यान्वित गऱ्यो भने त्यो विषय सफल भएर सिद्ध हुन्छ ।

पदार्थ - त्यहाँ "रूचिरं" भनेको राम्रो भएर शोभायमान भैरहेको । "वण्णवन्तं" भनेको राम्रो रंग र आकारले युक्त भैरहेको । "अगन्धकं" भनेको कुनै सुगन्ध नभएको पारिमद्दक गिरिक कण्णक, जयसुमनादि फूलका प्रभेद । "एवं सुभासित वाचा" भनेको त्रिपिटक बुद्ध वचन । राम्रो वर्ण, आकारले संयुक्त भएको सुगन्ध नभएको फूल समान । जस्तो सुगन्धरहित फूल जसले धारण गर्छ उसको शरीरमा सुगन्ध फैलिंदैन । त्यस्तै नै जसले सत्कार पूर्वक श्रवणादि काम राम्रोसँग गर्दैन त्यसकारण त्यस्ताले सुगन्धरूपी प्रतिपत्ति सुगन्ध धारण गर्दैन, निष्फल हुनेछ । त्यसैले भनेको हो "एवं सुभासिता वाचा अफपलो होति अकुब्बतो" भनी । "सगन्धकं" भनेको सुगन्ध भएको फूल चम्पक, नील उत्पल आदि फूलको प्रभेदलाई भनेको हो । "एवं" भनेको जस्तो त्यो फूल धारण गर्नेको शरीरमा सुगन्ध फैलिइरहन्छ त्यस्तै नै त्रिपिटक बुद्ध वचनहरू सुभासित वचनअनुसार राम्रोसँग कार्यान्वयन गरी लाने व्यक्तिले सत्कारपूर्वक त्यहाँ कुन कर्तव्य गर्नुपर्ने हो गरेर लान्छ । त्यो पुरूषको काम सफल हुन्छ, सुसम्पन्न भएर जानेछ । श्रुत सुगन्ध, त्याग सुगन्ध, प्रतिपत्ति रूपी सुगन्धादि धारण गरी राखेकोले गर्दा महान् फल महान् आनिशंस हुन्छ भनेको हो ।

धर्म देशनाको अन्तमा धेरै नै मानिसहरू श्रोतापत्ति फल आदिमा पुग्न गए, धर्मदेशना निकै जनताहरूलाई सार्थक भयो ।

छत्तपाणी उपासकको कथा सम्पूर्ण भयो ।



https://dhamma.digital

# घ) विशाखा महाउपासिकाको कथा

"यथापि पुप्फ रासिम्हा" भन्ने यो धर्मदेशना शास्ता श्रावस्तीमा आश्रय गरी पुर्वाराम विहारमा बस्नु भएको समयमा विशाखा महा उपासिकाको कारणमा बताउनुभएको हो ।

उनी अङ्ग राष्ट्रको भद्दिय नगरमा मेण्डक महाजनका छोरा धनञ्जय महाजनकी जेठी स्त्री सुमनदेवीको गर्भबाट जन्मेकी थिइन् । उनी सात वर्षको उमेर हुँदा शास्ता शेल ब्राह्मण आदि बोध योग्य भएका बन्धुहरू श्रोतापत्ति आदि फलमा पुग्ने उपनिस्सयसम्पत्तिलाई देख्नुभई महान भिक्षुसंघले परिबृत्त हुनुभई चारिका गर्दै त्यस नगरमा पुग्नुभएको थियो ।

सोही बेला मेण्डक गृहपति त्यस नगरमा महा पुण्यवान महाजनहरू पाँचजनामा सबभन्दा जेठोभई महाजनको पदबि लिईरहेको थियो । पाँच महापुण्यवान महाजनहरू को को भने - मेण्डक महाजन, चन्दपदूमा भन्ने उनकी जेठी स्त्री, उनको जेठो छोरो धनञ्जय, उनकी स्त्री सुमनादेवी र महाजनको सेवक पूर्ण नामको दास समेत पाँच जना हुन् । बिम्बिसार राजाको राज्यमा केवल उनी मेण्डक महाजन एकजना मात्र होइन, पाँच जना अमितभोगी भएका पनि थिए । को को भने जोतिय महाजन, जटिल महाजन, मेण्डक महाजन, पुण्णक महाजन, काकवलिय नामको महाजन समेत पाँच जना थिए । ती पाँच जना मध्ये यो मेण्डक महाजनले दशबललाई आफ्नो नगरमा आई पुगेको थाहापाई छोरो धनञ्जय महाजनकी छोरी बिशाखालाई बोलाउन पठाई भने - "हे मैंया ! तिमीहरूलाई पनि मङ्गल हुने, मलाई पनि मङ्गल हुने, तिमीले तिम्रा पाँचसय केटीहरू सँगै पाँचसय रथमा चढेर पाँचसय दासीहरूले परिबृत भएर गई दशबललाई स्वागत गरी यहाँ लिएर आउ ।" उनले हुन्छ भनी उत्तर दिएर त्यस्तै गरिन् ।

कारणाकारण कुशल भएकी उनी केटीले रथबाट जान योग्य बाटो रथबाट गई रथबाट ओर्ली पैदल गएर शास्तालाई भेटी वन्दना गरी एक छेउमा बसी रहिन् । अनि तथागतले उनको चरित्र अनुसार धर्मदेशना गर्नुभयो । देशनाको अन्तमा उनी बिशाखा केटी उनका पाँचसय केटीहरूसँगै श्रोतापत्ति फलमा प्रतिष्ठित भईन् । मेण्डक महाजन पनि शास्तासँग भेटी धर्मकथा सुनेर श्रोतापत्ति फलमा प्रतिष्ठित भएर भोलिको निम्ति भोजनको



https://dhamma.digital

निमन्त्रणा दिएर भोलिपल्ट आफ्नो घरमा प्रणीत खाद्य भोज्य वस्तुले बुद्ध प्रमुख भिक्षुसंघलाई भोजन दान गरे । यस्तै क्रमले आधा महिना सम्म महादान दिए । शास्ता भद्दिय नगरमा इच्छानुसार विहार गर्नुभई त्यहाँबाट चारिकाको निम्ति निस्कनुभयो ।

त्यस बखत बिम्बिसार राजा र पसेनदि कोशल राजा दुवै आपसमा बहिनीका स्वामी थिए । एकदिन कोशल राजाले चिन्तना गरे "बिम्बिसार राजाको राज्यमा पाँच जना अमितभोगी महापुण्यवान महाजनहरू बास गरि राखेका छन् । मेरो राज्यमा भने त्यस्ता एकजना पनि छैन, मैले बिम्बिसार राजाकहाँ गएर महापुण्यवान महाजन एकजना मागेर ल्याउनु पाए अत्युत्तम हुनेछ" भनी मनमा सोची आफू त्यहाँ गएर राजासँग कुशल वार्ता गरिकेपछि, कुन कारणले सवारी हुनु भएको भनी सोधेपछि "तपाईको राज्यमा पाँच पाँच जना अमितभोगी महपुण्यवान महाजनहरू बास गरिरहेका छन् । ती मध्ये एकजनालाई मेरो राज्यमा लिएर जान भनी आएको हुँ । तिनीहरू मध्ये एकजना मलाई दिनुहवस" भने । महान कुल भनेकालाई हामीले संचालन गरेर चलाउन सकिंदैन भनेपछि म एकजनालाई नलिई आफ्नो राज्यमा फर्कन्न भने । राजाले मन्त्रीहरूसँग सल्लाह गरी जोतिय आदि महान कुललाई अन्त पठाउने भनेका`त पृथ्वीलाई चलाउने जस्तै हुनजान्छ, मेण्डक महाजनको छोरो धनञ्जय महाजन भन्ने एकजना छ । उनीसँग सल्लाह गरेर मात्र तपाईलाई जवाफ दिउँला भनी उनलाई डाक्न पठाई "हे जेष्ठपुत्र ! कोशल राजाले धनञ्जय महाजनलाई आफूसँग लिएर मात्र आफ्नो राज्यमा जान्छु भनिरहेको छ, तिमी उनीसँग गईदेउ" भनेपछि महाराज तपाईले पठाउनुभए म उनीसँग जान तयार छु भनी उत्तर दिए । त्यसोभए आवश्यक लिनु-दिनु सिध्याएर जानु तात ! भनी राजाले आज्ञा दिए । उनले आफ्नो गर्नुपर्ने काम सबै सिध्यायो । राजाले पनि उसलाई ठूलो सत्कार सम्मान गरी यसलाई लिएर जानुहवस भनी पसेनदि राजालाई फर्काउनु भयो ।

राजाले त्यो महाजनपुत्रलाई लिएर गई बीचमा एकरात मात्र बिताई श्रावस्तीमा गइरहेको बेलामा एउटा आरामदिने ठाउँ पुगेपछि त्यहीं बास बसे । अनि राजासंग धनञ्जय महाजनले सोधे "यो ठाउँ कस्को राज्यमा पर्छ ? "महाजनपुत्र ! मेरै हो" भनी राजाले उत्तर दिए । "यहाँबाट श्रावस्ती कति टाढा छ महाराज ? "सात योजन टाढा छ । "नगरभित्र खुल्ला ठाउँ धेरै हुँदैन,



https://dhamma.digital

मेरो परिजनहरू धेरै छन् । महाराज ! यदि तपाईको आज्ञा भए (मञ्जुर भए) म यहि नगर बसाई बस्छु भनेपछि राजाले हुन्छ भनी स्वीकार गरी त्यस ठाउँमा नगर बसाउन उसलाई जिम्मा लगाई त्यहाँबाट प्रस्थान गरे । त्यस प्रदेशमा सन्ध्या समयमा बास बसेको कारणले गर्दा त्यो नयाँ नगरको नाउँ “साकेत” भन्ने रह्यो ।

श्रावस्तीमा मिगार महाजनको छोरा पूर्णबर्धन कुमार वयस्क भएर आयो । अनि उनलाई उनका आमा बाबुले भने “तात ! तिमीलाई मनपर्ने ठाउँबाट एउटी केटी हेरेर आउ ।” “मलाई यस्तो पत्नीको काम छैन । “तात ! त्यसो नभन, सन्तान बिना कुल स्थिर हुँदैन भनी बारम्बार विवाह गर्न भनेपछि त्यसोभए पाँच कल्याणले युक्त भएकी केटी पाए मात्र तपाईहरूको बचन पालन गर्छु भने । तात ! ती पाँच कल्याण भनेको केहो त ? “केश कल्याण, मंस कल्याण, अट्ठि कल्याण, छवि कल्याण, वय कल्याण हुन् । (महापुण्यवान स्त्रीहरूको चुल्ठो मयुरको पुच्छर जस्तै हुन्छ, अनि चुल्ठो फुकाउँदा वस्त्रमा ठक्कर खाई घुँघुरिएर माथीतिर फर्केर जाने हुन्छ, यसलाई केश कल्याण भनिन्छ । ओठ बिम्बफल समानको वर्णले सम्पन्न भई, मासुमा राम्रोसंग मिलेको हुन्छ । यसलाई मंसकल्याण भनिन्छ । दाँत सेतो वर्ण भई समान रूपले बीचमा प्वाल नपरी उठाई राखेको हिराको मालाको लाइन झैं, समान रूपले काटिएको शंखको पाता झैं शोभायमान भई रहन्छ, यसलाई अट्ठि कल्याण भनिन्छ । गाजल आदि कुनै नलगाए पनि मासुको रंग स्निग्ध भई नील उत्पल समान हुन्छ, सेतोमा लिनपऱ्यो भने कर्णिकार नामको सेतो फुल समान हुन्छ, यसलाई छवि कल्याण भनिन्छ । दश पटकसम्म बच्चो जन्माए पनि एकपटक मात्र बच्चा जन्माएकी जस्तै यौवन बितेको देखिंदैन, यसलाई वय कल्याण भनिन्छ ।

अनि आमा-बाबुले एकसय आठ जना ब्राह्मणहरूलाई निमन्त्रण गरेर भोजन गराई पाँच कल्याणले संयुक्त भएकी कन्या हुन्छन् कि भनी सोधे । “हो, हुन्छ” भनेपछि त्यसो भए यस्ती कन्या खोज्न आठजना ब्राह्मणहरू जानुपऱ्यो भनी धेरै नै धन दिएर कन्या खोज्न आठजना ब्राह्मणहरू ठीक पार्न लगाई कन्या पत्ता लगाएर फर्केपछि तिमीहरूलाई अरू पनि निकै सम्मान गर्नेछु खोजेर ल्याउ, जाउ भनी पठाईदिए । यस्तो कन्या पाउने बेलामा यो माला लगाईदिनु भनी एकलाख मूल्य जाने सुनको माला एउटा पनि दिएर पठायो ।



https://dhamma.digital

तिनीहरू ठूला ठूला शहरमा गएर खोज्न जाँदा पाँच कल्याणले संयुक्त भएकी कन्या नदेखेर फर्कीरहेको बेलामा स्नान गर्ने नक्षत्र उत्सव जुरेकोले तिनीहरू साकेत नगरमा पुग्दा आज हाम्रो काम सफल हुनेभयो भनी मनमा राखे । त्यस नगरमा प्रतिवर्ष विवट नक्षत्र भनेको उत्सव लाग्थ्यो । त्यसबेला कहिल्यै घरबाट बाहिर ननिस्केकी कुमारी केटीहरू पनि आफ्ना परिवारसँगै घरबाट बाहिर निस्की शरीरमा घुम्टो नओढीकन पैदलै हिंडेर नदीमा स्नान गर्न जानुपर्थ्यो । त्यसदिन क्षत्रीय महाशाल कुलका छोराहरू पनि आफ्ना समान जाति कुलका आफूलाई मन परेका कुमारी देख्ने बित्तिकै फुलको माला लगाई दिन भनी हातमा फुलको माला लिएर बाटामा ठाउँ-ठाउँमा बसिराखेका हुन्थे । ती ब्राह्मणहरू पनि नदीको तीरमा एउटा धर्मशालामा बस्न गए । सोही क्षणमा बिशाखा पन्ध्र सोन्ह वर्षको वैशको भरखरकी तरूणी सबै वस्त्रालंकारले अलंकृत भई पाँचसय कुमारी केटीहरूले परिवृत्त भई नदीमा स्नान गर्न भनी त्यस ठाउँमा आइपुगिन् ।

अनि सोही अवस्थामा बादल उठेर बेसरी पानी बर्सियो । अरू पाँचसय कुमारी केटीहरू दगुर्दै आई धर्मशाला भित्र पसे । ब्राह्मणहरूले त्यहाँ बसेर हेरीरहे, त्यत्तिका कुमारीहरूमा एकजना पनि पाँच कल्याणले संयुक्त भएका देखेनन् । बिशाखा एकजना मात्र आफ्नै मन्द-मन्द चालले आई धर्मशालामा पसिन् । उनको वस्त्र आभूषण आदि सबै निथ्रुक्क भिजे । ब्राह्मणहरूले उनीमा चार कल्याण लक्षण देखेर उनको दाँत हेर्ने इच्छाले "अलसी जातिकी यी केटी, यस्को लोग्ने हुनेलाई कनिकाको पातलो खाना (यागु) पनि लाभ हुँदैन कि कसो ?" भनी उनले सुन्नेगरी आपसमा कुरा गरे । अनि तिनीहरूलाई बिशाखाले भनिन् "तपाईहरूले के कुरा गरि रहनुभएको ?" "हामीले यो कुरा गरिराखेको हो कि "हे मैंया ! तिम्रो स्वर निकै मधुरो छ, काँसको थाल बजाउँदा जस्तै फिंजिएर जान्छ ।" अनि फेरि उसले त्योभन्दा पनि राम्रो मधुर स्वरले तपाईहरू कुन कारणले के विषयमा कुरा गरिरहनु भएको भनी सोधिन् । तिम्रा साथी केटीहरू सबै वस्त्रालंकार नभिजिने गरी बेगले दगुर्दै आएर यहाँ पस्न आइन् । तिमी एकजना मात्र यो छोटो बाटोमा पनि बेगले दगुरेर आउन सकिनौ, लुगा गहना सबै भिजाएर यो ठाउँमा पस्न आयौ भनी कुरा गरिरहेको हो भने ।

"तात (हे ब्राह्मण बाज्ये) ! त्यसो नभन्नुहवस, मैले अर्कै ठुलो



https://dhamma.digital

कारणलाई देखेर त्यसरी बेगले नदगुरेकी हुँ । "त्यो कारण के हो ? "तात ! चार प्रकारका व्यक्ति दगुर्दा शोभा हुँदैन । सबै राजाभरणले सज्जित अभिषेक प्राप्त राजा पेटी बाँधेर राजाप्रांगणमा दुगर्दा शोभा हुँदैन । कस्तो यो महाराजा त एउटा गृहपति जस्तै दगुऱ्यो भनी गिल्ला गर्ने हुन्छ । राजाहरू बिस्तारै जानुमा नै शोभा हुन्छ । राजा मङ्गल हात्ती पनि अलंकार गरी सजाई राखेको बेलामा बेगले दगुर्दा शोभा हुँदैन । हस्तिलीला दर्शाउँदै बिस्तारै गए मात्र शोभा हुन्छ । प्रब्रजित हुनु भएका पनि बेगले हत्तर पतर गरी दगुर्दा शोभा हुँदैन । कस्तो यो श्रमण ! गृहस्थहरू जस्तै दगुर्दो रहेछ भनी गिल्ला गर्ने हुन्छ । शान्त दान्त भई बिस्तारै जानुभए मात्र शोभा हुन्छ । कुमारी केटीहरू पनि दगुर्दा शोभा हुँदैन, कस्ती यी कुमारी केटी त पुरूषहरू जस्तै दगुरेको, हेर भनी गिल्ला गर्ने हुन्छ । स्त्रीहरू पनि बिस्तारै पाइला चाल्दै हिंडेमात्र शोभा हुन्छ । यी चार व्यक्ति दगुर्दा शोभा हुँदैन ।"

अरूपनि कारण छ भनेको के हो ? भनी सोधेपछि "तात ! आमाबाबुहरूले आफ्नो छोरीको हात गोडा आदि अङ्ग प्रत्यङ्ग सुरक्षित गरी पालनपोषण गरी राखेका हुन्छन् । हामीहरू भनेका बिक्री गर्नुपर्ने वस्तु समानका हौ । हामीलाई अर्काको कुलमा पठाउनुको निम्ति नै पालनपोषण गरी राखेका हुन्छन् । यदि बेगले दगुर्दा गोडाको दश औंलामा ठक्कर लागी ठेस लागेर भुइँमा लडें भने हात गोडा भाँच्न सक्छ । यस्तो भयो भने आफ्नो कुललाई बोझ हुनेछ । दोष आउने हुन्छ । लगाई राखेको वस्त्र आभूषण भिज्यो भने पछि सुकेर जाने हुन्छ, कुनै नोक्सान हुँदैन । यस्ता यस्ता कारणलाई सम्झेर म दगुरेर नआएकी हुँ भनी बताइन् ।

ब्राह्मणहरूले बिशाखाले यी कुराहरू बताईरहेको बेलामा दाँतको कल्याण सम्पत्ति देखेर यत्तिको कल्याण सम्पत्तिले सम्पूर्ण भएकी स्त्री हामीले पहिले कहिल्यै देखेको थिइन भनी उसको कुरालाई साधुकार दिएर "अम्म, तिमी नै हाम्रो मालिकको छोरालाई योग्य छौ" भनी तिनीहरूले लिएर आएको सुनको हार माला पहिराई दियो । अनि उसले सोधिन् "तात ! कुन देशबाट यहाँ आउनु भएको ?" "हे मैंया ! हामी श्रावसती नगरबाट आएका हौ । "महाजन कुलको नाउँ के हो ?" " हे मैंया ! मिगार महाजन हो । "उनको छोरो आर्यपुत्रको नाउँ के हो ?" " हे मैंया ! पूर्णबर्धन कुमार हो ।" उनी हाम्रा समान कुलका हुन् भनी जानी स्वीकार गरी, आफ्नो पिताकहाँ "हामीलाई



https://dhamma.digital

रथ पठाई दिनुहवस" भनी समाचार पठाइन् ।

यसरी समाचार पठाएको किन भने - पहिले उनी नदीमा जान आउँदाखेरि पैदल नै आएकी थिइन्, अहिले सुनको हार लगाई सकेपछि त्यसरी पैदल जानु भएन, स्वामी भएकी स्त्री रथ आदिमा बसेर मात्र जान्छिन्, अरूहरू पैदल पनि जान्छन्, छाता ओढेर पनि जान्छन्, ताडबृक्षको पातले घाम छेकेर पनि जान्छन्, त्यस्तो केहि भएन भने ओढिराखेको पछ्यौरा निकालेर आधि पछ्यौराले टाउकोमा घाम नपर्ने गरी घुम्टो ओढेर भएपनि जान्छन् ।" उनको पिताले पाँचसय बयलगाडा पठाइ दिए । बिशाखा परिवारहरू सँगै रथमा बसी फर्किन् । ब्राह्मणहरू पनि उनको पछि लागी गए । अनि तिनीहरूसँग महाजनले सोधे "तिमीहरू कहाँबाट आएका हौं ?" "श्रावस्तीबाट आएका हौं महाजन !" "तिम्रा महाजनको नाउँ के हो ?" "मिगार महाजन हो ।" "छोराको नाउँ के हो ?" "पूर्णबर्धन कुमार हो महाजन ।" "धन कति छ त ? चालीस करोड छ महाजन ।" हाम्रो धनको अगाडि यो धन केही पनि होइन, परन्तु छोरीलाई आरक्षा गर्न पुग्छ, अरू कारण किन सोध्ने" भनी स्वीकार गरे । उनी महाजनले ती ब्राह्मणहरूलाई चाहिंदो सत्कार सम्मान गरी एक दुई दिन त्यहिं राखी फर्काइदिए ।

तिनीहरू श्रावस्तीमा फर्केर मिगार महाजनलाई केटी प्राप्त भयो भनी सुनायो । कस्की छोरी ? भनी सोध्दा धनञ्जय महाजनकी छोरी भनेपछि मिगार महाजनले हामीलाई ठुलो कुलकै केटी पायौं भनी चाँडै नै दुलहि ल्याउनु पर्‍यो भनी त्यहाँ जान राजाकहाँ गएर बिन्ति गर्न गए । राजाले "त्यो महान कुल हो, मैले नै बिम्बिसारकहाँबाट ल्याएर "साकेतमा" बास गराई राखेको हो, उनलाई सत्कार सम्मान गरी ल्याउनुपर्छ, म पनि सँगै आइदिन्छु" भनी आज्ञा भयो । त्यसोभए "हुन्छ महाराज" भनी बिन्ति गरी उसले धनञ्जय महाजनकहाँ समाचार पठायो कि "म त्यहाँ आउँदा यहाँका राजा पनि आउनुहुन्छ, राजासँगै आउने मन्त्री भारदार शैन्य पल्टन धेरै हुन्छ, यत्तिका मानिसहरूलाई गर्नुपर्ने कर्तव्य पालन गर्न सकिएला कि नसकिएला ?" उनी महाजनले पनि यदि त्यस्ता दश जना राजाहरू आउँछु भनेपनि लिएर आउनुभए हुन्छ धन्दा मान्नु पर्दैन भनी उत्तर दिई पठाए । मिगार महाजनले महान नगरमा घर कुरूवा बस्ने मात्र बाँकी राखी अरू सबै साथमा लिई आधा योजन जति टाढा आइपुगेपछि हामी आईपुग्यौ भन्ने समाचार पठायो ।



https://dhamma.digital

धनञ्जय महाजनले धेरै नै कोसेली उपहार पठाई छोरीसँग सल्लाह गरे । छोरी ! तिम्रो ससुरा हुने महाजन भने कोशल राजासँगै आइपुगीसके, उनलाई कुन घरमा राख्नुपर्ला, राजालाई कुन घरमा, उपराज आदिलाई कुन घरमा राख्नुपर्ला, भनी सोध्दा पण्डित भएकी महाजनपुत्रीले बज्र समान र तीक्ष्ण बुद्धि भएकी, सयहजार कल्पदेखि प्रार्थना गरी आएको पुण्य भएकी, भाग्यमानी कन्या हुनाले "मेरा ससुरालाई यो घरमा राख्नुहवस, राजालाई यो घरमा, उपराज आदिलाई यो यो घरमा राख्नुहवस भनी अऱ्हाइन् । नोकर चाकरहरूलाई बोलाई यत्तिले राजाकहाँ गर्नुपर्ने काममा लाग्नु, यत्तिले उपराज आदिहरूकहाँ, हात्ती घोडा आदिको हेर बिचार पनि तिमीहरूले नै गर्नु, जसबाट घोडालाई स्याहार गर्नेहरू पनि विवाह मङ्गल उत्सवमा सामेल हुन पाओस भनी सबै व्यवस्था गरी दिइन् । किन भने हामीले बिशाखाको विवाहमङ्गल उत्सबमा गएर केही देख्न पाएनौ, कुनै सामान पनि प्राप्त भएन, घोडा आदि हेरविचार गर्ने काममा मात्र ब्यस्त हुनुपर्दा सुखपूर्वक बस्न पाएनौ भनी भन्न नपाओस् भन्ने विचारले यस्तो व्यवस्था मिलाएको हो ।

त्यस दिन बिशाखाका पिताले पाँचसय स्वर्णकारहरू बोलाउन पठाई मेरी छोरीलाई "महालता प्रसाधन" भन्ने गहना बनाइदेउ भनी रक्तवर्णको असर्फि एकहजार र त्यसलाई चाहिंदो चाँदी, मोति, पन्ना, हिरा आदि दिलाईदिए । राजाले दुई चार दिन बसी धनञ्जय महाजनलाई समाचार पठायो कि हे महाजन तिमीले हामीलाई पालन पोषण गर्न सकिंदैन, छोरीलाई कन्यादान दिने दिन छिट्टै निश्चित गर । उसले पनि राजालाई "अहिले यो समय वर्षा शुरू भैसक्यो, तसर्थ चार महिनासम्म कहीं जान योग्य हुँदैन, तपाईको शैन्य सिपाहींहरूलाई जे जति चाहिएको वस्तु हो, त्यो सबै दिने मेरो भार भयो । मैले कन्या बिदादिने बेलामा मात्र महाराजको सवारी चल्नेछ" भनी उत्तर पठाइ दियो । त्यसबेला देखी साकेत नगरमा दिनहुँ भनेझैं उत्सब मेला लागेजस्तै चहलपहल भयो । राजा प्रमुख सबैलाई फूलको माला, सुगन्ध, वस्त्र आदि जहिले पनि तयार भईरहचो ।

तिनीहरू सबैले चिन्तना गरे कि यो महाजनले हामीलाई मात्र सेवा सत्कार गरि रहयो । यसरी तीन महिना बित्यो । गहना बनाउन दिएको भने सिध्याएर ल्याएको छैन । कामकाजमा लागीरहेका मानिसहरूको नाइकेहरू आएर महाजनलाई भन्न आए कि "अरूथोक त कुनै वस्तु घटेको छैन,



https://dhamma.digital

सैनिकहरूलाई भान्छामा बाल्न दाउराको कमी भयो ।" नाइके हो तिमीहरू गएर यस नगरका पुराना-पुराना हात्तीसार आदि र जीर्ण भैसकेका घरहरू भत्काएर भएपनि ती काठहरू बालेर भान्छाको काम चलाउ । यसरी पकाएर ख्वाउँदा ख्वाउँदा आधी महिना बित्यो । फेरि आएर दाउरा पुगेन भन्न आयो । यतिबेला दाउरा कहिंबाट ल्याउन सकिंदैन, कपडाको भण्डार खोलेर ठूला ठूला कपडा थान निकालेर टुक्रा टुक्रा पारी बटारी तेलमा डुबाई त्यो बालेर भएपनि भात पकाई खुवाउनु भनी पठायो । तिनीहरूले त्यस्तै गरेर खुवाई अर्को आधा महिना बिताए । यसरी चार महिना सकिएपछि गहना बनाउन दिएका पनि सिध्याएर ल्यायो ।

त्यस गहनामा हिरा चार नालि, मोति एघार नालि, मुंगा बाईस नालि, माणिक तेत्तीस नालि प्रयोग भयो । त्यस्तै अरू रत्नहरू पनि त्यत्ति नै प्रयोग भयो । अरू धागो नराखीकन चाँदीको धागो तुल्याई काम चलायो । त्यो गहना शिरमा राख्दा गोडासम्म लट्कन्थ्यो, ठाउँ ठाउँमा सुनको बाटुलो टाँख राखी जोडेर चाँदीको टाँख अडचाउने राखी, टाउकोको माझमा एउटा टाँख, दुई कानको पछाडी दुइवटा, घाँटिमा एउटा, दुई घुँडामा दुइवटा, दुई कुहिनामा दुई वटा, दुई फिलामा दुईवटा टाँख । त्यो गहना मयुरको आकारमा बनाई त्यसको दाहिने पखेटामा रातो सुनको पाँचसय प्वांख, बायाँ पखेटामा पाँचसय प्वाँख राखी, मयुरको चुच्चो मुंगाको, माणिकको आँखा, त्यस्तै घाँटि र पुच्छर पनि, मयुर प्वाँखको, डाँठ सुनकै, त्यस्तै पिडौंला पनि सुनकै, त्यो वस्त्र गहना बिशाखाको शिरमा सजाउँदा पर्वतको टुप्पामा बसी नाचीरहेको मयुर जस्तै देखिन्थ्यो । एकहजार प्वाँखको शब्द देवताहरूको सहनाईको स्वर जस्तै निस्कन्थ्यो । उनको अगाडिसम्म गएर हेर्दा मात्र त्यो साँच्चैको मयुर होइन भनी जान्न सक्थ्यो । त्यो गहनाको मूल्य नौ लाख पर्‍यो । एकलाख रूपैयाँ त त्यसको ज्याला पर्‍यो ।

तिनलाई त्यो गहना कुन कारणबाट प्राप्त भएको भने उसले काश्यप बुद्धको समयमा बीस हजार भिक्षुहरूलाई चीवर कपडा दान दिंदा, सियो धागो र रंग पनि आफैले दियो । त्यसरी त्यो चीवर दान गरेको पुण्य फलले गर्दा उसलाई त्यो गहना लाभ भएको हो । स्त्रीहरूले चीवर दान दियो भने "महालता पसाधन" गहना लाभ गर्ने पुण्य सिद्ध हुनजान्छ, पुरूषवर्गलाई भए ऋद्धिमय पात्र चीवर आदि लाभ गर्न हेतु हुनजान्छ । यसरी महासेठले चार



https://dhamma.digital

महिनाभित्र छोरीलाई बिदा दिन तयारी गर्न लगाई दाइजो पठाउन रूपैयाँले भरिएको पाँचसय गाडा, चाँदीको भाँडाकुडाले भरिएको पाँचसय गाडा, तामाको पितलको भाँडाकुँडाले भरिएको पाँचसय गाडा, तास तिनखालको कपडाले भरिएको पाँचसय गाडा, घिउको टीनले भरिएको पाँचसय गाडा, धान चामलले भरिएको पाँचसय गाडा, हलो, फालि, कोदाली आदि उपकरणले भरिएको पाँचसय गाडा दाइजो पठाई दिए ।

महाजनको मनमा यस्तो लाग्यो कि मेरी छोरी गएको ठाउँमा कुनै एउटा वस्तु नभएर अर्काको घरको ढोका गएर लिन जान नपरोस् भनी उसलाई चाहिने जति वस्तु उपकरण सबै दिन लगायो । एक एक रथमा सम्पूर्ण वस्त्रालंकारले सजिएकी तीन-तीन जना राम्री-राम्री दासी राखी पाँचसय रथ पठाई दियो । यतिले नुहाईदिनु, यतिले भोजन गराउनु, यतिले अलंकार गरी सजाई दिनु भनी पच्चिससय परिचारिकाहरू पठाई दियो । अनि महाजनको मनमा यस्तो लाग्यो कि मेरी छोरीलाई गाई-गोरू पनि पठाइदिनुपऱ्यो भनी मानिसहरूलाई आज्ञा दियो "हे पुरूष हो, गोठको ढोका खोलेर तीन गावुतमा तीनवटा ढोल समाउन लगाई मानिसहरू उभ्याई राख्नु, चौडाईमा एक उसभ (१४० हस्त) जति ठाउँ दुवैतिर उभ्याई राख, गाई गोरूहरूलाई त्यसभन्दा बाहिर लान नदिनु, यसरी बसेपछि बाजा बजाई इशारा गर्न लगाउनु ।" तिनीहरूले त्यस्तै गरे । गाईहरू गोठहरूबाट निस्केर एक गावुतसम्म आइपुग्दा बाजा बजाई इशारा दियो, फेरि आधा योजन पुग्दा इसारा दियो, फेरि तीन गावुत पुग्दा इसारा दियो । चौडाई तर्फबाट जाने पनि छेकीदियो, यसरी लम्बाईमा तीन गावुत, चौडाईमा एक उसभ ( १४० हस्त) ठाउँसम्म गाई गोरूहरू आपसमा टनाटन हुनेगरी घचेट्दै बस्न गए ।

महाजनले मेरी छोरीलाई यत्ति गाई गोरू भए पुग्ला, ढोका थुनीदेउ भनी गोठको ढोका बन्द गर्न लगायो । यसरी ढोका बन्द गरेपछि बिशाखाको पुण्य प्रतापले गर्दा बलिया बलिया गाई गोरूहरू उफ्रेर बार नाघ्दै आए । मानिसहरूले रोक्दारोक्दै पनि साठी हजार बलिया बलिया बाछ्रा र साठी हजार गाईहरू बार नाघेर आए । त्यहाँ बलिया बलिया बार नाघेर आएका बाच्छ्राहरू पहिले निस्केका गाईहरूको वृषभ हुनगए ।

के कारणले गर्दा त्यसरी छेक्दा-छेक्दै पनि गाई गोरूहरू गोठबाट बाहिर निस्केका होला ? यी सबै पहिले दिएर आएको दानको फल नै



https://dhamma.digital

हुन् । बिशाखाले पहिले काश्यप तथागतको समयमा किकि नामको राजाकी सातओटि छोरी मध्येमा सबभन्दा कान्छी संघदासी नामको छँदा बीसहजार भिक्षुहरूलाई पञ्चगोरस दानदिंदा साना साना श्रामणेरहरूले हातले पात्र छोपी पुग्यो पुग्यो भन्दा भन्दै पनि स्वादिष्ट छ, यो असल हो भनी बारम्बार दान दिएकीथिइन् । त्यसरी दान दिएको कारणले गर्दा छेक्दाछेक्दै पनि गाई गोरूहरू गोठबाट बाहिर निस्केका हुन् । महाजनले यत्तिका धन दाइजो दिंदा महाजननीले भनिन् - "तपाईले मेरी छोरीलाई अरूथोक सबै व्यवस्था गरि दिनुभयो परन्तु उनलाई सेवा सत्कार गर्ने सेवक नोकरहरूको व्यवस्था गरि दिनुभएन, यसको कारण के हो ?" महाजनले भने - "मेरी छोरीप्रति स्नेह हुने र नहुने जान्नुको निम्ति यसो गरेको हो । मैले उनीसँग नजानेलाई घोक्रचाएर पठाउन सक्दैन । उनी रथमा बसेर जाने बेलामा उनीसँग जान इच्छा भएकाहरू जाउ, इच्छा नहुनेहरू यहाँ बस भनौला" भनी जवाफ दिए ।

भोलिपल्ट मेरी छोरी बिदा भएर जानेछिन् भनी आफ्नो कोठामा बसेर छोरीलाई नजिकै बसालेर मैया ! आफ्ना पतिकुलमा जानेहरूले योयो आवश्यक नियमहरू पालन गरी बस्नुपर्छ भनी उपदेश दिए । यो उपदेश पनि मिगार महाजनले नजिकैको कोठामा बसेर सुनीरहे । धनञ्जय महाजनले आफ्नी छोरीलाई यसरी उपदेश दियो -

"मैंया ! पतिकुलमा बस्ने बुहारीहरूले (१) भित्रको आगो बाहिर पठाउनु हुँदैन (२) बाहिरको आगो भित्र्याउनु हुँदैन (३) फिर्ता दिनेलाई मात्र दिनुपर्छ (४) फिर्ता नगर्नेलाई दिन हुँदैन । (५) फिर्ता गर्नेलाई पनि फिर्ता नगर्नेलाई पनि दिन सक्नुपर्छ । (६) सुखपूर्वक बस्नुपर्छ । (७) सुखपूर्वक भोजन गर्नुपर्छ (८) सुखपूर्वक सुत्नुपर्छ (९) आगोको सेवा गर्न सक्नुपर्छ । (१०) घर भित्रका देवताहरूलाई नमस्कार गर्नुपर्छ ।"

यी दशवटा उपदेश दिएर भोलिपल्ट कोशल राजाको पल्टनको बिचमा आठ खलक ठूला ठूला महाजनकुलका कुटुम्बिकहरू साक्षीको रूपमा अगाडी राखेर "यदि मेरी छोरी विवाहगरी पठाएको ठाउँमा यसको कुनै दोष उत्पन्न भयोभने तिमीहरूले शोधन गरि दिनुपर्छ" भनी नौ करोड मूल्य जाने "महालता पसाधन" नामको आभूषणले सजाई स्नान गर्ने साबुन खर्चको निम्ति चवन्नकोटि धन दिएर रथमा बसाई साकेत नगरको चारैतिर आफ्नो हकको अनुराधपुर जत्रो चौध असामी ठाउँमा "मेरी छोरीसँग जान



https://dhamma.digital

चाहने जान सकिन्छ" भनी भ्यालि पिटाउन लगाए । तिनीहरूले त्यो शब्द सुन्नेबित्तिकै हाम्री मालिकनी गएपछि हामीमात्र यहाँ बसेर के गर्ने ? भनी चौध गाउँका मानिसहरू कुनै पनि बाँकि नरहने गरी बिशाखासँगै जान भनी निस्के । धनञ्जय  महाजनले राजा र मिगार महाजनलाई सत्कार गर्दै अलि परसम्म पुऱ्याउन गई तिनीहरूलाई छोरी सुम्पी बिदा गरी पठायो ।

मिगार महाजन सबभन्दा पछि एउटा यानमा बसी गइरहेको बेलामा पछि पछि आईरहेका लस्करलाई देखेर यिनीहरू को हुन् ? भनी सोधे । यिनीहरू हाम्री बुहारीलाई सेवा सत्कार गर्ने दास दासीहरू हुन् भनेपछि यतिकालाई कस्ले पाल्न सकिन्छ र ? यिनीहरूलाई पिटेर भगाइदेउ । नभाग्नेलाई सजाँय देउ भनेपछि बिशाखाले भैगो छाडिदेउ पिटेर भगाउनु पर्दैन, तिनीहरूको फौजले नै पल्टनलाई खानाको व्यवस्था गर्नेछ भने । महाजनको बुहारीले त्यसो भनेपनि अम्म ! हामीलाई यतिका मानिसहरूको कुनै आवश्यकता छैन, कस्ले यतिका मानिसहरूलाई पाल्न सक्छ ? भनी माटोको डल्लो लट्ठि आदिले पिट्न लगाई भगाई बाँकि रहेकालाई मात्र यति भए हामीलाई पुग्छ भनी तिनीहरूलाई मात्र आफ्ना साथमा लगे ।

श्रावस्ती नगरको ढोका पुगेपछि बिशाखाले चिन्तना गरिन् कि - "चारैतिर छोपीराखेको यानमा बसेर नगरमा प्रवेश गर्ने कि रथमा बसेर सबैले देखिनेगरी जाने ?" अनि उनले यस्तो मनमा सोचिन् "छोपीराखेको यानमा बसेर म नगरभित्र पसे "महालता पसाधन" आभूषण धारण गरी आएको कुनै विशेषता हुँदैन" भनी उनले सबै नगरबासीहरूले आफूलाई देखिने गरी रथमा बसेर नै नगरमा प्रवेश गरिन् । श्रावस्ती नगरमा रहने नगरवासीहरूले बिशाखाको सम्पत्ति देखेर "यस्तो रहेछ बिशाखा, यस्ता सम्पत्ति त यसलाई मात्र लायक छ भनी भने ।

यसप्रकारले उनले महान सम्पत्ति लिएर मिगार महाजनको घरमा पसिन् । नगरमा पुगेकै दिनमा उनलाई सकल नगरवासीहरूले "हामीहरूलाई धनञ्जय महाजनले महान सत्कार गरी ल्याएको छ" भनी आ-आफ्नो औगात अनुसार उपहार चढाउने वस्तु पठाए । बिशाखाले ल्याएजत्ति उपहार वस्तु सबै सोही नगरमा बस्नेहरूलाई, आपसको कुलहरूलाई अदल बदल गराई दिन लगाइन् । यसरी उनले यो हाम्री आमा भन्न योग्यलाई दिनु, यो हाम्रा बुबा भन्न योग्यलाई दिनु, यो हाम्रा दाज्यु भन्न योग्यलाई देउ, यो



https://dhamma.digital

हाम्री बहिनी भन्न योग्यलाई दिनु भनी तिनीहरूको बैंस अनुसार प्रियवचन बोल्दै उपहार (कोसेलि) दिनपठाई सम्पूर्ण नगरवासीहरू आफन्तजस्तै गरिन् । त्यसपछि सोही रातमा आजञ्ञ (असल जातका घोडा) ले बच्चा जन्माउन लागिन् । बिशाखाले दासीहरूसँगै मसाल बालेर समाउन लगाई आफू पनि गएर घोडीलाई तातो पानीले स्नान गराई, तेल घस्न लगाई आफू बस्ने ठाउँमा फर्के ।

मिगार महाजनले पनि आफ्नो छोराको बिवाह मङ्गल कार्य सिध्याई, स्थिररूपले विहारमा बास गरिरहनुभएका तथागतलाई नसम्झीकन धेरै समयदेखि नांगा निगण्ठहरू प्रति रहीरहेको प्रेमले गर्दा हाम्रा आर्यहरूलाई सत्कार गर्नुपऱ्यो भनीकन एकदिन सयौं नयाँ भाँडामा पानी नमिसिएको दूधमा खीर पकाउन लगाई पाँचसय नांगा (बस्त्र नभएका) अचेलकहरूलाई निमन्त्रणा गर्न लगाई आफ्नो घरमा बसाई "मेरी बुहारी आएर अरहन्तहरूलाई वन्दना गर्न आउ" भनी बिशाखाकहाँ समाचार पठायो । उनले अरहन्त भन्ने वचन सुनेर श्रोतापन्न भईरहेका आर्यश्राविका खुसी भएर अचेलकहरूलाई भोजन गराउने ठाउँमा आएर तिनीहरूलाई देखी यस्ता लज्या भय नभएका पनि अरहन्त हुन्छ र ? मलाई बेकारमा नै मेरा ससुराले बोलाउन पठाउनु भयो भनी महाजनलाई निन्दा गरी आफू बसेकै ठाउँमा फर्किन् ।

अचेलकहरूले उनले त्यसो गरेको देखी सबैले एकै स्वरले महाजनलाई निन्दा गरे - "कसो तिमी महाजनलाई अरू कुनै बुहारी लाभ भएन ? श्रमण गौतमकी श्राविका अलक्षिनीलाई आफ्नो घरमा भित्र्यायौं, छिट्टै यी बुहारीहरूलाई यो घरबाट निकाली दिनु" भने । महाजनले यिनीहरूको वचनले मात्र मैले बुहारीलाई निकाल्न सक्दिन, ठूला कुलकी छोरी भन्ने चिन्तना गरी "हे आर्य, बच्चाहरू जानी नजानी यसरी अपराध गर्न सक्छ तपाईहरू चुप लाग्नुहवस्, भनी तिनीहरूलाई फर्काएपछि आफू अनर्घ आसनमा बसेर सुनको थालमा स्वादिष्ट खीर भोजन गरीरहे ।

त्यसबेला एकजना पिण्डपातिक स्थविर भिक्षा आउनु भएको त्यस घरको अगाडी आइपुग्नुभयो । बिशाखा आफ्ना ससुराको पछाडी बसेर पंखा हम्कँदै थियो । उनलाई देखेर ससुरालाई बताउन योग्य नठानी महाजनले स्थविरलाई देखिनेगरी आफू पछिल्तिर हटिदिइन् । त्यो मूर्ख महाजनले स्थविरलाई देखेर पनि नदेखेझैं गरी निहुरेर भोजन गरिरह्यो । बिशाखाले



https://dhamma.digital

मेरा ससुराले स्थविरलाई देखेर पनि वास्ता गरेनन् भनी थाहा पाएर भनिन्, “अगाडि पाल्नुहवस भन्ते ! मेरा ससुराले बासी खीर खाइरहनुभएको छ ।” उसले निगण्ठहरूले बिशाखाको शिकायत गर्दा सहीरहे पनि बासी खीर खाइरहचो भन्नेबित्तिकै खीरबाट हात झिकेर “यो खीर यहाँबाट हटाउ यी बुहारीले मलाई यस्तो मङ्गलकार्य गरिरहेको बेलामा बासी खीर खाइरहेछ भन्छे यी बुहारीलाई पनि यो घरबाट निकालीदेउ” भनी अऱ्हायो ।

त्यो घरमा भने दास दासीहरू सबैनै बिशाखाको घरबाट नै आइरहेका थिए । उसलाई कस्ले हात गोडा समातेर निकाल्न सक्थे ? मुखले मात्र पनि उसलाई घरबाट निस्की भन्न सक्ने कोहि थिएन । बिशाखाले ससुराको कुरा सुनेर भनिन् “भो ससुरा ! यति बचनले मात्र म यो घरबाट निस्कन सक्दिन । मलाई तपाईहरूलाई सुम्पेर पठाउँदा कुम्भदासी झैं भएर यो घरमा आएको होइन, मेरा आमा बाबु दुवै जीवमान भएका केटी यतिमात्रले यो घरबाट निक्लिदैन । यस्तै कारणले गर्दा नै मेरा बुबाले मलाई यहाँ पठाउँदा आठजना ठूला ठूला कुटुम्बिकहरू डाकेर यदि मेरी छोरीको कुनै दोष हुन गए तिमीहरूले शोधन गरिदिनु भनी मलाई तिनीहरूको हातमा सुम्पेर पठाएको हो । तिनीहरू सबै बोलाउन पठाई मेरो दोष छ छैन निर्णय गरी हेर्नु हवस् भनिन् ।

महाजनले यसले कल्याणको कुरा नै गरेको भनी आठ जना ठूला ठूला कुलको कुटुम्बिकहरू बोलाउन पठाई “यी बुहारीले मंगलको दिन आसनमा बसेर पानी नभएको खीर खाईरहेको बेला मलाई बासी भोजन खाईरहेको भनी भनेको कारणले गर्दा यसलाई घरबाट निकाली देउ” भनी सुनायो । “तिमीले यस्तो भनेको होकि ?” भनी तिनीहरूले सोध्दा बिशाखाले भनिन् “आर्य हो ! एकजना पिण्डपातिक स्थविर घरको संघारमा उभिई रहनु भयो । मेरा ससुराले उनलाई वास्ता नै नगरी खीर भोजन गरिरहनु भएकोले मेरा ससुराले यस आत्मभावमा कुनै पुण्य गर्नुभएन, पुराना पहिलेको पुण्यमात्र अनुभव गरि रहनु भयो” भन्ने मनमा सोचेर “अगाडी जानुहवस भन्ते ! मेरा ससुराले पुराना पुण्य खाइरहनु भएको छ” भनी भनेकी हुँ । यसमा मेरो के दोष छ ?” “छैन मैंया ! यसमा तिम्रो कुनै दोष छैन । बुहारीले त युक्तियुक्त कुरा नै भनेको हो, तपाई किन बुहारीदेखि यत्तिको रिसाउनु भएको ?” भनी सोधे । अनि महाजनले भन्यो - भैगो यो एउटा उसको दोष होइन भने, यी बुहारी एकदिन



https://dhamma.digital

राति आधारातमा दासीहरू जम्मा गरी घरको पछाडितिर गइन् । तिनीहरूले "अम्म यसरी गएकी हौ?" भनी सोधेपछि, "तात ! म अरू कारणले गएकी होइन् यस घरमा सबभन्दा असल जातका घोडीले बच्चा पाउन लाग्दा वहाँहरूले वास्तै नगरी बसेको हुनाले म आफैं दासीहरूसँग मसाल बालेर तबेलामा गई घोडीले बच्चा पाउने बेलामा गर्नुपर्ने सेवा टहल गराउन गएकी हुँ" । अनि तिनीहरूले "हे महाजन ! हाम्री मैंयाले तपाईको घरमा दासीहरूले पनि नगरेको काम गरिदियो, तपाईले यसमा के दोष देख्नुभयो ?"

"आर्य ! यसमा पनि दोष छैन भनुं, यसको पिताले यसलाई यहाँ पठाउने बेलामा गुप्त कोठामा लगेर दशवटा उपदेश दिएर पठाएको छ, त्यसको अर्थ मैले बुझिन, बुहारीलाई भन्न लगाउ । यसका पिताले "घर भित्रको आगो बाहिर निकाल्न हुँदैन" भनिपठायो । हामीले कुनै छिमेकीहरूको घरमा आगो नभएर लिन आउँदा आगो नदिईरहन सक्ला ?" "मैंया यस्तो हो ?" - "तात ! मेरा पिताले आगो भनेको त्यो साँचैको आगोलाई भनेको होइन, कुन आगोलाई भनेको भने- आफ्नो घर भित्रको सासु ससुरा स्वामीहरू बिचको अवगुणको कुरा यताउति बस्ने छिमेकीहरूको घरमा गएर भन्न नजाउ । यसरी भन्नजाने बानी घरको आगो बाहिर लैजानु समान हो । यथार्थमा आगोलाई भनेको होइन ।"

"आर्य हो ! भैगो त्यो त त्यस्तै होस् । यसको पिताले "बाहिरको आगो घरभित्र ल्याउनु हुँदैन" भनिपठाएको छ, हाम्रो घरमा आगो नभएको बेलामा बाहिरको आगो आफ्नो घरभित्र नल्याइ रहन सक्ला ?" "मैंया यस्तो हो ?" "तात ! मेरा पिताले बाहिरको आगो भनेको त्यो साँचैको आगोलाई भनेको होइन, कुन आगोलाई भनेको भने दायाँ बायाँ रहेका छिमेकी घरका स्त्री होस् वा पुरूषले होस् आफ्नो घरका सासु ससुराहरूलाई दोष दिएर अवगुणको कुरा गरिरहेको सुनेर आई त्यसलाई पल्लोघरका फलानो नामको मानिसले तपाईलाई यसरी दोष दिएर कुरा गरिरहेको छ भनी आफ्नो घरभित्र आई भन्न आउनु हुँदैन भनेको हो, त्यो जस्तो आपसमा झगडा पार्ने ठूलो आगो अर्को छैन । त्यो यथार्थ आगोलाई भनेको होइन ।" भनी बताएपछि यो कारणले पनि बुहारी निर्दोष नै भयो । त्यस्तै नै अरू ठाउँमा पनि अर्थ बुझेर लिनुपर्‍यो ।

त्यहाँको अभिप्राय अर्थ यस्तो हो- बिशाखाको पिताले दिइपठाएको उपदेश मध्ये "फिर्ता दिनेलाई मात्र दिनुपर्छ ।" भनेको अभिप्राय आफ्नो घरको



https://dhamma.digital

वस्तु सापत्ति लगेर फिर्ता ल्याएकाहरूलाई मात्र फेरि माग्न आएको बखतमा दिनुपर्छ ।" भनेको हो ।

"फिर्ता नगर्नेलाई दिनु हुँदैन ।" भनेर वस्तु फर्काउन नजान्नेलाई दिई पठाउन हुँदैन भनेको हो ।

"फिर्ता गर्नेलाई पनि फिर्ता नगर्नेलाई पनि दिन सक्नुपर्छ ।" भनेको अभिप्राय के भने, दरिद्र भएका आफन्तहरू हुन्छन्, तिनीहरूले आएर कुनै कामको लागि धन लिएर जान्छन्, त्यो धन फिर्ता गर्न ल्याएन भनेर फेरि सापटि माग्न आउँदा नदिइ रहनु हुँदैन । दिन ल्याए पनि नल्याए पनि दिईरहनु पर्छ भन्ने अभिप्राय हो ।

"सुखपूर्वक बस्नुपर्छ" भनेको अभिप्राय सासु, ससुराहरू आउँदा उठेर सम्मान गर्नुपर्ने ठाउँमा, अग्ला अग्ला ठाउँमा बसिरहनु हुँदैन भनेको हो ।

"सुखपूर्वक भोजन गर्नुपर्छ" भनेको अभिप्राय सासु, ससुरा र आफ्ना स्वामीभन्दा पहिले आफूले खान हुँदैन, तिनीहरू सबैलाई खुवाई पिलाई सकेपछि सबैलाई पुग नपुग हेरेर मात्र सबभन्दा पछि बाँकी रहेको खानुपर्छ भनेको हो ।

"सुखपूर्वक सुत्नुपर्छ" भनेको अभिप्राय यो पनि सासु ससुरा र आफ्ना स्वामी सुत्नुभन्दा अगाडि आफू पहिले खातमा पल्टेर निदाउनु हुँदैन, तिनीहरूलाई गर्नुपर्ने सेवा सत्कार सबै गरिसकेपछि मात्र सबभन्दा पछि सुत्नुपर्छ भनेको हो ।

"आगोको सेवा गर्न सक्नुपर्छ" भनेको अभिप्राय के हो भने, सासु, ससुरा र आफ्ना स्वामीलाई समेत आगोको थुप्रो जस्तै भयंकर नागराज जस्तै सम्झेर डर भर लिएर काम गर्दै लानुपर्छ भन्ने हो ।

"घर भित्र देवतालाई नमस्कार गर्नुपर्छ ।" भनेको अभिप्राय पनि सासु ससुरा र आफ्ना स्वामी समेतलाई घरका देवता नै सम्झेर डर भर लिएर घरका काम गर्दै लानुपर्छ भनेको हो । यसरी महाजनले यी दश अववाद, उपदेशको अर्थ सुनेर जवाफ दिने केही नदेखेर अँध्यारो अनुहार पारी निहुरेर झुलीरहयो ।

अनि कुटुम्बिकहरूले "कसो हो गृहपति ! हाम्री केटीको अरू पनि कुनै दोष हामीलाई सुनाउनु पर्ने छकि ?" भनी सोधे । "केहिपनि छैन आर्यहो ।"



https://dhamma.digital

भनी प्रत्युत्तर दिएपछि "त्यसो भए यी निर्दोषी बुहारीलाई घरबाट किन निकाल्ने त ? भनी सोधे । त्यसपछि बिशाखाले भनिन् - "तात् ! म मेरा ससुराको एकै वचनमा यो घरबाट बाहिर निस्कन योग्य छैन, मेरा बुबाले मलाई यहाँ पठाउनुहुँदा मेरो दोष छ-छैन शोधन गर्नुको निम्ति मलाई तपाईहरूको हातमा सुम्पेर ल्याएको हो । अब तपाईहरूले पनि म निर्दोष भएको भाव जानी लिनुभयो । अब म यहाँबाट गएपनि भयो भनी आफ्ना दास-दासीहरूलाई रथ यान आदि तयार गर भनी आज्ञा दिइन् । अनि मिगार महाजनले उनलाई तिनै आर्यहरूको आड लिएर "बुहारी ! मैले नजानीकन नबुझीकन तिमीलाई यस्तो भन्नपुगें मलाई क्षमा गरिदेउ" भने । "भो ससुराज्यू ! तपाईलाई मैले क्षमा त गरीहाल्छु परन्तु म भने बुद्ध शासनमा अत्यन्त श्रद्धा प्रसन्न भैरहेको कूलकी केटी हुँ । म तथागत र भिक्षु संघहरूको सेवा सत्कार गर्न नपाईकन यहाँ बस्न सक्दिन । यदि मेरो इच्छानुसार तथागत सहित भिक्षुसंघहरूलाई सेवा सत्कार गर्न पाइन्छ भने मात्र म यहाँ बसीरहन सक्छु" भनेपछि "अम्म ! तिम्रो इच्छानुसार तिमीले चाहे अनुसार तिम्रा तथागत र भिक्षु संघहरूलाई घरमा निमन्त्रण गरी सेवा सत्कार गर्नु" भनी अनुमति दियो ।

बिशाखाले भोलिपल्ट नै दशबल सहित भिक्षुसंघहरू निमन्त्रण गरेर आफ्नो घरमा भित्र्याइन् । नांगा अचेलक निर्गन्थहरूले मिगार महाजनको घरमा तथागत पाल्नुभएको खबर थाहापाएर त्यहाँ गएर घरको चारैतिर घेरादिई बसीरहे । बिशाखाले हातधुने दक्षिणोदक पानी दिएर सबै भिक्षुसंघ र तथागतलाई गर्नुपर्ने सेवा सत्कार तैयार गर्न लगाई, हाम्रा ससुराज्यू शास्तालाई भोजन दान गर्न आउनु हवस भनी ससुरालाई समाचार पठाइ । मिगार महाजन आउन लाग्दा उनका गुरू आजीवकरूले भो महाजन तपाई श्रमण गौतमकहाँ जान पाईंदैन भनी छेकीराखे । उनले "मेरी बुहारीले नै यथायोग्य तथागतलाई भोजन अर्पण गर्नु" भनी जवाफ पठाइदियो ।

बिशाखाले बुद्ध प्रमुख भिक्षुसंघलाई भोजन गराई सकेपछि फेरी अर्को समाचार पठाइन्- "मेरा ससुराज्यू शास्ताको धर्मदेशना सुन्न आउनु हवस् । त्यसबेला महाजनले अब त नगई हुँदैन भनी धर्म श्रवण गर्न जान लाग्दा बोलाएर निर्गन्थहरूले भने- "भो महाजन श्रमण गौतमको धर्मकथा सुन्न मनलागे जाउ, परन्तु पर्दा बाहिर बसेर मात्र सुन्नु ।" महाजनले त्यहाँ जानुभन्दा पहिले नै त्यहाँ पर्दा राख्न लगायो, महाजन गएर पर्दाको पछाडी



https://dhamma.digital

बस्न गए । शास्ताले तिमी पर्दा पछाडि बसेपनि, पर्वतकै पछाडि बसेपनि, अर्कै चक्रवालमा बसीरहेपनि, बुद्धले आफ्नो आवाज तिमीलाई सुनाउने शक्ति मसंग छ भनी महान जम्बुबृक्षको शाखा समातेर हल्लाउँदा जम्बुफल झरेझैं अमृत बर्षाएझैं धर्मदेशना गर्न क्रमशः आनुपूर्वी कथा बताउन प्रारम्भ गर्नुभयो ।

सम्यकसम्बुद्धले धर्मोपदेश गर्नुहुँदा अगाडी बसेपनि, पछाडी बसेपनि, सय चक्रवाल टाढा बसीरहेपनि, हजार चक्रवाल टाढा बसीरहेपनि, अकनिष्ठ देवभुवनमा गएर बसेपनि शास्ताले मलाई मात्र हेरी रहनुभएको, मलाई मात्र धर्मदेशना गरी रहनुभएको भनी सम्झिन्थ्यो । जस्तो चन्द्रमा आकाशको माझमा पर्दा आफ्नो टाउको माथी नै परेको जस्तो सबै सत्वप्राणीहरूले देखिए जस्तै जहाँसुकै बसीरहेपनि आफ्नो अगाडी नै बसीरहनु भएको जस्तो देखिन्छन् । यो बोधिसत्वहरूले अलंकार गरि सजाइराखेको शिर काटेर, गाजल लगाईराखेको आँखा निकालेर, हृदयको मासु निकालेर, अर्काको नोकर गर्न जालीकुमार जस्ता छोरा, कृष्णाजिनी जस्ती छोरी, मद्रीदेवी जस्ती महारानीलाई समेत परित्याग गरी दान दिई आएको फल हो ।

मिगार महाजन पनि तथागतको उपदेशमा विचार गर्दागर्दै पर्दाबाहिर बसेर नै हजार प्रकारले शोभायमान भैरहेको, स्रोतापत्ति फलमा प्रतिष्ठित भएर निश्चल स्थिर श्रद्धाले सम्पूर्ण भैरहेको तीन रत्नमा कुनै प्रकारको शंका नभएको भएर पर्दा उठाएर गई बुहारीको स्तनमा आफ्नो मुख अड्याई आजदेखी तिमी मेरी आमा समान भयौ भनी उनलाई आमाको स्थानमा राखे । उनी पनि त्यसबेलादेखी "मिगारमाता" को नामले जानिने भयो । पछि उनले छोरा पाएपछि मिगारो भनी नाउँ राखिन् । महाजनले बुहारीको स्तन छाडेर गई तथागतको चरणमा घोप्टोपरी हातले सुमसुम्याउँदै मुखले पनि चुम्बन गर्दै म मिगार हुँ भन्ते ! म मिगार हुँ भन्ते ! भनी तीनपटक सम्म आफ्नो नाउँ सुनाएर "भन्ते ! यत्तिका समयसम्म यहाँ दानदिंदा महत्वफल हुन्छ भन्ने थाहा पाइन, अब मेरी बुहारीको कारणले गर्दा जानेर लिएँ । सम्पूर्ण अपाय नरक दुःखबाट मुक्त भएँ । मेरी बुहारी यो घरमा परेको मेरो हितको निम्ति, अर्थको निम्ति आएकी हुन्" भनी यो गाथा पढे -

'सोहं अज्ज पजानामि, यत्थ दिन्नं महत्फलं ।
अत्थाय वत मे भद्दा, सुनिसा घरमागता ॥'



https://dhamma.digital

अर्थ - आज मैले कहाँ दान दिंदा महत्फल हुन्छ भन्ने जानेर लिएँ, निश्चय नै मलाई अर्थ-हितको निम्ति यस्ती असल बुहारी मेरो घरमा पसेकी हुन् ।

बिशाखाले भोलिपल्टको लागी पनि शास्तालाई निमन्त्रण गरिन् । स्रोतापत्ति फलमा पुगेका मिगार महाजनले त्यसबेला देखी त्यो घर शासनको निम्ति जहिले पनि ढोका खुला राख्ने भयो । अनि मिगार महाजनले चिन्तना गऱ्यो - मेरी बुहारीले मलाई ठूला उपकार गरिन् यसलाई मैले प्रसन्न पार्न कुनै काम गरिदिनुपऱ्यो" भनी यी बुहारीको गऱ्हौं गहना सधैंभरि लगाई राख्न सकिंदैन । उसले रात दिन सबै इरियापथमा लगाई राख्न सकिंदैन । उसले रात दिन सबै इरियापथमा लगाई राख्न सकिने हलुका एउटा गहना बनाइ दिनुपऱ्यो भनीकन एकलाख मुल्य पर्ने "घनमट्ठक" भन्ने गहना बनाउन दियो ।

त्यो गहना सुवर्णकारहरूले बनाएर ल्याउँदा बुद्ध प्रमुख भिक्षुसंघ निमन्त्रण गरेर आदर सत्कार पूर्वक भोजन गराई, बिशाखालाई सोऱ्हघडा सुगन्ध जलले स्नान गराई शास्ताको अगाडि राखी त्यो हलुका गहनाले अलंकृत गरी वन्दना गर्न लगायो । शास्ताले भुक्तानुमोदन गर्नुभई आशिर्वाद दिई विहारमै फर्कनुभयो । बिशाखाले पनि त्यसबेलादेखि दानआदि पुण्यकर्म पालना गर्दै शास्ताको तर्फबाट आठ बर प्राप्त गरी आकाशको चन्द्रमा जस्तै प्रसिद्ध भई छोरा छोरीहरूसँग अभिवृद्धि हुँदै गइन् । उनका दश छोराहरू र दश छोरीहरू छन् । ती मध्ये एकका दश दश छोराहरू र छोरीहरू भए । ती नातीहरूका पनि प्रत्येकका दश दश छोराहरू र छोरीहरू भए । यसरी बिशाखाका छोराहरू, नातीहरू, पनातिहरू सन्तान परिवारको रूपमा भएकाहरूको संख्या आठ हजार चार सय बीस जना भए । त्यसैले भनेको -

विसाखा वीसति पुत्ता, नत्ता च चतुरो सता ।
पनत्ता अट्ठसहस्सा, जम्बुदीपे सुपाकटा"ति ॥

उनी एकशय बीस वर्षसम्म बाचीरहिन् । त्यतिका आयुसम्म बाँचेर पनि शिरमा एउटा सेतो कपाल उम्रियो भन्ने छैन । जहिले हेरेपनि सोऱ्ह वर्षकी तरूणी स्त्री जस्तै देखिन्थे । उनी छोराहरू नातीहरू पनातीहरू परिवारहरू जम्मा गरी विहारमा गइरहेको बेलामा यिनीहरू मध्ये बिशाखा यी



https://dhamma.digital

हुन् भनी चिन्न सकिन्नथे। जस्ले गइरहेको देख्छन् अझ अलिकति गएको हेर्न मनपराउँथे। हाम्री मालिक्नी त्यसरी गइरहेको हेरीरहन मनलाथ्यो भनी मनमा चिताउँथे । जसले उभिइरहेको, बसीरहेको, पल्टिईरहेको देख्छन् उसले अझ अलिकति हाम्री मालिक्नी पल्टिईरहे हुन्थ्यो । उनी पल्टिई रहेको हेरीरहनुनै रमाइलो लाग्थ्यो भनी मनमा चिताउँथे । यसरी उनी चारै इरियापथहरूमा कहिंपनि शोभा छैन भनी भन्न सकिंदैनथ्यो ।

बिशाखाले पाँचवटा हात्तीको बल धारण गरेकी थिइन्। राजाले यो कुरा सुनेर विहारमा गई धर्म श्रवण गरेर आईरहेको बेलामा उसको बल परीक्षा गर्न भनी उनी आइरहेको बाटोमा हात्ती छोड्न लगायो । त्यो हात्तीले सुंड उचालेर उफ्रदै बिशाखाको अगाडि आइपुग्यो । उनको चारैतिर आइरहेका पाँचसय स्त्रीहरू मध्ये कुनै भागे, कुनैले उनलाई नछाडीकन आइरहेकाहरूसँग यो के हो भनी सोधेपछि "मालिकनी ! राजाले तपाईको बल परीक्षा गर्नुको निम्ति हात्ती छोड्न लगाएको हो" भनी बताए। बिशाखाले यो हात्तीदेखी किन भाग्नुपरेको छ ? भनी उसले यो हात्तीलाई कसरी समाउनु पर्ला भनी चिन्तना गर्दा यदि बेसरी समायो भने हात्ती मर्नसक्छ, भनी दुई औंलाले हाथीको सुंड च्यापेर घचेटी दिइन्। हात्तीले थाम्न नसकेर दरवारको अगाडि टुक्रुक्क बसेर पछि थ्याच्च बस्न गयो । यो आश्चर्य देखेर त्यहाँ जम्मा भैरहेका सबै जनताहरूले साधुकार दिए। बिशाखा पनि परिवार सहित सकुशल आफ्नो घर गइन्।

त्यसबेला श्रावस्ती नगरमा बिशाखा मिगारमाताका धेरै छोराहरू, नाती र पनातिहरू निरोगी भएर शुभ मङ्गलले संयुक्त भएका थिए। त्यत्तिका परिवारहरू हजारौं मध्ये एकजना पनि अकालमा बिचमै मऱ्यो भन्ने थिएन। श्रावस्तीवासीहरूले मङ्गल उत्सव गर्दा जनताहरू मध्येमा पहिले बिशाखा महाउपासिकालाई निमन्त्रण गरेर मात्र भोजन गराउँथे । एक दिन एक उत्सवमा धेरै जनताहरू वस्त्रालंकारले सुसज्जित भई धर्म श्रवणको निम्ति विहारमा जान बिशाखालाई पनि निमन्त्रण गरीराखेको ठाउँमा नै भोजन गराई "महालता प्रसाधन" अलंकारले अलंकृत भई जनताहरूसँगै विहारमा जाँदा गहना फुकाली पोकोपारी एकजना दासीलाई समाउन लगाए। यसको विषयमा भनेको छ-

त्यस बखतमा श्रावस्ती नगरमा उत्सव भईरहेको थियो, मानिसहरू



https://dhamma.digital

अलंकृत भई सिंगारी बगैचातिर गईरहे। बिशाखा मिगारमाता पनि आफूलाई अलंकृत पारी सिंगारी विहार तिर गईरहिन्। अनि उसले गहना फुकाली एउटा पछ्यौरामा पोकापारी दासीलाई दिईन् "हे प्रिया दासी ! यो पोका समात लेउ" भनी।

उनी विहारमा जाँदा यस्तो अनर्घ, शिरदेखि तल गोडासम्म अलंकृत भई रहने गहना लगाएर सिंगारी विहारमा पस्न योग्य छैन भनी गहना फुकालेर पोका पारी आफ्नो पुण्यको प्रतापले नै पाइरहेको पाँच हात्तीको बल भएकाले दासीको हातमा सुम्पी दिइन्। उसले मात्र त्यो गहना समाउन सकिने थियो। तसर्थ उसलाई बिशाखाले भनिन्, "हे मैंया ! दासी यो गहनाको पोका समाउ, शास्ताकहाँबाट फर्कदा लगाउनुपर्छ" भनी दिएर घनमट्ठक प्रसाधन भनिएको हलुका गहना लगाएर शास्ताकहाँ गएर धर्म श्रवण गर्न गइन्। धर्मदेशना सिद्धिएपछि भगवान्लाई वन्दना गरेर उठेर फर्किनन्। दासीले उनको त्यो गहना लिन बिर्सेर गइन्। धर्म श्रवण गरी फर्केका मानिसहरूले यदि कुनै वस्तु बिर्सेर गएको रहेछ भने त्यो वस्तुलाई आनन्द स्थविरले हेर विचार गरी राख्नुहुन्थ्यो। यसरी उहाँले त्यसदिन त्यो पोका देखेर शास्ताकहाँ गएर भन्नुभयो। "भन्ते ! बिशाखाले उनको गहनाको पोका बिर्सेर गइन्"। तथागतले एक छेउमा राखीदेउ आनन्द भनी आज्ञा भएपछि स्थविरले त्यो गहनाको पोको उचालेर लगी भऱ्याङ मुनि राख्न लानुभयो।

बिशाखापनि आगन्तुक र यात्रामा जाने, बिरामी भएकाहरू आदि भिक्षुहरूलाई गर्नुपर्ने उपकार सेवा सत्कार गऱ्यो गरेन जान्न भनी विहारभित्र घुम्न गइन्। ती उपासिकाहरू विहार भित्र देखेर घ्यू, मह, तेल आदि चाहना गर्ने धेरैजसो ससाना श्रामणेरहरू थाल आदि भाँडा लिएर तिनीहरूकहाँ आउँथे। त्यसदिन पनि त्यस्तै भाँडा लिएर तिनीहरूकहाँ आउन थाले। अनि एकजना बिरामी भएको भिक्षुलाई देखेर सुप्पियाले "तपाईलाई के आवश्यक पऱ्यो ?" भनी सोध्दा "मंसरस" भनेपछि हुन्छ आर्य म पठाई दिउँला भनी भोलिपल्ट कप्पिय भएको अर्थात योग्य मंस नपाएर आफ्नो तिघ्रानिरको मासु काटेर रस बनाई पठाई दिइन्। पछि शास्ताको प्रतापले तिघ्रा जस्ताको तस्तै भयो।

बिशाखा महाउपासिका पनि बिरामी भएका ससाना श्रामणेर हेरिसकेपछि अर्को ढोकाबाट निस्केर विहारको बाहिर बसी "प्रिया दासी मैंया ! गहना



https://dhamma.digital

ल्याउ लगाउँछु" भनिन् । त्यसबेला ती दासीले गहनाको पोको बिर्सेर आएको सम्झी "आर्य ! त्यहिं लिन बिर्सेर आएँ" भनी बताइन् । "त्यसोभए फर्केर गई लिएर आउ, यदि हाम्रा आर्य आनन्द स्थविरले उठाएर अर्को ठाउँमा राख्न लगिसकेको भए नल्याउनु, त्यो गहना आर्यलाई नै मैले त्याग गरें" भनिन् । जेतवन विहारमा धर्म श्रवण गर्न जाने मानिसहरूले बिर्सेर गएका वस्तुहरू स्थविरले त्यसरी सुरक्षित गरि राख्नुहुन्छ भन्ने कुरो बिशाखालाई थाहा थियो । तसर्थ यसो भनि पठाएकी थिइन् । स्थविरले पनि ती दासी फर्केर आएको देखी आनन्द स्थविरले 'के गर्नुपर्‍यो' भनि सोध्नु भयो । हाम्रा मालिकनीको गहनाको पोको बिर्सेर गएँ भनेपछि "मैले उता भरेङ्गमुनि राखीदिएको छु, त्यहाँ गएर गहनाको पोको लिएर जाउ भन्नुभयो । ती दासीले "आर्य तपाईको हातले छोइसक्नु भएको त्यो गहनाको पोकोलाई फर्काएर लानयोग्य छैन भनी भन्नुभएको छ" भनी खालि हातले नै फर्केर गइन् ।

के हो मैयाँ भनी बिशाखाले सोध्दा त्यो कारण बताइन् । "प्रिया दासी मेरा आर्यले छोइसक्नुभएको वस्तुलाई म लगाउँदिन मैले आर्यहरूलाई नै परित्याग गरिसकें । आर्यहरूले त्यो गहना रक्षा गरिराख्न गाह्रो पर्छ, दुःख होला, त्यो गहना बेचेर आर्यहरूलाई योग्य भएको वस्तु लगिदिन पर्ला, जाउ गहनाको पोको लिएर आउ" भनेपछि उनी दासी फेरि गएर लिएर आइन् । बिशाखाले त्यो गहना नलगाईकन नै ल्याएर सुवर्णकारहरू बोलाउन पठाई मूल्य राख्न लगाइन् । तिनीहरूले नौ करोड मूल्य जान्छ, त्यो गहना बनाएको मिहेनत एक लाख भनि किटान गरिदिए । त्यसोभए यो गहना बिक्रि गरी पठाउ भनी आज्ञा दिइन् । त्यतिको धन तिरेर त्यो गहना कसैले किन्न सकिंदैन । त्यो गहना लगाउन सक्ने स्त्रीपनि दुर्लभ नै हुन्छ । यो पृथ्वी तीनजना स्त्रीहरूले "महालता पसाधन" गहना लाभ गरेकीछिन् । १. बिशाखा महाउपासिका २. बन्धुल मल्ल सेनापतिकी स्त्री मल्लिका देवी र ३. बाराणसी महाजनकी छोरी ।

त्यसकारण बिशाखाले आफैले त्यसको मुल्य तिरेर एक लाख रूपैयाँ र नौ करोड धन गाडामा राखेर विहारमा लगी शास्तालाई वन्दना गरी "भन्ते ! आर्य आनन्द स्थविरले मेरो गहना उचालेर अर्को ठाउँमा राख्नुभयो । मेरो गहना उहाँको हातले स्पर्श गरिसकेपछि मैले त्यो गहना लगाउन योग्य भएन । त्यो गहना बेचेर तपाईहरूलाई योग्य भएको कुनै वस्तु चढाउँछु भनी बिक्री



https://dhamma.digital

गर्न लगाउँदा किन्न सक्ने कुनै नहुँदा मैले नै किनेर लिएँ । त्यसको मुल्य रूपैयाँ लिएर आएकी छु । चतुप्रत्यय मध्ये कुन प्रत्ययमा खर्च गरौं ?" भनी सोधेपछि तथागतले "पूर्वदिशातिर ढोकाको सँगै संघहरू बस्न एउटा विहार बनाउन योग्य छ बिशाखा" भनी आज्ञा हुनु भयो । भन्ते ! त्यसो भए असलै भयो, हुन्छ भनी बिशाखाले मन प्रसन्न पारी नौ करोड धन खर्च गरेर जमीन खरीद गरिन् । अर्को नौ करोड धन खर्च गरेर विहार बनाउने काम थालिन् ।

त्यसपछि एकदिन शास्ताले बिहान सबेरै लोकमा ध्यानद्वारा विचार गरि हेर्नुहुँदा देवलोकबाट च्युत भई भद्दिय नगरमा महाजन कुलमा जन्म भएको भद्दिय नामको महाजन पुत्र अरहन्त हुने उपनिस्सय सम्पत्ति देख्नुभई अनाथपिण्डिक महाजनको घरमा जलपान गरी उत्तरद्वारतिर हेरी जानुभयो । स्वभावैले शास्ता बिशाखाको घरमा भिक्षा लिएर दक्षिण द्वारबाट निस्कनु भई जेतवन विहारमा बास गर्नुहुन्थ्यो । अनाथपिण्डिक महाजनको घरमा भिक्षा लिई पूर्वपट्टिको द्वारबाट निस्केर पूर्वाराम विहारमा बास गर्नुहुन्थ्यो । उत्तरतिरको द्वारतिर हेरी जानुभएका शास्तालाई देखेर उनी अवश्य नै चारिकाको निम्ति पाल्नुभयो भन्ने भाव जान्ने बिशाखाले त्यसदिन तथागत उत्तरद्वारतिर हेरी जानुभयो भन्ने सुन्ने बित्तिकै बेगले गएर बन्दना गरी बिन्ति गरिन् "भन्ते ! चारिकाको निम्ति पाल्नु भएको हो कि?" "हो बिशाखा" भनी उत्तर दिनु भयो । "भन्ते यत्तिका धन परित्याग गरी तपाईको निम्ति विहार बनाउन ल्याउँदैछु । फर्कनु हवस भन्ते !" "हे बिशाखा ! यो मेरो गमन फर्कन हुने गमन होईन" भनी उत्तर दिनुभयो । उनले अवश्यमेव तथागतले हेतु सम्पन्न कुनै व्यक्तिलाई देख्नुभयो होला भनी विचार गरेर "त्यसो भए भन्ते मैले गराइराखेको कार्य निरीक्षण गर्नसक्ने भिक्षु एकजना छाडी जानु हवस" भनी बिन्ति गरिन् । तथागतले "तिमीलाई मनपर्ने भिक्षुको भिक्षापात्र लेउ बिशाखा !" भन्नुभएपछि बिशाखाले आनन्द स्थविरलाई सबैले प्यार गरेपनि महामौदगल्यायन स्थविर ऋद्धिवान हुनुहुन्छ, वहाँको कारणले गर्दा जुनसुकै कार्य पनि छिट्टै सिद्ध गर्न सकिन्छ भन्ने चिन्तना गरी महामौद्गल्यायन स्थविरको भिक्षापात्र समाते । स्थविरले शास्ताको मुख ताके । शास्ताले तिम्रा पाँचसय परिवार भिक्षुहरू लिएर फर्क मौद्गल्यायन भनि आज्ञा गर्नुभयो ।

उनको आनुभावले पैंतीस योजन टाढा भएको ठाउँबाट पनि रूखको निम्ति, ढुंगाको निम्ति जानेले ठूला ठूला रूखहरू, ठूला ठूला ढुंगाहरू लिएर



https://dhamma.digital

सोहि दिन फर्कन्थे । रूख र ढुंगाहरू पनि गाडामा राखेर ल्याउनु परेन गाडाको धूर भाँचिनु पनि परेन । छिट्टै नै दुईतले प्रासाद विहार निर्माण भयो । तलको तल्लामा पाँचसय कोठा, माथिल्लो तल्लामा पाँचशय कोठा यसरी हजार कोठाले शोभायमान भएको प्रासाद तयार भयो । आठ करिस परिशुद्ध भूमिभागमा प्रासाद निर्माण गरेर "यस्तो शुद्ध प्रासाद मात्रले पनि शोभा भएन भनी चिन्तना गरेर प्रधान-वेत्रगृह पाँसयवटा, पाँच चुल्लप्रासाद (सानो प्रासाद) पाँचसयवटा, दीघभालक पाँचसयवटा बनाउन लगाइन् ।

शास्ता नौमहिनासम्म चारिका गर्नुभई फेरि श्रावस्तीमा फर्कनु भयो । बिशाखाले पनि नौ महिना भित्र नै प्रासाद बनाउने कार्य सम्पन्न गराई प्रासादको गजूर रातो सुवर्णको पाताको साठीवटा पानीको घडा जत्रो बनाउन लगाइन् । शास्ता जेतवन विहारतिर जानुभयो भन्ने खबर सुनेर स्वागत गरी शास्तालाई आफ्नो विहारमा लगी वचन प्राप्त गरिन् । भन्ते ! तपाई यो "चतुर्मास" चारमहिना भिक्षुसंघसहित यहिं विहार गर्नुहवस्, प्रासाद (कौसी) पनि बनाउँछु भनि बिन्ति गरेपछि शास्ताले स्वीकार गर्नु भयो । बिशाखाले त्यसबेलादेखि बुद्धप्रमुख भिक्षुसंघलाई विहारमै भोजन दान गरिरहिन् । अनि उनकी एकजना साथीले एक हजार मूल्य जाने एकटुक्रा कपडा लिएर आई बिशाखालाई भनिन् "मैले यो कपडा एकटुक्रा तिम्रो प्रासादमा कतै भुईंमा ओछ्याउन चाहन्छु । कुन ठाउँमा ओछ्याउँ, त्यो ठाउँ एकपटक देखाइ देउ ।" हे साथी हुन्छ, यदि मैले तिमीलाई ओछ्याउने ठाउँ छैन भनुँ भने मलाई यो एकटुक्रा कपडा पनि ओछ्याउन दिएन भनौली, तसर्थ तिमीले नै प्रासादको दुवै तल्लामा हजारवटा कोठामा हेरी ओछ्याउने ठाउँ छानेर ओछ्याउ, भनेपछि उसले त्यो एकहजार मुल्यपर्ने कपडा लिएर घुमेर हेर्दा त्योभन्दा कमसल कपडा ओछ्याई राखेको कहिंपनि नदेखी मलाई यो प्रासादको पुण्य भाग नपाउने भयो भनि दुःखमनाउ गरी एकठाउँमा बसेर रोईरहिन् ।

अनि उसलाई आनन्द स्थविरले देखेर "तिमी किन रोइरहेकी ?" भनी सोध्नुभयो । उसले त्यो कुरा बताइन् । स्थविरले चिन्ता नगर मैले तिमीलाई यो कपडा ओछ्याउने ठाउँ देखाइदिन्छु भन्नुभई भऱ्याङ्गमुनि गोडाधुने ठाउँको बिचमा गोडा पुछ्ने कपडा तुल्याई ओछ्याउ, भिक्षुहरूले गोडा धोई सक्ने बित्तिकै सबभन्दा पहिले तिमीले ओछ्याएको कपडामा टेकेर गोडा पुछेर विहारमा पस्नु हुनेछ । यसरी तिमीलाई महान फल प्राप्त हुनेछ भन्नु भयो ।



https://dhamma.digital

बिशाखाले यो एउटा ठाउँ आफ्नो मनले विचार पुऱ्याउन सकेको रहेनछ ।

बिशाखा महाउपासिकाले चतुर्मास चार महिनासम्म आफ्नो विहार भित्र नै बुद्ध प्रमुख भिक्षुसंघलाई दान दिइन् । अन्तिम दिनमा भिक्षुसंघलाई चीवर एक एक ओटा दान दिइन् । सबभन्दा कान्छो नयाँ भिक्षुले प्राप्त गरेको चीवर एकवटाको एक हजार मुल्य पर्थ्यो । सबै भिक्षुहरूको भिक्षापात्रभरि औषधि दान गरिन् । दान दिने काममा मात्र परित्याग गरेको मूल्य नौ करोड धन खर्च गरिन् । यसरी विहारको निम्ति जमिन किन्न नौ करोड, विहार निर्माण गर्न नौ करोड धन, विहार पनिस्था गर्न नौ करोड धन जम्मा सत्ताईस करोड धन बिशाखाले बुद्ध शासनको निम्ति परित्याग गरिन् । धनी महाजन कुलमा जन्मेर मिथ्यादृष्टि कुलमा विवाह गरिकन पनि यस्तो कसैले गर्न नसकिने परित्याग गरेकी अरू कुनै थिएन । बिशाखाले विहार पनिस्था सिद्धिएको दिन ठूलो, प्रशस्त छायाँ भएको रूखमुनि बसेर छोराहरू, नातीहरू, पनातीहरूले परिबृत भई मैले पहिले प्रार्थना गरिआएको सबै इच्छा पूर्ण भयो भनी प्रासाद र विहार घुम्दै मधुर स्वरले पाँच गाथाद्वारा आफ्नो मनको प्रीति वचन प्रकट गरिन्-

'कदाहं पासादं रम्मं, सुधामत्तिकलेपनं ।

बिहारदानं दस्सामि, सङ्कप्पो मह्यं पूरितो ॥'

अर्थ :- मैले कहिले चुन र माटोले लिपिराखेको सुरम्य प्रासाद बनाएर दानदिन सकुंला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

कदाहं मञ्चपीठञ्च, भिसिबिम्बोहनानि च ।

सेनासनभण्डं दस्सामि, सङ्कप्पो महच पूरितो ॥

अर्थ : मैले कहिले खात, कुर्सि, गड्डा, दसना, तकिया इत्यादि शयनासन वस्तु दान दिन सकुँला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

कदाहं सलाकभत्तं, सुचिं मंसूपसेचनं ।

भोजनदानं दस्सामि, सङ्कप्पो मह्यं पूरितो ॥

अर्थ : मैले कहिले सलाक भोजन शुद्ध मंस, मत्स्य संयुक्त भैरहेको भोजन दान दिन सकुंला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

कदाहं कासिकं वत्थं, खोमकप्पासिकानि च ।



https://dhamma.digital

चीवरदानं दस्सामि, सङ्कप्पो मह्यं पूरितो ॥

अर्थ : मैले कहिले काशी देशको रेसमी वस्त्र र कपासको चीवर बनाएर दान दिन सकुला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

कदाहं सप्पि नवनीतं, मधुतेलञ्च फाणितं ।

भेसज्जदानं दस्सामि, सङ्कप्पो मह्यं पूरितो ॥

अर्थ : मैले घिउ, नौनि, मह, सखरको सर्वत, तेल, औषधी दान दिन सकुँला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

भिक्षुहरूले उनको शब्द सुनेर शास्ताकहाँ गएर बिन्ति गर्न गयो "भन्ते ! हामीले यतिका समय भइसक्यो, बिशाखा महाउपासिकाले गीत गाएको कहिल्यै सुनेको छैन, आज उनले छोरा, नाती, पनातीहरूले परिबृत भई गीत गाउँदै प्रासाद घुमीरहिन्, उसलाई के भयो होला भन्ते ! पित्त कोप भयो कि, त्यसो होइन भने बहुलाही भएको हो कि ?" शास्ताले 'होइन भिक्षु हो ! मेरी छोरीले गीत गाइरहेकी होइन, उसले संकल्प गरिआएको सम्पूर्ण भएको हुनाले, प्रार्थना गरिआएको आशिका सबै सम्पूर्ण भयो भनी मन प्रसन्न भएर प्रीतिवचन प्रकाश गर्दै घुमिरहेको हो भनी आज्ञा गर्नुभयो । "भन्ते ! उसले कहिले प्रार्थना गरेको हो ?" "सुन्न चाहन्छौं भिक्षु हो ! भनी तथागतले सोध्नुभएपछि "सुन्छौं भन्ते !' भनी भिक्षुहरूले उत्तर दिए । अनि तथागतले अतीतको कुरा आज्ञा गर्नुभयो -

हे भिक्षु हो ! आजभन्दा (सय हजार) एक लाख कल्प अगाडी पदुमुत्तर नामको बुद्ध लोकमा उत्पन्न हुनुभयो । उहाँको एक लाख वर्ष आयु थियो । उनका परिषदहरू एकलाख क्षीणाश्रव भिक्षुहरू थिए । नगरको नाम हंसवती थियो । पिताको नाम सुनन्द तथा आमा सुजाता नामकी महारानी थिइन् । उनका अग्र उपस्थापिका हुनुभएकी एक जना स्त्रीले आठ वर मागेर लिई आमाको स्थानमा बसेर शास्तालाई चतुप्रत्ययद्वारा सेवा सत्कार गरिरहिन् । सन्ध्या समयमा र बिहान उपस्थानको निम्ति शास्ताकहाँ जाने गर्थिन् । ती उपस्थापिकाकी साथी स्त्री एकजना दिनहुँ उनीसँगै विहारमा जाने गर्थिन् । उनले आफ्नी साथीको शास्तासँग विश्वास र हिमचिम भैरहेको देखेर के गर्दा यसरी बुद्धसँग हिमचिम र विश्वासी बन्न सकुंला भनी चिन्तना गरी शास्तासँग सोधिन् "भन्ते ! यी स्त्री तपाईको को पर्दछ ?" "उपस्थापिकाहरू



https://dhamma.digital

मध्ये अग्र हुन्" भनेपछि "भन्ते ! के गरे यसरी उपस्थापिकाहरू मध्ये सबभन्दा अग्र, उत्तम हुन सकिएला ?" "सय हजार कल्प आशिका प्रार्थना गऱ्यो भने अग्र उपस्थापिका हुन पाइन्छ।" "अहिले प्रार्थना आशिका गरें भने हुन सकिएला ?" "अवश्य हुन सकिन्छ।" त्यसो भए "भन्ते ! सय हजार भिक्षुसंघ सहित सातदिन सम्मलाई मेरो भिक्षा दान स्वीकार गर्नु हवस" भनी याचना गरिन्। शास्ताले मौन भावले स्वीकार गर्नुभयो।

उनी स्त्रीले सातदिन सम्म महादान दिएर अन्तिम दिनमा चीवर वस्त्र दान गरेर शास्तालाई वन्दना गरी पाउमुनि घोप्टोपरी "भन्ते ! मैले यो दानको विपाक फल देवताहरूको सुख ऐश्वर्यादि कुनै आशिका गरेको छैन, तपाईजस्तो एक बुद्धसँग आठ वर प्राप्त गरी आमाको स्थानमा रहेर चतुप्रत्ययद्वारा सेवा सत्कार गर्नेहरूको बिचमा सबभन्दा अग्र, उत्तम भएकी हुनपाउँ" भनी प्रार्थना गरिन्। शास्ताले यसको यो प्रार्थना सिद्ध हुने हो कि भनी अनागततिर विचार गरि ध्यानले सय हजार कल्पसम्म हेर्नुभई सय हजार कल्पपछि गौतम नामको बुद्ध उत्पन्न हुनेछ। त्यस बखतमा तिमी बिशाखा नामकी उपासिका भएर उनीबाट आठ वर प्राप्त गरी आमाको स्थानमा रही चतुप्रत्ययद्वारा सेवा सत्कार गर्नेहरूको बिचमा सबभन्दा अग्र उत्तम हुनेछिन्" भनी भविष्यवाणी गर्नुभयो। उसलाई त्यो सम्पत्ति भोलि नै साक्षात्कार गरीलिनु परेको जस्तो भएर आयो।

उनले त्यहाँ आयु छउञ्जेल पुण्य गर्दै त्यहाँबाट मृत्यु भई देवलोकमा जन्म भइन्। देव, मनुष्यलोकमा घुम्दै काश्यप तथागतको समयमा किकि नामको काशीराजकी सातओटी छोरीहरू मध्ये सबैभन्दा कान्छी संघदासी नामकी भएर अन्यकुलमा विवाह गरी तिनकी दिदीहरूसँग धेरै समय सम्म दानादि पुण्यकर्म गरी काश्यप तथागतको पाउमुनि पनि "अनागतमा तपाईजस्तै बुद्धको आमाको स्थानमा बसेर चतुप्रत्यय दान दिनेहरूको बिचमा अग्र हुनपाउँ" भनी प्रार्थना गरिन्। उनले त्यसबेला देखि देव, मनुष्यलोकमा घुम्दै यस आत्मभावमा मेण्डक महाजनको छोरो धनञ्जय महाजनकी छोरी भएर जन्म ग्रहण गरिन्। मेरो बुद्धशासनमा निकै पुण्यकर्म गरिन्।

भिक्षु हो ! यसरी मेरी छोरीले गीत गाएर हिंडेकी होइन्, आफूले गरिआएको आशिका प्रार्थना सम्पूर्ण भएको देखेर आफ्नो हृदयमा उत्पन्न भएर आएको (प्रसन्नता हृदययोद्‌गार) उदान प्रकट गरेर हिंडेकी हुन्, भनी



https://dhamma.digital

आज्ञा गर्नुभै शास्ताले धर्मदेशना गर्नुभई “हे भिक्षु हो ! जस्तो दक्ष, कुशल मालीले अनेक प्रकारका फूलहरूको रासको अगाडि बसेर नाना प्रकारका राम्रा राम्रा माला उनेर लान्छ त्यस्तै नै बिशाखाले पनि नाना प्रकारका कुशल धर्म गर्नलाई आफ्नो चित्त नमन गरेकी हुन्, भनी आज्ञा गर्नुभई यो गाथा आज्ञा गर्नुभयो-

’यथा”पि पुप्फरासिम्हा कयिरा मालागुणे बहु ।

एवं जातेन मच्चेन कत्तब्बं कुसलं बहु”ति ॥’

अर्थ : चतुर भएकी मालीले फूलको रासमा राम्रा राम्रा फुलहरू छानेर माला उनेझैं, संसारमा जन्मेका मानिसहरूले पनि धेरै पुण्य गर्नु पर्दछ ।

त्यहाँ “पुप्फरासिम्हा” भनेको नाना प्रकारका फुलको थुप्रो हो । “कयिरा” भनेको फुलको माला उनेको भनेको हो । “मालागुणे बहु” भनेको अनेक प्रकारका राम्रा राम्रा फुलको माला भनेको हो । “मच्चेन” भनेको मर्नुपर्ने भन्ने आशयले मानिस भनेको हो । त्यस्ता सत्व प्राणीहरूले चीवर दान दिने इत्यादि अनेक प्रकारका कुशलकर्म गर्नु पर्छ । फेरि फुलको राशि भनेको धेरै फूल देखिने ठाउँलाई भनेको हो । यदि फूल धेरै नभए मालिले राम्रोसँग फूलको माला गाँस्न जान्ने भएपनि निकै राम्रो माला गाँस्न सक्दैन । फूलको माला गाँस्न नजान्ने मालिले पनि राम्रा माला गाँस्न सक्दैन । धेरै नै नाना प्रकारका फूलहरूको रास भएको ठाउँमा राम्रोसँग सिप हुने माली भयो भने निकै राम्रा माला उनेर लान्छ, त्यस्तै नै एकजनाको श्रद्धा धेरै छैन भोगसम्पत्ति भने धेरै भएको हुन्छ भने उसले धेरै कुशलकर्म गर्न सक्दैन । श्रद्धा पनि धेरै नभएको, भोगसम्पत्ति पनि धेरै नभएकोले त झन् कुशलकर्म गर्नै सकिंदैन । जसमा श्रद्धा धेरै हुन्छ परन्तु भोगसम्पत्ति धेरै भएन भने पनि कुशलकर्म धेरै गर्न सक्दैन । जोसँग श्रद्धा पनि धेरै हुन्छ, उसलाई भोगसम्पत्ति पनि धेरै भयो भने बिशाखा जस्ता उपासिकाले जस्तै निकै कुशलकर्म गरेर लान सकिने हुन्छ भनी भनेको हो । “यथापि ...... पे. ...... कत्तब्बं कुसलं बहु”ति भनी ।

धर्मदेशनाको अन्तमा धेरै नै मानिसहरू स्रोतापन्न आदि फलमा प्रतिष्ठित भए । धर्मदेशनाबाट निकै जनताहरू सार्थक भएर गए ।

बिशाखा सम्बन्धी आठौं कथा समाप्त भयो ।



https://dhamma.digital

# ङ) आनन्द स्थविरको प्रश्नको कथा

"न पुप्फगन्धो पटिवातमेति" भन्ने यो धर्मदेशना शास्ता श्रावस्ती नगरमा विहार गर्नुभएको बेलामा आनन्द स्थविरको प्रश्नलाई समाधान गरी आज्ञा गर्नुभएको हो ।

स्थविरले सन्ध्या समयमा एकान्त ध्यानमा बस्नुहुँदा चिन्तना गर्नुभयोकि- "भगवानले सारगन्ध, मूलगन्ध र पुष्पगन्ध भनि तीन उत्तम गन्ध आज्ञा गर्नु भएको छ। ती गन्धहरू बतास चलेको दिशामा मात्र सुगन्ध बहन्छ, बतास आईरहेको दिशातिर उल्टो जाँदैन । यो लोकमा त्यस्तो कुनै सुगन्ध पनि छकि ? जुन बतास आइरहेको दिशातिर उल्टो पनि सुगन्ध बहन्छ ।" अनि वहाँको मनमा यस्तो लाग्यो- यस्को विनिश्चय मैले आफैले किन गर्ने ? शास्ताकहाँ गएर नै सोध्न जान्छु भनी उनी शास्ताकहाँ गएर सोध्न जानुभयो । त्यसकारण भनेको छ-

"आयुष्मान् आनन्द सन्ध्या समयमा एकान्तबासबाट उठेर जहाँ तथागत हुनुहुन्थ्यो, त्यहाँ गएँ। त्यहाँ गएर शास्तालाई अभिवादन गरी एकछेउमा बसे। आयुष्मान आनन्दले भगवानलाई यसरी बिन्ति गरे -

"भन्ते ! यो लोकमा तीन प्रकारका गन्धहरू छन् जस्को सुगन्ध बतास चलेको दिशातिर मात्र बहन्छ, उल्टो बहँदैन । त्यो सुगन्ध के हो भने ? "मूलगन्ध" जराको सुगन्ध, "सारगन्ध" रूखको सारको सुगन्ध र फूलको सुगन्ध, भन्ते ! ती तीन सुगन्ध जात हुन् । जसको सुगन्ध बतास बहेको दिशातिर मात्र बहन्छ उल्टो बहँदैन । भन्ते ! त्यस्तो कुनै सुगन्ध छकि ? फेरी सुल्टो पनि उल्टो पनि सुगन्ध बहन्छ ।"

अनि भगवानले प्रश्नको उत्तर दिनुहुँदै भन्नुभयो - "छ आनन्द ! यस्तो सुगन्ध पनि छ, जुन बतास चलेको दिशामा पनि बहन्छ, बतास आइरहेको दिशातिर उल्टो पनि सुगन्ध बहन्छ । फेरि सुल्टो पनि उल्टो पनि सुगन्ध बहन्छ।" "त्यो गन्ध कस्तो हो भन्ते ! जस्को सुगन्ध बतास चलेको दिशातिर पनि बहन्छ बतास आइरहेको दिशातिर उल्टो पनि बहन्छ फेरि सुल्टो पनि उल्टो पनि दुवैतिर पनि सुगन्ध बहन्छ ?" भनी सोध्नुभयो ।

"आनन्द ! जुन गाउँमा अथवा निगममा स्त्री भएपनि पुरूष भएपनि बुद्धको शरणमा गएको हुन्छ, धर्मको शरणमा गएको हुन्छ संघको शरणमा



https://dhamma.digital

गएको हुन्छ, प्राणीहिंसाबाट विरत भएको हुन्छ, अर्काको वस्तु चोरी गर्नुबाट विरत भएको हुन्छ, मिथ्या काम सेवनबाट विरत भएको हुन्छ, झूठो कुरा बोल्नुबाट विरत भएको हुन्छ, रक्सी, जाँड आदि नशालु पदार्थ सेवन गर्नुबाट विरत भएको हुन्छ, शीलवान हुन्छ, कल्याण-धर्मी हुन्छ, लोभ द्वेषादि चित्तमा नराख्ने भएर गृहस्थधर्ममा रहने हुन्छ, दान गर्ने, त्याग गर्नेमा हात अघि बढ्ने, परित्याग गर्ने वा लागीरहने, याचक दरिद्रहरूलाई दान दिनेमा लागीरहने, दान ब्रतमा लीन हुने हुन्छ ।

त्यस्ताको गुण दिशा बिदिशामा रहेका ब्राह्मणहरूले वर्णन गर्छन् कि- यस ठाउँमा अथवा यस निगममा बस्ने स्त्री भएपनि पुरूष भएपनि बुद्धको शरणमा गएका हुन् ..... पे... दान दिनुमा लागिरहेको छ ।

देवताहरूले र अमनुष्यहरूले पनि वर्णन गर्छन् कि- यस ठाउँमा अथवा यस निगममा बस्ने स्त्री भएपनि पुरूष भएपनि बुद्धको शरणमा गएका हुन् ..... पे. ....... दान दिनुमा लागिरहेको छ । हे आनन्द ! यहि सुगन्धजात, जस्को सुगन्ध बतास चलेको ठाउँमा पनि बहन्छ, उल्टो पनि बहन्छ, दुवैतिर पनि सुगन्ध बहन्छ भनी आज्ञा हुनु भई यो गाथा आज्ञा गर्नुभयो-

न पुप्फगन्धो पटिवातमेति,

न चन्दनं तगरमल्लिका वा ।

सतञ्च गन्धो पटिवातमेति,

सब्बा दिसा सप्पुरिसो पवाति ॥

अर्थ : फुल, चन्दन तगर, चमेलीको सुगन्ध, बतास नचलेको ठाउँमा जान सक्दैन, किन्तु सत्पुरूषको सुगन्ध सम्पूर्ण दिशामा पनि फैलिएर जान्छ ।

चन्दनं तगरं वापि, उप्पलं अथ वस्सिकी ।

एतेसं गन्धजातानं, सीलगन्धो अनुत्तरं"ति ।

अर्थ : चन्दन, तगर, कमल, चमेली फूलको सुगन्ध भन्दा पनि शील सुगन्ध अति उत्तम छ ।

पदार्थ : त्यहाँ "न पुप्फगन्धे" भनेको तावतिंस भवनको पारिजात बृक्ष लम्बाई र चौडाई सय योजन फैलिएको छ, फूलको ज्योति पचास योजन सम्म गइरहेकोछ, त्यो फुलको सुगन्ध एक सय योजन सम्म बास्ना आउँछ,



https://dhamma.digital

त्यसको सुगन्ध बतास चलेको ठाउँमा मात्र बहन्छ, उल्टो एक अंगुल पनि बहँदैन । त्यस्तो फूल सुगन्ध पनि बतासको विपरित पनि बहँदैन । “चन्दनं” भनेको श्रीखण्डकाठको सुगन्धलाई भनेको हो । “तगर मल्लिका व” भनेको यसबाट पनि सुगन्ध प्राप्त गर्नलाई नै भनेको हो । सार सुगन्धमा अग्र भैरहेको आठ प्रकारका श्रीखण्डको पनि तगर भन्ने सुगन्ध र मल्लिका भन्ने फूलको पनि बतास चलेकै ठाउँमा मात्र बास्ना बहन्छ, उल्टो बहँदैन । “सतञ्च गन्धो” भनेको सत्पुरूषहरूको बुद्ध, प्रत्येक बुद्ध, श्रावकहरूले शीलरूपी सुगन्ध बतासको उल्टो पनि बहन्छ, किनभने सम्पूर्ण दिशामा सत्पुरूषहरू प्रबाहित भैरहेको हुन्छ । जसबाट सत्पुरूषहरूको शीलरूपी सुगन्धले सम्पूर्ण दश दिशामा नै फैलिएर जान्छ । तसर्थ तिनीहरूको सुगन्ध बतास चलेको दिशातिर मात्र होइन “पटिवातमेति” भनेर उल्टोतिर पनि बहन्छ भनेको हो । “वस्सिकं” भनेको चमेलीको फूल । “एतेसं” भनेको यी श्रीखण्ड आदिको सुगन्धजातको भन्दा शीलवानहरू सत्पुरूषहरूको शीलरूपी सुगन्ध मात्र नै उत्तम, श्रेष्ठ, असदृश, अद्वितीय, कुनैसँग समान नभएको भनेको हो ।

धर्मदेशनाको अन्तमा धेरै नै मानिसहरु श्रोतापन्न आदि फलमा प्रतिष्ठित भए

आनन्द स्थविरको प्रश्नरुपी नबौं सिद्धियो ।

Dhamma.Digital

## च) महाकाश्यप स्थविरको पिण्डपात्र दानको कथा

"अप्पमत्तो अयं गन्धो" भन्ने यो धर्मदेशना शास्ता वेलुवनमा विहार गर्नुभएको बेलामा महाकाश्यप स्थविरको पिण्डपात्र दानको कारणमा आज्ञा हुनुभएको हो ।

एक दिन स्थविर सात दिनसम्म लगातार निरोध समापत्तिमा बस्नुभई समाधिबाट उठी राजगृह नगरमा क्रमशः घर नबिराइकन पिण्डपात भिक्षाचार गर्न भनी निस्कनुभयो । त्यसबेला शक्र देवराज इन्द्रका परिचारिकाहरू परेवाका जस्ता रातो खुट्टा भएका पाँचसय अप्सराहरू स्थविरलाई पिण्डपात भिक्षा दिन भनि उत्साहित भई पाँचसय भिक्षा पिण्ड तयार गरी हातले समाती बाटोको छेउमा बसी भन्ते ! यो पिण्डपात भिक्षा ग्रहण गरिदिनुहवस, हामीलाई मङ्गल गरि दिनुहवस भनि बिन्ति गरे । स्थविरले "तिमीहरू जाउ । आज मैले एकजना गरीबलाई संग्रह गर्छु" भन्नुभयो । भन्ते ! हामीलाई नाश नगर्नुहवस, संग्रह गर्नुहवस भनी प्रार्थना गरे । स्थविरले तिनीहरूलाई चिनेर प्रतिक्षेप गर्नुभए पनि तिनीहरू त्यहाँबाट हटेर जान इच्छा नगरेपछि स्थविरले तिमीहरूको प्रमाण तिमीहरूलाइ थाहा छैन र ? तिमीहरू यहाँबाट हटेर जाउ भनी दुई औंलाले चुट्कि बजाउनुभयो । तिनीहरू स्थविरको औलाको शब्द सुनेर डराई त्यहाँ बसीरहन नसकेर त्यहाँबाट अन्तरधान भएर देवलोकमा नै फर्के ।

शक्रले "कहाँ गएर आएकी ?" भनी सोधेपछि "समापत्तिबाट उठ्न भएका स्थविरलाई पिण्डपात दान दिन भनी मनुष्यलोकमा गएर आएको" "दान दिन पायौ त ?" "हामीले दान दिएर आउन सकेनौ, ग्रहण गर्ने इच्छा गर्नुभएन ।" "उहाँले के भन्नुभयो त ?" "देव ! एकजना गरीबलाई संग्रह गर्छु" भन्नुभयो । "तिमीहरू कुन भेषमा गएको ?" "देव ! हामीहरू आफ्नै भेषमा गएका हौं भन्ते" भने । अनि इन्द्रले "तिमीहरू जस्ताले स्थविरलाई पिण्डपात कसरी दान गर्न सक्ला र ?" भनी आफैले दान दिने इच्छा गरे । अनि इन्द्रले आफू जरा, जीर्ण, बृद्ध, दाँत भाँचेको, कपाल फुलेको, कुप्रो शरीर भएको भेष लिएर सुजा देवपुत्रीलाई पनि त्यस्तै बुढी तुल्याई एउटा कपडा



https://dhamma.digital

बुन्नेहरू बस्ने गल्लिमा कपडा बुन्ने तान फैलाई बसीरहे ।

स्थविर पनि सबभन्दा गरीबलाई संग्रह गर्छु भनी नगरतिर हेर्दै जानुभयो । नगरको बाहिर त्यो गल्लि देखेर हेर्नुहुँदा ती दुवैलाई देख्नुभयो । त्यसबेला बृद्धरूपी इन्द्रले तान बुनीरहे । सुजाले टुकि बेरी रहिन् । स्थविरले चिन्तना गर्नुभयो- "यी दुवै वृद्ध वृद्धा भइकन पनि काम गरीरहे, यो नगरमा यिनीहरू भन्दा गरीब अरू कोही हुँदैन होला, यिनीहरूले दिए चामलको खोले एक डाडु भएपनि ग्रहण गर्छु" भनी उनी तिनीहरूको घरतिर हेरी जानुभयो । शक्रले स्थविर आउनुभएको देखेर सुजालाई भने "प्रिये ! हेर आर्य यता आईरहनु भएको छ, तिमीले नदेखेजस्तो गरेर चुपलागेर टुकि बेरी रहनु । क्षणभरमा नै छलेर पिण्डपात दान दिउँला ।" स्थविर आउनुभई संघारमा उभिनुभयो । तिनीहरूले नदेखेझैं गरेर आफ्नो काममा लागीरहे ।

एकछिन पछि इन्द्रले "हाम्रो घरको ढोकामा एकजना भिक्षु उभिई रहेको जस्तो छ हेर्नजाउँ" भने । स्वामी तपाईले नै हेर्न जानु हवस भनेपछि घरबाट बाहिर निस्केर स्थविरलाई घोप्टो परी वन्दना गरी दुवै हातले घुँडामा आड लिएर ऊं ऊं कराउँदै उठेर "आर्य कुन चाहिं स्थविर हुनुहुन्छ ?" भनी अलि नजिकै गएर मेरो आँखा धमिलो छ भन्दै हातले निधार छेकेर माथी अनुहार हेरेर "अहो ! दुःख गर्नुभयो, हाम्रा महाकाश्यप स्थविर पो रहेछ, धेरै समय पछि मेरो कुटीको ढोकामा पाल्नुभयो । घरमा केही दिने कुरा छकि" भनी सोध्यो । सुजाले अलि आत्तिए झैं गरेर छ स्वामी भनि उत्तर दिइन् । "भन्ते ! रूखा, सुखा अथवा प्रणीत भन्ने मनमा नलिनु भई हामीलाई संग्रह गर्नु हवस" भनी भिक्षापात्र लियो । स्थविरले यिनीहरूले दिएको कनिकाको भात एकमुठी भएपनि यिनीहरूलाई संग्रह गरिदिनुपर्‍यो भनी भिक्षापात्र दिनुभयो । उसले घर भित्र पसेर "घटि ओदन" घिउमा पकाएको भात कसौडिंबाट झिकेर पात्रभरि राखेर स्थविरको हातमा अर्पण गरिदियो । पिण्डपात भोजन अनेक सूप ब्यञ्जन भएको हुनाले, त्यसको सुगन्ध सम्पूर्ण राजगृह नगरमा मगमग बास्ना आयो ।

त्यतिबेला स्थविरले विचार गर्नुभयो- "यो मानिस गरीब छ, यसको भोजन भने अत्यन्त सुस्वादिष्ट देवराज इन्द्रको समान छ, यो को होला ?"



https://dhamma.digital

अनि स्थविरले उसलाई शक्र भनी चिनेर भन्नुभयो "तिमीले ठूलो अपराध गऱ्यौ। गरीबहरूलाई हुने सम्पत्ति खोसेर लियौ। आज मलाई दान दिएर कुनै एकजना गरीब मानिसलाई सेनापतिको पद भएपनि महाजनको पद भएपनि प्राप्त हुनेथियो।" "भन्ते ! म जस्तो गरीब अरू को छ र ?" "तिमी के कारणले गरीब भयौ ? देवलोकमा देवताहरूको राजाको सुख अनुभव गरेर बसेका छौं।" भनेपछि "भन्ते ! त्यो त्यस्तो हुन सकेको छ बुद्ध उत्पन्न नहुनु हुँदा कल्याण्कारी कर्म गरेर यस्तो हुन सकेको हो। बुद्ध उत्पन्न भई राख्नुभएको वर्तमान समयमा कल्याणकारी कर्म गरेर चूलरथ देवपुत्र, महारथ देवपुत्र, अनेकवण्ण देवपुत्र भनेका यी तीन देवपुत्रहरू समान मकहाँ उत्पन्न भए। तिनीहरू म भन्दा बढि तेजवान थिए। अहिले म नजिकै भएको ठाउँमा ती देवपुत्रहरू नक्षत्र क्रिडा गर्न परिचारिकाहरू लिएर बाटोमा निस्कँदा म भागेर आई घरमा पसेर लुक्नुपऱ्यो। उनीहरूको शरीरबाट निस्केको तेज मेरो शरीरमा फैलिएर छोपिदिन्छ। मेरो शरीरबाट निस्केको तेज तिनीरूको शरीरमा फैलिएन। त्यसो भएको हुनाले म भन्दा गरीब अरू को होला भन्ते ?" "त्यस्तो भएपनि अबदेखि तिमीले यसरी छलेर दान दिन आउने काम नगर्नू।" "तपाईलाई यसरी छलेर दान दिएको मलाई पुण्य होला कि नहोला भन्ते !" "हुन्छ आवुसो" "त्यसो भए कुशल कर्म गर्नु मेरो कर्तव्य हो भन्ते" भनी स्थविरलाई वन्दना गरी सुजालाई लिएर स्थविरलाई प्रदक्षिणा गरी आकाशमा गएर "अहो ! दान परमदान काश्यप स्थविरमा सुप्रतिष्ठित भयो।" भनी उदान (प्रीति वाक्य) घोषणा गऱ्यो। त्यसैले भनेको -

"एक समय तथागत राजगृहको वेलुवन कलन्दक निवासमा विहार गरि रहनु भएको थियो। त्यस बखत आयुष्मान महाकाश्यप पिप्पफलि गुफामा बस्नुभएको थियो। सातदिन सम्म एकै आसनमा पलेटि मारेर एउटा समाधिमा समाधिस्थ भएर रहनु भयो। त्यसपछि आयुष्मान महाकाश्यप त्यो एकहप्ता बितेपछि त्यस समाधिबाट उठ्नुभएको आयुष्मान महाकाश्यपको मनमा यस्तो लाग्यो- "आज मैले राजगृह नगरमा भिक्षाटन गर्न पाए अति उत्तम हुनेछ।"

त्यस बखतमा पाँचसय जति देव अप्सराहरूले आयुष्मान महाकाश्यपलाई



https://dhamma.digital

भिक्षा पिण्डपात दान गर्ने प्रयास गरेको थियो । अनि आयुष्मान महाकाश्यपले ती पाँचशय देव अप्सराहरूलाई प्रतिक्षेप गर्नुभई (स्वीकार नगरीकन) बिहान राम्रोसँग चीवर पहिरी पात्र चीवर लिएर राजगृह नगरमा भिक्षाटनको लागी जानुभयो ।

त्यसबेला देवराज इन्द्रले महाकाश्यपलाई पिण्डपात भिक्षा दानदिने इच्छा गरी गरीब तानबुन्नेको भेष धारण गरी आफूले तान बुनी असुरकन्य सुजालाई टुकि बेर्न लगाई राखे । आयुष्मान महाकाश्यप बृद्धरूपी इन्द्रको घरमा पुग्नुभयो । इन्द्रले आयुष्मान महाकाश्यपलाई टाढैदेखि आइरहेको देखेर घरबाट बाहिर निस्की स्वागत गर्दै हातले भिक्षापात्र लिएर घर भित्र पसी घिउमा पकाइराखेको भोजन झिकेर पात्र भरी राखेर ल्याई महाकाश्यपलाई अर्पण गरिदियो । त्यो पिण्डपात भोजन भने अनेक प्रकारका तिहुन अनेक प्रकारका तरकारी र अनेक रसयुक्त ब्यञ्जनहरूले परिपूर्ण भएको थियो । अनि आयुष्मान महाकाश्यपको मनमा यस्तो लाग्यो- "यो मानिस को होला जोसंग यस्तो ऋद्धिको आनुभाव छ ? तदनन्तर आयुष्मान महाकाश्यपको मनमा यस्तो लाग्यो यो अवश्य देवराज इन्द्र हो भनी जानेर इन्द्रलाई यसो भन्नुभयो "हे कोसिय ! तिमीले यो के गरेको ? अबदेखि यस्तो कहिल्यै नगर्नु ।" "भन्ते काश्यप ! हामीलाई पनि पुण्य चाहिन्छ हामीले पनि पुण्य गरिरहनुपर्छ ।"

अनि इन्द्रले आयुष्मान महाकाश्यपलाई वन्दना गरी प्रदक्षिणा गरी आकाशमा गई त्यहाँ बसेर तीन पटक सम्म उदान (प्रीति वाक्य) घोषणा गरे "अहो ! दान परम उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" "अहो परम उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" "ओहो ! दान परम उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" । (उदान ०२७)

तथागतले विहारमा बस्नु भएरै त्यसको त्यो स्वर सुनेर भिक्षुहरूलाई आमन्त्रण गर्नु भई "हे भिक्षुगण, यहाँ हेर शक्र देवराज इन्द्रले उदान वाक्य भन्दै आकाशबाट गइरहेछ" भन्नुभयो । "उसले के गऱ्यो भन्ते" भनी प्रश्न गरेपछि "हे भिक्षु हो ! उसले छलेर मेरो पुत्र काश्यपलाई पिण्डपात भिक्षा दान गऱ्यो । इन्द्रले दान दिएर प्रसन्न भएर उदान वाक्य भन्दै आकाशबाट



https://dhamma.digital

गइरह्यो” भनी आज्ञा हुनुभयो । स्थविरलाई पिण्डपात भोजन दान दिनुपर्छ भनी उसले कसरी थाहा पायो होला भन्ते ! भनी भिक्षुहरूले प्रश्न गरेपछि “हे भिक्षु हो ! मेरो पुत्रजस्ता भिक्षाद्वारा मात्र जीविका गर्ने, उसलाई देवताहरूले पनि मानिसहरूले पनि मनपराउँछन्” भन्नुभई आफूले पनि उदान आज्ञा गर्नुभयो । सूत्रमा यस्तो भनिएकोछ-

भगवानले दिव्य श्रोतधातुबाट विशुद्ध, साधारण मानिसहरूको शक्तिबाट नाघेर गएको अर्थात धेरै शक्ति भएको शक्र देवराज इन्द्र यसरी आकाशमा उठेर आकाशमै बसेर तीन पटक सम्म उदान भनीरहेको सुन्नुभयो- “अहो ! दान परम-उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो” “अहो ! दान परम-उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो” “अहो ! दान परम-उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो” ।

अनि तथागतले यो अर्थ जान्नु भई त्यस बखत यो उदान वाक्य घोषणा गर्नुभयो-

“पिण्डपातिकस्स भिक्खुनो,

अत्त घरस्स अनञ्ञपोसिनो ।

देवा पिहयन्ति तादिनो,

उपसन्तस्स सदा सतीमतो”ति ॥

अर्थ : पिण्डपात भिक्षाद्वारा जीवन यापन गरिरहेका भिक्षु, आफू एक्लैले मात्र खाएर पुग्ने अरू कसैलाई पालन पोषण गर्न नपर्ने, इन्द्रिय उपशान्त भएर सधैंभरि स्मृतिमान भईरहेका त्यस्ता अरहन्तलाई देवताहरूले पनि प्यार गर्छन् ।

यो उदान प्रकट गर्नुभई हे भिक्षु हो ! मेरा पुत्रको शील सुगन्धले गर्दा शक्र देवराज इन्द्र मनुष्यलोकमा आएर पिण्डपात भिक्षा दान गर्न आयो भन्नुभई यो गाथा आज्ञा गर्नु भयो -

“अप्पमत्तो अयं गन्धो, .....यायं तगरचन्दनो ।

अर्थ : यो शीलरूपी सुगन्ध, तगर चन्दन (श्रीखण्ड) सुगन्ध भन्दा



https://dhamma.digital

पनि उत्तम छ। जुन यो शीलरूपी सुगन्ध हो, त्यो उत्तम देवलोक सम्म पनि बास्ना जान्छ।

पदार्थ : यहाँ "अप्पमत्तो" भनेको परिमाणमा अलिकति मात्र "यो सीलवतं" भनेको जुन शीलवानहरूको शीलरूपी सुगन्ध हो त्यो तगर भनिएका सुगन्धचूर्ण जस्तै, रातो श्रीखण्ड जस्तै सुगन्ध थोरै मात्र हुँदैन, महान रूपले फैलिएर जाने हुन्छन्, त्यसकारणले गर्दा "वातिदेवेसु उत्तमो" भनेको श्रेष्ठ, उत्तम भएर देवलोक र मनुष्यलोक सबै ठाउँमा सुगन्ध बास्ना आईरहन्छ। फैलिंदै उम्लिदै जाने हुन्छ भनेको हो।

धर्मदेशनाको अन्तमा धेरै नै मानिसहरू स्रोतापन्न फल आदिमा पुग्न गए। धर्मदेशना निकै जनताहरूलाई सार्थक भएर गयो।

महाकाश्यप स्थविरलाई भिक्षा दिएको दशौं कथा समाप्त भयो।

Dhamma.Digital



https://dhamma.digital

"पञ्‍ञा नरानं रतनं"

# परियत्तिशिक्षा

# परियत्ति सद्धम्मपालक उपाधि

## पञ्चम पत्र (ऐच्छिक अभिधर्म)

(पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५)

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा
# परियत्ति सद्धम्मपालक उपाधि
## पञ्चम पत्र (ऐच्छिक अभिधर्म)
पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

**पुस्तक** **पेज**


| | | |
|---|---|---|
| १) | **चित्त काण्ड** | ३१७ |
| २) | **चैतसिक काण्ड** | ३४८ |
| ३) | **बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान** | ४१३ |
| | (क) नेपाल सम्बन्धी प्रश्नोत्तर | ४१४ |
| | (ख) पालि साहित्य सम्बन्धी प्रश्नोत्तर | ४१८ |
| | (ग) मिश्रित प्रश्नोत्तर | ४२९ |


Dhamma.Digital

# परियत्ति सद्धम्म पालकया उपाधि परीक्षा

(कक्षा ७) ऐच्छिक अभिधर्म

पञ्चम पत्र/ख

पूर्णाङ्क : १००

**पाठ्य विषयको उद्देश्यः**

अभिधर्म अन्तर्गत चित्त काण्डको संक्षिप्त परिचय, अभिधर्म सम्बन्धी चैतसिक काण्डको संक्षिप्त परिचयको ज्ञान हुने र बुद्ध धर्म सम्बन्धी सामान्य ज्ञान हुने ।

विषयवस्तुहरूलाइ तीन भाग गरी 'क' वर्गलाई ४० अंक, 'ख' वर्गलाई ४० अंक, र 'ग' वर्गलाई २० अंक गरी जम्मा पूर्णाङ्क १००, र उत्तीर्णाक ४० निर्धारीत गरिएको छ ।

**विषय सूची :**

इकाई

**'क' वर्गः अभिधर्म (भाग – १)**

## १) चित्त काण्डको संक्षिप्त परिचय

(क) अभिधर्मको निदान
(ख) अभिधर्मको परिभाषा
(ग) अभिधर्मको अर्थ
(घ) अभिधर्मार्थ र परमार्थ
(ङ) प्रज्ञप्ति (पञ्ञति)
(च) परमार्थ (परमत्थ)
(छ) प्रज्ञप्ति र परमार्थ
(ज) चारपरमार्थ धर्म
(झ) चित्त
(ञ) चैतसिक
(ट) रूप,
(ठ) निर्वाण
(ड) कारण भेदले निर्वाण दुई

## २) चित्त काण्ड

(क) कामावचर चित्त
(ख) अकुशल चित्त (१२वटा)
(ग) लोभ मूल चित्त ८ वटा
(घ) द्वेषमूल चित्त २ वटा
(ङ) मोहमूल चित्त २ वटा
(च) अहेतुक चित्त १८ वटा
(छ) अहेतुक अकुसल विपाक चित्त ७ वटा
(ज) अहेतुक कुसलविपाक चित्त ८ वटा
(झ) अहेतुक क्रिया चित्त ३ वटा
(ञ) असोभन चित्त
(ट) काम सोभन चित्त २४ वटा
(ठ) महाकुसल चित्त ८ वटा



https://dhamma.digital

(ङ) महाविपाक चित्त ८ वटा
(ढ) महाक्रिया चित्त ८ वटा
(ण) ञाणसम्पयुत्त र ञाणविप्पयुत्त
(त) कुसल, विपाक र क्रिया
(थ) महाकुसल, महाविपाक र महाक्रिया

## ३) रूपावचर चित्त

(क) रूपावचर कुसल चित्त ५ वटा
(ख) रूपावचर विपाक चित्त ५ वटा
(ग) रूपावचर क्रिया चित्त ५ वटा
(घ) ध्यान अङ्ग, ध्यान र ध्यान चित्त

## ४) अरूपावचर चित्त

(क) अरूपावचर कुसल चित्त
(ख) अरूपावचर विपाक चित्त
(ग) अरूपावचर क्रिया चित्त
(घ) महग्गत चित्त
(ङ) लौकिक चित्त

## ५) लोकुत्तर चित्त

(क) लोकुत्तर चित्त संक्षिप्त ८ **वटा**
(ख) लोकुत्तर चित्त विस्तृत ४० गू
(ग) चित्त संक्षिप्त र विस्तर

**'ख' वर्गः अभिधर्म (भाग-२)**

## १) चैतसिक काण्डको परिचय

**'ग' वर्ग : बुद्ध धर्म सम्बन्धि सामान्य ज्ञान**

(क) नेपाः सम्बन्धी प्रश्नोत्तर

(ख) पालि साहित्य सम्बन्धी प्रश्नोत्तर

(ग) मिश्रित प्रश्नोत्तर

## सन्दर्भ ग्रन्थ

१) महेन्द्ररत्न शाक्य, अभिधर्म (भाग-१) चित्त काण्डया संक्षिप्त परिचय। पद्मादेवी बज्राचार्य, बु.सं.२५३० (प्रथम संस्करण), वनबहाल, गाबहाल, यल ।

२) महेन्द्ररत्न शाक्य, अभिधर्म (भाग-२) चैतसिक काण्डया परिचय, पद्मादेवी वज्राचार्य, बु.सं.२५३० (प्रथम संस्करण), बनबहाल, गाबहाल, यल ।

३) भिक्षु बुद्धघोष (संकलन), बुद्ध धर्म सम्बन्धी सामान्य ज्ञान, नेपाल बौद्ध परियत्ति शिक्षा, बु.सं.२५४३ (पञ्चम संस्करण)



https://dhamma.digital

# अभिधर्म (भाग १)

(प्राप्तांक ४०)

Dhamma.Digital

लेखक

**महेन्द्ररत्न शाक्य**

'परियत्ति सद्धम्म कोविद'

https://dhamma.digital

# अभिधर्म

## (भाग १)

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

वहाँ भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार ।

## १. परिचय

भगवान् बुद्धले पैंतालिस वर्षसम्म गाउँ-गाउँमा, निगम-निगममा, जनपद-जनपदमा, नगर-नगरमा, देश-देशमा घुमी आज्ञा भएको सबै उपदेशहरूलाई तीन पिटकमा विभाजन गरिएको छ । ती हुन् : क) सूत्रपिटक, ख) विनयपिटक, र ग) अभिधर्मपिटक । यी तीन पिटकलाई नै 'तिपिटक (संस्कृतमा त्रिपिटक) ग्रन्थ' भनिन्छ । यी त्रिपिटक ग्रन्थ मध्ये अभिधर्म पिटकमा सातवटा ग्रन्थहरू छन्, ती क्रमैसंग निम्न लिखित हुन् :-

१) धम्मसङ्गणि २) विभङ्ग ३) धातुकथा

४) पुग्गलपञ्ञत्ति ५) कथावत्थु ६) यमक

७) पट्ठान

अभिधर्मपिटक अत्यन्त महत्वपूर्ण ग्रन्थ हो । यसमा भगवान् बुद्धको धर्मको मूख्य कुरा संग्रहित छ । बुद्धधर्मको मूल सिद्धान्त के हो ? अर्थात बुद्धधर्म भनेको के हो, कस्तो धर्म हो, भन्ने कुरा अभिधर्म अध्ययन गऱ्यौं भने मात्र राम्रोसँग बुझिन्छ । त्यसैले अभिधर्म पिटकलाई बौद्ध दर्शन (Buddhist Philosophy) पनि भनिन्छ ।

### १.१. अभिधर्मको निदान

धम्मसङ्गणि ग्रन्थको अट्ठकथा पालिमा देखाइए अनुसार यस भद्र कल्पबाट गिन्ति गर्दै लग्यो भने चार असंख्य र एक लाख कल्प पहिला दीपङ्कर तथागतको पालामा गौतम बुद्ध 'सुमेध' भन्ने तपस्वी हुनुहुन्थ्यो । त्यसबेला उहाँले दीपङ्कर तथागतको पादमूलमा बुद्ध हुने प्रार्थना गरेर सुमेध तपस्वीको जन्मदेखि वेस्सन्तर राजाको जन्मसम्म अनगिन्ति जन्ममा सुन, चाँदी, हीरा, मोति, घोडा, हात्ती, आदि अनगिन्ति वाहिरिक वस्तु साथै हात,



https://dhamma.digital

खुट्टा, नाक, कान, टाउको, आँखा आदि आन्तरिक वस्तु, अनि आफ्नो प्राण समेत परित्याग गरेका थिए । यस प्रकारले दान शीलादि दश पारमी, दश उपपारमी र दश परमत्थ पारमीहरू पूर्ण गरी तुषित देवलोकमा श्वेतकेतु बोधिसत्व भएर सबै देवताहरूभन्दा लामो आयु, रूप राम्रो भएर जन्म लिनु भयो । वहाँले त्यस देवलोकमा मनुष्यहरूको हिसाबले ५७ करोड ६० लाख वर्षसम्म दिव्य सुख सम्पत्ति अनुभव गरी अन्तिम जन्ममा आषाढ पूर्णिमाको दिन कपिलवस्तु नगरका अधिपति शुद्धोदन राजाको बडामहारानी महामाया देवीको गर्भमा प्रतिसन्धि ग्रहण गर्नुभयो । दश महिनापछि बैशाख पूर्णिमामा जन्म लिनुभयो । वहाँ २९ वर्षको उमेरमा गृहत्याग गरी छ वर्ष पछि बुद्ध हुनुभयो । बुद्धत्व प्राप्ति पछि वहाँले धेरै देव मनुष्यहरूलाई सद्धर्म देशना गरी हित उपकार गर्नुभएको क्रम अनुसारले सातौं वर्षावास समयमा गण्डव वृक्षको मूलमा तीर्थङ्करहरूलाई दमन गर्नको लागि अनेक ऋद्धि प्रातिहार्य देखाएर तीन पाइला सारी तावतिंस देवलोकमा पारिछत्तक वृक्षको मुनि ओछ्याइराखेको पण्डुकमल शीलासनमा सूर्य समान शोभायमान भई बस्नुभयो । त्यहीं वहाँ सातौं वर्षाबास बस्नुभयो । वर्षाबासको तीन महिनासम्म, वहाँले आफ्नो आमा हुनुभएका सन्तुसित देवपुत्र (महामायादेवी) लाई प्रधान गरी दश सहश्र चक्रवालबाट आएका देव ब्रम्हाहरूलाई तीन बलले पूर्ण भएको सर्वज्ञ ज्ञानद्वारा मनुष्य सम्पत्ति, दिव्य सम्पत्ति, निर्वाण सम्पत्ति दिने अभिधर्म देशना विस्तार पूर्वक सुनाउनु भयो । त्यतिबेला वहाँले एक निर्मित बुद्ध निर्माण गरी त्यहाँ देवलोकमा धर्म देशना गराई आफू अनोतप्त दहमा तल झरेर स्नान गरी उत्तर कुरूमा भिक्षाटन जानुहुन्थ्यो । भोजन सकिएपछि श्रीखण्ड वनमा सारिपुत्र महास्थविर भेटेर वहाँलाई देवलोकमा बताउनु भएको अभिधर्म देशना संक्षेपमा आज्ञा हुन्थ्यो । सारिपुत्र महास्थविरले उक्त धर्मकथा आफ्नो पाँच सय शिष्यहरूलाई अति संक्षिप्त पनि नभई, अति विस्तृत पनि नभई उपयुक्त रूपले आज्ञा भयो । त्यसैले सारिपुत्र महास्थविरले बताउनु भएको अभिधर्म देशनालाई 'नाति वित्थार नाति सङ्खेप नय' भनिन्छ । सारिपुत्रलाई बुद्धबाट आज्ञा हुनु भएको अभिधर्म देशनालाई 'संखेप नय' भनिन्छ । भगवान्ले देवताहरूलाई आज्ञाभएको अभिधर्म देशना अत्यन्त विस्तारमा भएको हुनाले 'वित्थारनय' भनिन्छ । यस्तै रूपले देव र मनुष्य लोकमा अभिधर्मको प्रचार भएको थियो । यो अभिधर्मको आचार्य-शिष्य परम्परा अहिले पनि यथावत् चलिरहेको छ ।



https://dhamma.digital

## १.२. अभिधर्मको परिभाषा

'अभिधम्म' शब्दमा 'अभि' को अर्थ (१) विशेष र (२) अतिरेक हो। ' धम्म' को अर्थ परियत्ति धर्म हो । त्यसैले 'अभिधर्म' को अर्थ 'विशेष प्रकारको धर्म' हो, र फेरि 'अतिरेक धर्म' पनि हो । अतिरेक भनेको नाघेर गएको भन्ने हो । सूत्र पिटकमा व्याख्या गर्न नपुगेको परमार्थ धर्मलाई अभिधर्ममा सूत्रको क्षेत्रलाई नाघेर व्याख्या गरिराखेको हुनाले यसलाई अतिरेक धर्म भनिएको हो । अर्थात् खन्ध, आयतन, धातु, सत्य, प्रतित्यसमुत्पाद आदिलाई सूत्र पिटकले राम्रोसँग छुट्याएर व्याख्या गरेको देखिंदैन। सूत्रमा व्याख्या नभएको आध्यात्मिक आयतनलाई अभिधर्ममा मात्र विशेष प्रकारले खुलाई व्याख्या गरिएकोले अभिधर्मलाई विशेष प्रकारको धर्म वा विशेष अर्थलाई देखाउने धर्म वा अतिरेक धर्म भनिन्छ। त्यसैले अभिधर्म, सूत्र पिटकभन्दा अत्यन्त गम्भीर र विशिष्टको धर्म हो ।

## १.३. अभिधर्मको अर्थ

सातवटा अभिधर्म ग्रन्थमा देखाएको अर्थलाई अभिधर्मको अर्थ (अभिधम्मत्थ) भनिन्छ । ती अभिधर्म ग्रन्थमा अत्यन्त गम्भीर दार्शनिक तत्वहरूको संग्रह र व्याख्या गरिएको छ। त्यस मध्ये संक्षिप्तमा चार परमार्थ धर्मको स्वभावलाई वर्णन गरेको छ ।

## १.४. अभिधर्मार्थ र परमार्थ

अभिधम्मपालिको अर्थलाई अभिधमार्थ भनिन्छ। 'तत्थ वुत्ताभिधम्मत्था चतुधा परमत्थतो' भनिए अनुसार चित्त, चैतसिक, रूप र निर्वाण यी चार परमार्थ नै अभिधमार्थ हो । विभावनी टीकाकारले पनि यसरी नै लिएको छ । यसरी अभिधर्मार्थ र परमार्थमा फरक देखिंदैन । तर अभिधर्मपिटकमा पुग्गलपञ्ञत्ति नामक ग्रन्थ पनि संग्रहित भएकोले अभिधमार्थ शब्दले चित्त, चैतसिक, रूप, निर्वाण र प्रज्ञप्तिलाई ग्रहण गर्नु पर्ने देखिन्छ।

## १.५. प्रज्ञप्ति (पञ्ञति)

'प्रज्ञप्ति' भनेको नाम हो । यसलाई पालिभाषामा पञ्ञति भनिन्छ । केही वस्तुको गुण, आकार-प्रकार इत्यादिको आधारमा व्यवहारमा सजिलो पार्न प्रज्ञप्त गरिराखेको नामलाई नै प्रज्ञप्ति भनिन्छ । अथवा, व्यवहारिक



https://dhamma.digital

रूपमा केही कुरा हामीले सिक्नको लागि यस्तो वस्तुलाई यस्तो भन्ने, त्यस्तो वस्तुलाई त्यस्तो भन्ने भनेर वस्तु चिन्नको लागि प्रज्ञप्त गरिराखेको नामलाई प्रज्ञप्ति भनिन्छ, जस्तै - यस्तो आकार भएकोलाई 'कुकुर' भन्ने, यस्तोलाई ' मान्छे' भन्ने, आदि रूपले पहाड, पर्वत, नदी, वनजंगल, घर, खेत, देव, ब्रम्हा आदि जतिपनि पदार्थ र प्राणी छन्, ती सबै नै प्रज्ञप्ति हुन् ।

## १.६. परमार्थ (परमत्थ)

यथार्थ रूपमा भएका स्वभाव धर्मलाई परमार्थ भनिन्छ; अथवा, यथार्थ रूपमा भएको भन्नुको अर्थ जुन वस्तुको स्वभाव जस्तो छ, त्यस्तै भएको, त्यसमा कुनै फेरबदल नभएको भनिएको हो । अथवा परमार्थ कल्पना होइन सत्य हो साँच्चै नै भएका हुन् भनिएको हो । आ-आफ्नो मूल स्वभाव कहिल्यै परिवर्तन नहुने चित्त, चैतसिक आदि चार स्वभाव धर्मलाई परमार्थ भनिन्छ ।

## १.७. प्रज्ञप्ति र परमार्थ

प्रज्ञप्ति भनेको यथार्थ रूपमा भएको होइन, तर परमार्थ भनेको साँच्चै भएको धर्म हो, जस्तै– 'घर' भनेको प्रज्ञप्ति हो, तर परमार्थबाट हेर्ने बेला 'घर' भनेको वस्तु साँच्चै भएको होइन, केवल त्यहाँ माटो, ईंटा, काठ, सिमेन्ट, ढुङ्गा इत्यादि मात्र हुन्छ, 'घर' भन्ने अलग चीज छैन । जुन आकार-प्रकारको आधारमा केही वस्तुको नाम भइरहन्छ त्यो आकार-प्रकार भएन भने त्यो वस्तुको नाम (प्रज्ञप्ति) हराएर जान्छ । जस्तो 'पात्र' भन्नाले गोलो माटोको एउटा भाँडो भनेर हामीलाई थाहा छ, तर त्यो पात्र टुक्रा-टुक्रा हुने गरी फुटेर धूलो र माटो भयो भने पात्र नभनिकन माटो भनिन्छ, त्यो वस्तुको नाम 'पात्र' भनी पहिला राखेको प्रज्ञप्ति हराएर जान्छ । त्यसैले प्रज्ञप्ति भनेको साँच्चै भएको होइन, तर परमार्थ भनेको साँच्चै नै भएको स्वभाव धर्म हो । 'घर' भनेको, 'पात्र' भनेको अलग-अलग चीज छैन, तर त्यसमा पथवी धातु, आपो धातु आदि चतुर्महाभूत मात्र भइरहन्छ । यो पथवी आदि चतुर्ममहाभूत यथार्थ रूपमा विद्यमान भएको हुनाले तथा त्यसको आफ्नो स्वभाव परिवर्तन नहुने हुनाले यसलाई परमार्थ भनिन्छ । पथवी आदि चतुर्ममहाभूत 'रूप परमार्थधर्म' अन्तर्गत पर्दछन् ।



https://dhamma.digital

## १.८. चार परमार्थ धर्म

परमार्थ धर्म चारवटा छन्: १) चित्त, २) चैतसिक, ३) रूप, र ४) निर्वाण । यी चार परमार्थ यथार्थ रूपले विद्यमान भएका हुन् । परमार्थबाट हेऱ्यो भने यी चारवटा बाहेक यो संसारमा अरू केही चीज छैन । अब यही चार स्वभाव धर्मको अलग अलग वर्णन गरिन्छ ।

## १.९. चित्त

साधारण अर्थमा चित्त भनेको मन हो । चित्तलाई 'विञ्ञाण' अर्थात 'विज्ञान' पनि भनिन्छ । आरम्मणलाई थाहा पाउने स्वभाव धर्मलाई चित्त भनिन्छ । आँखाले रूपलाई देख्ने, कानले शब्दलाई सुन्ने, नाकले गन्धलाई सुँघ्ने, जिब्रोले स्वाद लिने, शरीरले स्पर्श गर्ने (छुने), फेरि मनले कल्पना गर्नेलाई नै आरम्मण भनिन्छ । आँखाले रूपलाई देखेर देखेँ भनी थाहा पाउने, कानले शब्द सुनेर सुनेँ भनी थाहा पाउने, आदि छ प्रकारका आरम्मणलाई थाहा पाउनेलाई क्रमशः चक्खु विञ्ञाण, सोत विञ्ञाण आदि भन्ने गरिन्छ । चित्त भएन भने आँखाले केही चीज देखेपनि देखेको अनुभव अर्थात् त्यो देखेँ, यो देखेँ, भनी भन्न सकिँदैन । त्यसैले आरम्मणलाई थाहा पाउने नै चित्तको स्वभाव हो । यसरी आरम्मणलाई थाहा पाउने, आरम्मणलाई ग्रहण गर्ने, आरम्मणमा चिन्तना गर्ने स्वभाव धर्मलाई 'चित्त' भनिन्छ ।

## १.१०. चैतसिक

चित्तमा उत्पत्ति हुने र चित्तमा मिल्ने स्वभाव धर्मलाई 'चेतसिक' भनिन्छ । अथवा चित्तसँगै उत्पन्न हुने, चित्तसँगै निरोध पनि हुने, चित्तले जस्तो आरम्मण गऱ्यो, त्यसले पनि त्यस्तै नै आरम्मण गर्ने र चित्तको जस्तै समान आधार भएको, चित्तमा मिल्ने ५२ प्रकारका स्वभाव धर्मलाई 'चेतसिक' भनिन्छ ।

## १.११. रूप

फेरिएर जाने, फरक हुने वा परिवर्तन हुने स्वभावलाई 'रूप' भनिन्छ । कसरी परिवर्तन भएर जान्छ? चिसो, तातो, भोक लागेको, तिर्खा लागेको, चोट परेको, शस्त्रद्वारा प्रहार हुने, आदि विरुद्ध हेतु कारणले रूप समूह (पदार्थ) बिग्रेर जाने, भत्किने, दुब्लो हुने, सुक्ने, दाग हुने हुन्छ । यसरी विनाश हुने,



https://dhamma.digital

विपरिणाम हुने, विपरित हुने, फेरिने, फरक हुने, परिवर्तन हुने स्वभावलाई 'रूप' भनिन्छ । यो संसारमा कुनै पनि वस्तु स्थिर रूपमा रहँदैन, प्रत्येक वस्तु परिवर्तनशील छ। यसरी त्यो परिवर्तन भइरहेको स्वभावलाई नै 'रूप' भनिन्छ ।

प्रत्येक रूप समूह चतुर्महाभूतले बनेको हो। पथवी (पृथ्वी), आपो (जल), तेजो (अग्नि), वायो (वायु) भनेको चारवटा धातुलाई चतुर्महाभूत भनिन्छ। त्यस्तै रूपमा वण्ण, गन्ध, रस, ओज, चार धातु पनि समाहित भएको हुन्छ। बुद्धधर्म अनुसार पदार्थको शूक्ष्मतम रूप अष्टकलाप समूह हो। अष्टकलाप समूहलाई पनि 'रूप' भनिन्छ। निम्न लिखित आठ प्रकारका धातु स्वभावलाई अष्टकलाप भनिन्छ –

१) पथवी धातु = कडा स्वभाव ।

२) आपो धातु = डल्लो पार्ने स्वभाव ।

३) तेजो धातु = तातो स्वभाव ।

४) वायो धातु = फुल्ने स्वभाव ।

५) वण्ण धातु = सेतो, कालो आदि वर्ण ।

६) गन्ध धातु = बास्ना आउने, गन्हाउने आदि गन्ध ।

७) रस धातु = गुलियो, तीतो, आदि स्वाद ।

८) ओज धातु = तागत, शक्ति दिने स्वभाव ।

चतुर्महाभूत वा अष्टकलाप समूहलाई 'रूप' भनिन्छ । रूप २८ प्रकारका छन्। ती रूपको बारे रूप काण्डमा वर्णन हुन्छ।

### १.१२. निर्वाण (निब्बान)

तृष्णाले एउटा जन्म र अर्को जन्मलाई जोड्ने हुनाले तृष्णालाई 'वान' भनिन्छ । निर्वाण वानरूपी तृष्णाबाट अलग्गको हो। ब्रम्हादेव मनुष्यहरूलाई संसारमा सम्बन्ध जोडिराखेको वानरूपी तृष्णाले अलग भएको हुनाले शान्ति लक्षण स्वभाव एउटा मात्र भएको असंस्कृत धर्मलाई नै निर्वाण भनिन्छ। त्यस निर्वाणलाई अर्हन्त आदि आर्यपुद्गलहरूले प्रत्यक्ष रूपले साक्षात्कार गर्न सक्ने हुन्छ। कल्याण पृथग्जनहरूले पनि प्रज्ञा चक्षुद्वारा अनुमानले देख्न सक्ने हुन्छ। निर्वाण स्वभाव र लक्षणको आधारमा एउटा मात्र भएपनि कारण



https://dhamma.digital

भेदको आधारमा दुई र आकार भेदको आधारमा तीनवटा छन् ।

कारण भेदको आधारमा दुईवटा निर्वाणः

१) सउपादिशेष निर्वाण, र

२) अनुपादिशेष निर्वाण

पञ्चस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई पञ्चस्कन्ध भनिन्छ । देहलाई बाँकी राखेर सम्पूर्ण तृष्णाबाट अलग भएको अवस्थालाई सउपादिशेष निर्वाण भनिन्छ । भगवान् बुद्धले बोधिवृक्ष रूखको मुनि सउपादिशेष निर्वाण प्राप्त गर्नुभएको थियो । त्यस्तै सारिपुत्र, मौद्गल्यायन आदि महास्थविरहरू पनि जुनबेला अर्हत्त्वमा पुग्नुभयो, त्यतिबेला नै सउपादिशेष निर्वाण प्राप्त भएको थियो । वास्तवमा सम्पूर्ण क्लेश क्षय हुनु नै सउपादिशेष निर्वाण हो ।

सउपादिशेष निर्वाण प्राप्त भएकाहरू पञ्चस्कन्ध देह पनि त्याग गरी परिनिर्वाण हुने वा मृत्यु हुने अवस्थालाई अनुपादिशेष निर्वाण भनिन्छ । साधारण व्यक्तिको मृत्युलाई मरण भनिन्छ । तर सउपादिशेष निर्वाण प्राप्त भएका अर्हत्को मृत्युलाई निर्वाण वा परिनिर्वाण भनिन्छ । तथागतको मृत्युलाई महापरिनिर्वाण भनिन्छ । अर्को शब्दमा भन्ने हो भने तथागत र अर्हत्हरू परिनिर्वाण हुनेलाई अनुपादिशेष निर्वाण भनिन्छ। कुशीनगरको मल्ल राजाहरूको शालवनमा तथागत अनुपादिशेष निर्वाण हुनुभयो । अनुपादिशेष निर्वाण प्राप्त भयो भने रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान सबै निरोध हुन्छ। निरोध हुनु भनेको फेरी उत्पन्न नहुनु वा पुनर्जन्म नहुनु हो । सदाको लागि अन्त्य हुनु हो ।

आकार भेदको आधारमा तीनवटा निर्वाण

१) शून्यता निर्वाण,

२) अनिमित्त निर्वाण,

३) अप्रणिहित निर्वाण,

निर्वाण प्राप्त भएपछि सम्पूर्ण क्लेश निर्मूल हुने वा क्लेश शून्य हुने भएर निर्वाणलाई शून्यता निर्वाण अथवा शुन्यता विमोक्ष भनिन्छ । अनत्तानुपस्सना भावनाद्वारा शुन्यता विमोक्ष प्राप्त हुन्छ ।



https://dhamma.digital

निर्वाण प्राप्त भएपछि रमाइलो हुने, आनन्द हुने आदि क्लेशको निमित्त केही नहुने भएर निर्वाणलाई अनिमित्त निर्वाण अर्थात् अनिमित्त विमोक्ख पनि भनिन्छ । यस अनिमित्त निर्वाण अनिच्चानुपस्सना भावनाद्वारा प्राप्त हुन्छ ।

निर्वाण प्राप्त भएपछि 'म सदा यहीँ बस्न पाओस्, मलाई मोक्ष प्राप्त होओस्' भनी प्रार्थना वा आशिका गर्नुपर्ने केही बाँकी नहुने भएकोले निर्वाणलाई अप्रणिहित निर्वाण अथवा अपणिहित विमोक्ख पनि भनिन्छ । यो दुक्खानुपस्सना भावनाद्वारा प्राप्त हुन्छ । यस प्रकारले यहाँ पाँच प्रकारका निर्वाणको वर्णन भयो ।

### १.१३. नामरूप धर्म

माथि भनेका चित्त र चैतसिक दुईवटालाई 'नाम धर्म' भनिन्छ । अनि रूपलाई मात्र 'रूप धर्म' भनिन्छ । त्यसैले नामरूप भनेको चित्त, चैतसिक र रूप भनेर बुझ्नुपर्छ । तर निर्वाणलाई पनि नामधर्म अन्तर्गत गणना गरिन्छ ।

## अभ्यास प्रश्न

१) सातवटा अभिधर्म ग्रन्थ के-के हुन् ?

२) अभिधर्मको निदान के हो ?

३) अभिधर्मको परिचय दिनुहोस् ।

४) अभिधम्मत्थ वा अभिधर्मको अर्थ के हो ?

५) अभिधर्मार्थ र परमार्थमा के फरक छ ?

६) प्रज्ञप्ति र परमार्थमा के फरक छ ?

७) परमार्थ धर्म कतिवटा छन्, ती के के हुन् ?

८) चित्त, चैतसिक र रूप भनेका के-के हुन् ?

९) निर्वाण भनेको के हो ? त्यो कति प्रकारका छन्, एक-एकवटाको अर्थ लेख्नुहोस् ।

१०) नाम रूप भनेको के हो ?



https://dhamma.digital

# २. कामावचर चित्त

चित्त जम्मा संक्षिप्तमा ८९ वटा र विस्तारमा १२१ प्रकारका छन् । त्यसलाई भूमिको आधारमा चार प्रकारमा विभाजन गरिएको छ । भूमिको आधारमा भनेको विभिन्न भुवनमा हुने वा उत्पत्ति हुने हिसाबले चित्तलाई विभाजन गरिराखेको भनेको हो । भूमि ३१ वटा छन् । त्यस मध्ये काम भूमि ११ वटा, रूप भूमि १६ वटा र अरूप भूमि ४ वटा छन् ।

भूमि भेदको आधारमा चित्तलाई निम्नलिखित चार प्रकारले विभाजन गरिएका छन्–

१) कामावचर चित्त

२) रूपावचर चित्त

३) अरूपावचर चित्त

४) लोकुत्तर चित्त

## २.१. कामावचर भूमि

प्रायःजसो ११ वटा कामभूमिमा उत्पन्न हुने वा अवचरण हुने (घुम्ने) चित्तलाई कामावचर चित्त भनिन्छ । ११ वटा काम भूमि भनेका यी हुन् :–

१) निरय (नरक)

२) तिरच्छान (तिर्यक वा पशु, पंक्षी, किटपतंग)

३) पेत्ता (प्रेत)

४) असुर (यक्ष, राक्षस)

५) मनुस्स (मान्छे)

६) चातुम्महाराजिका (चतुर्महाराज देव भुवन)

७) तावतिंसा (त्रयतिंश देव भुवन)

८) यामा (यामा देव भुवन)

९) तुसिता (तुषिता देव भुवन)

१०) निम्मानरति (निर्माणरति देव भुवन)

११) परनिम्मित वसवत्ति (परनिर्मित वसवर्ति देव भुवन)



https://dhamma.digital

यसमा नर्क, तिर्यक, प्रेत र असुर चारवटालाई अपाय दुर्गति भनिन्छ। अरू बाँकी सातवटा भूवनलाई कामसुगति भुवन भनिन्छ। कामसुगति भुवनमा पनि एउटा मनुष्य लोक र छ वटा देवलोक छन्।

कामावचर चित्त जम्मा ५४ वटा छन्, त्यस मध्ये

अकुशल चित्त – १२ वटा

अहेतुक चित्त – १८ वटा

कामशोभण चित्त – २४ वटा

यसरी जम्मा ५४ वटा भयो ।

## २.२. अकुशल चित्त (१२ वटा)

कुशल नभएको चित्तलाई अकुशल चित्त भनिन्छ । अथवा दोष सहितको नराम्रो, दुष्ट चित्तलाई अकुशल चित्त भनिन्छ । अकुशल चित्त १२ वटा मध्येमा लोभमूल चित्त ८ वटा, द्वेषमूल चित्त २ वटा र मोहमूल चित्त २ वटा छन् ।

## २.३. लोभमूल चित्त ८ वटा

लोभ चैतसिकसँग मिलेको वा लोभसहित भएको चित्तलाई लोभमूल चित्त, वा लोभसहगत चित्त, वा लोभ चित्त भनिन्छ । लोभसहगत चित्त ८ वटा छन् :–

१) सोमनस्ससहगत दिट्ठिगतसम्पयुत्त असङ्खारिक चित्त,

२) सोमनस्ससहगत दिट्ठिगतसम्पयुत्त ससङ्खारिक चित्त

३) सोमनस्ससहगत दिट्ठिगतविप्पयुत्त असङ्खारिक चित्त

४) सोमनस्ससहगत दिट्ठिगतविप्पयुत्त ससङ्खारिक चित्त,

५) उपेक्खासहगत दिट्ठिगतसम्पयुत्त असङ्खारिक चित्त,

६) उपेक्खासहगत दिट्ठिगतसम्पयुत्त ससङ्खारिक चित्त,

७) उपेक्खासहगत दिट्ठिगतविप्पयुत्त असङ्खारिक चित्त,

८) उपेक्खासहगत दिट्ठिगतविप्पयुत्त ससङ्खारिक चित्त,

यसमा 'सोमनस्स' भनेको 'हर्ष' हो। सोमनस्सको अर्थ रमाएको, प्रशन्न भएको हो। 'सहगत' भनेको 'मिलेको' भनेको हो। 'सोमनस्स सहगत' भनेको



https://dhamma.digital

'हर्षसँग मिलेको' भन्ने अर्थ भयो । 'दिट्ठिगत सम्पयुत्त' भनेको मिथ्यादृष्टिसँग मिलेको वा मिथ्यादृष्टियुक्त भनेको हो । त्यस्तै दिट्ठिगत विप्पयुत्तको अर्थ मिथ्यादृष्टि नभएको हो । असङ्खारिक भनेको प्रेरणा रहितको हो, अर्थात् कसैले यस्तो गर, त्यस्तो गर भनी उत्साह वा प्रेरणा नदिई उत्पत्ति हुने चित्तलाई असङ्खारिक वा असंस्कारिक चित्त भनिन्छ । अनि अरुको प्रेरणाद्वारा उत्पत्ति हुने चित्तलाई ससङ्खारिक वा ससंस्कारिक चित्त भनिन्छ । मन पर्ने पनि होइन, मन नपर्ने पनि होइन, अथवा सुख पनि होइन, दुःख पनि होइन, असुखअदुःख वेदनालाई 'उपेक्षा' (उपेक्खा) भनिन्छ । त्यस उपेक्षा वेदनासँग मिलेको चित्त उपेक्खासहगत चित्त हो । त्यसैले 'सोमनस्ससहगत दिट्ठिगतसम्पयुत्त असङ्खारिक चित्त' भन्नाले 'हर्षसँग मिलेको मिथ्यादृष्टि युक्तको प्रेरणा रहितको चित्त' भन्ने अर्थ भयो । यसै रूपमा अरु लोभमूल चित्तको अर्थ थाहा पाउनु पर्छ ।

## २.४. द्वेषमूल चित्त २ वटा

द्वेषसँग मिलेको चित्तलाई द्वेषमूल चित्त भनिन्छ । यो दुई प्रकारका हुन्छन्–

१) दोमनस्ससहगत पटिघसम्पयुत्त असङ्खारिक चित्त

२) दोमनस्ससहगत पटिघसम्पयुत्त ससङ्खारिक चित्त

यहाँ 'दोमनस्स' को अर्थ मानसिक दुःख हो । दोमनस्सलाई दौर्मनस्य पनि भनिन्छ । 'पटिघ' को अर्थ द्वेष हो ।

## २.५. मोहमूल चित्त २ वटा

मोहसँग मिलेको चित्तलाई मोहमूल चित्त भनिन्छ । मोहको अर्थ अज्ञान हो । मोहले वस्तुको यथार्थ स्वभावलाई छोपिदिन्छ । यो दुई प्रकारका हुन्छन् –

१) उपेक्खासहगत विचिकिच्छासम्पयुत्त चित्त

२) उपेक्खासहगत उद्धच्चसम्पयुत्त चित्त

यस मोहमूल चित्तमा विचिकिच्छा र उद्धच्च दुईवटा नै सम्पयुत्त भएको हुन्छ । बुद्ध, धर्म, संघ आदि विषयमा शंका हुनेलाई विचिकिच्छा भनिन्छ । चित्तको चञ्चल स्वभावलाई उद्धच्च वा औद्धत्य भनिन्छ ।

यसरी अकुशल चित्त १२ वटा संक्षिप्तमा सकियो ।



https://dhamma.digital

## २.६. अहेतुक चित्त १८ वटा

हेतु नभएको चित्तलाई अहेतुक चित्त भनिन्छ । हेतु छ प्रकारका छन्: (१) लोभ, (२) द्वेष, (३) मोह, (४) अलोभ, (५) अद्वेष, (६) अमोह ।[10] यहाँ लोभ, द्वेष र मोहलाई अकुशल हेतु भनिन्छ । अलोभ, अद्वेष र अमोहलाई कुशल हेतु भनिन्छ । त्यस्तो लोभ, द्वेषादि छ प्रकारका हेतु पनि नभएको चित्तलाई अहेतुक चित्त भनिन्छ । अहेतुक चित्त जम्मा १८ वटा छन् । त्यस मध्ये अकुशल विपाक चित्त ७ वटा, कुशल विपाक चित्त ८ वटा र क्रिया चित्त ३ वटा छन् । अहेतुक चित्त १८ वटाको स्वरूप यस्तो छ:

## २.७. अहेतुक अकुसलविपाक चित्त ७ वटा[11]

१) उपेक्खासहगत अकुसलविपाक चक्खुविञ्ञाण चित्त[12]

---

[10] यहाँ, लोभ, द्वेष, मोह भनेका अकुसल चैतसिक हुन् । अलोभ, अद्वेष भनेका कुसल चैतसिक हुन् । अमोह भनेको प्रज्ञा चैतसिक हो ।

[11] अकुसल चित्तको विपाकलाई अकुसलविपाक भनिन्छ । कुशल चित्तको विपाकलाई कुसलविपाक भनिन्छ ।

[12] आँखा (चक्खुपसाद) मा आश्रित विञ्ञाणलाई चक्खुविञ्ञाण भनिन्छ । चक्खुपसाद भएकोले नै चक्खुविञ्ञाण उत्पन्न भएको हो । जन्मेदेखि दुईवटै आँखा अन्धो भएका मानिससँग चक्खुविञ्ञाण उत्पन्न हुँदैन । कान (सोतपसाद) मा आश्रित विञ्ञाणल(ाई सोतविञ्ञाण भनिन्छ । त्यस्तै घान, जिव्हा, कायविञ्ञाणलाई पनि यही रूपमा बुझ्नुपर्ने हुन्छ ।

निद्रा नआइरहेको अवस्थामा पनि, निद्रा आइरहेको अवस्थामा पनि चित्त उत्पन्न भइरहन्छ । निद्रा आइरहेको अवस्थामा चक्खु (चक्षु, आँखा), सोत (श्रोत, कान), घान (घ्राण, नाक), जिव्हा (जिब्रो), काय (शरीर) पाँचवटै, द्वारहरुको तर्फबाट चित्त उत्पन्न हुँदैन । एक किसिमले अचेतन अवस्था जस्तै हुन्छ । त्यस अवस्थामा उत्पन्न हुँदै गएको चित्त धारालाई 'भवङ्गचित्त सन्तति' भनिन्छ । निद्रा नआइरहेको अवस्थामा उत्पन्न भइरहेको चित्त धारालाई 'वीथि चित्त सन्तति' भनिन्छ । सपनामा सपना देखिरहेको बेला पनि वीथि चित्त उत्पन्न हुन्छ, जसलाई स्वप्न वीथि भनिन्छ । भवङ्ग चित्त निद्राबाट बिउँझिरहेको अवस्थामा क्षण-क्षणमा उत्पन्न भइरहन्छ ।

वीथि चित्त उत्पन्न नहुने अवस्थामा सधैं भवङ्ग चित्त उत्पन्न हुन्छ । भवङ्ग चित्त विच्छेद हुने बित्तिकै पञ्चद्वारावज्जन, चक्खुविञ्ञाण, सम्पटिच्छन, सन्तीरण, वोट्ठब्बन, जवन र तदारम्मण भनेका चित्त लगत्तै उत्पन्न हुन्छ, त्यसपछि भवङ्ग चित्त पनि तुरून्त उत्पन्न हुन्छ । यता पञ्चद्वारावज्जन चित्तले भवङ्ग चित्तलाई बिच्छेद गरी आरम्मण ग्रहण गरी त्यस आरम्मणमा चक्खुविञ्ञाण उत्पत्ति गराइदिन्छ । अनि चक्खुविञ्ञाण उत्पन्न भएर आरम्मण ग्रहण गर्छ । त्यसपछि चक्खुविञ्ञाणले ग्रहण



https://dhamma.digital

२) उपेक्खासहगत अकुसलविपाक सोतविञ्ञाण चित्त
३) उपेक्खासहगत अकुसलविपाक घानविञ्ञाण चित्त
४) उपेक्खासहगत अकुसलविपाक जिव्हाविञ्ञाण चित्त
५) उपेक्खासहगत अकुसलविपाक कायविञ्ञाण चित्त
६) उपेक्खासहगत अकुसलविपाक सम्पटिच्छन चित्त
७) उपेक्खासहगत अकुसलविपाक सन्तीरण चित्त

### २.८. अहेतुक कुसलविपाक चित्त ८ वटा

१) उपेक्खासहगत कुसलविपाक चक्खुविञ्ञाण चित्त,
२) उपेक्खासहगत कुसलविपाक सोतविञ्ञाण चित्त,
३) उपेक्खासहगत कुसलविपाक घानविञ्ञाण चित्त,
४) उपेक्खासहगत कुसलविपाक जिव्हाविञ्ञाण चित्त,
५) सुखसहगत कुसलविपाक कायविञ्ञाण चित्त,
६) उपेक्खासहगत कुसलविपाक सम्पटिच्छन चित्त,

---

गरेको आरम्मणलाई सम्पटिच्छन चित्तले दृढतापूर्वक ग्रहण गर्छ, त्यसपछि सन्तीरण चित्तले त्यस आरम्मणलाई आफूलाई मन पर्ने आरम्मण हो कि, मन नपर्ने आरम्मण अथवा उपेक्षित (मध्यस्थको) आरम्मण हो कि भन्ने रूपले मीमांसा वा तुलना गर्छ । त्यसपछि वोट्ठब्बन चित्तले मन पर्ने भए मन पर्ने, मन नपर्ने भए मन नपर्ने, उपेक्षित भए उपेक्षित हो, भनी निश्चय गर्छ । निश्चय भएपछि जवन चित्त लगातार सातचोटिसम्म उत्पन्न भएर आरम्मणको स्वाद अनुभव गर्छ । त्यसपछि तदारम्मण चित्त दुई चोटि उत्पन्न भएर बाँकी भएको स्वाद फेरि लिन्छ । त्यसपछि भवङ्ग चित्त उत्पन्न हुन्छ ।

सोतविञ्ञाण आदि पनि यही रूपले उत्पन्न हुन्छ, जस्तै भवङ्ग, पञ्चद्वारावज्जन, सोतविञ्ञाण, सम्पटिच्छन, सन्तीरण, वोट्ठब्बन, जवन, तदारम्मण, भवङ्ग । यहाँ पञ्चद्वारावज्जन चित्तदेखि तदारम्मण चित्त सम्मलाई वीथि चित्त भनिन्छ । कुनै एक आरम्मण पूर्ण रूपले ग्रहण गराउन वीथि चित्तमा उपर्युक्त क्रम पूरा गर्नुपर्छ । एक सानो क्षणमा पनि हामीले सयौँ हजारौँ पटक आरम्मण गरिसकेका हुन्छौँ, वीथि चित्तको क्रम हजारौँ गइसकेको हुन्छ, त्यसैले भनेको छ कि एक चुट्की बजाउने समयभित्र चित्त क्षण करोडौं करोड पटक उत्पन्न र नष्ट भैरहेको हुन्छ ।

पञ्चद्वारावज्जन, मनोद्वारावज्जन, चक्खुविञ्ञाण, सोतविञ्ञाण, घानविञ्ञाण, जिव्हाविञ्ञाण, कायविञ्ञाण, सम्पटिच्छन, सन्तीरण चित्त उत्पन्न हुने समयमा आरम्मणमा ईष्टाकार (मनपर्ने), अनिष्टाकार (मन नपर्ने) आदि निर्णय नहुने भएकोले त्यसमा लोभ, द्वेष आदि हेतु उत्पन्न भएको हुँदैन । त्यसैले यसलाई अहेतुक चित्त भनेको हो ।

Dhamma.Digital



https://dhamma.digital

७) सोमनस्ससहगत कुसलविपाक सन्तीरण चित्त,

८) उपेक्खासहगत कुसलविपाक सन्तीरण चित्त,

## २.९. अहेतुक क्रिया चित्त ३ वटा[१३]

१) उपेक्खासहगत पञ्चद्वारावज्जन चित्त[१४]

२) उपेक्खासहगत मनोद्वारावज्जन चित्त

३) सोमनस्ससहगत हसितुप्पाद चित्त[१५]

अहेतुक चित्त १८ वटा संक्षेपमा सकियो ।

## २.१०.असोभन चित्त[१६]

अकुसल चित्त १२ वटा र अहेतुक चित्त १८ वटा गरी जम्मा ३० वटा चित्तलाई 'असोभन चित्त' भनिन्छ ।

## २.११. काम सोभन चित्त २४ वटा

क्लेश आदि रहित भएर शोभा भएको राम्रो चित्तलाई 'सोभन चित्त'

---

१३ कुसल, विपाक र क्रियाको विषयमा अगाडि हेर्नुहोस् ।

१४ वीथिचित्त सन्ततिको अगाडि भवङ्ग सन्तति भइरहन्छ । आरम्मण उपस्थित भएपछि भवङ्ग सन्ततिलाई रोकेर आरम्मण ग्रहण गर्ने साथै वीथि चित्तलाई आरम्मण अगाडि पुऱ्याउने चित्तलाई आवज्जन चित्त भनिन्छ । चक्खु, सोत, घाण, जिव्हा र कायलाई पञ्चद्वार भनिन्छ । पञ्चद्वारमा हुने आवज्जनलाई 'पञ्चद्वारावज्जन' भनिन्छ । मनोद्वारमा हुने आवज्जनलाई 'मनोद्वारावज्जन' भनिन्छ ।

१५ हर्ष हुनु, हाँस्नुलाई 'हसितुप्पाद' भनिन्छ । हाँस्ने छ प्रकारका छन्– १) सित=आँखाले मात्र हाँसेको देखाउने, २) हसित=दाँत अलि अलि देखिने गरी मुसुक्क हाँस्ने ३) विहसित= शब्द अलि-अलि सुनिने गरी हाँस्ने ४) उपहसित=टाउको जिउ हल्लाएर हाँस्ने, ५) अपहसित=आँखाबाट आँसु झर्ने गरी हाँस्ने ६) अतिहसित=लडीबुडी गरी हाँस्ने । हसितुप्पाद चित्त उत्पन्न हुनेबेला सित र हसित मात्र हुन्छ । भगवान् बुद्ध र अर्हत्‌हरू सित र हसित रूपले मात्र हाँस्नुहुन्छ । त्यसैले हसितुप्पाद चित्त अर्हत्‌हरूसँग उत्पन्न हुने चित्त हो । हसितुप्पाद चित्तले शूक्ष्म रूपमा हाँस्ने बाहेक अरू कृत्य नगर्ने हुँदा यसलाई अहेतुक क्रिया चित्त भनेको हो ।

१६ सोभन असोभन भनेका नाम चित्तको होइन, चैतसिकको हो । चित्तको लक्षण त आरम्मणलाई थाहा पाउने मात्र हो । जुन चित्तमा श्रद्धा आदि सोभन चैतसिक मिल्छ त्यस चित्तलाई सोभन चित्त भनिन्छ । त्यस्तै जुन चित्तमा लोभ द्वेषादि अकुशल चैतसिक मिल्छ त्यस चित्तलाई असोभन चित्त भनिन्छ । अहेतुक चित्तमा अकुशल चैतसिक नमिले पनि त्यसलाई पनि असोभन चित्तमा राखेको छ ।



https://dhamma.digital

भनिन्छ। सोभन नभएको चित्तलाई असोभन चित्त भनिन्छ। ८९ वटा चित्तमा असोभन चित्त ३० वटालाई छोडेर बाँकी भएको सबै ५९ वटा चित्तलाई सोभन चित्त भनिन्छ । ती मध्ये कामावचर चित्तमा सोभन चित्त २४ वटा, रूपावचरमा १५ वटा, अरूपावचरमा १२ वटा र लोकुत्तरमा ८ वटा छन् । कामावचरचित्तमा भएको सोभन चित्तलाई काम सोभन चित्त अथवा कामावचर सोभन चित्त भनिन्छ । त्यस काम सोभन चित्त २४ वटाको स्वरूप यस्तो छ–

## २.१२. महाकुसल चित्त ८ वटा

१) सोमनस्ससहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त,

२) सोमनस्ससहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त,

३) सोमनस्ससहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त,

४) सोमनस्ससहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त,

५) उपेक्खासहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त,

६) उपेक्खासहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त,

७) उपेक्खासहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त,

८) उपेक्खासहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त,

## २.१३. महाविपाक चित्त ८ वटा

१) सोमनस्ससहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त,

२) सोमनस्ससहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त,

३) सोमनस्ससहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त,

४) सोमनस्ससहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त,

५) उपेक्खासहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त,

६) उपेक्खासहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त,

७) उपेक्खासहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त,

८) उपेक्खासहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त,



https://dhamma.digital

## २.१४. महाक्रिया चित्त ८ वटा

१) सोमनस्ससहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त,

२) सोमनस्ससहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त,

३) सोमनस्ससहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त,

४) सोमनस्ससहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त,

५) उपेक्खासहगत ञाणसम्पयुत्त असङ्खारिक चित्त,

६) उपेक्खासहगत ञाणसम्पयुत्त ससङ्खारिक चित्त,

७) उपेक्खासहगत ञाणविप्पयुत्त असङ्खारिक चित्त,

८) उपेक्खासहगत ञाणविप्पयुत्त ससङ्खारिक चित्त,

## २.१५. ञाणसम्पयुत्त र ञाणविप्पयुत्त

ञाण भनेको ज्ञान वा प्रज्ञा हो । प्रज्ञाको अर्थ यथार्थ रूपमा थाहा पाउने हो । प्रज्ञा भयो भने मात्र यो साँचो हो, यो होइन अर्थात् मिथ्या हो भनी छुट्याउन सकिने हुन्छ । प्रज्ञालाई अमोह पनि भनिन्छ । विज्जा (विद्या), सम्मादिट्ठि (सम्यक्‌दृष्टि) पनि भनिन्छ । प्रज्ञा वा ज्ञानसँग मिलेको चित्तलाई ज्ञानसम्प्रयुत्त अर्थात् ञाणसम्पयुत्त भनिन्छ । त्यस्तै प्रज्ञा नभएको चित्तलाई ञाणविप्पयुत्त चित्त भनिन्छ ।

## २.१६. कुसल, विपाक र क्रिया

राम्रो, उत्तम अथवा केही दोष नभएकोलाई 'कुसल' भनिन्छ । अकुसल पाप धर्मलाई नाश गर्ने, अकुशललाई हटाउने दोष रहितको चित्तलाई 'कुसल चित्त' भनिन्छ । कुसल एवं अकुसल कर्मको विपाक वा 'परिपक्वता (पाक्ने)' लाई 'विपाक' भनिन्छ, अर्थात् राम्रो कर्मको राम्रो फल र नराम्रो कर्मको नराम्रो फललाई नै विपाक भनिन्छ । कुसल-अकुसल कर्मको फल भोग गर्ने चित्तलाई 'विपाक चित्त' भनिन्छ । काम गर्ने मात्रलाई 'क्रिया' भनिन्छ । क्रिया चित्त भनेको विपाक नभएको चित्त हो । कुसल-अकुसल चित्तको जस्तै क्रियाचित्तको विपाक वा फल हुँदैन । यस्तो क्रिया चित्त राग, द्वेष, मोह आदि भव बन्धनबाट मुक्त अर्हत्‌हरूसँग मात्र हुने गर्छ । कारण अर्हत्‌हरूको सबै संस्कार क्षय भइसकेको हुनाले उनीहरूले गरेको कर्मको फल हुँदैन । उपमाको लागि, यदि कोही पृथग्जन्‌ले श्रद्धा चित्तले बुद्धपूजा गऱ्यो भने त्यसको फल



https://dhamma.digital

भइरहने कारणले उसँग उत्पन्न भएको श्रद्धा चित्तलाई कुसल चित्त भनिन्छ। तर कोही अर्हत् पुद्गलले बुद्धपूजा गऱ्यो भने त्यसको फल नहुने कारणले उसँग उत्पन्न हुने चित्तलाई क्रिया चित्त भनिन्छ।

## २.१७. महाकुसल, महाविपाक र महाक्रिया

यस कामावचर कुसल, विपाक, क्रिया चित्तलाई रूपावचर र अरूपावचरको कुसल, विपाक, क्रिया चित्तहरू तथा लोकुत्तर चित्तभन्दा पनि संख्यामा बढी भएकोले 'महा' शब्द प्रयोग गरी 'महाकुसल महाविपाक र महाक्रिया चित्त' भनिन्छ।

कामसोभन चित्त २४ वटा संक्षेपमा सकियो।

असोभन चित्त ३० वटा र कामसोभन चित्त २४ वटा, जम्मा ५४ वटा चित्तलाई कामावचर चित्त भनिन्छ ।

कामावचर चित्त ५४ वटा संक्षिप्तमा सकियो ।

### अभ्यास प्रश्न

१) चित्त संक्षिप्तमा र विस्तारमा कतिवटा छन् ?

२) भूमिभेद अनुसार चित्त कति प्रकारका छन्, ती के के हुन् ?

३) काम भूमि कतिवटा छन्, ती के के हुन् ?

४) अकुसल चित्त कतिवटा छन् ? स्वरूप मात्र लेख्नुहोस् ।

५) हेतु भनेको के हो ? हेतु कति प्रकारका छन् ?

६) अहेतुक चित्त अठारवटाको स्वरूप लेख्नुहोस् ।

७) सोभन र असोभनको अर्थ के हो ? असोभन चित्त कतिवटा छन्, ती के के हुन् ?

८) कामसोभन चित्त कतिवटा छन्, त्यसको स्वरूप लेख्नुहोस् ।

९) कुसल, विपाक र क्रिया भनेको के हो ?

१०) कामावचर कुसल, कामावचर विपाक र कामावचर क्रिया चित्तलाई किन महाकुसल, महाविपाक र महाक्रिया चित्त भनिन्छ ?



https://dhamma.digital

# ३. रूपावचर चित्त

## ३.१. रूपावचर भूमि

सोह्र प्रकारका रूपावचर भूमि मध्ये 'असञ्ञसत्त' भूमि एउटा छोडेर १५ वटा रूप भूमिमा प्रायः गरी उत्पत्ति हुने प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान आदि १५ वटा चित्तलाई रूपावचर चित्त भनिन्छ ।

सोह्र प्रकारका रूप भूमिहरूको नाम यस प्रकार छन् :–

| | |
|---|---|
| १) ब्रम्हपारिसज्जा | २) ब्रम्हपुरोहिता |
| ३) महाब्रम्हा | ४) परिताभा |
| ५) अप्पमाणाभा | ६) आभस्सरा |
| ७) परित्तसुभा | ८) अप्पमाणसुभा |
| ९) सुभकिण्हा | १०) वेहप्फल |
| ११) असञ्ञसत्त[१७] | १२) अविहा |
| १३) अतप्पा | १४) सुदस्सा |
| १५) सुदस्सी | १६) अकनिट्ठा । |

कुसल विपाक र क्रिया भेदले रूपावचर चित्त १५ वटा छन्:

## ३.२. रूपावचर कुसल चित्त ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता सहितको प्रथम ध्यान कुसल चित्त ।[१८]

२) विचार, प्रीति, सुख र एकाग्रता सहितको द्वितीय ध्यान कुसल चित्त ।

---

१७ संज्ञा नभएकोलाई असंज्ञा भनिन्छ । असंज्ञापुद्‌गललाई असंज्ञासत्व भनिन्छ । असंज्ञासत्व भूमिमा बस्ने ब्रम्हाहरूसँग चित्त चैतसिक धर्म उत्पन्न हुँदैन भनिएको छ । चित्त चैतसिक नभएकोले यी ब्रम्हाहरू सत्व नै हो कि होइन भन्ने भ्रम हुन्छ । त्यहाँ केवल रूपस्कन्ध मात्र हुन्छ ।

१८ प्रथमध्यानकुसलचित्त– ध्यान भावना गर्ने साधकलाई यौ चित्त सबैभन्दा पहिला प्राप्त हुन्छ; भगवान् बुद्धले यस चित्तलाई सबभन्दा पहिला दैशना गर्नुभयौ । त्यस्तै गणना गर्दा पनि यसको पहिला गिन्ति हुन्छ – यसरी प्रतिलाभ, देशना र संख्या क्रममा सर्वप्रथम भएकोले यसलाई प्रथमध्यान भनेको हो । यसैरूपले द्वितीय तृतीय आदि ध्यानलाई पनि बुझ्नुपर्नै हुन्छ ।



https://dhamma.digital

३) प्रीति, सुख र एकाग्रता सहितको तृतीय ध्यान कुसल चित्त ।

४) सुख र एकाग्रता सहितको चतुर्थ ध्यान कुशल चित्त ।

५) उपेक्षा र एकाग्रता सहितको पञ्चम ध्यान कुशल चित्त ।

## ३.३. रूपावचर विपाक चित्त ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता सहितको प्रथम ध्यान विपाक चित्त ।

२) विचार, प्रीति, सुख र एकाग्रता सहितको द्वितीय ध्यान विपाक चित्त ।

३) प्रीति, सुख र एकाग्रता सहितको तृतीय ध्यान विपाक चित्त ।

४) सुख र एकाग्रता सहितको चतुर्थ ध्यान विपाक चित्त ।

५) उपेक्षा र एकाग्रता सहितको पञ्चम ध्यान विपाक चित्त ।

## ३.४. रूपावचर क्रिया चित्त ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता सहितको प्रथम ध्यान क्रिया चित्त ।

२) विचार, प्रीति, सुख र एकाग्रता सहितको द्वितीय ध्यान क्रिया चित्त ।

३) प्रीति, सुख र एकाग्रता सहितको तृतीय ध्यान क्रिया चित्त ।

४) सुख र एकाग्रता सहितको चतुर्थ ध्यान क्रिया चित्त ।

५) उपेक्षा र एकाग्रता सहितको पञ्चम ध्यान क्रिया चित्त ।

## ३.५. ध्यान अङ्ग, ध्यान र ध्यान चित्त

वितर्क, विचार आदि एक-एक चैतसिकलाई 'ध्यान अङ्ग' भनिन्छ, अर्थात्, वितर्क भन्ने चैतसिक पनि ध्यानको एक अङ्ग, विचार भन्ने चैतसिक पनि ध्यानको एक अङ्ग, त्यस्तै प्रीति, सुख, एकाग्रता आदि चैतसिक एक-एकवटालाई ध्यान अङ्ग भनिन्छ ।[१९]

---

१९ ध्यान गर्ने साधकले ध्यान प्राप्त गर्न पाँच प्रकारका बन्धनबाट मुक्त हुनुपर्छ । पाँच प्रकारका बन्धन भनेको 'पञ्चनीवरण' हो । १. कामच्छन्दनीवरण (लोभ, तृष्णा), २. व्यापादनीवरण (द्वेष, क्रोध), ३. थीनमिद्धनीवरण (आलस्य), ४. उद्धच्चकुक्कुच्चनी(



https://dhamma.digital

ध्यान अङ्ग समूहलाई 'ध्यान' भनिन्छ । अर्थात् वितर्क, विचार आदि चैतसिक समूहलाई ध्यान भनिन्छ । जस्तै– वितर्क, विचार, प्रीति, सुख, एकाग्रता भनेका ध्यान अङ्ग पाँचवटाको समूहलाई 'प्रथम ध्यान' भनिन्छ ।

वरण (चित्तको चञ्चलपन, अशान्त स्वभाव र पश्चाताप) र ५. विचिकिच्छानीवरण (संदेह) लाई पञ्चनीवरण भनिन्छ । ध्यान प्राप्तिको लागि बाधा, अड्चन भएको यी पाँचवटालाई नीवरण भनेका हुन् । यी पाँच नीवरणलाई वितर्क, विचार आदि ध्यानाङ्गले हटाउने गर्छ ।

वितर्कध्यानाङ्ग- आरम्मणमा तर्क वितर्क गर्ने धर्मलाई 'वितक्क (वितर्क)' भनिन्छ । वितर्कले चित्त चैतसिक धर्मलाई आरम्मणमा प्रतिष्ठित गरिदिन्छ, अथवा वितर्क उत्पन्न भयो भने चित्त चैतसिक धर्मलाई आलस्य हटाएर आरम्मणमा आरोपित गराउने हुन्छ । त्यसैले वितर्कले थीनमिद्धनीवरणलाई हटाउँछ ।

विचारध्यानाङ्ग- आरम्मणमा पुनः पुनः विचरण गर्ने स्वभावलाई 'विचार' भनिन्छ। यसले विचिकिच्छानीवरणलाई हटाउँछ। वितर्कले जुन चित्त चैतसिक धर्मलाई आरम्मणमा ल्याउँछ, विचिकिच्छाले त्यसमा शंका उत्पन्न गराउन सक्ने हुन्छ , त्यसैले विचारले उक्त चित्त चैतसिक धर्मलाई प्राप्त आरम्मणबाट नहटाउनको लागि आरम्मणलाई पुनः पुनः विचार-विमर्श (अनुमज्जन) गर्छ ।

प्रीतिध्यानाङ्ग- आरम्मणमा प्रसन्न हुने स्वभावलाई 'प्रीति' भनिन्छ । यो ब्यापादको विपरीत स्वभाव धर्म हो । ब्यापादको स्वभाव आरम्मणमा अप्रीति उत्पन्न गर्ने हो । वितर्क विचारले आरम्मणमा प्रतिष्ठित गरेको चित्त चैतसिक धर्मलाई ब्यापादले विघ्न गर्नसक्छ, आरम्मणबाट हटाउन सक्छ । त्यसैले प्रीतिध्यानाङ्गले ब्यापादनीवरणलाई चित्त सन्ततिमा नल्याउनको लागि ब्यापादलाई प्रहाण गर्छ ।

सुखध्यानाङ्ग- यसले उद्धच्चकुक्कुच्चनीवरणलाई प्रहाण गर्छ । उद्धच्च स्वभाव अनुपशम (अशान्ति), अनि कुक्कुच्चको स्वभाव अनुताप (पश्चाताप) हो । कसिण आदि आरम्मणमा चित्तसन्तति प्रीतियुक्त भएपनि उद्धच्चकुक्कुच्चको कारणले यदि आरम्मणमा अनुभव गर्ने केही रस भएन भने त्यस चित्तसन्तति आरम्मणमा शान्त पूर्वक स्थिर हुँदैन । सुखध्यानाङ्गले आरम्मणमा रसलाई अनुभव गर्छ । सुख उपशम लक्षण हो । चित्तसन्ततिमा उद्धच्चकुक्कुच्च नल्याउन त्यसलाई सुखध्यानाङ्गले प्रहाण गर्छ ।

एकाग्रताध्यानाङ्ग- यसले कामच्छन्द नीवरणलाई प्रहाण गर्छ । कामविषयानुगामी हुनलाई कामच्छन्दले चित्तधातुलाई विकीर्ण गर्छ, कम्पित गर्छ । यदि कामच्छन्द आयो भने वितर्क, विचार, प्रीति, सुख आफ्नो कसिण आरम्मणमा स्थिर हुन सक्दैन, आरम्मणबाट हट्छ । चित्तलाई आरम्मणबाट विचलित नगराउने, आरम्मणमा स्थिर बनाइराख्ने स्वभावलाई नै एकाग्रता भनिन्छ । एकाग्रतालाई नै समाधि भनिन्छ ।

उपेक्षाध्यानाङ्ग- उपेक्षा पनि सुखध्यानाङ्ग जस्तै उपशम वा शान्त स्वभावको हो । यसले उद्धच्चकुक्कुच्चनीवरणलाई प्रहाण गर्दछ ।



https://dhamma.digital

त्यस्तै विचार, प्रीति, सुख एकाग्रता भनेका ध्यान अङ्ग चारवटाको समूहलाई 'द्वितीय ध्यान' भनिन्छ । यसै रूपले तृतीय, चतुर्थ र पञ्चम ध्यानमा पनि क्रमशः तीनवटा, दुईवटा र दुईवटा चैतसिक समूह हुन्छन् ।

ध्यानसँग मिलेको चित्तलाई 'ध्यान चित्त' भनिन्छ । जस्तै- प्रथम ध्यानसँग मिलेको चित्तलाई 'प्रथम ध्यान चित्त', द्वितीय ध्यानसँग मिलेको चित्तलाई 'द्वितीय ध्यान चित्त', इत्यादि भनेको पाइन्छ । यो रूपावचर चित्त सबै प्रथम, द्वितीय आदि ध्यानसँग मिलेको हुनाले रूप ध्यान चित्त भनिन्छ ।

रूपावचर चित्त १५ वटा संक्षेपमा सकियो ।

## अभ्यास प्रश्न

१) रूपावचर भूमि कतिवटा छन् ? नाम लेख्नु होस् ।

२) रूपावचर कुशल चित्त कतिवटा छन् ? ती के के हुन् ?

३) रूपावचर विपाक चित्त कतिवटा छन् ? ती के के हुन् ?

४) रूपावचर क्रिया चित्त कतिवटा छन् ? स्वरूप मात्र लेख्नुहोस् ।

५) ध्यान अङ्ग भनेको के हो ? त्यो कति प्रकारका छन् ?

६) ध्यान अङ्ग र ध्यानमा के फरक छ ?

७) प्रथम ध्यानमा कति वटा ध्यान अङ्ग मिलेको हुन्छ, ती के के हुन् ?

८) तृतीय ध्यानमा कति वटा ध्यान अङ्ग मिलेको हुन्छ, ती के के हुन् ?

९) ध्यान चित्त भनेको के हो ? चतुर्थ र पञ्चम ध्यान चित्तमा के के ध्यान अङ्ग मिलेको हुन्छ ?

१०) रूपावचर चित्तमा कति प्रकारका ध्यानहरू छन् ? नाम लेख्नु होस् ।



https://dhamma.digital

# ४. अरूपावचर चित्त

## ४.१. अरूपावचर भूमि

चार अरूप भूमिमा उत्पत्ति हुने आकासानञ्चायतनादि १२ वटा अरूप ध्यान चित्तलाई[२०] 'अरूपावचर चित्त' भनिन्छ । अरूप भूमि चारवटा निम्न लिखित हुन् :-

१) आकासानञ्चायतन भूमि, २) विञ्ञाणञ्चायतन भूमि,

---

२० पाँच प्रकारका रूपावचर ध्यान प्राप्त भयो भने मात्र अरूपावचर ध्यान प्राप्त हुन्छ । करजरूप (कर्मजरूप) अथवा इन्द्रिय र त्यसको विषयमा दोष देखाएर रूपलाई अतिक्रमण गर्नको लागि अरूपावचर ध्यान गरिन्छ। रूपको कारणले डण्डा समात्नुपर्ने, हथियार समात्नुपर्ने, झगडा कलह विवाद भएको हो; अरूपमा यस्तो बिल्कुल छैन - यसरी विचार गरी रूपलाई निरोध गर्ने प्रयास गर्छ । रूपावचर पञ्चम ध्यान (सूत्रको हिसाबले चतुर्थ ध्यान) प्राप्त हुनेबेला नै करज रूपको अतिक्रमण हुन्छ। तर त्यसको प्रतिभाग रूपमा कसिण रूप भइरहन्छ। त्यस कसिण रूपलाई पनि निवारण गर्न साधकले अरूपावचर ध्यान प्राप्त गर्छ।

सर्पलाई देखेर भागेको मानिस सर्प जस्तै आकार आएको डोरी आदि देखेर पनि डराउँछ, त्यसलाई पनि हटाउन इच्छा गर्छ। यसै रूपले रूपमा दोष देखेर भयभित भएर त्यसबाट अलग भएको साधकले कसिण रूपलाई पनि हटाउने नै इच्छा गर्छ। कसिण रूप भनेको कसिण भावना गर्नेबेला निमित्तको रूपमा देखिने कसिण मण्डल आदि हो ।

कसिण भावना दशवटा छन् - पथवी कसिण, आपो कसिण, तेजो कसिण, वायो कसिण, नील कसिण, पीत कसिण, लोहित कसिण, ओदात कसिण, आलोक कसिण र परिच्छिन्न आकास कसिण। यसमा परिच्छिन्न आकास कसिण छोडेर बाँकी रहेको नौवटा कसिण मध्येमा जुनपनि एक कसिण भावना गरी रूपावचर पञ्चम ध्यानसम्म प्राप्त गर्छ। ध्यान प्राप्त भयो भने कसिण मण्डललाई कतिसम्म ठूलो गरी फैलाउने इच्छा हुन्छ त्यतिसम्म ठूलो गरी फैलाएर लग्छ।

यतिसम्म कि पूरै विश्व ढाक्ने गरी वा चक्रवालको अन्तसम्म कसिणलाई फैलाएर त्यसमा स्पर्श भएको स्थानलाई 'आकाश, आकाश' वा 'अनन्त आकाश, अनन्त आकाश' भनी मनमा राखी कसिणलाई हटाउने गर्छ। यसरी कसिण रूपलाई हटायो भने 'विश्वमा केवल एउटै आकाशले ढाकेको छ' भनी देख्छ। अथवा आक( ाशै आकाश मात्र देख्छ। यसलाई 'कसिणुघाटि आकाश' भनिन्छ। यस कसिणुघाटि आकाश भनेको आकाश प्रज्ञप्ति हो । यसलाई नै बार बार आरम्मण गरी, आवर्जन गरी जानेबेला आकासानञ्चायतन कुसलचित्त उत्पन्न हुन्छ। यही नै पहिलो अरूप ध्यान हो ।



https://dhamma.digital

३) आकिञ्चञ्ञायतन भूमि,　　४) नेवसञ्ञानासञ्ञायतन भूमि

यी चार अरूपावचर ध्यान भूमिलाई निराकार ब्रम्हलोक पनि भनिन्छ ।

अरूपावचर चित्त कुसल विपाक क्रिया भेदबाट १२ वटा छन्: अरूपावचर कुसल चित्त ४ वटा, अरूपावचर विपाक चित्त ४ वटा, र अरूपावचर क्रिया चित्त ४ वटा ।

## ४.१. अरूपावचर कुसल चित्त

१) आकासानञ्चायतन कुसल चित्त[२१]

२) विञ्ञाणञ्चायतन कुसल चित्त[२२]

३) आकिञ्चञ्ञायतन कुसल चित्त[२३]

---

२१ **आकासानञ्चायतनकुसलचित्त-** (आकास+आनञ्च+आयतन) आकाश भनेको खालि ठाउँ, खुल्ला ठाउँलाई भनिन्छ । यता आकाशको अर्थ कसिणुघाटि आकाश हो । आ(नञ्च भनेको अनन्त (यति उति भनी थाहा नभएको) हो । आकाश प्रज्ञप्ति परमार्थ धर्म जस्तै द्रव्य स्वभाव होइन, त्यसैले त्यसलाई 'उत्पाद' एवं 'भङ्ग' रूपले परिच्छेद (छुटाउन) गर्न सकिँदैन । उत्पाद एवं भङ्गरूपले अपरिच्छिन्न आकाश भएकोले 'अन(न्त' भनिएको हो । आयतनको अर्थ आधार हो । आकाश प्रज्ञप्तिलाई आरम्मण गरी आकासानञ्चायतन चित्त उत्पन्न हुन्छ । त्यसैले आकासानञ्चायतन ध्यान चित्तको आधार आकाश प्रज्ञप्ति हो । यसरी आयतन पनि भएकोले 'आकाशानञ्चायतन' भनिएको हो । यसै रूपले विञ्ञाणञ्चायतन र आकिञ्चञ्यायतनमा पनि आयतनको अर्थ आधार हो ।

२२ **विञ्ञाणञ्चायतनकुसलचित्त-** आकासानञ्चायतन ध्यान प्राप्त भएपछि विज्ञानानन(त्यायतन दोष देखी त्यसलाई त्याग गरी विज्ञानानन्त्यायतन भावनामा शान्ति देखेर त्यसलाई प्राप्त गर्न कोशिश गर्छ । आकाशानन्त्यायतन चित्त नै 'विज्ञान' हो । यो चित्तलाई नै 'प्रथम आरूप्य विज्ञान' भनिन्छ । विज्ञानानन्त्यायतन भावना गर्ने योगीले आकाश प्रज्ञप्ति आरम्मणलाई छोडेर यही विज्ञानलाई आरम्मण गरी 'विज्ञान, विज्ञान' भनी बार बार आवर्जन गरी, खोजी (वात्तुवाला), तर्क-वितर्क गरी भावना गर्छ । यस्तो गरी जाँदाजाँदै विज्ञानानन्त्यायतन कुशल चित्त उत्पन्न हुन्छ । यस चित्तलाई 'द्वितीय आरूप्य विज्ञान' भनिन्छ ।

२३ **आकिञ्चञ्ञायतनकुसलचित्त-** विज्ञानानन्त्यायतन ध्यान प्राप्त गरिसकेको साधकले आकिञ्चञ्ञायतन ध्यान गर्ने इच्छाले विज्ञानानन्त्यातनमा पनि दोष देख्छ - विज्ञान भनेको भएको होइन, शून्य हो, खालि हो, अभाव हो भनी विचार राखी 'केही पनि छैन, केही पनि छैन, शून्य, शून्य' भनी भाविता गर्छ । आकिञ्चन भनेको केही पनि छैन, शून्य शून्य भनेको हो । केही पनि छैन, शून्य शून्य भनेको नत्थिभाव प्रज्ञप्तिलाई आरम्मण गरी भाविता गर्दै जानेबेला उक्त साधकसँग आकिञ्चञ्ञायतन कुशल चित्त



https://dhamma.digital

४) नेवसञ्ञानासञ्ञायतन कुसल चित्त[२४]

## ४.३. अरूपावचर विपाक चित्त

१) आकासानञ्चायतन विपाक चित्त,

२) विञ्ञाणञ्चायतन विपाक चित्त,

३) आकिञ्चञ्ञायतन विपाक चित्त,

४) नेवसञ्ञानासञ्ञायतन विपाक चित्त,

## ४.४. अरूपावचर क्रिया चित्त

१) आकासानञ्चायतन क्रिया चित्त,

२) विञ्ञाणञ्चायतन क्रिया चित्त,

३) आकिञ्चञ्ञायतन क्रिया चित्त,

---

उत्पन्न हुन्छ । यसलाई तृतीय आरूप्य विज्ञान भनिन्छ ।

२४ **नैवसञ्ञानासञ्ञायतनकुसलचित्त-** आकिञ्चञ्ञायतन भनेको अभाव प्रज्ञप्ति, अभाव संज्ञा हो । आकिञ्चञ्ञायतन ध्यान प्राप्त गरिसकेपछि नैवसञ्ञानासञ्ञायतन भावना गर्ने इच्छा भएको साधकले आकिञ्चञ्ञायतनमा दोष देख्छ - संज्ञा राग हो, संज्ञा काँडा हो, नैवसंज्ञानासंज्ञायतन शान्त हो, उत्तम हो भनी भाविता गर्छ । यसरी भाविता गर्दै जानेबेला नैवसंज्ञानासंज्ञायतन कुशल चित्त उत्पन्न हुन्छ। यस चित्तलाई 'चतुर्थ आरूप्य विज्ञान' भनिन्छ । यसको आरम्मण तृतीय आरूप्य विज्ञान हो । अभाव संज्ञा (नत्थिभाव प्रज्ञप्ति) अति स्थूल हुन्छ । अभाव संज्ञाको पनि अभाव भएको अलि शान्त शूक्ष्म यी चार आयतन नैवसंञ्ञानासञ्ञायतन हुन् । नैवसञ्ञा( नासञ्ञा=संज्ञा नभएको तर असंज्ञा पनि होइन । यसमा शूक्ष्म रूपले मात्र संज्ञा भइरहन्छ । यसमा भएको संज्ञा चैतसिकलाई अनित्य दुःख अनात्म अनुसार विमर्श गर्न सकिँदैन, त्यसैले 'नैवसंज्ञा' भनेको हो । तर शूक्ष्म भएपनि परमार्थ रूपले संज्ञाको आफ्नो सत् स्वभाव भइरहने नै भएर 'न असंज्ञा' भनेको हो ।

एउटा उपमा दिइएको छ– गुरू र शिष्य निवासस्थानबाट बाहिर जान लागे । बाटोमा अलि पानी छ । शिष्यले भन्यो–"आचार्य । बाटोमा पानी छ, जुत्ता फुका( ल्नुहोस् ।" अनि गुरूले भने–"हुन्छ त्यसो भए, लोटा लिएर आऊ ।" शिष्यले उत्तर दियो– "आचार्य नुहाउन पानी छैन ।" जस्तो यो उपमामा जुत्ता भिजाउन पानी छ तर नुहाउन पुग्ने गरी पानी छैन, त्यस्तै नेवसञ्ञानासञ्ञायतनमा संज्ञा शूक्ष्म रूपले मात्र छ, स्थूल रूपले छैन। यस चतुर्थ आरूप्य विज्ञानमा संज्ञा शूक्ष्म रूपले भएजस्तै स्पर्श, वेदना आदि चैतसिक पनि शूक्ष्म रूपले भइरहन्छ । यसमा 'आयतन' शब्दको प्रयोग पहिलाको जस्तै 'आधार' अर्थमा होइन, निस्सयपच्चय (निश्रयप्रत्यय) द्वारा सम्प्रयुक्त धर्मको निश्रय (आधार) भएको अर्थमा हो भनिएको छ ।



https://dhamma.digital

४) नैवसञ्ञानासञ्ञायतन क्रिया चित्त,

यस अरूपावचर चित्त रूपावचर पञ्चम ध्यानभन्दा माथिको चित्त भएको हुँदा अरूपावचर चित्त १२ वटालाई पनि पञ्चम ध्यानमा नै राखिएको छ ।

अरूपावचर चित्त १२ वटा संक्षेपमा समाप्त ।

## ४.५. महग्गत चित्त

महा उत्तम भावमा पुगेको चित्तलाई महग्गत चित्त भनिन्छ । महा उत्तम भावमा पुगेको भएर रूपावचर चित्त १५ वटा र अरूपावचर चित्त १२ वटा जम्मा २७ वटा चित्तलाई महग्गत चित्त भनिन्छ ।

## ४.६. लौकिक चित्त

कामावचर चित्त ५४ वटा र महग्गत चित्त २७ वटा जम्मा ८१ वटा चित्तलाई लौकिक चित्त भनिन्छ ।

### अभ्यास प्रश्न

१) अरूपावचर भूमि कतिवटा छन् ? नाम लेख्नु होस् ।

२) अरूपावचर कुशल चित्त कतिवटा छन् ? ती के के हुन् ?

३) अरूपावचर विपाक चित्त कतिवटा छन् ? ती के के हुन् ?

४) अरूपावचर क्रिया चित्त कतिवटा छन् ? स्वरूप मात्र लेख्नुहोस् ।

५) महग्गत चित्त भनेको के हो ? त्यो कति प्रकारका छन् ?

६) लौकिक चित्त कति प्रकारका छन् ?

७) लौकिक चित्तमा कति वटा अरूपावचर चित्त समावेश भएको छ?

८) अरूपावचर चित्तलाई कुन ध्यान अन्तर्गत राखिएको छ ?



https://dhamma.digital

# ५. लोकुत्तर चित्त

सम्पूर्ण लोकबाट पार भएर गएको अथवा उत्रेर गइरहेको चित्तलाई लोकुत्तर चित्त भनिन्छ । कामावचर, रूपावचर र अरूपावचर भन्ने ३१ वटा भुवनलाई लोक भनिन्छ ।[२५] ती ३१ वटा भूमिमा आशक्त नभई (नटाँसिएर) अनाशक्त भाव भएर आश्रवक्षीण गरेर उत्रेर गइरहेका मार्ग र फल चित्तलाई नै लोकुत्तर चित्त भनिन्छ । लोकुत्तर चित्त संक्षिप्तमा ८ वटा, अनि विस्तारमा ४० वटा छन् ।

---

२५ जुन उत्पत्ति हुन्छ, अनि नष्ट हुन्छ, त्यसलाई 'लोक' भनिन्छ, अथवा नष्ट हुने, विनाश हुनेलाई नै 'लोक' भनिन्छ । लोक तीन प्रकारका छन्– १ सत्तलोक (सत्वलोक अर्थात् सत्वप्राणी समूह), २ सङ्खारलोक (संस्कारलोक, अर्थात् संस्कार) र ३ ओकासलोक (अवकाशलोक, अर्थात् =प्राणीहरू रहने लोक ३१ वटा भूवन)। यी तीन लोकहरू मध्ये सङ्खारलोकलाई यता लोक भनी लिइएको छ। यो सङ्खारलोक भनेको 'उपादानस्कन्ध' नामक लौकिक नामरूप धर्म हो। यो लोकलाई कसैले पार गर्छ अथवा पार गरिसकेको हुन्छ र लोकुत्तर हो। श्रोतापत्ति आदि मार्गचित्तले वर्तमान कालमा लोकबाट उत्तीर्ण हुन्छ, अनि फलचित्तले अतीत कालमा पार गरिसकेको हुन्छ।

अथवा – 'लोक' शब्दले तीन प्रकारका लोकलाई पनि ग्रहण गर्छ । जस्तै- श्रोतापत्तिमार्ग, 'पृथग्जनसमूह' भनेको सत्त्वलोक र 'चार अपाय भूमि' भनेको ओकाशलोकबाट उत्तीर्ण हुन्छ । सकृदागामिमार्ग 'श्रोतापन्न-पुद्गल( समूह' भनेको सत्त्वलोक र 'काम भूमिको एक देश' भनेको अवकाशलोकबाट उत्तीर्ण हुन्छ । (सकृदागामी पुद्गल काम सुगति भूमिमा एक चोटी मात्र उत्पन्न हुन्छ, त्यसैले 'काम भूमिको एक देश' भनेको हो । अनागामिमार्ग 'सकृदागामिपुद्गलसमूह' भनेको सत्त्वलोक, र 'काम धातु कामावचरभूमि' भनेको ओकासलोक उत्तीर्ण हुन्छ। अर्हत्मार्ग 'अनागामिपुद्गलसमूह' भनेको सत्त्वलोक, र 'रूप अरूप भूमि' भनेको ओकासलोकबाट उत्तीर्ण हुन्छ। यसरी सत्त्वलोक र ओकासलोक उत्तीर्ण हुनेबेला मार्गधर्म त्यस लोकमा हुने नामरूप संस्कारबाट (सङ्खारलोकबाट) पनि उत्तीर्ण हुन्छ। यसै रूपले फल धर्म पनि उत्तीर्ण हुन्छ।



https://dhamma.digital

## ५.१. लोकुत्तर चित्त संक्षिप्तमा ८ वटा

| मार्ग चित्त ४ वटाः | फल चित्त ४ वटाः |
|---|---|
| १) सोतापत्ति मग्ग चित्त[२६] | १) सोतापत्ति फल चित्त |
| २) सकदागामि मग्ग चित्त[२७] | २) सकदागामि फल चित्त |
| ३) अनागामि मग्ग चित्त[२८] | ३) अनागामि फल चित्त |
| ४) अरहत्त मग्ग चित्त[२९] | ४) अरहत्त फल चित्त |

---

२६ **सोतापतिमग्गचित्त-** (सोत+आपत्ति+मग्ग+चित्त) । प्रवाह धारालाई 'श्रोत' भनिन्छ । गंगा, आदि नदीको धारा हिमालयबाट झरेर कहीं नरोकी समुद्रमा मिल्न जाने भए जस्तै श्रोतापन्न पुद्गलसँग उत्पन्न हुने सम्यक्दृष्टि, आदि आर्य अष्टाङ्गिकमार्ग पनि आफ्नो उत्पाद क्षणदेखि कहीं पनि नरोकी बेगले गएर निर्वाण रूपी समुन्द्रमा पुग्न जान्छ । त्यसैले आर्य अष्टाङ्गिक मार्गलाई श्रोत भनिन्छ । पृथग्जनहरूसँग पनि आर्य अष्टाङ्गिकमार्ग धर्म उत्पन्न हुन्छ तर त्यसले क्लेशलाई अशेष रूपले प्रहाण गर्न सक्दैन । पृथग्जनहरूसँग एक चोटी उत्पन्न भएको मार्गाङ्ग धर्म पछि हराएर जान पनि सक्छ, नभएर जान पनि सक्छ, तर लोकोत्तर मार्गाङ्ग धर्म यस्तो होइन । यो एकचोटी उत्पन्न भयो भने निर्वाण प्राप्त नगरेसम्म भइरहन्छ ।

'आपत्ति' को अर्थ प्राप्ति (प्रथम प्राप्ति) हो । सकृदागामिमार्ग आदि मार्ग भन्दा श्रोतापत्तिमार्ग सबैभन्दा पहिला प्राप्त हुन्छ । आर्य अष्टाङ्गिक मार्गरूपी श्रोतको प्राप्ति नै श्रोतापत्तिमार्ग हो । श्रोतापत्तिमार्गमा सम्प्रयुक्त चित्त सोतापत्तिमग्ग-चित्त हो ।

२७ **सकदागामिमग्गचित्त–** यस कामभूमिमा फेरि एकचोटी आउने हुँदा 'सकृदागामी' भनेको हो । सकृदागामीमार्गसँग सम्प्रयुक्त चित्तलाई सकृदागामीमार्गचित्त भनिन्छ ।

२८ **अनागामिमग्गचित्त–** यस कामभूमिमा फेरि एकचोटी नआउने भएर (प्रतिसन्धि नहुने भएर) पुद्गललाई अनागामी भनिन्छ । अनागामीमार्गसँग सम्प्रयुक्त चित्तलाई अनागामीमार्गचित्त भनिन्छ ।

२९ **अरहत्तमग्गचित्त–** सम्पूर्ण क्लेशलाई निर्मूल गरिसकेको, काम, रूप र अरूप लोकमा फेरि एकचोटी प्रतिसन्धि नहुने पुद्गललाई अर्हत् भनिन्छ । अर्हत्मार्गसँग सम्प्रयुक्त चित्त अर्हत्मार्गचित्त हो ।

**फलचित्त–** श्रोतापत्ति, सकृदागामि आदि मार्गचित्त एक पटक (एक चित्तक्षण) मात्र उत्पन्न हुन्छ । त्यसको पश्चात् फलचित्त उत्पन्न हुन्छ । अथवा सोतापत्तिमग्गचित्त एक पटक उत्पन्न हुने बित्तिकै सोतापत्ति फल चित्त उत्पन्न हुन्छ ; सकदागामि( मग्गचित्त उत्पन्न हुने बित्तिकै सकदागामि फल चित्त उत्पन्न हुन्छ । एवं रूपले अनागामिफलचित्त र अरहत्तफलचित्त पनि अनागामिमार्ग, अर्हत्मार्गचित्त उत्पन्न हुने बित्तिकै उत्पन्न हुन्छ ।



https://dhamma.digital

## ५.२. लोकुत्तर चित्त विस्तारमा ४० वटा

सोतापत्ति मग्ग आदि आठवटा चित्तलाई विस्तारमा गिन्ति गर्ने बेला प्रत्येक चित्त प्रथम, द्वितीय आदि भेदबाट पाँच-पाँचवटा हुनजान्छ । ती यसप्रकार हुन् :–

१) विर्तक, विचार, प्रीति, सुख र एकाग्रता सहितको प्रथम ध्यान श्रोतापत्ति मार्ग चित्त,

२) विचार, प्रीति, सुख र एकाग्रता सहितको द्वितीय ध्यान श्रोतापत्ति मार्ग चित्त,

३) प्रीति, सुख र एकाग्रता सहितको तृतिय ध्यान श्रोतापत्ति मार्ग चित्त,

४) सुख र एकाग्रता सहितको चतुर्थ ध्यान श्रोतापत्ति मार्ग चित्त,

५) उपेक्षा र एकाग्रता सहितको पञ्चम ध्यान श्रोतापत्ति मार्ग चित्त,

यसरी नै सकृदागामि मार्ग चित्त पनि पाँचवटा हुन्छन् । अनागामि मार्ग चित्त पनि पाँचवटा नै हुन्छन्, अर्हत् मार्ग चित्त पनि पाँचवटा नै हुन्छन् । यसरी मार्ग चित्त जम्मा २० वटा हुन्छन् । त्यस्तै फल चित्त पनि प्रथम, द्वितीय आदि ध्यान भेदले २० वटा नै हुन्छन् । यसरी लोकुत्तर चित्त विस्तारमा गिन्ति गर्ने बेला ४० वटा हुन्छन् । त्यस ४० लोकुत्तर चित्तमा प्रथम ध्यान चित्त ८ वटा, द्वितीय ध्यान ८ वटा, तृतीय, चतुर्थ र पञ्चम ध्यान चित्त पनि आठ-आठवटा नै भए ।

लौकिक र लोकुत्तर चित्त संक्षेपमा समाप्त ।

## ५.३. चित्त संक्षिप्तमा र विस्तारमा

चित्त संक्षिप्तमा लिंदा लौकिक चित्त ८१ वटा र लोकुत्तर चित्त ८ वटा जम्मा ८९ वटा हुन्छन् । फेरि विस्तारमा लिंदा लौकिक चित्त ८१ वटा र लोकुत्तर चित्त ४० वटा जम्मा १२१ वटा चित्त हुन्छन् । त्यसैले चित्त संक्षिप्तमा ८९ वटा र विस्तारमा १२१ वटा हुन्छन् ।

चित्त काण्ड संक्षेपमा समाप्त ।



https://dhamma.digital

## अभ्यास प्रश्न

१. कामावचर चित्त कति प्रकारका छन, ती के के हुन् ?
२. रूपावचर चित्त १५ वटाको स्वरूप लेख्नुहोस् ।
३. ध्यान, ध्यान अङ्ग र ध्यान चित्त भनेका के के हुन् ?
४. अरूपावचर चित्त कतिवटा छन्, ती के के हुन् ?
५. महग्गत चित्त भनेको के हो? कति प्रकारका छन् ?
६. लौकिक चित्त कतिवटा छन् ? छुट्याएर देखाउनुहोस् ।
७. लोकुत्तर चित्त संक्षिप्तमा र विस्तारमा कति छन् ?
८. लौकिक र लोकुत्तरको अर्थ के हो ?
९. लोकुत्तर चित्तमा प्रथम, द्वितीय आदि ध्यान चित्त कतिवटा छन् ?
१०. चित्त संक्षिप्तमा ८९ वटा र विस्तारमा १२१ वटा कसरी भयो ?

## चिरं तिट्ठतु सद्धम्मो

## ३१ वटा भुवन

| | | |
|---|---|---|
| निराकार ब्रम्हलोक चार अरूप ब्रम्हलोक | नैवसञ्ञानसञ्ञायतन, आकिञ्चञ्ञायतन, विञ्ञानञ्चायतन, आकासानञ्चायतन | पञ्चम ध्यान |
| सुद्धावास ५ वटा | अकनिट्ठ, सुदस्सी, सुदस्सा, अतप्पा, अविहा, | चतुर्थ ध्यान सातवटा भुवन |
| साकार ब्रम्हलोक, सोह्र रूप ब्रम्हलोक | असञ्ञसत्त, वेहप्फल | |
| | सुभकिण्हा, अप्पमाणसुभा, परित्तसुभा, | तृतीय ध्यान |
| | आभस्सरा, अप्पमाणाभा, परित्ताभा, | द्वितीय ध्यान |
| | महाब्रम्हा, ब्रम्हपुरोहिता, ब्रम्हा पारिसज्जा, | प्रथम ध्यान |
| काम सुगति सातवटा | परनिम्मितवसवत्ति-निम्मानरति, तुसिता-यामा तावतिंस, चातुम्महाराजिका | ६ वटा देवलोक |
| काम लोक ११वटा | मनुस्स | |
| | असुर, पेत्ता, तिरच्छान, निरय | चारवटा दुर्गति |



https://dhamma.digital

## भूमि भेद अनुसार चित्तको गणना

| भूमि | चित्त |
|---|---|
| काम भूमि | ५४ |
| रूप भूमि | १५ |
| अरूप भूमि | १२ |
| लोकोत्तर भूमि | ८ |
| **कूल** | **८९** |

## वेदनाको भेद अनुसार चित्तको गणना

| वेदना | चित्त |
|---|---|
| सुख वेदना | कामावचर – १ |
| | रूपावचर – १२ |
| | लोकोत्तर – ३२ |
| जम्मा | -४५ |
| दुक्ख वेदना | कामावचर – १ |
| सोमनस्स वेदना | कामावचर –१८ |
| दोमनस्स वेदना | कामावचर – २ |
| उपेक्खा वेदना | कामावचर – ३२ |
| | रूपावचर – ३ |
| | अरूपावचर – १२ |
| | लोकोत्तर – ८ |
| जम्मा | =५५ |
| | कूल १२१ |



https://dhamma.digital

## अकुशल जाति, कुशल जाति र अब्याकृतजाति भनेका तीन प्रकारका जाति भेद अनुसार चित्तको गणना

| | | | |
|---|---|---|---|
| अकुशल – | कामावचर | | = १२ |
| कुशल | कामावचर | ८ | |
| | रूपावचर | ५ | |
| | अरूपावचर | ४ | |
| | लोकोत्तर | ४ | = २१ |
| | विपाक | | |
| अकुशलविपाक | | ७ | |
| अव्याकृत | अहेतुक कामावचर कुशल विपाक | ८ | |
| | सहेतुक कामावचर कुशल विपाक | ८ | |
| | रूपावचर विपाक | ५ | |
| | अरूपावचर विपाक | ४ | |
| | लोकोत्तर विपाक | ४ | = ३६ |
| क्रिया | | | |
| | अहेतुक | ३ | |
| | कामावचर | ८ | |
| | रूपावचर | ५ | |
| | अरूपावचर | ४ | = २० |
| | **कूल** | | **= ८९** |



https://dhamma.digital

# अभिधर्म भाग २

## (चैतसिक काण्ड)

Dhamma.Digital

लेखक

**महेन्द्ररत्न शाक्य**

https://dhamma.digital

# अभिधर्म भाग-२

## चैतसिक काण्ड

## १.परिचय

### १.१. पृष्ठभूमि

भगवान् बुद्धले तीन प्रकारले धर्मदेशना गर्नुभएको छ जसलाई १) आणा देशना २) वोहार देशना र ३) परमत्थ देशना भनिन्छ। यो गर्नुपर्छ, यो गर्नु हुँदैन भन्ने रूपले आज्ञा अनुज्ञा अनुसार देशना गर्नुभएको विनयपिटक आणा देशना हो। व्यवहार कुशलताका लागि व्यवहारिक सत्य रूपले देशना गर्नुभएको सूत्रपिटक वोहार देशना हो । परमार्थ धर्म अवबोधको निम्ति परमार्थ सत्य रूपले बताउनु भएको अभिधर्म देशना अभिधर्मपिटक परमत्थ देशना हो। यी तीनवटा देशनामध्ये परमत्थ देशना अत्यन्त गम्भीर एवं विशेष प्रकारको देशना हो। आफ्नो मूल स्वभावबाट परिवर्तन नहुने, यथार्थ रूपमा भइरहेको, सत् (सत्य) रूपमा विद्यमान भइरहेको स्वभाव धर्म वा वास्तविक सत्य धर्मलाई परमार्थ भनिन्छ । चित्त, चैतसिक, रूप र निर्वाण यी चार परमार्थ धर्म हुन् ।

साधारण अर्थमा चित्त भनेको मन हो, चैतसिक भनेको मनोवृत्ति हो। परमार्थ अनुसार चित्त भनेको आरम्मणलाई ग्रहण गर्ने, थाहा पाउने स्वभाव हो। चित्तलाई विज्ञान वा विञ्ञाण भनिन्छ । चैतसिक भनेको चित्त सँगै उत्पन्न भएर, चित्त सँगै मिलेर काम गर्ने स्वभाव धर्म हो । चित्त सँगसँगै उत्पन्न भएर, चित्त सँगसँगै निरोध हुने, चित्तले ग्रहण गरेको आरम्मणलाई नै ग्रहण गर्ने, चित्तको जस्तै समान आधार भइरहेको धर्म चैतसिक हुन्। चित्तमा मिल्ने स्पर्श, वेदना आदि ५२ प्रकारका स्वभाव धर्मलाई चैतसिक भनिन्छ ।

### १.२ चेतसिकको परिभाषा

चैतसिकलाई तल लेखिएको अनुसार पालिमा विग्रह गरि देखाइएको छ –

१. **चेतसि भवं चेतसिकं :** चित्तमा उत्पन्न हुने स्वभाव धर्मलाई



https://dhamma.digital

चैतसिक भनिन्छ । यो प्रधान विग्रह वाक्य हो । तर चित्तमा उत्पत्ति हुने भन्दैमा चित्तमा चैतसिक स्थित भएको होइन, चित्त माथि चेतसिक बसेको होइन । चित्त आधार, अनि चैतसिक आधेय भनिएको होइन, बरू चित्तलाई निमित्त मात्र गरि उत्पन्न हुने भनिएको हो । अथवा चैतसिक उत्पन्न हुने मूल कारण चित्त हो, चित्त नभई चैतसिक उत्पन्न हुँदैन भन्ने अर्थ भयो ।

**२. चेतसि भवं तदायत्तवुत्तितायाति चेतसिकं :** चित्तायत्तवृत्तिको कारणले अथवा चित्तसँगै सम्बद्ध भएर उत्पन्न हुने कारणले चित्तमा हुने धर्मलाई चैतसिक भनिन्छ । चित्तसँग सम्बन्ध राखी उत्पन्न हुने स्वभाव भएकोले चैतसिक भनिन्छ । अर्थात् चित्त नभएमा सम्पूर्ण चैतसिक धर्महरू उत्पन्न नहुने भएकोले चित्तको आधार वा भरोसा लिई उत्पत्ति हुने र चित्तसँग सम्बन्ध राखी उत्पन्न हुने स्वभावलाई चैतसिक भनिएको हो । यो विग्रह टीकाकारले गरेको हो ।

**३. चेतसि नियुत्तं वा चेतसिकं :** चित्तमा मिल्ने भएकोले पनि चैतसिक भनिन्छ । चित्तमा उत्पत्ति हुने भएकोले मात्र चैतसिक भनिदैंन, चित्तसँगै मिलेर काम गर्ने स्वभाव भएकोले पनि स्पर्श, आदि धर्मलाई चैतसिक भनिन्छ । यसरी चित्तमा उत्पत्ति हुने, चित्तसँगै सम्बन्ध राखी उत्पत्ति हुने र चित्तसँगै मिलेर काम गर्ने स्पर्श आदि ५२ वटा स्वभाव धर्मलाई चैतसिक भनिन्छ ।

## १.३. चित्त र चेतसिक

१. यदि चित्तसँग सम्बद्ध भएको कारणले स्पर्श, वेदना, आदिलाई चैतसिक भनिन्छ भने चित्त पनि स्पर्श, वेदना आदि सर्वचित्त साधारण चैतसिकसँग सम्बद्ध नभइकन एक्लै उत्पन्न हुन सक्दैन । यस्तो अवस्थामा चित्तलाई पनि फस्से भवं फस्सिकं, वेदनायं भवं वेदनिकं आदि विग्रह गरी फस्सिक (स्पार्शिक), वेदनिक (वेदानिक) भन्न मिल्दैन र ?

यद्यपि चित्त स्पर्श, वेदना आदि चैतसिक धर्मसँग सम्बद्ध भएर उत्पन्न हुन्छ, तैपनि चित्त नभइकन आरम्मण नै ग्रहण हुँदैन र चित्त प्रधान भएको कारणले यसलाई फस्सिक, वेदनिक भन्न सकिँदैन ।

२. सर्वचित्त साधारण चैतसिकसँग सम्बद्ध नभइकन कुनै पनि चित्त उत्पन्न हुँदैन, यस्तो अवस्थामा चैतसिकलाई किन प्रधान नभनिएको ?

कुनैकुनै चैतसिक नभएता पनि चित्त उत्पन्न हुन सक्छ, तर चित्त



https://dhamma.digital

नभइकन कुनै पनि चैतसिक उत्पन्न हुन सक्दैन । त्यसैले चैतसिक प्रधान होइन चित्त प्रधान हो । जस्तो कि कुनै राजा कतै सवारी हुँदा एक्लै जाँदैनन्, राजाको पछि अङ्गरक्षकहरू, मन्त्रीहरू, भाइ-भारदारहरू, सैनिकहरू आदि धेरै जना आउँछन्, ती सबैमध्ये राजा नै प्रधान र मुख्य भएकोले 'राजाको सवारी भयो' भन्छन्, सेनाहरू आए भन्दैनन् । यहाँ चित्त भनेको राजा समान हो, त्यसरी नै चैतसिक राजाको पछि-पछि आउने रक्षकहरू समान हो । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ, 'मनोपुब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमया' अर्थात् जुनसुकै अवस्थामा पनि मन नै पहिले अगाडि जाने हुन्छ, मन नै प्रधान हो, मनले नै व्याप्त छ ।

३. एकसय एकाइस प्रकारका चित्तले एउटै प्रकारले आरम्मण ग्रहण गर्दैनन् । शोभन चित्तले आरम्मण ग्रहण गर्दा अशोभन चित्त रहदैंन । यसप्रकार कैयौं चित्त नभए पनि आरम्मण ग्रहण हुन्छ । यस्तो स्थितिमा चित्तलाई किन प्रधान भनिएको ?

जसरी फुसन लक्षणद्वारा स्पर्श एउटै नै हो, अनि अनुभवन लक्षण अनुसार सम्पूर्ण वेदना पनि एउटै नै हो, त्यसरी नै आरम्मण विजानन लक्षण अनुसार सम्पूर्ण चित्त एउटै हो । चित्तमा नाना प्रकारका चैतसिक मिलेकोले मात्र १२१ प्रकारले चित्त भेद हुन गएको हो । भगवान् बुद्धले आज्ञा गर्नुभएको छ, "पभस्सरमिदं भिक्खवे, चित्तं । तं च खो आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिट्ठं" अर्थात् भिक्षुहरू, चित्त भनेको स्वभाविक रूपमा शुद्ध हो । बाहिरका उपक्लेशद्वारा मात्र चित्त दूषित हुन्छ । यसप्रकार चित्तको एकत्व स्वभाव थाहा भएन भने मात्र माथिको प्रश्न उत्पन्न हुने हो ।

## १.४. चैतसिकको चारवटा लक्षण

एकउत्पाद (एकुप्पाद), एकनिरोध, एकालम्बन र एकवत्थुक भनिने चारवटा लक्षणले युक्त भएको स्वभाव धर्मलाई चैतसिक भनिन्छ । कुनै स्वभाव धर्म चैतसिक हुन ती चारवटा लक्षण हुनैपर्छ । ती चारवटा लक्षणमध्ये एउटा, दुईवटा मात्र लक्षण भएन भने पनि त्यसलाई चैतसिक भनिदैंन ।

### एकउत्पाद

फस्स, वेदना, आदि ५२ प्रकारका सम्पूर्ण चैतसिक नै चित्त सँगसँगै उत्पन्न हुन्छ, चित्त उत्पन्न नभईकन चैतसिक स्वतन्त्र रूपमा उत्पन्न हुन



https://dhamma.digital

सक्दैन । चित्त र चैतसिक सँगसँगै एकै पटकमा नै उत्पन्न हुन्छ, त्यसैले एकउत्पाद भनिएको हो । चित्त पहिले उत्पन्न हुने त्यसपछि चैतसिक उत्पन्न हुने यसरी हुने होइन । एउटै समयमा चित्त पनि चैतसिक पनि उत्पन्न हुन्छ भनिएको हो । तर एकउत्पादको अर्थ चित्त पनि, चैतसिक पनि मिलेर एकै भएर उत्पन्न हुन्छ भनिएको पनि होइन, चित्त र चैतसिकको आ-आफ्नै स्वतन्त्र उत्पाद त भई नै रहन्छ । चित्त अलग नै उत्पन्न हुन्छ, चैतसिक अलग नै उत्पन्न हुन्छ, परन्तु एउटै समयमा वा उही समयमा आरम्मणप्रत्यय आदि समान प्रत्ययद्वारा चित्त र चैतसिक धर्म एकसाथ उत्पन्न हुन्छ, एकसाथ नै निरोध पनि हुन्छ । त्यसैले यहाँ एक शब्दको अर्थ एकसाथ, समान (तुल्य) हो ।

## एकनिरोध

एकउत्पाद अथवा चित्तसँगै (सह) उत्पन्न धर्मलाई चैतसिक भनिन्छ, यसमा फेरि एकनिरोध भन्ने लक्षण पनि हुनुपर्ने तात्पर्य के हो ?

केवल एकुत्पाद मात्र भन्दाखेरी चैतसिक धर्म मात्र होइन, कर्मज एवं चित्तज रूप धर्म पनि चित्त सँगै (सह) उत्पन्न हुन सक्छ । यस्तो परिस्थितिमा कर्मज र चित्तज रूपलाई पनि चैतसिक भन्नुपर्ने हुनसक्छ । तर कर्मज र चित्तज रूप एक निरोध वा चित्तको सँगसँगै नै निरोध हुँदैन, चित्तवीथिको सत्रौं क्षणमा मात्र निरोध हुन्छ । त्यसैले चैतसिक भनेको चित्त सँगसँगै उत्पन्न हुने मात्र होइन, चित्त सँगसँगै नै निरोध हुने स्वभाव धर्म पनि हो ।

## एकारम्मण

चित्त र चैतसिकको समान आरम्मण भएकोलाई एकारम्मण भनिन्छ। अर्थात, चित्तले जुन आरम्मण गर्छ, चैतसिकले पनि त्यही नै आरम्मण गर्छ। चैतसिक धर्म चित्तसँगै एकुत्पाद र एकनिरोध मात्र भएर पुग्दैन, एकारम्मण पनि हुनुपर्छ, किनभने कायविञ्ञति र चित्तविञ्ञति भन्ने चित्तानुपरिवर्ती धर्म चित्तसँगै एकुत्पाद र एकनिरोध पनि हुनसक्छ तर त्यो एकारम्मण हुन सक्दैन। किनकि कायविञ्ञति र वचिविञ्ञति भनेको चित्तज रूप भएकोले अनारम्मण स्वभाव भएको धर्म हो । त्यसैले यसलाई चैतसिक भन्न मिल्दैन । यसप्रकार उपयुक्त सन्देह ती सम्पूर्ण दोषलाई निराकरण गर्नका निम्ति एकुत्पाद, एकनिरोध र एकारम्मण भन्ने लक्षण चैतसिकमा हुनुपर्दछ ।



https://dhamma.digital

## एकवत्थुक

चित्त चैतसिक धर्म उत्पत्ति हुने आधार भइरहेकोलाई वत्थु वा वस्तु भनिन्छ । वत्थु ६ प्रकारका छन्, चक्खुवत्थु, सोतवत्थु, घानवत्थु, जिह्वावत्थु, कायवत्थु र हदयवत्थु । चक्खु, सोत आदि पसादलाई नै वत्थु भनिएको हो । तीमध्ये चित्त जुन वत्थुको आधार लिई उत्पन्न हुन्छ, चैतसिक पनि त्यही वस्तुको आधार लिई उत्पन्न हुन्छ, जस्तै चित्त चक्खुवत्थुको आधार लिएर उत्पन्न हुन्छ भने चेतसिक पनि चक्खुवत्थुकै आधार लिएर उत्पन्न हुन्छ । त्यसैले एकवत्थुक भनिएको हो । एकउत्पाद, एकनिरोध र एकारम्मण यी तीनवटा लक्षणले पूर्ण भएकोलाई नै चैतसिक भनिन्छ, यसमा केही संदेह छैन । त्यसो भएता पनि ती तीनवटा लक्षणले सम्पन्न भएको धर्म पञ्चवोकार भूमिमा[३०] चित्तसँगै एकवत्थुक पनि हुन्छ । त्यसैले चैतसिक धर्म एकवत्थुक भन्ने लक्षणले पनि युक्त भइरहन्छ ।

## १.५. चेतसिक परमार्थ

स्पर्श, आदि चैतसिकका जुन स्वभाव हुन्, त्यो कुनै बेला पनि विपरीत भई वेदनादि स्वभावमा परिवर्तन हुँदैन । स्पर्शले स्पर्शको नै, वेदनाले वेदनाको नै स्वभाव धारण गरिरहन्छ । उत्पत्ति, स्थिति र भङ्ग भनेको तीनवटा क्षणमा पनि स्पर्श आदि चैतसिकको आ-आफनो स्वभाव परिवर्तन नहुने भएकोले चैतसिकलाई परमार्थ भनिएको हो ।

## १.६. चेतसिक ५२ वटा

चैतसिक ५२ प्रकारका छन्, त्यसलाई अञ्ञसमान राशि, अकुशल राशि र शोभन राशि भनि तीन भाग गरी छुट्याइएको छ, जस्तै

| | |
|---|---|
| १. अन्यसमान चैतसिक | १३ वटा |
| २. अकुशल चैतसिक | १४ वटा |
| ३. शोभन चैतसिक | २५ वटा |
| कूल | ५२ वटा |

[३०] जुन भूमिमा पाँच वटा स्कन्ध हुन्छ त्यस भूमिलाई पञ्चवोकार भूमि भनिन्छ, जस्तोकि काम भूमि एवं रूप भूमि । जुन भूमिमा चारवटा स्कन्ध हुन्छ, त्यसलाई चतुवोकार भूमि भनिन्छ, जस्तोकि अरूप भूमि । जुन भूमिमा एउटै मात्र स्कन्ध हुन्छ त्यसलाई एकवोकार भूमि भनिन्छ, जस्तो कि असंज्ञी भूमि ।



https://dhamma.digital

## १.७. परमार्थ धर्मका लक्षणादि चारवटा

चित्त, चैतसिक आदि परमार्थ धर्म सत् रूपले विद्यमान भैरहेको हो, तर त्यसो भए पनि अति गम्भीर भएको कारणले सामान्य ज्ञानद्वारा बुझ्न गाह्रो छ । यथार्थ रूपमा परमार्थ धर्मको स्वरूप अवबोध हुन त्यसको लक्षण, रस, प्रत्युपस्थान एवं पदस्थानलाई थाहा पाउनुपर्ने हुन्छ ।

### लक्षण (लक्खणं)

परमार्थ धर्मको स्वभावलाई थाहा पाउने सङ्केतलाई लक्षण भनिन्छ। लक्षण दुई प्रकारका छन् : (१) सामान्य लक्षण र (२) स्वभाव लक्षण । परमार्थ धर्मको सर्वसाधारण सङ्केतलाई सामान्य लक्षण भनिन्छ। आफू सँग मात्रै सम्बन्ध राख्ने स्वभाव सङ्केतलाई स्वभाव लक्षण भनिन्छ, अर्थात सम्पूर्ण धर्म मात्रमा सम्बन्ध राख्ने सामान्य लक्षण हो, अनि केवल स्व (आफू) सँग सम्बन्ध राख्ने लक्षण स्वभाव लक्षण हो। उदाहरणका लागि रूप्पन लक्षण (परिवर्तन भएर जाने, विकृत भएर जाने) स्वभाव रूपधर्मको हो । सबै प्रकारको रूपधर्मको रूप्पन लक्षण हो। तसर्थ सम्पूर्ण रूप धर्ममा सम्बन्ध भएको कारणले रूप्पन भनेको रूप धर्मको सामान्य लक्षण हो। त्यसरी नै आरम्मण विजानन भनेको केवल चित्तसित मात्र सम्बन्धित भएकोले आरम्मण विजानन लक्षणलाई चित्तको स्वभाव लक्षण भनिन्छ ।

### रस (रसो)

Dhamma.Digital

परमार्थ धर्मले गर्ने कामलाई रस भनिन्छ। रस पनि कृत्य रस र सम्पत्ति रस भनी दुई थरी छन्। परमार्थ धर्मले गर्ने मूल कामलाई कृत्य रस भनिन्छ। कारण सामग्रीको सम्पन्नताले (कारण, प्रत्यय समुदय भएर) उत्पन्न हुने कर्मलाई सम्पत्ति रस भनिन्छ।

### प्रत्युपस्थान (पच्चुपट्ठानं)

परमार्थ धर्मको आकारलाई प्रत्युपस्थान भनिन्छ। बारम्बार ज्ञानले विचार गरिरहँदा साधकको ज्ञानमा प्राप्त हुने, देखिने गरी आउने अथवा ‘यो धर्म यस्तो स्वभावको रहेछ’ भनि साधकको ज्ञानमा देखिन आउने परमार्थ धर्मको स्वभाव वा आकारलाई प्रत्युपस्थान भनिन्छ। प्रत्युपस्थान पनि फलपच्चुपट्ठान



https://dhamma.digital

र उपट्ठानाकार पच्चुपट्ठान गरी दुई प्रकारका छन् । फलप्रत्युपस्थान भनेको कृत्य रसको कारणले उत्पन्न हुने फल हो, जस्तोकि कुनै काम गर्दा त्यसको कुनै फल प्राप्त हुन्छ । उपस्थानाकार प्रत्युपस्थान भनेको ज्ञानले विचार गर्दाको बखतमा देखिने गरी आउने आकार हो, जस्तोकि व्यक्तिलाई राम्ररी विचार गरी हेर्दा उसको स्वभावलाई राम्ररी चिनिन्छ ।

**पदस्थान (पदट्ठानं)**

परमार्थ धर्म उत्पत्ति हुने मूल कारण अथवा सबैभन्दा नजिक परेको कारण (आसन्न कारण) लाई पदस्थान भनिन्छ । कारण दुई प्रकारका छन्: आसन्न कारण एवं दूर कारण । यहाँ आसन्न कारणलाई पदस्थान भनिन्छ ।

## अभ्यास प्रश्न

१) तीन प्रकारका देशना भनेको के-के हुन् ? त्यसमध्ये अभिधर्म कस्तो प्रकारको देशना हो ?

२) चैतसिक भनेको के हो ? परिचय दिनुहोस् ।

३) चैतसिकलाई कति प्रकारले विग्रह गरी देखाइएको छ ? अर्थ स्पष्ट गरी देखाउनुहोस् ।

४) चित्तमा चैतसिक स्थित भइरहेको छ र ? किन ?

५) चित्त र चैतसिकको के कस्तो सम्बन्ध छ ?

६) चैतसिक अप्रधान, चित्त प्रधान हो भन्ने कुरा उदाहरण सहित स्पष्ट गरी देखाउनुहोस् ।

७) १२१ प्रकारका चित्त आरम्मण विजानन लक्षण अनुसार एउटै नै भए ५२ प्रकारका चैतसिक पनि एउटै नै हो र ? किन ?

८) चैतसिकका लक्षण कति वटा छन् ? त्यसमध्ये एउटा दुईवटा मात्र लक्षणले युक्त भएको धर्मलाई चैतसिक भन्न मिल्छ ? किन ?

९) चैतसिकलाई किन परमार्थ धर्म भनिएको हो ?

१०) ५२ वटा प्रकारका चैतसिकलाई कति भागमा विभाजन गरिएको छ, छुट्याएर देखाउनुहोस् ।

११) परमार्थ धर्मका चारवटा लक्षणादि भनेको के-के हुन्, व्याख्या गर्नुहोस् ।



https://dhamma.digital

# २. अन्यसमान चैतसिक

## परिचय

"अञ्ञेसं समाना अञ्ञसमाना" जुन चैतसिक कुनै अर्को चैतसिकसँग समान हुन्छ, त्यसलाई अन्यसमान चैतसिक भनिन्छ । अकुशल चैतसिक अकुशल नै भइरहन्छ, कुशलसँग मिल्दैन । त्यसरी नै कुशल चैतसिकको स्वभाव पनि कुशल नै भइरहन्छ, अकुशलसँग मिल्न जाँदैन । तर अन्यसमान चैतसिक कुशल धर्मसँग सम्बद्ध हुँदा कुशल स्वभाव भइरहन्छ, अकुशल धर्मसँग सम्बद्ध हुँदा अकुशल स्वभाव नै हुन्छ । अन्य धर्मसँग मिल्दा अन्य स्वभाव नै हुने कारणले गर्दा स्पर्श, वेदना आदि चैतसिकलाई अन्यसमान चैतसिक भनिन्छ ।

अन्यसमान चैतसिक १३ प्रकारका छन् । तिनलाई दुई भाग गरी विभाजन गरिएको छ –

१) सब्बचित्तसाधारण चैतसिक ७ वटा

२) पकिण्णक चैतसिक ६ वटा

## क. सब्बचित्तसाधारण (सर्वचित्तसाधारण) चैतसिक

सम्पूर्ण प्रकारको चित्तमा मिल्न सक्ने अथवा १२१ प्रकारका चित्तमा मिलेको चैतसिकलाई सर्वचित्तसाधारण चैतसिक भनिन्छ । स्पर्श, वेदना, आदि सातवटा चैतसिकहरू सम्पूर्ण प्रकारको चित्तमा सदा सर्वदा सम्प्रयुक्त भईरहन्छ । स्पर्श आदि चैतसिक बिना कुनै पनि चित्त उत्पन्न हुन सक्दैन । समान रूपले धारण गर्नुलाई साधारण भनिन्छ । सम्पूर्ण प्रकारका चित्तलाई यी सातवटा चैतसिकले समान रूपले धारण गर्ने भएकोले सर्वचित्तसाधारण चैतसिक भनिएको हो । सर्वचित्तसाधारण चैतसिक सातवटा तल लेखिए अनुसार छन्–

### १) फस्स (स्पर्श)

जुन धर्मले आरम्मणलाई स्पर्श गर्छ, त्यसलाई फस्स भनिन्छ अथवा जुन धर्मद्वारा चित्त चैतसिक धर्मले आरम्मणलाई स्पर्श गर्छ, त्यसलाई फस्स भनिन्छ । जसरी ताली बजाउँदा दुवै हात मिल्ने हो, त्यस्तै नै चित्त र



https://dhamma.digital

आलम्बनको मिलनलाई फस्स भनिन्छ । तर फस्स चैतसिक दुईवटा रूप धर्ममा जुटे जस्तै सङ्घट्टन हुने जस्तै हुँदैन । परन्तु कुनै एउटा आरम्मणमा त्यसको स्वभावको संस्पर्शलाई नै फस्स भनिन्छ । अरूले अमिलो खाएको देख्दा आफूले नखाए पनि आरम्मणमा स्पर्शले सङ्घट्टन गर्ने भएकोले आफ्नो मुख रसिएर आउनु, रूखको माथि बसिरहेको मानिस देखेर तल बस्नेको खुट्टा थरथर काम्नु, आदि फस्सका उदाहरणहरू हुन् ।

## लक्षणादि चार

**लक्षण** : आरम्मणलाई स्पर्श गर्नु नै यसको लक्षण हो ।

**रस :** आरम्मण र चित्तलाई सम्बन्ध राखिदिने यसको काम हो ।

**प्रत्युपस्थान :** यसको आकार हो इन्द्रिय, विषय एवं विज्ञानको सन्निपात भएर उत्पत्ति हुनु, अथवा चक्षुवस्तु, श्रोतवस्तु आदि इन्द्रिय, रूपालम्बन, शब्दालम्बन आदि विषय र चक्षुविज्ञान, श्रोतविज्ञान आदि विज्ञान यी तीनवटा मिल्यो भने (त्रिकसन्निपात भएमा) उत्पन्न हुने यो धर्म हो ।

**पदस्थान :** कारण सामग्री मिलेर रूपादि आरम्मणको अवभास भएमा फस्स उत्पन्न हुन्छ । त्यसैले अवभासित आरम्मण नै यसको आसन्नकारण हो । अथवा स्पर्श उत्पन्न हुनुको नजीकको कारण आरम्मण नै हो ।

## २) वेदना

वेदनाको अर्थ अनुभव हो । सुख, दुख, असुखअदुःखका अनुभव नै वेदना हो । जुन धर्मले आरम्मणमा इष्टाकार (मनपर्ने), अनिष्टाकार (मननपर्ने) र मध्यस्थाकार (मध्यस्थ भएको), यसरी तीन आकार मध्ये एउटा न एउटा आकार भई नै रहन्छ । यसलाई नै आरम्मणको रस भनिन्छ । चित्तको आश्रय लिई आरम्मणको रस (स्वाद) अनुभव गर्ने चैतसिकलाई वेदना भनिन्छ ।

आरम्मणको रस र आरम्मण भनिने अभिन्न हुन् । आरम्मण नै त्यसको रस हो । यस्तो परिस्थितिमा स्पर्श, आदि धर्मले पनि आरम्मण ग्रहण गर्दा आरम्मणको रस अनुभव नगर्ला र ?

स्पर्श, आदि धर्मले आरम्मणको रसलाई केही कुनै भाग मात्र अनुभव गर्छ अथवा केही मात्रामा अनुभव गर्छ, तर वेदनाले सम्पूर्ण रूपले अनुभव गर्छ । जस्तैकि कुनै राजाको भान्छेले नाना प्रकारका व्यञ्जन बनाई राजालाई



https://dhamma.digital

रोज भोजन दिन लान्छ । त्यसमा केही विष राखेर ल्याएको छ कि भन्ने शंका नबनाउन राजाको अगाडि बसी उसले सबै प्रकारको व्यञ्जन अलि-अलि खाएर देखाउँछ । त्यसपछि केही संदेह भएन भने राजाले भोजन गर्छन् । यो उपमा स्पर्श आदि चैतसिक अलि-अलि लिएर खाने मान्छे जस्तै हो, अनि वेदना चैतसिक सम्पूर्ण स्वाद लिई भोजन गर्ने राजा जस्तै हो । कारण त्यो अलिकति मात्र खाने मान्छेले भोजनको स्वाद राजाले जस्तै पूर्ण रूपले लिन सक्दैन ।

## लक्षणादि चार

**लक्षण :** अनुभूति यसको लक्षण हो ।

**रस :** आरम्मणको रसलाई अनुभव गर्ने यसको काम हो ।

**प्रत्युपस्थान :** चित्तको आधार लिई आरम्मणमा स्वाद लिने स्वभाव भएको यो धर्म हो ।

**पदस्थान :** कायप्रश्रब्धि एवं चित्तप्रश्रब्धि कुशल सौमनस्य वेदनाको आसन्न कारण हो ।

## ३) सञ्ञा (संज्ञा)

आरम्मणलाई चिनिराख्ने, सम्झीराख्ने स्वभावलाई सञ्ञा भनिन्छ अथवा जुन धर्मले आरम्मणलाई रातो, नीलो, सेतो, कालो, ह्रस्व, दीर्घ, स्त्री, पुरूष इत्यादि रूपले चिन्ने मात्र काम गर्छ, त्यसलाई सञ्ञा भनिन्छ ।

तीन प्रकारले चिन्न सकिन्छ

१. सञ्ञाले चिन्ने

२. विज्ञानले चिन्ने

३. प्रज्ञाले चिन्ने

चाहे मिथ्या होस् चाहे सत्य, केवल नील पीतादि भेद चिन्ने थाहा पाउने मात्र संज्ञाको काम हो । संज्ञाद्वारा चिन्दा यो मिथ्या, यो सत्य भनी छुट्याउन सकिँदैन । दुवै आँखा नदेख्ने मानिसले हात्तीको खुट्टा छुँदा 'यो खम्बा हो' भन्छ, फेरि हात्तीको कान छुँदा 'यो नाङ्लो हो' भन्छ । यसरी चिनेको संज्ञाद्वारा चिनेको हो । विज्ञानले आरम्मणलाई ग्रहण मात्र गर्दछ । यसरी आरम्मणलाई ग्रहण गर्नु विज्ञानद्वारा चिनेको हो । प्रज्ञाद्वारा चिन्दाखेरी मिथ्या



https://dhamma.digital

नभई सत्य रूपले चिनिन्छ। प्रज्ञाले यो मिथ्या, यो सत्य भनी छुट्याउन सक्ने भएकोले संज्ञा र विज्ञानले चिन्ने भन्दा यसले विशेष रूपले चिन्दछ ।

**एउटा उदाहरण छः** एकजना बच्चाले खेलिरहँदा सुन एक टुका भेटे । बच्चालाई सुन भनी थाहा थिएन । उसले आमाचाहिँलाई भन्यो । आमाले सुन चिन्यो, तर असल र कमसल केही थाहा थिएन। अनि सुवर्णकारकहाँ देखाउन लग्यो । सुवर्णकारलाई असल-कमसल आदि सबै प्रकारले यथार्थ रूपले राम्ररी थाहा छ । यस उपमामा बच्चा, आमा र सुवर्णकारले सुन चिनेको भनेको क्रमशः संज्ञा, विज्ञान र प्रज्ञाले थाहापाउने जस्तै हो ।

## लक्षणादि चार

**लक्षणः** आरम्मणलाई चिन्नु यसको लक्षण हो ।

**रसः** पहिलेको संज्ञा (अभिज्ञान) द्वारा ती-ती वस्तुलाई पुनः चिन्ने (प्रत्यभिज्ञान गर्नु) यसको काम हो । यसप्रकार संज्ञाले पुनः पुनः चिन्दै जाँदा भविष्यमा संज्ञा झन् बलियो भएर आउँछ । यसरी नै चिन्दै जाँदा संज्ञाद्वारा कहिं कतै मिथ्याभिनिवेश भयो भने वा गलत रूपमा चिनियो, नमिल्ने रूपमा चिनियो भने भविष्यमा त्यो दृढ हुँदै जान्छ। यसरी संज्ञाद्वारा मिथ्याभिनिवेश भएकाहरूलाई सम्यक् बोध गराउन तथागतलाई समेत गाह्रो हुने कुरा बताइएको छ।

**प्रत्युपस्थानः** यसको आकार हो ग्रहण भइसकेको आरम्मणको निमित्तलाई वा अवस्थालाई अभिनिवेश गर्ने (चिन्ने) स्वभाव ।

**पदस्थानः** जे जस्तो प्रकारले अगाडी आउने आरम्मण नै यसको आसन्न कारण हो ।

## ४) चेतना

जुन धर्मले आफू र सम्प्रयुक्त धर्मलाई आरम्मणमा मिलाउन लान्छ त्यसलाई चेतना भनिन्छ। चेतना भनेको जागृतभैरहनु ननिदाइकन बिउँझीरहनु जस्तै होसमा हुनुलाई भनिन्छ। यसले नाम धर्मलाई कार्य क्षेत्रमा अगाडि लगी काम गर्न प्रबन्ध गरिदिन्छ, प्रेरणा दिन्छ, जागृत गरिदिन्छ ।

## लक्षणादि चार

**लक्षणः** चेतनात्व (जागृत रहने) यसको लक्षण हो ।



https://dhamma.digital

**रसः** आफू स्वयं उत्साहित भएर सम्प्रयुक्त धर्मलाई उत्साहित गरिदिने यसको काम हो । जस्तोकि प्रधान शिष्य हुनेले टाढैबाट आचार्य आएको देख्यो कि आफू पनि पढ्न शुरू गर्छ अरू विद्यार्थीहरूलाई पनि पढ्न प्रेरणा दिन्छ । उसले पढ्न शुरू गऱ्यो कि अरू विद्यार्थीहरूले पनि पढ्न शुरू गर्छ । यसप्रकार नै चेतनाले पनि आफू स्वयं आरम्मणमा प्रवृत्त भएर काम गर्छ, अनि चित्त चैतसिक धर्मलाई पनि आरम्मणमा प्रवृत्त गराई काम गराउँछ । चेतनाले आफ्नो काम प्रारम्भ गऱ्यो कि सम्प्रयुक्त धर्मले पनि काम गर्न शुरू गर्छ ।

**प्रत्युपस्थानः** चेतना भनेको सम्प्रयुक्त धर्मलाई आरम्मणमा नियोजित गर्ने वा युक्त गर्ने, नियुक्त गर्ने धर्म हो । यसप्रकार साधकको ज्ञानमा बोध हुन्छ ।

**पदस्थान :** पञ्चस्कन्धमा चेतना संस्कारस्कन्ध अन्तर्गत पर्दछ । रूपस्कन्धलाई छोडी बाँकी रहेका अन्य तीनवटा नामस्कन्ध (वेदनास्कन्ध, संज्ञास्कन्ध र विज्ञानस्कन्ध) यसको आसन्न कारण हो ।

चित्त चैतसिक धर्मलाई उत्साहित गरी काम गराउन चेतना प्रधान प्रबन्धक हो । कुशल, अकुशल काय, वची, मनोकर्म उत्पन्न हुनमा चेतना नै प्रधान कारण हो । त्यसैले भगवान् बुद्धले यस्तो आज्ञा गर्नुभयो, "चेतनाहं भिक्खवे ! कम्मं वदामि, चेतयित्वा कम्मं करोति कायेन वाचाय मनसा", अर्थात् भिक्षुहरू मैले चेतनालाई नै कर्म भनिरहेको छु । मैले यस्तो गर्छु भनी विचार गरेर नै पुद्गलले कायद्वार, वचीद्वार, मनोद्वारले काम (कर्म) गर्छ । यो वचन अनुसार चेतना सहितको अथवा 'म यस्तो गर्छु' भनी होस्पूर्वक जानीजानी गरेको कर्मको मात्रै फल वा विपाक हुन्छ, अन्यथा चेतना नभएको कर्मको फल हुँदैन । लोकमा सम्पूर्ण सत्व प्राणीहरू चेतना भन्ने कर्म धातुबाट नै उत्पन्न भएर आइरहेका हुन् ।

### ५) एकग्गता (एकाग्रता)

जसको एउटै मात्र आरम्मण हुन्छ, त्यसलाई एकाग्र भनिन्छ । एकाग्रभावलाई नै एकाग्रता भनिन्छ । हावा नभएको ठाउँमा बालिएको दियो अलिकति पनि नचली प्रज्वलित भइरहने जस्तै एउटै आरम्मणमा चित्तलाई स्थिर गरिराख्ने स्वभावलाई एकग्गता भनिन्छ । तर चित्त एकाग्र हुन्छ भन्नाले



https://dhamma.digital

चित्त आरम्मणमा अलिकति पनि नचलिकन चुप लागेर बसिरहन्छ भन्ने होइन, परन्तु एउटै आरम्मणमा चित्तको निरन्तर प्रवाह हो । एकाग्रतालाई समाधि पनि भनिन्छ । एकालम्बनता रूपी एकाग्रता नै समाधि हो । प्रत्येक चित्तमा एकाग्रता सम्प्रयुक्त भएकोले सम्पूर्ण प्रकारको चित्तमा पनि क्षणिक समाधि हुन्छ । क्षणिक मात्र भएपनि आरम्मणमा चित्त एकाग्र नभइकन आरम्मण ग्रहण हुँदैन । एकाग्रता चैतसिक बलियो भैसकेपछि मात्र समाधि बलियो भएर आउँछ ।

### लक्षणादि चार

**लक्षणः** अविसार (अव्यग्रता, स्थिरता वा अविक्षिप्तता) यसको लक्षण हो । विचिकित्सा र औद्धित्यलाई विसार भनिन्छ । त्यसको विपरीत यसको लक्षण हो ।

**रसः** चित्त चैतसिक धर्मलाई आरम्मणमा एकत्रित वा एकाग्र गर्ने यसको काम हो । जसरी पिठोलाई पानीले डल्लो बनाउँछ (पिण्ड बनाउँछ), त्यसरी नै एकाग्रताले सम्प्रयुक्त धर्मलाई आरम्मणमा एकत्रित गर्दछ ।

**प्रत्युपस्थानः** यो शान्त (उपसम) स्वभाव भएको धर्म हो, यसप्रकार साधकको ज्ञानमा प्रकट हुन्छ ।

**पदस्थान :** सुखभाव यसको आसन्न कारण हो । सुखी पुरुषको समाधि बलवान हुन्छ ।

### ६) जीवितिन्द्रिय

जसले सहजात धर्मलाई बचाइराख्छ, जीवित गरीराख्छ, त्यसलाई ‘जीवित’ भनिन्छ । यो जीवितको सहजात धर्मलाई बचाइ राख्नमा आधिपत्य (अधिकार) भएकोले यसलाई इन्द्रिय भनिन्छ । जीवित र इन्द्रिय दुई शब्द मिलेर जीवितिन्द्रिय भयो । त्यसैले सम्प्रयुक्त धर्मलाई जीवित गर्नुमा वा अनुपालन गर्नमा आधिपत्य भएको चैतसिकलाई जीवितिन्द्रिय भनिन्छ । जीवितिन्द्रिय चैतसिक सम्पूर्ण धर्मको प्राण हो । उष्म (तातो) र विज्ञानका आधारमा रहिरहेको त्रैधातुक आयु नै जीवितिन्द्रिय हो । (त्रैधातुक आयु = आयु, उष्म र विज्ञान) जीवितिन्द्रियको कारणले हाम्रो शरीर मृत देह भन्दा भिन्न भइरहेको हो । जीवितिन्द्रिय दुई प्रकारका छन् – नाम जीवितिन्दिय्र र रूप जीवितिन्दिय्र ।



https://dhamma.digital

**नाम जीवितिन्द्रियः** यसले सहजात नाम धर्मलाई पालन गर्छ ।

**रूप जीवितिन्द्रियः** यसले सहोत्पन्न कर्मज र चित्तज रूपलाई पालन गर्छ ।

## लक्षणादि चार

**लक्षणः** सहोत्पन्न नाम एवं रूप धर्मलाई अनुपालन गर्ने यसको काम हो । पोखरीमा फक्रिरहेको कमलको फूललाई पानीले रक्षा गर्ने जस्तै जीवितिन्द्रियले सहजात धर्मलाई रक्षा गर्छ । जसरी धाइआमाले अरूले जन्माएका बच्चालाई पालन गर्छ, त्यसरी नै जीवितिन्द्रियले आरम्मण प्रत्यय, कर्म प्रत्यय आदि हेतु प्रत्ययद्वारा उत्पन्न भएका नामरूप धर्मलाई अनुपालन गर्छ ।

**रसः** सहजात धर्मलाई उत्पत्ति भएदेखि भङ्ग नभएसम्म प्रवर्तन गरिराख्ने यसको काम हो । सहजात धर्मलाई उत्पत्ति र भङ्ग गर्नमा जीवितिन्द्रियको कुनै हात हुँदैन । यसले केवल पालन वा आरक्षा मात्र गर्दछ ।

**प्रत्युपस्थानः** सहजात धर्मलाई त्यसको उत्पत्ति देखि भङ्ग नभएसम्म अवस्थित गराइराख्ने (उपस्थित गराइराख्ने वा रक्षा गरिराख्ने) यो धर्म हो, यसरी साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थानः** आफूले रक्षा गरिराखेको सहजात धर्म नै यसको आसन्न कारण हो ।

**एउटा प्रश्न :** सहजात नाम रूप धर्मलाई जीवितिन्द्रियले पालन गर्छ भने जीवितिन्द्रियलाई कसले पालन गर्छ ?

**उत्तर :** जसरी माझीले डुङ्गामा राखेर अरू व्यक्तिहरूलाई नदी पार लग्दा आफू स्वयं पनि नदी पार हुन्छ, त्यसरी नै जीवितिन्द्रियले सहजात नाम धर्मलाई पनि आफूलाई पनि स्वयं आफैले पालन गर्दछ ।

## ७) मनसिकार

जुन धर्मले आरम्मणलाई चित्तमा ल्याइदिन्छ फेरि चित्त चैतसिकलाई आरम्मणको अगाडी लगीदिन्छ त्यसलाई मनसिकार भनिन्छ । जसरी सारथीले घोडालाई आफू जानुपर्ने ठाउँमा सोझ्याउँछ, (गन्तव्यमुख गर्छ) त्यस्तै नै मनसिकारले सम्प्रयुक्त धर्मलाई आरम्मणको अगाडी लान्छ अथवा आफुलाई



https://dhamma.digital

मनपर्ने आरम्मण चित्तमा बारम्बार उत्पन्न गराइदिन्छ ।

त्रिविध मनसिकार –

मनसिकार तल लेखिएको अनुसार तीन प्रकारको हुन्छ –

**१) वीथिप्रतिपादक मनसिकारः** यसले वीथिचित्तको सन्ततिलाई आरम्मणमा उत्पन्न गरिदिन्छ।

**२) जवनप्रतिपादक मनसिकारः** यसले जवनचित्त सन्ततिलाई आरम्मणमा उत्पन्न गरिदिन्छ। यो मनसिकार पनि दुई थरि छन्: (क) योनिसो मनसिकार (ठीक रूपले विचार गर्नु) र (ख) अयोनिसो मनसिकार (बेढंग, बेठीक रूपले विचार गर्नु)। यी जवनप्रतिपादक मनसिकारका कारणले कुशल अकुशल कर्म उत्पन्न हुन्छ।

यहाँ वीथिप्रतिपादक मनसिकार र जवनप्रतिपादक मनसिकार भनेको क्रमशः पञ्चद्वारावर्जन चित्त र मनोद्वारावर्जन चित्त नै हो। त्यसैले यो दुवै मनसिकार चैतसिक होइन ।

**३) आरम्मण प्रतिपादक मनसिकार :** आरम्मणलाई चित्तमा उत्पन्न गरिदिने मनसिकारलाई आरम्मण प्रतिपादक मनसिकार भनिन्छ। यो नै मनसिकार चैतसिक हो।

## लक्षणादि चार

**लक्षण :** सम्प्रयुक्त धर्मलाई आरम्मणको अगाडि राखिदिने यसको लक्षण हो।

**रस :** सम्प्रयुक्त धर्मलाई आरम्मणमा जोडिदिने, मिलाइदिने यसको काम हो। मनसिकार चैतसिकको कारणले नै सम्प्रयुक्त धर्म निरालम्बन भएर (विना आरम्मण) बस्न नसकेको हो।

**प्रत्युपस्थान :** सम्प्रयुक्त धर्मलाई आरम्मणको अगाडि राखिदिने स्वभाव भएको यो धर्म हो– यसरी साधकको ज्ञानमा अवभाषित हुन्छ।

**पदस्थान :** आरम्मण नै यसको आसन्न कारण हो।

सर्वचित्तसाधारण चैतसिक समाप्त।



https://dhamma.digital

## २. पकिण्णक (प्रकीर्णक) चैतसिक

यता उताको चित्तमा मिलेको चैतसिकलाई पकिण्णक चैतसिक भनिन्छ । **प**=यता उताको सँग, **किण्ण=** मिसिएको, **क**को अर्थ छैन । सम्पूर्ण प्रकारको चित्तसँग समान रूपले नमिली उताको चित्तमा एकचोटी यताको चित्तमा एकचोटी मिल्न जाने चैतसिकलाई पकिण्णक भनिन्छ । पकिण्णक चैतसिक ६ प्रकारका छन् । यसको वर्णन तल लेखिएको अनुसार छ ।

### १) वितक्क (वितर्क)

जुन धर्मले आरम्मणको विषयमा तर्क गर्छ, वितर्क गर्छ, त्यसलाई वितक्क भनिन्छ। आरम्मणमा अनेक तरहको कल्पना चिन्तना गर्ने स्वभावलाई वितक्क भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** सम्प्रयुक्त धर्मलाई आरम्मणमा आरोपित (प्रतिस्थित) गर्ने यसको लक्षण हो । जस्तै कुनै ग्रामीण पुरूष राजप्रसादको भित्र जाने इच्छा गरे भने कुनै राजवल्लभ (राजाका प्रिय पात्र)को सहायता नलिई प्रवेश हुन सक्दैन । यस्तै रूपले सम्प्रयुक्त धर्मले वितर्कको आश्रय लिई आरम्मणमा आरोहण गर्छ । यो उपमामा सम्प्रयुक्त धर्म ग्रामीण पुरूष समान, वितर्क राजवल्लभ समान, अनि आरम्मण राजप्रसाद समान हो । वितर्क बलवान् भइरहेको पुरूषलाई राती राम्ररी निद्रा लाग्दैन, किनभने वितर्कद्वारा सम्प्रयुक्त धर्मलाई नयाँ-नयाँ आरम्मणमा आरोहित गराउने भएकोले उनको चित्तमा नाना प्रकारको विकल्प उत्पन्न भई रहन्छ। जसरी वितर्कले सम्प्रयुक्त धर्मलाई आरम्मणमा आरोहित गराउँछ त्यसरी नै सम्प्रयुक्त धर्मले पनि वितर्कलाई आरम्मणमा आरोहित गर्छ ।

**रस :** आहन (प्रथम बार विमर्श गर्नु) एवं पर्याहन (पुनः पुनः विमर्श गर्नु) वा आरम्मणलाई पुनः पुनः मनन गर्ने यसको काम हो । पृथ्वी कसिण भावना गर्दा पृथ्वी, पृथ्वी भनी पहिले सम्झिन्छ अनि त्यसपछि मात्र फेरि त्यही-त्यही पुनः सम्झेर पर्याहन गर्छ । यसै प्रकारले लौकिक आरम्मणमा कामगुणलाई पुनः पुनः सम्झिरहनु यसको कृत्य (काम) हो ।

**प्रत्युपस्थान :** आरम्मणमा पुग्नको निम्ति चित्तलाई धारण गरिराख्ने



https://dhamma.digital

स्वभाव भएको यो धर्म हो भनी साधकको ज्ञानमा अवभाषित हुन्छ । आरम्मणमा चित्तलाई अभिमुख आकर्षण गर्नु यसको आकार हो ।

**पदस्थान :** यसको पदस्थान अट्ठकथामा वर्णन गरिएको छैन । कसैले आरम्मण नै यसको पदस्थान भने, त कसैले यसको पदस्थान चित्त हो भनको छ ।

**अवितर्क धर्मद्वारा आरम्मण ग्रहण –**

**प्रश्नः** सम्प्रयुक्त धर्मले वितर्कको आधार लिई आरम्मणमा आरोहण गर्छ भने वितर्कसँग नमिलेको द्विपञ्चविज्ञान एवं द्वितीय, तृतीय ध्यान आदि धर्म आरम्मणमा कसरी प्रवेश हुन्छ ?

**उत्तरः** द्वितीय, तृतीय ध्यान धर्म आरम्मणमा उपचार भावनाको बलले प्रवेश हुन्छ । द्विपञ्चविज्ञान रूपालम्बन आदिमा चक्षुप्रसाद रूपमा सङ्घट्टन हुने इत्यादिको बलले आरम्मणमा प्रवेश हुन्छ । वस्तुतः चित्त स्वयं चित्तमा नित्य सम्प्रयुक्त हुने मनसिकार चैतसिकको सहायता लिई आरम्मणमा पुग्न जान सक्छ ।

**चेतना, मनसिकार र वितक्कमा भिन्नता**

वितक्क भनेको सम्प्रयुक्त धर्मलाई आरम्मणमा प्रक्षेपण गर्ने वाला जस्तै हो । चेतना भनेको सम्प्रयुक्त धर्मलाई आरम्मणमा नियुत्त गर्ने तथा आफू पनि आरम्मण ग्रहण गर्ने खालको हो । मनसिकारले सम्प्रयुक्त धर्मलाई आरम्मणको अगाडी सोभ्याइदिन्छ । त्यसैले मनसिकार घोडालाई सोझो लाने, तालीम गराउने सारथी जस्तै हो । वितक्कले सम्प्रयुक्त धर्मलाई आरम्मणमा आरोपित गर्छ । वितर्कद्वारा आरूढ धर्मलाई चेतनाले आरम्मणमा संयोग गरिदिन्छ । मनसिकारले सम्प्रयुक्त धर्मलाई आरम्मण तिर ऋजु गरी (सोभ्याई) दिन्छ ।

## २) विचार

आरम्मणमा पुनः पुनः विचरण गर्ने स्वभावलाई विचार भनिन्छ। अर्थात आरम्मणमा चित्तलाई विचरण गराउने स्वभाव धर्मलाई विचार भनिन्छ ।

**लक्षणादि चार**

**लक्षण :** आरम्मणलाई चारैतर्फबाट अनुमज्जन (परिमार्जन) गर्ने यसको लक्षण हो । वितर्कद्वारा आरूढ सम्प्रयुक्त धर्मलाई आरम्मणबाट नहटाई



https://dhamma.digital

आरम्मणको छेउछाउ यता-उता घुमिरहने वा चारैतिर चक्कर लगाउनुलाई अनुमज्जन भनिन्छ ।

**रस :** सहोत्पन्न सम्प्रयुक्त धर्मलाई आरम्मणमा बारम्बार योग गरी (मिलाएर) दिनु यसको काम हो ।

**प्रत्युपस्थान :** ग्रहण गरिएको आरम्मणमा चित्त सन्ततिलाई विच्छेद नहुनका निम्ति प्रबन्ध गर्ने वा चित्त सन्ततिलाई गृहीत आरम्मणमा मात्र पारिराख्ने यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा उदय हुन्छ ।

**पदस्थान :** यसको आसन्न कारण चित्त हो ।

## वितक्क र विचारमा अन्तर –

वितर्कले सम्प्रयुक्त धर्मलाई आरम्मणमा प्रतिष्ठित वा आरोपित गर्छ । विचारले त्यही आरम्मणलाई परिमार्जन गर्छ । वितर्कले थिनमिद्ध (आलस्य) लाई प्रहाण गर्छ । विचारले विचिकिच्छालाई प्रहाण गर्छ । वितर्कले स्थूल रूपबाट आरम्मण ग्रहण गर्छ । विचारले सुक्ष्म रूपबाट आरम्मण ग्रहण गर्छ । जस्तै घन्टी बजाउँदा पहिले निस्केको आवाज वितक्क समान हो, अनि पछि सम्म गुञ्जीरहने आवाज विचार समान हो ।

## ३) अधिमोक्ख (अधिमोक्ष)

आरम्मणमा प्रवेश भई त्यसलाई निश्चय गर्नुलाई अधिमोक्ष भनिन्छ । आरम्मणमा नअल्मलिएर चाहे मिथ्या होस्, चाहे सत्य, त्यसमा दृढतापूर्वक निश्चिन्त हुने स्वभावलाई अधिमोक्ष भनिन्छ । यसको कारणले नै पाणातिपात आदि अकुशल कर्म, फेरी पाणातिपाता विरति, आदि सुचरित कर्म भएको हो ।

## लक्षणादि चार

**लक्षण :** दृढ निश्चय गर्नु वा निश्चयमा पुग्नु यसको लक्षण हो ।

**रस :** आरम्मणमा सन्देह नभई निश्चित गर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** यो विनिश्चय गर्ने धर्म हो :- यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** निश्चित गर्ने धर्म नै यसको आसन्न कारण हो, अर्थात् गोचरभूत निर्णीत धर्म यसको समीप कारण हो ।



https://dhamma.digital

## ४) वीरिय (वीर्य)

वीरताको भावलाई नै वीर्य भनिन्छ । वीर्यको अर्थ उत्साह, पराक्रम, उद्योग हो ।

## लक्षणादि चार

**लक्षण :** कुशल कार्यमा उत्साह वा उद्योग यसको लक्षण हो । दुःख भएको अवस्थामा सहन सक्नुलाई नै उत्साह भनिन्छ ।

**रस :** सम्प्रयुक्त धर्मलाई उपस्तम्भ भइदिने, सहारा दिने, उत्साहित गर्ने यसको काम हो । भत्किन लागेको घरलाई काठको खम्बाले सहारा दिन्छ । त्यसरी नै वीर्यरूपी खम्बाले सहारा दिएको सम्प्रयुक्त धर्म कुशलकर्मबाट च्युत हुँदैन ।

**प्रत्युपस्थान :** यो कुशल कर्ममा उत्साहित भएर निसंकोच भावले प्रकट हुने धर्म हो : यसप्रकार साधकको ज्ञानमा उदय भएर आउँछ ।

**पदस्थान :** संवेग उत्पन्न हुने यसको आसन्न कारण हो । जाति, जरा, व्याधि, मरण, अपायगति, आदि विचार गर्दा भय उत्पन्न हुने, उद्विग्न भाव उत्पन्न हुने अथवा विरक्त हुनेलाई संवेग भनिन्छ ।

## ५) पीति (प्रीति)

जसले काय एवं चित्तलाई तृप्त गर्छ, वृद्धि गर्छ, प्रसन्न गर्छ, प्रमुदित र प्रफुल्ल गर्छ त्यसलाई पीति भनिन्छ । यो आरम्मणमा अनुरक्त हुने स्वभाव धर्म हो । यसले व्यापाद भन्ने नीवरणलाई प्रहाण गर्छ । पीति उत्पन्न हुनासाथ चित्तधातु फकिएर आएको फूल जस्तै प्रफुल्ल हुन्छ । यो प्रफुल्ल चित्तले उत्पन्न भएको प्रणीत चित्तज रूप सम्पूर्ण शरीरमा व्याप्त हुँदा सम्पूर्ण शरीर तृप्त हुन्छ । जसरी मरूभूमिमा गईरहेको तिर्खाएको धेरै थाकेको व्यक्तिले बाटोमा भेटेका कुनै एकजनासँग उता पानी छ त भनी सोध्दा त्यहाँ ठूलो पोखरी छ भन्ने खबर थाहा पाएपछि उ एकदमै रमाउँछ । त्यस्तै फेरी दुई चार पाइला उता गइसकेपछि कुनै एकजनाले पानी ल्याइरहेको देखी त्यहाँ साँच्चै पोखरी रहेछ भनी मन अत्यन्त प्रसन्न हुन्छ । यस्तै प्रकारले कैयौं साधकको आरम्मणमा पीति उत्पन्न हुँदा उसको चित्तमा तृप्ति, प्रसन्नता एवं स्फूर्तिको अनुभव हुन्छ ।



https://dhamma.digital

## लक्षणादि चार

**लक्षण :** आरम्मणमा अनुरक्त हुने वा आरम्मणलाई राम्ररी प्रेम गर्नु यसको लक्षण हो ।

**रस :** काय र चित्तलाई तृप्ति वा वृद्धि गर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** यो चित्तलाई गद्गद् वा प्रफुल्ल गर्ने धर्म हो : यसप्रकार साधकको ज्ञानमा उदय हुन्छ ।

**पदस्थान :** यसको आसन्न कारण चित्त हो ।

## पाँच प्रकारका प्रीति

१) **क्षुद्रिका प्रीति** : शरीरमा पुलकरोमाञ्च (लोम हर्ष) मात्र हुने प्रीति ।

**२) क्षणिका प्रीति :** क्षण क्षणमा बिजुली चम्कने जस्तै उत्पन्न हुने प्रीति ।

**३) अवक्रान्तिका प्रीति :** समुद्रको किनारमा आउने छाल (तरङ्ग) समान शरीरमा फैलिएर समाप्त हुने प्रीति ।

**४) उद्वेगा प्रीति :** यो बलवान् भएको प्रीति हो । यसको बलले शरीरलाई माथि उचालेको जस्तै अनुभव हुन्छ ।

**५) स्फरणा प्रीति :** यो प्रीति सबैभन्दा बलवान् हो । यसले सारा शरीरमा प्रशन्नता र स्फूर्तिले व्याप्त भएको जस्तैं अनुभव हुन्छ ।

## ६) छन्द

Dhamma.Digital

छन्द भनेको इच्छा, कामना हो । आरम्मण गर्ने इच्छा अभिलाषालाई छन्द भनिन्छ । छन्द दुई प्रकारका छन्:

**१. कामच्छन्द :** पञ्चकाम गुणमा आरम्मण गर्ने इच्छालाई कामच्छन्द भनिन्छ । यसलाई तृष्णा वा लोभ भन्दछ । त्यसैले यो अकुशल चैतसिक हो, छन्द चैतसिक होइन ।

**२. कर्त्तुकामताच्छन्द :** आरम्मण गर्ने इच्छा मात्र कर्त्तुकामताच्छन्द हो । यो इच्छा लोभद्वारा आरम्मणमा आसक्ति भाव भएको इच्छा होइन । यो नै छन्द चैतसिक हो ।



https://dhamma.digital

## लक्षणादि चार

**लक्षण :** आरम्मण गर्ने इच्छा नै यसको लक्षण हो ।

**रस :** आरम्मणको अन्वेषण वा गवेषण गर्नु यसको काम हो । अथवा लोभले युक्त भएको काम गुण आरम्मणलाई छोडी धर्म, प्रज्ञा एवं निर्वाण आदिको गवेषण गर्नु कर्त्तुकामताच्छन्दको काम हो । लोभनीय काम धर्मको इच्छा गऱ्यो कि त्यो इच्छामा लोभको प्रधानता भएको कारणले छन्द चेतसिक लोभ चैतसिकको अनुगामी हुन जान्छ । तर दान आदि दिनको निम्ति तृष्णा रहित भएर धन सम्पत्ति संग्रहगर्ने इच्छालाई लोभ भनिंदैन, छन्द नै भनिन्छ ।

**प्रत्युपस्थान :** यो आरम्मणको इच्छा र अन्वेषण गर्ने धर्म हो, यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** आरम्मण नै यसको आसन्न कारण हो ।

अन्यसमान राशि समाप्त ।

### अभ्यास प्रश्न

१) कस्तो प्रकारको चैतसिकलाई अन्यसमान चैतसिक भनिन्छ ?

२) सर्वचित्तसाधारणको अर्थ के हो ?

३) स्पर्श र वेदनामा के फरक छ ?

४) सञ्ञा भनेको के हो ? यसलाई कति प्रकारले चिन्न सकिन्छ ? उदाहरण सहित लेख्नुहोस् ।

५) कस्तो प्रकारको धर्मलाई चेतना भनिन्छ ? चेतना नै कर्म हो, किन ?

६) के एकाग्रता र समाधि एउटै हो ? यसको लक्षणादि लेख्नुहोस् ।

७) जीवितिन्द्रिय भनेको कस्तो प्रकारको चैतसिक हो र यसको काम के हो ?

८) मनसिकार कति प्रकारको छ ? यसको लक्षणादि लेख्नुहोस् ।

९) पकिण्णक भनेको कस्तो प्रकारको चैतसिक हो ?

१०) वितक्क भनेको के हो ? अवितक्क धर्मद्वारा कसरी आरम्मण ग्रहण हुन्छ ?

११) चेतना, मनसिकार र वितक्कमा के भेद छ ?



https://dhamma.digital

१२) विचार भनेको कस्तो प्रकारको चैतसिक हो ? वितक्क र विचारमा के अन्तर छ ?

१३) अधिमोक्ख र वीरियको लक्षणादि चारवटा लेख्नुहोस् ।

१४) पीति चैतसिक कस्तो प्रकारकोलाई भनिन्छ ? पीति कति प्रकारको छ ?

१५) छन्द भनेको के हो ? त्यसको लक्षणादि लेख्नुहोस् ।

# ३. अकुशल चैतसिक

कुशल नभएको, दोष सहितको, नराम्रो चैतसिकलाई अकुशल चैतसिक भनिन्छ। अकुशल चैतसिक पन्ध्र प्रकारका छन्। यसको वर्णन तल लेखिएको अनुसार छन् ।

## १) मोह

मोहको अर्थ अविद्या, अदर्शन, मूढता, अज्ञान, थाहा नभएको, नबुझिएको हो। जुन धर्म आरम्मणमा स्वयं मुग्ध हुन्छ, त्यसलाई मोह भनिन्छ। अज्ञान भनेको ज्ञानको विपरीत हो, तर अर्थ अभिप्राय नबुझेर संदेह हुनुलाई मोह भनिंदैन। आरम्मणको सत्य स्वभावलाई नबुझ्नु नै मोह हो ।

### लक्षणादि चार

**लक्षण :** अज्ञान नै यसको लक्षण हो । ज्ञान (प्रज्ञा)द्वारा जसरी आरम्मणको स्वभाव यथार्थ रूपले जानिलिन्छ, त्यसको ठीक उल्टो मोहद्वारा आरम्मणको स्वभावलाई अयथार्थ रूपले जानिलिन्छ ।

**रस :** आरम्मणको यथार्थ स्वभावलाई छोपिदिने (आवरण गर्ने) अथवा आरम्मणको यथार्थ स्वभावलाई बुझ्नमा असमर्थ हुनु यसको काम हो। यहाँ आरम्मणको यथार्थ स्वभाव भनिएको तात्पर्य दुश्चरित्र पाप धर्मको दुष्ट स्वभाव, सुचरित्र कुशल धर्मको राम्रो स्वभाव, दुःख सत्य आदिको स्वभाव, प्रतित्यसमुत्पाद आदिको स्वभावलाई नै यथार्थ स्वभाव भनिन्छ। उपर्युक्त स्वभावलाई जान्न नदिनका निम्ति रोकिदिने, छोपिदिने, आवरण गर्ने काम मोह चैतसिकले गर्ने भएकोले दुश्चरित्र धर्मको स्वभावलाई बुझ्ने विद्वान



https://dhamma.digital

पुरुष पनि मोहले युक्त भयो भने पाप कर्म गर्न पछि पर्दैन ।

**प्रत्युपस्थान :** यो प्रज्ञाचक्षुलाई अन्धकार गरिदिने धर्म होः यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** अयोनिसोमनसिकार यसको आसन्न कारण हो ।

## २) अहिरिक

काय दुश्चरित्र, वची दुश्चरित्र आदि पाप कर्म गर्नमा लज्जा, शरम नहुनुलाई अहिरिक भनिन्छ । जसरी सुंगुरले फोहोर देखेर घृणा गर्दैन, त्यसरी नै अहिरिक चैतसिक पाप कर्म देखेर घृणा गर्दैन । यो अहिरिक चैतसिक हिरी चैतसिकको विपक्षी वा विरोधी स्वभावको धर्म हो ।

### लक्षणादि चार

**लक्षण :** अकुशल पाप कर्म गर्न लज्जा नहुने, निर्लज्जी हुनु यसको लक्षण हो ।

**रस :** निर्लज्जी भएर पाप गर्ने यसको काम हो ।

**प्रत्युपस्थान :** पाप कर्ममा निसंकोच हुने यो धर्म हो - यसरी साधकको ज्ञानमा भेटिन्छ ।

**पदस्थान :** आफूलाई आफैंले अनादर गर्ने वा आत्मगौरव नहुनु यसको आसन्न कारण हो । "पाप कर्म भनेको मूर्खहरूले मात्र गर्ने हो, म जस्तो सत्पुरूषले पाप गर्नु हुँदैन" भन्ने भाव मनमा अलिकति पनि नआउने भनेको हो ।

## ३) अनोत्तप्प

अकुशल पाप कर्म गर्नमा भय, त्रास नलिने स्वभावलाई अनोत्तप्प वा अनत्रपा भनिन्छ । ओत्तप्प चैतसिकको विरोधी स्वभावको यो धर्म हो ।

### लक्षणादि चार

**लक्षण :** दुश्चरित्र कर्ममा त्रास रहित हुनु, निर्भयी हुनु यसको लक्षण हो ।

**रस :** भय रहित भावले पाप कर्म गर्ने यसको काम हो । जसरी उड्ने पुतली केही भय नलिई बलेको बत्तीमा जान्छ, त्यसरी नै निर्भिक रूपले पाप कर्म गर्ने यसको काम हो ।



https://dhamma.digital

**प्रत्युपस्थान :** पाप कर्ममा निसंकोच हुने यो धर्म हो – यसरी साधकको ज्ञानमा भेटिन्छ ।

**पदस्थान :** अरूलाई गौरव नराख्ने यसको समिप कारण हो । अर्थात् "मैले अकुशल गरेँ भने अरूले मलाई के भन्ला" भन्ने कुरामा चासो नलिने भनेको हो ।

## ४) उद्धच्च (औद्धत्य)

चित्त चैतसिक धर्मलाई आरम्मणमा अस्थिर गरिदिने स्वभावलाई उद्धच्च वा औद्धत्य भनिन्छ । उद्धच्चको अर्थ होः- चञ्चल स्वभाव, अशान्त, अस्थिर स्वभाव ।

### लक्षणादि चार

**लक्षण :** अशान्ति (अउपशम) यसको लक्षण हो ।

**रस :** आरम्मणमा सम्प्रयुक्त धर्मलाई अस्थिर गरिदिने यसको काम हो । जसरी हावा चल्दा ध्वजा पताकादि स्थिर नभएर फरर्र चल्छ, फेरि खरानी (विभूति) आकाशमा फाल्दा यता-उता गरी उड्छ, त्यसरी नै उद्धच्च सम्प्रयुक्त चित्त पनि आरम्मणमा स्थिर नभई अस्थिर, भ्रान्त, कम्पित हुन्छ । चित्तले एउटै मात्र आरम्मणलाई दृढता पूर्वक ग्रहण गर्न सक्दैन । एकाग्रता चैतसिक पनि उद्धच्च सम्प्रयुक्त हुने बेला आरम्मणलाई ग्रहण मात्र गर्छ, त्यसमा स्थिर हुन सक्दैन ।

**प्रत्युपस्थान :** प्रकम्पित हुने स्वभाव यसको आकार हो ।

**पदस्थान :** अयोनिसोमनसिकार यसको आसन्न कारण हो ।

### सर्व अकुशल साधारण चैतसिक

मोह, अहिरिक, अनोत्तप्प र उद्धच्च यी चार चैतसिक सबै प्रकारका अकुशल चित्तमा पनि मिल्ने भएकोले यसलाई सर्व अकुशल साधारण चैतसिक भनिन्छ । त्यसैले चार चैतसिकको वर्णन सबैभन्दा पहिला भएको हो ।

## ५) लोभ

आरम्मणमा आसक्त हुने, लिप्त हुने वा टाँसिने स्वभावलाई लोभ भनिन्छ । अर्थात् जुन धर्म आरम्मणको प्रति आसक्त हुन्छ अथवा जसको



https://dhamma.digital

कारणले सम्प्रयुक्त धर्म आरम्मणमा आसक्त हन्छ, त्यसलाई लोभ भनिन्छ । लोभलाई तृष्णा, अभिज्भा, काम र राग पनि भनिन्छ ।

## लक्षणादि चार

**लक्षण :** आरम्मणलाई ग्रहण गर्ने यसको लक्षण हो । तर यसले आरम्मणलाई ग्रहण मात्र गर्ने होइन, छोड्दै नछोडी कसेर समात्ने गर्छ । यसमा एउटा उदाहरण यसरी दिइएको छ –

## लाहा (थाकुरा) बोटमा टाँसिने बाँदर

जंगलमा त्यस्तो प्रकारको लाहाको (थाकुरा) बोट छ जसमा लाहा बाहिर निस्केको बेला हेर्दा मन नै लोभिने राम्रो हुन्छ, एकदमै मीठो केही प्रकारको खानेकुरा जस्तै देखिन्छ । तर त्यसमा त्यस्तो शक्ति हुन्छ कि त्यसलाई हातले छोयो कि हात नै निकाल्न नहुने गरी टाँसिने हुन्छ । त्यस्तो लाहा (थाकुरा) देखेर जंगली बाँदरले केही खानेकुरा होला भनेर हातले लिएर खान खोज्छ, तर हात निकाल्न नहुने हुन्छ । अनि फेरि अर्को हातले निकाल्न खोज्छ, तर त्यो हात पनि टाँसिन्छ । खुट्टाले थिच्दा खुट्टा पनि टाँसिन्छ । टाउकोले थिचेर निस्कन खोज्छ टाउको पनि निकाल्न नहुने हुन्छ । यता बाँदरको शरीर एउटा लाहाको बोटमा टाँसिएको जस्तै लोभले सम्प्रयुक्त धर्मलाई आरम्मणमा टाँसि दिन्छ ।

**रस :** आरम्मणमा आसक्त हुने यसको काम हो ।

**प्रत्युपस्थान :** यसको आकार हो त्याग गर्नुपर्ने धर्मलाई त्याग नगर्ने ।

**पदस्थान :** आरम्मणलाई लिप्त भावले आस्वादपूर्ण भावले हेर्ने यसको आसन्न कारण हो । अशुभलाई शुभ भनेर देख्यो कि लोभ उत्पन्न हुन्छ ।

## छन्द र लोभमा अन्तर

चित्तको आरम्मण ग्रहण गर्ने कामना, इच्छा मात्र छन्द हो, यसमा आशक्तिभाव हुँदैन । तर आरम्मणमा लालसा लिप्तता वा आसक्ति राखी आरम्मण गहण गर्ने इच्छालाई लोभ भनिन्छ ।

## ६) दृष्टि

दृष्टिको अर्थ हेर्नु हो । दृष्टि दुई प्रकारको हुन्छ : मिथ्यादृष्टि र



https://dhamma.digital

सम्यक्दृष्टि । सम्यक्दृष्टि भनेको ठीक रूपले, यथार्थ रूपले, उचित रूपले देख्नुलाई भनिन्छ । यथार्थ रूपले प्रज्ञाले मात्र देख्ने भएकोले सम्यक्दृष्टि प्रज्ञेन्द्रिय चैतसिक अन्तर्गत हो । मिथ्यादृष्टि भनेको सम्यक्दृष्टिको ठीक विपरीत हो । यहाँ दृष्टि वा दिट्ठि चैतसिक भनेर मिथ्यादृष्टिलाई लिइराखेको हो । जुन धर्मले आरम्मणलाई मिथ्या रूपले देख्छ अथवा जुन धर्मद्वारा सम्प्रयुक्त धर्मले आरम्मणलाई मिथ्या रूपले देख्छ (उल्टो रूपमा) ग्रहण गर्छ, त्यसलाई दिट्ठि भनिन्छ । अथवा दिट्ठि भनेको सत्य धर्मलाई उल्टो तवरले देखी लिने दृष्टि भ्रम हुनुलाई भनिएको हो । अनित्य, दुःख, अनात्मलाई नित्य, सुःख, आत्मा भनि ग्रहण गर्ने, कर्म र कर्मफलमा विश्वास नगर्नु यसको उदाहरण हो ।

## लक्षणादि चार

**लक्षण :** मिथ्या अभिनिवेश (अयोनिसोमनसिकार) यसको लक्षण हो ।

**रस :** आरम्मणलाई उल्टो रूपले देख्नु वा विपरीत रूपले धारण गर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** मिथ्याभिनिवेश नै यसको आकार हो ।

**पदस्थान :** आठजना आर्य पुद्गलहरूलाई हेर्ने मन नहुने इच्छा (अरियानं अदस्सनकामता) यसको आसन्न कारण हो ।

## ७) मान

मान भनेको म, म भन्ने अहं भाव हो । जुन धर्मद्वारा पुद्गलले अहंकार गर्छ अथवा अरूभन्दा म ठूलो छु, म समान अरू कोही छैन भनी अभिमान गर्छ, त्यसलाई मान भनिन्छ ।

## लक्षणादि चार

**लक्षण :** आफूलाई आफैंले श्रेष्ठ, उत्तम एवं सर्वोपरि सम्झेर चित्त उन्मुक्त हुनु वा चित्त मात्तिनु यसको लक्षण हो ।

**रस :** आफूलाई आफैले अनुग्रह गर्नु, उन्मत्त गर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** यो आफूले आफैलाई श्रेष्ठ सम्झने स्वभाव धर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ ।



https://dhamma.digital

**पदस्थान :** दृष्टि चैतसिक सम्प्रयुक्त नभएको लोभ यसको आसन्न कारण हो । दृष्टि र मानको स्वभाव उस्तै भएकोले दृष्टि र मान एकैपटकमा उत्पन्न हुँदैनन् । त्यसैले लोभमूल चित्त आठवटा मध्ये दिट्ठिगत सम्प्रयुक्त चारवटामा दिट्ठि चैतसिक मिल्दछ, अनि दिट्ठिगत विप्पयुक्त चारवटामा मान चैतसिक मिल्दछ ।

यो मान चैतसिकलाई निम्न प्रकारले भेद गरिएको छ :

**सोह्र प्रकारका मान**

| | | |
|---|---|---|
| १) | मान : | घमण्ड गर्नु, अहंकारी हुनु, |
| २) | अतिमान : | अति अहंकार गर्नु |
| ३) | मानातिमान : | अहंकारले अहंकार हुनु, |
| ४) | जातिमान : | जाति कुलको विषयमा अभिमान गर्नु, |
| ५) | गोत्रमान : | गोत्रको विषयमा अभिमान गर्नु, |
| ६) | आरोग्यमान : | निरोगीताको अभिमान गर्नु, |
| ७) | योब्बनमान : | युवावस्थाको विषयमा अभिमान हुनु, |
| ८) | जीवितमान : | दीर्घायुतामा अहंकार हुनु, |
| ९) | लाभमान : | लाभको विषयमा अहंकार हुनु, |
| १०) | सक्कारमान : | सम्मान, सत्कारको विषयमा अहंकार हुनु, |
| ११) | गरुगारवमान : | अरू पूजनीयहरूको आश्रय लिई अभिमान गर्नु, |
| १२) | पुरक्खारमान : | पूर्वगामितालाई आश्रय लिई अहंकार गर्नु, |
| १३) | परिवारमान : | परिवार पूर्णतामा अहंकार हुनु, |
| १४) | भोगमान : | धन, सम्पत्तिपूर्णताको अहंकार हुनु, |
| १५) | वर्णमान : | रूप, सुन्दरताको अभिमान हुनु, |
| १६) | श्रुतमान : | बहुश्रुतको विषयमा अहंकार हुनु |

यी बाहेक विद्यामान, प्रज्ञा, भाग्य, यश, कीर्ति, शील, ध्यानमान इत्यादि रूपले अनेक प्रकारका मान छन् । तर संक्षिप्त रूपमा लियो भने निम्न तीन प्रकारका मान उल्लेखनीय हुन्छ :

**१. सेय्यमान :** धन, गुण, प्रज्ञा, विद्या, सम्पत्ति, यशकीर्ति, रूपादि



https://dhamma.digital

गुणमा म समान अरू छैनन्, म नै सर्वश्रेष्ठ हो भनी अभिमान गर्नु ।

**२. सदिसमान :** उक्त प्रज्ञा, गुण आदि विषयमा म पनि उ जस्तै जान्ने हुँ, सम्पन्न छु, भनी आफू र अरू समान देख्नु । अरूको तुलनामा आफूलाई पनि त्यत्ति नै जान्ने सम्झी घमण्ड गर्नुलाई सदिसमान भनिन्छ ।

**३. हीनमान :** धन, गुण आदि आफूसँग केही नभएपनि अरूसँग भएको शीलगुण आदिलाई स्वीकार नगरी जाने पनि उनीहरूले नै जानोस्, भए पनि उनीहरूसँगै नै होस्, मलाई के को मतलब ? भनी अभिमान गरी रहनुलाई हीनमान भनिन्छ ।

यसप्रकार विभिन्न प्रकारको सुक्ष्माति सुक्ष्म मानलाई निशेष रूपले अर्हत् मार्गबाट मात्र हटाउने रहेछ ।

## ८) दोष (द्वेष)

दोष भनेको कोध वा रिस उठ्नुलाई भनिन्छ । दोषलाई द्वेष, पतिघ (प्रतिघ) र व्यापाद पनि भनिन्छ । जसले काय र चित्त चैतसिकलाई दूषित गर्छ, विकृत गर्छ, नष्ट गर्छ, त्यसलाई द्वेष भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** प्रचण्ड स्वभाव यसको लक्षण हो । जस्तै कालो सर्पलाई कुनै प्रकारको आघात गऱ्यो कि उसले आफ्नो प्रचण्ड स्वभाव निकाल्छ, त्यस्तै चित्त चैतसिक धर्म पनि कुनै अनिष्ट आरम्मणमा पर्न जाँदा त्यसको प्रचण्ड स्वभाव प्रकट हुन्छ ।

**रस :** आफ्नो आश्रय भइरहेका काय एवं चित्तलाई दाह गर्नु यसको काम हो । जसरी आगोले आफ्नो आधार भइरहेको दाउरा गोललाई भष्म गरिदिन्छ, त्यसरी नै द्वेषले सम्पयुक्त नामरूप धर्मलाई जलाइ दिन्छ । द्वेष उत्पन्न भयो कि पहिले सम्प्रयुक्त चित्त चैतसिक धर्म दहन हुन्छ, जलेर आउँछ । सम्प्रयुक्त धर्म जलेर आयो कि त्यसको कारणले उत्पन्न भइरहेको चित्तजरूप पनि विकृत भएर दाह भएर आउँछ, अनि फेरि त्यसको कारणले कर्मज ऋतुजरूप पनि चूप लागेर बस्न नसकी दाह भएर आउँछ, तात्तिएर आउँछ । त्यसैले द्वेष उत्पन्न हुँदा सम्पूर्ण शरीर रक्तवर्ण भएर रातो भएर बलिरहन्छ । यदि द्वेषको वेग अति तीव्र एवं बलवान् भयो भने जीवन सन्ततिसमेत उच्छेद भएर नष्ट



https://dhamma.digital

हुनसक्छ, मृत्यु हुनसक्छ ।

**प्रत्युपस्थान :** मौका प्राप्त भएका शत्रु समान नामरूप धर्मलाई नष्ट ध्वस्त गरिदिने स्वभाव भएको यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्रकट भएर आउँछ ।

**पदस्थान :** द्वेष उत्पत्तिको मूल कारण दशवटा छन् । ती यसप्रकार छन् :

क) आफ्नो तर्फबाट तीनवटा

मलाई अनर्थ गऱ्यो

मलाई अनर्थ गर्नेछ

मलाई अनर्थ गर्दैछ

यसप्रकार भूत, भविष्य र वर्तमान सम्झी द्वेष उत्पन्न हुने कारण तीनवटा ।

ख) आफ्नो मित्रको तर्फबाट तीनवटा

मेरो मित्रलाई (मनपर्नेलाई) अनर्थ गऱ्यो

मेरो मित्रलाई अनर्थ गर्नेछ

मेरो मित्रलाई अनर्थ गर्दैछ

यसप्रकार आफू एक जना बाहेक अरू प्रियजनबाट द्वेष उत्पन्न हुने कारण तीनवटा ।

ग) आफ्नो शत्रुको तर्फबाट तीनवटा

मेरो शत्रुलाई उपकार गऱ्यो

मेरो शत्रुलाई उपकार गर्नेछ

मेरो शत्रुलाई उपकार गर्दैछ

घ) अस्थान कोष भनिने एउटा

जम्मा दशवटा भयो । अस्थान कोप भनेको एकदमै चिसो छ, पानी परिरहेको छ, हावा चलिरहेको छ इत्यादि कारणले उत्पन्न हुने रिस वा द्वेष हुन् ।



https://dhamma.digital

## ९) इस्सा (ईर्ष्या)

अरूको राम्रो भएको देखी, अरूको सम्पत्ति देखेर दाह हुनु, सहन नसक्नु, हेर्न नसक्ने स्वभावलाई इस्सा (ईर्ष्या) भनिन्छ। यो मुदिता चैतसिकको विपरीत स्वभाव भएको धर्म हो। अरूको राम्रो भएकोमा हर्ष राख्नुलाई मुदिता भनिन्छ।

### लक्षणादि चार

**लक्षण :** अरूको गुण, भोगसम्पत्ति, ऐश्वर्य, विद्या, शिल्प, रूप, यशकीर्ति, इत्यादि देखेर चित्त दुखाउनु, सहन नसक्नु, दाह (जलन) हुनु यसको लक्षण हो ।

**रस :** अरूको सम्पत्ति देखेर अप्रीति हुनु, नरमाइलो लाग्नु यसको काम हो ।

**प्रत्युपस्थान :** यो परसम्पत्तितिर विमुख भएको विरूद्ध भएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** परसम्पत्ति नै यसको आसन्न कारण हो ।

## १०) मच्छरिय (मात्सर्य)

लोभी, कञ्जुसी वा चित्त दुख्ने स्वभावलाई मच्छरिय भनिन्छ। यस्तो प्रकारको गुण मसँग मात्रै भए हुन्थ्यो, यस्तो सम्पत्ति, वस्तु मसँग मात्रै भए हुन्थ्यो, अरूसँग नभए पनि हुन्थ्यो भन्ने संकोचभाव नै मात्सर्य हो।

### लक्षणादि चार

**लक्षण :** आफूसँग भएको र हुने सम्पत्तिलाई लुकाउनु (अरूलाई नदेखाउनु) यसको लक्षण हो।

**रस :** आफ्नो सम्पत्ति र अरूको सम्पत्ति समान भएको हेर्नमा असमर्थ हुनु यसको काम हो ।

**प्रत्युपस्थान :** संकुचित स्वभाव यसको आकार हो । दान आदि दिनु पर्दा याचक देखेमा शरीर र मन खुम्चिएर जाने स्वभाव भएको यो धर्म हो ।

**पदस्थान :** आफ्नो सम्पत्ति नै यसको आसन्न कारण हो ।



https://dhamma.digital

**पाँच प्रकारका मात्सर्य**

१. **आवासमात्सर्य** : राम्रा आश्रम, आवास, ठाउँ वा घर आफूमा मात्रै भए हुन्थ्यो, अरूहरूको नभए पनि हुन्थ्यो भन्ने भाव ।

२. **कुलमात्सर्य** : म नै मात्र उच्चकुलीन, आफ्नाहरूले पूर्ण होस् भन्ने भाव ।

३. **लाभमात्सर्य** : आफूलाई मात्र लाभ धेरै होस् भन्ने भाव ।

४. **वर्णमात्सर्य** : सुन्दररूप, वर्णद्वारा म मात्र सम्पन्न भए हुन्थ्यो भन्ने भाव ।

५. **धर्ममात्सर्य** : परियत्ति आदि धर्म समेत मैले नै मात्र जाने हुन्थ्यो, अरूको अगाडी अप्रकाशित भए हुन्थ्यो भन्ने भाव ।

यस्तो प्रकारको मात्सर्य स्वयं आफूलाई नै अहितकर हुन्छ । मात्सर्य स्वभाव भएकाले आफ्नो सरह अरूसँग सम्पत्ति देख्यो भने दुःखी हुन्छ, दुर्मन हुन्छ, परलोकमा पनि उनीहरू दुःखी हुन्छन् । आवासमात्सर्यको कारणले लोह गृह भनिने नरकमा, कुलमात्सर्यको कारणले गूथ नरकमा, धर्ममात्सर्यको कारणले उष्णभष्म नरकमा जानुपर्ने हुन्छ । त्यस्तै नै लाभमात्सर्यको कारणले अल्प लाभ हुन्छ । वर्णमात्सर्यको कारणले कुरूप दुवर्ण हुन्छ भनी भनिएको छ ।

**ईर्ष्या र मात्सर्य**

ईर्ष्याले परसम्पत्तिलाई आरम्मण गर्छ । मात्सर्यले स्वसम्पत्तिलाई आरम्मण गर्छ । यो नै यी दुईको मूल भेद हो ।

## ११) कुक्कुच्च (कौकृत्य)

आफूले गरिसकेको दुश्चरित्रको र नगरेको सुचरित्रको विषयमा पश्चाताप हुनु, पछुताउने स्वभावलाई कुक्कुच्च भनिन्छ । दुश्चरित्र गरिसकेपछि अहो ! मैले यत्रो अकुशल विपाक दिने दुश्चरित्र गरेको रहेछु, किन मैले त्यसो गरे होला भनि पश्चाताप हुन्छ । त्यस्तै नै सुचरित्र नगरेको कारणले मैले यस्तो कुशल कर्म किन गरिन होला भनी पश्चाताप हुनु नै कुक्कुच्च हो ।



https://dhamma.digital

### लक्षणादि चार

**लक्षण :** गरिसकेको दुश्चरित्र र नगरेको सुचरित्रप्रति पश्चाताप हुनु यसको लक्षण हो ।

**रस :** कृत दुश्चरित्र र अकृत सुचरित्रलाई फेरि-फेरि सम्झी शोक गर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** कलुषित भएको चित्तको प्रवेश हुनु वा चित्तको पश्चाताप नै यसको आकार हो ।

**पदस्थान :** कृत दुश्चरित्र र अकृत सुचरित्र नै यसको आसन्न कारण हो ।

कृत सुचरित्र र अकृत दुश्चरित्रको कारणले कुक्कुच्च उत्पन्न हुँदैन । कारण कृत सुचरित्र र अकृत दुश्चरित्रको विषयमा कुनै शोक गर्नुपर्ने कुरा छैन । तर विशेष परिस्थितिमा कहिले शोक पनि उत्पन्न हुनसक्छ । जस्तै कि कुनै एकजनाले दान गर्‍यो, पुण्य गर्‍यो, तर गरिसकेपछि मेरो पैसा सकियो बेकारमा दान गरेछु भनी शोक पनि गर्न सक्ला । यो शोकलाई कुक्कुच्च नभनी मानसिक दुःख वेदना भनिन्छ । त्यस्तै नै कुनै एकजनाले दया करूणा राखी दुष्ट मानिसलाई रक्षा गर्छ, क्षमा दिन्छ, तर पछि त्यही दुष्टले उसलाई पीडा दिएपछि उसले विचार गर्छ कि मैले यो दुष्टलाई त्यही बेला नै सिध्याउनु पर्ने सितैमा रक्षा गरें, यहाँ यस्तो प्रकारको शोकलाई द्वेष भनिन्छ, कुक्कुच्च भनिदैन । तर यसको अपवाद स्वरूप केही आचार्यहरूले कृत सुचरित्र र अकृत दुश्चरित्रको कारणले यदि शोक भयो भने त्यसलाई कुक्कुच्च नै मानेका छन् ।

## १२) थिन (स्त्यान)

थिन भनेको चित्तको अल्छी भाव हो । आरम्मणलाई जान्नमा राम्ररी स्पष्ट नभईकन निदाउन लागेको जस्तो (झुम्म हुनु) स्वभावलाई थिनमिद्ध भनिन्छ, अर्थात् जुन धर्मले चित्तलाई मन्द गर्छ त्यसलाई थिन भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** अनुत्साहित गर्नु यसको लक्षण हो । यो धर्म वीर्यको विपरीत स्वभाव भएको हो । त्यसैले यसमा सम्प्रयुक्त हुने धर्म उत्साह हीन हुन्छ ।

**रस :** वीर्यलाई सिध्याई टाढा पठाइदिने यसको काम हो ।



https://dhamma.digital

**प्रत्युपस्थान :** यो अनुत्साहित स्वभाव धर्म हो : यसप्रकार साधकको ज्ञानमा प्रकट हुन्छ ।

**पदस्थान :** अयोनिसोमनसिकार यसको आसन्न कारण हो ।

## १३) मिद्ध

जसले चैतसिकलाई अलसी गर्छ, अकर्मण्य (काम गर्ने इच्छा नहुने) गर्छ, त्यसलाई मिद्ध भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** अकर्मण्यता यसको लक्षण हो ।

**रस :** चक्षुआदि द्वारलाई बन्द गरी दिने यसको काम हो । मिद्धको कारणले चित्त चैतसिक धर्म चक्षु आदि द्वारमा प्रवृत हुन सक्दैन । आरम्मणलाई ग्रहण गर्नमा उत्साहहीन हुने कारणले मिद्ध उत्पन्न हुँदा भवङ्गपात मात्र बढी हुन्छ, वीथि चित्तको उत्पाद कम हुन्छ ।

**प्रत्युपस्थान :** आरम्मण ग्रहण गर्नमा संकोच हुनु यसको आकार हो ।

**पदस्थान :** अयोनिसोमनसिकार यसको पदस्थान हो ।

### थिनमिद्ध

चित्तको अल्छीपनलाई थिन, चैतसिकको अल्छीपनलाई मिद्ध भनिन्छ । शरीरको अल्छीपनलाई पनि मिद्ध नै भनिन्छ । जस्तै चित्त र चैतसिकको उत्पत्ति अलग अलग हुँदैन, त्यस्तै नै थिन र मिद्ध अलग–अलग नभई सर्वदा परस्पर सम्प्रयुक्त भएर रहन्छ । पृथग्जन एवं शैक्ष्य पुद्गललाई निद्रा आउने जस्तै भई र निद्राबाट बिउँझनासाथ प्रायः थिनमिद्ध हुन्छ । गहिरो निद्रा लाग्नुलाई थिनमिद्ध भनिदैन, भवङ्ग सन्तति भनिन्छ ।

## १४) विचिकिच्छा (विचिकित्सा)

विश्वास गर्न योग्यमा विश्वास नगरी शंका उत्पन्न हुनुलाई विचिकिच्छा भनिन्छ । बुद्ध, धर्म आदि विषयमा, अनित्य, दुख आदि धर्ममा शंका हुनु, निश्चयमा पुग्न नसक्नु नै विचिकित्सा हो । अथवा जुन धर्मलाई ज्ञानरूपी प्रज्ञाद्वारा चिकित्सा गर्न सकिंदैन, त्यसलाई विचिकित्सा (विचिकिच्छा) भनिन्छ ।



https://dhamma.digital

## लक्षणादि चार

**लक्षण :** सन्देह, शंका यसको लक्षण हो ।

**रस :** आरम्मणमा चित्त कम्पन हुनु, चित्त दुई धारमा पर्नु वा निश्चयमा पुग्न असमर्थ हुनु यसको काम हो ।

**प्रत्युपस्थान :** यो निश्चय गर्नमा असमर्थ भएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा देख्छ।

**पदस्थान :** अयोनिसोमनसिकार यसको पदस्थान हो ।

अकुशल राशि समाप्त ।

### अभ्यास प्रश्न

१) अकुशल चैतसिक कति वटा छन् ?

२) सर्वअकुशल साधारण चैतसिक भनेको के के हुन् ?

३) अविद्या भनेको के हो ? यसलाई के चैतसिक भनिन्छ ?

४) थाकुराको बोटमा लटपटिएको बाँदरसँग कुन चैतसिकको उपमा मिल्छ ?

५) छन्द र लोभमा के अन्तर छ ?

६) दिट्ठि र मान एउटै हो र ? किन ?

७) सोह्र प्रकारका मान भनेको के के हुन् ?

८) द्वेष चैतसिकका लक्षणादि चारवटा कुन कुन हुन् ? बयान गर्नुहोस् ।

९) मच्छरिय भनेको के हो ? त्यो कति प्रकारका छन् ?

१०) इस्सा र मच्छरियमा के भेद छ ?

११) कस्तो प्रकारको चैतसिकलाई कुक्कुच्च भनिन्छ ?

१२) थिन भनेको के हो ?

१३) मिद्ध भनेको के हो ?

१४) थिन र मिद्धमा के अन्तर छ ?

१५) विचिकित्सा चैतसिक कस्तो प्रकारको चैतसिकलाई भनिन्छ ?



https://dhamma.digital

# ४. सोभन चैतसिक

क्लेश रहित भएको, शोभा भएको, असल फल दिने चैतसिकलाई सोभन चैतसिक भनिन्छ । सोभन चैतसिक पच्चीस (२५) प्रकारका छन् । यसको वर्णन तल लेखिएको अनुसार छ :

## सोभनसाधारण चैतसिक १९ वटा

### १) सद्धा (श्रद्धा)

जुन धर्मले विश्वास उत्पन्न हुन्छ, त्यसलाई सद्धा भनिन्छ । विश्वास गर्न योग्य बुद्ध, धर्म, सङ्घ, आर्यसत्य, कर्म, कर्मफल, आदि गुणमा विश्वास गर्नु नै सद्धा हो । जुनसुकै पुण्य कार्यमा पनि सद्धा प्रधान भइरहन्छ । श्रद्धावान पुरूषले दान शील आदि पुण्य गर्छ । पुण्यको बाटोमा आउने बाधालाई सद्धाले हटाउँछ । भगवान् बुद्धले भन्नुभएको छ – "सद्धाय तरति ओघं" सद्धाले बाढीलाई पार गर्छ । पुण्य कार्यमा सद्धा बीउ (बीज) समान हो । सद्धारूपी बीउ रोपी लौकिक लाकोत्तर गुणधर्मरूपी फूल फकाउन सक्छ । श्रद्धावान् मानिसले मनुष्य सम्पत्ति, चक्रवर्ती सम्पत्ति, देव सम्पत्ति, ब्रह्म सम्पत्ति समेत प्राप्त गर्न सक्छ । त्यस्तै नै लोकोत्तर तर्फ श्रावकबोधि, प्रत्येकबोधि, सम्यक्सम्बोधि समेत प्राप्त गर्न सक्छ ।

#### लक्षणादि चार

**लक्षण :** विश्वास उत्पन्न हुनु यसको लक्षण हो ।

**रस :** चित्तलाई परिशुद्ध गर्नु यसको काम हो । फोहोर पानीले भरिएको पोखरीमा फटकिरी राखिदिएमा पानीमा भएको हिलो आदि सबै छुट्टिएर जान्छ, पानी स्वच्छ र निर्मल हुन्छ । त्यस पानीमा चन्द्र सूर्यको प्रतिबिम्ब स्पष्ट रूपले देखिन आउँछ । यसरी नै चित्त सन्तानमा सद्धाले युक्त भयो कि चित्त नीवरण धर्मले रहित भएर परिशुद्ध एवं प्रसन्न हुन्छ, बुद्ध आदिका गुणलाई धारण गर्न समर्थ हुन्छ, योग्य हुन्छ ।

**प्रत्युपस्थान :** चित्तको कलुषित भाव, धमिलो भावलाई सिध्याएर पठाउने यो धर्म हो । यसप्रकार साधकको ज्ञानमा प्रतिबिम्बित भएर आउँछ । दृढभक्ति र स्वच्छता नै यसलाई पहिचान गर्ने आधार हो ।



https://dhamma.digital

**पदस्थान :** श्रद्धेय वस्तु यसको आसन्न कारण हो । बुद्ध, धर्म, सङ्घ, आर्यसत्य, कर्म, कर्मफल, इहलोक, आदि श्रद्धेय वस्तु हो ।

## चार प्रकारका श्रद्धा

पकति सद्धा र भावना सद्धा अनुसार सद्धा दुई प्रकारका छन् । दान, शील, बुद्धादि गुणमा विश्वास गर्नुलाई पकति (प्रकृति) सद्धा भनिन्छ । समथ, विपस्सना आदि भावनामा उत्पन्न हुने सद्धालाई भावना सद्धा भनिन्छ । सद्धालाई तल लेखिए अनुसार पनि चार प्रकारले विभाजन गरी देखाइएको छ :

**१. आगम सद्धा :** बोधिसत्वहरूसँग हुने सद्धालाई आगम सद्धा भनिन्छ । यो अनेक जन्मदेखि स्थिर भई आउने सद्धा हो ।

**२. अधिगम सद्धा :** श्रोतापन्न आदि आर्यसँग हुने अवेच्च पसाद गुण (अटल श्रद्धा) लाई अधिगम सद्धा भनिन्छ । यो सद्धा निर्वाणसम्म स्थिर भइरहन्छ । त्यसैले यस प्रकारका सद्धा भएका पुद्गलहरू सबै आर्य हुन्, श्रोतापन्न हुन् । भगवान् बुद्धले भन्नुभएको छः "ये केचि भिक्खवे मयि अवेच्च पसन्ना सब्बे ते सोतापन्ना" अर्थात जतिपनि व्यक्तिहरू तथागतप्रति अचल रूपले प्रशन्न हुन्छ, उनीहरू सबै श्रोतापन्न नै हुन् ।

**३. ओकप्पन सद्धा :** ज्ञानले युक्त भएको सद्धालाई ओकप्पन सद्धा भनिन्छ। यो एक जन्मभरसम्म स्थिर हुन्छ।

**४. पसन्न सद्धा :** ज्ञान नभएको अन्ध सद्धालाई पसन्न सद्धा भनिन्छ । यो सद्धा दीर्घकाल सम्म स्थिर हुँदैन । यस्तो सद्धा श्रद्धेय स्थानमा पऱ्यो कि सुखफल दिन्छ, अश्रद्धेय स्थानमा पऱ्यो कि दुखफल पनि दिनसक्छ ।

## २) सति (स्मृति)

जुन धर्मले स्मरण गर्छ त्यसलाई सति भनिन्छ । आरम्मणलाई फेरी फेरी सम्झीरहनु नै सति हो ।

## लक्षणादि चार

**लक्षण :** आरम्मणलाई बारम्बार सम्झिरहनु यसको लक्षण हो । जस्तै राजाको भण्डागारिकले दिन दिनै राजालाई यति सुन छ, यति चाँदि छ इत्यादि रूपले सम्झाई रहन्छ, त्यस्तै नै स्मृतिले कुशल धर्मको स्मरण गराउँछ । अहित धर्मलाई त्याग गरी हित हुने धर्मलाई समातिरहने यसको लक्षण हो ।



https://dhamma.digital

**रस :** बिर्सेर नपठाउनु यसको काम हो ।

**प्रत्युपस्थान :** आरम्मणलाई संरक्षण गर्ने यो धर्म हो । यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** स्थिर संज्ञा यसको आसन्न कारण हो ।

## ३) हिरी

काय दुश्चरित्र आदि कर्ममा लज्जा उत्पन्न हुनुलाई हिरी भनिन्छ ।

### लक्षणादि चार

**लक्षण** : अकुशल पाप कर्म गर्नमा लज्जा मान्नु, घृणा हुनु यसको लक्षण हो ।

**रस :** पाप कर्म नगर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** पाप कर्ममा संकोच हुनु अथवा पाप कर्मबाट पछि हट्ने यो धर्म हो । यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** आत्मगौरव यसको आसन्न कारण हो । पाप गर्नु मुर्खहरूको काम हो, म जस्तो सत्पुरूषले पाप गर्न हुँदैन भनी आफूले आफूलाई गौरव गर्नु, सम्मान गर्नुले नै हिरी उत्पन्न हुन्छ ।

## ४) ओतप्प

अकुशल पाप कर्म गर्नमा भय, त्रास उत्पन्न हुने स्वभावलाई ओत्तप्प भनिन्छ । अथवा पाप कर्म गऱ्यो कि दण्ड भोग गर्नुपर्ला, नरक आदिका सजाँय भोग गर्नुपर्ला भनी पाप कर्म देखेर डराउने स्वभावलाई ओत्तप्प भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** दुश्चरित्र कर्ममा भय, त्रास उत्पन्न हुनु यसको लक्षण हो ।

**रस :** पाप कर्म नगर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** पाप कर्ममा संकोच हुनु अथवा पाप कर्मबाट पछि हट्ने यो धर्म हो । यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** परगौरव यसको आसन्न कारण हो । मैले पाप कर्म गऱ्यो



https://dhamma.digital

कि अरूले थाहा पाउँछन्, यदि कसैले नदेखीकन गरेँ भने पनि दिव्य चक्षु भएका देवताहरूले थाहा पाउँछन्, अनि उनीहरूले मलाई धिक्कार गर्छन्, निन्दा गर्छन्, यसप्रकार अरूहरूप्रति गौरव राखिनाले ओत्तप्प उत्पन्न हुन्छ ।

तर अकुशल कर्म गरिसकेपछि अरूले थाहा पाएकोले लज्जा र भय हुनुलाई हिरी ओत्तप्प भनिदैंन, त्यसलाई दौर्मनस्य प्रधान अकुशल चित्तोत्पाद वा द्वेष भनिन्छ ।

## हिरी र ओत्तप्प

यो दुई धर्मको कारणले लोक रक्षा भइरहन्छ । पाप कर्म गर्नमा लज्जा र भय भएन भने पाप कर्म नगर्नेहरू रहँदैनन् । मानिसहरू पशुवत् आचरणमा लाग्छन् । बलियोले दुर्बललाई विनाश गर्छन् । यसप्रकार हिरी र ओत्तप्प रहेन कि लोक विनाशहुन्छ । त्यसैले हिरी ओत्तप्पलाई लोकपाल धर्म, शुक्लधर्म र देवधर्म पनि भनिन्छ ।

## ५) अलोभ

आरम्मणमा नटाँसिने, आसक्त नहुने स्वभावधर्मलाई अलोभ भनिन्छ । रूपादि काम गुणमा आसक्त हुनुलाई लोभ भनिन्छ भने यसको विपरीत स्वभाव धर्म अलोभ हो । यसलाई अनभिज्भा पनि भनिन्छ ।

## लक्षणादि चार

**लक्षण :** पोखरीमा फकिरहेको कमलको फूल पानीबाट अलग भएर माथि आई बस्ने जस्तै आरम्मणमा अनासक्त हुने यसको लक्षण हो ।

**रस :** लोभनीय आरम्मण कामगुणलाई मेरो-मेरो भनी कसिएर नसमाउनु (अपरिग्रह) यसको काम हो ।

**प्रत्युपस्थान :** यो रागरहित भएको धर्म हो । यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ । आरम्मणमा नलट्पटिनु वा नटाँस्नु यसको आकार हो ।

**पदस्थान :** विज्ञान यसको आसन्न कारण हो ।

## ६) अदोस (अद्वेष)

जुन धर्मको कारणले पुद्गलले कसैसँग द्वेष गर्दैन, सबैसँग प्रीति



https://dhamma.digital

गर्छ, त्यसलाई अदोष भनिन्छ। द्वेषरहित हुनु नै अदोष हो। यसलाई अव्यापाद पनि भनिन्छ, मैत्री पनि भनिन्छ ।

## लक्षणादि चार

**लक्षण :** विनम्र हुनु, कठोर नहुनु (अचण्डिकत्व) यसको लक्षण हो। आरम्मणमा चित्त विनम्र भावले झुक्ने स्वभाव नै अद्वेष हो ।

**रस :** द्वेषलाई हटाउनु नै यसको काम हो। चन्दनको रस जस्तै अद्वेषले परिदाह वा द्वेषाग्निलाई शान्त गरिदिन्छ।

**प्रत्युपस्थान :** पूर्ण चन्द्र जस्तै शिष्ट, सौम्य भाव भएको वा विनम्र स्वभाव भएको, शान्त स्वभाव भएको यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ।

**पदस्थान :** यसको आसन्न कारण विज्ञान हो।

## अलोभ, अद्वेष र अमोह

(अमोह भनेको प्रज्ञा हो, यसको वर्णन तल हुनेछ ।)

यी तीनवटा चैतसिकको गुणका विषयमा अट्ठसालिनी नामक ग्रन्थमा तल लेखिए अनुसार उल्लेख भएको छ :

१) अलोभ भनेको दानको हेतु हो, अद्वेष भनेको शीलको हेतु हो, त्यस्तै अमोह भनेको भावनाको हेतु हो ।

२) अलोभको कारणले प्रियजनसँग छुट्टिनुपर्ने दुःख हुँदैन, अद्वेषको कारणले अप्रियहरूसँग सँगै बस्नुपर्ने दुःख हुँदैन । त्यस्तै अमोहको कारणले इच्छा पूरा नहुने दुःख हुँदैन ।

३) अलोभले जन्म हुनु पर्ने दुःख हुँदैन, अद्वेषको कारणले वृद्ध हुनु पर्ने दुःख हुँदैन, अनि अमोहले मरण दुःखलाई हटाई दिन्छ ।

४) अलोभको कारणले निरोगी हुन्छ, अद्वेषको कारणले यौवन सम्पन्न हुन्छ, अमोहको कारणले दीर्घायु हुन्छ ।

५) अलोभको कारणले भोग सम्पत्ति हुन्छ, अद्वेषको कारणले मित्रसम्पत्ति हुन्छ, अमोहको कारणले अत्तसम्पत्ति हुन्छ ।

६) अलोभले अनित्य दर्शन हुन्छ, अद्वेषले दुःख दर्शन हुन्छ, अमोहले अनात्म दर्शन हुन्छ ।



https://dhamma.digital

## ७) तत्रमज्झतता (तत्रमध्यस्थता)

सम्प्रयुक्त धर्मलाई आरम्मणमा उपेक्षा गराउने चैतसिकलाई तत्रमज्झतता भनिन्छ । स्पर्श गर्नु, अनुभव गर्नु आदि काममा सम्प्रयुक्त धर्मलाई अधिक (धेरै) पनि होइन, न्यून (थोरै) पनि होइन, मध्यस्थ रूपले प्रतिस्थित गर्ने धर्मलाई तत्रमध्यस्थता भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** चित्त चैतसिक धर्मलाई आरम्मणमा उपेक्षित गराउने यसको लक्षण हो । यसले सम्प्रयुक्त धर्मलाई न्यूनता र अधिकताबाट अलग भई समतामा वा मध्यस्थतामा स्थित गराउँछ । रस : न्यूनता र अधिकतालाई रोक्नु वा छेक्नु यसको काम हो । यसबाट सम्प्रयुक्त धर्मलाई आफ्नो कृत्यमा समान रूपले परिवहन गर्छ ।

**प्रत्युपस्थान :** मध्यस्थ भाव भएको यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ ।

**पदस्थान :** अप्रतियोगिता यसको आसन्न कारण हो ।

## ८) कायपस्सद्धि (कायप्रश्रब्धि)

चैतसिक समूह भनिने नाम कायको शान्त हुने स्वभावलाई कायपस्सद्धि भनिन्छ । यहाँ काय शब्दको अर्थ वेदना, संज्ञा र संस्कार स्कन्ध हो । यसले रूपकायलाई पनि शान्त र शीतल पार्न सक्छ ।

### लक्षणादि चार

**लक्षण :** चैतसिक (नाम काय) लाई शान्त गर्ने यसको लक्षण हो ।

**रस :** नाम कायलाई संताप गर्ने औद्धित्य प्रधान भएको क्लेश दमन गर्ने, शान्त गर्ने यसको काम हो ।

**प्रत्युपस्थान :** यो शान्त एवं शीतल भएको स्वभाव धर्म हो, यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** चैतसिक समूह यसको पदस्थान हो ।



https://dhamma.digital

## ९) चित्तपस्सद्धि (चित्तप्रश्रब्धि)

चित्तको शान्त हुने स्वभावलाई चित्तप्रश्रब्धि भनिन्छ । यसले अकुशल धर्ममा सम्प्रयुक्त नभई चित्तलाई स्वच्छ पारिदिन्छ, निर्मल गरिदिन्छ ।

### लक्षणादि चार

**लक्षण :** चित्तलाई शान्त पारिदिनु यसको लक्षण हो ।

**रस :** चित्तलाई संताप गर्ने औद्धित्य प्रधान भएको क्लेशलाई शान्त गर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** यो शान्त एवं शीतल स्वभावधर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ ।

**पदस्थान :** यसको आसन्न कारण चित्त हो ।

### काय एवं चित्त प्रश्रब्धि

यो दुवै एउटै नै स्वभाव भएको धर्म हो । प्रश्रब्धि (उपशम) भनिने चित्तमा पनि, चैतसिकमा पनि एउटै नै किसिमले हुन्छ । तर यो उपशम (शान्त) स्वभाव चित्त चैतसिकमा मात्र सीमित भएर बस्दैन । उपशमित चित्त चैतसिकका तर्फबाट उत्पन्न चित्तजरूप पनि उपशम हुन्छ । चित्तजरूपले सङ्क्रमण हुँदै सम्पूर्ण शरीर नै उपशम धातुले व्याप्त हुन्छ । यसप्रकार चित्त र शरीर (काय) दुवैलाई शान्त गर्ने भएकोले कायप्रश्रब्धि र चित्तप्रश्रब्धि भनि दुईवटा नाम दिइराखेको हो । स्वभाव लक्षण अनुसार दुवै एउटै हो । लघुता, मुदुता, कर्मण्यता आदिलाई पनि यहि रूपले बुझिलिनुपर्छ ।

## १०) कायलहुता (कायलघुता)

चैतसिकको हलुकापन, हलुको (गऱ्हौं नहुने) स्वभावलाई कायलहुता (कायलघुता) भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** चैतसिकको गरुता (गऱ्हौं भएको) भावलाई शान्त गर्ने यसको लक्षण हो ।

**रस :** चैतसिकको गरुभावलाई दमन गर्ने यसको काम हो । अकुशल धर्ममा थिन एवं मिद्ध सम्प्रयुक्त हुनाले गरु हुन्छ । गरु हुनुको अर्थ वीथिचित्त



https://dhamma.digital

शीघ्र नभई मन्द हुनु अथवा वीथिचित्त सन्ततिमा अनेकपटक भवङ्गपात हुने भनिएको हो । यहाँ शोभन धर्मको उत्पत्ति स्थिति भङ्ग भनिने क्षण, अशोभन धर्मको उत्पत्ति स्थिति भङ्ग भने क्षण भन्दा शीघ्र हुन्छ भनेको होइन । यो उत्पत्ति स्थिति भङ्ग भनिने क्षण शोभन, अशोभन दुवैमा समान नै हुन्छ । परन्तु कुशल कर्म गर्दा जवन वीथिको अन्तमा भवङ्ग धैरै पटक नभइकन जवन वीथिलाई निरन्तर प्रवृत गरी दिने लघुताको काम हो ।

**प्रत्युपस्थान :** अगरुता (हलुकापन) यसको आकार हो ।

**पदस्थान :** नामकाय यसको आसन्न कारण हो ।

## ११) चित्तलहुता (चित्तलघुता)

चित्तको हल्कापन, हलुको हुने स्वभावलाई चित्तलहुता भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** चित्तको गरुभावलाई शान्त गर्ने यसको लक्षण हो ।

**रस :** चित्तलाई गरु गर्ने थिनमिद्ध सम्प्रयुक्त भएको क्लेशलाई दमन गर्ने यसको काम हो ।

**प्रत्युपस्थान :** अगरुता यसको आकार हो ।

**पदस्थान :** विज्ञानस्कन्ध यसको आसन्न कारण हो ।

लघुता बलवान् नभएका पुद्गलको चित्त कुशल कर्ममा विकसित हुँदैनन् । लघुता बलवान् भएकाहरूको चित्त कुशल कर्ममा विकसित हुन्छ, संकुचित हुँदैनन् ।

यो लघुताको बलले रूपकाय पनि लघु हुन्छ । कुशल कर्म बलवान् भयो कि रूपकाय लघु हुन्छ । लघुतासँगै उब्बेगा–पीति उत्पन्न भयो कि शरीर यति हलुका हुन्छ कि आकाशमा उडेर जान सक्छ ।

## १२) कायमुदुता (कायमृदुता)

नामकायको मृदु (नरम) स्वभावलाई कायमुदुता भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** चैतसिकको कठोर स्वभावलाई उपशम गर्ने यसको लक्षण हो ।



https://dhamma.digital

**रस :** चैतसिकलाई कठोर गर्ने दृष्टि एवं मान प्रधान भएको अकुशल क्लेशलाई दमन गर्ने यसको काम हो ।

**प्रत्युपस्थान :** चैतसिकको कठोरतालाई हटाएर शोभन आरम्मणमा लगाउने यो धर्म हो: यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ । शोभन आरम्मणलाई प्रतिघात नगर्ने (अप्रतिघात) यसको आकार हो ।

**पदस्थान :** नामकाय यसको आसन्न कारण हो ।

## १३) चित्तमुदुता (चित्तमृदुता)

चित्तको मृदु स्वभावलाई चित्तमृदुता भनिन्छ ।

### लक्षणादि चार

**लक्षण :** चित्तको कठोर स्वभावलाई उपशम गर्ने यसको लक्षण हो ।

**रस :** चित्तलाई कठोर गर्ने दृष्टि एवं मान प्रधान भएको अकुशल क्लेशलाई दमन गर्ने यसको काम हो ।

**प्रत्युपस्थान :** शोभन आरम्मणलाई प्रतिघात नगर्ने यसको आकार हो ।

**पदस्थान :** विज्ञानस्कन्ध यसको आसन्न कारण हो ।

जुन पुद्‌गलको मुदुता दुर्बल हुन्छ, उसको चित्त शत्रु सेनाको समूहमा पसेको सेनापति जस्तै कठोर हुन्छ । कुशल कर्ममा उपेक्षायुक्त हुन्छ । तर जसको मृदुता बलवान् हुन्छ, उसको चित्त आफ्नो ज्ञाति बन्धुको समूहमा पसेको सेनापति जस्तै अतिकोमल, मृदु वा प्रीतियुक्त हुन्छ । कुशल कर्ममा प्रवृत हुन्छ ।

यो मृदुताको कारणले रूपकाय पनि मृदु एवं कोमल हुन्छ, शान्त वा निराभिमानी हुन्छ ।

## १४) कायकम्मञ्ञता (कायकर्मण्यता)

दान, आदि कुशल कर्ममा प्रवीण (निपुण) हुनुलाई कम्मञ्ञता भनिन्छ । कुशल कार्य गर्न अनुकूल हुनु नै कम्मञ्ञता हो । चैतसिकको कम्मञ्ञतालाई कायकम्मञ्ञता भनिन्छ ।



https://dhamma.digital

**लक्षणादि चार**

**लक्षण** : चैतसिकको अकम्मञ्ञतालाई उपशम गर्ने यसको लक्षण हो ।

**रस** : चैतसिकको अकम्मञ्ञतालाई दमन गर्ने यसको काम हो । थिनमिद्ध एवं औद्धत्यले अलग्ग भएको कामच्छन्द आदि नीवरण धर्म युक्त भएको क्लेशले चित्त चैतसिकलाई अकम्मञ्ञ पार्छ। त्यस क्लेशलाई हटाएर पठाउनु यसको काम हो ।

**प्रत्युपस्थान** : चैतसिकको आरम्मणकरणरूप सम्पत्ति यसलाई पहिचान गर्ने आकार हो। अथवा यो धर्म आरम्मण ग्रहण गर्नमा कुशलता भएको कारणले यसले परिपूर्णरूपले आरम्मणलाई राम्ररी ग्रहण गर्छ।

**पदस्थान** : चैतसिक समूह यसको आसन्न कारण हो ।

## १५) चित्तकम्मञ्ञता (चित्तकर्मण्यता)

चित्तको कम्मञ्ञ भावलाई चित्तकम्मञ्ञता भनिन्छ ।

**लक्षणादि चार**

**लक्षण** : चित्तको अकम्मञ्ञतालाई उपशम गर्नु यसको लक्षण हो ।

**रस** : चित्तको अकम्मञ्ञतालाई दमन गर्नु यसको काम हो ।

**प्रत्युपस्थान** : चित्तको आरम्मणकरणरूप सम्पत्ति यसको प्रत्युपस्थान हो ।

**पदस्थान** : विज्ञानस्कन्ध यसको आसन्न कारण हो ।

कम्मञ्ञता बलवान भएका पुद्गलका चित्त पुण्य कार्यमा इच्छानुरूपले प्रवृत्त हुन्छ। यो कम्मञ्ञताका कारणले रूपकाय पनि कुशल कर्ममा कम्मञ्ञ हुन्छ, प्रवृत्त हुन्छ ।

## १६) कायपागुञ्ञता (कायप्रागुण्यता)

प्रकृष्ट भएको (श्रेष्ठ भएको) गुणलाई पगुण भनिन्छ। प्रकृष्ट भएको भावलाई पागुञ्ञता भनिन्छ। जसरी रोगी पुरूषले काम गर्न सक्दैन, त्यसरी नै अश्रद्धा प्रधान भएको अकुशल चित्त चैतसिकले कुशल आरम्मणलाई राम्ररी ग्रहण गर्न सक्दैन । अकुशल धर्मले चित्त चेतसिकलाई रोगी जस्तै बनाई दिन्छ। पागुञ्ञताले चित्त चैतसिक धर्मलाई निरोगी समान गरिदिन्छ।

चैतसिकको पागुञ्ञतालाई कायपागुञ्ञता भनिन्छ ।



https://dhamma.digital

### लक्षणादि चार

**लक्षण** : चैतसिकको आतुरता (रोगीपन) लाई उपशम गर्नु यसको लक्षण हो ।

**रस** : चैतसिकलाई अस्वस्थ (रोगी) गर्ने अश्रद्धा प्रधान भएको अकुशल क्लेशलाई दमन गर्ने यसको काम हो । अर्थात् चैतसिकलाई आरोग्य गर्नु यसको काम हो ।

**प्रत्युपस्थान** : यो क्लेशरूपी आदिनव (दोष) केही नभएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ ।

**पदस्थान** : चैतसिक समूह यसको आसन्न कारण हो ।

## १७) चित्तपागुञ्ञता (चित्तप्रागुण्यता)

चित्तको प्रगुणतालाई चित्तपागुञ्ञता भनिन्छ ।

### लक्षणादि चार

**लक्षण** : चित्तको आतुरता (रोगीपना) लाई उपशम गर्नु यसको लक्षण हो ।

**रस** : चित्तलाई अस्वस्थ गर्ने अश्रद्धा प्रधान भएको क्लेश धर्मलाई दमन वा चित्तलाई आरोग्य गर्नु यसको काम हो ।

**प्रत्युपस्थान** : यो क्लेशरूपी आदिनव नभएको धर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ ।

**पदस्थान** : विज्ञानस्कन्ध यसको आसन्न कारण हो ।

पागुञ्ञता दुर्बल भएका पुरूषको चित्त कुशल कर्ममा कम्पित हुन्छ । तर पागुञ्ञता बलवान् भएको पुद्गलको चित्त प्रकम्पित हुँदैनन् । यो पागुञ्ञताको कारणले रूपकाय पनि कुशल कर्म गर्न निरोगी जस्तै हुन्छ ।

## १८) कायुजुकता (काय–ऋजुकता)

ऋजुलाई ऋजुक भनिन्छ । ऋजुक भाव नै ऋजुकता हो । चित्त चैतसिकको सोझो, सीधा हुने भावलाई ऋजुकता भनिन्छ । पुण्य कर्म गर्नमा कहिले सङ्कुचित हुने, कहिले उद्धत हुने, कहिले उन्नत हुने, कहिले अवनत हुने स्वभावलाई विषम गति भएको वा बाङ्गिएको स्वभाव भनिन्छ । चित्त चेतसिकलाई त्यसरी बाङ्गिएको स्वभाव हटाई पुण्य कार्य गर्नमा सोझो



https://dhamma.digital

गराउनुलाई ऋजुकता (उजुकता) भनिन्छ ।

नामकायको ऋजुकतालाई नै कायुजुकता वा कायऋजुकता भनिन्छ ।

### लक्षणादि चार

**लक्षण** : नामकायको सीधा हुने भाव यसको लक्षण हो ।

**रस** : नामकायको बाँङ्गिएको भाव (कुटिलता) लाई दमन गर्ने यसको काम हो । अथवा चैतसिकलाई पुण्य कार्यमा सोझो पारिदिने यसको काम हो ।

**प्रत्युपस्थान** : यो कुटिलता (जिम्हता) को विरोधी भएको स्वभाव धर्म हो : यसप्रकार साधकका ज्ञानमा अवभाषित हुन्छ । अथवा अजिम्हता यसलाई पहिचान गर्ने आकार हो ।

**पदस्थान** : चैतसिक समूह यसको आसन्न कारण हो ।

## १९) चित्तुजुकता (चित्त– ऋजुकता)

चित्तको ऋजु भावलाई चित्तुजुकता भनिन्छ ।

### लक्षणादि चार

**लक्षण** : चित्तको सोझो हुने भाव यसकों लक्षण हो ।

**रस** : चित्तको कुटिलतालाई दमन गर्ने वा चित्तलाई पुण्य कार्यमा सोझो गराइदिने यसको काम हो ।

**प्रत्युपस्थान** : यो कुटिलताको विरोधी भएको स्वभाव धर्म हो : यसप्रकार साधकका ज्ञानमा देखिन आउँछ । अकुटिलता (अजिम्हता) यसलाई पहिचान गर्ने आकार हो ।

**पदस्थान** : विज्ञान स्कन्ध यसको आसन्न कारण हो ।

जुन पुद्गलको ऋजुकता दुर्बल हुन्छ, उसको चित्त रक्स्याहाको जस्तै विषम स्वभाव भएको हुन्छ । ऋजुकता बलवान् भएको पुद्गलका चित्त विषम नभई सोझो हुन्छ ।

यो ऋजुकताको कारणले रूपकाय (शरीर) पनि पुण्य कार्यमा सोझो हुन्छ ।

यहाँसम्म वर्णन गरिएका उन्नाइस (१९) प्रकारका शोभन चैतसिक सम्पूर्ण प्रकारका शोभन चित्तमा मिल्ने हुनाले यसलाई शोभन साधारण चैतसिक भनिन्छ ।



https://dhamma.digital

### विरति चैतसिक तीनवटा

विरति भनेको विरत हुनु, अलग हुनुलाई भनिन्छ । दुश्चरित्र एवं दुराजीव कर्म गर्न लाग्ने अवस्थामा त्यस कर्म नगरी अलग हुनु, पछि हट्नुलाई विरति भनिन्छ। म दुश्चरित्र गर्दिन भनी दृढ संकल्प गरीराखेका वा पहिलेदेखि दुश्चरित्र नगर्ने पुद्गलले दुश्चरित्र नगर्नुलाई विरति भनिंदैन । त्यसलाई चेतना शील भनिन्छ । दुश्चरित्र कर्म गर्ने क्षण उपस्थित हुने अवस्थामा दुश्चरित्र कर्म नगर्नुलाई नै विरति भनिन्छ। दुश्चरित्र कर्म गर्ने क्षण उपस्थित नहुँदा वा दुश्चरित्र कर्म गर्न अनुकूल भएको समय वा अवसर (मौका) प्राप्त नहुँदा दुश्चरित्र कर्म नगरी अलग भएर बस्नुलाई विरति भनिंदैन । विरति चैतसिक तीन प्रकारका छन् । ती यसप्रकार छन् :

**२०) सम्मावाचा (सम्यक् वचन)**

**२१) सम्माकम्मन्तो (सम्यक् कर्मान्त)**

**२२) सम्माआजीवो (सम्यक् आजीविका)**

जीविकोपार्जनका हेतु नभएका मुसावादा (झूठो कुरा गर्नु), पिसुणवाचा (चुक्ली कुरा गर्नु), फरूषवाचा (कठोर वचन बोल्नु) र सम्फप्पलापवाचा (कामनलाग्ने कुरा गर्नु) भनिने वची दुश्चरित्र चारवटाबाट अलग्ग भई बस्नुलाई सम्मावाचा भनिन्छ ।

जीविकोपार्जनका कारण नभएका प्राणातिपात, अदिन्नादान, कामेसु मिथ्याचार भनिने काय दुश्चरित्र तीनवटाबाट अलग्ग भई बस्नुलाई सम्माकम्मन्त भनिन्छ ।

जीविकोपार्जनका हेतु भइरहेको वची दुश्चरित्र चारवटा र काय दुश्चरित्र तीनवटाबाट अलग्ग भएर बस्नुलाई सम्माआजीव भनिन्छ। अर्थात् वची दुश्चरित्र, काय दुश्चरित्र गरी जीविका नगर्नु सम्यक् आजीविका हो ।

### विरति चैतसिकका लक्षणादि चार

**लक्षण :** दुश्चरित्र नगर्नु यसको लक्षण हो ।

**रस :** काय, वची दुश्चरित्र कर्ममा सङ्कोच हुनु वा दुश्चरित्रलाई त्याग गर्नु यसको काम हो ।

**प्रत्युपस्थान :** काय दुश्चरित्र, वची दुश्चरित्रलाई त्याग गर्नु वा



https://dhamma.digital

दुश्चरित्रबाट अलग भइरहने यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा अवभाषित हुन्छ ।

**पदस्थान :** श्रद्धा, हिरी, ओतप्प, अल्पेच्छता आदि यसको आसन्न कारण हो ।

## अप्पमञ्ञा (अप्रमाण्या) चैतसिक दुईवटा

जसको यति, उति भन्ने प्रमाण हुँदैन, त्यसलाई अप्रमाण भनिन्छ । यो चैतसिकले सत्व प्रज्ञप्तिको आरम्मण गर्छ । सत्व प्रज्ञप्तिका कुनै सीमा (संख्या) छैन । समस्त सत्व प्राणी यसको आरम्मण हो । अप्रमाण सत्व–प्रज्ञप्तिलाई आरम्मण गर्ने करूणा र मुदिता चैतसिकलाई अप्पमञ्ञा भनिन्छ ।

## २३) करुणा

दुःख कष्ट पाइरहेका सत्व प्राणीहरू देखेर दया राख्नु, अनुकम्पा राख्नु, सहानुभूति राख्नु, त्यस दुःखबाट मुक्त गरी दिने इच्छा हुनुलाई करुणा भनिन्छ । अथवा अरूको दुःख देखेर हृदय कम्प हुने स्वभावलाई करुणा भनिन्छ । तर परजनको दुःख देखेर आफू पनि दुःखी हुनु, मनमा शोक उत्पन्न हुनु, चित्त क्लेश युक्त हुनुलाई करुणा भनिँदैन । त्यसलाई दौर्मनस्य वेदना भनिन्छ । करुणा कुशल धर्म भएकोले यसमा शोक आदि क्लेश उत्पन्न हुँदैन, दया अनुकम्पा आदि गुणले युक्त हुन्छ ।

## लक्षणादि चार

**लक्षण** : अरूको दुःखलाई दूर गरिदिने यसको लक्षण हो । परदुःख प्रहाण लक्षण भएको यो धर्म हो ।

**रस** : अरूलाई दुःख भएको देखी सहन नसक्नु यसको काम हो ।

**प्रत्युपस्थान** : विहिंसा (द्वेष) को विरोधी स्वभाव भएको यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ ।

**पदस्थान** : दुःखी सत्वको अनाथ भावलाई देख्न सक्ने योनिसोमनसिकार यसको आसन्न कारण हो ।

## २४) मुदिता

अरूलाई सुख भएको देखी प्रसन्न हुने, हर्ष हुने, सुखी हुने, प्रमुदित हुने स्वभावलाई मुदिता भनिन्छ ।



https://dhamma.digital

**लक्षणादि चार**

**लक्षण** : सुखी सत्वलाई देखि प्रमुदित हुने यसको लक्षण हो ।

**रस** : अरूलाई सुख भएकोमा, सम्पत्ति लाभ भएकोमा ईर्ष्या नगर्नु यसको काम हो ।

**प्रत्युपस्थान** : अरूको सम्पत्तिमा अरति (ईर्ष्या) नगर्ने यो धर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ ।

**पदस्थान** : परसम्पत्ति, परसुख दर्शन यसको आसन्न कारण हुन् ।

आफूलाई मनपर्ने वा आफ्नो हितैषी मित्रको सुख भयो कि हर्ष उत्पन्न हुनुलाई मुदिता भनिदैंन । यसलाई सौमनस्य सहगत लोभमूल चित्त भनिन्छ । त्यस्तै नै आफ्नो हितैषीको दुःख भयो कि आफ्नो हृदय कम्प हुनु पनि करुणा होइन, दौर्मनस्य वेदना हो । किनभने करुणा र मुदिताले आफू-अरू भन्ने भाव नराखी समस्त सत्व प्रज्ञप्तिलाई आरम्मण गर्छ । त्यसैले आफू अरू भन्ने भाव नबनाई कोही कसैप्रति करुणा वा मुदिता उत्पन्न हुन्छ भने त्यही नै साँच्चैको करुणा मुदिता हो ।

अप्पमञ्ञालाई ब्रह्मविहार पनि भनिन्छ । ब्रह्मविहार चार प्रकारका छन् । ती हुन् : मैत्री, करुणा, मुदिता र उपेक्षा । यसमध्ये मैत्रीको वर्णन अद्वेष चैतसिकका नामले, उपेक्षाका वर्णन तत्रमध्यस्थता चैतसिकका नामले माथि उल्लेख भइसकेका छन् ।

## २५) पञ्ञिन्द्रिय (............)

विभिन्न प्रकारले थाहा पाउने धर्म प्रज्ञा हो । अविद्यालाई रोक्नुमा आधिपत्य भएको कारणले यो इन्द्रिय पनि हो । त्यसैले यसलाई प्रज्ञेन्द्रिय पनि भनिन्छ । विभिन्न प्रकारले थाहा पाउनुको अर्थ अनित्य, अनात्म, दुःख समुदय, निरोध, मार्ग, कुशल, अकुशल, कर्म, कर्मफल आदि प्रकारले थाहा पाउने भनिएको हो । यो प्रज्ञेन्द्रियलाई अमोह पनि भनिन्छ । पञ्ञा (प्रज्ञा) पनि भनिन्छ । विज्जा (विद्या), ञाण (ज्ञान), सम्मादिट्ठि (सम्यक्दृष्टि) पनि भनिन्छ । तर क्लेशले युक्त भएको चातुर्यता, चलाखीपनलाई प्रज्ञा भनिदैंन ।

**लक्षणादि चार**

**लक्षण** : आरम्मणलाई यथार्थ रूपले चिन्ने (प्रतिवेध गर्नु) यसको लक्षण हो । अथवा स्वभाव धर्मको यथाभूत दर्शन, यथाभूत अवबोध यसको लक्षण हो ।



https://dhamma.digital

**रस** : आरम्मणलाई यथार्थरूपले अवभाषित गर्नु यसको काम हो । आरम्मणको यथार्थ स्वभावलाई अविद्याले छोपिदिन्छ, त्यसैले अविद्या अन्धकार समान हो । आरम्मणको यथार्थ स्वभावलाई प्रज्ञाले खोलेर (उघारेर) देखाउँछ, त्यसैले प्रज्ञा प्रदीप समान हो, ज्योति समान हो । भगवान् बुद्धले भन्नुभएको छ, "नत्थि पञ्ञासमा आभा" अर्थात् प्रज्ञा समान ज्योति अर्को छैन ।

**प्रत्युपस्थान** : यो आरम्मणमा असम्मोह प्राप्त हुनु (अविद्या रहित भएको) धर्म हो : यसप्रकार साधकको ज्ञानमा देखिन आउँछ ।

**पदस्थान** : योनिसोमनसिकार यसको आसन्न कारण हो ।

| | |
|---|---|
| शोभन साधारण चैतसिक | १९ वटा |
| विरति चैतसिक | ३ वटा |
| अप्पमञ्ञा चैतसिक | २ वटा |
| प्रज्ञेन्द्रिय चैतसिक | १ वटा |

यसरी शोभन चैतसिक २५ वटा भयो ।

शोभन राशि समाप्त ।

## अभ्यास प्रश्न

१) कस्तो चैतसिकलाई शोभन चैतसिक भनिन्छ ? शोभन चैतसिक कति प्रकारका छन् ?

२) सद्धा कति प्रकारका छन् ? उदाहरण सहित लेख्नुहोस् ।

३) सति चैतसिकको लक्षणादि लेख्नुहोस् ।

४) हिरी ओत्तप्पको परिचय दिई त्यसको भेद देखाउनुहोस् ।

५) अलोभ, अद्वेष र अमोह चैतसिकका विशेषता देखाउनुहोस् ।

६) तत्रमध्यस्थता, प्रश्रब्धि, लघुता, मृदुता, कर्मण्यता, प्रागुण्यता र ऋजुकता भनेका के के हुन् ? व्याख्या गर्नुहोस् ।

७) शोभन साधारण चैतसिक कतिवटा छन् ? किन शोभन साधारण भनिएको हो ?

८) विरति चैतसिक कति प्रकारका छन् ?

९) अप्पमञ्ञा चैतसिकले आफू र अरूको भेदभाव नराखी समस्त सत्व प्रज्ञप्तिलाई आरम्मण गर्छ, कसरी ?

१०) प्रज्ञेन्द्रिय चैतसिक भनेको के हो ? व्याख्या गर्नुहोस् ।



https://dhamma.digital

# ५. सम्प्रयोगनय

बाउन्न प्रकारका चैतसिकको संक्षिप्त वर्णन पछि ती ५२ प्रकारका चैतसिक कुन-कुन चित्तसँग मिल्दछ भन्ने कुरा उल्लेख हुन्छ। यो चैतसिक यति चित्तसँग सम्प्रयुक्त हुन्छ, यति चित्तसँग सम्प्रयुक्त हुँदैन इत्यादिरूपले प्रत्येक चैतसिक चित्तसँग सम्प्रयुक्त भएको देखाउनेलाई सम्प्रयोगनय भनिन्छ। सम्प्रयोगनयलाई राम्ररी बुझ्न चित्त र चैतसिकको स्वरूपलाई राम्ररी सम्झनुपर्दछ। कामावचर, रूपावचर आदि भेद अनुसार चित्त संक्षिप्तरूपमा उनानब्बे (८९), विस्तृत रूपले एकसय एक्काइस (१२१) वटा छन् । चैतसिक पूर्वोक्त अनुसार बाउन्न (५२) वटा छन् ।

**अन्यसमान चैतसिक सम्प्रयोगनय**

माथि उल्लेख भए अनुसार सर्वचित्तसाधारण चैतसिक सातवटा र पकिण्णक चैतसिक छवटा जम्मा १३ वटा चैतसिक अन्यसमान चैतसिक हुन्। यी चैतसिकहरू कुन कुन चित्तमा मिल्दछन् वा सम्प्रयोग हुन्छन् भन्ने विषयमा तल उल्लेख गरिएका छन् –

**सर्वचित्तसाधारण चैतसिक सम्प्रयोगनय**

सर्वचित्तसाधारण चैतसिक सातवटा सम्पूर्ण प्रकारको चित्तमा मिल्दछ। अथवा फस्स, वेदना आदि सातवटा सर्वचित्तसाधारण चैतसिक ८९ वटा वा १२१ वटा चित्तमा पनि मिल्दछ ।

Dhamma.Digital

**प्रकीर्णक चैतसिक सम्प्रयोगनय**

१) प्रकीर्णक चैतसिक छ वटामध्ये पहिलो वितक्क चैतसिक द्विपञ्चविज्ञान १० वटा बाहेकको कामचित्त ४४ वटामा र प्रथम ध्यान चित्त ११ वटामा, यसप्रकार ५५ वटा चित्तमा मिल्दछ । अहेतुक अकुशल विपाक चक्षु, श्रोत, घ्राण, जिह्वा, काय विज्ञान र अहेतुक कुशल विपाक चक्षु, श्रोत, घ्राण, जिह्वा, काय विज्ञान– यी दशवटा चित्तलाई द्विपञ्चविज्ञान भनिन्छ । द्विपञ्चविज्ञान वितर्क विना आरम्मणमा प्रवेश हुन सक्ने भएकोले र द्वितीय, तृतीय, चतुर्थ र पञ्चम ध्यानले वितर्कलाई प्रहाण गर्ने भएकोले द्विपञ्चविज्ञान र द्वितीय, तृतीय, आदि ध्यान चित्तमा वितर्क सम्प्रयुक्त हुँदैन ।



https://dhamma.digital

२)	विचार चैतसिक त्यस वितर्क मिलेको चित्त ५५ वटा र द्वितीय ध्यान चित्त ११ वटा, यसप्रकार ६६ वटा चित्तमा मिल्दछ। वितक्क सम्प्रयुक्त भएकोमा विचार पनि प्रायः सम्प्रयुक्त हुन्छ, तर विचार सम्प्रयुक्त भएको सम्पूर्ण ठाँउमा वितक्क सम्प्रयुक्त हुँदैन । त्यसैले द्वितीय ध्यानमा विचार हुन्छ, तर वितक्क हुँदैन ।

३)	अधिमोक्ख चैतसिक द्विपञ्चविज्ञान १० वटा र विचिकिच्छा सहगत चित्त एउटा बाहेकको ७८ वटा चित्तमा मिल्दछ । अधिमोक्खको स्वभाव आरम्मणलाई निश्चय गर्नु हो । द्विपञ्चविज्ञानको काम आरम्मणलाई निश्चय गर्नु होइन, त्यसलाई ग्रहण गर्ने मात्र हो । त्यसैले द्विपञ्चविज्ञानमा अधिमोक्ख मिल्दैन। विचिकिच्छा अधिमोक्खको विरोधी स्वभाव भएको धर्म हो, त्यसैले विचिकिच्छासहगत चित्तमा अधिमोक्ख सम्प्रयुक्त हुँदैन ।

४)	वीर्य चैतसिक पञ्चद्वारावर्जन चित्त एउटा, द्विपञ्चविज्ञान १० वटा, सम्पटिच्छन्न २ वटा र सन्तीरण ३ वटा बाहेकको ७३ वटा चित्तमा मिल्दछ। पञ्चद्वारावर्जन, द्विपञ्चविज्ञान, सम्पटिच्छन र सन्तीरण चित्त आरम्मण ग्रहण गर्नमा अत्यन्त दुर्बल हुन्छ, तर वीर्य आरम्मण ग्रहण गर्नमा अत्यन्त उत्साहित हुन्छ, यसप्रकार विपरीत स्वभाव भएको कारणले उपयुक्त चित्तमा वीर्य सम्प्रयुक्त हुँदैन ।

५)	प्रीति चैतसिक दोषमूल चित्त २ वटा, उपेक्षासहगत चित्त ५५ वटा, कायविज्ञान चित्त २ वटा र चतुर्थध्यान चित्त ११ वटा बाहेकको ५१ वटा चित्तमा मिल्दछ। पीतिको स्वभाव हर्षोत्पाद हो। दौर्मनस्य (द्वेष) भनेको वैमनस्य स्वभाव धर्म हो, उपेक्षा भनेको मध्यस्थ स्वभाव भएको (न प्रीति नद्वेष) धर्म हो। त्यसैले दोषमूल र उपेक्षा सहगत चित्तमा प्रीति हुँदैन। प्रीति भनेको कायिक सुख पनि होइन, त्यसैले सुखसहगत र दुःखसहगत कायविज्ञान चित्तमा पनि प्रीति मिल्दैन । चतुर्थ ध्यानले प्रीतिलाई प्रहाण गर्ने भएकोले चतुर्थ ध्यान चित्तमा प्रीति सम्प्रयुक्त हुँदैन ।

६)	छन्द चैतसिक अहेतुक चित्त १८ वटा र मोहमूल चित्त २ वटाबाट अलग भएको ६९ वटा चित्तमा मिल्दछ। छन्द भनेको इच्छा गर्ने स्वभाव हो । त्यसैले यो इच्छारहित भइरहेको अहेतुक चित्त र सम्मोहग्रस्त



https://dhamma.digital

भइरहेको मोहमूल चित्तमा स्वभाव विपरीत भएको कारणले सम्प्रयुक्त हुँदैन ।

उपर्युक्त अनुसारको प्रकीर्णक चैतसिकसँग सम्प्रयुक्त र विप्रयुक्त भएका चित्तका संख्या तल लेखिएको अनुसार छन् :–

| **चैतसिक** | **विप्रयुक्त चित्त** | **सम्प्रयुक्त चित्त** |
|---|---|---|
| वितर्क | ६६ | ५५ |
| विचार | ५५ | ६६ |
| अधिमोक्ष | ११ | ७८ |
| वीर्य | १६ | ७३ |
| प्रीति | ७० | ५१ |
| छन्द | २० | ६९ |

अन्यसमान चैतसिक सम्प्रयोगनय समाप्त ।

**अकुशल चैतसिक सम्प्रयोगनय**

१) अकुशल चैतसिक १४ वटा अकुशल चित्तमा मात्र मिल्दछ। त्यसमध्ये मोह, अहिरिक, अनोतप्प र उद्धच्च चैतसिक अकुशल चित्त १२ वटामा पनि मिल्दछ। सम्पूर्ण प्रकारका (१२ वटा प्रकारका) अकुशल चित्तमा पनि मिलेकोले उपयुक्त चारवटा चैतसिकलाई सर्वअकुशल साधारण चैतसिक भनिन्छ। कुनै पनि अकुशल कर्म उक्त चारवटा चैतसिक विना उत्पन्न हुँदैनन्। त्यसैले ती चारवटा चैतसिक सम्पूर्ण अकुशल चित्तमा सम्प्रयुक्त हुन्छ।

२) लोभ चैतसिक लोभ सहगत चित्त ८ वटामा मात्र मिल्दछ।

३) दिट्ठि चैतसिक दिट्ठिगत सम्प्रयुक्त चित्त ४ वटामा मात्र मिल्दछ।

४) मान चैतसिक दिट्ठिगत विप्पयुक्त चित्त ४ वटामा मात्र मिल्दछ।

मान र दिट्ठि दुवैमा पञ्चस्कन्धमा स्वाद लिने, म नै हुँ भनी ग्रहण गर्ने स्वभाव भएकोले जसरी केशरी सिंह आफ्नो समान स्वभाव भएको अर्को सिंहसँग एउटै गुफामा बस्दैन, त्यसरी नै दिट्ठि र मान एउटै प्रकारका चित्तमा सँगै उत्पत्ति हुँदैन । यो दुवै चैतसिक लोभ सहगत चित्तमा मात्र उत्पन्न हुन्छन्।



https://dhamma.digital

५) दोस, इस्सा, मच्छरिय र कुक्कुच्च चैतसिक प्रतिघ सम्प्रयुक्त चित्त दुईवटामा मात्र मिल्दछ । यी चारैवटा चैतसिक मनमा दाह हुने, सहन नसक्ने स्वभाव भएकोले द्वेषमूल चित्तमा मिलेको हो ।

६) थिनमिद्ध चैतसिक पाँचवटा ससंस्कारिक चित्तमा मिल्दछ । आलस्य स्वभाव भएको थिन एवं मिद्ध चैतसिक तीक्ष्ण स्वभाव भएको असंस्कारिक चित्तमा मिल्दैन ।

७) विचिकिच्छा चैतसिक विचिकित्सा सहगत मोहमूल चित्त एउटामा मात्र मिल्दछ ।

उपर्युक्त अनुसारले पाँच प्रकारका सम्प्रयोगनय तल लेखिए अनुसार छन् :

क) चारवटा चैतसिक सम्पूर्ण अकुशल चित्त १२ वटामा मिल्दछ ।

ख) तीनवटा चैतसिक लोभमूल चित्त ८ वटामा मिल्दछ ।

ग) चारवटा चैतसिक दोषमूल चित्त २ वटामा मिल्दछ ।

घ) दुईवटा चैतसिक ससंस्कारिक चित्त ५ वटामा मिल्दछ ।

ङ) एउटा चैतसिक विचिकित्सा सहगत चित्त १ वटामा मात्र मिल्दछ ।

अकुशल चैतसिक सम्प्रयोगनय समाप्त

**शोभन चैतसिक सम्प्रयोगनय**

१) शोभन चैतसिक २५ वटा मध्ये सद्धा, सति आदि शोभन साधारण चैतसिक १९ वटा सम्पूर्ण प्रकारका शोभन चित्त ५९ वटामा मिल्दछ ।

२) विरति चैतसिक तीनवटा लोकुत्तर चित्त ८ वटामा मिल्दछ । लौकिक शोभन चित्त ५१ वटा मध्ये कामावचर कुशल चित्त ८ वटामा मात्र कहिले काहीँ अलग्ग-अलग्ग रूपमा मिल्दछ ।

लोकुत्तर चित्तले काय वाक दुश्चरित्रको जरैदेखि उखेलेर फाल्ने भएकोले तीन वटै विरति चैतसिक लोकुत्तर चित्तमा एकसाथ मिल्दछ । लौकिक चित्तमा मुसावादाविरतिले मुसावादालाई मात्र प्रहाण गर्छ, अरू पिसुणवाचालाई प्रहाण गर्दैन । त्यस्तै, पिसुणवाचाविरतिले पिसुणवाचालाई मात्र प्रहाण गर्छ, अरू फरूसवाचा आदिलाई प्रहाण गर्दैन । यसप्रकार एक-एक विरतिले एक-एकवटालाई मात्र प्रहाण गर्ने



https://dhamma.digital

भएकाले लौकिक कामावचर कुशल चित्त ८ वटामा विरति चैतसिक एकसाथ मिल्दैन, अलग्ग अलग्ग रूपमा कहिले कहिले मात्र मिल्दछ। काम भूमिमा रहेको कामावचर कुशल चित्तमा मात्र मिल्दछ। रूपावचर र अरूपावचर भूमिमा पनि कामावचर चित्त उत्पन्न हुनसक्छ तर रूप अरूप भूमिमा रहेका कामावचर कुशल चित्तमा विरति चैतसिक मिल्दैनन्, किनभने त्यहाँ रूपादि भूमिमा काय वची दुश्चरित्र भनेको छोड्नु पर्ने वस्तु नै (विरमितव्य वस्तु) हुँदैनन् ।

३) अप्पमञ्ञा चैतसिक (करुणा र मुदिता) पञ्चम ध्यान चित्तबाट अलग्ग भएको १२ वटा महग्गत चित्तमा, कामावचर कुशल चित्त ८ वटामा र सहेतुक कामावचर क्रिया चित्त ८ वटामा, यसप्रकार २८ वटा चित्तमा कहिले काहीँ अलग्ग-अलग्ग रूपले मात्र मिल्दछ।

सत्व प्रज्ञप्तिलाई आरम्मण गरी भावना गर्दा मात्र ध्यान प्राप्तिका समयमा करुणा र मुदिता सम्प्रयुक्त हुन्छ । पृथ्वी कसिण आदि कम्मट्ठानलाई आरम्मण गरी ध्यान गर्दा करुणा र मुदिता सम्प्रयुक्त हुँदैनन् । सत्व प्रज्ञप्तिका आरम्मणमा पनि दुखित सत्व प्रज्ञप्ति आरम्मण गर्दा करुणा, सुखित सत्व प्रज्ञप्ति आरम्मण गर्दा मुदिता उत्पन्न हुन्छ । यसप्रकार आरम्मणको भेदका कारणले अप्पमञ्ञा चैतसिक उपर्युक्त २८ वटा चित्तमा एकसाथ मिल्दैनन् । पृथक-पृथकरूपले कहिले काहीँ मात्र मिल्दछन्।

कामावचर शोभन चित्तमध्ये उपेक्षा सहगत चित्त ८ वटामा करूणा र मुदिता सम्प्रयुक्त हुँदैन भन्ने कोही आचार्यहरूको राय छन् ।

४) पञ्ञिन्द्रिय चैतसिक ज्ञानसम्प्रयुक्त चित्त १२ वटा र सम्पूर्ण महग्गत लोकुत्तर चित्त ३५ वटामा – यसरी जम्मा ४७ वटा चित्तमा मिल्दछ।

उपर्युक्त चार प्रकारका सम्प्रयोगनय अनुसार शोभन चैतसिकसँग सम्प्रयुक्त भएको चित्त संख्या तल लेखिए अनुसार छन् :

| **चैतसिक** | | **चित्त** |
|---|---|---|
| शोभन साधारण | १९ वटा | ५९ |
| विरति | ३ वटा | १६ |



https://dhamma.digital

| | | |
|---|---|---|
| अप्पमञ्ञा | २ वटा | २८ |
| पञ्ञिन्द्रिय | १ वटा | ४७ |

शोभन चैतसिक सम्प्रयोगनय समाप्त ।

## नियतयोगी र अनियतयोगी चैतसिक

सम्प्रयुक्त चित्तसँग सँधै सम्प्रयुक्त भइरहने चैतसिकलाई नियतयोगी चैतसिक भनिन्छ । सम्प्रयुक्त चित्तसँग सँधै सम्प्रयुक्त नभई कहिले हुने, कहिले नहुने चैतसिकलाई अनियतयोगी चैतसिक भनिन्छ। इस्सा, मच्छरिय, कुक्कुच्च, सम्मावाचा, सम्माकम्मन्त, सम्माआजीव, करुणा, मुदिता, मान, थिन, मिद्ध –यी ११ वटा चैतसिकलाई अनियतयोगी भनिन्छ। बाँकी रहेका ४१ वटा चैतसिकलाई नियतयोगी भनिन्छ ।

सम्प्रयोगनय समाप्त ।

### अभ्यास प्रश्न

१) सम्प्रयोगनय भनेको के हो ? सम्प्रयोगनय कति प्रकारका छन् ? उल्लेख गर्नुहोस् ।

२) अधिमोक्ख, वीरिय, पीति र छन्द चैतसिक कुन-कुन चित्तमा मिल्दछन् ?

३) मान चैतसिक र दिट्ठि चैतसिक सँगै उत्पन्न हुँदैनन्, किन ?

४) अकुशल चैतसिक सम्प्रयोगनय पाँचवटा के के हुन् ?

५) शोभन चैतसिक सम्प्रयोगनय कतिवटा छन्, ती के के हुन् ?

६) विरति चैतसिक रूपावचर भूमिमा रहेको कामावचर कुशल चित्तमा मिल्दैन, किन ?

७) पृथ्वी कसिण आदि ध्यानमा अप्पमञ्ञा चैतसिक मिल्दैन, किन ?

८) प्रज्ञेन्द्रिय चैतसिक कुन-कुन चित्तमा मिल्दछ ?

९) सर्वचित्त साधारण चैतसिक कुन-कुन चित्तमा मिल्दछ ?

१०) नियतयोगी र अनियतयोगी चैतसिक कस्तोलाई भनिन्छ ?



https://dhamma.digital

# ६. सङ्गहनय

चैतसिकसँग चित्त मिल्ने नियमलाई जानिसकेपछि चित्तमा चैतसिक मिल्ने नियमलाई जान्नु आवश्यक हुन्छ । यो चित्त यति चैतसिकसँग मिल्दछ इत्यादि रूपले प्रत्येक चित्त चैतसिकसँग मिलेको देखाउनुलाई सङ्गहनय भनिन्छ ।

## लोकुत्तर चित्त सङ्गहनय

१) लोकुत्तर चित्त ४० वटा मध्ये प्रथमध्यान चित्त ८ वटामा अन्यसमान चैतसिक १३ वटा र अप्पमञ्ञा वर्जित शोभन चैतसिक २३ वटा, यसप्रकार ३६ वटा चैतसिक संग्रह हुन्छ । लोकुत्तर चित्तको आरम्मण निर्वाण हो । अप्पमञ्ञा चैतसिकका आरम्मण सत्व प्रज्ञप्ति हो । यसरी आरम्मण नमिलेको कारणले लोकुत्तर चित्तमा अप्पमञ्ञा चैतसिक मिल्दैन ।

लोकुत्तर चित्त अर्हत् आदि आर्यहरूसँग हुने चित्त हो । लोकुत्तर चित्तमा करुणा र मुदिता भनिने अप्पमञ्ञा चैतसिक मिल्दैनन् । त्यसो हुँदा अर्हतहरूसँग करुणा, मुदिता भनेको हुँदैन र ?

अर्हत्हरूसँग करुणा र मुदिता हुन्छ । अर्हत्हरूसँग सँधै लोकुत्तर चित्त मात्र उत्पन्न भइरहँदैन, अहेतुक क्रिया चित्त र कामावचर शोभन महाक्रिया चित्त भनिने कामावचर चित्त पनि उत्पन्न हुन्छ । महाक्रिया चित्तमा करुणा र मुदिता दुवै मिलेकोले अर्हत्हरूसँग करुणा र मुदिता दुवै रहिरहन्छ ।

२) लोकुत्तर द्वितीय ध्यान चित्त ८ वटामा वितक्क एउटालाई छाडी लोकुत्तर प्रथम ध्यान चित्तमा मिलेको ३५ वटा चैतसिक संग्रह हुन्छ ।

३) लोकुत्तर तृतीय ध्यान चित्त ८ वटामा वितक्क, विचारलाई छाडी प्रथम र द्वितीय ध्यानमा मिलेको ३४ वटा चैतसिक संग्रह हुन्छ ।

४) लोकुत्तर चतुर्थ ध्यान चित्त ८ वटामा वितक्क, विचार र पीतिलाई छाडी प्रथम, द्वितीय, तृतीय ध्यानमा मिलेको ३३ वटा चैतसिक संग्रह हुन्छ ।

५) लोकुत्तर पञ्चम ध्यान चित्त ८ वटामा उपेक्षा वेदना सहितको चतुर्थ ध्यानमा मिलेको ती ३३ वटा चैतसिक नै संग्रह हुन्छ ।



https://dhamma.digital

उपयुक्त पाँचवटा नियम अनुसार चित्तमा मिलेको चैतसिक संख्या तल लेखिए अनुसार हुन्छ :

| **लोकुत्तर चित्त** | | **चैतसिक** |
|---|---|---|
| प्रथमध्यान | ८ वटा | ३६ |
| द्वितीयध्यान | ८ वटा | ३५ |
| तृतीयध्यान | ८ वटा | ३४ |
| चतुर्थध्यान | ८ वटा | ३३ |
| पञ्चमध्यान | ८ वटा | ३३ |

लोकुत्तर चित्त सङ्गहनय समाप्त ।

## महग्गत चित्त सङ्गहनय

१) रूपावचर र अरूपावचर चित्तलाई महग्गत चित्त भनिन्छ । महग्गत चित्त २७ वटामध्ये प्रथमध्यान चित्त तीनवटामा अन्यसमान चैतसिक १३ वटा र विरति चैतसिक तीनवटा बाहेकको शोभन चैतसिक २२ वटा गरी जम्मा ३५ वटा चैतसिक मिल्दछन् । तर यसमा करुणा र मुदिता चैतसिक दुईवटा पृथक-पृथकरूपले मात्र मिल्दछन् ।

२) महग्गत द्वितीयध्यान चित्त तीनवटामा वितर्कलाई छाडी महग्गत प्रथमध्यान चित्तमा मिलेको ३४ वटा चैतसिक संग्रह हुन्छ ।

३) महग्गत तृतीयध्यान चित्त तीनवटामा वितर्क र विचारलाई छाडी महग्गत प्रथम, द्वितीय ध्यान चित्तमा मिलेको ३३ वटा चैतसिक संग्रह हुन्छ ।

४) महग्गत चतुर्थध्यान चित्त तीनवटामा वितर्क, विचार र पीति अलग भएको पूर्वोक्त ३२ वटा चैतसिक संग्रह हुन्छ ।

५) महग्गत पञ्चम ध्यान चित्त १५ वटामा वितक्क, विचार, पीति र अप्पमञ्ञा चैतसिक अलग भएको पूर्वोक्त ३० वटा चैतसिक संग्रह हुन्छ । अप्पमञ्ञा चैतसिकमा सौमनस्य सहगत भइरहन्छ, तर पञ्चम ध्यान चित्त सँधै उपेक्षायुक्त भइरहन्छ, त्यसैले पञ्चम ध्यान चित्तमा अप्पमञ्ञा चैतसिक मिल्दैन ।

उपयुक्त पाँचवटा नियम अनुसार महग्गत चित्तमा मिलेको चैतसिक



https://dhamma.digital

संख्या तल लेखिएको अनुसार छन् :

| चित्त | | चैतसिक |
|---|---|---|
| महग्गत प्रथमध्यान | ३ वटा | ३५ |
| महग्गत द्वितीयध्यान | ३ वटा | ३४ |
| महग्गत तृतीयध्यान | ३ वटा | ३३ |
| महग्गत चतुर्थध्यान | ३ वटा | ३२ |
| महग्गत पञ्चमध्यान | १५ वटा | ३० |

महग्गत चित्त संग्रहनय समाप्त ।

## कामावचर शोभन चित्त सङ्ग्रहनय

महाकुशल, महाविपाक र महाकिया चित्तलाई कामावचर शोभन चित्त भनिन्छ । कामावचर शोभन चित्त २४ वटा छन् । ती मध्ये महाकुशल चित्त ८ वटामा पहिलो र दोस्रो (सोमनस्स सहगत ञाणसम्पयुक्त असङ्खारिक र ससङ्खारिक) चित्तलाई प्रथम द्वय भनिन्छ । त्यस्तै नै तेस्रो र चौथो (सोमनस्स सहगत ञाणविप्पयुक्त असङ्खारिक र ससङ्खारिक) चित्तलाई द्वितीय द्वय, पाँचौ र छैठौं (उपेक्खासहगत ञाणसम्पयुक्त असङ्खारिक र ससङ्खारिक) चित्तलाई तृतीय द्वय तथा सातौं र आठौं (उपेक्खा सहगत ञाणविप्पयुक्त असङ्खारिक र ससङ्खारिक) चित्तलाई चतुर्थ द्वय भनिन्छ ।

यस्तैरूपले महाकिया र महाविपाक चित्तमा पनि चार-चार वटा द्वय हुन्छन् ।

१) महाकुशल प्रथम द्वयमा अन्यसमान चैतसिक १३ वटा र शोभन चैतसिक २५ वटा, यसप्रकार ३८ वटा चैतसिक संग्रह हुन्छ ।

२) महाकुशल द्वितीय द्वयमा अन्यसमान १३ र पञ्ञिन्द्रिय बाहेकको शोभन चैतसिक २४ वटा गरी जम्मा ३७ वटा चैतसिक मिल्दछन् ।

३) महाकुशल तृतीय द्वयमा अन्यसमान १३ र पीति बाहेकको शोभन चैतसिक २४ वटा गरी ३७ वटा चैतसिक संग्रह हुन्छ ।

४) महाकुशल चतुर्थ द्वयमा अन्यसमान १३ र पञ्ञा र पीति बाहेकका शोभन चैतसिक २३ वटा गरी जम्मा ३६ वटा चैतसिक संग्रह हुन्छ ।

५) महाकिया प्रथम द्वयमा अन्यसमान १३ र विरति बाहेकका २२ वटा



https://dhamma.digital

शोभन चैतसिक गरी जम्मा ३५ वटा चैतसिक मिल्दछन् ।

६) महाक्रिया द्वितीय द्वयमा अन्यसमान १३ र विरति र पञ्ञिन्द्रिय बाहेकको २१ वटा शोभन चैतसिक गरी ३४ वटा चैतसिक मिल्दछन् ।

७) महाक्रिया तृतीय द्वयमा अन्यसमान १३ र विरति र पीति अलग भएको २१ वटा शोभन चैतसिक गरी ३४ वटा चैतसिक मिल्दछन् ।

८) महाक्रिया चतुर्थ द्वयमा अन्यसमान १३ र विरति, पञ्ञा र पीति अलग भएको २० वटा शोभन चैतसिक गरी ३३ वटा चैतसिक मिल्दछन् ।

महाक्रिया चित्त अर्हतहरूसँग हुने चित्त हो । अर्हत् पुद्गलले दुश्चरित्र एवं दुराजीव आदिलाई निःशेषरूपले प्रहाण गरिसकेकोले दुश्चरित्र दुराजीव आदिबाट विरत हुनुपर्ने हुँदैन । त्यसैले महाक्रिया चित्तमा विरति चैतसिक सम्प्रयुक्त हुँदैन । तर अर्हतका सन्तानमा मात्र हुने यो महाक्रिया चित्तमा ज्ञानविप्रयुक्त कसरी भयो ? यो विद्वानहरूद्वारा विचारणीय छ ।

९) महाविपाक प्रथम द्वयमा अप्पमञ्ञा र विरति अलग भएको ३३ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

१०) महाविपाक द्वितीय द्वयमा अप्पमञ्ञा, विरति र पञ्ञिन्द्रिय अलग भएको ३२ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

११) महाविपाक तृतीय द्वयमा अप्पमञ्ञा, विरति र पीति अलग भएको ३२ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

१२) महाविपाक चतुर्थ द्वयमा अप्पमञ्ञा, विरति, पञ्ञा र पीति अलग भएको ३१ वटा अन्यसमान र शोभन चैतसिक संग्रह हुन्छ ।

उपयुक्त १२ वटा नियम अनुसार शोभन चित्तमा मिलेको चैतसिक संख्या तल लेखिए अनुसार छन्:

| | **कुशल** | **क्रिया** | **विपाक** |
|---|---|---|---|
| प्रथम द्वय | ३८ | ३५ | ३३ |
| द्वितीय द्वय | ३७ | ३४ | ३२ |
| तृतीय द्वय | ३७ | ३४ | ३२ |
| प्रथम द्वय | ३६ | ३३ | ३१ |

कामावचर शोभन चित्त संग्रहनय समाप्त ।



https://dhamma.digital

## अकुशल चित्त सङ्गहनय

अकुशल चित्त १२ वटा मध्ये लोभमूल असंस्कारिक चित्त ४ वटा र द्वेषमूल असंस्कारिक चित्त एउटा गरी ५ वटा चित्तको पहिले वर्णन हुन्छ। त्यसपछि लोभमूल र द्वेषमूल ससंस्कारिक चित्त ५ वटा र मोहमूल चित्त दुईवटाको वर्णन हुन्छ।

प्रथम असंस्कारिक चित्तमा १९ वटा चैतसिक मिल्दछन्। त्यस मध्ये सर्वचित्तसाधारण चैतसिक ७ वटा सम्पूर्ण चित्तमा मिल्ने भएकोले यसमा पनि मिल्ने भैहाल्यो। पकिण्णक चैतसिक ६ वटा पनि यसमा मिल्दछ। अकुशल चित्त साधारण चैतसिक ४ वटा सम्पूर्ण अकुशलमा मिल्ने भएकोले यसमा पनि मिल्दछ। यसप्रकार जम्मा १७ वटा भयो।

यो चित्त लोभमूल हो, त्यस्तै दिट्ठिगत सम्पयुक्त पनि हो, त्यसैले यसमा लोभ र दिट्ठि चैतसिक पनि मिल्दछ। पूर्वोक्त १७ वटा र यो २ वटा चैतसिक गर्दा कूल १९ वटा चैतसिक मिलेको भयो।

द्वितीय असंस्कारिक चित्तमा दिट्ठिविप्पयुक्त भएकाले दिट्ठि चैतसिक मिल्दैन। तर यसमा मान चैतसिक मिल्दछ। त्यसैले यसमा पनि प्रथम असंस्कारिक चित्तमा जस्तै १९ वटा चैतसिक नै संग्रह हुन्छ ।

तृतीय एवं चतुर्थ असंस्कारिक चित्त उपेक्षासहगत भएकाले यसमा पीति चैतसिक मिल्दैन। त्यसैले यी दुईवटा चित्तमा पनि १८ वटा चैतसिक मात्र संग्रह हुन्छ ।

दोमनस्ससहगत पतिघसम्पयुक्त असङ्खारिक चित्त पञ्चम असंस्कारिक चित्त हो। यसमा दोस, इस्सा, मच्छरिय र कुक्कुच्च यी ४ वटा चैतसिक, पीतिवर्जित अन्यसमान चैतसिक १२ वटा, सर्वअकुशलसाधारण चैतसिक ४ वटा – यसप्रकार २० वटा चैतसिक मिल्दछन् ।

तर इस्सा, मच्छरिय र कुक्कुच्च चैतसिक पञ्चम असंस्कारिक चित्तमा एकै प्रकारले मिल्दैन। एउटा मिल्दा खेरि अर्को मिल्दैन । त्यसैले जुन एक क्षणमा १८ वटामा भन्दा बढी चैतसिक यो चित्तमा सम्प्रयुक्त हुँदैन। किनभने इस्सा, मच्छरिय र कुक्कुच्च तीनवटा मध्ये एउटा चित्त क्षणमा एउटा मात्रै मिल्दछ। कहिले काहीँ उक्त तीनवटै चैतसिक नमिल्न सक्छ, त्यस्तो अवस्थामा १७ वटा मात्र चैतसिक मिल्दछ।



https://dhamma.digital

सोमनस्ससहगत दिट्ठिगतसम्पयुक्त ससंखारिक आदि ५ वटा ससंस्कारिक चित्तमा सम्प्रयुक्त हुने चैतसिक पनि पूर्वोक्त असंस्कारिक चित्त पाँचवटामा मिल्ने चैतसिक समान नै हो । तर यसमा थिन र मिद्ध चैतसिक दुईवटा पनि मिल्दछ । जस्तै प्रथम असंस्कारिक चित्तमा १९ वटा चैतसिक मिल्दछ, यसमा दुईवटा थिनमिद्ध चैतसिक राख्दा २१ वटा चैतसिक हुन्छ । त्यसैले प्रथम ससंस्कारिक चित्तमा २१ वटा चैतसिक मिल्दछ। यस्तै प्रकारले असंस्कारिक र ससंस्कारिक चित्तमा मिलेको चैतसिक संख्या तल लेखिएको अनुसार हुन्छ :

| | **प्रथम** | **द्वितीय** | **तृतीय** | **चतुर्थ** | **पञ्चम** |
|---|---|---|---|---|---|
| असंस्कारिक | १९ | १९ | १८ | १८ | २० |
| ससंस्कारिक | २१ | २१ | २० | २० | २२ |

मोहमूल चित्त दुईवटामध्ये उद्धच्चसहगत चित्तमा छन्द र पीति अलग भएको अन्यसमान चैतसिक ११ र अकुसल साधारण चैतसिक ४ वटा– यसप्रकार १५ वटा चैतसिक संग्रह हुन्छ। त्यस्तै विचिकिच्छा सहगत चित्तमा छन्द, पीति र अधिमोक्ख अलग भएको अन्यसमान चैतसिक १० वटा, अकुशल साधारण चैतसिक ४ वटा र विचिकिच्छा १ वटा गरी जम्मा १५ वटा चैतसिक संग्रह हुन्छ।

## अकुशलयोगी चैतसिक

अकुशलसाधारण चैतसिक ४ वटा तथा छन्द, पीति, अधिमोक्ख वर्जित अन्यसमान चैतसिक १० वटा –यसप्रकार यी १४ वटा चैतसिक सम्पूर्ण अकुशल चित्तमा मिलेकोले यसलाई अकुशलयोगी चैतसिक भनिन्छ।

**अकुशल चैतसिक संग्रहनय समाप्त ।**

## अहेतुक चित्त सङ्गहनय

१) अहेतुक चित्त १८ वटा मध्ये हसितुत्पाद चित्तमा छन्द बाहेकको १२ वटा अन्यसमान चैतसिक संग्रह हुन्छ ।

२) वोट्ठब्बन चित्तमा छन्द र पीति बाहेकको ११ वटा अन्यसमान चैतसिक संग्रह हुन्छ। मनोद्वारावर्जन चित्तलाई वोट्ठब्बन चित्त भनिन्छ।

३) सोमनस्ससहगत सन्तीरण (सुखसन्तीरण) चित्तमा छन्द र वीरिय



https://dhamma.digital

बाहेकको ११ वटा अन्यसमान चैतसिक संग्रह हुन्छ ।

४) मनोधातु ३ वटा र अहेतुक प्रतिसन्धि २ वटामा छन्द, पीति र वीरिय बाहेकको १० वटा अन्यसमान चैतसिक संग्रह हुन्छ। पञ्चद्वारावर्जन र सम्पटिच्छन चित्त दुईवटालाई 'मनोधातुत्रय' भनिन्छ। उपेक्षासहगत सन्तीरण चित्त दुईवटालाई 'अहेतुकप्रतिसन्धि युगल' भनिन्छ।

५) द्विपञ्चविज्ञान १० वटामा ७ वटा सर्वचित्तसाधारण चैतसिक मात्र संग्रह हुन्छ ।

उपरोक्त नियम अनुसार अहेतुक चित्तमा मिलेको चैतसिक संख्या चारप्रकार तल लेखिए अनुसार हुन् :

| **चित्त** | **चैतसिक** |
|---|---|
| हसितोत्पाद | १२ |
| वोट्ठब्बन | ११ |
| सुखसन्तीरण | ११ |
| मनोधातुत्रय एवं प्रतिसन्धियुगल | १० |
| द्विपञ्चविज्ञान | ७ |

अहेतुक चित्त संग्रहनय समाप्त ।

**सम्पयोगनय र संग्रहनय**

उपयुक्त वर्णन अनुसार सम्प्रयोगनय १६ वटा र संग्रहनय ३३ वटा तल लेखिए अनुसार हुन्छ :

**सम्प्रयोगनय १६ वटा :**

| | |
|---|---|
| अन्यसमान चैतसिक सम्प्रयोगनय | ७ |
| अकुशल चैतसिक सम्प्रयोगनय | ५ |
| शोभन चैतसिक सम्प्रयोगनय | ४ |
| जम्मा | **१६** |

**संग्रहनय ३३ वटा :**

| | |
|---|---|
| लोकुत्तर चित्त संग्रहनय | ५ |
| महग्गत चित्त संग्रहनय | ५ |
| कामावचर शोभन चित्त संग्रहनय | १२ |



https://dhamma.digital

| | | |
|---|---|---|
| अकुशल चित्त संग्रहनय | | ७ |
| अहेतुक चित्त संग्रहनय | | ४ |
| | जम्मा | **३३** |

## चैतसिकलाई चित्त समान गन्नु

स्पर्शन, अनुभवन आदि स्वभाव लक्षण अनुसार चैतसिक ५२ प्रकारका छन् । तर चित्तमा मिल्ने हिसाबले गिन्ति गर्दा चैतसिक धेरै प्रकारमा विभक्त हुन्छ ।

उदाहरणका निम्ति फस्स चैतसिक संक्षेपमा ८९ वटा चित्तमा र विस्तारमा १२१ वटा चित्तमा मिल्दछ । प्रत्येक चित्तमा मिल्ने हिसाबले फस्स चैतसिक संक्षेपमा ८९ वटा र विस्तारमा १२१ प्रकारका नै छन् । ८९ वटा वा १२१ वटा चित्त ५२ वटा चैतसिकमा मिल्छ त्यसैले फस्स पनि ५२ वटा चैतसिकमा मिल्दछ । तर फस्स फस्समा नै मिल्दैन, त्यसैले फस्स ५१ वटा चैतसिकमा मात्र मिल्दछ ।

यस्तै नै अरू चैतसिकलाई पनि गिन्ति गर्ने र चैतसिकमा चैतसिक मिल्ने वा मिलेको नियमलाई जान्नु पर्ने हुन्छ ।

संग्रहनय समाप्त

### अभ्यास प्रश्न

१) सङ्गहनय भनेको के हो ?
२) लोकुत्तर चित्त सङ्गहनय कतिवटा छन्, ती के के हुन् ?
३) लोकुत्तर चित्तमा करुणा चैतसिक नमिल्ने भए अर्हत्‌हरूसँग कसरी करुणा भयो ?
४) महग्गत चित्तमा कुन-कुन चैतसिक मिल्दछन् ?
५) कामावचर शोभन चित्त सङ्गहनय कति प्रकारका छन् ?
६) महाकुशल प्रथम, द्वितीय द्वयमा कुन-कुन चैतसिक संग्रह हुन्छ ?
७) अकुशल चित्त संग्रहनय भनेको के हो ?
८) अकुशलयोगी चैतसिक कस्तोलाई भनिन्छ ?
९) अहेतुक चित्त संग्रहनय कतिवटा छन् ?
१०) चैतसिकलाई चैतसिकमा नै कसरी मिलाएर देखाउन सकिन्छ ?

चैतसिक काण्डको संक्षिप्त परिचय समाप्त ।



https://dhamma.digital

## सहायक ग्रन्थ सूची


१ ) अभिधम्मत्थसंगहो ।
लेखक - भदन्त रेवतधम्म र रामशंकर त्रिपाठी
प्रकाशक - वाराणसेय संस्कृत विश्वविद्यालय

२ ) बौद्ध दर्शन अभिधम्मत्थ सङ्गहो
लेखक तथा प्रकाशक -भिक्खु वरसम्बोधि

३) अभिधर्मार्थ संग्रह
अनुवादक - भिक्षु ज्ञानपूर्णिक
प्रकाशक - हेराकाजी सुइका, नागबहा

४) प्रारम्भिक अभिधर्म
अनुवादक - भिक्षु बुद्धघोष महास्थविर

५) अभिधम्मत्थसङ्गहो
अनुवादक - भदन्त आनन्द कौसल्यायन
प्रकाशक - भिक्षु प्रज्ञानन्द , बुद्धविहार , लखनऊ

६) विपस्सना दीपनी
अनुवादक : भिक्षु अनुरुद्ध महास्थविर
प्रकाशक : अनागारिका विरती किण्डोल बिहार ये (प्रथम संस्करण )
चन्द्र दर्शन बज्राचार्य , असन् काठमाण्डौं ( द्वितीय संस्करण )

७ ) बोधिपक्खि य दीपनी
अनुवादक - नानीमैयाँ मानन्धर
प्रकाशक - भिक्षु, अनागारिका, उपासक उपासिकाहरु ।




https://dhamma.digital

# बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान

## (प्राप्तांक २०)

सम्पादक

Dhamma.Digital

**भिक्षु बुद्धघोष महास्थविर**

नेपालीमा अनवादकः

**अनागारिका धजवती**

https://dhamma.digital

# बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान

## नेपाल सम्बन्धी प्रश्न उत्तर

### अध्याय - १

प्र.नं.१) ललितपुरको चार थूरको नाम के के हो ?
उत्तर- तेता थूर, पूच्व थूर, ईबही थूर, लगं थूर ।

प्र.नं.२) नेपालबाट सर्वप्रथम बुद्ध धर्म तिब्बतमा भित्र्याउने को थिए ?
उत्तर- अशुंबर्माको छोरी भृकुटी ।

प्र.नं.३) नेपालमा अग्रश्रावकहरूको अस्थिधातु कति सालमा ल्याइएको थियो ?
उत्तर- वि.सं. २००८ साल

प्र.नं.४) नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन कति सालमा सम्पन्न भयो ? फेरि कहाँ उद्घाटन समारोह भएको थियो ?
उत्तर- वि.सं. २०१३ सालमा, टुंडिखेलमा ।

प्र.नं.५) ललितपुरको प्रसिद्ध महाबुद्धको मन्दिर सर्वप्रथम कसले बनाउन लगाएका थिए ?
उत्तर- श्री बौद्धाचार्य पं. अभयराज ।

प्र.नं.६) आनन्दकुटी विहारमा रहेको ठूलो चैत्यको नाम के हो ?
उत्तर- श्री लंकाराम चैत्य ।

प्र.नं.७) नेपालमा सर्वप्रथम सार्वजनिक रूपमा वैशाख पूर्णिमाको उत्सव कहाँ मनाइएको थियो ?
उत्तर- किण्डोल विहारमा ।

प्र.नं.८) बुद्ध-धर्मको नेपाल भाषा पत्रिका सर्वप्रथम कहिले, कुन ठाउँबाट कति वि.सं.मा निकालेको थियो ?
उत्तर- धर्मादित्य धर्माचार्य, कलकत्ताबाट, वि.सं. १९८३ सालमा ।

प्र.नं.९) नेपालका भिक्षुहरूमध्ये जेष्ठतम भिक्षुलाई के भनिन्छ ?
उत्तर- संघनायक

प्र.नं.१०) आधुनिक युगमा नेपालबाट चीनमा पुग्नु भएका प्रथम भिक्षु को थिए ?



https://dhamma.digital

उत्तर- स्व. भिक्षु धर्मालोक ।

प्र.नं.११) अखिल नेपाल भिक्षु महासंघ कति विक्रम सम्बतमा स्थापना भएको थियो ?

उत्तर- वि. सं. २००७ सालमा ।

प्र.नं.१२) काठमाडौंमा बुद्धले मारविजय गर्नुभएको प्रतीकको ढुंगाको मूर्ति कहाँ छ ?

उत्तर- स्वयम्भू महाचैत्यमा ।

प्र.नं.१३) काठमाडौंमा महापरिनिर्वाण मुद्राको सबभन्दा ठूलो मूर्ति कहाँ छ ?

उत्तर- किण्डोल उपासिकाराममा ।

प्र.नं.१४) ८ जना भिक्षुहरूलाई नेपालबाट निष्काशित गरिएको कति सालमा हो ?

उत्तर- वि.सं. २००१ सालं ।

प्र.नं.१५) त्रिशुलीमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- सुगतपुर विहार ।

प्र.नं.१६) रिडीमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- सुगन्ध विहार ।

प्र.नं.१७) ने.बौ.प.शिक्षाको उद्घाटन कति विक्रम सम्वत, कुन तिथिका दिन भएको थियो ?

उत्तर- वि.सं. २०२० सालमा अक्षय तृतीयाको दिन ।

प्र.नं.१८) नेपालमा सबभन्दा ठूलो प्रथम ऐतिहासिक बौद्ध यात्रा कहिले भयो ? वि.सं. अनुसार वा ई.सं. अनुसार मिति भन्नुहोस्।

उत्तर- वि.सं. २०२१, मार्ग ९, मङ्गलबार (ई.सं. १९६४, नोवेम्बर २४)

प्र.नं.१९) आनन्दकुटी विहारमा रहेको भगवान् बुद्धको-मूर्ति कहाँ रहनु भएका कसले दिनुभएको थियो ?

उत्तर- कुशीनगरमा रहनुभएका भिक्षु चन्द्रमणि महास्थविर ।

प्र.नं.२०) नेपालको सबभन्दा ठूलो बसिरहनु भएको भगवान् बुद्धको मूर्ति कहाँ छ ?

उत्तर- काठमाडौंको महाबौद्धमा ।



https://dhamma.digital

प्र.नं.२१) ललितविस्तर भन्ने बौद्ध पुस्तक आफैले अनुवाद गरी आफै छाप्नुहुने व्यक्ति को थिए ?

उत्तर- पं. निष्ठानन्द बज्राचार्य ।

प्र.नं.२२) धम्मपदलाई नेपाल भाषामा सर्वप्रथम अनुवाद गर्ने को थिए ?

उत्तर- डा. इन्द्रमान वैद्य ।

प्र.नं.२३) बर्माको धम्माचरिय उपाधि प्राप्त गर्नुहुने नेपालका प्रथम भिक्षुको नाम के हो ?

उत्तर- भिक्षु ज्ञानपूर्णिक महास्थविर ।

प्र.नं.२४) ललितपुरको कुन बहालमा एक कपाल काट्ने नाइलाई व्रतबन्ध गरिएको थियो ?

उत्तर- भिन्छेबाहाः ।

प्र.नं.२५) बर्माको धम्माचरिय उपाधि प्राप्त गर्नुहुने नेपालका प्रथम अनागारिकाको नाम के हो ?

उत्तर- अनागारिका धम्मवति ।

प्र.नं.२६) आनन्दकुटी विहारको चैत्यमा पहिले राखिएको बुद्धको अस्थिधातु कहाँबाट कसले ल्याएको थियो ?

उत्तर- श्रीलङ्काबाट, नारद महास्थविरले ल्याउनु भएको ।

प्र.नं.२७) नेपाल बौद्ध परियत्ति शिक्षाको अध्ययन प्रारम्भ कहिले, कुन दिनबाट भयो ?

उत्तर- बु.सं. २५०७ बुद्ध जयन्तीको दिन, वि.सं. २०२० सालमा ।

प्र.नं.२८) गण महाविहारमा रहेको भगवान् बुद्धको मूर्ति कसले कहाँबाट ल्याएको हो ?

उत्तर- भिक्षु सुमङ्गलले बर्माबाट ल्याउनु भएको ।

प्र.नं.२९) नेपालमा प्रत्येक बहाःबहीमा पाक्षिक बुद्ध-पूजा कसको तत्वाधानमा चलेको थियो ?

उत्तर- स्वयम्भू ज्ञानमाला भजन खलःको तत्वाधानमा ।

प्र.नं.३०) नेपालमा सर्वप्रथम अनागारिका हुनुहुने तीन व्यक्तिहरू को को थिए ?



https://dhamma.digital

उत्तर- रत्नपाली, धर्मपाली, संघपाली ।

प्र.नं.३१) नेपालमा संगमरमर ढुङ्गाको सिंहशैय्याको मूर्ति कुन विहारमा छ ?

उत्तर- श्रीघः विहारमा ।

प्र.नं.३२) बलम्बुमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- प्रणिधिपूर्ण महाविहार ।

प्र.नं.३३) (चैत्य) चीभाः बुसाधं भनेको के हो ?

उत्तर- (चैत्य) चीभाः प्रतिष्ठा गरेको दिनमा गरिने पूजालाई चीभा बुसाधं भनिन्छ ।

प्र.नं.३४) भोजपुरमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- शाक्यमुनि महाविहार ।

प्र.नं.३५) गण महाविहार कसरी कुन प्रसंगमा पत्ता लागेको थियो ?

उत्तर- प्रत्येक बहाःबहीमा बुद्ध-पूजा गर्न जाँदा पत्ता लागेको ।

प्र.नं.३६) नालन्दाबाट पालि-भाषाको आचार्य उपाधि प्राप्त गर्नुहुने नेपालका पहिला दुई व्यक्तिहरू को को हुन ?

उत्तर- भिक्षु अमृतानन्द महास्थविर, तानसेनको अयोध्या प्रसाद प्रधान ।

प्र.नं.३७) भक्तपुरमा थेरवादी विहार कति वटा छन् ? तिनीहरूको नाम केके हुन् ?

उत्तर- दुई वटा, मुनि विहार र बौद्ध समकृत विहार ।

प्र.नं.३८) आफैले नै प्रेस बनाएर पालि भाषानुसार ललितविस्तर पुस्तक छाप्ने व्यक्ति को थिए ?

उत्तर- महाप्रज्ञा ।

प्र.नं.३९) तानसेनमा रहेको थेरवादी विहारहरू कुन कुन हुन् ?

उत्तर- आनन्द विहार, महाचैत्य विहार, होलन्दी विहार र महाबोधि विहार ।

प्र.नं.४०) बुटवलमा रहेको थेरवादी विहारको नाम के हो ?

उत्तर- पञ्चचैत्य विहार ।

प्र.नं.४१) प्रागैतिहास अनुसार ललितपुरका चार स्तुप (थूर) कसले बनाएका थिए ?



https://dhamma.digital

उत्तर- प्रागैतिहास अनुसार अशोक महाराजकी पुत्री चारुमतीले ।

प्र.नं.४२) बुद्ध-धर्मको सामान्य ज्ञान सफू सबभन्दा पहिले निकाल्न योजना गर्नुहुने व्यक्ति को थिए र कहाँका थिए ?

उत्तर- लगनखेलका भाजु करुणाकर वैद्य ।

प्र.नं.४३) मूल ढोकाको माथि चित्रण गरिने पञ्च बुद्धहरूको नाम के के हुन् ?

उत्तर- वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि ।

प्र.नं.४४) नेपालमा भिक्षुहरूको प्रथम संघ उपोसथ कहाँ भएको थियो ?

उत्तर- ललितपुरको शंखमोलमा ।

प्र.नं.४५) नेपालमा चीवर वस्त्र लगाएर भित्रिनु भई थेरवाद बुद्ध-धर्मको पुनर्जागरण ल्याउनु हुने व्यक्ति को हुन् ?

उत्तर- भिक्षु प्रज्ञानन्द महास्थविर ।

# पालि साहित्य सम्बन्धी प्रश्न उत्तर

## अध्याय - २

प्र.नं.४६) बोधिसत्वले पारमिता पुरा गर्नुभएको अन्तिम जन्म कुन हो ?

उत्तर- विश्वन्तर ।

प्र.नं.४७) शुद्धोदन महाराजको दरबार कहाँ थियो?

उत्तर- कपिलवस्तु नगरमा ।

प्र.नं.४८) भगवान् बुद्ध कहाँ जन्मनु भएको थियो ?

उत्तर- लुम्बिनी ।

प्र.नं.४९) बोधिसत्वले जन्म भएलगत्तै बोल्नु भएको कुन कुन जन्ममा थियो ?

उत्तर- महोसध पण्डित, विश्वन्तर, सिद्धार्थ कुमार ।

प्र.नं.५०) सिद्धार्थ कुमार संगै जन्म भएका व्यक्तिहरू को को थिए, र उत्पत्ति भएका चीज वस्तुहरू के के थियो ?

उत्तर- १) आनन्द २) कालुदायी अमात्य ३) यशोधरा ४) छन्दक सारथी ५) कन्थक घोडा ६) बोधिवृक्ष ७) सुनको घडा चारवटा ८) मंगल हात्ती ।



https://dhamma.digital

प्र.नं.५१) शुद्धोदन महाराजले प्रथमवार पुत्र वन्दना कहिले गरेका थिए ?

उत्तर- कालदेवल तवस्वीले वन्दना गरेको बखतमा ।

प्र.नं.५२) सिद्धार्थ कुमारलाई किन 'सिद्धार्थ' भनी नाम राखियो ?

उत्तर- सर्व अर्थ सिद्ध गर्नुहुने भएकोले 'सिद्धार्थ' भनी नाम राखियो ।

प्र.नं.५३) बोधिसत्वले बुद्ध हुनु अघि पूर्व-निमित्त स्वप्न के के देख्नु भयो ?

उत्तर- क) हिमालयलाई सिरान बनाइ पूर्व र पश्चिम सागरमा दुई हात पसारि, दक्षिण सागरमा खुट्टा राखी पृथ्वीमा सुतिराख्नु भयो । ख) आफ्नो नाभीबाट कुशको घाँस उम्रेर आई आकाशमा नदेख्ने सम्म ठूलो भएर गयो । ग) आफ्नो खुट्टाबाट उत्पन्न भएका कीत पतङ्गहरूले घुँडासम्म छोप्न थाल्यो । घ) नाना रङ्गका चराहरू चारवटा विभिन्न दिशाबाट आफ्नो वरपर उडेर आइ सबै एकै रङ्गका भए । ङ) अशुचिको पर्वत माथि सुतेर पनि अलिकति पनि फोहर आफ्नो शरीरमा परेन । यसरी पाँच प्रकारका स्वप्न देखे ।

प्र.नं.५४) सिद्धार्थ कुमार जन्म भएको बेला शुद्धोदन महाराजको उमेर कति थियो ?

उत्तर- ५७ वर्ष ।

प्र.नं.५५) शुद्धोदन महाराज कहाँ कहिले श्रोतापन्न भएका थिए ?

उत्तर- भगवान् बुद्ध कपिलवस्तु भिक्षाटन गइ रहनु हुँदा निम्न उपदेश सुन्नु भई श्रोतापन्न भएका थिए :-

अप्रमादी भएर राम्रो संग धर्माचरण गर्ने व्यक्तिलाई यस लोकमा पनि परलोकमा पनि सुख हुन्छ ।

प्र.नं.५६) बुद्धत्व प्राप्त भएलगत्तै भगवान्ले कुन उदान व्यक्त गर्नुभयो ?

उत्तर- **अनेक जाति संसारं, सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं ॥**
**गहकारक दिट्ठोसि पुन गेहं न काहसि ।**
**सब्बा ते फासुका भग्गा गहकूटं विसंखतं ॥**
**विसंखारगतं चित्तं तण्हानं खयमज्झगा ।**

प्र.नं.५७) प्रजापति गौतमी कहिले श्रोतापन्न हुनु भएको थियो ?



https://dhamma.digital

उत्तर- भगवान् बुद्ध राजदरवारमा आउनुहुँदा शुद्धोदन महाराजलाई धर्मोपदेश दिनु भएको समयमा प्रजापति गौतमी श्रोतापन्न भएकी थिइन् ।

प्र.नं.५८) भगवान् बुद्ध, बुद्ध हुनुभएको कति वर्ष पछि शुद्धोदन महाराज परिनिर्वाण हुन भएको थियो ?

उत्तर- बुद्ध हुनुभएको ५ वर्ष हुँदा ।

प्र.नं.५९) कृषागौतमी आफ्नो मृत बच्चा लिएर भगवान् कहाँ आउँदा भगवान्ले के भन्नुभएको थियो ?

उत्तर- "बहिनी ! कोही नमरेको घरबाट एक मुट्ठी सस्युँ लिएर आऊ अनि म तिम्रो छोरामा प्राण भरी दिनेछु" ।

प्र.नं.६०) भगवान् बुद्ध, बुद्ध भएर राजगृह नगरमा कुन दिन भित्रिनुभयो ?

उत्तर- बुद्ध हुनभएको ७ महिना पछि पौष पूर्णिमाको दिन ।

प्र.नं.६१) पञ्च कल्याण भनेको के के हो ?

उत्तर- मयूरको प्वाँख समान लामो भएर केश खोल्ने बखतमा कुर्कुच्चामा ठक्कर खाइ माथी फर्कने केशलाई "केस कल्याण" भनिन्छ। पाकेको बिम्ब फल समान वर्ण युक्त भएको ओंठलाई "मंस कल्याण" भनिन्छ। सेता र लहर मिलेका हीरा जडेको जस्तो, काटिएका शंख जस्तै शोभा भएको दाँतलाई "अट्ठि कल्याण" भनिन्छ। कोठी आदि केही दाग नभएर कमलको फूलझैं शोभायमान शरीर भएकोलाई "छवि कल्याण" भनिन्छ। दस वटा बच्चा भएपनि एक मात्र बच्चा भएकोझैं वैंश भएकोलाई "वय कल्याण" भनिन्छ ।

प्र.नं.६२) दगुर्दा नराम्रो देखिने को को हुन् ?

उत्तर- अभिषेक प्राप्त राजा, मङ्गल हात्ती, भिक्षु, आइमाइ मान्छे ।

प्र.नं.६३) बुद्धको शासनमा भिक्षुहरू मध्यय् सर्वप्रथम भिक्षु हुने व्यक्ति को थिए ?

उत्तर- कोण्डञ्ञ महास्थविर ।

प्र.नं.६४) भिक्षुणीहरू मध्यय् प्रथम भिक्षुणी को थिई ?

उत्तर- प्रजापति गौतमी ।



https://dhamma.digital

प्र.नं.६५) प्रजापति गौतमी महास्थविरनी परिनिर्वाण हुन बुद्धको वचन लिन जाँदा भगवान्ले के भन्नु भयो ?

उत्तर- "भो गोतमी ! तिम्रो बारेमा विषय राम्रो संग नबुझेका स्त्रीहरू धेरै छन् । त्यसैले उनीहरूको सन्देह दूर गर्न तिमीले आफूसंग भएको ऋद्धिप्रातिहार्य एक पटक प्रदर्शन गर ।"

प्र.नं.६६) प्रथम संगायना भएको कुन नगरको कुन गुफामा भएको थियो ?

उत्तर- राजगृह नगरको सप्तपर्णी गुफा भित्र ।

प्र.नं.६७) निग्रोधाराम विहार कहाँ थियो ?

उत्तर- कपिलवस्तु नगरमा ।

प्र.नं.६८) भगवान्ले पञ्चभद्रवर्गीयहरूलाई उपदेश दिनु भएको ठाँउ कुन हो ?

उत्तर- ऋषिपतन मृगदावन ।

प्र.नं.६९) भगवान्ले प्रशंसा गर्नु भएको गणतन्त्र देशको नाम के हो ?

उत्तर- वैशाली देश ।

प्र.नं.७०) बौद्ध अथवा संवेजनीय चारधाम भनेर कुन कुन स्थानलाई भनिन्छ ?

उत्तर- लुम्बिनी, बुद्धगया, ऋषिपतन-मृगदावन, कुशीनगर ।

प्र.नं.७१) भगवान् बुद्धको मुख्य अग्रश्रावक शिष्यहरूको नाम के के हो ?

उत्तर- सारिपुत्र र मौद्गल्यायन महास्थविरहरू ।

प्र.नं.७२) भगवान् बुद्धको अन्तिम शिष्य को थियो ?

उत्तर- सुभद्र परिब्राजक

प्र.नं.७३) त्रिपिटक ग्रन्थ भनेको के के हो ?

उत्तर- सुत्रपिटक, विनयपिटक र अभिधर्मपिटक ।

प्र.नं.७४) भगवान् बुद्ध महापरिनिर्वाण हुनु भएको कुन स्थानमा ?

उत्तर- कुशीनगरमा (मल्लहरूको बगैंचाको दुई सालका रुखहरूको बिचमा) ।

प्र.नं.७५) भारतबाट लङ्का देशमा सर्वप्रथम बुद्ध धर्म प्रचार गर्नु हुने को थिए ?

उत्तर- अशोक महाराजका छोरा महिन्द महास्थविर ।



https://dhamma.digital

प्र.नं.७६) अशोक महाराजाले नौ वटा राष्ट्रमा धर्मप्रचार गर्न पठाउनु भएको बेला को को भिक्षुहरू कहाँ कहाँ जानुभयो ?

उत्तर-
१) मज्झन्तिक स्थविर -काश्मीर र गन्धारमा ।
२) महादेव स्थविर -महिंसक मण्डलमा ।
३) रक्खित स्थविर -वनवासी ।
४) कोनक धम्मरक्खित स्थविर -अपरान्तमा ।
५) महारक्खित स्थविर -महाराष्ट्रमा ।
६) महाधम्मरक्खित स्थविर -कोनक लोकमा ।
७) मज्झिम स्थविर -हिमाल प्रदेशमा ।
८) सोण स्थविर र उत्तर स्थविर -सुवर्ण भूमी ।
९) महिन्द स्थविरसंग इट्टिय, उत्तिय, सम्बल र भद्दसाल -लङ्कामा ।

प्र.नं.७७) शुद्धोदन महाराजको दरवार कहाँ थियो ?

उत्तर- कपिलवस्तु नगरमा ।

प्र.नं.७८) द्वेवाचिक शरण मात्र जानेहरू को को थिए ?

उत्तर- तपस्सु र भल्लुक ।

प्र.नं.७९) सर्वप्रथम त्रिशरण जाने व्यक्ति को थिए ?

उत्तर- यसकुमारको बुबा ।

प्र.नं.८०) भगवान्‌ले कति वर्ष सम्म धर्म प्रचार गर्नुभएको थियो ?

उत्तर- ४५ वर्ष ।

प्र.नं.८१) पाठ गराउने बखतमा देवताहरूलाई मन पर्ने सूत्रको नाम के हो ?

उत्तर- महासमय सूत्र ।

प्र.नं.८२) वेलुवन विहार दान गर्ने व्यक्ति को थिए ?

उत्तर- राजगृहको राजा बिम्बिसार ।

प्र.नं.८३) ऋषिपतन मृगदावनमा भगवान्‌ले धर्मचक्र प्रवर्तन गर्नु भएको बखतमा कति देवब्रह्माहरूलाई मार्गफल प्राप्त भयो ?

उत्तर- १८ कोटि ब्रह्माहरू र देवताहरू अनगिन्तिलाई अरहन्त फल प्राप्त भयो ।



https://dhamma.digital

प्र.नं.८४) सारिपुत्र र मौद्गल्यायन कहाँका वासिन्दा थिए ?

उत्तर- राजगृहका । (नालान्दाको समीपमा नालकग्राममा- सारिपुत्र, कोलितग्राममा-मौद्गल्यायन ।)

प्र.नं.८५) उरुवेलमा भगवान्ले कति जटिलहरूलाई बोध गर्नु भएको थियो ?

उत्तर- उरुवेल, नदी, गया काश्यपहरू प्रमुख अरु एक हजार जटिलहरूलाई।

प्र.नं.८६) छैन भनेको थाहा नभएका व्यक्ति को थिए ?

उत्तर- अनुरुद्ध ।

प्र.नं.८७) प्रज्ञामा र ऋद्धीमा एतदग्ग प्राप्त गर्ने भिक्षुहरू को को थिए?

उत्तर- प्रज्ञामा सारिपुत्र, ऋद्धीमा मौद्गल्यायन ।

प्र.नं.८८) चार द्वीपको नाम के के हो ?

उत्तर- पूर्वविदेह, जम्बुद्वीप, अपरगोयान र उत्तर-कुरु ।

प्र.नं.८९) चार प्रकारको चैत्य के के हो ?

उत्तर- धातु चैत्य, परिभोग चैत्य, उद्देश्य चैत्य र धर्म चैत्य ।

प्र.नं.९०) बुद्ध हुन भविष्यवाणी प्राप्त गर्न कति अङ्ग पूर्ण हुनुपछ र ती के के हुन् ?

उत्तर- आठ अङ्ग-

१) मनुष्यजाति हुनुपर्ने
२) पुरुष हुनुपर्ने
३) अरहत्त मार्ग, अरहत्त फल प्राप्त गर्न सक्ने हेतु हुनुपर्ने
४) भगवान्को दर्शन हुनुपर्ने
५) प्रव्रजित हुनुपर्ने
६) पञ्च अभिज्ञा र अष्ट समापत्ति प्राप्त गरेको हुनुपर्ने
७) जीवन नै त्याग गर्नुपरे पनि त्याग गर्न सक्ने हुनुपर्ने
८) बुद्ध हुन प्रबल इच्छा भएको हुनुपर्ने ।

प्र.नं.९१) बुद्ध हुनु कति प्रकारका छन् ?

उत्तर- तीन प्रकारका छन् । श्रद्धाधिक, वीर्याधिक र प्रज्ञाधिक ।

प्र.नं.९२) सतिपट्ठान कति प्रकारका छन् र ती के के हुन् ?



https://dhamma.digital

उत्तर- चार प्रकारका छन्। कायानुपस्सना, वेदनानुपस्सना, चित्तानुपस्सना र धम्मानुपस्सना।

प्र.नं.९३) धन नाश हुनुको कारण कति वटा छन् र के के हुन् ?

उत्तर- ६ वटा छन् । १. सुरापान गर्नाले २.कुबेलामा घुम्न जानाले ३.फिलिम हेर्न जानाले ४. जूवा खेल्न जानाले ५.कुमित्रको संगत गर्नाले र ६. अलसि हुनाले ।

प्र.नं.९४) पञ्च महापरित्याग भनेको के के हुन् ?

उत्तर- धन, पुत्र, स्त्री, अङ्ग-प्रत्यङ्ग, जीवन ।

प्र.नं.९५) कति वटा कारणले गर्दा प्रश्न गरिन्छ, ती कारणहरू केके हुन् ?

उत्तर- पाँच वटा । १. आफूले थाहा नपाएको कुरा सोध्न, २.सिद्धान्त मिलेको छ छैन परीक्षण गर्न, ३. शंका भएर ४. अरुलाई बोल्न लगाउनको निम्ति र ५. आफूले उत्तर दिने इच्छाले ।

प्र.नं.९६) प्रतिसन्धि कति प्रकारका छन्, ती के के हुन् ?

उत्तर- चार प्रकारका छन् । अण्डज, संसेदज, जलाबुज र ओपपातिक ।

प्र.नं.९७) कति प्रकारका देवताहरू छन्, ती को को हुन् ?

उत्तर- तीन प्रकारका छन्। विशुद्धि देवता, सम्मुति देवता, उपपत्ति देवता।

प्र.नं.९८) नायकहरू संग हुनुपर्ने कति वटा गुण छन्, ती के के हुन् ?

उत्तर- ६ वटा छन्। १. सहनु "खमा" क्षमा गुण २. जागृत भएर बस्नु "जागरिय" गुण ३. कोशिस वीर्य गर्नु "उट्ठान" गुण ४. ठीक बेठीक छुट्याउन सक्ने "संविभाग" गुण, ५.दया राख्न सक्ने "दया" गुण ६. हरेक विषयमा बिचार गर्न सक्ने "इक्खणा" गुण ।

प्र.नं.९९) मात्सर्य भनेको के के हुन् ?

उत्तर- लाभ मच्छरिय-अर्काले धन सम्पत्ति प्राप्त गरेको देखेर मनमा ईर्ष्या हुनु, वण्ण मच्छरिय-अर्काको रूप राम्रो भएको देखेर मनमा ईर्ष्या हुनु, आवास मच्छरिय- अर्काको वासस्थान राम्रो भएको देखेर मनमा ईर्ष्या हुनु, कुल मच्छरिय- अर्काको उत्तम कुल परिवार देखेर मनमा ईर्ष्या हुनु, धम्म मच्छरिय-अर्काले धेरै जाने बुझेको देखेर मनमा ईर्ष्या हुनु ।



https://dhamma.digital

प्र.नं.१००) ब्रत कति वटा छन् र ती के के हुन् ?

उत्तर- तीन वटा छन्। १.लोक व्यवहार ज्ञान बढाउन सिक्ने, २.धर्माचरण गर्न सिक्ने, ३.राजाको आज्ञा पालन गर्न सिक्ने।

प्र.नं.१०१) चातुर्महाराजिका देवताहरू चार जना को को हुन् ?

उत्तर- १. धतरट्ठ २. विरुल्हक, ३. विरूपक्ख, ४. कुबेर।

प्र.नं.१०२) कुरा गर्नुका अङ्ग चार वटा के के हुन् ?

उत्तर- सुभासितवाचा-राम्रोसँग कुरा गर्नु, पियवाचा-प्रियवचनले कुरा गर्नु, धम्मवाचा-धर्म सँग सम्बन्ध भएको कुरा गर्नु, सच्चवाचा-सत्य कुरा गर्नु।

प्र.नं.१०३) सत्पुरुषहरू संग हुने पाँच बल के के हुन् ?

उत्तर- १) श्रद्धाबल- त्रिरत्न गुणमा चित्त कम्प नभइ प्रसन्न हुनु।

२) वीर्यबल- अकुशललाई हटाइ कुशललाई बढाउनको निम्ति कोशिश गर्नु।

३) सतिबल- रूपकाय, नामकायलाई अनित्यादि त्रिलक्षण भएको मनले विचार गर्नु।

४) समाधिबल- दानशीलादि कुशल कार्यमा कम्प नभइ स्थिर भएर जीवन यापन गर्नु।

५) पञ्ञाबल- संवेग धर्मद्वारा उत्पत्ति र विनाशलाई बारम्बार विचार गर्नु।

प्र.नं.१०४) सहनुको ५ वटा फल के के हुन्?

उत्तर- १. धेरै मनुष्यहरूले प्रेम गर्नेछ, २. कलह शान्त हुनेछ, ३. दोष कम हुनेछ, ४. बेहोश नभइ मृत्यु हुनेछ, ५.मरण पछि सुगतीमा जन्म हुनेछ।

प्र.नं.१०५) अपरिहानीय धर्म कति ओटा छन् र ती के के हुन्?

उत्तर- सात वटा छन्।

१) सत्थुगारव-भगवान्लाई आदर राख्नु।

२) धम्मगारव - धर्मलाई आदर गौरव राख्नु।

३) संघगारव - संघप्रति गौरव राख्नु।

४) सिक्खागारव - शिक्षापदलाई आदर गौरव राख्नु।



https://dhamma.digital

५) समाधिगारव - समाधिलाई आदर गौरव राख्नु ।

६) कल्कोणमित्त - कल्याण मित्रसँग संगत गर्नु ।

७) सोवचस्सता - सत्पुरुषहरूले भनेको कुरा सुनाउन सजिलो हुनु ।

प्र.नं.१०६) अष्टलोक धर्म भनेको के के हुन्?

उत्तर- लाभो-धन सम्पत्ति धेरै भएर घमण्ड अभिमान बढ्नु । अलाभो - धन सम्पत्ति नभएर दुःखी हुनु । यसो - यश परिवार धेरै भएर अभिमान चढ्नु । अयसो - यश परिवार नभएर दुःखी हुनु । निन्दा - निन्दित हुनु परेकोले दुःखी हुनु । पसंसा - प्रशंसा गरेकोले अभिमान बढ्नु । सुखं -सुख भएर अभिमान चढ्नु । दुःखं -दुःख भएर दुःखी मन हुनु ।

प्र.नं.१०७) क्लेश दश वटा के के हुन्?

उत्तर- लोभ -लोभ, दोस -द्वेष, मोह-मोह, मान-अभिमान, दिट्ठि-उल्टो दृष्टि, विचिकिच्छा-शंका, थिन-चित्तको दुर्बलता, उद्धच्च- चित्तको अस्थिरता, अहिरिक-अकुशल कर्ममा लाज नमान्नु, अनोतप्प-अकुशल कर्ममा त्राश नहुनु ।

प्र.नं.१०८) भगवान् बुद्धको असाधारण ज्ञान छवटा के के हुन्?

उत्तर- १.समापत्तित्राण - देख्नु भएका सबै वेनेय्य प्राणिहरूलाई आफ्नो पुत्र सम्झेर करुणा राख्नुहुने, २. सब्बञ्ञूतत्राण-सम्पूर्ण धर्मलाई निशेष रूपले बुझ्नुभएको ज्ञान, ३. इन्द्रिय परोपरियत्तित्राण- सत्व प्राणिहरूको इन्द्रिय परिपक्व भएको वा नभएको विचार गर्न सक्ने ज्ञान, ५. आसकोनुसयज्ञान-सत्व प्राणीहरूको अज्झासयलाई बुझ्न सक्ने ज्ञान, ६.अनावरणत्राण-हरेक विषयमा केही बाधा नआउने गरी हेर्न सक्ने ज्ञान ।

प्र.नं.१०९) भगवान् बुद्ध ४५ वर्ष भित्र कहाँ कहाँ वर्षावास बस्नु भयो ? क्रमशः लेख्नुहोस् ।

उत्तर-

| **वर्षावास** | **स्थान** |
|---|---|
| प्रथम | ऋषिपतन मृगदावनमा |
| द्वितीय, तृतीय र चौथो | राजगृहमा |
| पाँचौं | वैशाली |



https://dhamma.digital

| | |
|---|---|
| छैठौं | मङ्कुल पर्वतमा |
| सातौं | त्रायतिंस देवलोक |
| आठौं | सुंसुमारगिरि |
| नवौं | कौशम्बी |
| दशौं | पारिलेय्यक |
| एघारौं | मगध |
| बाह्रौं | वेरंजा |
| तेह्रौं | चालिय पर्वत |
| चौधौं | श्रावस्ती |
| पन्ध्रौं | कपिलवस्तु |
| सोह्रौं | आलवी |
| सत्रौं | राजगृह |
| अठारौं र उन्नाइसौं | चालिय पर्वत |
| बीसौं | राजगृह |
| एकाइसौं देखि चवालिसौं | श्रावस्ती |
| पैतालिसौं | वैशाली |

प्र.नं.११०) भिक्षुणीहरूको मनलाई आनन्द हुनेगरी उपदेश गर्नुहुने भिक्षुको नाम के हो ?

उत्तर- नन्दक भिक्षु।

प्र.नं.१११) अष्टपरिष्कार भनेको के के हुन् ?

उत्तर- १.संघाटि २.चीवर ३.अन्तरवासक ४.पात्र ५.कपाल काट्ने छुरा ६.कायबन्धन ७.पानी चालनी ८.सियो र धागो।

प्र.नं.११२) दश पारमी भनेको के के हुन् ?

उत्तर- १.दान पारमी २. शील पारमी ३.नैष्कम्य पारमी
४.प्रज्ञा पारमी ५. वीर्य पारमी ६.क्षान्ति पारमी
७. सत्य पारमी ८. अधिष्ठान पारमी ९.मैत्री पारमी
१०. उपेक्षा पारमी

प्र.नं.११३) कुचो लगाउनाका फल के के हुन् ?

उत्तर- १.आफू खुसी हुन्छ, २.अरु खुसी हुन्छ, ३.देवताहरूले मनपराउने



https://dhamma.digital

छन्, ४.रूप राम्रो हुनेछ, ५.मृत्युपछि देवलोकमा जानेछ।

प्र.नं.११४) मङ्गल कति ओटा छन् ?

उत्तर- ३८ वटा छन् ।

प्र.नं.११५) आठ नर्कको नाम के के हुन् ?

उत्तर- १.सञ्जीव नर्क २.कालसुत्त नर्क ३.संघात नर्क ४. रोरुव नर्क ५.महारोरुव नर्क ६.तापन नर्क ७.महातापन नर्क ८.अवीचि नर्क

प्र.नं.११६) भगवान्ले नालागिरि हात्तीलाई दमन गर्नुभएको बेलामा कति देवताहरूलाई धर्मज्ञान प्राप्त भयो ?

उत्तर- ९० करोड देवताहरूलाई धर्मज्ञान प्राप्त भयो ।

प्र.नं.११७) बुद्ध कपिलवस्तुमा कति पटक आउनुभएको थियो र त्यो कहिले कहिले ?

उत्तर- चारपटक पाल्नु भएको थियो । कालुदायि अमात्यले निमन्त्रणा गर्नुभएको बेला, शाक्य र कोलियबिच कलह हँदा, महासमय सूत्र देशना गर्नुहुँदा र शुद्धोदन महाराज परिनिर्वाण हुन लाग्दा ।

प्र.नं.११८) जेतवन महाविहार कसले बनाएको थियो ?

उत्तर- अनाथपिण्डिक महाजनले ।

प्र.नं.११९) विशाखाले बनाइदिएको विहारको नाम के थियो ?

उत्तर- पूर्वाराम ।

प्र.नं.१२०) भिक्षु हुने राजाहरूका नाम के के हुन् ?

उत्तर- महाकप्पिन र भद्दिय ।

प्र.नं.१२१) अविजहितट्ठान चारवटा के के हुन् ?

उत्तर- बुद्धगया, ऋषिपतन मृगदावन, जेतवन र संकाश्य ।

प्र.नं.१२२) सिद्धार्थ कुमारलाई बनाइदिएको तीन वटा महलका नाम के के हुन् ?

उत्तर- रम्य, सुरम्य, शुभ ।

प्र.नं.१२३) भगवान् बुद्ध सबभन्दा धेरै कुन विहारमा बस्नुभएको थियो ?

उत्तर- जेतवन विहारमा ।



https://dhamma.digital

प्र.नं.१२४) पानी दान गरेको दश फल के के हुन् ?

उत्तर- १.छिटो हिँड्न सक्छ २.यश कीर्ति फैलिनेछ ३.परिशुद्ध हुन्छ,४.भोक, प्यास नलाग्ने हुन्छ, ५.परिवार धेरै हुन्छ ६.दीर्घायु हुन्छ, ७. रूप लावण्य राम्रो हुन्छ, ८. सुख आनन्द हुन्छ, ९.बल शक्ति हुन्छ, १०. प्रज्ञा बढ्नेछ ।

प्र.नं.१२५) चीवर दान गरेको फल आठवटा के के हुन् ?

उत्तर- १.रूप राम्रो हुन्छ, २. नरम शरीर हुनेछ ३.तेज हुन्छ, ४. आनुभाव हुन्छ ५. कोमल शरीर हुन्छ, ६. सतो वस्त्र हुन्छ, ७. सुर्वण वस्त्र हुन्छ, ८. रातो वस्त्र हुन्छ ।

प्र.नं.१२६) भगवान्ले त्रायत्रिंश देवलोकमा आफ्नो आमालाई अभिधर्म देशना गर्नु भएपछि देवलोकबाट सर्वप्रथम पृथ्वीमा पाइला टेक्नुभएको कहाँ थियो ?

उत्तर- संकाश्य नगरमा ।

प्र.नं.१२७) जुत्ता दान गरेको फल ३ वटा के के हुन् ?

उत्तर- १.हात्तीको वाहन हुन्छ, २.घोडाको वाहान हुन्छ, ३. हिरामोति जडेको जुत्ता प्राप्त हुन्छ ।

प्र.नं.१२८) बत्ती दान गरेको फल ३ वटा के के हुन् ?

उत्तर- १. तेजपूर्ण हुन्छ, २. बुद्धि हुन्छ, ३. असल व्यक्ति हुन्छ ।

प्र.नं.१२९) रुमाल दान गरेको फल ५ वटा के के हुन् ?

उत्तर- १. शरीरलाई आनन्द हुन्छ, २. लक्षणं पूर्ण हुन्छ ३. बुद्धि हुन्छ, ४. एकाग्र चित्त हुन्छ, ५. दीर्घायु हुन्छ ।

प्र.नं.१३०) सिरानि दान गरेको फल छ वटा के के हुन् ?

उत्तर- १.उत्तम सिरानी प्राप्त हुन्छ २.मार्गफल निर्वाण प्राप्त हुन्छ ३. दान शीलादि कुशल धर्म बढाउन सक्छ ४.वट्ट पटिवट्टले पूर्ण हुन्छ ५.उत्तम आचरणले पूर्ण हुन्छ ६.शीलवान हुन्छ ।



https://dhamma.digital

# मिश्रित प्रश्नोत्तर

## अध्याय-३

प्र.नं.१३१) बुद्ध जन्मस्थान लुम्बिनीमा हिंसा गर्न हुँदैन भनी ने.सं. कति सालमा कसले घोषणा गरेको थियो ?

उत्तर- बुद्ध जन्मस्थान लुम्बिनी हिंसा गर्न हुँदैन भनी ने.सं. १०४५ सालमा (फाल्गुण महिनामा) श्री ३ चन्द्र शम्शेरले घोषणा गरेको थियो ।

प्र.नं.१३२) ललितपुरको प्रसिद्ध चार थूर (चैत्य) पूजा कहिले, कसको तत्वावधानमा भएको थियो?

उत्तर- वि.सं. २०२४ आषाढ पूर्णिमादेखि स्तूप पूजा आयोजक समिति, श्री सुमङ्गल विहारको तत्वावधानमा भएको थियो ।

प्र.नं.१३३) पालि वाङ्मय अनुसार छैठौं संगायन कहाँ कहाँ भयो ?

उत्तर- १. प्रथम संगायन-राजगृहमा
२. द्वितीय संगायन-वैशालीमा
३. पाटलीपुत्र नगरमा
४. चतुर्थ संगायन-लङ्कामा,
५. पञ्चम संगायन-बर्मा
६. षष्टम संगायन-बर्मामा ।

प्र.नं.१३४) नागसेन अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- १५० ई.पू.

प्र.नं.१३५) नार्गाजुन अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- १७५ ई.सं.

प्र.नं.१३६) असंग अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- ३७५ ई.सं.

प्र.नं.१३७) बसुबन्धु अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- ४०० ई.सं.

प्र.नं.१३८) दिगनाग अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- ४२५ ई.सं.

प्र.नं.१३९) धर्मकीर्ति अन्दाजी कति ई.पू.का हुन् ?

उत्तर- ६०० ई.सं.

प्र.नं.१४०) नेपालको मान्य धर्मग्रन्थ नवसूत्र वा नव व्याकरणका नाम के के हुन् ?



https://dhamma.digital

उत्तर- १. अष्टसहश्रिका प्रज्ञापारमिता २. गण्डव्यूह
३. समाधिराज ४. दशभूमि
५. लंकावतार ६. सद्धर्मपुण्डरिक
७. तथागतगुह्य ८.ललितविस्तर
९.सुवर्णप्रभा ।

प्र.नं.१४१) स्व. भिक्षु संघमहानायक प्रज्ञानन्द महास्थविरको जन्म र महाप्रयाण वि.सं. कति कतिमा भएको थियो ?

उत्तर- जन्म-वि.सं. १९५७ महाप्रयाण-वि.सं २०४९/११/२८/५

प्र.नं.१४२) भारतमा बुद्धधर्मको पुनरुत्थान गर्ने व्यक्तिको नाम के हो ? वहाँ कहाँका थिए ?

उत्तर- अनागारिक धर्मपाल, श्रीलंकाका

प्र.नं.१४३) ३१ भूवन भनेको के के हुन् ?

उत्तर- कामलोक ११ वटा, रूपलोक १६ वटा र अरूपलोक ४ वटा ।

प्र.नं.१४४) १८७० ई.मा लंकामा ईसाइ उपदेशकहरू सँग शास्त्रार्थ गरेर विजय हुने व्यक्ति को थिए ?

उत्तर- श्रामणेर मिगेत्तुवत्ते धम्मानन्द ।

प्र.नं.१४५) राष्ट्र संघका मन्त्री ऊथान्त कहिले बुद्ध जन्मभूमी लुम्बिनी दर्शनार्थ आएका थिए ? ई.सं. र महिना भन्नुहोस् ।

उत्तर- ई.सं. १९६७, अप्रील महिनामा ।

प्र.नं.१४६) बैशाख पूर्णिमाको दिन कुन कुन योग पर्छन् ?

उत्तर- बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण ।

प्र.नं.१४७) जेष्ठ पूर्णिमाको के महत्व छ ?

उत्तर- यस दिन भगवान्ले कपिलवस्तुमा महासमय सूत्रको देशना गर्नुभएको थियो ।

प्र.नं.१४८) आषाढ पूर्णिमाको दिन कुन कुन ५वटा योग पर्छन् ?

उत्तर- १) बोधिसत्वले महामायादेवीको गर्भप्रवेश गर्नुभएको
२) महाभिनिष्क्रमण गर्नुभएको
३) ऋषिपतन मृगदावनमा पञ्चभद्रवर्गीय भिक्षुहरूलाई प्रथम उपदेश दिनुभएको



https://dhamma.digital

४) गण्डम्ब वृक्षको मूलमा यमक प्रातिहार्य प्रदर्शन गरेर तीर्थङ्कर हरूलाई दमन गर्नुभएको

५) त्रयत्रिंश भूवनमा गएर माता महामाया दवीलाई अभिधर्मको देशना गर्नुभएको ।

प्र.नं.१४९) आश्विन पूर्णिमाको के महत्व छ ?

उत्तर- त्रयत्रिंश भूवनमा माता महामायादेवीलाई अभिधर्मको उपदेश दिइ सकेपछि संकाश्यमा ओर्लिनु भएको ।

प्र.नं.१५०) सारिपुत्र महास्थविर परिनिर्वाण हुनु भएको कुन पूर्णिमामा हो ?

उत्तर- कार्तिक पूर्णिमा ।

प्र.नं.१५१) भगवान् राजगृहमा जानुभएको प्रथम पटक कहिले हो ?

उत्तर- पौष पूर्णिमा ।

प्र.नं.१५२) भगवान्ले परिनिर्वाण हुनका लागि मारलाई वचन दिनु भएको कुन पूर्णिमामा हो ?

उत्तर- माघ पूर्णिमा ।

प्र.नं.१५३) भगवान् कपिलवस्तु नगरमा जानुभएको कुन पूर्णिमामा ?

उत्तर- होलि पूर्णिमा (फाल्गुण पूर्णिमा)

प्र.नं.१५४) भगवान् राजगृहमा जानु भएको बेला कति मानिसहरू श्रोतापन्न भए, फेरि कति त्रिशरणमा गए ?

उत्तर- ११ लाख श्रोतापन्न र १ लाखले त्रिशरण गए ।

प्र.नं.१५५) उरुवेल काश्यप, नदी काश्यप र गया काश्यपहरू पहिले भगवान्को उपदेश सुनेर, बोध भएर कुन कुन काम छाडे ?

उत्तर- यज्ञ होम गर्ने र गङ्गामा नुहाए धर्म लाग्छ भन्ने काम छाडे ।

प्र.नं.१५६) यश कुमारको गृहस्थीबेलाका चार साथीहरूको नाम केके हुन् ?

उत्तर- विमल, सुबाहु, पूर्णजित र गवम्पत्ति ।

प्र.नं.१५७) कल्प कति छन्, ती के के ?

उत्तर- ५ वटा । १.सार कल्प २.मन्द कल्प ३.वर कल्प ४.सारमन्द कल्प ५.भद्र कल्प ।

प्र.नं.१५८) भगवान् बुद्ध परिनिर्वाण हुनु भएको कुन बार हो ?

उत्तर- मङ्गलबार ।



https://dhamma.digital

प्र.नं.१५९) कति शताब्दीदेखि वज्रयान प्रचार भयो ?
उत्तर- आठौं शताब्दीदेखि ।

प्र.नं.१६०) नेपालमा अहिले हुनु भएकामध्ये जेष्ठ अनागारिका को हुन् ?
उत्तर- अ. उत्तरा, किण्डोल विहार, स्वयम्भू ।

प्र.नं.१६१) राजा अशोकका बुबा र बाजेका नाम के हो ?
उत्तर- बुबा - बिन्दुसार र बाजे - चन्द्रगुप्त ।

प्र.नं.१६२) "मेरो इच्छा पुरा भए जस्तै तपाईंको पनि पूरा होस् ।" यो वाक्य कसले बोधिसत्वलाई भनेको हो ?
उत्तर- सुजाताले ।

प्र.नं.१६३) महायानी आचार्यहरूले भगवान् बुद्धको लौकिक चरित्र वा अलौकिक चरित्रलाई बढि प्राथमिकता दिए ? उनीहरूले रचना गरेको किताब 'कथावत्थु' र 'मिलिन्द प्रश्न' हुन् कि 'रत्नकूत' र 'वैप्ल्य' हुन् ?
उत्तर- अलौकिक चरित्रलाई बढि प्राथमिकता दिए । 'रत्नकूत' र 'वैप्ल्य' हुन् ।

प्र.नं.१६४) तिलौराकोट अथवा प्राचीन कपिलवस्तुको पर्खाल कति फिट मोटो थियो ?
उत्तर- १० फिट ।

प्र.नं.१६५) सिद्धार्थको जन्म भएको दृश्य धेरै ठाँउहरूमा पाइन्छन । ती मध्ये काठमा कुडिँएका दुई ठाँउमा छन् । ती कहाँ कहाँ हुन् ?
उत्तर- काठमाडौंको मरुसत्तलमा, ललितपुरको लोकाकीर्ति विहार नकबहिलमा र भक्तपुरको मरुबहिलमा ।

प्र.नं.१६६) सारिपुत्र र मौद्गल्यायन भन्तेहरू निर्वाण भएको कुन कुन दिनमा, कति दिनको फरकमा ?
उत्तर- सारिपुत्र-कार्तिक पूर्णिमा, मौद्गल्यायन-कार्तिक औंसी, १५ दिनको फरकमा ।

प्र.नं.१६७) इण्डोनेशियाको चारकुने छ तल्ला माथि रहेको चैत्यगर्भ मात्रै १२० फिट उचाइ भएको चैत्यलाई आजभोलि के भनिन्छ ?
उत्तर- बोरो बुडुर ।

प्र.नं.१६८) "मेरो बीजले जन्म हुने सन्तानले मलाई मारे मारोस् तर गर्भपतन गर्न पाइदैन । सन्तानको मुख हेरेर मात्र मर्छु ।" यो बुद्धकालीन कुन राजाको उद्गार हो ?
उत्तर- राजा बिम्बिसारको ।



https://dhamma.digital

प्र.नं.१६९) शाक्यहरू लिएर बर्मामा जानु भएका शाक्य राजकुमारको नाम के हो ?

उत्तर- धजराज ।

प्र.नं.१७०) बोधिवृक्ष मुनि बसेर धर्मचक्र प्रवर्तनको मुद्रामा रहेको पुरानो बुद्धको मूर्ति कहाँ छ ?

उत्तर- आलुक्वहिटी, ललितपुर ।

प्र.नं.१७१) "सुत्त" रक्षा गर्ने जिम्मा र "विनय" रक्षा गर्ने जिम्मा लिएकाहरूलाई के भनिन्छ ?

उत्तर- सुत्तधर र विनयधर ।

प्र.नं.१७२) भगवान् बुद्धले सुजातालाई कति प्रकारका पत्नि छन् भनी आज्ञा गर्नु भयो ?

उत्तर- सात प्रकारका ।

प्र.नं.१७३) धर्मचक्र प्रवर्तन गर्नुभएको पाँच दिन पछि भगवान् बुद्धले कुन सूत्र देशना गर्नु भयो ?

उत्तर- अनत्त लक्खण सूत्र ।

प्र.नं.१७४) पटाचाराको बच्चा बगाएको नदीको नाम के ?

उत्तर- अचिरवती ।

प्र.नं.१७५) अग्रश्रावक मौद्गल्यायन कुन पर्वतमा परिनिर्वाण हुनु भयो ?

उत्तर- कालशीला पर्वतमा ।

प्र.नं.१७६) कपिलवस्तु तिलौराकोट नै हो भनी प्रमाणित गर्नु हुने भारतीय पुरातत्वविदको नाम के ?

उत्तर- पी.सी. मुखर्जी ।

प्र.नं.१७७) कुनै समयमा एक प्रकारले भारतका सम्पूर्ण बौद्ध सम्प्रदायी वज्रयान-गर्भित महायानका अनुयायी भएका थिए । यस्तो भएको समय महापण्डित राहुल सांकृत्यानले कति शताब्दीलाई बताउनु भएको थियो ?

उत्तर- आठौं शताब्दी ।

प्र.नं.१७८) सुजाताको बुबाको नाम के ? उ कुन गाउँका थिए ?

उत्तर- बुबा-महासेन, गाउँ-सेनानी ग्राम ।



https://dhamma.digital

प्र.नं.१७९) कल्याणका बुबा, बाजे र जिजा बाजेको नाम के के ?

उत्तर- बुबा-वररोज, बाजे-रोज, जिजा बाजे-महासम्मत ।

प्र.नं.१८०) अजन्ता जस्ता भारतका अरु गुफा मन्दिरहरू तीनवटाका नाम भन्नुहोस् ।

उत्तर- एलौरा, कार्ले र नासिक ।

प्र.नं.१८१) नेपालमा कति इश्वीमा कसको पालामा दास प्रथा सफलतापूर्वक उन्मूलन भयो ?

उत्तर- चन्द्र शमशेरको पालामा सन् १९२४ ।

प्र.नं.१८२) बिम्बिसार राजाका दुई अग्रमहीषि (रानीहरू) थिए । उनीहरूको नाम के के र अजातशत्रु कसका पुत्र थिए ?

उत्तर- कोशलदेवी र खेमा । अजातशत्रु कोशलदेवीका पुत्र थिए ।

प्र.नं.१८३) धारणीको संक्षिप्तिकरणलाई के भनिन्छ ?

उत्तर- मन्त्र ।

प्र.नं.१८४) आनन्दकुटी विहारको चैत्यमा अहिले रहेको बुद्धको अस्थिधातु कुन देशबाट कसको प्रमुखतामा ल्याइएको हो ?

उत्तर- श्रीलङ्काबाट माननीय उद्योग तथा श्रम राज्यमन्त्री रामकृष्ण ताम्राकारको प्रमुखतामा ।

प्र.नं.१८५) सिद्धार्थकि श्रीमतिका धेरै नामहरू थिए । तीनिहरूमध्ये दुई -गोपा र राहुलमाता हुन् भने अरु दुई नाम भन्नुहोस् ।

उत्तर- भद्दकच्चायन र यशोधरादेवी ।

प्र.नं.१८६) उरुवेल काश्यपका कति शिष्यहरू थिए ?

उत्तर- ५०० जना ।

प्र.नं.१८७) गया काश्यपका कति शिष्यहरू थिए ?

उत्तर- २०० जना ।

प्र.नं.१८८) सर्वप्रथम बुद्ध र बौद्ध संस्कृति सम्बन्धी डाक टिकट कुन देशबाट निकालिएको थियो ?

उत्तर- मंगोलिया ।

प्र.नं.१८९) संगितिकवादका “अभिधर्मकोश” रचना गर्ने को थिए ?

उत्तर- बसुबन्धु ।



https://dhamma.digital

प्र.नं.१९०) धनञ्जय सेठका कति जना छोरीहरू थिए ?

उत्तर- दुई जना । विशाखा र सुजाता ।

प्र.नं.१९१) विमलका माता पिताका नाम के के हुन् ?

उत्तर- माता -अम्रपाली र पिता - बिम्बिसार ।

प्र.नं.१९२) सिद्धार्थले महाभिनिष्क्रमण गर्नुभएको कुन पूर्णिमा, कुन बार थियो ?

उत्तर- आषाढ पूर्णिमा, सोमबार ।

प्र.नं.१९३) अनिमिस चैत्य बोधिवृक्षबाट कता पर्दछ, किन अनिमिस चैत्य भनिएको हो ?

उत्तर- उत्तर दिशामा पर्छ । आँखा पनि झिमिक नगरी बोधिवृक्षलाई हेरिरहेको हुनाले ।

प्र.नं.१९४) एक योजनमा कति कोश हुन्छ ?

उत्तर- ४ कोश ।

प्र.नं.१९५) महाप्रजापति गौतमी प्रव्रजित भएको राज्य र विहारको नाम के हो ?

उत्तर- वैशाली राज्य, कूटागारशाला विहार ।

प्र.नं.१९६) महेन्द्र स्थविरका उपाध्याय को हुन् ?

उत्तर- मोग्गलिपुत्ततिस्स महास्थविर ।

प्र.नं.१९७) राजा बिम्बिसारको राज्यमा कति गाउँ र कति जनसंख्या थियो ?

उत्तर- ८०,००० गाउँ र १८ करोड जनसंख्या ।

प्र.नं.१९८) राजा रिपुमल्ल कति वि.सं.मा लुम्बिनी जानुभएको थियो ?

उत्तर- वि.सं. १३९६ ।

प्र.नं.१९९) बुद्ध शासनमा प्रव्रजित उपसम्पदा गर्न नहुनेहरूमध्ये राजभत्यहरू पनि हुन् । यो नियम कसले विन्ति गरेको कारण बनाइएको हो ?

उत्तर- राजा बिम्बिसार ।

प्र.नं.२००) अन्तमा "राम" पद भएको विहार कपिलवस्तुमा अहिले पनि छ । त्यसको पूरा नाम के हो ?

उत्तर- कालखेमकाराम ।

प्र.नं.२०१) पञ्च भैषर्ज्य भनेको के के हुन् ?

उत्तर- घ्यू, नौनि, तेल, मह र दूध ।



https://dhamma.digital

प्र.नं.२०२) जेतवन विहारलाई पाँचवटा गाउँ दान दिने व्यक्ति को थिए ?

उत्तर- गोविन्द चन्द्र ।

प्र.नं.२०३) भगवान् बुद्ध देवलोकमा वर्षावास बिताएर फर्किनु हुँदा पृथ्वीलोकमा सर्वप्रथम दाँया पाउ टेक्नुभएको स्थानमा एक चैत्य निर्माण गरिएको छ । त्यस प्रसिद्ध चैत्यको नाम के हो ?

उत्तर- अचल चैत्य ।

प्र.नं.२०४) राजा मिनान्दरले आफ्नो राजधानी कहाँ बनाए ?

उत्तर- शाकला (स्यालकोट) भन्ने ठाँउमा ।

प्र.नं.२०५) "चूडामणि चैत्य" कहाँ कसले स्थापना गरेको चैत्य हो ?

उत्तर- त्रायत्रिंश देवलोकमा इन्द्रले ।

प्र.नं.२०६) बर्माको ३२० फिट अग्लो र १४२० फिट घेरा भएको चैत्यको नाम के हो ?

उत्तर- स्वेड्गौं चैत्य ।

प्र.नं.२०७) तृतीय ध्यानले के निरोध गर्छ ?

उत्तर- वितर्क विचार ।

प्र.नं.२०८) वाचस्पति मिश्रले लेख्नुभएको टीकाको नाम के हो र यो कति ईश्वी शताब्दीको हो ?

उत्तर- भागमती, ९औं शताब्दी ।

प्र.नं.२०९) अशोक कुन वंशका कसका नाति हुन् ?

उत्तर- शाक्यवंशका चन्द्रगुप्तका नाति ।

प्र.नं.२१०) उत्तराका पिताको नाम के हो र उसको विवाह को सँग भयो ?

उत्तर- बुबाको नाम-पूर्णसिंह, सुमन सेठको छोरासँग ।

प्र.नं.२११) भगवान् बुद्ध राजगृह जानुभएको बेला वहाँको साथमा कति भिक्षुहरू जानुभयो ?

उत्तर- १००३ जना ।

प्र.नं.२१२) भगवान् बुद्धले सबैभन्दा पहिले राजगृहमा दिनुभएको उपदेशको नाम के हो ?

उत्तर- महानारद जातक ।



https://dhamma.digital

प्र.नं.२१३) बुद्धकालीन चौध जनपदको नाम के के हो ?

उत्तर- अंग, मगध, काशी, बज्जी, मल्ल, चेदि, वंग, कुरु, पंचाल, मत्स्य, सुरसेन, अस्सक, अवन्ती, गन्धार, र कम्बोज ।

प्र.नं.२१४) श्रीलंकाको प्राचीनतम स्तूप वा थूरको नाम के हो ?

उत्तर- थूपाराम ।

प्र.नं.२१५) दान दास भनेर कस्तो दानलाई भनिन्छ ?

उत्तर- आफूले परिभोग गर्ने वस्तु भन्दा कम स्तरका वस्तु दान गर्नेलाई भनिन्छ ।

प्र.नं.२१६) विशाखाको श्रीमान्को नाम के हो ?

उत्तर- पूर्णवर्द्धन ।

प्र.नं.२१७) सिद्धार्थ गृहत्याग गरेर जानुभएको बेला कुन नदी तरेर जानुभएको थियो ?

उत्तर- अनोमा नदी ।

प्र.नं.२१८) कनिष्कको राजधानी कता पर्छ ? उहाँ बुद्धधर्मको कुन निकायका अनुयायी थिए ?

उत्तर- राजधानी -पुरुषपुर, सर्वास्तीवादी निकायका अनुयायी ।

प्र.नं.२१९) भिक्षुणीहरूको विनय नियम कति वटा छन् ?

उत्तर- ३११ वटा ।

प्र.नं.२२०) अशोक महाराजाका माता पिताको नाम के हो ?

उत्तर- माता -धम्मा, पिता- बिन्दुसार ।

प्र.नं.२२१) बिम्बिसार राजाका राजबैद्य को थिए ?

उत्तर- जीवक (कौमार्य भृत्य) ।

प्र.नं.२२२) त्रिपिटक कुन देशमा कहिले सर्वप्रथम लेखबद्ध भएको थियो ? ईस्वी शताब्दीमा भन्नुहोस् ।

उत्तर- श्रीलङ्कामा प्रथम शताब्दीमा ।

प्र.नं.२२३) बिम्बिसार राजा महिनाको कति पटक उपोसथ ब्रत पालन गर्थे ?

उत्तर- ६ पटक ।

प्र.नं.२२४) ललितपुरको पुल्चोकमा सबभन्दा ठूलो चैत्यको मुनि भूमिमा



https://dhamma.digital

गाढिएको ने.सं. ५२७ को प्राय: नष्ट भइसकेको शिलालेखमा कति वटा लिपि रहेको छ। ती के के हुन् ?

उत्तर- तीन वटा। गुप्त (लिच्छवि), रञ्जना र नेपालभाषा।

प्र.नं.२२५) ओकाक राजाका जेष्ठ सुपुत्री प्रिया हुन्। उनका भाइ ओक्कामुख हुन्। अब भन्नुहोस् प्रियाका श्रीमान्को नाम के हो?

उत्तर- राम (राजा)।

प्र.नं.२२६) नेपाल सम्बत् १०६७ कौलाथ्व दशमीको दिन साँझको ६.१५ समयमा कलकत्ता रेडियोबाट कसले, कुन भाषाबाट के ब्रोडकाष्ट गरेका थिए ?

उत्तर- भिक्षु अमृतानन्दले, नेपाल भाषामा, बुद्ध धर्मको बारेमा।

प्र.नं.२२७) बर्माको पुरानो राष्ट्रिय गानमा बर्माका जनताले आफूलाई कुन राजाका सन्तान भनि भनिएको थियो ?

उत्तर- शाक्य वंशका धगाउँ अधिराजाका सन्तान।

प्र.नं.२२८) मगध भाषा वा पालि भाषामा मात्र भएको त्रिपिटक सर्वास्तिवादिहरूले कहाँ पुगेर आफ्नो त्रिपिटक संस्कृत भाषामा परिवर्तन गरे अनि यस संस्कृतलाई आजभोलि के भनिन्छ ?

उत्तर- मथुरामा, गाथा संस्कृत।

प्र.नं.२२९) "भिक्षुहरू ! तिमीहरू म सँग हिँडिराखेको चौवालीस वर्ष भइसक्यो। यदि मेरो कुनै कायिक, वाचिक कर्ममा प्रसन्न छैनौं भने तिनीहरूलाई तिमीहरूले क्षमा दिनु।" यो विनम्र शब्द कसको हो ?

उत्तर- सारिपुत्रको।

प्र.नं.२३०) नालन्दा पालि विश्वविद्यालयले विद्यावारिधि (डी.लिट्.) उपाधि प्राप्त गर्नुहुने नेपालका भिक्षुको नाम के हो ?

उत्तर- भिक्षु अमृताननद महास्थविर।

प्र.नं.२३१) नेपाली भिक्षुहरूमध्ये सर्वप्रथम "कोविद" पास हुने को हुन् ?

उत्तर- भिक्षु महानाम।

प्र.नं.२३२) नेपाल भाषामा बुद्ध धर्म सम्बन्धी हाजीरिजवाफ प्रतियोगिताका प्रथम आयोजना प्रबन्धक को हुन् ?

उत्तर- हेराकाजी सुइका।



https://dhamma.digital

प्र.नं.२३३) थाइलैण्डका महामुकूट बुद्धिष्ट यूनिभर्सिटीबाट स्नातक उपाधि "सासन शास्त्र पण्डित" लिने भिक्षुहरूको नाम के के हो ?

उत्तर- भिक्षु सुशोभन, भिक्षु सुनन्द, भिक्षु धर्मपाल, भिक्षु सगन्ध र भिक्षु विपस्सी ।

प्र.नं.२३४) थाइलैण्डको महाचुलालंकार बौद्ध विश्वविद्यालयबाट "बुद्ध शास्त्र पण्डित" स्नातक उपाधि प्राप्त नेपाली भिक्षुहरू को का हुन् ?

उत्तर- भिक्षु धर्मशोभन, भिक्षु सुमेध, भिक्षु सुधम्म, भिक्षु जवन, भिक्षु धर्मगुप्त, भिक्षु अस्सजि ।

प्र.नं.२३५) श्रीलंकाको विद्यालंकार विश्वविद्यालयबाट बुद्ध धर्म सम्बन्धी स्नातक उपाधि प्राप्त नेपाली भिक्षुहरू को को हुन् ?

उत्तर- भिक्षु गुणघोष, भिक्षु मैत्री, भिक्षु सुवर्ण र भिक्षु दीपंकर ।

प्र.नं.२३६) भगवान् बुद्ध पौष पूर्णिमाको दिन राजगृह नगरमा पहिलो पटक जानुभएको बेला बिम्बिसार राजा कति ब्राह्मण र गृहपति सहित भगवान् कहाँ आए ?

उत्तर- १ लाख २० हजार ब्राह्मण र गृहपति सहित ।

प्र.नं.२३७) विश्व बौद्ध सम्मेलन कहाँ कहाँ बु.सं कति कति सालमा भयो ?

उत्तर- प्रथम-श्रीलंकामा, २४९३ दोस्रो-जापान, २४९५
तेस्रो-बर्मा, २४९७ चौथो-नेपाल, २४९९
पाँचौं-थाइलैण्ड, २५०१ छैठो-कम्बोडिया, २५०४
सातौं-भारत, २५०७ आठौं-थाइलैण्ड,२५०९
नवौं-मलेशिया, २५१२ दसौं-श्रीलंका, २५१५
एघारौं-थाइलैण्ड, २५१९ बाह्रौं-जापान, २५१२
तेह्रौं- थाइलैण्ड, २५२३ चौधौं-श्रीलंका, २५२७
पन्ध्रौं-नेपाल, २५३० सोह्रौं-अमेरिका, २५३२
सत्रौं-दक्षिण कोरिया, २५३४ अठारौं-ताइवान, २५३६ ।

प्र.नं.२३८) विश्वमा सबभन्दा प्राचीन ढुङ्गाको भगवान् बुद्धको मूर्ति कुन देशमा छ ?

उत्तर- चीन ।

प्र.नं.२३९) बौद्ध झन्डा सुधार गरेर आधुनिक रूप दिने व्यक्ति को हुन् ?



https://dhamma.digital

उत्तर- हेनरीस्टील अल्कट ।

प्र.नं.२४०) बिम्बिसार राजाले वेलुवन उद्यान बुद्ध प्रमुख भिक्षु संघहरूलाई कहिले प्रदान गर्नुभयो ?

उत्तर- भगवान् राजगृह पुग्नुभएको भोलिपल्ट ।

प्र.नं.२४१) नागबहालको तारेमाम संघको स्थापना भएको कहिले हो ?

उत्तर- वि.सं. १९९६ सालमा ।

प्र.नं.२४२) ललितपुरमा बुद्ध जयन्ती सर्वप्रथम मनाइएको कति सालमा, कुन टोलबाट र कुन संघबाट ?

उत्तर- वि.सं. २००९, नागबहालमा, तारेमाम संघले ।

प्र.नं.२४३) सारिपुत्रका तीन बहिनी थिए, तीनिहरूको नाम भन्नुहोस् ।

उत्तर- चाला, उपचाला, सिसुपचाला ।

प्र.नं.२४४) आनन्दकुटी विद्यापीठका संस्थापक को हुन् ?

उत्तर- भिक्षु अमृतानन्द महास्थविर ।

प्र.नं.२४५) यशोधरा बौद्ध विश्वविद्यालयका संस्थापक को हुन् ?

उत्तर- अनागारिका माधवी ।

प्र.नं.२४६) पञ्च भद्रवर्गीय भिक्षुहरूको नाम क्रमैसँग भन्नुहोस् ।

उत्तर- कोण्डञ्ञ, वप्प, भद्दिय, महानाम र अस्सजित ।

प्र.नं.२४७) भगवान् बुद्धले कति क्षेत्र भित्र भ्रमण गरी पैंतालीस वर्षसम्म धर्मप्रचार गर्नुभयो ?

उत्तर- कोशीदेखि-कुरु क्षेत्र र हिमाञ्चलदेखि-विद्यान्चल सम्म ।

प्र.नं.२४८) नेपालका भिक्षुहरूमध्ये सर्वप्रथम B.A. र M.A. पास गर्ने को हुन् ?

उत्तर- भिक्षु सुदर्शन ।

प्र.नं.२४९) नेपालका अनागारिकाहरूमध्ये सर्वप्रथम B.A. पास गर्ने को हुन् ?

उत्तर- अनागारिका कमला ।

प्र.नं.२५०) नेपालका अनागारिकाहरूमध्ये सर्वप्रथम M.Ed. पास गर्ने को हुन् ?



https://dhamma.digital

उत्तर- अनागारिका ञाणवती ।

प्र.नं.२५१) अभयराजकुमारका माता पिता को को हुन् र उ कहिले विरक्त भएर भिक्षु भयो ?

उत्तर- माता-पद्मावती (गणिका) पिता- राजा बिम्बिसार, अजातशत्रुले आफ्नो पितालाई मारेको कारणले विरक्त भएर भिक्षु भएको ।

प्र.नं.२५२) ई १९५८मा मानव अधिकार दिवसको उपलक्ष्यमा "लुम्बिनी" मन्दिरको पहेंलो रङ्ग लोकलप्रिन्ट टिकट निकालिए जस्तै लुम्बिनी वर्षको उपलक्ष्यमा कहिले, कति जाने, के को टिकट निकालिएको थियो ?

उत्तर- स्वाँयापुन्हि,बैशाख पूर्णिमा अर्थात् २९ बैशाख बुद्ध जयन्तीका दिन एक रूपैंया जाने सिद्धार्थ जन्मको मूर्तिको (महामायादवीको) ।

प्र.नं.२५३) लोकमा तीन प्रकारका घोष उत्पन्न हुन्छ । त्यसमध्ये पहिलो कल्प घोष हो भने तेस्रो चक्रवर्ती घोष हो । अब भन्नुहोस् दोस्रो घोषलाई के भनिन्छ र यो कति वर्ष अगाडि घोषणा हुन्छ ?

उत्तर- बुद्ध घोष, सहश्र (हजार) वर्ष अगाडि ।

प्र.नं.२५४) भगवान् बुद्धले आफूकहाँ आउने मानिसहरूलाई क्रमबद्ध रूपले धर्मदेशना गर्नुहुने चलन छ । त्यसलाई के भनिन्छ ?

उत्तर- आनुपूर्विकथा ।

प्र.नं.२५५) बिम्बिसारकालीन मगधका प्रसिद्ध पाँच सेंठ वा श्रेष्ठीहरू को को हुन् ? नाम भन्नुहोस् ।

उत्तर- जोतिय, जटिल, मेण्डक, पूर्णक र काकवलिय ।

प्र.नं.२५६)महायानको दार्शनिक ग्रन्थ तत्वसंग्रहका रचयिता को हुन् ?

उत्तर- आचार्य शान्तरक्षित ।

प्र.नं.२५७)सुगति स्वर्गलोक मध्ये ब्रह्मा, महाब्रह्मा र अरूप लोक छाडी सात काम सगति लोक छन् । ती सात मध्ये १. चातुर्महाराजिका २. त्रायत्रिंश ३. यामा ४. तुषित ५. निर्माणरति ६. परनिर्मितवशवर्ती छ वटा लोक हुन् । बाँकी रहेको एक देवलोक वा सुगतिलोक कुन हो ?

उत्तर- मनुष्यलोक ।

प्र.नं.२५८) मगध देशमा बिम्बिसार राजाले राज्य गरिरहेको बेला प्रत्यन्त देश



https://dhamma.digital

तक्षशिला नगरमा कसले राज्य गर्दथे ?

उत्तर- पुक्कुसाति राजा ।

प्र.नं.२५९) मारले बोधिसत्वलाई आक्रमण गरेको बेला उहाँले दश पारमिताको स्मरण गर्नुभयो । ती दश पारमिता मध्यय् पाँच पारमिता-दान, नैष्क्रम्य, वीर्य, सत्य, र अधिष्ठान हो भने बाँकी रहेका पाँच पारमिता के के हुन् ?

उत्तर- शील, प्रज्ञा, क्षान्ति, मैत्री र उपेक्षा ।

प्र.नं.२६०)"भारतमा बौद्ध धर्मको उत्थान र पतन" पुस्तकको प्रथम संस्करण कति प्रति, कति बुद्ध सम्वत्मा निकालिएको थियो र यसको मूल्य कति थियौ ?

उत्तर- १००० प्रति, बु.सं. २५०१, मूल्य -२५पैसा

प्र.नं.२६१) "संस्कृतितर्फ हेरियो भने नेवाः संस्कृतिलाई नै नेपाली संस्कृति भन्न सकिन्छ । " यो उदान एक बर्मी भिक्षुको हो । उहाँको नाम भन्नुहोस् ।

उत्तर- भिक्षु धम्मावुध ।

प्र.नं.२६२) लुम्बिनीको नाम समय समयमा फरक हुँदै जाँदा एक समयमा लुम्बिनदेइ पनि भनियो । लुम्बिनीलाई महाराज अशोकले आफ्नो शिलालेखमा कसरी लेखेका छन्, ह्वेनसाङ्गले कसरी लेखे ? शुद्ध रूपले लेख्नुहोस् ।

उत्तर- अशोकले -लुमिनि, ह्वेनसाङ्गले -लुंमिन ।

प्र.नं.२६३) बुद्धको पहिलो कपिलवस्तु आगमनमा राजा शुद्धोदन र महारानी प्रजापति गौतमी वहाँको सरल, शान्त र सुमधुर धर्म उपदेश सुनेर लाभ गर्नु भएको धर्मको विशिष्ट स्थिति के के हो ?

उत्तर- राजा शुद्धोदनले अनागामी फल र महारानी प्रजापति गौतमीले श्रोतापत्ति फल ।

प्र.नं.२६४) तं पुत्त पसुसम्मतं, व्यासत्तं मनसं नरं ।
सुत्तं गामं महोघोव, मच्चु आदाय गच्छति ॥
"जसरी सुतिरहेको गाउँलाई बगेर आएको नदीले बगाउँछ, त्यसरी नै पुत्र र अरु प्राणीहरूप्रति आशक्त भइरहेको मानिसलाई मृत्युले लग्नेछ" यस गाथा कसले कसलाई भनेको हो ?



https://dhamma.digital

उत्तर- बुद्धले कृशागौतमीलाई ।

प्र.नं.२६५) थाइलैण्डको वाट प्रक्याउ मन्दिरमा रहेको ७५ सेन्टिमिटर अग्लो बुद्धलाई के बुद्ध भनिन्छ ?

उत्तर- इमराल बुद्ध (पन्नाको बुद्ध)

प्र.नं.२६६) तलको संवेग उत्पन्न गराउने मन दुःखित बनाउने विरक्तिको बुद्धकालीन व्यक्तिको मुखबाट प्रस्फुटन भएको हो ?
"हा ! संसार दुःख प्रायः मनमा यहाँ, हा ! दुःख हा !! पीडित,
त्याग गर्नेछु, घृणित चाँहिदैन, कहाँ जाउ, हा ! दुःख लोकमा मलाई !!"

उत्तर- यशकुमार ।

प्र.नं.२६७) बिम्बिसार राजाले इच्छा गरिराखेको पाँच कुराहरू के के थिए ?

उत्तर- १) मलाई राज्याभिषेक प्राप्त होस् ।
२) भगवान् बुद्ध मेरो राज्यमा आउन् ।
३) उहाँ भगवान्लाई सेवा गर्न पाऊँ ।
४) उहाँ भगवान्ले मलाई धर्मोपदेश गरुन् ।
५) उहाँ भगवान्लाई मैले चिन्न सकुँ ।

प्र.नं.२६८) सारिपुत्र महास्थविरका भाइहरूको नाम के के ?

उत्तर- चुन्द, उपसेन र रेवत ।

प्र.नं.२६९) अफगानिस्तानमा रहेको बुद्ध मूर्ति कति फिट छ ?

उत्तर- ५५ फिट ।

प्र.नं.२७०) नेपाल बौद्ध परियत्ति शिक्षाका विद्यार्थीहरू बिचमा अन्तर उपत्यका व्यापि बुद्ध र बुद्ध धर्म सम्बन्धी प्रथम हाजीरि जवाफ प्रतियोगिता कसको आयोजनामा कहिले कहाँ भयो ?

उत्तर- ने.बौ.प.शि. दीपङ्कर केन्द्र नागबहालको आयोजनामा बु.सं. २५२३ अर्थात् २०३६/३/२५, नागबहालमा ।

**☸ समाप्त ☸**



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

नेपाल बौद्ध परियत्ति शिक्षा

# सद्धम्म पालक उपाधि परीक्षा

(प्रथम, द्वितीय र पञ्चम पत्र)

# प्रश्नपत्र संगालो

बि.सं. २०७०-२०७६

Dhamma.Digital

https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**सद्धम्म पालक उपाधि परीक्षा (कक्षा ७)**
**प्रथम पत्र (नेपाली)**
**बु.सं. २५५६ (२०७०)**

**समय ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन : २१ माघ २०६८** **उत्तीर्णाङ्क : ३५**

## वर्ग "क" नव परित्राण निश्चय

**प्र.नं १ तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै चारवटा मात्र)** ७.५×२=१५

क) बाल र प्रज्ञावान् पण्डित शब्दको विग्रह गर्नुहोस् ।

ख) आमिस पूजा भन्दा प्रतिपदा पूजामा बौद्धहरु अग्रसर हुनुपर्दछ । ब्याख्या गर्नुहोस् ।

**प्र.नं २ ब्याख्या गर्नुहोस् । (कुनै २ वटा )** ७.५×२=१५

क) आरति विरति

ख) अरिय सच्चान दस्सनं

ग) खन्ति च

**प्र.नं ३ भावार्थ लेख्नुहोस् । (कुनै २ वटा)** ५×२=१०

क) एवं मे सुतं एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे । अथ खो अञ्ञतरा देवता अभिक्कन्ताय रत्तिया अभिक्कन्तवण्णा केवलकप्पं जेतवनं ओभासेत्वा येन भगवा तेनुपसङ्कमि उपसङ्कमित्वा, भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि । एकमन्तं ठिता खो सा देवता भगवन्तं गाथाय अज्झभासि ।

ख) असेवना च बालानं, पण्डितानञ्च सेवना
पूजा च पूजनेय्यानं, एतं मङ्गलमुत्तमं ॥२॥

ग) दानञ्च धम्मचरिया च, ञातकानञ्च सङ्गहो
अनवज्जानि कम्मानि, एतं मङ्गलमुत्तम ॥६॥

## वर्ग "ख" अनागारिका धर्मशिला र उहाँका कार्यहरु

**प्र.नं.४ अनागारिका धर्मशिलालाई प्रजातन्त्र सेनानीको उपाधिद्वारा विभूषित गरिनुको मुख्य कारण वहाँको सामाजिक र राजनितिक छेत्रमा पुऱ्याएको योगदानले गर्दा नै हो । छोटकरीमा लेख्नुहोस् । ५**



https://dhamma.digital

**प्र.नं ५ पोखराको महापरित्राणमा अनागारिका धर्मशिलाको भूमिका दर्शानुहोस् । ५**

**प्र.नं ६ विश्वशान्ति स्तूपको निर्माणमा अनागारिका धर्मशिलाको योगदानबारे लेख्नुहोस् । ५**

**प्र.नं ७ तलका प्रश्नहरूको उत्तर दिनुहोस् । ५**

क) भिक्षु महादान कति सालमा पोखरामा आउनु भएको थियो ?

ख) यशोमति कति सालमा कसको दायकत्वमा प्रवजित भएकी थिइन् ?

ग) कविवर चित्तधर हृदयको दुइ वहिनीहरुको नाम के के हुन् ?

घ) भिक्षु शाक्यानन्दलाई धर्म प्रचार गरेको आरोपमा कति दिनसम्म जंगि परेडको कोत गारतमा थुनिनु परेको थियो र वहाँसंगै थुनिएको अन्य साथीहरुको नाम पनि लेख्नुहोस् ?

ङ) अनागारिका धर्मशिला संस्थापक सचिव भएर स्थापना गरेको स्कूलको नाम के हो र यसको स्थापना कति सालमा भएको थियो ?

**वर्ग "ग" पाली**

**प्र.नं ८ तलका बाक्यहरू पालीलाई नेपालीमा र नेपालीलाई पालीमा अनुवाद गर्नुहोस् । १०**

क) तयो'मे भिक्खवे गिलाना संविज्जमाना लोकस्मिं ...तयो'मे गिलानूपमा पुग्गला ।

ख) ततो नं सुख'मन्वेति छाया'व अनपायिनी ।

ग) राजा नगरे चरन्तो धम्मं देसेन्तेमेकं तापसं पस्सी ।

घ) आफ्नो चित्तलाई सबै पापवाट शुद्ध गर्नुपर्दछ भन्ने यो बुद्धको अनुशासन हो ।

ङ) भिक्षुहरु यी तीनवटा अकुशल मूलहरु हुन् ।

**प्र.नं.९. तयो'मे, गिलानूपमा, सुख'मन्वेति, छाया'व, देसेन्तमेक शब्दहरू विसन्धि गर्नुहोस्। १०**

**प्र.नं.१० अकारान्त राजा शब्दको विभत्तिरूप सम्पूर्ण लेख्नुहोस् । १०**

**प्र.नं.११ माथी दिइएको ग को पाली पाठको स्वर ब्यञ्जन र घोष अघोष छुट्याउनुहोस् । १०**

समाप्त



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**प.स.पा.को कोविद प्रथम बर्ष (कक्षा–७)**

**बद्ध संवत २५५८ वि.स. २०७१**

**प्रथम पत्र (नेपाली भाषा)**

समय : ३ घण्टा पुर्णाङ्क : १००

दिन : उत्तीर्णाङ्क : ४०

## वर्ग क नव परित्राण निश्चय

**प्र.नं.१ तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (कुनै ३ वटा)** ३×५=१५

क. धर्म श्रवणको आनिसंस (फल) कति छन् , ती के के हुन् ।

ख. बाल र प्रज्ञावान पण्डित शब्द विग्रह गर्न होस् ।

ग. आमिस पजा भन्दा प्रतिपत्ति पजामा बदि जोद दिन्छ प्रष्ट पार्नुहोस् ।

घ. मंगल सत्रको देशना गर्नु कारन र त्यसको निदान कथा लेख्नुहोस् ।

**प्र.नं.२ व्याख्या गर्नुहोस् । (कुनै ३ वटा)** ३×५=१५

क. पुत्तदारस्स दारस्स संगहो

ख. ञातकानञ्च संगहो

ग. कालेन धम्मसवनं

घ. तपोच ब्रह्म

**प्र.नं.३ भावार्थ लेख्नुहोस् । (कुनै २ वटा)** २×५=१०

क. यंमगलं द्वादसहि, चिन्तयिंसु सदेवका
सोत्थानं नाधिगच्छन्ति, अट्ठतिंसञ्च मङ्गलं ।
देसितं देवदेवेन, सब्बपापविनासनं
सब्बलोकहितत्थाय, मङ्गलं तं भणाम हे ॥

ख. फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पति
असोकं विरजं खेमं एतं मङ्गलमुत्तमं ॥

ग. एतादिसानि कत्वान सब्बत्थ मपराजिता
सब्बत्थ सोत्थिं गच्छन्तिं, तंतेसं मङ्गलमुत्तमं ॥



https://dhamma.digital

## वर्ग ख अनागारिका धर्मशीला

**प्र.न.४ अनागारिका धर्मशीलाले प्रबज्या लिने क्रममा के कस्ता कठिनाइहरूलाई झेल्नु परेको थियो लेख्नु होस् । ५**

**प्र.न. ५ अनागारिका धर्मशीला को शैक्षिक, सामाजिक धार्मिक तथा राजनीतिमा के कस्ता योगदान दिनुभएको हो लेख्नुहोस् । १०**

**प्र.न. ६ तलका प्रश्नहरूको् उत्तर दिनुहोस् । १×५=५**

क. अनागारिका धर्मशीलाले कति सालमा ज्ञानमाला संधको गठन गरेको थियो ।

ख. अनागारिका धर्मशीला पोखरमा महापरित्राण कति सालमा भएको थियो ।

ग. अनागारिका धर्मशीला संस्थापक सचिव भएर स्थापक गरेको स्कूलको नाम के हो र यसको स्थापना कति सालमा भएको थिया ।

घ. अनागारिका धर्मशीला गुरुमाले जापान बाट सिकेको जोरे हो एउटा उपचार विधि कुन नाम मा बुद्ध विहारमा संचालन गरेको थियो र यस उपचार केन्द्र कति सालम ास्थापना गर्नु भएको थिया ।

ङ अनागारिका धर्मशीला गुरुमाको उपचारको क्रममा पहिलो पटक कुन् जानु भएको थियो र त्यो कति सालमा हो ।

**प्र.न.७ अनागारिका धर्मशीलाको जीवनि कथा बाट के कस्ता प्रेरणा पाउनु भयो । ५**

Dhamma.Digital

## वर्ग ग पालि भाषावतरण

**प्र.न.८ पालि भाषामा सन्धि भनेको के हो ती कति प्रकारका छन् । ती मध्य ब्यञ्जन सन्धिको बारेमा उदाहरण सहित ब्याख्या गर्नुहोस । १०**

**प्र.न.९ नेपालीमा अनुवाद गर्नुहोस । १×५=५**

क. पुत्ता म’त्थि धनम्मत्थि इति बालो विहञ्ति ।

ख. सब्बे व मयं धम्मं सुत्वा तं साधुकं मनसि करिस्साम ।

ग. किंसूध वित्तं पुरिसस्स सेट्ठं?ञ

घ. सब्बे संखारा अनिच्चाति ।

ङ. अनुस्सरेय्य सम्बुद्धं भयं तुम्हाकंनो सिया ।



https://dhamma.digital

**प्र.न.१०. पालि भाषामा अनुवाद गर्नुहोस् ।** १×५=५

क. हामी आज बुद्ध,धर्म र संघको शरणमा गइरहेका छौ ।

ख. म गाँउमा गएको बेला मेरो साथीले मलाई एउटा किताब दियो ।

ग. देवताहरु पुण्य सिद्धिएर वा आयु सिद्धिएर देवलोक बाट च्यूत भइरहे ।

घ. भिक्षुले करुणा सहगत चित्तद्धारा सारा संसारलाई फैलाएर बास गरिराख्नु भयो ।

ङ. हाँसले दुध र पानि अलग गरेर पिउन सक्छ ।

**प्र.न.११. अकारान्त नपुंसकलिङ्ग 'मन' शब्दको सम्पूर्ण विभक्ति रूप लेख्नुहोस ।** १०

**प्र.न.१२. तल दिइएका सन्धि पद विसन्धि गरी कुन सन्धिको हो लेख्नुहोस्** १×५=५

क. यस्सदानि

ख. निप्फलं

ग. खन्ती परम

घ. एवमेव

ङ. सञ्ञतो

Dhamma.Digital



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

नेपाल बौद्ध परियत्ति शिक्षा

**सद्धम्म पालक उपाधि परीक्षा (कक्षा ७)**

**प्रथम पत्र (नेपाली)**

**बु.सं. २५५९ (२०७२)**

**समय : ३ घण्टा** | **पूर्णाङ्क : १००**

**दिन : १ फागुन २०७२, शनिबार** | **उत्तीर्णाङ्क : ३५**

## वर्ग "क" नव परित्राण निश्चय

**प्र.नं १ तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै २ वटा मात्र) ७.५×२=१५**

क) मंगल सूत्रको उत्पत्ति बारे उल्लेख गर्नुहोस् ।

ख) आमिस पूजा भन्दा प्रतिपदा पूजा गर्नुमा बौद्धहरूले महत्व दिनुपर्दछ । स्पष्ट पार्नुहोस् ।

ग) अल्प मात्रको प्रज्ञा भएतापनि एक न एक दिन फल दिन्छ भन्ने बारेमा बाराणसी मानवक सेनापति सम्म भएको प्रेरक प्रसंग उल्लेख गर्नुहोस् ।

**प्र.नं २ ब्याख्या गर्नुहोस् । (कुनै २ वटा ) ७.५×२=१५**

क) पञ्ञा नरानं रतनं

ख) अत्तसम्मापणिधि

ग) दारसंगह

**प्र. नं ३ भावार्थ लेख्नुहोस् । (कुनै २ वटा ) ५×२=१०**

क) गारवो च निवातो च, सन्तुट्ठि च कतञ्ञुता ।
कालेन धम्मस्सवनं, एतं मंगलमुत्तमं ॥

ख) असेवना च बालानं, पण्डितानञ्च सेवना
पूजा च पूजनेय्यानं, एतं मङ्गलमुत्तमं ॥२॥

ग) एतादिसानि कत्वान सब्बत्थ मपराजिता
सब्बत्थ सोत्थिं गच्छन्तिं, तं तेसं मङ्गलमुत्तमं ॥

## वर्ग "ख" अनागारिका धर्मशिला र उहाँका कार्यहरू

**प्र.नं ४ तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै ५ वटा मात्र) ५×५=२५**

क) अनागारिका धर्मशिलाले सामाजिक र राजनैतिक छेत्रमा पुऱ्याउनु भएको योगदानले गर्दा नै उहाँलाई प्रजातन्त्र सेनानीको उपाधिद्वारा विभूषित गरिएको हो । छोटकरीमा लेख्नुहोस् ।



https://dhamma.digital

ख) सफल प्रवजित जीवनको एक उदाहरण अनागरिका धर्मशीलालाई मान्न सकिन्छ। यस बारेमा चर्चा गर्नुहोस्।

ग) विश्वशान्ति स्तूपको निर्माणमा अनागारिका धर्मशिलाको योगदानबारे लेख्नुहोस्।

घ) अनागारिका धर्मशीला कसको प्रेरणाबाट बुद्धधर्ममा भित्रिनु भएको हो ?

ड.) रत्नकुमार कायस्थको प्रव्रज्या ग्रहणले शासनको अभिवृद्धिमा धेरै कुराहरू हुनेछन् भन्ने शीर्षकलाई अगाडी सार्दै प्रव्रजित भएपछि भिक्षु श्रद्धानन्दको तर्फबाट बुद्धशासनको लागि भइरहेको शासनिक योगदानलाई उल्लेख गर्नुहोस्।

च) क्यान्सरबाट पीडित अनागारिका धर्मशीलालाई जापानी मित्र भिक्षु मोरियोका सोनीको तर्फबाट भएको सहयोगबारे चर्चा गर्नुहोस्।

## वर्ग "ग" पालि भाषावतरण

**प्र.नं ५ सन्धिको वयान गरी निग्गहित सन्धिको बारे उदाहरण सहित विस्तृत रुपमा लेख्नुहोस् ।** १०

**प्र.नं. ६. ओकारान्त पुलिङ्ग "गो" शब्दको विभक्ति रुप सम्पूर्ण लेख्नुहोस्।** ५

**प्र.नं. ७. सन्धि वा विग्रह गरी अर्थ र कुन सन्धि नियम अन्तर्गत हो, लेख्नुहोस्। (५ वटा मात्र)** १०

क) अव+सिरो    ख) निब्भयं    ग) निरूत्तरो

घ) मातु+उपट्ठानं    ङ) परा+कमो    च) निम्मल

**प्र.नं. ८. अनुवाद गर्नुहोस्। (कुनै ५ वटा मात्र)** २×५=१०

क) पुरा वेसालवासीनं महन्तो रोगुपद्दवो अहोसि।

ख) भगवतो तण्हक्खयाय धम्मो देसितो होति।

ग) अनुस्सरेथ सम्बुद्धं भयं तुम्हाकं नो सिया।

घ) आफ्नो चित्तलाई शुद्ध गर्नुपर्दछ भन्ने तथागतको अनुशासन हो ।

ङ) मानिसहरूले महान फल प्राप्तगर्नको लागी दानादि पुण्य गर्दछन्।

च) यदि यो कुमार प्रवज्या भए बुद्ध हुनेछ।

समाप्त



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
प.स.पा.को सद्धम्म उपाधि परीक्षा (कक्षा-७)
बु.सं. २५६० (वि.सं.२०७३)
प्रथम पत्र (नेपाली )

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**दिन : १६ माघ, २०७३** **उत्तीर्णाङ्क : ३५**

## नव परित्राण निश्चय

**प्र.नं.१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (कुनै ३ वटा मात्र) १५**

क) सुभाषित वचन हुन के के गुणहरु चाहिन्छ ? उदाहरण सहित प्रष्ट गर्नुहोस् ।

ख) बुद्धले देशना गर्नुभएको चार प्रकारका सम्पदा र चार प्रकारका सुख के के हुन् ? उदाहरण सहित सविस्तर लेख्नुहोस् ।

ग) मद्यपान गर्नु शारिरीक तथा मानसिक रुपमा अस्वस्थ हुनु हो । बुद्ध देशना अनुसार पुष्टि गर्नुहोस् ।

घ) संसारमा कोहि पनि व्यक्ति अष्टलोक धम्मबाट बञ्चित हुन सक्दैन उदाहरण सहित व्याख्या गर्नुहोस् ।

**प्र.नं.२. व्याख्या गर्नुहोस् । (कुनै ३ वटा मात्र) १५**

क. फुट्ठस्स लोक धम्मेहि

ख. धम्मस्स चरिया धम्म चरिया

ग. पुत्तदारस्स संगहो

घ. सन्तुट्ठि च कतञ्ञुता

**प्र.नं.३ गाथा सम्पूर्ण गरी भावार्थ लेख्नुहोस् । (कुनै २ वटा मात्र)**

**१०**

क. दानञ्च धम्मचरिया च .................. एतं मंगल मुत्तमं ।

ख. पतिरुपदेसवासो च ......................... एतं मंगल मुत्तमं ।

ग. तपो च ब्रह्मचरियाच .................... एतं मंगल मुत्तमं ।

## अनागारिका धर्मशीला र उहाँका कार्यहरू

**प्र.नं.४. अनागारिका धर्मशीला सामाजिक तथा धार्मिक क्षेत्रमा क्रान्तिकारी नारीको रूपमा पनि चिनाउन सकिन्छ, स्पष्ट पार्नुहोला । १०**



https://dhamma.digital

**प्र.नं.५. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोला। (कुनै ३ वटा मात्र) १५**

क. चार दशक अगाडी नेपालको सन्दर्भमा एउटा नारीले महापरित्राण र बौद्ध सम्मेलन गर्नु आफैमा चुनौतीपूर्ण कार्य थियो। यस भनाइलाई पुष्ट्याउनुहोस्।

ख. विश्वशान्ति स्तूप निर्माणको बारेमा चर्चा गर्नुहोस्।

ग. अनागारिका धर्मशीलाको विदेश भ्रमणबारे लेख्नुहोस्।

घ. अनागारिका धर्मशीलाप्रति वैरभाव गर्नेहरु नभएका होइन्। यस कुरालाई पुष्टि गर्नुहोस्।

## पाली भाषावतरण

**प्र.नं.६. पालि भाषामा स्वर व्यञ्जन उल्लेख गरी लोप, आदेश र आगम भनेको के हो ? लेख्नुहोस्। ५**

**प्र.नं.७. अकारान्त पुल्लिङ्ग राज शब्दको विभक्ति रूप सम्पूर्ण लेख्नुहोस्। ५**

**प्र.नं.८. सन्धि पद विसन्धि गर्नुहोस्। (कुनै पाँच वटा मात्र) ५**

क. भिक्खुनोवादो

ख. इतिपि

ग. अत्तदत्थो

घ. तण्हक्खयो

ङ. एतदवोच

च. बुद्धानसासनं

**प्र.नं.९. विसन्धि पद सन्धि गर्नुहोस। (कुनै पाँच वटा मात्र) ५**

क. सं + योगो

ख. आयु + खयो

घ. नि + धनो

ङ किंसु + इध

च. पञ्ञ + इन्द्रियं

छ. वि + ञाणं

**प्रश्न नं १०. पालि शब्दको अर्थ लेख्नुहोस्। (कुनै पाँच वटा मात्र) ५**

क. निप्फलं

ख. अक्खातो

ग. विप्पमुत्त

घ. सुप्पतिट्ठित



https://dhamma.digital

ङ. पुञ्ञक्खय

च. भागिनेय्य

**प्र.नं.११. पालि वाक्य नेपाली र नेपाली वाक्य पालिमा अनुवाद गर्नुहोस् ।**

**(५ वटा मात्र)** **१०**

क. महामहिन्दथेरो अञ्ञेहि चतूहि पब्बजितेहि सद्धिं लंकादीपमागन्त्वा जिनेरितं धम्मं लंकिकानं देसेति ।

ख. सद्धीध वित्तं पुरिसस्स सेट्ठं, धम्मो सुचिण्णो सुखमावहाति ।

ग. राजूसु अत्तनो रट्ठेसु चरन्तेसु बहू सेवका सेतच्छत्तानि गहेत्वा ते अनुगच्छन्ति ।

घ. बुबाले ल्याउनुभएको फल दस वटा मैले छोराछोरीलाई बाँडेर दिएँ ।

ङ. सत्पुरुषहरुबाट कुशल कार्य गर्न सजिलो हुन्छ ।

च. धर्मदेशना पछि भिक्षुहरुले सारिपुत्र महास्थविरको वचनलाई खुशी भई स्वीकार गरे ।

समाप्त

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**सद्धम्म पालक उपाधि वर्ष (कक्षा ७)**
**बु.सं. २५६१ (वि.सं. २०७४)**
**प्रथम पत्र(नेपाली भाषा)**

**समय : ३ घण्टा** **पुर्णाङ्क - १००**
**दिन : १३ माघ, २०७४** **उत्तीर्णाङ्क - ३५**

## नव परित्राण निश्चय

**प्र.नं.१ तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (३ वटा मात्र)** ३×५=१५

क. भगवान बुद्धले मंगल सुत्र देशना गर्नुको हेतु र उद्देश्यको बारेमा चर्चा गर्नुहोस् ?

ख. कृतज्ञता एक मंगल कार्यको रूपमा व्याख्या गर्नुहोस् ।

ग. बुद्धको उपदेश सुन्नाका फलहरूका बारेमा प्रष्ट पार्नुहोस् ।

घ. "आफ्नो छोराछोरीलाई संग्रह गर्नु, आमा बुबाको एक महत्वपूर्ण मंगल धर्म हो ।" उदाहरण सहित व्याख्या गर्नुहोस् ।

**प्र.नं.२. सप्रसंग व्याख्या गर्नुहोस् । (कुनै ३ वटा)** ३×५=१५

क. आरती विरती पापा

ख. अत्तसम्मापणिधि

ग. निब्बान सच्छिकिरिया

घ. अनवज्जानि कम्मानि

**प्र नं ३. गाथा पूर्ण गरी भावार्थ लेख्नुहोस् । कुनै २ वटा** २×५=१०

क. गारवो च ........................................ एतं मंगल मुत्तमं ।

ख. दानञ्च ........................................ एतं मंगल मुत्तमं ।

ग. बाहुसच्चञ्च ........................................ एतं मंगल मुत्तमं ।

## अनागारिका धर्मशीला र उहाँका कार्यहरू

**प्र.नं.४ नेपालमा थेरवाद बुद्धशाासन पुनस्थापना गर्नुको लागि अनागारिका धर्मशीलाले दिनुभएको योगदानको बारेमा चर्चा गर्नुहोस् ।** १०

**प्र नं ५ तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (३ वटा मात्र)** १५

क. अनागारिका धर्मशीलाको प्रवज्याको बारेमा चर्चा गर्नुहोस् ?

ख. अनागारिका धर्मशीलाले पोखरामा विहार स्थापनामा गर्नु भएको संघर्षको चर्चा गर्नुहोस् ।



https://dhamma.digital

ग. पोखरामा आयोजित प्रथम महापरित्राण र बौद्ध सम्मेलनको बारेमा चर्चा गर्नुहोस् ।

घ. अनागारिका धर्मशीला गुरुमाको अन्तराष्ट्रिय सम्बन्ध कस्तो थियो ? व्याख्या गर्नुहोस् ।

## पालि भाषा अवतरण

**प्र.नं.६ स्वर सन्धिका प्रभेदहरु उदाहरण सहित प्रष्ट पार्नुहोस् ।** ६

**प्र.नं.७ अकारान्त पुलिङ्ग "राज" शब्दको सम्पूर्ण विभक्ति रुप लेख्नुहोस् ।** ५

**प्र.नं.८ सन्धि पद विग्रह गर्नुहोस् ।** ५

क. परकम्मो ख. समुनि ग. इदम्पि
घ. तण्ठानं ङ. अन्वेति

**प्र नं ९ विग्रह पद सन्धि गर्नुहोस् ।** ५

क. नि+फलं ख. छ+अभिञ्ञा
ग. एतं+अवोच घ. आ+खातो
ङ. दीपं+करो

**प्र नं १० तल दिएका पालि वाक्यलाई नेपालीमा र नेपाली वाक्यलाई पालिमा अनुवाद गर्नुहोस् । ( ७ वटा मात्र )** २×७=१४

क. दारका पुप्फानो'चिनितुं वनं गन्त्वा सेतानि'पि नीलानि'पि पुप्फना'हरिंसु ।

ख. धम्मासोको देवानम्पियतिस्ससस्स बहू पण्णाकारे पेसेत्वा पुनपि रज्जाभिसेकं कारेसि ।

ग. दायको दानपति यञ्ञदे'व परिसं उपसङ्कमति, विसारदो'व उपसङ्कमति ।

घ. तपस्वीहरूले प्रथम ध्यान प्राप्त गरेर चित्त निर्मल गरिरहे ।

ङ. शीलवानहरू जुन जुन परिषदमा जाने हो (निर्भय)नडराई नै जाने गर्दछ । यो पनि शीलको एउटा फल हो ।

च. मानिस खुट्टा माथि टाउको तल पारेर रुखबाट भुइमा खस्यो ।

छ. धन नभएको मानिसहरूले दान दिन सजिलो छैन ।

ज. राजा नगरे चरन्तो धम्मं देसेन्तमेकं तापसं पस्सि ।

समाप्त



https://dhamma.digital

# अखिल नेपाल भिक्षु महासघंद्वारा संचालित
# नेपाल बौद्ध परियत्ति शिक्षा
## सद्धम्म पालक उपाधि परीक्षा (कक्षा ७)
## बु.सं २५६२ (वि.सं. २०७५)
## प्रथम पत्र (नेपाली भाषा)

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ३५**

### नव परित्राण निश्रय्

**प्र.नं. १. तलका प्रश्नहरूका उत्तर दिनुहोस् । (३ वटा मात्र) ३x५=१५**

क) मंगल सूत्रको प्रारम्भिक स्तुतिको बारेमा चर्चा गर्नुहोस् ।

ख) मूर्खका कडा वचनलाई सहनु प्रज्ञावानको दुर्बलता नभएर सहनुको सहश्रगुण हो । सहन गर्न नुसक्नका दोष बेदेहिकाको प्रसङ्गमा लेख्नुहोस् ।

ग) दानको दृष्टान्त फल के रहेका छन् ? पारमी सिद्ध दान कसरी हुन्छ ? स्पष्ट गर्नुहोस् ।

घ) सन्तोष समानको सम्पति अरू छैन । तर सन्तोषको नाँउमा निष्कृय हुनु उन्नति र विकास रोक्नु मात्र हो । आफ्नो विचार दिनुहोस् ।

**प्र.नं. २. सप्रसङ्ग व्याखा गर्नुहोस् । (कुनै ३ वटा) ३ x ५ = १५**

क) अत्तसम्मापणिधि ख) सन्तुट्ठि च कतञ्ञुता

ग) मातापितु उपट्ठान घ) अरियसच्चदस्सनं

**प्र.नं. ३. गाथा पूर्ण गाथको भावार्थ लेख्नुहोस् । (कुनै २ वटा) २x५=१०**

क) फुटस्स लोक ........................मुत्तमं ।

ख) आरति विरति .......................मुत्तमं ।

ग) बाहुसच्चञ्च .........................मुत्तमं ।

### अनागारिका धर्मशीला र उहाँका कार्यहरू

**प्र.नं. ४. प्रवज्या पाँउनमा अनागारिका धर्मशीलाको रूचि, साहस र सहनशीलता कुरा सविस्तार लेख्नुहोस् । १०**

**प्र.नं. ५. तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (३ वटा मात्र) १५**

क) विश्व शान्ति स्तुप निर्माणमा धर्मशीला गुरूमाँको सहभागिता लेख्नुहोस् ।



https://dhamma.digital

ख) धर्मशीला गुरूमाँ फोक्सोको क्यान्सर रोगले पीडित हुँदा उनको औषधोपचारमा भएका सहयोगका बारेमा लेख्नुहोस् ।

ग) पोखरा उपत्यका ब्यापी बुद्धपुजाको आयोजना पहिलो पटक धर्मशीला गुरूमाँको बुद्ध विहारबाट अषाढ पूर्णिमाको उपलक्ष्यमा गरियो । यसको महत्व दर्शाउनुहोस् ।

घ) ७५ वर्षका बुद्ध बाहुन जयलाल लम्सालालाई प्रवजित गराउन भूमिका निभाउनु पनि बुद्धधर्म अभिवृद्धिमा ठूलो सघाउ पुऱ्याउनु कसरी भयो ? स्पष्ट गर्नुहोस् ।

**'पालि भाषावतरण'**

**प्र.नं. ६. सन्धि केलाई भनिएको छ ? व्यञ्जनसन्धिबारे उद्धाहरण सहित विस्तृत रूपमा लेख्नुहोस् । १०**

**प्र.नं. ७. आकाशन्त पुलिङ्ग 'अत्त' शब्दको विभक्ति रूप सम्पूर्ण लेख्नुहोस् । ५**

**प्र.नं. ८. सन्धि वा विग्रह गरी अर्थ र कुन सन्धि नियम अन्तर्गत हो लेख्नुहोस् । (५ वटा मात्र) ५ x २ = १०**

क) आवाधिको + अहं
ख) उप + किलिट्ठ
ग) बोध + अङ्गा
घ) निरन्तर
ङ) तमोनुद
च) जुतिन्धरो

**प्र.नं. ९. अनुवाद गर्नुहोस् । (५ वटा मात्र) ५ x २ = १०**

क) सो मेत्तासहगतेन चेतसा एकं दिसं फरित्वा विहरति, तथा दुतियं, तथा ततियं ।

ख) राजा नगरे चरन्तो धम्मं देसेन्तमेकं तापसं पस्सि ।

ग) 'यो च तुलं व पग्गय्ह वर 'मादाय पण्डितो ।
पापनि परिवज्जेति स 'मुनी, तेन सो मुनि ।'

घ) आफ्नो चित्तलाई सबै पापबाट शुद्ध गर्नुपर्छ : यो बुद्धको अनुशासन हो ।

ङ) भिक्षुहरू, यी तीनवटा अकुशल मूलहरू हुन् ।

च) तथागत बस्नको लागि जेतवन विहारमा धेरै आसनहरु विछ्याएका रहेछन् ।

**समाप्त**



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**सद्धम्म पालक उपाधि परीक्षा (कक्षा ७)**
**प्रथम पत्र (नेपाली)**
**बु.सं. २५६३ (२०७६)**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन : १४ असार, २०७६** **उत्तीर्णाङ्क : ३५**

## वर्ग "क" नव परित्राण निश्चय

**प्र.नं १ तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै ३ वटा मात्र) ३×५=१५**

क) सिरी (श्री) पनि सर्न सक्छ, कसरी ?

ख) दानको दृष्टान्त फलहरु के के हुन् ?

ग) मरणानुस्मृति भावना गरिरहँदा पनि प्रज्ञा वृद्धि, भन्ने कुरा पेसकारधीता (जुलाही) को छोरीको प्रसंग जोडी व्याख्या गर्नुहोस् ।

घ) पूरा गर्न गाह्रो आचरणहरु मध्ये खन्ति पनि एक हो भन्ने कुरा पुष्टि गर्नुहोस् ।

**प्र.नं २ ब्याख्या गर्नुहोस् । (कुनै २ वटा) २×७.५=१५**

क) कालेन धम्मसाकच्छा

ख) पण्डितानञ्च सेवना

ग) मातापितु उपट्ठानं

**प्र.नं.३ भावार्थ लेख्नुहोस् । (कुनै २ वटा ) २×५=१०**

क) एतादिसानि कत्वान सब्बत्थ मपराजिता
सब्बत्थ सोत्थिं गच्छन्तिं, तं तेसं मङ्गलमुत्तमं ॥

ख) असेवना च बालानं, पण्डितानञ्च सेवना
पूजा च पूजनेय्यानं, एतं मङ्गलमुत्तमं ॥

ग) गारवो च निवातो च, सन्तुट्ठि च कतञ्ञुता
कालने धम्मसवणं, एतं मङ्गलमुत्तमं ॥

## वर्ग "ख" अनागारिका धर्मशीला र उहाँका कार्यहरू

**प्र.नं ४ तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै ५ वटा मात्र) ५×५=२५**

क) किशोरावस्थामा धर्मशीला गुरूमाको भिक्षु महादानको के कस्तो प्रभाव रहयो लेख्नुहोस् ।

ख) पोखरामा आयोजित पहिलो ध्यान शिविरको बारे उल्लेख गर्नुहोस् ।



https://dhamma.digital

ग) श्रद्धानन्द भन्तेको प्रव्रज्या ग्रहण बारे उल्लेख गर्नुहोस् ।

घ) सानुरत्न स्थापितद्वारा विहार निर्माण बारे चर्चा गर्नुहोस् ।

ङ) पोखरामा बुद्ध जयन्ती मनाउने परम्पराको शुरूवातमा धर्मशीला गुरूमाँको भुमिकाको चर्चा गर्नुहोस् ।

च) पोखरामा ज्ञानमाला सँघको गठन र त्यसको विशेषता उल्लेख गर्नुहोस् ।

**वर्ग "ग" पालि भाषावतरण**

**प्र.नं ५ स्वर सन्धिको बारे उदाहरण सहित विस्तृत रुपमा लेख्नुहोस् ।** **५**

**प्र.नं ६. अकारान्त पुल्लिङ्ग राज शब्दको विभक्ति रुप सम्पूर्ण लेख्नुहोस् ।** **५**

**प्र.नं.७. सन्धि पद विच्छेद गर्नुहोस् । (कुनै पाँच वटा मात्र)** **५**

क. एतदवोच  ख. इतिपि

ग. बुद्धानसासनं  घ. तण्हक्खयो

ङ. भिक्खुनोवादो  च. अत्तदत्थो

**प्रश्न नं ८. विच्छेद पद सन्धि गर्नुहोस । (कुनै पाँच वटा मात्र)** **५**

क. पञ्ञ + इन्द्रियं  ख. आयु + खयो

ग. किंसु + इ  घ. सं + योगो

ङ. नि + धनो  च. वि + ञाणं

**प्रश्न नं ९. पालि शब्दको अर्थ लेख्नुहोस् । (कुनै पाँच वटा मात्र)** **५**

क. निप्फलं  ख. अक्खातो

ग. विप्पमुत्त  घ. सुप्पतिट्ठित

ङ. पुञ्ञक्खय  च. भागिनेय्य

**प्र.नं. १०. अनुवाद गर्नुहोस् । (कुनै ५ वटा मात्र)** २×५=१०

क) राजा नगरे चरन्तो धम्मं देसेन्तमेकं तापसं पस्सि ।

ख) भगवतो तण्हक्खयाय धम्मो देसितो होति ।

ग) पुरा वेसालीवासीनं महन्तो रोगुपद्दवो अहोसि ।

घ) आफ्नो चित्तलाई सबै पापवाट शुद्ध गर्नुपर्दछ भन्ने यो बुद्धको अनुशासन हो ।

ङ) मानिसहरूले महान फल प्राप्तगर्नको लागि दानादि पुण्य गर्दछन् ।

च) यदि यो कुमार प्रवज्या भए बुद्ध हुनेछ ।

समाप्त



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**सद्धम्मपालक उपाधि परीक्षा (कक्षा ७)**
**द्वितिय पत्र**
**बु.सं. २५५६ (२०७०)**

**समय ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन : माघ २०६८** **उत्तीर्णाङ्क : ३५**

**प्र.नं. (१) तलका खालि ठाउँमा भर्नुहोस् । (कुनै ४ वटा मात्र)** ४X५=२०

(क) यं किञ्चि यिट्ठ च ........................ उज्जुगतेसु सेय्यो ।
(ख) मा प्पमञ्ञेथ पुञ्ञस्स .................... थोकम्पि आचिनं ।
(ग) जीरन्ति वे राजरथा ......................... सब्भि पवेदयन्ति ।
(घ) वाणिजो व भयं .......................... पापनि परिवज्जये ।
(ङ) अचरित्वा ब्रह्मचरियं ......................... पुराणानि अनुत्थुनं ।

**प्र.नं. (२) तलका गाथाहरूको अर्थ लेख्नुहोस् । (कुनै ४ वटा मात्र)** ४X५=२०

(क) परिजिण्णमि दं रुपं – रोग निड्ढं पमङ्गरं ।
भिज्जति पूति सन्देहो – मरणन्तं हि जीवितं ॥
(ख) ने व देवो न गन्धब्बो न मारो सह ब्रम्हुना ।
जितं अपजितं कयिरा एव रुपस्स जन्तुनो ॥
(ग) पुञ्ञं चे पुरिसो कयिरा – कयिराथे तं पुनप्पुनं ।
तम्ही छन्दं कयिराथं – सुखो पुञ्ञस्स उच्चयो ॥
(घ) गब्भमे के उप्पज्जन्ति – निरयं पापकम्मिनो ।
सग्गं सुगतिनो यन्ति – परिनिब्बन्ति अनासवा ॥
(ङ) अप्पस्सुता यं पुरिसो बलिवद्दो व जीरति ।
मंसानि तस्स वड्ढन्ति पञ्ञा न वड्ढति ॥

**प्र.नं. (३) तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

(क) “ मानिस ठूलो सानो गुणधर्मले हुन्छ र आफू नै आफनो नाथ हो ” प्रष्ट पार्नुहोस् । ६
(ख) निराहार धर्म होइन, बहुजन हित र सुख नै धर्म हो । व्याख्या गर्नुस् । ६
(ग) महासमय सुत्र कहिले र कहाँ देशना गर्नुभएको हो ? यो सुत्रमा कसको वर्णन गरिएको छ । २
(घ) धर्मदूत दिवस भनेर कुन पूर्णिमालाई लिइन्छ ? स्पष्टसँग बयान गर्नुहोस् । ८



https://dhamma.digital

(ङ) त्रिपिटकलाई कसरी विभाजन गरिएको छ ? उल्लेख गर्नुस् । ८

**प्र.नं.(४) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(क) पुप्फानि हे व पचिनन्तं भन्ने धर्मदेशना तथागतले कहाँ र किन उपदेश गर्नुभएको हो ? १०

(ख) यथापि पुप्फरासिम्हा भन्ने धर्मदेशना तथागतले कुन विहारमा बास वस्नु हुदाँ कुन प्रसंगमा उपदेश गर्नुभएको हो ? १०

(ग) अप्पमत्तो अयं गन्धो भन्ने धर्मदेशना भगवान बुद्धले कहाँ र के कारणमा आज्ञा हुनु भएको हो ? १०

वा

(घ) भगवान बुद्धले छत्तपाणी उपासकको वर्णन किन र कसलाई गर्नुभएको हो ? कथा सहित लेख्नुहोस् ।

समाप्त

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**सद्धम्मपालक उपाधि परीक्षा (कक्षा ७)**
**द्वितीय पत्र**
**बु.सं. २५५७ (२०७१)**

**समय ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन :** **उत्तीर्णाङ्क : ३५**

**प्र.नं. (१) तलका खालि ठाउँमा भर्नुहोस् । (कुनै ४ वटा मात्र)** ४X५=२०

(क) मासे मासे सहस्सेन ................................ वस्ससतं हुतं ।
(ख) न अन्तलिक्खे ................................ मुञ्चेय्य पापकम्मा ।
(ग) अट्ठीनं नगरं ................................ मक्खो च ओहितो ।
(घ) यस्स चित्तं ........................................... धुवं ठिति ।
(ङ) पापो'पि पस्सति ........................................... पस्सति ।

**प्र.नं.(२) तलका गाथाहरुको अर्थ लेख्नुहोस् । (कुनै ४ वटा मात्र) ४X५=२०**

(क) यो सहस्सं सहस्सेन - सङ्गामे मनुसे जिने ।
एकं च जेय्य अत्तानं - स'वे सङ्गामजुत्तमो ॥
(ख) पाणिम्हि च वणो ना'स्स - हरेय्य पाणिना विसं ।
ना'ब्बणं विसम'न्वेति - नत्थि पापं अकुब्बतो ॥
(ग) पापं चे पुरिसो कयिरा – न तं कयिरा पुनप्पुनं ।
न तम्हि छन्दं कयिराथं – दुक्खो पापस्स उच्चयो ॥
(घ) यानि'मानि अपत्थानि - अलापूने'व सारदे ।
कापोतकानि अट्ठीनी - तानि दिस्वान का रति ॥
(ङ) अचरित्वा ब्रह्मचरियं - अलद्धा योब्बने धनं ।
जिण्णकोञ्चा'व झायन्ति - खीणमच्छे'व पल्लले ॥

**प्र.नं. (३) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(क) "दारु दाह धर्म होइन र आफू नै आफ्नो नाथ हो" प्रष्ट पार्नुहोस् । ६
(ख) हेतुवाद र सम्बोधि फूलको बारे प्रष्ट पार्नुहोस् । ६
(ग) खुद्दकनिकाय कुन पिटक अन्तर्गत पर्छ र यस भित्र कति वटा ग्रन्थहरु समावेश छन् ? कुनै छ वटा ग्रन्थको नाम उल्लेख गर्नुस् । ४
(घ) धर्मदूत दिवस भनेर कुन पूर्णिमालाई लिइन्छ ? स्पष्टसँग बयान गर्नुहोस् । ८
(ङ) त्रिपिटक कसरी लिपिबद्ध हुन पुग्यो ? इतिहास कोत्याउनुहोस् । ६



https://dhamma.digital

**प्र.नं. (४) तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

(क) बुद्धका अनुसार कति वटा अंगले युक्त कुलमा जाने इच्छा नभएपनि जान योग्य हुन्छ ? ती अंगहरु के के हुन् । ५

(ख) तथागतका अनुसार बतास चलेको दिशामा पनि नचलेको दिशामा पनि बहने सुगन्धयुक्त व्यक्तिमा के कस्ता गुणहरु हुन्छन् । लेख्नुस् । ५

(ग) "यथापि रुचिरं पुप्फं" भन्ने धर्मदेशना तथागतले कसको कारणले कहाँ उपदेश दिनु भएको हो ? कथा सहित उल्लेख गर्नुहोस् ।१०

(घ) विशाखा महाउपासिकालाई 'मृगारमाता'को संज्ञा कसरी प्राप्त भयो ? कथा सहित प्रष्ट पार्नुहोस् । १०

समाप्त

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**प.स.पा.को सद्धम्म उपाधि परीक्षा (कक्षा-७)**
**बु.सं. २५५९ (वि.सं.२०७२)**
**द्वितीय पत्र (नेपाली )**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन : २ फागुन, २०७२** **उत्तीर्णाङ्क : ३५**

**प्र.नं. १. गाथा पुरा गर्नुहोस् (कुनै ४ वटा मात्र)** **४X५=२०**

क) अत्ता हवे जितं सेय्यो .................... सञ्ञत चारिनो
ख) पुञ्ञ चे पुरिसो कयिरा ................... पुञ्ञस्स उच्चयो
ग) भद्रोपि पस्सति पापं ......................... भद्रानि पस्सति
घ) यथा दण्डेन गोपालो ......................... पाचेन्ति पाणिनं
ङ) यो च गाथा सतं भासे ..................... सुत्वा उपसम्मति

**प्र.नं. २. तलका गाथाहरुको अर्थ लेख्नुहोस् (कुनै ४ वटा मात्र)** **४X५=२०**

क) नेव देव न गन्धब्बो - न मारो सह ब्रह्मुना
जितं अपजितं कयिरा - एवरूपस्स जन्तुनो ॥
ख) गब्भमेके उप्पज्जन्ति - निरयं पापकम्मिनो
सग्गं सुगतिनो यन्ति - परिनिब्बन्ति अनासवा ॥
ग) जीरन्ति वे राजरथा सुचित्ता - अथो सरीरम्पि जरं उपेति
सतञ्च धम्मो न जरं उपेति - सन्तो हवे सब्भि पवेदयन्ति ॥
घ) परिजिण्णमिदं रूपं - रोगनिडढं पभङ्गुरं
भिज्जति पूतिसन्देहो - मरणन्तञ्हि जीवितं ॥
ङ) न भजे पापके भित्ते - न भजे पुरिसाधमे
भजेथ मित्ते कल्याणे - भजेथ पुरिसुत्तमे ॥

**प्र.नं. ३. तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै ५ वटा मात्र)** **५X६=३०**

क) निरहार धर्म होइन, बहुजन हित र सुख नै धर्म हो व्याख्या गर्नुहोस् ।
ख) धर्मदूत दिवस भनेर कुन पूर्णिमालाई लिइन्छ ? स्पष्ट पार्नुहोस् ।
ग) त्रिपिटक कसरी लिपिबद्ध हुन पुग्यो ? बयान गर्नुहोस् ।
घ) "आषाढ पुन्हि" मा कुन कुन संयोग जुधेको छ ? स्पष्ट गर्नुहोस् ।
ङ) "स्वांया पुन्हि" को बारे लेख्नुहोस् ।
च) चतुरार्य सत्य के के हुन् ? आर्य अष्टाङ्गिक मार्गलाई त्रिशिक्षामा विभाजन गर्नुहोस् ।



https://dhamma.digital

**प्र.नं. ४. उत्तर लेख्नुहोस् । (५ वटा मात्र)** **५X६=३०**

क) "भित्रको आगो बाहिर लग्नु हुँदैन" भन्ने वाक्य विशाखालाई दिएको उपदेश अनुसारं उल्लेख गर्नुहोस् ।

ख) कञ्जूसी महाजनको हृदय कसरी परिवर्तन भयो ? कथा संक्षिप्तमा लेख्नुहोस् ।

ग) भगवान् बुद्धले छत्तपाणी उपासकको वर्णन किन र कसलाई गर्नु भएको हो ? कथा सहित लेख्नुहोस् ।

घ) "अट्ठीनं नगरं कतं" भन्ने धर्मदेशना तथागतले कसको कारणले कहाँ उपदेश दिनु भएको हो ? कथा सहित उल्लेख गर्नुहोस् ।

ङ) "अचरित्वा ब्रह्मचरियं" भन्ने गाथा भगवान् बुद्धले किन र कसलाई देशना गर्नुभयो ?

च) शाक्य कुलको क्षति कसरी भयो सप्रसङ्ग लेख्नुहोस् ।

समाप्त

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**प.स.पा.को सद्धम्म उपाधि परीक्षा (कक्षा-७)**

**बु.सं. २५६० (वि.सं.२०७३)**

**द्वितीय पत्र (नेपाली )**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**दिन : १९ माघ, २०७३** **उत्तीर्णाङ्क : ३५**

**प्र.नं. १. गाथा पुरा गर्नुहोस् (कुनै ४ वटा मात्र)** ४X५=२०

क) पापं चे पुरिसो कयिरा ...................पापस्स उच्चयो ।

ख) अस्सद्धो अकतञ्ञू च ..................... स वे उत्तमपोरिसो ।

ग) वाणिजोव भयं मग्गं ...................... पापानि परिवज्जये ।

घ) अट्ठीनं नगरं कतं .................. मानो मक्खो च ओहितो ।

ङ) अनेक जाति संसारं ...................... तण्हानं खय मज्झगा ।

**प्र.नं. २. तलका गाथाहरूको अर्थ लेख्नुहोस् (कुनै ४ वटा मात्र)** ४X५=२०

क) यो चे वस्ससतं जीवे-दुप्पञ्ञो असमाहितो ।
एकाहं जीवितं सेय्यो-पञ्ञवन्तस्स झायिनो ॥

ख) माप्पमञ्ञेथ पुञ्ञस्स-न मन्तं आगमिस्सति ।
उदबिन्दु निपातेन - उदकुम्भोपि पूरति
पुरति धीरो पुञ्ञस्स - थोकथोकम्पि आचिनं ॥

ग) गब्भमेके उप्पजन्ति-निरयं पापकम्मिनो ।
सग्गं सुगतिनो यन्ति-परिनिब्बन्ति अनासना ॥

घ) कोनु हासो किमानन्दो-निच्चं पज्जलिते सति ।
अन्धकारेन ओनद्धा-पदीपं न गवेस्सथ ॥

ङ) अचरित्वा ब्रम्हचरियं-अलद्धा योब्बने धनं ।
सेन्ति चापातिखीणाव-पुराणानि अनुत्थुनं ॥

**प्र.नं. ३. तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (कुनै ५ वटा मात्र)** ५X६=३०

क) "बहुजन हित र सुखको निम्ति धर्म उपदेश देऊ" यो भनाइबारे व्याख्या गर्नुहोस् ।

ख) बुद्ध जयन्ती एक पवित्र दिन हो । बयान गर्नुहोस् ।

ग) न खाद्य शुद्धि मात्र धर्म हो न त निराधर बस्नु नै धर्म हो भन्नेबारे आफ्नो विचार लेख्नुहोस् ।

घ) आषाढ पूर्णिमाको विशेषता के छ ?



https://dhamma.digital

ङ)	ज्या: पुन्हीको महत्वबारे लेख्नुहोस् ।

च)	त्रिपिटकलाई कसरी विभाजन गरिएको छ ?

**प्र.नं. ४. उत्तर लेख्नुहोस् । (५ वटा मात्र)** **५X६=३०**

क)	बाढीले बगाएर मृत्यु भएको विडुडभले के अकुशल कर्म गरेको थियो र किन ?

ख)	अस्सी करोड धन भएपनि कञ्जुस भएको सेठलाई मौदगल्यायन भन्तेले कसरी दमन गर्नुभयो ?

ग)	“यथापि रूचिरं पुप्फं.....” भन्ने गाथा कसको कारणले किन भन्नुभयो ?

घ)	सत्पुरुषको सुगन्ध दशै दिशामा फैलिन्छ । पुष्टि गर्नुहोस् ।

ङ)	इन्द्र र सुजाले किन भेष बदलेका थिए ? के उनीहरुको उद्देश्य पुरा भयो त ? लेख्नुहोस् ।

च)	महालता पसाधन भनेको के हो ? उल्लेख गर्नुहोस् ।

समाप्त

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**सद्धम्मपालक उपाधि परीक्षा (कक्षा ७)**
**द्वितीय पत्र**
**बु.सं. २५६१ (२०७४)**

**समय ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन : १६माघ २०७४** **उत्तीर्णाङ्क : ३५**

प्र.नं. (१) **तलका खालि ठाउँमा भर्नुहोस् । (कुनै ४ वटा मात्र)** ४X५=२०

(क) यो सहस्सं ................................. स□ाम जुत्तमो ॥
(ख) माप्पमञ्ञेथ पुञ्ञस्स ........................ थोकम्पि आचिनं ॥
(ग) जीरन्ति वे राजरथा ......................... सब्भि पवेदयन्ति ॥
(घ) न अन्तलिक्खे .......................... मुञ्चेथ पापकम्मा ॥
(ङ) पापो'पि .......................... पापानि पस्सति ॥

प्र.नं. (२) **तलका गाथाहरूको अर्थ लेख्नुहोस् । (४ वटा मात्र)** ४X५=२०

(क) सहस्सम'पि चे वाचा – अनत्थपद संहिता ।
एकं अत्थपदं सेय्यो – यं सुत्वा उपसम्मति ॥
(ख) यो चे वस्ससतं जीवे - कुसीतो हीनवीरियो ।
एकाहं जीवितं सेय्यो - विरियमारभतो दल्हं ॥
(ग) पुञ्ञं चे पुरिसो कयिरा – कयिराथे तं पुनप्पुनं ।
तम्ही छन्दं कयिराथं – सुखो पुञ्ञस्स उच्चयो ॥
(घ) अट्ठीनं नगरं कतं – मंस लोहित लेपनं ।
यत्थ जरा च मच्चु च – मानो मक्खो च ओहितो ॥
(ङ) अचरित्वा ब्रम्हचरियं - अलद्धा योब्बने धनं ।
सेन्ति चापा तिखीणाव - पुराणानि अनुत्थुनं ॥

प्र.नं. (३) **तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (कुनै ५ वटा मात्र)** ५X६=३०

(क) बुद्धधर्मले आचरण शुद्धिलाई महत्व दिन्छ, बाह्य शुद्धिलाई होइन प्रष्ट पार्नुहोस् ।
(ख) बुद्धजयन्तीलाई पुष्पपूर्णिमा (स्वाँयापुन्ही) भन्नुको भावात्मक अर्थबारे प्रकाश पार्नुहोस् ।
(ग) जेष्ठ पूर्णिमाको महत्वबारे प्रकाश पार्नुहोस् ।
(घ) आषाढ पूर्णिमाको दिन संयोग परेका पाँच प्रशिद्ध घटनाहरु छोटकरीमा उल्लेख गर्नुहोस् ।



https://dhamma.digital

(ङ) त्रिपिटक अन्तर्गत अभिधर्म त्रिपिटकलाई कसरी विभाजन गरिएको छ ? उल्लेख गर्नुस् ।

च) आषाढ पूर्णिमालाई विशेषतः धर्मचक्र दिवसको रुपमा मानिन्छ, किन ?

**प्र.नं.(४) तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै ५ वटा मात्र)** **५X६=३०**

(क) विडुडभले शाक्यहरुसंग बदला लिनुको कारणबारे उल्लेख गर्नुहोस् ।

(ख) यथापि भमरा पुप्फं भन्ने धर्मदेशना तथागतले कसको कारणले आज्ञा हुनुभएको हो ?

(ग) मिगार महाजनले बिसाखालार्यइ किन आफ्नी आमाको स्थानमा राखी मिगारमाता भन्ने दर्जा दिए ?

घ) के के अंग पूर्ण नभएका कुलगृहमा भिक्षुहरु जाने इच्छा भएतापनि जानुहुन्न भनी भगवान् बुद्धले आज्ञा हुनुभएको छ ?

(ङ) भगवान बुद्धले प्रसेनजित कोशल राजालाई छत्तपाणी उपासकको वर्णन गर्नुको कारण प्रसंग सहित लेख्नुहोस् ।

च) अप्पमत्तो अयं गन्धो भन्ने धर्मदेशना तथागतले के कारणले आज्ञा हुनुभएको हो ?

समाप्त

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**सद्दम्मपालक (कक्षा ७)**

**बु.सं. २५६२ (वि.सं. २०७५)**

**द्वितीय पत्र**

**समय : ३ घण्टा** **पुर्णाङ्क – १००**

**दिन :** **उत्तीर्णाङ्क – ३५**

**प्रश्न नं. १) खाली ठाउँमा भर्नुहोस् । (कुनै ४ वटा मात्र)** ४×५=२०

क) सहस्सम'पि चे गाथा ............... ये सुत्वा उपसम्मति ॥

ख) यो चे वस्ससंत जीवे ............. पस्सतो उदयस्वयं ॥

ग) पुञ्ञं चे पुरिसो करिया ................ पुञ्ञास्स उच्चयो ॥

घ) कोनु हासो .................. गनेसथ ॥

ङ) अट्ठीन नगरं कतं ................ मक्खो च ओहितो ॥

**प्रश्न नं. २) तलका गाथाहरूको अर्थ लेख्नुहोस् । (४ वटा मात्र)** ४×५=२०

क) यो सहस्सं सहस्सेन - सङगामे मानुसे जिने ।
एकञ्च जेय्य अत्तानं - स'वे सङगामजुत्तमो ॥

ख) यो चे वस्ससतं जीवे - कुसीतो हीनविरियो
एका' हं जीवितं सेय्यो -विरियमारमतो दल्हं ।

ग) अभित्थरेथ कल्याणे - पापाचित्तं निवारेय ।
दन्धं हि करोतो पुञ्ञं - पापस्मि रमती मनो ॥

घ) पाणिम्हि चे वणो ना'स्स - हरेय्य पाणिना विसं ।
ना'स्वणं विसमन्वेति - नत्थि पापं अकुस्वतो ॥

ङ) जीरन्ति वे राजरथा सुचिता
अथो सरीरम्पि जरं उपेति ।
सतञ्च धम्मो न जरं उपेति
सन्तो हवे सस्मि पवेदयन्ति ॥

**प्रश्न नं. ३ तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् । (५ वटा मात्र)** ६×५=३०

क) मानिस ठूलो र सानो गुण धर्मले हुन्छ भन्ने कुरालाई स्पष्ट पार्नुहोस् ।

ख) बुद्ध जयन्तीलाइ फूलको पूर्णिमा (स्वांया पुन्ही) भन्नुको अर्थ प्रकाश पार्नुहोस् ।

ग) बौद्ध जगतमा आषाढ पूर्णिमालाई किन महत्वपूर्ण दिनको रुपमा मानिन्छ ?



https://dhamma.digital

घ) सूत्रपिटक अन्तर्गत पाँच निकाय बारे वर्णन गर्नुहोस् ।

ङ) ज्या पुन्हीलाई धर्मदूत दिवसको रुपमा पनि लिइन्छ स्पष्ट पार्नुहोस् ।

च) चतुआर्य सत्य के के हुन् ? आर्य अष्टाङ्गिक मार्गलाई त्रिशिक्षामा विभाजन गर्नुहोस् ।

**प्रश्न नं. ४ तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् । (५ वटा मात्र) ५×६=३०**

क) के के अंगले सम्पूर्ण भएको कुलमा जाने इच्छा नभएपनि जान योग्य छ भनी भगवान बुद्धले आज्ञा हुनुभएको छ ?

ख) "यथापि रुचिरं पुप्फं" भन्ने धर्म देशना तथागतले कसको कारणले आज्ञा हुनुभएको हो ?

ग) कञ्जूस कोसिय महाजनको हृदय कसरी परिवर्तन भयो ?

घ) धनञ्जय महाजनले आफ्नी छोरी विशाखालाई दिएको उपदेश बारे संक्षिप्त गर्णन गर्नुहोस् ।

ङ) अप्पमत्तो अयं गन्धो भन्ने धर्मदेशना भगवान बुद्धले के कारणले आज्ञा हुनु भएको हो ?

च) सील सुगन्ध सबै दिशामा फैलिन्छ भन्ने कुरालाई स्पष्ट पार्नुहोस् ।

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**सद्धम्म पालक उपाधि परीक्षा (कक्षा ७)**
**द्वितीय पत्र (नेपाली)**
**बु.सं. २५६३ (२०७६)**

**समय : ३ घण्टा** | **पूर्णाङ्क : १००**
**दिन : २८ असार, २०७६** | **उत्तीर्णाङ्क : ३५**

**वर्ग "क" धम्मपद**

**प्र.नं. १) खाली ठाउँमा भर्नुहोस् (कुनै ३ वटा मात्र)** ३X५=१५

(क) यो सहस्सं ................................सङ्गामजुत्तमो ।
(ख) न अन्तलिक्खे ............................नप्पसहेथ मच्चु ।
(ग) अट्ठीनं नगरं .......................... मक्खो च ओहितो ।
(घ) यो चे वस्ससतं .................... उदयब्बयं ।

**प्र.नं. २) तलको गाथाहरुको अर्थ लेख्नुहोस । (कुनै ३ वटा मात्र )** ३X५=१५

(क) माप्पमञ्ञेथ पापस्स न मन्तं आगमिस्सति ।
उदबिन्दू निपातेन उदकुम्भोपि पूरति ।
पूरति बालो पापस्स थोक थोकम्पि आचिनं ।
(ख) परिजिण्णमिदं रूपं रोगनिड्ढं पभङ्गुरं ।
भिज्जति पूति सन्देहो मरणन्तं हि जीवितं ।
(ग) पुञ्ञं चे पुरिसो कयिरा कयिराथे तं पुनप्पुनं ।
तम्हि छन्दं कयिराथ सुखो पुञ्ञस्स उच्चयो ।
(घ) अभिवादनसीलिस्स निच्चं वुद्धापचायिनो ।
चत्तारो धम्मा वड्ढन्ति आयु वण्णो सुखं बलं ।

**प्र.नं. ३) तल दिइएका प्रश्नहरुमध्ये कुनै एकको उत्तर दिनुहोस ।** १०

क) "अल्छी र वीर्यहीन भई सय वर्ष जीउनुभन्दा दृढ उद्योगी भई एक दिन मात्रै जीउनु बेस हुन्छ ।" भन्ने यस वाक्यको पालि गाथा सहित ब्याख्या गर्नुहोस् ।

(ख) "जतातिर हावा बहेको छ उतातिर धूलो फ्याँक्दा आफैंतिर आउनेझैं निर्दोषी, शुद्ध, क्लेशरहित पुरूषलाई गरेको दोषारोपणको प्रतिफल आफैंलाई पर्नआउँछ । " भन्ने यस वाक्यलाई पालि गाथा सहित ब्याख्या गर्नुहोस् ।



https://dhamma.digital

## वर्ग "ख" बहुजन हिताय बहुजन सुखाय

**प्र.नं. ४) प्रश्नको उत्तर दिनुहोस (कुनै चारवटा मात्र)** ४X५=२०

क) बुद्धधर्म किन बहुजन हित र सुखको चारित्रिक धर्म भयो ?

ख) महाभिनिष्क्रमण पछि शान्तिको खोजमा सिद्धार्थले भ्रमण गरेका तीन जना गुरूहरूको आश्रम र त्यहाँ उहाले गर्नुभएको अनुभव बारे लेख्नुहोस ।

ग) जेष्ठ पूर्णिमाको महत्व बारे प्रकाश पार्नुहोस ।

घ) आषाढ पूर्णिमाको पाँच प्रसिद्ध संयोग मध्ये पाँचौं संयोगको बारेमा लेख्नुहोस ।

ङ) प्रथम संगायनको बारेमा लेख्नुहोस ।

**प्र.नं. ५) खाली ठाउँमा भर्नुहोस ।** ५

क) १८७८ ईश्वीको बर्मी राजा ......को श्रद्धाले तीन बर्ष दिएर .....वटा शिलामा त्रिपिटक
कुद्न लगाए ।

ख) बुद्ध हुनुभएको.............पछि वाराणसीको ...........मा उहाँले पहिलो धर्मदेशना गर्नुभयो ।

ग) अशोकको गुरू ............ स्थविरको ........ प्रकरन पनि त्रिपिटकमा समावेस गरियो ।

घ) भिक्षुहरूले ................भन्दा बढि कपाल नराख्ने ......... को ज्ञापन गर्नुभयो ।

ङ.) बुद्धले आफनो ........लाई उपदेश दिन तुषिताभुवनमा ...... औं बर्षावास बस्नुभयो ।

**प्र.नं. ६) ठिक भए ठिक बेठिक भए बेठिक लेख्नुहोस ।** ५

क) यो संसार हेतुमय हो, कसैको पनि कृतिमय होइन ।

ख) धर्मचक्रको ४/५ महिना भित्र नै ६१ जना श्रावकहरू अर्हत भए ।

ग) पञ्चभद्रवर्गीयहरू बोधिधर्ममा बोध भइसकेपछि बुद्ध तीन हप्ता सम्म त्यही बिताउनु भयो ।

घ) बुद्धले गण्डक बृक्षमुनि प्रातिहार्ययुक्त धर्मदेशना गर्दा दुई कोटी देवमनुष्यहरूले धर्मचक्षु लाभ गरेका थिए ।

ङ.) सिद्धार्थले ६ बर्षको प्रयासमा दुष्कर तपस्या सार भनि बुझें ।



https://dhamma.digital

## वर्ग "ग" धम्मपदट्ठ कथा

**प्र.नं ७) तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै ५ वटा मात्र) ५×६=३०**

क) कोसिय महाजनलाई मौदगल्यायण भन्तेले कसरी दमन गर्नुभयो ?

ख) छत्तपाणि उपासकले अपनाएको ठूलोप्रतिको गौरव बारे चर्चा गर्नुहोस् ।

ग) महाकाश्यप स्थविरको पिण्डपात दानको फलको मौका ईन्द्रले कसरी प्राप्त गरे ?

घ) मृगार महाजन तथागत बुद्धले धर्मदेशना गर्नुहुँदा कहाँ बसेका थिए ? त्यस ठाउँमा बसेर सुने पनि बुद्ध अगाडि भएको जस्तो हुनाको कारण के हो ?

ड.) बन्धुल सेनपतिको श्रीमती मल्लिका धर्म सेनापति सारिपुत्र भुन्ते बाट पाएको उपदेश कममा मल्लिकाले कति सम्म अनित्यबोध गरिन् ?

च) विडुडभले शाक्यहरूको बदला लिनुको कारण के हो ? लेख्नुहोस ।

समाप्त

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**कोविद प्रथम वर्ष (कक्षा ७)**
**पचंम पत्र (अभिधर्म)–नेपाली**
**बु.सं. २५५७ (२०७०)**

**समय ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन :** ......... **उत्तीर्णाङ्क : ३५**

**प्र.नं. (१) तलका कुनै ८ वटा प्रश्नहरूको उत्तर दिनुहोस् ।** ४X८=३२

(क) परमार्थ धर्म भनेको के हो ? स्पष्ट पार्नुहोस् ।
(ख) मोहमूल चित्त भनेको के हो ? मोहमूल चित्तको स्वरुप लेख्नुहोस् ।
(ग) अहेतुक चित्तलाई किन अहेतुक भनेको हो ? अहेतुक अकुशल चित्तको स्वरुप लेख्नुहोस् ।
घ) अरुपावचर चित्तको प्रभेद लेखी ती मध्ये क्रिया चित्तको स्वरुप लेख्नुहोस्।
(ङ) अप्पमञ्ञा भनेको अर्थ के हो ? कति वटा छन् ?
च) अकुशल चैतसिक कति प्रकारका छन् ती मध्ये ८ वटा लेख्नुहोस् ।
छ) विरति भनेको के हो ? विरति कति वटा छन् ? लेख्नुहोस् ।
ज) मान कति प्रकारका छन् र हीनमान भन्नाले कस्तो मान हो ?
झ) अञ्ञसमान भनेको अर्थ के हो प्रभेद पनि लेख्नुहोस् ।

**प्र.नं. (२) चित्त विस्तृत रूपमा लिंदा कसरी १२१ वटा हुन जान्छ, स्पष्ट गर्नुहोस् ।** ८

**प्र.नं.३) फरक छुट्याउनु होस् । ५ वटा मात्र** २०

क) काय पस्सद्धि र चित्त पस्सद्धि ख) काय पागुञ्ञता र चित्त पागुञ्ञता
ग) वितक्क र बिचार घ) थिन र मिद्ध
**ङ)** इस्सा र मच्छरिय च) करुणा र मुदिता

**प्र.नं. ४ तलका विषयहरू के के हुन् ? नाम मात्र लेख्नुहोस् ।** १५

क) विकार रुप ३ वटा ख) विसय रुप ४ वटा
ग) सब्ब चित साधारण ७ वटा घ) चित्त र चैतसिकका ४ लक्षण
(ङ) अष्ट कलाप

**प्र.नं. ५ अर्थ मिलाउनुहोस् ।** ५

| | |
|---|---|
| क) महाभूत रुप | क) विमोक्ख |
| ख) अञ्ञसमान चैतसिक | ख) १४ वटा |
| ग) अकुशल चित्त | ग) वायो |
| घ) अरुप भूमि | घ) १३ वटा |
| (ङ) असंखत | ङ) १२ वटा |



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिर्क्षा**
**सद्धम्म पालक उपाधि ( कक्षा ७)**
**पञ्चम पत्र ( अभिधर्म)**
**बु.सं. २५५९ (२०७२)**

**समय : ३ घण्टा** — **पूर्णाङ्क : १००**

**दिन : १५ फागुन २०७२, शनिबार** — **उर्त्तीर्णाङ्क : ३५**

**समूह'क'**

**प्रश्नं १) तलका सबै प्रश्नहरुको उत्तर दिनुहोस् ।** (१०×४=४०)

(क) अभिधर्म निदानको बारेमा लेख्नुहोस् ।
(ख) अभिधर्मलाई विशेष धर्मको रूपमा लिइन्छ किन ?लेख्नुहोस् ।
(ग) अष्टकलाप समूहलाई नै रूप भनिन्छ । यसको बारेमा बयान गर्नुहोस् ।
(घ) अकुशल चित्तको स्वरूप लेख्नुहोस् ।
(ङ) प्रज्ञप्ति र परमार्थबीच फरक छुट्याउनुहोस् ।
(च) कामशोभण चित्त कतिवटा छन्,त्यसको स्वरूप लेख्नुहोस् ।
(छ) लौकिक चित्त भन्नाले के बुझ्नुहुन्छ ? छुट्ाएर देखाउनुहोस् ।
(ज) अरूपभूमि कति वटा छन् । नामलेखी छोटकरीमा ब्याख्या गर्नुहोस् ।
(झ) चैतसिकका चारवटा लक्षणबारे लेख्नुहोस् ।
(ञ) सब्बचित्त साधारण चैत्तसिक कतिप्रकारका छन् ? वर्णन गर्नुहोस् ।

**प्रश्नं.२) उत्तर लेख्नुहोस् ।**

(क) अकुशल चैतसिकको परिभाषा दिई यसको प्रकारबारे ब्याख्या गर्नुहोस् । (१०)

अथवा

महग्गत चितको बयान गर्दै स्वरूप सहित स्पष्ट पार्नुहोस् ।

**प्रश्नं ३.फरक छुट्याउनुहोस् । (५ वटा मात्र)** (१०)

(क) कुशल चित्त र क्रिया चित्त
(ख) सउपादिशेण निर्वाण र अनुपादिशेण निवार्ण
(ग) वीर्य र प्रीति (घ) इस्सा र मच्छरिय
(ङ) श्रद्धा र सति (च) हिरी र ओतप्प



https://dhamma.digital

**प्रश्नं.४) तलका विषयहरुमा छोटकरी लेख्नुहोस् ।** **(१०)**

(क) असंखारिक चित्त

(ख) विरति चैतसिक

(ग) अन्यसमान चैतसिक

(घ) महाविपाक चित्त

(ङ) मान

**प्रश्नं ५) तल सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(क) नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन कति सालमा सम्पन्न भएको थियो ? अनि कहाँ उद्घाटन समारोह भएको थियो ?(२)

(ख) नालन्दाबाट पालि भाषाको आचार्य उपाधि प्राप्त गर्नुहुने नेपालका पहिला दुई व्यक्तिहरू को को हुन् ? (२)

(ग) बुद्धत्व प्राप्त भए लगतै भगवानले कुन उदान व्यक्त गर्नुभयो ? पालिमा लेख्नुहोस् । (५)

(घ) सहनुको ५ वटा फल के के हुन् ? (५)

(ङ) अपरिहानीय धर्म कति वटा छन् र नी के के हुन् ? (५)

(च) सत्पुरूषहरूसंग हुने कुनै दुई बल लेख्नुहोस् । (२)

(छ) बत्ती दान गर्दाको फल लेख्नुहोस् । (२)

(ज) अष्टपरिष्कार भनेको के के हुन् ? (४)

(ञ) प्रतिसन्धि कति प्रकारका हुन्छन् । ती के के हुन् ? (३)

समाप्त

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**कोविद प्रथम वर्ष (कक्षा ७)**

**पंचम पत्र (अभिधर्म)–नेपाली**

**बु.सं. २५६० (२०७३)**

**समय ३ घण्टा** **पूर्णाङ्क : १००**

**दिन : २६ माघ, २०७३** **उत्तीर्णाङ्क : ३५**

प्र.नं. (१) **तलका कुनै ८ वटा प्रश्नहरुको उत्तर दिनुहोस् ।** ४X८=३२

(क) परमार्थ धर्म भनेको के हो ? स्पष्ट पार्नुहोस् ।

(ख) मोहमूल चित्त भनेको के हो ? मोहमूल चित्तको स्वरूप लेख्नुहोस् ।

(ग) अहेतुक चित्तलाई किन अहेतुक भनेको हो ? अहेतुक अकुशल चित्तको स्वरूप लेख्नुहोस् ।

घ) अरूपावचर चित्तको प्रभेद लेखी ती मध्ये क्रिया चित्तको स्वरूप लेख्नुहोस् ।

(ङ) अप्पमञ्ञा भनेको अर्थ के हो ? कति वटा छन् ?

च) अकुशल चैतसिक कति प्रकारका छन् ती मध्ये ८ वटा लेख्नुहोस् ।

छ) विरति भनेको के हो ? विरति कति वटा छन् ? लेख्नुहोस् ।

ज) मान कति प्रकारका छन् र हीनमान भन्नाले कस्तो मान हो ?

झ) अञ्ञसमान भनेको अर्थ के हो प्रभेद पनि लेख्नुहोस् ।

प्र.नं.(२) **चित्त विस्तृत रुपमा लिंदा कसरी १२१ वटा हुन जान्छ, स्पष्ट गर्नुहोस् । ८**

प्र.नं.३) **फरक छुट्याउनु होस् । ५ वटा मात्र** २०

क) काय पस्सद्धि र चित्त पस्सद्धि

ख) काय पागुञ्ञता र चित्त पागुञ्ञता

ग) वितक्क र बिचार

घ) थिन र मिद्ध

**ङ)** इस्सा र मच्छरिय

च) करूणा र मुदिता

प्र.नं. ४ **तलका विषयहरु के के हुन् ? नाम मात्र लेख्नुहोस् ।** १५

क) विकार रूप ३ वटा ख) विसय रूप ४ वटा

ग) सब्ब चित साधारण ७ वटा घ) चित्त र चैतसिकका ४ लक्षण



https://dhamma.digital

(ङ) अष्ट कलाप

**प्र.नं. ५ अर्थ मिलाउनुहोस् ।** **५**

| | |
|---|---|
| क) महाभूत रूप | क) विमोक्ख |
| ख) अञ्ञसमान चैतसिक | ख) १४ वटा |
| ग) अकुशल चित्त | ग) वायो |
| घ) अरूप भूमि | घ) १३ वटा |
| (ङ) असंखत | ङ) १२ वटा |

## बुद्ध धर्म सम्बन्धि सामान्य ज्ञान

**प्र.नं ६) उत्तर लेख्नुहोस् ।**

क) नेपालमा सबभन्दा ठूलो प्रथम ऐतिहासिक बौद्ध तीर्थ यात्रा कहिले भयो ? २

ख) नेपालमा प्रत्येक बहाल: बहिलमा पाक्षिक बुद्ध पुजा कसको तत्वावधानमा चलेको थियो ? २

ग) सिद्धार्थ कुमार जन्म भएको बेला शुद्धोदन महाराजको उमेर कति थियो ? २

घ) सहनुको पाँचवटा फल के के हुन् ? ५

**ङ)** कति वटा कारणले गर्दा प्रश्न गरिन्छ ? ती कारणहरू के के हुन् ? ५

छ) कुचो बढार्नाले पाइने दुईवटा फल उल्लेख गर्नुहोस् ? २

छ) चारवटा प्रतिसन्धि मध्ये दुईको नाम लेख्नुहोस् ? २

Dhamma.Digital

समाप्त



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**सद्धम्मपालक उपाधि वर्ष (कक्षा ७)**
**बु.सं. २५६१ (वि.सं. २०७४)**
**पञ्चम पत्र(नेपाली भाषा)**

**समय : ३ घण्टा** **पुर्णाङ्क – १००**
**दिन : २२ माघ, २०७४** **उत्तीर्णाङ्क – ३५**

**प्र.नं.१) तलका कुनै ८ वटा प्रश्नहरूको उत्तर दिनुहोस् ।** ८×४=३२

क) अभिधर्म किन भनिएको हो ? स्पष्ट पार्नुहोस् ?
ख) अकुशल चित्त किन भनिएको हो ? प्रस्ट पारी मोहमूल चित्तको स्वरूप लेख्नुहोस ?
ग) अहेतुक क्रिया चित्त र अरूपावचर क्रिया चित्तको स्वरूप लेख्नुहोस ?
घ) भूमिभेद अनुसार चित्तको गणना गर्नुहोस् ?
ङ) पकिण्णक चैतसिकको परिभाषा दिई, यसका कुनै ४ वटा चैतसिकको नाम लेख्नुहोस् ।
च) विरति भनेको के हो ? विरति कतिवटा छन् ? लेख्नुहोस् ।
छ) अञ्ञसमान चैतसिक किन भनिएको हो ? यसको प्रकार पनि लेख्नुहोस् ।
ज) शोभन चैतसिक कति प्रकारका छन् ? ती मध्ये कुने ८ वटा लेख्नुहोस् ।
झ) लौकिक चित्त र लोकुत्तर चित्तको परिभाषा दिइ, यसको चित्त संख्या पनि लेख्नुहोस् ।

**प्र.नं.२) चित्त विस्तृत रुपमा लिंदा कसरी १२१ वटा हुन जान्छ, स्पष्ट पार्नुहोस् ।** ८

**प्र.नं.३) छोटकरीमा लेख्नुहोस्, (कुनै ५ वटा)** ५×२=१०

क) चित्त
ख) चैतसिक
ग) कामावचर चित्त
घ) लोकुत्तर चित्त
ङ) अकुशल चैतसिक
च) अप्पमञ्ञा चैतसिक



https://dhamma.digital

**प्र.नं.४. फरक छुट्याउनुहोस्, (कुनै ५ वटा)** २०

क) वितक्क र विचार

ख) हिरी र ओतप्प

ग) छन्द र लोभ

घ) थीन र मिद्ध

ङ) करुणा र मुदिता

च) काय मुदुता र चित्त मुदुता

**प्र.नं.५) तलका विषयहरू के–के हुन् ? नाम मात्र लेख्नुहोस् ।** ५×२=१०

क) सब्बचित्त साधारण चैतसिक ५ वटा

ख) ५ प्रकारका प्रीति

ग) द्वेष चित्त २ वटा

घ) काम भूमि ११ वटा

ङ) रूपावचर कुशल चित्त ५ वटा

**बुद्ध धर्म सम्बन्धि सामान्य ज्ञान**

**प्र.नं.६) दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) भिक्षु हुने राजाहरु को–को थिए ? २

ख) मूल ढोकाको माथि चित्रण गरिने पञ्च बुद्धहरुको नाम के–के हुन् ? ३

ग) पञ्च कल्यायाण भनेको के–के हुन् ? ३

घ) ४ द्वीपको नाम लेख्नुहोस् ? २

ङ) आठ नर्क मध्ये कुनै ५ वटा को नाम लेख्नुहोस् । ३

च) सिद्धार्थ कुमारको जन्म भएको बेला शुद्धोदन महाराजको उमेर कति थियो ? १

छ) सहनुको ५ वटा फल के–के हुन् ? ५

ज) अखिल नेपाल भिक्षु महासंघ विकम सम्वत कतिमा स्थापना भएको थियो ? १

समाप्त



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
प.स.पा.उपाधि परीक्षा (कक्षा ७)
पञ्चम पत्र 'समूह ख' (ऐच्छिक अभिधर्म) – नेपाली
बु. स. २५६२ (वि. स.२०७५)

समय : ३ घण्टा | पूर्णाङ्क : १००
दिन : २६ माघ, २०७५ | उत्तीर्णांक : ३५

**प्र.नं.१) तलका कुनै ८ वटा प्रश्नहरूको उत्तर दिनुहोस् ।** ८×४= ३२

क. अभिधर्मलाई किन परमार्थ धर्म भनिएको हो ? स्पष्ट पार्नुहोस् ।
ख. अकुशल चित्त किन भनिएको हो ? दोषमूल चित्तको स्वरुप लेख्नुहोस् ।
ग. अहेतुक चित्त भनेको के हो ? विभाजन गरी देखाउनुहोस् ।
घ. सब्ब चित्त साधारणको परिभाषा दिई कुनै ४ वटा चैतसिकको नाम लेख्नुहोस् ।
ङ भूमिभेद अनुसार चित्तको गणना लदेख्नुहोस् ।
च) रुपावचर चित्तको प्रभेद लेखी विपाक चित्तको स्वरुप लेख्नुहोस् ।
छ) अकुशल चैतसिक कति प्रकारका छन् ? ती मध्ये १० वटा लेख्नुहोस् ।
ज) अप्पमञ्ञाको अर्थ के हो ? यो कति वटा छन् ?
झ) हिरि र ओत्तप्प चैतसिक बारे लेख्नुहोस् ।

**प्र.नं.२) लौकिक र लोकुत्तर चित्त बारे विस्तर गरी यस चित्त विभाजन गरी देखाउनुहोस् ।** ८

**प्र.नं.३) छोटकरीमा लेख्नुहोस् (५ वटामात्र)** ५×२=१०

क. चित्त पस्सद्धि
ख. काय कम्मञ्ञता
ग. मच्छरिय
घ. रुपावचर चित्त
ङ. अरुपावचर चित्त
च) शोभन चित्त

**प्र.नं. ४) फरक छुटयाउनुहोस् (५ वटामात्र)** ५×४=२०

क) कायुजुकता र चित्तुजुकता



https://dhamma.digital

ख) पीति र सुख

ग) छन्द र लोभ

घ) कुशल र अकुशल

ङ.) सकृदागामि र अनागामि

च) सब्ब चित्त साधारण र प्रकिर्णक

**प्र.नं.५) तलका विषयहरू के के हुन् ?** ५×२ = १०

क. लोकुत्तर फल चित्त

ख. ३ प्रकारका मान

ग. ५ प्रकारका प्रीति

घ. मोह चित्र २ वटा

ङ. विरती चैतसिक ३ वटा

## बुद्ध धर्म सम्बन्धि सामान्य ज्ञान

**प्र.नं ६) उत्तर लेख्नुहोस् ।**

क) बौद्ध झण्डाको आविष्कार कसले गरेका हुन् ? १

खं) सारिपुत्र र मौद्गल्यायन भन्तेहरु निर्वाण भएको दिन कुन हो र कति दिनको फरक छ ? २

ग) जेतवन विहारको लागि ५ वटा गाउँ दिने व्यक्ति को हो ? २

घ) विम्बिसार राजाले इच्छा गरेको ५ वटा कुराहरु के के हुन् ? ४

ङ.) पञ्च महा परित्याग भनेको के के हुन् ? २

च) बुद्ध हुन भविष्यवाणी प्राप्त गर्न कति अंग पूर्ण गर्नु पर्छ ? ५

छ) आनन्दकुटी चैत्यमा रहेको भगवान् बुद्धको अस्थिधातु कसले ल्याएको थियो ? २

ज) भगवान् बुद्धले नालागिरी हात्तीलाई दमन गर्नु भएको अवस्थामा कति देवताहरुले धर्मज्ञान प्राप्त गरि लिए ? २

समाप्त



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
प.स.पा.उपाधि परीक्षा ( कक्षा ७ )
पञ्चम पत्र 'समूह ख' (ऐच्छिक अभिधर्म) – नेपाली
बु. स. २५६३ (वि. स.२०७६)

समय : ३ घण्टा | पूर्णाङ्क : १००
दिन : ५ पुष, २०७६ | उत्तीर्णांक : ३५

**प्र.१ तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस्। ( ८ वटामात्र) (८X४=३२)**

क) अभिधर्मको निदान के हो ? अभिधर्म ग्रन्थमा रहेका ७ वटा ग्रन्थहरूको नाम
लेख्नुहोस् ।

ख) निर्वाण भनेको के हो ? यसको प्रकारहरू लेख्नुहोस् ।

ग) कामावचर चित्त भनेको के हो ? कामावचर भूमि कति वटा छन् नाम लेख्नुहोस् ।

घ) "अष्टकलाप समूहलाई नै रूप भनिन्छ" व्याख्या गर्नुहोस् ।

ङ) अहेतुक चित्तलाई किन अहेतुक भनियो ? अहेतुक कुशल विपाक चित्तको स्वरूप लेख्नुहोस् ।

च) शोभण चित्त भनेको के हो ? शोभण चित्तमा "महा" शब्द प्रयोग गरिएको हुन्छ । किन ?

छ) महग्गत चित्त भनेको के हो ? यसको प्रकारहरू छुट्याइ छोटकरीमा लेख्नुहोस् ज) हसितुप्पाद भनेको के हो ? हँसाईका प्रकारहरू लेख्नुहोस् ।

झ) रूपावचर चित्तको स्वरूपहरू लेख्नुहोस् ।

**प्र.२ अकुशल चित्त भनेको के हो ? यसको स्वरुपहरु लेख्नुहोस । (८)**

**प्र.३ तल दिइएका प्रश्नहरुको छोटो उत्तर दिनुहोस । (१०X१=१०)**

क) अन्यसमान चैतसिक कति प्रकारका छन् ?

ख) स्मृति उत्पन्न हुने नजिकको कारण के हो ?

ग) संज्ञाको लक्षण के हो ?

घ) मोह र अहिरिक कुन चैतसिकमा पर्दछ ?



https://dhamma.digital

ङ) संग्रहनय भनेको के हो ?

च) सर्वचित्त साधारण चैतसिकको अर्थ के हो ?

छ) लोकपाल धर्म केलाई भनिन्छ ?

ज) अप्पमञ्ञा चैतसिक कति वटा छन् ?

झ) विरति चैतसिक भनेको के हो ?

ञ) जीवितिन्द्रिय भनेको के हो ?

**प्र.४ अर्थ जोडा मिलाउनुहोस् ।** (५)

| | |
|---|---|
| क) बहुश्रुतको विषयमा अहंकार हुनु | काय लहुता |
| ख) धन पूर्णताको अहंकार हुनु | श्रुतमान |
| ग) चित्तको अल्छी भाव | थिन |
| घ) चैतसिकको हलुकापन | भोगमान |
| ङ) आरम्मणमा उपेक्षा गराउने | तत्रमध्यस्थता |

**प्र.५ तल दिइएका कुनै ३ चेतसिकहरूको लक्षणादि परमार्थ धर्महरू लेख्नुहोस् । (३X५=१५)**

क) श्रद्धा ख) हिरि

ग) मान घ) मच्छरिय

**प्र.६ तल दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् । कुनै २ वटा मात्र** (२X५=१०)

क) चैतसिकलाई परिभाषित गर्दै विशेषताहरू लेख्नुहोस् ।

ख) द्वेष चैतसिक कुन चैतसिकमा पर्दछ ? द्वेष उत्पन्न हुने कारणहरू उल्लेख गर्नुहोस् ।

ग) प्रीति कति प्रकारका छन् ? छोटकरीमा लेख्नुहोस् ।

**प्र.७ जोडा मिलाउनुहोस्** (१X६=६)

| | |
|---|---|
| क) मज्झिम स्थविर | संुसुमारगिरि |
| ख) पञ्चम संगायन | कम्बोडिया |
| ग) दशौं विश्व बौद्ध सम्मेलन | पारिलेय्य |
| घ) बुद्धको आठौं वर्षावास | हिमाल प्रदेश |
| ङ) छैठौं विश्व बौद्ध सम्मेलन | बर्मा |
| च) बुद्धको दशौं वर्षावास | श्रीलंका |



https://dhamma.digital

**प्र.८ कुनै २ वटा मात्रको उत्तर लेख्नुहोस् ।** (२X५=१०)

क) पंच कल्याण भनेको के हो ? अर्थ सहित लेख्नुहोस ।

ख) सत्पुरूषसँग हुने पाँच बल के के हुन ? अर्थ सहित लेख्नुहोस ।

ग) बुद्ध कपिलवस्तुमा कति पटक आउनुभयो ? त्यो कहिले कहिले हो ?

**प्र.९ उत्तर लेख्नुहोस् ।** (४X१=४)

क) बर्माको स्वेदगौं चैत्य कति फिट अग्लो छ ?

ख) "संस्कृति तर्फ हेरियो भने नेवाः संस्कृतिलाई नै नेपाली संस्कृति भन्न सकिन्छ ।" यो उदान कसको हो ।

ग) भगवान बुद्धले सबैभन्दा पहिले राजगृहमा दिनुभएको उपदेशको नाम के हो ?

घ) भगवान बुद्धले आफूकहाँ आउने मानिसहरूलाई क्रमबद्ध रूपले धर्म देशना गर्नुहुने चलन छ । त्यसलाई के भनिन्छ ?

**समाप्त**

Dhamma.Digital



https://dhamma.digital